# सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा

## कक्षा १२

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार पाठ्यक्रम विकास केन्द्र

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित रहेको छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

पहिलो संस्करण : वि.सं २०७८

*पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने सुझावहरूलाई केन्द्र हार्दिक स्वागत गर्दछ ।*

# हाम्रो भनाइ

शिक्षाले विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्छ । शिक्षाले विद्यार्थीमा अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने र वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक सक्षमताको विकास गर्नुपर्छ ।  यस्तै विद्यार्थीमा नैतिक आचरणको प्रदर्शन, सामाजिक सद्भाव र पर्यावरणीय सन्तुलनप्रति संवेदनशीलता एवम् दिगो शान्तिका लागि प्रतिबद्ध रहने सक्षमताको विकास गर्ने अपेक्षा गरिएको छ । शिक्षाले आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्यसंस्कृतिको अवलम्बन गर्ने, सहिष्णु भाव राख्ने नागरिक तयार गर्नुपर्छ । यस्तै शिक्षाबाट सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने नागरिक तयारीको अपेक्षा पनि गरिएको छ । यी पक्षलाई दृष्टिगत गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार तयार गरिएको कक्षा १२ को सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयको पाठ्यक्रममा आधारित भई यो पाठ्यपुस्तक विकास गरिएको हो ।

यस पाठ्यपुस्तकको लेखन प्रा.डा. शम्भुप्रसाद खतिवडा, डा. निर्मलमणी अधिकारी, श्री महेन्द्र विष्ट र श्री श्यामप्रसाद पाण्डेले गर्नुभएको हो। पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा यस केन्द्रका महानिर्देशक श्री अणप्रसाद न्यौपाने, प्रा.डा. प्रेमसागर चापागाई, रेणुका पाण्डे भुसाल, सरस्वती भट्टराईको योगदान रहेको छ । यसको विषयवस्तु सम्पादन श्री हेमराज खतिवडाबाट र भाषा सम्पादन श्री चिनाकुमारी निरौलाबाट भएको हो । यस पुस्तकको रूपविन्यास एवम् कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । उहाँहरूलगायत यसको विकासमा संलग्न सम्पूर्णप्रति केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यस पाठ्यपुस्तकको प्रयोगबाट पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न विद्यार्थीलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । यस पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

वि. सं. २०७८

# विषयसूची


| एकाइ | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|
| एकाइ १ | सामाजिक तथा जीवनोपयोगी शिक्षाको अवधारणा | १-८ |
| पाठ १ | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अन्तरसम्बन्ध | १ |
| पाठ २ | जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ जीवनशैलीबिचको अन्तरसम्बन्ध | ४ |
| एकाइ २ | जीवनोपयोगी सिपका रूपमा डिजिटल सिपहरू तथा सामान्य अनुसन्धान सिपहरू | ९-४६ |
| पाठ १ | अनुसन्धान परिचय | ९ |
| पाठ २ | सामाजिक अध्ययनमा सहसम्बन्ध तथा कार्यकारण सम्बन्धको अवधारणा | १३ |
| पाठ ३ | अध्ययन प्रस्तावनाको संरचना | १६ |
| पाठ ४ | लेखनकार्यमा अरूको लेखरचनाको प्रयोग गर्दा ध्यान दिनुपर्ने नैतिक पक्ष | १९ |
| पाठ ५ | सामाजिक अध्ययनका लागि समस्या निर्माण र अध्ययन विधि चयन | २३ |
| पाठ ६ | सामाजिक तथ्याङ्क र सूचना सङ्कलनका विधि र साधनहरू | २७ |
| पाठ ७ | तथ्याङ्क तथा सूचनाको विश्लेषण र प्रस्तुतीकरण | ३१ |
| पाठ ८ | तथ्याङ्क प्रशोधन र विश्लेषणमा माइक्रोसफ्ट एक्सेलको प्रयोग | ३९ |
| पाठ ९ | शाब्दिक जानकारीलाई प्रस्तुत गर्ने तरिका | ४४ |
| एकाइ ३ | जीवनोपयोगी सिप | ४७-७३ |
| पाठ १ | जीवनोपयोगी सिपको ऐतिहासिक पृष्ठभूमि, वर्गीकरण र अभ्यास | ४७ |
| पाठ २ | समालोचनात्मक चिन्तन | ५० |
| पाठ ३ | सिर्जनात्मक चिन्तन | ५६ |
| पाठ ४ | समानुभूति | ६० |
| पाठ ५ | आत्मबोध | ६४ |
| पाठ ६ | संवेग व्यवस्थापन | ६९ |

| | | |
|---|---|---|
| एकाइ ४ | समाजको विकास र दर्शन | ७४-१०१ |
| पाठ १ | वर्तमान विश्वका सामाजिक विविधता र विशेषता | ७४ |
| पाठ २ | सामाजिक सम्बन्धहरूको विकास र सामाजिक अन्तरनिर्भरता | ७९ |
| पाठ ३ | जीवन दर्शन, सामाजिक मूल्य मान्यताहरू र सामाजिक व्यवहार | ८४ |
| पाठ ४ | दैनिक जीवनमा दर्शनको उपयोगिता | ९१ |
| पाठ ५ | समुदायमा आएका परिवर्तन र सामाजिक रूपान्तरण | ९६ |
| एकाइ ५ | भूगोल र सामाजिक जीवन | १०२-१४६ |
| पाठ १ | नेपालका प्रशासनिक प्रदेश | १०२ |
| पाठ २ | प्रदेशहरूको जनसाङ्ख्यिक अवस्था र विशेषता | १०९ |
| पाठ ३ | नेपालको प्रदेशका सामाजिक सांस्कृतिक अवस्था र विशेषता | ११२ |
| पाठ ४ | नेपालका प्रदेशको आर्थिक अवस्था र विशेषता | ११८ |
| पाठ ५ | अन्तरप्रादेशिक सम्बन्धका आयामहरू | १२५ |
| पाठ ६ | नेपालमा विपत् | १२९ |
| पाठ ७ | विपत्का कारण र प्रभाव | १३३ |
| पाठ ८ | नेपालमा विपत् व्यवस्थापन संयन्त्र र योजना निर्माण | १३६ |
| पाठ ९ | भूगोल र सामाजिक जीवनमा सूचना प्रविधि | १४० |
| पाठ १० | सामाजिक नक्साङ्कमा भूसूचना प्रणालीको प्रयोग | १४३ |
| एकाइ ६ | नेपालको इतिहास | १४७-१९१ |
| पाठ १ | नेपालको प्राचीन इतिहास | १४७ |
| पाठ २ | लिच्छवि काल | १५३ |
| पाठ ३ | मध्यकालीन राजनीतिक अवस्था | १५८ |
| पाठ ४ | मध्यकालीन आर्थिक, सामजिक तथा सांस्कृतिक अवस्था | १६३ |
| पाठ ५ | मध्यकालमा ससाना राज्यको उदय र अवसान | १६९ |
| पाठ ६ | आधुनिक काल | १७५ |

| | | |
|---|---|---|
| पाठ ७ | एकीकरणपछिको राज्य सत्ता | १८० |
| पाठ ८ | आधुनिक कालको अर्थतन्त्र, कानुन, संस्कृति र कलाकौशल | १८७ |
| **एकाइ ७** | **सामाजिक पहिचान र विविधता** | **१९२-२२४** |
| पाठ १ | वर्ग र सामाजिक रूपान्तरण | १९२ |
| पाठ २ | लैङ्गिक सवाल | १९८ |
| पाठ ३ | लैङ्गिक समावेशिता | २०४ |
| पाठ ४ | अपाङ्गता र समावेशीकरण | २११ |
| पाठ ५ | धार्मिक तथा क्षेत्रीय पहिचान | २१६ |
| पाठ ६ | समतामूलक समाज | २२० |
| **एकाइ ८** | **संविधान र नागरिक सचेतना** | **२२५-२६४** |
| पाठ १ | सरकारको गठन प्रक्रिया | २२५ |
| पाठ २ | सरकारका काम, कर्तव्य र अधिकार | २३० |
| पाठ ३ | नागरिक अधिकार र कर्तव्य | २३७ |
| पाठ ४ | किशोरकिशोरीको अधिकार र कर्तव्य | २४१ |
| पाठ ५ | मुलुकी संहिता | २४६ |
| पाठ ६ | सूचनाको हक | २५४ |
| पाठ ७ | सदाचार र सामाजिक जवाफदेही | २५८ |
| **एकाइ ९** | **सहरीकरण र बसाइँसराइ** | **२६५-२९७** |
| पाठ १ | सहरीकरणको अवधारणा | २६५ |
| पाठ २ | नेपालमा सहरीकरण | २६९ |
| पाठ ३ | गाउँ सहर सम्बन्ध | २७४ |
| पाठ ४ | नेपालमा सहरीकरणका अवसर र चुनौती | २७७ |
| पाठ ५ | बसाइँसराइ | २८१ |

| | | |
|---|---|---|
| पाठ ६ | बसाइँसराइको प्रवृत्ति | २८६ |
| पाठ ७ | सुरक्षित एवम् मर्यादित आप्रवासन | २९१ |
| पाठ ८ | बसाइँसराइको प्रभाव | २९५ |
| एकाइ १० | अर्थतन्त्र र विकास | २९८-३३५ |
| पाठ १ | नेपालको अर्थतन्त्र र विकास | २९८ |
| पाठ २ | नेपालको विदेश नीति र नेपाल भारत तथा नेपाल चीन सम्बन्ध | ३०२ |
| पाठ ३ | नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध | ३०८ |
| पाठ ४ | नेपालको वैदेशिक व्यापार | ३१७ |
| पाठ ५ | नेपालको वैदेशिक रोजगार नीति | ३२२ |
| पाठ ६ | आर्थिक वृद्धि, मानव विकास तथा दिगो विकास अवधारणा | ३२५ |
| पाठ ७ | नेपालमा गरिबी चक्र र सम्बोधनका उपायहरू | ३३१ |
| एकाइ ११ | शिक्षा र सामाजिक विकास | ३३६-३५७ |
| पाठ १ | शिक्षा र मानव संसाधन विकास | ३३६ |
| पाठ २ | शिक्षामा पहुँच र समावेशिता | ३४० |
| पाठ ३ | शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तन र प्रभाव | ३४५ |
| पाठ ४ | शिक्षामा समुदायको सहभागिता | ३४९ |
| पाठ ५ | शिक्षा र रोजगार | ३५३ |

पाठ : १

# सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अन्तरसम्बन्ध

सामाजिक अध्ययनअन्तर्गत मानव र उसको भौतिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा आर्थिक वातावरणसँगको अन्तरक्रियाका सम्बन्धमा अध्ययन गरिन्छ। सामाजिक अध्ययन नागरिक सक्षमता विकास गर्नका लागि गरिने सामाजिक विज्ञानहरूको एकीकृत अध्ययन हो । यसमा विद्यालय कार्यक्रमअन्तर्गत भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, मनोविज्ञान, धर्म, संस्कृति, कला र विज्ञानका उपयुक्त विषयवस्तुको समन्वयात्मक र व्यवस्थित ढङ्गबाट अध्ययन गरिन्छ। यस विषय समुदाय तथा वातावरणमा मानवले पार्ने प्रभाव र वातावरण तथा समुदायले मानवको जीवनमा पार्ने दोहोरो प्रभावको अध्ययन गरिन्छ। यसले मानव समाजसँग सम्बन्धित विभिन्न पक्षका बारेमा अन्वेषण तथा विश्लेषण गर्न सिकाउँछ। सामाजिक अध्ययनको पहिलो उद्देश्य विद्यार्थीहरूलाई यो अन्तरसम्बन्धित विश्वमा सार्वजनिक भलाइका लागि सांस्कृतिक विविधता, सामाजिक अन्तर्निर्भरता एवम् सामञ्जस्यबारे सुसूचित गराउनु र तर्कपूर्ण निर्णय लिन सहयोग गर्नु हो ।

मानव जीवनका लागि आवश्यक एवम् उपयोगी सिपहरूलाई जीवनोपयोगी सिप भनिन्छ । जीवनोपयोगी सिप सिकाउने शिक्षा जीवनोपयोगी शिक्षा हो । जीवनोपयोगी शिक्षा मानव जीवनमा पेसागत दक्षताका लागि जरुरी प्राविधिक वा व्यावसायिक ज्ञान र सिपका साथसाथै सामाजिक जीवनमा जुनसुकै पेसाका व्यक्तिका लागि अत्यावश्यक सिपहरूको सिकाइसँग सम्बन्धित विषय हो । प्राविधिक वा व्यावसायिक ज्ञान र सिपका क्षेत्रहरू अनेकौँ छन्। तिनीहरूमध्ये कुन कुन बढी महत्त्वपूर्ण हुन्छन् भन्ने कुरा सामाजिक परिवेश, संसाधनको उपलब्धता तथा स्थानीय र राष्ट्रिय आवश्यकताले फरक पर्छ। जीवनोपयोगी शिक्षाको एउटा आयाम तिनीहरूलाई मानिन्छ। मनोसामाजिक पक्षहरू र व्यक्तिमा अन्तर्निहित गुणहरूलाई उजागर गर्ने क्रियाकलापहरू पनि यसमा समाविष्ट छन्। व्यक्ति स्वयम्को शारीरिक, मानसिक र आध्यात्मिक समुन्नतिका लागि क्रियाशील रहने एवम् परिवार, अन्य व्यक्तिहरू, समुदाय र समाजसँग उपयुक्त व्यवहार गर्ने दृष्टिकोणको विकास पनि जीवनोपयोगी शिक्षाको सरोकार क्षेत्र हो । सभ्य सामाजिक सम्बन्ध, नैतिक मर्यादापूर्ण व्यवहार र प्रभावकारी सञ्चार गर्ने सिप तथा समूहमा काम गर्ने सिपको सिकाइ पनि जीवनोपयोगी शिक्षाका विषयवस्तु हुन्। नागरिकका हैसियतमा अधिकार र कर्तव्यको बोध तथा जीवन र जगत्को सम्बन्ध हेर्ने र बुझ्ने प्रक्रियामा पनि जीवनोपयोगी शिक्षाको भूमिका हुन्छ । जीवनोपयोगी सिपका कारणले व्यक्तिमा असल चरित्र, सिर्जनात्मकता, नैतिकता, व्यावहारिक कुशलता र असल व्यक्तित्वको विकास हुने मानिन्छ।

विश्व स्वास्थ्य सङ्गठनले सन् १९९९ मा जीवनोपयोगी सिपअन्तर्गत निम्नानुसारका छओटा मुख्य क्षेत्रहरू पहिचान गरेको छ :

१. सञ्चार र अन्तरवैंयक्तिक सिप

२. निर्णय गर्ने र समस्या समाधान सिप

३. सिर्जनात्मक र समालोचनात्मक सोचाइ सिप

४. आत्मजागरुकता र समानुभूति

५. दृढता र समभाव वा आत्मनियन्त्रण

६. उत्थानशिलता र समस्यालाई सम्बोधन गर्ने क्षमता

कतिपय विज्ञहरूले जीवनोपयोगी सिपअन्तर्गत समस्या समाधान सिप, सञ्चार सिप, सूचना प्रविधि सिप, सहकार्य सिप, समालोचनात्मक सोचाइ सिप, अध्ययन सिप, सहभागिता र छलफल, सिर्जनात्मकता, अन्तरवैयक्तिक सिप, तनाव व्यवस्थापन, संवेग व्यवस्थापन, निर्णय निर्माण सिप र नेतृत्व सिप भनी उल्लेख गरेको पनि पाइन्छ । आयुर्वेद, योग र ध्यानका विभिन्न विधिहरू पनि जीवनोपयोगी सिप हुन् ।

नेपालको प्राचीन परम्परामा १४ विद्या, १८ शास्त्र र ६४ कलाको अध्ययन हुने गरेको बताइन्छ । तीमध्ये १४ विद्याअन्तर्गत चारओटा वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद), छओटा वेदाङ्गहरू (शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष र छन्द), पुराण, न्याय, मीमांसा (दर्शन) र धर्मशास्त्र पर्छन् । उक्त १४ ओटा विद्यामा आयुर्वेद, धनुर्वेद, गान्धर्व वेद र अर्थशास्त्र पनि थप गरेपछि तिनीहरूलाई १८ शास्त्र भनेर जनाइन्छ । यसैगरुरी जीवनोपयोगी सिपका धेरै आयामहरू ६४ कलमा पनि भएको पाइन्छ ।

यसरी नेपालमा प्राचीन कालदेखि नै जीवनोपयोगी शिक्षालाई पनि महत्त्व दिइएको र त्यसअन्तर्गत धेरै क्षेत्रहरू समावेश गरिएको देखिन्छ ।

सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा अन्तरसम्वन्धित छन् । सामाजिक अध्ययनअन्तर्गत मानव र मानव समाजसँग सम्बन्धित विभिन्न पक्षवारे गरिने खोजी, अध्ययन एवम् विश्लेषणका क्रममा जीवनोपयोगी सिप पनि अपरिहार्य छन् । सामाजिक अध्ययन विषयका सिकाइ क्रियाकलापहरू तथा परियोजना कार्यहरू गर्दा पनि जीवनोपयोगी सिप हासिल हुन्छन् । त्यस क्रममा समूहमा काम गर्ने, एकअर्कामा कुराकानी गर्ने, सहकार्य गर्ने, सहयोग गर्ने, नेतृत्व गर्ने, समस्या समाधान गर्ने एवम् सिर्जनात्मक कार्य गर्ने प्रशस्त अवसर प्राप्त हुन्छन् । त्यस्ता अवसरले विषयवस्तुको ज्ञान बढाउनुका साथै जीवनोपयोगी सिप पनि दिइरहेका हुन्छन् । सामाजिक अध्ययनले मानवका भौतिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा आर्थिकलगायतका आयामहरूको ज्ञान गराउनुका साथसाथै जीवनोपयोगी शिक्षाअन्तर्गत पर्ने सिपहरूको सिकाइलाई पनि समावेश गरेको हुन्छ ।

जीवनोपयोगी शिक्षाले जीवनदर्शन र मानवीय मूल्यमान्यताहरूको बोध गराउँछ । यसले त्यस्ता मूल्यमान्यताहरूलाई सामाजिक व्यवहारमा प्रदर्शन गर्न मदत पनि गर्छ । जीवनोपयोगी शिक्षाले व्यक्तिलाई समाजका विभिन्न पक्षहरू जान्न र सामाजिक विषयवस्तुको विश्लेषण गर्न पनि सिकाउँछ । सञ्चार र अन्तर्वैयक्तिक सिप हासिल गर्ने क्रममा अध्येताले समाजमा रहेका व्यक्ति, समूह, संस्था र ठुलो जनसमुदायको संरचना र आपसी सम्वन्धवारे ज्ञान हासिल पनि गरेको हुन्छ

। जीवनोपयोगी शिक्षाले जीवनोपयोगी सिपलाई मुख्य विषयवस्तु बनाउँदै सामाजिक अध्ययनका विषयवस्तु पनि ज्ञान गराइरहेको हुन्छ भन्ने यो एउटा उदाहरण हो । जीवनोपयोगी शिक्षाको अभ्यास वास्तवमा समाजको अध्ययनका विविध आयामसँग प्रत्यक्षतः सम्बद्ध हुन्छ । जीवनोपयोगी शिक्षाको अध्ययनले व्यक्तिलाई समाजको सदस्यका रूपमा गर्नु पर्ने कर्तव्य र पाउनुपर्ने अधिकारबारे सचेत गराई त्यसका लागि आवश्यक सिपसमेत दिन्छ । जीवनोपयोगी शिक्षाले जीवनोपयोगी सिपसँगै सामाजिक अध्ययनका विषयवस्तुलाई पनि समावेश गरेको हुन्छ ।

यसरी सामाजिक अध्ययनले जीवनोपयोगी शिक्षाका लागि पनि मदत पुऱ्याउँछ र जीवनोपयोगी शिक्षाको अध्ययनबाट सामाजिक अध्ययनका लागि उपयोगी विषयवस्तुको ज्ञान पनि हुन्छ । त्यसैले सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा अन्तरसम्बन्धित छन् भनिएको हो ।

## *क्रियाकलाप*

१. **आफ्नो घर वरिपरिका कुनै १० जना व्यक्तिहरूसँग कुराकानी गरी उहाँहरूको पेसा र सो पेसाका लागि आवश्यक सिपबारे जानकारी लिनुहोस् । प्राप्त जानकारीअनुसार पेसा र सिपको विवरणलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।**

२. **आफ्नो घर वा विद्यालयनजिकै सञ्चालनमा रहेको कुनै उद्योग, घरेलु उत्पादन केन्द्र, सिलाइ घर, आरन, पसल, होटल वा अन्य कुनै व्यावसायिक प्रतिष्ठानका सञ्चालकसँग भेट गरी उहाँको अन्तर्वार्ता लिनुहोस् । अन्तर्वार्तामा उहाँको कार्यक्षेत्र, उक्त कार्यक्षेत्र रोज्नुका कारण, अनुभव, उपलब्धि, भोग्नु परिरहेका समस्या र समाजमा विभिन्न क्षेत्रबाट उहाँले कसरी मदत लिनुहुन्छ भन्नेबारे प्रश्नहरू सोध्नुहोस् । अन्तर्वार्ताबाट प्राप्त जानकारीमा आधारित रही उहाँको परिचय लेख्नुहोस् ।**

## *अभ्यास*

### तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्

(क) **जीवनोपयोगी शिक्षामा समावेश हुने विषयवस्तुहरू के कस्ता छन् ?**

(ख) **जीवनोपयोगी सिपअन्तर्गत पर्ने छओटा मुख्य क्षेत्रहरू के के हुन् ?**

(ग) **सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा कसरी अन्तरसम्बन्धित छन् ?**

## *परियोजना कार्य*

इन्टरनेट र शब्दकोशलगायतका पुस्तकहरूको प्रयोग गरी तथा आवश्यकताअनुसार शिक्षक, र अभिभावक तथा समुदायका जानकारसँग सोधखोज गरी ६४ कलाबारे जानकारी हासिल गर्नुहोस् । तिनीहरूको सान्दर्भिकता बारे छलफल गर्नुहोस् ।

पाठ : २

# जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ जीवनशैलीबिचको अन्तरसम्बन्ध

## पूर्वीय चिन्तन परम्परा र भइरहेका अभ्यास

पूर्वीय दर्शन, धर्म, संस्कार, संस्कृति, सभ्यता, रीतिथिति, कला आदिमा आधारित चिन्तन परम्परा पूर्वीय चिन्तन हो । पूर्वीय दर्शन संज्ञालाई सामान्यतया एसियाका पूर्वी, दक्षिण पूर्वी र दक्षिणी भूभागमा उद्भव एवम् विकास भएका विविध दर्शनहरूलाई जनाउँछ । भौगोलिक दृष्टिकोणबाट पूर्वीय दर्शनअन्तर्गत भारतवर्षीय दर्शन, चिनियाँ दर्शन, कोरियाली दर्शन, जापानी दर्शन, भियतनामी दर्शन आदिको उल्लेख गरिन्छ । वेदमा आधारित अनेकौँ सम्प्रदायहरूको समिश्रणबाट आजको स्वरूपमा आइपुगेको हिन्दु धर्म एवम् दर्शन, बौद्ध धर्म एवम् दर्शन, जैन धर्म एवम् दर्शन, किरात धर्म एवम् दर्शन, शिख धर्म एवम् दर्शन, कन्फुसियस दर्शन, ताओ दर्शन आदिको प्रभावले पूर्वीय चिन्तन परम्परा बनेको छ । यस्तो पृष्ठभूमिमा पूर्वीय चिन्तन परम्परा भन्नाले निकै विविधतापूर्ण दार्शनिक, विचारधारायुक्त एवम् व्यावहारिक आयामहरूको समन्वयात्मक दृष्टिकोणलाई बुझ्नु पर्दछ । उपर्युक्त समन्वयात्मक दृष्टिकोणका आधारमा पूर्वीय चिन्तन परम्पराका केही साझा आधारभूत मान्यताहरू रहेका पाइन्छ ।

पूर्वीय चिन्तन परम्परामा मानव जीवनमा चरित्रलाई निकै महत्त्व दिइन्छ । मानवको चरित्र निर्माणमा धर्म, संस्कार, संस्कृति, सामाजिकीकरण, शिक्षा, कला, सिप आदिको प्रत्यक्ष प्रभाव पर्छ । परिवार, कुल, समुदाय र समाजलाई महत्त्व दिनु पनि पूर्वीय मान्यताको साझा विशेषता हो । व्यक्तित्व विकासलाई पनि समुचित महत्त्व दिँदै सामूहिकता, समन्वय र सहकार्यमा जोड दिने प्रवृत्ति यहाँ देखिन्छ । प्रकृतिसँग तादात्म्य राख्ने, पर्यावरणमैत्री एवम् पारिस्थितिक प्रणालीसापेक्ष जीवनशैलीलाई पूर्वीय मान्यतामा प्राथमिकता दिएको देखिन्छ ।

वैदिक चिन्तन परम्परामा सत्यको अवलम्बन गर, धर्मको धारणा र पालना गर एवम् सधैँ स्वाध्याय गर भन्ने उपदेश दिइन्छ । धर्मको अर्थ धारणा, कर्तव्य, प्राकृतिक गुण, विशेषता, चरित्र आदि हुन्छ । धर्मका १० लक्षण हुन्छन् । धृति (धैर्य), क्षमा (क्षमाशील हुनु), दम (आफ्नो वासनाहरू माथि नियन्त्रण गर्न सक्नु ), अस्तेय (चोरी नगर्नु वा आफ्नो अधिकार नभएको वस्तु नलिनु), शौच (शरीर, मन एवम् बुद्धिलाई शुद्ध एवम् पवित्र राख्नु), इन्द्रिय निग्रह (इन्द्रियहरूलाई वसमा राख्नु ), धी (बुद्धिमानी हुनु), विद्या (ज्ञान आर्जन गर्नु ), सत्य (मन, वचन र कर्मबाट सत्यको पालन गर्नु ) र अक्रोध (क्रोध नगर्नु ) नै धर्मका १० ओटा लक्षण मानिएको छ । माता, पिता, आचार्य (गुरु) आदिलाई देवतुल्य मानी सम्मान गर, आत्मज्ञानका लागि सधैँ प्रयत्न गर र ईश्वरीय शक्तिको उपासना गर भन्ने प्रेरणा वैदिक दर्शनले दिन्छ । स्वावलम्बी बन, परोपकार गर, सबै प्राणीलाई दया गर, उपयुक्त आहारको मात्र खानपिन गर र आचारविचार असल बनाऊ भन्ने उपदेश पनि दिइन्छ । शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य र आध्यात्मिक अभ्युदयलाई हिन्दु दर्शनमा निकै जोड दिइएको छ । यसका लागि शौचाचार

(शुद्धता), आहारविहार, ध्यान, उपासना, यज्ञ आदिका पद्धति र विधि बताइएको छ । धर्म, अर्थ, काम र मोक्षलाई मानव जीवनका चारओटा लक्ष्य (पुरुषार्थ चतुष्टय) मानिएको छ ।

बौद्ध परम्परामा चारओटा आर्य सत्य, आठओटा असल मार्गहरू (आर्य अष्टाङ्गिक मार्ग) र पञ्चशीलको उपदेश दिइएको छ । आर्य सत्यको सङ्कल्प बौद्ध दर्शनको मूल सिद्धान्त हो । आर्यसत्य चार छन् । जुन तल दिइएको छ ।

१. संसारमा दु:ख छ ।

२. दु:खका कारण छन् ।

३. दु:खको निवारण छ ।

४. निवारणका लागि अष्टाङ्गिक मार्ग छ ।

आर्य अष्टाङ्गिक मार्गमा निम्नानुसारका कुराहरू बताइन्छ :

१. सम्यक् दृष्टि (चार आर्यसत्यमा विश्वास गर्नु)

२. सम्यक् सङ्कल्प (मानसिक र नैतिक विकासको प्रतिज्ञा गर्नु)

३. सम्यक् वाक् (हानिकारक कुरा र झुठो नबोल्नु)

४. सम्यक् कर्म (हानिकारक कर्म नगर्नु)

५. सम्यक् जिविका (कुनै पनि स्पष्ट र अस्पष्ट हानिकारक पेसा, व्यवसाय, व्यापार नगर्नु)

६. सम्यक् प्रयास (आफूले आफैँलाई सुधार्ने कोसिस गर्नु)

७. सम्यक् स्मृति (स्पष्ट ज्ञानले देख्न सक्ने मानसिक योग्यता प्राप्त गर्ने कोशिस गर्नु)

(८) सम्यक् समाधि (निर्वाण प्राप्त गर्ने कोसिस गर्नु )

बुद्धका पञ्चशीलमा प्राणी हिंसा नगर्ने, झुटो नबोल्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने र मद्यपान नगर्ने नियम छन् । मानव जीवनमा अतिवादबाट बच्नुपर्छ र मध्यमार्गी हुनुपर्छ भनिएको छ । कुनै पनि कुरामा अन्धविश्वास नगरी आफैँले परीक्षण वा अनुभव गरेर मात्र विश्वास गर्नुपर्छ भन्ने उपदेश पनि बुद्धबाट मिल्छ ।

यसरी हिन्दु र बौद्ध दुवै परम्परामा जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ जीवनशैलीलाई आपसमा अन्त:सम्बन्धित मानी आहार, आचारविचार र दैनिक व्यवहारमा तिनीहरूको तादात्म्यमा जोड दिइएको देखिन्छ । यस्तै मान्यता जैन, किरात, बोन, कन्फुसियस, ताओ आदि चिन्तन परम्पर ामा पनि पाइन्छ । नैतिक जीवनप्रति हिन्दु, बौद्ध, किरात, जैन, बोन, कन्फुसियस, ताओलगायतका सबै दर्शनमा महत्त्व दिइएको छ । खानपिन, सङ्गत, आजीविका, जीवनशैली आदिले मानिसको चिन्तन र व्यवहारमा प्रभाव पार्ने हुनाले ती सबै मानव मर्यादाअनुसारको हुनुपर्ने मानिएको छ । त्यसैले पूर्वीय चिन्तन परम्परामा जीवनोपयोगी शिक्षामा जहिले पनि उपयुक्त जीवनोपयोगी सिप र स्वस्थ जीवनशै लीलाई महत्त्व दिइएको हुन्छ ।

नेपालमा सङ्क्रमणकालीन अवस्था देखिन्छ । एकातिर अतिप्राचीन कालदेखिका मान्यता पनि यहाँ अविच्छिन्न देखिन्छन् भने अर्कातिर वैश्विकरण (भूमण्डलीकरण), परसंस्कृतीकरण र उपभोगवाद पूर्वीय चिन्तन परम्परालाई असर छ । आयुर्वेद, योग, विपश्यना, शाकाहारी जीवनशैलीप्रति जनचासो हालसालै का वर्षहरूमा बढ्दो क्रममा देखिन्छ । शिक्षा नीतिमा बहुसांस्कृतिकता, बहुविधात्मकता, प्रविधिको प्रयोग वैश्वस्थानीकरण (Glocalization) मौलिकताको प्रवर्धन जस्ता मान्यताले प्रवेश पाइसकेको देखिन्छ ।

## २. पाश्चात्य चिन्तन परम्परा र वर्तमान अभ्यास

पाश्चात्य चिन्तन परम्पराको मूल स्रोत प्राचीन ग्रिस हो । ग्रिसका दार्शनिकहरू सोक्रेट्स (सुकरात), प्लेटो र एरिस्टोटल (अरस्तु) का विचारको पाश्चात्य चिन्तनमा प्रभाव वर्तमान युगमा पनि स्पष्ट देख्न सकिन्छ । सोक्रेट्सका शिष्य प्लेटो र प्लेटोका शिष्य एरिस्टोटल हुन् । सोक्रेट्सको तार्किक बहसको शैलीलाई पाश्चात्य दर्शनको आधारशिला मानिन्छ । प्लेटोले ज्ञानका सबै विधाहरूमध्ये दर्शन नै श्रेष्ठ रहेको कुरामा जोड दिएका थिए । दार्शनिक शासक नै आदर्श शासक हुन सक्ने उनको मान्यता थियो । पाश्चात्य नीतिशास्त्रको विकासमा उनको प्रभावकारी योगदान छ । उनले व्यवस्थित शिक्षाका लागि एकेडेमी नामक संस्था खोले । आधुनिक विश्वविद्यालयहरूलाई प्लेटोको एकेडेमीकै विकसित रूप मानिन्छ । प्लेटोका शिष्य एरिस्टोटलले भौतिक जगत् र मानव समाजको अध्ययनलाई अगाडि बढाए । उनले दर्शनको तुलनामा साहित्यलाई प्राथमिकता दिएको देखिन्छ । प्रकृति विज्ञानमा पनि उनको गहन रुचि थियो । एरिस्टोटलका बहुमुखी प्रतिभालाई देखाउने अनेकौँ ग्रन्थहरू उपलब्ध छन् । पाश्चात्य तर्कशास्त्र, नीतिशास्त्र, राजनीति शास्त्र, कला, दर्शनका विभिन्न शाखाहरू र प्रकृति विज्ञानका अनेकौँ शाखाहरूमा समेत उनको निर्णायक प्रभाव रहेको मानिन्छ । पाश्चात्य सन्दर्भमा जीवनोपयोगी शिक्षाका धेरै कुराहरू एरिस्टोटलसँग सम्बद्ध देखिन्छन् ।

पाश्चात्य चिन्तन परम्परामा क्रिस्चियन मतको पनि धेरै प्रभाव छ । युरोपमा कुनै समय चर्च नै सबै क्षेत्रमा शक्तिशाली अवस्थामा रहेको थियो । चर्चले प्रकृति विज्ञान, आलोचनात्मक अध्ययन तथा पन्थनिरपेक्ष विचारलाई दमन गर्थ्यो । त्यसैले त्यो समयलाई कालान्तरमा अध्येताहरूले अँध्यारो युग नाम दिएका छन् । चर्चको अत्याचार ज्यादै बढी भएपछि क्रिस्चियन समुदायभित्र पनि सुधारका लागि आवाज उठ्न थाले भने कालान्तरमा चर्चका विरुद्ध कलाकार, साहित्यकार, दार्शनिक, वैज्ञानिक, राजनीतिक चिन्तक आदिले पनि विद्रोह गरे । उपर्युक्त द्वन्द्वको फलस्वरूप पाश्चात्य चिन्तन परम्परामा पन्थनिरपेक्ष र वैज्ञानिक चिन्तन पद्धति अगाडि आयो ।

पन्थनिरपेक्ष एवम् आलोचनात्मक चेतसहितको ज्ञानको खोजीमा उनीहरूले प्राचीन ग्रिसको चिन्तन परम्परालाई ब्युँत्याए । त्यो युगलाई युरोपको पुनर्जागरण युग भनिन्छ । यो युगपछि पाश्चात्य समाजमा कलात्मक अभिव्यक्ति, आलोचनात्मक विश्लेषण र वैज्ञानिक खोजको ढोका खुलेको मानिन्छ । युरोपमा वैज्ञानिक चिन्तन, वैचारिक स्वतन्त्रता एवम् मानव ज्ञानको सर्वोच्चता स्थापित भएको समयलाई प्रबोध युग वा ज्ञानोद्दीपन युग भनिन्छ । पाश्चात्य चिन्तन परम्पराको समकालीन स्वरूपको निर्धारणमा प्राचीन ग्रिस, अन्धकार युग र पुनर्जागरणको प्रभाव रहेको छ, तर निर्णायक प्रभाव भने ज्ञानोद्दीपन युगकै देखिन्छ ।

भौतिक विज्ञान र प्रविधिको विकासले पाश्चात्य देशमा आएको परिवर्तनको प्रभाव संसारभरि नै विभिन्न तरिकाले पऱ्यो । त्यहाँ पछिल्ला केही शताब्दीमा शिक्षा, वैज्ञानिक खोज, आधुनिक प्रविधि, औद्योगीकरण, बजार अर्थतन्त्र, आदिको तीव्र विकास भयो । पाश्चात्य देशहरूले आफ्नो शक्तिको दुरुपयोग गरेका धेरै उदाहरणहरू पनि छन् । इतिहासको एक कालखण्डमा एसिया, अफ्रिका र अमेरिकाका देशहरूलाई पाश्चात्य देशहरूले उपनिवेश बनाई स्रोतसाधनको दोहन गरे । त्यसका कारणले युरोपेली देशहरूमा भौतिक समृद्धि बढ्यो भने अन्यत्र गरिबी, हिंसा, असमानता बढ्यो । युरोपेली देशहरूको आपसी लडाइँ पनि धेरै समयसम्म चलेको थियो । दोस्रो विश्वयुद्धको समाप्तिपछि संयुक्त राष्ट्रसङ्घको स्थापनापछि भने त्यो भूभागमा प्रत्यक्ष युद्धको क्रम रोकियो । पाश्चात्य समाजमा क्रिस्चियनवादका पन्थ वा सम्प्रदायहरुको आपसी सङ्घर्ष पनि शताब्दिऔँसम्म चलेको देखिन्छ । यसरी राजनीतिक, साम्प्रदायिक, आर्थिक स्वार्थ आदिका कारणले हिंसात्मक सङ्घर्षमा अल्झिएको पाश्चात्य समाजमा गत शताब्दीमा उदारवादी लोकतान्त्रिक व्यवस्था तथा खुला बजार अर्थतन्त्रको विचारधारा र समाजवादी विचारधाराको ठुलो वैचारिक सङ्घर्ष पनि देखियो । वर्तमान समयमा भने पाश्चात्य देशहरूमा लोकतान्त्रिक पद्धति नै बहाल भएको देखिन्छ ।

प्राकृतिक संसाधनको विनाशकारी दोहन तथा उपभोगवादलाई पाश्चात्य समाजको नकारात्मक पक्ष मानिन्छ । आधुनिक युगमा विज्ञान प्रविधिमा भएको विकास मुख्यतः युरोप अमेरिकामै भएको हुनाले मानव समाजका लागि पाश्चात्य समाजको यो योगदानको भने प्रशंसा गरिन्छ । पाश्चात्य समाजमा मानवतावाद, मानवअधिकार, न्यूनउपभोगवाद, पर्यावरणमैत्री दृष्टिकोण आदि पनि रहेका छन् । प्राच्य सभ्यताबाट योग, ध्यान, आयुर्वेद आदिको प्रचारप्रसार पाश्चात्य समाजमा पनि बढेको देखिन्छ । मन्त्र जप, भजन, शास्त्रीय सङ्गीत तथा भक्तिमा आधारित नृत्यले मानसिक स्वास्थ्य र आध्यात्मिक अनुभूतिमा पार्ने सकारात्मक प्रभावप्रति पनि पाश्चात्य समाजमा केही आकर्षण बढेको पाइन्छ । पाश्चात्य विश्वविद्यालयहरूमा पूर्वीय चिन्तन परम्पराबारे अनुसन्धान गर्नेहरूको सङ्ख्यामा पनि उत्तरोत्तर वृद्धि भइरहेको छ ।

बढ्दो बसाइँसराइका कारणले पाश्चात्य देशहरूमा जातीय, भाषिक, सांस्कृतिक तथा अन्य प्रकारका विविधतामा वृद्धि भइरहेको छ । यस्तो परिवर्तनले पाश्चात्य चिन्तनको समकालीन स्वरूपमा अवश्यै प्रभाव पार्छ । त्यसैले पाश्चात्य समाजमा पनि अचेल बहुसांस्कृतिकतालाई महत्त्वपूर्ण मानिएको छ । शिक्षाका दृष्टिकोणबाट हेर्दा पाश्चात्य देशहरूमा अचेल बहुसांस्कृतिक, बहुविधात्मक, प्रविधिको व्यापक प्रयोग हुने एवम् जीवनोपयोगी सिपलाई पनि समावेश गरिएको शिक्षालाई महत्त्व दिइएको देखिन्छ ।

वर्तमान समयमा पूर्वीय चिन्तन परम्पराको विस्तार पश्चिमा समाजमा पनि भइरहेको छ भने पाश्चात्य चिन्तन परम्पराको विस्तार प्राच्य (पूर्वीय) समाजमा पनि भइरहेको छ । यसरी प्राच्य र पाश्चात्य चिन्तन परम्पराहरूको भेट, आपसी संवाद र प्रतिस्पर्धा वा समन्वयको अवस्था वर्तमान समयमा देखिन्छ । विविधतालाई सामञ्जस्य गर्ने दृष्टिकोण, पर्यावरणमैत्री आचारविचार, आध्यात्मिकता जस्ता कुराहरू पूर्वीय चिन्तन परम्पराबाट पश्चिमा समाजले लिन सक्ने विज्ञहरू बताउँछन् । प्रविधिको विकास,

उद्यमशीलता, परिणाममुखी कार्यपद्धति जस्ता कुराहरू पश्चिमा समाजबाट पूर्वीय समाजले लिन सक्ने बताइन्छ । प्राच्य र पाश्चात्य चिन्तन परम्पराको समन्वय गरी वैश्विक सामञ्जस्य, सहकार्य एवम् शान्ति प्रवर्धन गर्न सकिने विश्वास गरिन्छ ।

### *क्रियाकलाप*

१. **नेपालमा मानिने विविध धर्म एवम् सम्प्रदायका समान मान्यताहरू के के छन् । समूहमा चर्चा गरी निष्कर्ष कक्षामा सुनाउनुहोस् ।**

२. **पूर्वीय र पाश्चात्य चिन्तन परम्पराको समन्वय कसरी गर्न सकिन्छ ? आफ्नो विचार प्रस्तुत गरी लेख तयार गर्नुहोस् ।**

### *अभ्यास*

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

१. **पूर्वीय चिन्तन परम्परा भन्नाले के बुझिन्छ ?**

२. **पाश्चात्य चिन्तन परम्परा भन्नाले के बुझिन्छ ?**

३. **पूर्वीय चिन्तन परम्परामा नेपालको कस्तो योगदान रहेको छ ?**

### *परियोजना कार्य*

**पूर्वीय चिन्तन परम्पराले आधुनिक संसारमा पुऱ्याएका योगदानबारे इन्टरनेट तथा अन्य स्रोतहरूबाट खोजेर कम्तीमा पाँच सय शब्दको लेख तयार पार्नुहोस् ।**

पाठ : १

एकाइ २

# जीवनोपयोगी सिपका रूपमा डिजिटल सिपहरू तथा सामान्य अनुसन्धान सिपहरू

## अनुसन्धान परिचय

**तलका घटना अध्ययन गरौँ:**

**घटना १**

हसिना १२ कक्षामा अध्ययन गर्ने छात्रा हुन् । सामाजिक अध्ययन विषयको इतिहास खण्डमा उनले स्थानीय इतिहासको खोजी गरिन् । यसरी खोजी गर्दा उनले विभिन्न विधिको प्रयोग गर्नुपऱ्यो । उनले केही जानकार व्यक्तिहरूसँग सोधिन् । केही पुस्तक तथा लेखहरू पढिन् । स्थानीय सङ्ग्रहालयमा रहेका केही पुराना वस्तुहरू तथा शिलालेखहरू अध्ययन गरिन् । त्यसका आधारमा आफ्नो अध्ययन प्रतिवेदन तयार गरी शिक्षकलाई बुझाइन् ।

**घटना २**

कुसुम पनि हसिनाकै कक्षाका साथी हुन् । उनले आफ्नो सामाजिक अध्ययन विषयको परियोजना कार्य गर्न एउटा भौगोलिक क्षेत्रको भ्रमण गरे । त्यहाँ उनले केही व्यक्तिसँग अन्तर्वार्ता लिए । विभिन्न महत्त्वपूर्ण स्थानहरूको फोटो पनि लिए । केही चट्टानका नमुना पनि सङ्कलन गरे । त्यहाँको भौगोलिक अध्ययनसँगै आर्थिक, सामाजिक तथा वातावरणीय पक्षको पनि अध्ययन गरे । त्यसका आधारमा एक प्रतिवेदन तयार गरी आफ्ना शिक्षकलाई बुझाए ।

**घटना ३**

अविनाश अर्के विद्यालयमा १२ कक्षामा अध्ययनरत छन् । उनको कक्षामा शिक्षक र विद्यार्थीबिच धेरै छलफल र अन्तरक्रिया गरिन्छ । त्यसबाहेक प्रश्नोत्तर पनि गरिन्छ । उनीहरूका शिक्षकले विद्यार्थीको बानी व्यवहार पनि अवलोकन गर्नुहुन्छ तर भ्रमण तथा परियोजना कार्य भने त्यति गरिँदैन ।

**तलका प्रश्नहरूमा छलफल गरौँ :**

(क) सामाजिक अध्ययन विषयमा के के विधिहरू प्रयोग हुन्छन् ?

(ख) अनुसन्धान भनेको के हो ?

(ग) सूचना भनेको के हो ?

(घ) तथ्याङ्क भनेको के हो ?

## १. सामाजिक अध्ययनका विधि

सामाजिक अध्ययन गर्नका लागि विभिन्न विधिहरूको प्रयोग गरिन्छ । त्यसमध्ये खोज तथा अनुसन्धान एउटा प्रमुख विधिका रूपमा रहेको छ ।

कुनै एउटा घटना, क्षेत्र, स्थान, मुद्दा वा विषयवस्तुमा केन्द्रित रहेर तथ्याङ्क सङ्कलन, व्यवस्थापन र विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्यलाई अनुसन्धान भनिन्छ । यस विधिअन्तर्गत क्षेत्रभ्रमण, परियोजना विधिहरू पर्छन् । अमेरिकन समाजशास्त्री Earl Robert Babbie का अनुसार "अवलोकन गरिएका प्रक्रियालाई वर्णन, व्याख्या, पूर्वानुमान र नियन्त्रण गर्ने व्यवस्थित खोज नै अनुसन्धान हो । सामाजिक अध्ययनमा अनुसन्धान विधिअन्तर्गत अन्य धेरै विधि प्रयोग गरिन्छ ।

### (क) छलफल विधि

यसमा शिक्षक विद्यार्थी वा विद्यार्थी विद्यार्थीविच विचार आदानप्रदान गरी एक निष्कर्षमा पुगिन्छ । पहिले अध्ययन गरिएका विषयवस्तुका आधारमा नयाँ अवधारणा बनाउन, पुनरवलोकन गर्न आदिका लागि यो विधि उपयुक्त हुन्छ । यसबाहेक यसले जीवनोपयोगी सिप विकास गर्नसमेत सहयोग पुऱ्याउँछ ।

### (ख) प्रश्नोत्तर विधि

अध्ययन गरिएका विषयवस्तुलाई पुनरवलोकन गर्न तथा अवधारणाहरू स्पष्ट पार्न शिक्षक विद्यार्थीविच तथा विद्यार्थी विद्यार्थीविच प्रश्न सोध्ने र उत्तर दिने गरिन्छ ।

### (ग) अवलोकन विधि

कुनै घटना, स्थान वा व्यवहारलाई हेरेर सिक्ने विधि अवलोकन विधि हो । यसले प्रयोगात्मक ज्ञान प्राप्त गर्न, घटना विश्लेषण गर्न, व्यवहार सिक्न आदिमा सहयोग पुऱ्याउँछ ।

### (घ) अन्तर्वार्ता विधि

विद्यार्थीले शिक्षकबाहेक अन्य जानकार व्यक्तिसँग प्रश्नहरू सोधेर जानकारी वा सूचना सङ्कल गर्ने तरिका नै अन्तर्वार्ता विधि हो । यो विधि आफैँमा पूर्ण विधि नभई अनुसन्धान वा खोज विधिको सहायक विधि हो । यसले अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न सहयोग गर्छ ।

### (ङ) समस्या समाधान विधि

यो विद्यार्थीलाई कुनै समस्या दिएर त्यसको समाधान खोज्न लगाउने विधि हो । यसमा समस्या पहिचान, कारणहरू र समाधानका उपायहरूको खोजी गरिन्छ । यसले विद्यार्थीको ज्ञानको प्रयोग गराउँछ ।

(च) क्षेत्र भ्रमण विधि

कुनै भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, औद्योगिक वा पर्यटकीय क्षेत्रमा गएर त्यससम्बन्धी अध्ययन गर्ने विधिलाई क्षेत्र भ्रमण विधि भनिन्छ । यो विधि खोज वा अनुसन्धान विधिको एकप्रकार हो । यसले प्रत्यक्ष ज्ञान प्राप्त गर्न सहयोग गर्छ ।

(छ) परियोजना विधि

काम गरेर नै सिक्ने विधि परियोजना कार्य हो । यसमा विद्यार्थीले एक्लाएक्लै वा समूहमा कुनै कार्य गर्छन् । यसबाट गरेर सिक्ने बानीको विकास हुन्छ ।

## २. तथ्याङ्क र सूचनाको परिचय

तथ्याङ्क वा सूचना भन्नाले कुनै तथ्य वा शब्द, वाक्य, चित्र, सङ्केत, विवरण आदि बुझिन्छ । तथ्याङ्क परिमाणात्मक र गुणात्मक गरी दुई प्रकारका हुन्छन् ।

Organisation for Economic Co-operation and Development (OECD) का अनुसार परिमाणात्मक तथ्याङ्क भनेको कुनै परिमाण, रकम वा दायरा बुझाउने तथ्याङ्क हो । यस्ता तथ्याङ्कलाई सङ्ख्यामा व्यक्त गर्न सकिन्छ, जस्तै :५ किलोग्राम (तौल), १० मिटर (लम्बाइ/चौडाइ), १००० रुपियाँ (आम्दानी/खर्च) आदि । परिमाणात्मक तथ्याङ्कको तथ्याङ्कशास्त्रीय विश्लेषण गर्न सकिन्छ ।

Dewitt Wallace Library का अनुसार गुणात्मक तथ्याङ्कले गुण वा विशेषता दर्साउँछ । यसलाई अन्तर्वार्ता, प्रश्नावली वा अवलोकन गरेर सङ्कलन गरिन्छ । यसलाई सङ्ख्यामा व्यक्त गर्न सकिँदैन । वस्तुको गुणस्तर, व्यक्तिको अनुभव, व्यक्तिलाई मन पर्ने वा मन नपर्ने कुराहरूलाई तथ्याङ्कशास्त्रीय विश्लेषणमा प्रयोग गर्न सकिँदैन ।

## ३. तथ्याङ्कका स्रोतहरू

तथ्याङ्कका स्रोतहरू प्राथमिक र द्वितीय गरी दुई प्रकारका हुन्छन्, जुन निम्नानुसार छन् :

(क) प्राथमिक स्रोत

प्राथमिक स्रोतबाट वास्तविक तथ्याङ्क प्राप्त गरिन्छ । यसलाई अध्ययन गर्ने व्यक्ति वा समूहले आफैँले सङ्कलन गरेको हुन्छ । सर्भेक्षण, अन्तर्वार्ता, क्षेत्रभ्रमण, अवलोकन आदि तथ्याङ्क सङ्कलन गर्ने प्राथमिक स्रोतहरू हुन् । प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने कार्यमा बढी समय, परिश्रम र लगानी खर्च हुन्छ ।

(ख) द्वितीय स्रोत

कतिपय तथ्याङ्क वा सूचना अनुसन्धानकर्ताबाहेक अन्य व्यक्ति वा संस्थाले पहिले नै सङ्कलन गरेका हुन्छन् । यस्ता तथ्याङ्क प्रकाशित वा अप्रकाशित दुवै हुन सक्छन् । ती स्रोतहरूलाई तथ्याङ्

कको द्वितीय स्रोत भनिन्छ । जनगणना, पुस्तक, पत्रपत्रिका, इन्टरनेट तथा अन्य सञ्चार माध्यम आदि तथ्याङ्कका द्वितीय स्रोतहरू हुन् । यस्ता स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गर्न तुलनात्मक रूपमा सस्तो, सजिलो र छिटो हुन्छ ।

## ४. प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्कबिचको अन्तरसम्बन्ध

एउटा अनुसन्धानकर्ता वा कुनै व्यक्ति वा संस्थाले तथ्याङ्क सङ्कलन गरेपछि त्यसलाई विश्लेषण प्रकाशन गर्छ भने त्यो अन्य व्यक्ति वा संस्थाहरूका लागि द्वितीय तथ्याङ्क बन्दछ । कुनै पनि अनुसन्धानकर्ता सबै तथ्याङ्क प्राथमिक स्रोतबाट मात्र सङ्कलन गर्न सक्दैन । तसर्थ अनुसन्धान कार्यमा दुवै प्रकारका तथ्याङ्कको उत्तिकै महत्त्व रहेको पाइन्छ ।

*क्रियाकलाप*

**१. सामाजिक अध्ययन विषयमा खोज तथा अनुसन्धान गर्दा प्रयोग गर्न सकिने विधिको सूची बनाउनुहोस् । ती विधिका फाइदा खोजी गरी एउटा चार्ट तयार गर्नुहोस् ।**

**२. सामाजिक अध्ययन विषयमा परियोजना कार्य गर्दा कुन कुन स्रोतबाट तथ्याङ्क सङ्कलन गरिन्छ ? कक्षामा सामूहिक छलफल गरी  एउटा चार्ट वा प्रस्तुतीकरण फाइल तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

### *अभ्यास*

**१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) तथ्याङ्क भनेको के हो ? उदाहरण दिनुहोस् ।

(ख) अनुसन्धान भनेको के हो ?

(ग) तथ्याङ्कका स्रोतहरू कति प्रकारका छन् ?

(घ) परिमाणात्मक तथ्याङ्क तथा गुणात्मक तथ्याङ्कको उदाहरणसहित परिचय दिनुहोस् ।

(ङ) तथ्याङ्कका स्रोतहरू कति प्रकारका हुन्छन् ? उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

पाठ : २

# सामाजिक अध्ययनमा सहसम्बन्ध तथा कार्यकारण सम्बन्धको अवधारणा

*(कक्षा १२ मा अध्ययन गर्ने दुई जना साथीहरू विद्यालयबाट घर जाँदै छन् । बाटामा तिनीहरूबिच यस्तो संवाद हुन्छ ।)*

**करुणा :** डोल्मा, मैले त आज सामाजिक अध्ययन विषयमा सरले के पढाउनु भएको हो ? बुझ्नै सकिन । तिमीले बुझ्यौ त ?

**डोल्मा :** तिमीलाई के भयो त आज ? मलाई त त्यति नबुझिने विषयवस्तु जस्तो लागेन ।

**करुणा :** मलाई त सहसम्बन्ध र कार्यकारण सम्बन्ध भनेको उस्तै पो लाग्यो त ।

**डोल्मा :** त्यसो त कहाँ हो र ? फरक छ नि । मैले बुझेको कुरा भनौँ त ?

**करुणा :** भन न । तिमीले भनेपछि म पनि बुझ्छु होला नि ।

**डोल्मा :** सहसम्बन्धलाई अङ्ग्रेजीमा Correlation भनिन्छ । यो अनुसन्धानमा प्रयोग हुने अवधारणा हो । यो बुझ्नका लागि चर (Variable) बुझ्नुपर्छ । अनुसन्धानमा चर भनेको अनुसन्धानकर्ताले मापन गर्न चाहेको कुनै व्यक्ति, वस्तु, स्थान, अवस्था वा प्रक्रियासँग सम्बन्धित हुन्छ ।

**करुणा :** सरले यस्ता चरहरूबिच सहसम्बन्ध हुन्छ भन्नुभएको थियो नि । त्यो पनि बताऊ न ।

**डोल्मा :** यस्ता चरहरूलाई निर्भर चर (Dependent Variable) र स्वतन्त्र चर (Independent Variable) भनी वर्गीकरण गरिन्छ । अघि भनेको उदाहरणमा वर्षा हुनु स्वतन्त्र चर हो भने धान उत्पादन हुनु निर्भर चर हो किनभने वर्षाका कारणले धान उत्पादन बढ्न वा घट्न सक्छ तर धान उत्पादनका कारण वर्षा बढ्न वा घट्न सक्दैन । यस्तो सम्बन्धलाई नै सहसम्बन्ध भनिएको हो ।

**करुणा :** ए ! ए !! यस्तो सम्बन्ध सधैँ एकैनासको त हुँदैन नि, हुन्छ त ?

**डोल्मा :** ठिक भन्यौ । सहसम्बन्धलाई हिसाब गरेर निकाल्दा यसलाई ०.० देखि १.० बिचको सूचकाङ्कमा नापिन्छ । ०.१ देखि ०.४ सम्मको सहसम्बन्धलाई कमजोर मानिन्छ । त्यस्तै ०.४ देखि ०.७ सम्मलाई मध्यम (Moderate) र ०.७ देखि १.० सम्मलाई सबल सहसम्बन्ध भनिन्छ ।

**करुणा :** अनि सरले त सकारात्मक र नकारात्मक सहसम्बन्ध हुन्छ भन्नुभएको थियो नि । त्यो चाहिँ कस्तो हो नि ?

**डोल्मा :** हो नि, यदि स्वतन्त्र चर बढ्दा निर्भर चर बढ्छ र स्वतन्त्र चर घट्दा निर्भर चर पनि घट्छ भने यस्तो सहसम्बन्धलाई सकारात्मक सहसम्बन्ध भनिन्छ। यस्तो सहसम्बन्धको सूचकाङ्क पनि सकारात्मक (+) हुन्छ । वर्षा बढी हुँदा धान उत्पादन बढी हुनु तथा वर्षा कम हुँदा धान उत्पादन पनि कम हुनु सकारात्मक सूचकाङ्क हो । त्यसको विपरीत स्वतन्त्र चर बढ्दा निर्भर चर घट्ने र स्वतन्त्र चर घट्दा निर्भर चर बढ्ने भएमा नकारात्मक सहसम्बन्ध (Negative Correlation) भनिन्छ । यस्तो सहसम्बन्धको सूचकाङ्क भने नकारात्मक (–) हुन्छ । विद्यार्थीको उमेर बढी हुँदा प्राप्ताङ्क कम हुनु तथा उमेर कम हुँदा प्राप्ताङ्क बढी हुनु नकारात्मक सूचकाङ्क हो । यदि स्वतन्त्र चर घटबढ हुँदा निर्भर चरमा केही फरक नपरेमा शून्यसहसम्बन्ध (Zero Correlation) भनिन्छ । वर्षा घटबढ हुँदा धान उत्पादनमा केही प्रभाव नपर्नु शून्य सहसम्बन्ध हो । अब बुझ्यौ त ?

**करुणा :** यो त राम्ररी बुझियो । अब कार्यकारण सम्बन्धबारे पनि बताऊ न ।

**डोल्मा :** यो त झन सजिलो छ नि । यदि एउटा चर वा घटनाका कारणले गर्दा अर्को चर वा घटना घट्छ भने त्यस्तो सहसम्बन्धलाई कार्यकारण सम्बन्ध भनिन्छ । तर सबै प्रकारका सहसम्बन्धहरू कार्यकारण सम्बन्ध हुँदैनन् । वर्षा बढी हुँदा धान उत्पादन बढ्छ र वर्षा कम हुँदा घट्छ भने यस्तो सम्बन्ध चाहिँ कार्यकारण सम्बन्ध हुन्छ । यसमा वर्षाका कारणले धान उत्पादन हुने बुझिन्छ । तर धानको उत्पादन र किसानको उमेरबिच यस्तो सम्बन्ध हुँदैन ।

**करुणा :** यस्ता गणितमा पढ्नुपर्ने कुरा चाहिँ हामीले सामाजिक अध्ययन विषयमा किन पढ्नुपरेको होला ? तिमीलाई थाहा छ त ?

**डोल्मा :** अलि अलि त थाहा छ । हामीले सामाजिक अध्ययन विषयमा विभिन्न अनुसन्धान गर्नुपर्ने हुन्छ। त्यसरी अनुसन्धान गर्दा प्राप्त तथ्याङ्क र सूचनालाई विश्लेषण गरेर निष्कर्ष निकाल्न हामीले यस्तै सम्बन्धहरूको व्याख्या गर्नुपर्छ । त्यसैले हामीलाई काम लाग्छ भनेर सरले सिकाउनु भएको हो । अझ यसको हिसाब पनि गर्नुपर्छ । त्यो चाहिँ हामीलाई आएन भने गणित जान्ने साथीहरूको सहयोग लिन सकिन्छ ।

**करुणा :** डोल्मा तिमीलाई धेरै धन्यवाद छ । कुरा गर्दै आउँदा बाटो काटेको पत्तै भएन, पाठ पनि बुझियो । तिम्रो घर पनि आए पुग्यो, जाऊ है ।

**डोल्मा :** ल, ल । भोलि पनि सँगै विद्यालय जाने है ।

*क्रियाकलाप*

१. **स्वतन्त्र चर र निर्भर चर बारे खोजी गरी यिनको परिभाषा र उदाहरणसहितको एउटा चार्ट तयार गर्नुहोस् ।**

२. **तलको अनुसन्धानमा चरहरूको पहिचान र वर्गीकरण गर्नुहोस् । यिनका बिचमा कस्तो सम्बन्ध छ ? व्याख्या गर्नुहोस् ।**

एउटा कक्षाका ५० जना विद्यार्थीको प्रथम त्रैमासिक परीक्षामा सामाजिक अध्ययन विषयको औसत प्राप्ताङ्क ४५ थियो । त्यसपछि तिनीहरूलाई दुई समूहमा विभाजन गरियो । समूह 'क' लाई परम्परागत तरिकाबाट पठनपाठन गराइयो । समूह 'ख' लाई मल्टिमिडिया प्रयोग गरेर पठनपाठन गराइयो । तीन महिनापछि द्वितीय त्रैमासिक परीक्षा लिँदा समूह 'क' को औसत प्राप्ताङ्क ४६ र समूह 'ख' को प्राप्ताङ्क ५५ रहेको पाइयो ।

## *अभ्यास*

१. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) चर भनेको के हो ?

(ख) स्वतन्त्र चर र निर्भर चरका एक एक उदाहरण दिनुहोस् ।

(ग) सहसम्वन्धको परिभाषा लेख्नुहोस् ।

(घ) सहसम्वन्ध र कार्यकारण सम्बन्धविचको सम्वन्धलाई एक वाक्यमा लेख्नुहोस् ।

(ङ) चरको परिभाषा र प्रकारहरूबारे उल्लेख गर्दै टाढाको विद्यालयमा अध्ययनरत आफ्नो कक्षाको साथीलाई एक पत्र लेख्नुहोस् ।

(च) सहसम्वन्ध र कार्यकारण सम्वन्धविच समानता र भिन्नताहरू उल्लेख गरी दुई अनुच्छेद लेख्नुहोस् ।

(छ) अनुसन्धान कार्यमा सहसम्वन्ध र कार्यकारण सम्बन्धको महत्त्व लेख्नुहोस् ।

पाठ : 3

# अध्ययन प्रस्तावनाको संरचना

## अध्ययन प्रस्तावनाका मुख्य अङ्ग

हामीले गर्ने अध्ययन अनुसन्धानको प्रारम्भिक चरणमा गरिने अनुसन्धान प्रस्तावनामा निम्नलिखित अङ्ग समावेश गरिन्छ ।

परिचय
समस्याको कथन
उद्देश्यहरू
साहित्य पुनरवलोकन
अध्ययन विधि
सन्दर्भ सामग्री

## तलको अध्ययन प्रस्तावनाको नमुना अध्ययन गरौँ ।

**काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरको ऐतिहासिक अध्ययनको प्रस्तावना**

### परिचय

काभ्रेपलाञ्चोक जिल्लाको प्रमुख व्यापारिक केन्द्र बनेपा नगर काठमाडौँ उपत्यकाबाट पूर्वतर्फको प्रमुख नाका हो । नेपालको एकीकरण हुनुभन्दा पहिले छुट्टै राज्यको हैसियतमा रहेको यो स्थानमा विभिन्न ऐतिहासिक तथ्यहरू रहेका छन् । पृथ्वीनारायण शाहले एकीकृत नेपाल राज्य स्थापना गरेपछि नेपालको इतिहासमा गोर्खा राज्य र काठमाडौँ उपत्यकाको मात्र इतिहास लेखिएको र बनेपा जस्ता मल्लकालीन राज्यहरूको इतिहास ओझेलमा परेको छ (लेविस र शाक्य, १९८८ ई.सं.) । यस नगरमा रहेको राजदरबार (लायकु) समेत हाल मौलिक स्वरूपमा नरहेको भए तापनि यस नगरमा अझै रहेका शिलालेख, वंशावली, मन्दिर आदिमा ऐतिहासिक तथ्यहरू रहेका छन् । यस सम्बन्धमा विस्तृत अध्ययन भएको पाइँदैन । त्यसकारण बनेपा नगर क्षेत्रमा रहेका ऐतिहासिक स्रोतहरूको खोजी गरी प्रकाशन गर्न यो अध्ययन प्रस्तावना तयार गरिएको छ ।

### समस्याको कथन

नेपालको इतिहासमा यसको राजधानी र नेपाल एकीकरण गर्ने गोर्खा राज्यबाहेक अन्य राज्यहरूको इतिहासमा धेरै अध्ययन भएको छैन (लेविस र शाक्य, १९८८ ई.सं.) । काभ्रेपलाञ्चोक जिल्लामा एकीकरणपूर्व विभिन्न राज्यहरू भएको तथ्य इतिहासका विभिन्न पुस्तकमा उल्लेख भएको भएता पनि ती राज्यहरूको एकीकरणपूर्वको इतिहासलाई खोजी गरेको पाइएको छैन । यस जिल्लाका बनेपा,

धुलिखेल, पलाञ्चोक, तिमाललगायतका राज्यहरूको इतिहास खोजी गर्न आवश्यक देखिन्छ । यद्यपि यस अध्ययनले आफ्नो खोजी क्षेत्रलाई बनेपा नगरभित्र सीमित गरेको छ । विशेषत: यस अध्ययनले तलका प्रश्नहरूको जवाफ खोज्ने लक्ष्य लिएको छ :

१. बनेपा नगरमा के कस्ता ऐतिहासिक स्रोतहरू रहेका छन् ?

२. बनेपा नगरमा रहेका ऐतिहासिक स्रोतहरूबाट यस नगर तथा नेपालको इतिहाससँग सम्बन्धित के कस्ता तथ्यहरू प्राप्त हुन्छन् ?

### उद्देश्य

**यस अध्ययनका मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :**

१. बनेपा नगरभित्र शिलालेख, वंशावली, मन्दिरमा रहेका ऐतिहासिक प्रमाणहरूको खोजी गर्नु

२. बनेपा नगरभित्र रहेका ऐतिहासिक प्रमाणहरूबाट ऐतिहासिक तथ्यहरू पत्ता लगाउनु

### साहित्य पुनरवलोकन

काठमाडौँ उपत्यका एउटा तालका रूपमा रहँदा पनि बनेपा एउटा नगरका रूपमा विकसित भइसकेको थियो । वि.सं. ११५३ मा राजा आनन्ददेवले वरपरका गाउँहरूलाई मिलाएर आठ गणेश र आठ ढोका (गेट) सहितको बनेपा राज्यको स्थापना गरेका थिए (लेविस र शाक्य, १९८८ ई.सं.) । नेपालको एकीकरणका क्रममा वि.सं. १८१९ मा बनेपा राज्य गोर्खा राज्यमा एकीकृत भयो (पाठ्यक्रम विकास केन्द्र, २०७३ वि.सं.) । त्यसबेला यो भादगाउँ राज्यअन्तर्गत रहेको थियो ।

बनेपा नगरमा रहेका आठ गणेश मन्दिरहरू, चण्डेश्वरी मन्दिर, धनेश्वर मन्दिर, भीमसेन मन्दिरलगायतका धार्मिक स्थल, पाटीपौवा, डबली, लायकु आदिमा रहेका ऐतिहासिक स्रोतहरू अध्ययन गर्न आवश्यक रहेको कुरा विभिन्न इतिहासकारहरूले उल्लेख गरेका छन् (मानन्धर, २०६५ वि.सं.) । तसर्थ यो क्षेत्रमा अध्ययन गर्नु उपयुक्त र आवश्यक देखिन्छ ।

### अध्ययन विधि

यस अध्ययनमा गुणात्मक अनुसन्धान विधि प्रयोग गरिने छ । यो एउटा ऐतिहासिक अध्ययन भएकाले यसमा प्राथमिक तथा द्वितीय दुवै प्रकारका स्रोतबाट तथ्याङ्क सङ्कलन गरिने छ ।

### तथ्याङ्क सङ्कलन

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि बनेपा नगरभित्रका विभिन्न ऐतिहासिक महत्त्वका स्थानहरूको भ्रमण गरिने छ । ती स्थानमा रहेका ऐतिहासिक महत्त्वका सामग्रीहरूको फोटो लिइने छ । नगरपालिकाका प्रमुख वा उपप्रमुखसँग छलफल गरी ऐतिहासिक प्रमाणहरू र जानकार व्यक्तिहरूको सूचना दाताका रूपमा सूची तयार गरिने छ । उक्त सूचीबाट तीन जना मुख्य सूचनादाता गोलाप्रथाद्वारा छनोट गरी उनीहरूसँग अन्तर्वार्तासमेत लिइने छ । इन्टरनेट, स्थानीय पुस्तकालयमा रहेका पुस्तक, पत्रपत्रिका आदिबाट द्वितीय तथ्याङ्क सङ्कलन गरिने छ ।

### तथ्याङ्क विश्लेषण

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कलाई विभिन्न तालिका, चार्ट, आदि तयार गरी व्यवस्थापन गरिने छ। त्यसलाई विभिन्न आधारमा वर्गीकरण गरी विश्लेषण गरिने छ। प्राप्त सूचनालाई नेपालको इतिहाससँग सम्बन्धित विभिन्न साहित्यसँग तुलना गरी प्राप्त तथ्यहरू व्याख्या गरिने छ।

### प्रतिवेदन लेखन र प्रबोधीकरण

अध्ययनपश्चात् एउटा अध्ययन प्रतिवेदन तयार गरिने छ। उक्त प्रतिवेदनका आधारमा लेखहरू तयार गरी विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अनलाइन तथा छापा माध्यममा प्रकाशन हुने पत्रपत्रिका तथा जर्नलहरूमा प्रकाशन गरिने छ।

### सन्दर्भ सामग्री

*Lewis, T.T and Shakya, D.R. (1988). Contributions to the history of Nepal: Eastern Newar diaspora settlements. CNAS Journal, 15(1), 25-65.*

पाठ्यक्रम विकास केन्द्र (२०७३), सामाजिक अध्ययन कक्षा ९ (पहिलो संस्करण), लेखक

### *क्रियाकलाप*

१. माथिको अध्ययन प्रस्तावना अध्ययन गरी यसका मुख्य अङ्गहरू सूचीकृत गर्नुहोस्।

२. इन्टरनेट वा सन्दर्भ सामग्रीहरू अध्ययन गरी अध्ययन प्रस्तावनाका अङ्गहरूको परिचय सहितको एक चार्ट तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

## *अभ्यास*

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) अध्ययन प्रस्तावना भनेको के हो ?

(ख) अध्ययन विधिमा के के कुरा लेख्नुपर्छ ?

(ग) अनुसन्धान प्रस्तावनामा साहित्य पुनरवलोकन किन गरिन्छ ?

(घ) यस अध्ययन प्रस्तावनामा उल्लेखित द्वितीय तथ्याङ्क संकलनका स्रोतहरू कुन कुन हुन् ?

### *परियोजना कार्य*

### तलका कुनै एक शीर्षकमा एउटा अध्ययन प्रस्तावना तयार गर्नुहोस् :

(क) कुनै धार्मिक क्षेत्रको अध्ययन भ्रमण

(ख) कुनै सांकृतिक समारोह (जस्तै : जात्रा, चाडपर्व) को अध्ययन

(ग) कुनै औद्योगिक क्षेत्र वा उद्योगको अध्ययन भ्रमण

(घ) कुनै पर्यटकीय क्षेत्रको भ्रमण

पाठ : ४

# लेखनकार्यमा अरूको लेखरचनाको प्रयोग गर्दा ध्यान दिनुपर्ने नैतिक पक्ष

## तलको समाचार तथा घटना अध्ययन गरौँ:

समाचार

विद्यार्थीमा बौद्धिक चोरी

२०७३ वैशाख २२, सुजाता बास्कोटा

इन्टरनेट सबै क्षेत्रमा व्यापक छ । विश्वको हरेक कुना कुनामा व्यक्तिहरू यसलाई प्रयोग गर्छन् । आधुनिकीकरणतर्फ अघि बढ्दै जाँदा शिक्षण अध्यापनका तौरतरिका पनि परिवर्तन हुँदैछन् । विद्यालयदेखि विश्वविद्यालयसम्म सबैले इन्टरनेट प्रयोग गर्छन् । शिक्षक र प्राध्यापकले पनि विद्यार्थीलाई अध्ययनका लागि इन्टरनेट स्रोतहरूको परामर्श लिन प्रोत्साहन गर्छन् ।

विद्यार्थीलाई लगभग हरेक दिन इन्टरनेट प्रयोग गर्ने खालका गृहकार्य दिइएको हुन्छ । उनी विकिपेडिया (Wikipedia) र कुनै पनि उपलब्ध साइटहरूबाट पुरै सारेर गृहकार्य बुझाउँछन् । शिक्षकहरूले पनि विना कुनै दुविधा त्यसलाई स्वीकार गर्नुहुन्छ । यो नै बौद्धिक चोरी सिक्ने र गर्ने पहिलो चरण हो ।

बौद्धिक चोरी भनेको एउटा कपटपूर्ण कार्य हो जहाँ कसैले अरूको काम (रेखाहरू, पाठहरू, अनुच्छेदहरू, चित्रहरू आदि) को नक्कल गर्छ र तिनीहरूलाई आफ्नो दावी गर्छ । यस्ता चोरी गर्ने हरू उनीहरूले प्रयोग गरेको सामग्रीको स्रोत उल्लेख गर्दैनन् । यस्तो चोरी बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Rights) को उल्लङ्घन हो । इन्टरनेटमा सामग्रीको व्यापक उपलब्धताका कारण मानिसहरू जानाजानी वा अन्जानमा यस्ता गलत कार्यहरू गर्छन् ।

जब शिक्षकहरूले विद्यार्थीहरूलाई होमवर्क गर्दा इन्टरनेटको प्रयोग गर्न प्रोत्साहन गर्छन्, तिनीहरूले थाहै नपाई विद्यार्थीहरूलाई बौद्धिक चोरीका लागि प्रोत्साहन गरिरहेका हुन्छन् । यसबाट विद्यार्थीमा Copy and Paste संस्कृतिको बानी लाग्छ । परिणाम स्वरूप विद्यार्थीहरूको यही बानी विश्वविद्यालयसम्म रहिरहन्छ । यस्ता गलत कार्यहरू धेरै विद्यार्थीहरूले गरिरहेका छन् ।

"The Himalayan Times" बाट नेपालीमा अनुवाद गरिएको

https://thehimalayantimes.com/opinion/plagiarism-among-students

घटना

## बौद्धिक चोरीमा कारबाही

विश्वविद्यालयको एउटा क्याम्पसका केही प्राध्यायकहरूमाथि बौद्धिक चोरी गरेको उजुरी पऱ्यो । त्यसपछि त्यसबारे अनुसन्धान गर्न विश्वविद्यालयले एक वरिष्ठ प्राध्यापकको नेतृत्वमा अनुसन्धान टोली गठन गऱ्यो । उक्त टोलीले छानबिन गर्दा केही उपप्राध्यापकहरूको टोलीले आफ्नो लेखमा एक जना विदेशी अनुसन्धानधाताले गरेको अनुसन्धानको हुबहु नक्कल गरेको पाइयो ।

अनुसन्धान टोलीले आफ्नो प्रतिवेदन बुझाएपछि विश्वविद्यालयको कार्यकारी समितिले आरोपीहरूलाई दुई वर्षसम्म कुनै अनुसन्धान गतिविधिमा संलग्न हुनबाट प्रतिबन्ध लगायो । यसबाहेक भविष्यमा यस्ता क्रियाकलाप गरिएको पाइएमा उनीहरूले प्राप्त गरेको शैक्षिक उपाधि (Academic Degree) समेत खोसी विश्वविद्यालय सेवाबाट बर्खास्त गर्ने चेतावनी पनि दियो ।

**अब तलका प्रश्नहरूमा छलफल गरौँ :**

(क) बौद्धिक चोरी भनेको के हो ?

(ख) मानिसहरूले बौद्धिक चोरी गर्नुका कारण के के होलान् ?

(ग) बौद्धिक चोरी रोक्ने उपाय के के होलान् ?

### बौद्धिक चोरी के हो ?

| जानाजान गरिने | अन्जानमा गरिने |
|---|---|
| अरूको कामलाई आफ्नो भनी प्रकाशित गर्नु | लापरबाही तरिकाबाट पुनर्लेखन गर्नु |
| अन्य व्यक्तिको लेख रचना सार्नु | अनुपयुक्त तरिकाबाट उद्धरण गर्नु |
| बजारबाट लेख रचना किनेर विद्यालय/विश्वविद्यालयमा बुझाउनु | अनावश्यक रूपमा उद्धरण गर्नु |
| पुस्तक, लेख रचना तथा विद्युतीय स्रोतबाट बिनाउद्धरण सार्नु | आफैँले पहिला प्रकाशित गरेको लेखरचनाबाट बिनाउद्धरण सूचना उल्लेख गर्नु |
| इन्टरनेटबाट बिना उद्धरण सार्नु | |

### बौद्धिक चोरीबाट कसरी बच्ने ?

१. उपयुक्त तरिकाले स्रोत उल्लेख गर्ने : अरूको बौद्धिक सम्पत्ति हामीले प्रयोग नै गर्न नपाउने होइन । जुन लेख, किताब, इन्टरनेट वा लेखक, प्रकाशकबाट आफूले सूचना वा तथ्याङ्क लिएको हो त्यसको स्रोत उल्लेख गरियो भने त्यसलाई बौद्धिक चोरी मानिँदैन । त्यसैले उपयुक्त तरिकाले स्रोत उल्लेख गर्नुपर्छ ।

२. प्रुफरिडिङ गर्ने : आफूले तयार गरेको प्रस्तावना, प्रतिवेदन वा लेख आफ्ना गुरु वा अन्य जानकारहरूलाई पढ्न दिएर उनीहरूको सुझावअनुसार सच्याएर मात्र विद्यालय वा कलेजमा बुझाउनुपर्छ । त्यसो गर्दा बौद्धिक चोरी हुने सम्भावना कम हुन्छ ।

३. उद्धरण गर्ने : कुनै स्रोतबाट सूचना लिँदा उनीहरूको भनाइ जस्ताको तस्तै राख्ने हो भने त्यसलाई उद्धरण चिह्न "..." प्रयोग गरी उपयुक्त तरिकाले स्रोत उल्लेख गर्नुपर्छ । यसो गर्दा बौद्धिक चोरी मानिँदैन ।

४. पुनर्लेखन गर्ने : अरूको भनाइ वा सूचना प्रयोग गर्दा सधैँ उद्धरण चिह्न प्रयोग गर्नु राम्रो मानिँदैन । त्यसैले त्यस्ता कुराहरूको मुख्य कुरालाई आफ्नै शब्दमा पुनर्लेखन गर्न सकिन्छ । तर यस्तो कुरामा पनि स्रोत भने उल्लेख गर्नैपर्छ ।

५. सन्दर्भ सामग्रीको सूची लेख्ने : आफ्नो लेख, प्रस्तावना वा प्रतिवेदनको अन्तमा सन्दर्भ सामग्रीहरूको सूची उल्लेख गर्नुपर्छ ।

६. उपयुक्त उद्धरण ढाँचा प्रयोग गर्ने : विभिन्न विषयहरूमा फरक फरक ढाँचामा लेख, प्रस्तावना वा प्रतिवेदन लगायतका रचनाहरू तयार गरिन्छ । भाषाका विषयहरूमा Modern Language Association (MLA) को ढाँचा प्रयोग गरिन्छ भने समाजशास्त्र, शिक्षा जस्ता विषयहरूमा American Psychological Association (APA) ढाँचा प्रयोग गरिन्छ । त्यस्तै Chicago, Turabian, IEEE आदि उद्धरण ढाँचा पनि प्रचलित छन् । कुनै कुनै विश्वविद्यालयले आफ्नो छुट्टै ढाँचा पनि प्रयोग गर्छन् । आफ्नो विश्वविद्यालय वा शिक्षकले तोकेको ढाँचा प्रयोग गर्नुपर्छ । APA र MLA ढाँचाको उदाहरण तल लिइएको छ :

**APA** उद्धरण ढाँचा

Lewis, T.T and Shakya, D.R. (1988). Contributions to the history of Nepal: Eastern Newar diaspora settlements. *CNAS Journal, 15*(1), 25-65.

O'encyclopedia, S. E. (1993). Words. In *The new encyclopedia Britannica* (vol. 38, pp. 745-758). Chicago, IL: Penguin.

**MLA**उद्धरण ढाँचा

Kim, Kee Han. *Development of an Improved Methodology for Analyzing Existing Single-Family Residential Energy Use*. 2014. Texas A & M U, PhD. *ProQuest*, https://ezproxy.nypl.org/socabs/docview/1665251619/abstract/E9D36166E31040AEPQ/1?accountid=35635.

Fletcher, Marissa. *Influences of Nutrition and Pathogenicity from a Microbial Diet on Immunity and Longevity in Caenorhabditis Elegans*. 2012. Massachusetts Institute of Technology, PhD. *DSpace@MIT*, https://dspace.mit.edu/handle/1721.1/120633.

विभिन्न कारणले गर्दा धेरै विद्यार्थीहरू आफ्नो अनुसन्धान कार्य समयमा सुरु गर्न सक्दैनन् । अन्तिम समयमा काम सुरु गर्दा हतार हुन्छ र बौद्धिक चोरीबाट बच्ने उपायहरू अपनाउन समय नै पर्याप्त हुँदैन । त्यसैले समयमै काम सुरु गरी बौद्धिक चोरीबाट बच्ने उपायहरू अवलम्बन गर्नुपर्छ ।

## बौद्धिक चोरीसम्बन्धी कानुनी व्यवस्था

नेपालको संविधानको धारा (२५) मा बौद्धिक सम्पत्तिलगायत अन्य सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने अधिकारको व्यवस्था गरिएको छ । त्यस्तै प्रतिलिपि अधिकार ऐन, २०५९ ले किताब, पर्चा, लेख, शोधपत्र, नाटक, गीत, सङ्गीत, श्रव्य दृश्य रचना, आर्किटेक्चरल डिजाइन, चित्रकला, पेन्टिङ, मूर्तिकला, काष्ठकला, फोटोजन्य रचना, वैज्ञानिक लेख रचना, कम्प्युटर प्रोग्रामलगायतका सिर्जनालाई रचना भनी परिभाषित गरेको छ । सो ऐनको दफा (२७) ले यस्ता रचना अनुपयुक्त तरिकाले प्रयोग गरेमा त्यस्तो व्यक्तिलाई कसुरको मात्राअनुसार रु. १०,००० देखि रु. १,००,००० सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ । सोही कार्य दोस्रो पटदेखि पटकै पिच्छे रु. २०,००० देखि रु. २,००,००० सम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ । यस्ता रचना प्रकाशन वा पुनरुत्पादन वा वितरण गरेको वा पुनरुत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत हुनेसमेत व्यवस्था छ । यसबाहेक यस्तो कार्य गर्ने व्यक्तिबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई परेको नोक्सानिको क्षतिपूर्तिसमेत भराई दिनुपर्ने व्यवस्था छ ।

*क्रियाकलाप*

१. तपाईंको कक्षाका सबै समूहले तयार पारेको परियोजना कार्यको प्रस्तावनाहरूको अध्ययन गरी बौद्धिक चोरी भए नभएको पत्ता लगाई सुधार गर्नुपर्ने बुँदाहरू सङ्कलन गर्नुहोस् । ती सङ्कलित बुँदाहरूलाई कक्षामा छलफल गर्नुहोस् ।

२. बौद्धिक चोरी भएका समाचारहरू सङ्कलन गरी एउटा भित्ते पत्रिका प्रकाशन गर्नुहोस् ।

### *अभ्यास*

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) बौद्धिक चोरी भनेको के हो ?

(ख) मानिसहरूले बौद्धिक चोरी गर्नुका कुनै दुई कारणहरू लेख्नुहोस् ।

(ग) जानाजान गरिने बौद्धिक चोरीका कुनै दुई उदाहरण दिनुहोस् ।

(घ) बौद्धिक चोरी गर्ने व्यक्तिलाई कस्तो कारवाही हुन्छ ? एक उदाहरण दिनुहोस् ।

(ङ) बौद्धिक चोरी एक अपराध हो । यस भनाइलाई उदाहरणसहित एक अनुच्छेदमा व्याख्या गर्नुहोस् ।

(च) बौद्धिक चोरीबाट बच्ने कुनै पाँच उपायहरू उल्लेख गर्नुहोस् ।

पाठ : ५

# सामाजिक अध्ययनका लागि समस्या निर्माण र अध्ययन विधि चयन

**तलको संवाद अध्ययन गरौँ :**

**अभिषेक** : किन उदास छौ, सलिम ? के समस्या पऱ्यो ? बताउन मिल्छ कि ?

**सलिम** : तिमीलाई बताउन किन नमिल्नु ? पढाइसम्बन्धी नै कुरा हो ।

**अभिषेक** : के कुरा हो त ?

**सलिम** : सामाजिक अध्ययन विषयमा म्याडमले दिनुभएको परियोजना कार्य कसरी गर्ने भनेर सोचिरहेको नि ! साथीहरूले समूह नेता बनाइदिए तर मलाई त समस्या पहिचान गर्न नै कठिन भयो । तिमीहरूले गऱ्यौ त ?

**अभिषेक** : समस्या पहिचान भन्नाले कुनै पनि सामाजिक समस्या, सामाजिक घटना वा अध्ययन गर्न आवश्यक र उपयुक्त कुनै अवधारणा पहिचान गर्नु भन्ने बुझिन्छ । हाम्रो समाजमा यस्ता अनगिन्ती समस्या, घटना र अवधारणा रहेका छन् । हामीले समस्या निर्माण गर्दा ती समस्याहरू प्राज्ञिक रूपले अनुसन्धान गर्न आवश्यक र उपयुक्त छन् कि छैनन् भनेर यकिन गर्नुपर्छ ।

**सलिम** : कसरी यकिन गर्ने त ?

**अभिषेक** : पहिलो कुरा त अनुसन्धान गर्ने समस्या बिल्कुलै नयाँ हुनुपर्छ । अरू कसैले पहिले नै गरेको कार्य हुबहु दोहोरिनु हुँदैन । पहिले नै गरिएको कार्यलाई दोहोऱ्याउनुपर्ने भएमा अध्ययन विधि, समय र परिस्थितिमध्ये कुनै एक वा सबै फरक गर्नुपर्छ । दोस्रो कुरा यस अनुसन्धानबाट नयाँ ज्ञान प्राप्त हुनुपर्छ । उक्त ज्ञान समाजलाई उपयोगी हुनुपर्छ ।

**सलिम** : एउटा उदाहरण भए बुझ्न सजिलो हुने थियो नि !

**अभिषेक** : धूमपानले स्वास्थ्यमा हानि गर्छ कि गर्दैन ? भनेर अनुसन्धान गर्न आवश्यक नै छैन । यस सम्बन्धमा कैयौँ अनुसन्धान भएर अहिले यो प्रमाणित सत्यका रूपमा रहेको छ । यसबाट नयाँ ज्ञान प्राप्त हुँदैन । बरु कुनै समुदायमा धूमपान गर्ने मानिसहरू र धूमपान नगर्ने मानिसहरूको अनुपात पत्ता लगाउने अनुसन्धान चाहिँ आवश्यक र उपयुक्त हुन सक्छ । यसबाट प्राप्त नतिजाका आधारमा त्यस समुदायमा धूमपान गर्ने मानिसहरूको सङ्ख्या घटाउने उपायहरू गर्नुपर्ने कि नगरे पनि हुने भन्ने ज्ञान प्राप्त हुन्छ ।

**सलिम** : अब त राम्री बुझियो । अब अध्ययन विधि छनोटबारे पनि बताऊ न ।

**अभिषेक** : अध्ययन पद्धति मुख्यतः तीन प्रकारका हुन्छन् : परिमाणात्मक, गुणात्मक र मिश्रित । प्राप्ताङ्क, तौल, उमेर आदि सङ्ख्यामा सूचनाहरू सङ्कलन हुने र विश्लेषण गर्दा तथ्याङ्कशास्त्रीय विधिहरू प्रयोग गरिने अनुसन्धान विधिलाई परिमाणात्मक पद्धति भनिन्छ । यदि मानिसका भावना, विचार, व्यवहार जस्ता कुराहरूका सूचनाहरू लिने हो भने ती सूचना सङ्ख्यामा उल्लेख गर्न सकिन्न । यस्तो खाले अनुसन्धान गर्ने पद्धति चाहिँ गुणात्मक पद्धति हो । यी दुवै विधि प्रयोग गर्ने हो भने मिश्रित पद्धति हुन्छ ।

**सलिम** : म्याडमले त यी विधिहरूले फरक फरक विधि प्रयोग गर्छन् भन्नुभएको थियो नि । त्यो भनेको चाहिँ के हो नि ?

**अभिषेक** : परिमाणात्मक अनुसन्धानमा सबैभन्दा प्रचलित विधि सर्वेक्षण हो । यसमा एउटा जनसङ्ख्या बाट निश्चित सङ्ख्याको नमुना लिइन्छ । प्रश्नावली तयार गरी नमुना लिइएको सङ्ख्यामा मात्र तथ्याङ्क सङ्कलन गरिन्छ । यसरी प्राप्त सूचनालाई विश्लेषण गरी नतिजा प्राप्त गरिन्छ । अर्को महत्त्वपूर्ण विधि प्रयोग विधि हो । यसमा छनोट गरिएका नमुनालाई दुई समूहमा बाँडिन्छ । एक समूहलाई हाल भएकै अवस्थामा राखिन्छ भने अर्को समूहमा नयाँ कुरा प्रयोग गरिन्छ । यसबाट नयाँ कुरा प्रयोग गर्दा र नगर्दा के फरक आउँछ अध्ययन गरिन्छ ।

**सलिम** : भनेपछि हाम्रो गाउँमा कति मानिसहरू कुन कुन पेसा गर्छन् भन्ने पत्ता लगाउने विधि चाहिँ सर्वेक्षण विधि हुने रहेछ । एउटा कक्षामा वर्षमा तीनओटा परीक्षा लिँदा र छओटा परीक्षा लिँदा विद्यार्थीको प्राप्ताङ्कमा के फरक आउने रहेछ भनेर अध्ययन गर्न चाहिँ प्रयोग विधि चाहिने रहेछ ।

**अभिषेक** : एकदम ठिक भन्यौ, सलिम । अर्को महत्त्वपूर्ण विधि भनेको अन्तर्वार्ता विधि हो । दुई व्यक्तिबिच प्रत्यक्ष कुरा गरी सूचना सङ्कलन गर्ने तरिकालाई अन्तर्वार्ता भनिन्छ । यसमा उत्तरदातालाई प्रत्यक्ष भेटेर वा फोन/भिडियो कलमार्फत प्रश्नहरू सोधिन्छ । उत्तरदाताको उत्तरबाट आवश्यक सूचना डायरीमा टिपिन्छ । उत्तरदाताको सहमति लिएर अडियो वा भिडियो रेकर्ड गरेर पछि आवश्यक सूचना लिन सकिन्छ ।

**सलिम** : अन्तर्वार्ताका प्रकारहरू पनि बताऊ न ।

अभिषेक : अन्तर्वार्ता तीन प्रकारका हुन्छन् । संरचित अन्तर्वार्तामा पहिले नै तयार गरेका प्रश्नहरू सोधिन्छ । अर्को शब्दमा भन्ने हो भने यो मौखिक रूपमा प्रश्नावली प्रयोग गर्ने तरिका नै हो । तसर्थ यो परिमाणात्मक तथ्याङ्क सङ्कलनका लागि उपयुक्त छ । अर्धसंरचित अन्तर्वार्तामा केही मुख्य क्षेत्रहरूसँग सम्बन्धित प्रश्नहरू वा सोसम्बन्धी टिपोट पहिले नै तयार गरी अन्तर्वार्ताका क्रममा अन्तर्वार्ताकारले थप प्रश्नहरू गरेर सूचना

सङ्कलन गर्दछ । यसका लागि अनुसन्धानबारे जानकार व्यक्ति मात्र अन्तर्वार्ताकार हुन सक्छ । गुणात्मक तथ्याङ्क सङ्कलनका लागि यसको अत्याधिक प्रयोग गरिन्छ । असंरचित अन्तर्वार्तामा अन्तर्वार्ताकारले आफूले आवश्यक ठानेका प्रश्नहरू गरेर सूचना सङ्कलन गर्छ । यसका लागि अनुसन्धानकर्ता आफैँ अन्तर्वार्ताकार हुनुपर्छ । यो पनि गुणात्मक तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिन्छ ।

**सलिम** : क्षेत्र अवलोकन पनि एउटा अनुसन्धान विधि नै हो नि, होइन ?

**अभिषेक** : हो, कुनै व्यक्ति, संस्था वा प्रक्रियालाई लामो समयसम्म हेरेर तथ्याङ्क सङ्कलन गर्ने विधिलाई अवलोकन भनिन्छ । अवलोकनकर्ता आफैँ कुनै क्षेत्रमा गई अवलोकन प्रक्रियामा सहभागी भएर वा नभईकन तथ्याङ्क सङ्कलन गर्न सक्दछ । यो विधि सरल र सहज हुनाका साथै यसबाट प्राप्त तथ्याङ्क विश्वसनीय हुन्छ । अवलोकनकर्ताले निष्पक्ष भएर सूचना सङ्कलन गर्नुपर्छ । त्यसका लागि रुजुसूची प्रयोग गर्न सकिन्छ ।

**सलिम** : तिनीहरूमध्ये कुन छनोट गर्ने भन्ने कसरी निर्णय गर्ने नि ? यो त झन् अलमल्ल पर्ने भइयो ।

**अभिषेक** : कुनै एउटा मात्र विधि प्रयोग गरेर अनुसन्धान गर्न सकिन्न । सामान्यतया: सर्वेक्षण, अन्तर्वार्ता तथा क्षेत्र अवलोकन विधिलाई सँगसँगै प्रयोग गरिन्छ । व्यक्तिको विचार, भावना वा क्षेत्रको अवस्था सङ्कलन गर्न सर्भेक्षण विधि र अन्तर्वार्ता विधि प्रयोग गरिन्छ । समुदायमा कुन कुन पेसामा कति कति मानिसहरू संलग्न छन् ? भन्ने पत्ता लगाउन सर्वेक्षण विधि प्रयोग हुन्छ । मानिसहरू आफ्ना पेसामा कति खुसी छन् ? भन्ने पत्ता लगाउन अन्तर्वार्ता विधि प्रयोग गरिन्छ । कुनै व्यक्तिको व्यवहार वा कुनै स्थान वा संस्थाको अवस्था तथा गतिविधिबारे तथ्याङ्क सङ्कलन गर्न अवलोकन विधि प्रयोग गरिन्छ । विद्यालयमा शिक्षक र विद्यार्थीबिचको सम्बन्ध कस्तो छ भन्ने थाहा पाउन अवलोकन विधि उपयुक्त हुन्छ ।

**सलिम** : उदाहरण दिएपछि त सजिलै बुझियो । धन्यवाद, अभिषेक ।

*क्रियाकलाप*

१. तपाईंलाई शिक्षकले विभिन्न समूहमा अनुसन्धान गर्ने परियोजना कार्य दिनुभएको होला । सबै समूहले परियोजना कार्यको प्रस्तावना तयार गरिसकेका होलान् । ती प्रस्तावनाहरूको 'समस्या पहिचान' खण्ड अध्ययन गरी समस्या सङ्कलन गर्नुहोस् । ती समस्या अनुसन्धान गर्न आवश्यक र उपयुक्त छन् कि छैनन् ? कक्षामा छलफल गर्नुहोस् ।

२. सबै समूहको परियोजना कार्य प्रस्तावनाको 'अध्ययन विधि' खण्डमा विभिन्न समूहले कुन कुन पद्धति र विधि प्रयोग गरेका छन् ? सो को अध्ययन गरी चार्ट बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) समस्या पहिचान भनेको के हो ?

(ख) समस्या पहिचान गर्दा के के कुरामा ध्यान पुऱ्याउनुपर्छ ?

(ग) परिमाणात्मक अध्ययन पद्धति भनेको कस्तो विधि हो ?

(घ) क्षेत्र अवलोकन भनेको कस्तो विधि हो ?

(ङ) अन्तर्वार्ता विधि प्रयोग गर्दा ध्यान दिनुपर्ने पक्षहरू चर्चा गर्नुहोस् ।

(च) तपाईंको विद्यालय वा समुदायमा अनुसन्धान गर्न सकिने कुनै दुई समस्याहरू पहिचान गर्नुहोस् । ती समस्याहरू किन अनुसन्धान गर्न आवश्यक र उपयुक्त छन् ? कारण दिनुहोस् ।

(छ) परिमाणात्मक, गुणात्मक र मिश्रित अध्ययन पद्धतिबिच के फरक छ ? एउटा तालिकामा देखाउनुहोस् ।

# पाठ : ६ सामाजिक तथ्याङ्क र सूचना सङ्कलनका विधि र साधनहरू

## १. सामाजिक तथ्याङ्कको परिचय

समाजभित्र व्यक्ति र प्रकृति तथा तिनीहरूबिचको अन्तरक्रिया र अन्तरसम्बन्ध हुने भएकाले सामाजिक तथ्याङ्क भन्नाले यी कुराहरूसँग सम्बन्धित सबै कुरा पर्छन् । आर्थिक, जनसाङ्खिक, व्यक्तिगत, पारिवारिक, भाषिक, धार्मिक, पेसागत आदि कुराहरू सामाजिक तथ्याङ्कभित्र समेटिन्छन् । यसकारण सामाजिक तथ्याङ्क पनि परिमाणात्मक र गुणात्मक दुवै प्रकारका हुन्छन् । परिवारको आम्दानी खर्च, जनसङ्ख्या, उमेर आदि परिमाणात्मक तथ्याङ्क हुन् भने आर्थिक अवस्था (धनी वा गरिब), विचार, धर्म, परम्परा आदि गुणात्मक तथ्याङ्क हुन् ।

## २. सामाजिक तथ्याङ्क सङ्कलन विधि

खोज वा अनुसन्धानका प्रश्नहरूको समाधान गर्नका लागि सान्दर्भिक विशिष्ट जानकारी प्राप्त गर्ने एक व्यवस्थित प्रक्रिया नै तथ्याङ्क सङ्कलन हो । सङ्कलित तथ्याङ्कलाई व्यवस्थापन, प्रशोधन र विश्लेषण गरी अनुसन्धानका प्रश्नहरूको जवाफ निकालिन्छ । त्यसैले अनुसन्धानकर्ताले तथ्याङ्क सङ्कलन गर्नुभन्दा पहिले कुन/कस्तो तथ्याङ्क सङ्कलन गर्ने, कसरी सङ्कलन गर्ने, कसले सङ्कलन गर्ने र कहिले सङ्कलन गर्ने जस्ता कुराहरू निश्चित गर्नुपर्छ । यी कुराहरूलाई व्यवस्थित गर्न सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन आदि निश्चित विधिहरूको प्रयोग गर्नुपर्छ ।

## ३. सामाजिक तथ्याङ्क सङ्कलनका साधन

सामाजिक तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका प्रश्नावली, अवलोकन मार्गदर्शन, अन्तर्वार्ता मार्गदर्शन आदि यन्त्रहरू/उपकरणहरूलाई तथ्याङ्क सङ्कलनका साधनहरू भनिन्छ । अनुसन्धानका प्रकार, अनुसन्धानकर्ताका आवश्यकता, उद्देश्य र दक्षता, तथ्याङ्कका प्रकार, परिस्थिति, स्रोत र साधनको उपलब्धता आदिलाई ध्यानमा राखी तथ्याङ्क सङ्कलनका साधनहरू छनोट गरिन्छन् । एउटै खोज वा अनुसन्धानमा एकभन्दा बढी साधनहरू प्रयोग गरिन्छ ।

### (क) प्रश्नावली

प्रश्नावलीलाई सर्वेक्षण प्रश्नावली पनि भनिन्छ । यसमा आवश्यक सूचना प्राप्त गर्ने गरी प्रश्नहरूको सूची तयार गरी उत्तरदातासमक्ष प्रस्तुत गरी उत्तर सङ्कलन गरिन्छ । यसरी तयार गरिएका प्रश्नहरू मौखिक, लिखित वा इमेलमार्फत उत्तरदातासँग सोधी उत्तर प्राप्त गर्न सकिन्छ । प्रश्नहरू दोहोरो अर्थ

नलाग्ने तथा उत्तरदाताको व्यक्तिगत वा सामूहिक भावनामा चोट नपर्ने गरी सरल भाषामा तयार गर्नुपर्छ । उत्तरदाता समक्ष पठाउनुअघि विज्ञहरूबाट रुजु गराउँदा अझ राम्रो हुन्छ ।

प्रश्नावली सबैभन्दा प्रचलित साधन हो । यो साधनबाट धेरै व्यक्तिहरूबाट कम समय र स्रोतसाधन प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्न सकिन्छ । उत्तरदाता इमानदार नभएमा गलत तथ्याङ्क प्राप्त हुने खतरा पनि हुन्छ । यसलाई परिमाणात्मक तथ्याङ्क सङ्कलन गर्न बढी प्रयोग गरिन्छ ।

### (ख) अन्तर्वार्ता मार्गदर्शन

अन्तर्वार्ताकारले उत्तरदातालाई सोध्ने प्रश्नहरू वा सोसम्बन्धी टिपोटलाई नै अन्तर्वार्ता मार्गदर्शन भनिन्छ । संरचित अन्तर्वार्तामा प्रश्नावलीलाई नै अन्तर्वार्ता मार्गदर्शन रूपमा प्रयोग गरिन्छ भने अर्धसंरचित र असंरचित अन्तर्वार्तामा अन्तर्वार्ताकारले आफूले आवश्यक ठानेका मुख्य मुख्य प्रश्नहरू वा प्रश्न सोध्ने मुख्य विषयवस्तु टिपेर अन्तर्वार्ता मार्गदर्शन तयार पार्छ ।

### (ग) अवलोकन मार्गदर्शन

अवलोकन गर्ने मुख्य कुराहरू उल्लेख गरिएको टिपोट वा फारम तयार गरेर अवलोकन मार्गदर्शन तयार गरिन्छ । यसका लागि रुजुसूची पनि प्रयोग गर्न सकिन्छ ।

### (घ) रुजुसूची

यसमा आवश्यक सूचनाहरूबारे 'हो/होइन' वा 'छ/छैन' वा अन्य विभिन्न विकल्पहरू पहिले नै तयार गरेर अवलोकन गरिन्छ ।

## ४. द्वितीयक तथ्याङ्क सङ्कलन

सूचना तथा तथ्याङ्क सङ्कलनमा द्वितीय स्रोत पनि उत्तिकै महत्त्वपूर्ण छ । अरू कसैले पहिले नै सङ्कलन गरेर प्रकाशित वा अप्रकाशित तथ्याङ्कले अनुसन्धान गर्न लागेको क्षेत्रको वर्तमान अवस्था थाहा पाउन, समस्या निर्माण गर्न, पत्ता लागेका कुराहरूलाई पुनर्पुष्टि गर्न सहयोग पुऱ्याउँछ । यसका लागि विभिन्न पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, मुखपत्र, इन्टरनेटलगायतका स्रोतहरूमा रहेका सूचना प्रयोग गर्न सकिन्छ ।

## ५. तथ्याङ्क व्यवस्थापनमा डिजिटल साधनको प्रयोग

तथ्याङ्क सङ्कलनदेखि भण्डारनसम्मका प्रक्रियालाई तथ्याङ्क व्यवस्थापन भनिन्छ । यस प्रक्रियामा विभिन्न डिजिटल साधनहरूको प्रयोग गर्न सकिन्छ ।

### (क) गुगल फर्म

गुगल कम्पनीले विकास गरेको यो एउटा प्रोग्राम हो । जिमेल (Gmail) एकाउन्ट भएका सबैले निःशुल्क प्रयोग गर्न पाउने यो प्रोग्राम डेस्कटप, ल्यापटप, स्मार्ट फोन, आइप्याडलगायतका सबै डिजिटल

डिभाइसमा चलाउन सकिन्छ। डेस्कटप, ल्यापटप कम्प्युटरमा कुनै पनि ब्राउजर (क्रोम, ओपेरा आदि) मा जिमेल (Gmail) एकाउन्ट लगइन गरेपछि स्वत: चलाउन सकिन्छ भने स्मार्ट फोन, आइप्याड जस्ता डिभाइसमा भने Google Form भन्ने अनुप्रयोग (Application) डाउनलोड र इन्स्टल गर्नुपर्छ।

गुगल फर्ममा प्रश्नावली तयार गरी इमेल वा अन्य सञ्चार साधनमार्फत उत्तरदाता समक्ष पठाउनुपर्छ। उत्तरदाताले उक्त फर्म खोलेर भरेपछि Submit गर्नुपर्छ। त्यसपछि सो प्रश्नावली स्वत: अध्ययनकर्ताको जिमेलमा आएर भण्डारन हुन्छ। यसरी आएका जवाफहरू स्वत: Google Spreadsheet मा entry हुन्छन् । यसका लागि डिजिटल डिभाइस र इन्टरनेटको आवश्यकता पर्छ।

गुगल फर्मबाहेक SoGoSurvey, Survey Monkey, Zoho Survey, Survey Gizmo, Survey Planet जस्ता प्रोग्रामहरू पनि यसका लागि प्रयोग गर्न सकिन्छ । तर यी प्रोग्रामहरू व्यापारिक (Commercial) भएकाले किनेर मात्र प्रयोग गर्न पाइन्छ।

### (ख) सामाजिक सञ्जाल (Social Network)

अचेल फेसबुक (Facebook), ट्विटर जस्ता सामाजिक सञ्जालमा धेरै व्यक्तिहरू जोडिएका छन् । यसकारण अध्ययनकर्ताहरूले यस्ता सञ्जालहरूलाई पनि तथ्याङ्क व्यवस्थापनमा प्रयोग गर्न थालेका छन् । गुगल फर्ममा प्रश्नावली पठाउन, भिडियो/अडियो कल गरेर अन्तर्वार्ता लिनदेखि अनुसन्धान तथ्याङ्क तथा नतिजा प्रकाशन प्रसारण गर्न यस्ता सञ्जालहरू उपयोगी हुन्छन् । यसबाहेक फेसबुक मेसेन्जरमा समूहमा भिडियो/अडियो कल गरेर लक्षित समूह छलफलसमेत गर्न सकिन्छ।

### (ग) भिडियो सम्मेलन अनुप्रयोग (Video Conferencing Application)

अचेल ZOOM, Microsoft Teams, Google Meet, Cisco Webex जस्ता अनुप्रयोगहरू समूहमा भिडियो कल गर्न प्रयोग गरिन्छ । यी अनुप्रयोगहरू अनलाइन मार्फत् सभासम्मेलन गर्न, अनलाइन कक्षा सञ्चालन गर्न जस्ता औपचारिक तथा समूहमा कुराकानी गर्न जस्ता अनौपचारिक कार्यका लागि विकास गरिएका हुन् । यद्यपि खोज अनुसन्धानका क्रममा अन्तर्वार्ता लिन तथा लक्षित समूह छलफल गर्नसमेत यिनीहरूको उपयोग हुन्छ। यी अनुप्रयोगहरूमा उच्च गुणस्तरको भिडियो कुर ाकानी गर्न र कुराकानीलाई नियन्त्रण गर्न तथा अडियो तथा भिडियो रेकर्ड गर्न पनि सकिने भएकाले अनुसन्धानमा प्रयोग गर्न सकिन्छ।

*क्रियाकलाप*

१. तपाईंका शिक्षकले दिनुभएको परियोजना कार्यमा कक्षाका सबै समूहको परियोजना कार्यको प्रस्तावनाको 'अध्ययन विधि' खण्ड अध्ययन गरी तथ्याङ्क सङ्कलनका लागि कुन कुन विधि र साधनहरू प्रयोग गर्न खोजिएको रहेछ ? सङ्कलन गरी चार्ट बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) तथ्याङ्क सङ्कलन विधि भनेको के हो ?

(ख) प्रश्नावली किन सबैभन्दा प्रचलित साधन हो ?

(ग) अन्तर्वार्ता मार्गदर्शन भनेको के हो ?

(घ) भिडियो अनुप्रयोगलाई तथ्याङ्क सङ्कलनमा कसरी प्रयोग गर्न सकिन्छ ? एक उदाहरण दिनुहोस् ।

(ङ) सामाजिक अध्ययन विषयमा तथ्याङ्क सङ्कलन गर्न प्रयोग गर्न सकिने कुनै चारओटा साधनहरूको नाम लेखी कुनै दुईको छोटो परिचय दिनुहोस् ।

(च) अध्ययन अनुसन्धानका लागि तथ्याङ्क सङ्कलन गर्ने विधि तथा साधनहरू छनोट गर्दा के के कुराहरूमा ध्यान दिनुपर्छ ? पाँच बुँदामा लेख्नुहोस् ।

पाठ : ७

# तथ्याङ्क तथा सूचनाको विश्लेषण र प्रस्तुतीकरण




अनुसन्धान वा खोजका क्रममा सूचना तथा तथ्याङ्क सङ्कलन गरेर मात्र पुग्दैन । यसरी सङ्कलन गरिएका सूचना तथा तथ्याङ्क सबै अनुसन्धानमा काम लाग्दैनन् । त्यसैले प्राप्त गरिएका सूचना तथा तथ्याङ्कलाई सर्वप्रथम तयारी गरिन्छ। त्यसपछि प्रशोधन गरिन्छ। प्रशोधनपछि विश्लेषण गरी अनुसन्धान प्रश्नहरूको जवाफ निकालिन्छ । सबै कार्य सकिएपछि तथ्याङ्क भण्डारन गरिन्छ । अन्तमा लक्षित समूहलाई तथ्याङ्कबारे जानकारी दिनका लागि विभिन्न माध्यमबाट प्रस्तुतीकरण गरिन्छ ।

## १. तथ्याङ्क तयारी

यस चरणमा तथ्याङ्कलाई सफाइ तथा व्यवस्थित गरी अर्को चरणका लागि तयार पारिन्छ । यसमा अनावश्यक तथा त्रुटियुक्त तथ्याङ्कलाई हटाइन्छ। त्यस्तै शङ्कास्पद तथ्याङ्कलाई पुनर्पुष्टि गरिन्छ। विभिन्न उत्तरदाता वा स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनालाई तालिका, सूची आदिमा प्रस्तुत गरी तथ्याङ्क प्रशोधनका लागि तयार पारिन्छ ।



| | A | B | C | D | E | F |
|---|---|---|---|---|---|---|
| 1 | Name | English | Nepali | Maths | Science | Social |
| 2 | Bikas | 75 | 95 | 50 | 55 | 52 |
| 3 | Rama | 35 | 57 | 64 | 74 | 71 |
| 4 | Karna | 29 | 49 | 48 | 53 | 53 |
| 5 | Yadav | 28 | 52 | 60 | 64 | 64 |
| 6 | Phulba | 30 | 54 | 52 | 63 | 65 |
| 7 | Nirza | 24 | 39 | 39 | 48 | 71 |
| 8 | Amba | 24 | 44 | 48 | 52 | 54 |
| 9 | Dipesh | 35 | 57 | 66 | 56 | 57 |
| 10 | Rubi | 25 | 45 | 40 | 52 | 55 |
| 11 | Annie | 25 | 45 | 49 | 48 | 45 |

परिमाणात्मक तथ्याङ्क प्रविष्टि गर्न, विभिन्न तथ्याङ्कशास्त्रीय विश्लेषण गर्न र ग्राफ र चार्टमा तथ्याङ्क प्रस्तुत गर्न IBM SPSS Statistics, RStudio, Stata, OriginPro, TIMi Suite आदि सफ्टवेयरहरू प्रयोग गरिन्छ । तर हामी सामान्यतया: सबैको कम्प्युटर (ल्यापटप तथा डेस्कटप) मा सजिलै उपलब्ध हुने Microsoft Excel प्रयोग गरी तथ्याङ्क प्रविष्टि गर्न सक्छौं ।

## २. तथ्याङ्क प्रशोधन

यस चरणमा तथ्याङ्कलाई विभिन्न प्रकारका तथ्याङ्कशास्त्रीय तथा गैरतथ्याङ्कशास्त्रीय परीक्षणका लागि तयार गरिन्छ । परिमाणात्मक तथ्याङ्कलाई मध्यक (Mean), मध्यिका (Median), रित (Mode), स्तरीय भिन्नता (Standard Deviation), सहसम्बन्ध (Co-relation), प्रतिगमन (Regression) लगायतका विभिन्न तथ्याङ्कशास्त्रीय विश्लेषण (Statistical Analysis) गरिन्छ । यसका लागि Microsoft Excel, SPSS जस्ता विभिन्न कम्प्युटर सफ्टवेयर पनि प्रयोग गर्न सकिन्छ ।

त्यस्तै गुणात्मक तथ्याङ्कमा भने यस्ता तथ्याङ्कशास्त्रीय विश्लेषण (Statistical Analysis) गर्न सकिँदैन । यस्ता तथ्याङ्कबाट विभिन्न शब्द वा वाक्यांशको बारम्बारता (Frequency) गणना गर्न सकिन्छ । यस्ता तथ्याङ्कबाट कोड (Code) र उद्धरण (Quotation) निकाली तिनीहरूको अन्तरसम्बन्धको जालो (Network) बनाउने गरिन्छ । यसका लागि विभिन्न कम्प्युटर सफ्टवेयर प्रयोग गर्न वा गराउन सकिन्छ ।

## ३. तथ्याङ्क विश्लेषण

तथ्याङ्क प्रशोधनबाट आएका नतिजाहरूको विश्लेषण गरी त्यसको अर्थ निकाल्ने कार्य यस चरणमा हुन्छ । त्यही अर्थका आधारमा अनुसन्धान समस्या वा प्रश्नहरूको जवाफ निकाल्ने कार्य हुन्छ । यो चरण एकदम महत्त्वपूर्ण चरण हो । तथ्याङ्कको नतिजा आफैँले मात्र केही अर्थ दिन सक्दैन । तसर्थ तिनीहरूको अर्थ र अनुसन्धान प्रश्नहरूसँग तिनीहरूको सम्बन्धका आधारमा नै अनुसन्धानको निष्कर्ष निकालिने भएकाले अनुसन्धानकर्ताले अत्यन्त चनाखो भएर विश्लेषण गर्नुपर्छ । यसबाट प्राप्त निष्कर्षका आधारमा योजना निर्माणलगायतका कार्यहरू हुन्छन् ।

## ४. तथ्याङ्क भण्डारण

माथिका सबै चरण पूरा भएपछि तथ्याङ्क सङ्कलनदेखि विश्लेषणसम्मका सबै कागजहरू तथा कम्प्युटरमा भएका डकुमेन्टहरूलाई सुरक्षित राख्नुपर्छ । अनुसन्धानबारे कुनै प्रश्न उठेमा त्यसलाई पुष्टि गर्न पछिसम्म ती डकुमेन्टहरू आवश्यक पर्न सक्छन् । त्यस्तै प्रकारका अनुसन्धान पछि गर्नुपर्दासमेत यी तथ्याङ्क प्रयोग गर्न सकिन्छ । तसर्थ कम्प्युटरमा भएका डिजिटल डकुमेन्टहरूलाई एकभन्दा बढी डिभाइसमा वा क्लाउड स्टोरेजमा समेत भण्डारण गर्नुपर्छ ।

## ५. नतिजा प्रबोधीकरण

विभिन्न लक्षित समूह जस्तै : नीति निर्माता, अन्य अनुसन्धानकर्ता, सरोकारवाला, उपभोक्ता लगाएतलाई जानकारी गराउनका लागि विभिन्न माध्यमहरूबाट नतिजाको प्रसारण गर्ने कार्यलाई नतिजा प्रबोधीकरण भनिन्छ । यस्तो प्रस्तुतीकरण लक्षित समूहले बुझ्ने नभएमा अनुसन्धानको कुनै अर्थ नै रहँदैन । तसर्थ कस्ता श्रोता, दर्शक वा पाठकहरूका लागि प्रस्तुतीकरण गरिने हो त्यसअनुसारका माध्यममा उपयुक्त भाषिक स्तरमा उपयुक्त प्रकारका तथ्याङ्क प्रस्तुतीकरण गर्नुपर्छ ।

त्यसका लागि पत्रपत्रिकामा लेख प्रकाशित गर्ने, अनुसन्धान जर्नलहरूमा लेख प्रकाशन गर्ने, टेलिभिजन वा रेडियोमा समाचार वा अन्तर्वार्ता प्रसारण गर्ने, सामाजिक सञ्जालमा लेखरचना, फोटो वा भिडियो प्रकाशन प्रसारण गर्ने जस्ता माध्यमहरू प्रयोग गर्न सकिन्छ । यसरी प्रकाशन वा प्रसारण गर्दा उपयुक्त शब्दावली वा भाषाको प्रयोग गर्नुपर्छ । सर्वसाधारण उपभोक्ताहरूका लागि प्रकाशित वा प्रसारित सामग्रीमा प्राविधिक शब्दहरूको प्रयोग सकेसम्म कम गर्नुपर्छ भने अनुसन्धान जर्नलमा लेखरचना प्रकाशित गर्दा उपयुक्त प्राविधिक शब्दहरू नै प्रयोग गर्नपर्छ । त्यस्तै तथ्याङ्क प्रस्तुत गर्दा वाक्य वा अनुच्छेद मात्र प्रयोग नगरी ग्राफ, चार्ट, फोटोसमेत प्रयोग गर्नुपर्छ ।

अनुसन्धानको नतिजालाई मुख्यत: दुई प्रकारले प्रस्तुत गर्न सकिन्छ, ती हुन् : शाब्दिक प्रस्तुतीकरण र चित्रात्मक प्रस्तुतीकरण । तर यी कुनै पनि प्रस्तुतीकरण आफैँमा पूर्ण हुँदैनन् । तसर्थ अध्ययन अनुसन्धानबाट प्राप्त जानकारी प्रस्तुत गर्दा दुवै तरिकाहरूको मिश्रित तरिका प्रयोग गरिन्छ ।

### (क) शाब्दिक प्रस्तुतीकरण

जानकारीलाई शब्द, वाक्य तथा अनुच्छेदमा गरिने प्रस्तुतीकरणलाई शाब्दिक प्रस्तुतीकरण भनिन्छ । यस प्रकारको प्रस्तुतीकरणमा लेखकले जानकारीहरूलाई व्याख्या गर्न, पुष्टि गर्नु र निष्कर्ष निकाल्न सक्ने भएकाले यो नै बढी प्रचलित छ । यसले गुणात्मक तथा परिमाणात्मक दुवै खालका तथ्य र जानकारीलाई समेट्न सक्छ । यसमा कुनै विशेष जानकारीलाई बढी जोड दिन सकिन्छ । तसर्थ शाब्दिक प्रस्तुतीकरण नै प्राथमिक प्रस्तुतीकरण विधि मानिन्छ । यद्यपि शाब्दिक प्रस्तुतीकरण लामो हुने भएकाले पाठकहरूलाई पट्यार लाग्न सक्दछ । त्यस्तै ठुला तथ्याङ्कलाई शाब्दिक रूपमा प्रस्तुतीकरण गर्न कठिन हुन्छ ।

### (अ) शाब्दिक प्रस्तुतीकरणमा ध्यान दिनुपर्ने पक्ष

शाब्दिक प्रस्तुतीकरण गर्दा निम्नलिखित पक्षमा ध्यान दिएमा प्रस्तुतीकरण बढी प्रभावकारी हुन्छ :

- लक्षित पाठकको दक्षता, आवश्यकता र चासोलाई ध्यानमा राखेर उनीहरूले सजिलोसँग बुझ्न सक्ने भाषा स्तर प्रयोग गरी उनीहरूको चासो हुने जानकारीलाई बढी प्रकाश पार्ने
- लेखकको आफ्ना भावना तथा पक्षधरता देखाउने शब्द वा भाषा प्रयोग नगर्ने
- तथ्याङ्क तथा सङ्ख्या र प्रतिशतहरू प्रस्तुत गर्दा गल्ती हुनसक्ने भएकाले तिनीहरूलाई पुनरनवलोकन गरी गल्ती भए सच्याउने
- धेरै लामो व्याख्या वा वर्णनले पाठकलाई मुख्य कुरा बुझ्न कठिन पार्नसक्ने भएकाले सकभर सटिक व्याख्या गर्ने
- एउटै बुँदालाई पटक पटक दोहोऱ्याउँदा पाठकलाई दिक्क लाग्ने भएकाले यसो नगर्ने
- लामा लामा वाक्यहरू लेख्दा पाठकलाई बुझ्न कठिन हुन सक्ने भएकाले वाक्य वा वाक्यांशलाई सकभर छोटो पार्ने
- विशिष्ट मात्रा नबुझाउने शब्दहरू जस्तै : धेरै, अधिकांश, थोरै, कम, सधैँभरि आदिका सट्टामा सङ्ख्या वा प्रतिशत प्रयोग गर्ने

- आलङ्कारिक भाषा तथा दोहोरो अर्थ लाग्ने वाक्य वा वाक्यांश प्रयोग गर्दा पाठकहरू द्विविधामा पर्न सक्ने भएकाले सरल र सिधा अर्थ आउने वाक्य वा वाक्यांश प्रयोग गर्ने

### (ख) चित्रात्मक प्रस्तुतीकरण

जानकारीलाई चित्र, चार्ट, ग्राफ आदि दृश्य माध्यममा गरिने प्रस्तुतीकरणलाई चित्रात्मक प्रस्तुतीकरण भनिन्छ । यसले शाब्दिक प्रस्तुतीकरणले भन्दा कम स्थान र समयमा धेरै जानकारी प्रस्तुत गर्न सक्दछ। सामान्यतया: परिमाणात्मक जानकारीलाई चित्रात्मक रूपमा प्रस्तुत गरिने भए पनि गुणात्मक जानकारीसमेत चित्रात्मक रूपमा प्रस्तुत गर्ने चलन बढिरहेको छ। चित्रात्मक प्रस्तुतीकरणमा दिएको जानकारी पाठक वा दर्शकलाई बुझ्न सजिलो भएकाले उनीहरूले बढी चासो दिएको पाइन्छ। यसले लेखकको सिर्जनशीलता स्रोत दर्शाउँछ । यद्यपि कतिपय अवस्थामा चित्रात्मक प्रस्तुति मात्र पर्याप्त हुँदैन । यसका साथै मौखिक वा लिखित व्याख्या आवश्यक हुन्छ ।

चित्रात्मक प्रस्तुतीकरणभित्र चार्ट, ग्राफ, तालिका, चित्र, फोटो, नक्सा आदि पर्छन् । यिनीहरूमध्ये चार्ट, ग्राफ र तालिकाको सामान्य परिचय अध्ययन गरौँ है त ।

### (अ) चार्ट

चार्ट शब्दले विभिन्न प्रकारका चित्रात्मक प्रस्तुतीकरणलाई समेट्छ। यसमा फ्लोचार्ट, सङ्गठन चार्ट, चित्रात्मक चार्ट, वृत्तचित्र, वृक्षचित्र, नक्सा, भेनचित्र आदिलाई पर्छन् ।

### १. फ्लोचार्ट

कुनै प्रक्रियालाई चित्रमा देखाउन फ्लोचार्ट प्रयोग गरिन्छ। यसमा एक चरणबाट अर्को चरण जानुपर्ने कुरा देखाइन्छ । यसमा चित्र र शब्दको संयोजनबाट प्रक्रियालाई स्पष्ट रूपमा देखाइन्छ, जस्तै : फोटोलाई सानो साइजको बनाएर मेल गर्ने प्रक्रिया ।

फ्लोचार्ट बनाउनका लागि माइक्रोसफ्ट वर्डको Insert Menu मा गएर Smart Art बाट उपयुक्त ढाँचा (Template) छान्न सकिन्छ । यसरी छानिएको ढाँचालाई आफ्नो प्रक्रियाहरू मिलाएर टाइप गर्नुपर्छ। यदि दिइएका ढाँचा उपयुक्त नभएमा Insert Menu मा गएर Shapes बाट उपयुक्त चित्रहरू छनोट गरी तयार गर्नुपर्छ। यसरी तयार भइसकेपछि सबै चित्रहरूलाई Select गरी Group गर्नुपर्छ ।



### २. सङ्गठन चार्ट

कुनै सरकारी वा गैरसरकारी संस्थाको सङ्गठनात्मक ढाँचा देखाउन यस्तो चार्ट निर्माण गरिन्छ । यसमा सङ्गठनका सदस्यहरूको तहगत स्तर देखाइएको हुन्छ जस्तै : विद्यालयको सङ्गठनात्मक ढाँचा ।




यसका लागि पनि माइक्रोसफ्ट वर्ड (Microsoft Word) को Insert Menu मा गएर SmartArt बाट उपयुक्त ढाँचा (Template) छान्न सकिन्छ । त्यस्तै Insert Menu मा गएर Shapes बाट उपयुक्त चित्रहरू छनोट गरी पनि तयार गर्न सकिन्छ ।

### ३. वृत्तचित्र

वृत्तचित्र, पाइचार्ट वा पाइग्राफ पनि भनिन्छ । यसमा कुनै परिमाणात्मक तथ्याङ्कको वितरण देखाइन्छ । यसमा कुनै तथ्याङ्कको कुलयोगलाई १००% मानी यसको वितरणलाई प्रतिशतमा लगिन्छ । त्यसपछि उक्त प्रतिशतलाई एउटा वृत्तमा विभिन्न भागहरूमा विभाजन गरी विभिन्न सङ्केतद्वारा देखाइन्छ ।




वृत्तचित्र बनाउन पनि माइक्रोसफ्ट वर्ड (Microsoft Word) को पछिल्लो भर्सन प्रयोग गर्न सकिन्छ । तर योभन्दा माइक्रोसफ्ट एक्सेल (Microsoft Excel) मा वृत्तचित्र बनाउन सजिलो हुन्छ । यसका लागि एक्सेल (Microsoft Excel) मा परिमाणात्मक तथ्याङ्क प्रविष्टि गरिसकेपछि तथ्याङ्कलाई Select गरी Insert Menu मा गएर Pie मा क्लिक गरी उपयुक्त ढाँचा छान्नु पर्छ । यसरी तयार भएको वृत्तचित्रलाई Copy गरेर माइक्रोसफ्ट वर्ड (Microsoft Word) मा Paste गर्न पनि सकिन्छ । अरू परिमाणात्मक तथ्याङ्क विश्लेषण गर्ने सफ्टवेयरहरूमा पनि सजिलैसँग वृत्तचित्र तयार गर्न सकिन्छ ।

#### (आ) ग्राफ

ग्राफ पनि एक प्रकारको चार्ट नै हो । यसमा परिमाणात्मक तथ्याङ्कलाई देखाइने भएकाले यसमा रेखाको लम्बाइ वा उचाइ, ग्राफको क्षेत्रफलले समेत तथ्याङ्कको परिमाणलाई प्रतिनिधित्व

गर्छन् । यसमा स्तम्भचित्र, रेखाचित्र, हिस्टोग्राम, स्क्याटर प्लट, समयरेखा आदि पर्छन् । माइक्रोसफ्ट एक्सेललगायतका परिमाणात्मक तथ्याङ्क विश्लेषण गर्ने सफ्टवेयरहरूमा यस्ता ग्राफहरू सजिलै तयार गर्न सकिन्छ । यसका वृत्तचित्र बनाउने तरिका जस्तै गरी आवश्यक परेको ग्राफ छनोट गर्नुपर्छ ।

## १. स्तम्भचित्र

यसमा तथ्याङ्कलाई स्तम्भ/खम्बाहरूद्वारा प्रतिनिधित्व गराइन्छ । यसले तथ्याङ्कको मान तुलना गर्न सजिलो गराउँछ । एउटा विद्यालयका विभिन्न कक्षाका विद्यार्थीहरूको सङ्ख्यालाई स्तम्भचित्रमा देखाउन सकिन्छ । त्यस्तै, कुनै विद्यालयको विभिन्न वर्षहरूका विद्यार्थी सङ्ख्या पनि यसैगरी देखाउन सकिन्छ ।




## २. रेखाचित्र

स्तम्भचित्रमा स्तम्भले तथ्याङ्कको मान प्रतिनिधित्व गरे जस्तै रेखाचित्रमा रेखाको उचाइले तथ्याङ्कको मान प्रतिनिधित्व गर्दछ । यसमा फरक फरक तथ्याङ्क समूहबिच तुलना गर्न सहज हुन्छ । कुनै स्थानको विभिन्न महिनाको औसत तापक्रम र वर्षालाई एउटै चित्रमा देखाउन ग्राफ उपयुक्त हुन्छ ।




## (इ) तालिका

ठुला परिमाणात्मक तथ्याङ्कलाई शाब्दिक रूपमा प्रस्तुत गर्दा बुझ्न पनि कठिन र प्रस्तुति पनि लामो हुन्छ । त्यस्तै ती तथ्याङ्कलाई तुलना गर्न वा अन्य तथ्याङ्कशास्त्रीय गणना गर्न पनि मिल्दैन । त्यसकारण यस्ता तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिन्छ ।

| Symbol No: | English | | | Nep | Math | Science | | |
|---|---|---|---|---|---|---|---|---|
| | Th | Pr | Tot | | | Th | Pr | Tot |
| 0271169 O | 39 | 22 | 61 | 47 | 50 | 24 | 22 | 46 |
| 0271170 P | 29 | 22 | 51 | 37 | 25 | 11 | 22 | 33 |
| 0271171 Q | 19 | 20 | 39 | 46 | 34 | 15 | 22 | 37 |
| 0271172 R | 34 | 25 | 59 | 48 | 48 | 19 | 24 | 43 |
| 0271173 S | 26 | 22 | 48 | 36 | 27 | 16 | 23 | 39 |
| 0271174 T | 52 | 25 | 77 | 41 | 49 | 15 | 23 | 38 |
| 0271175 U | 49 | 25 | 74 | 39 | 55 | 15 | 24 | 39 |

तालिकामा तथ्याङ्कशास्त्रीय गणना पछिका नतिजाहरूलाई प्रस्तुत गरिन्छ ।

तालिका निर्माणका लागि माइक्रोसफ्ट वर्ड वा एक्सेल प्रयोग गर्न सकिन्छ । यीबाहेक उच्च स्तरका तथ्याङ्कशास्त्रीय गणना र विश्लेषण गर्न बनाइएका सफ्टवेयरमा पनि तालिका तयार गरिन्छ ।

### चित्रात्मक प्रस्तुतीकरणमा ध्यान दिनुपर्ने कुराहरू

चार्ट, ग्राफ तथा तालिका निर्माण गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्छ :

- शाब्दिक रूपमा व्याख्या गर्नुभन्दा पहिले चार्ट, ग्राफ वा तालिकामा जानकारी प्रस्तुत गर्नुपर्छ । यसो गर्दा पाठकलाई बुझ्न सजिलो हुन्छ ।
- शाब्दिक रूपमा व्याख्या गरिएको अनुच्छेद वा वाक्यमा कुन चार्ट, ग्राफ वा तालिकामा प्रस्तुत जानकारीका बारेमा चर्चा गरिएको हो ? सो उल्लेख गर्नुपर्छ ।
- चार्ट, ग्राफ वा तालिकामा लेखिएका अक्षर, अङ्क वा चित्र बुझिने हुनुपर्छ । त्यसका लागि उचित आकार तथा रङको प्रयोग गर्नुपर्छ ।
- चार्ट, ग्राफ वा तालिका कतैबाट साभार गरिएको भए स्रोत उल्लेख गर्नुपर्छ ।
- हरेक चार्ट, ग्राफ वा तालिकाको शीर्षक र सङ्केत उल्लेख गर्नुपर्छ ।

*क्रियाकलाप*

१. तथ्याङ्क सङ्कलनदेखि तथ्याङ्क प्रस्तुतीकरणसम्मका चरणहरू र प्रत्येक चरणमा गरिने मुख्य कार्यहरू उल्लेख गरी एक फ्लोचार्ट बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. विक्रमको परिवारमा एक महिनामा हुने खर्चको विवरण दिइएको छ । सो तथ्याङ्कबाट एक वृत्तचित्र तयार गर्नुहोस् ।

| क.स. | विवरण | रकम (रुपियाँमा) |
|---|---|---|
| १ | खाना | १०,००० |
| २ | पढाइ | ६,५०० |
| ३ | मनोरञ्जन | ३,५०० |
| ४ | कपडा | ७,००० |

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) तथ्याङ्क तयारी भनेको के हो ?

(ख) तथ्याङ्क विश्लेषण चरणलाई किन सबैभन्दा महत्त्वपूर्ण चरण भनिएको हो ?

(ग) कुनै दुई गुणात्मक तथ्याङ्क प्रशोधन गर्ने कम्प्युटर सफ्टवेयरको नाम उल्लेख गर्नुहोस् ।

(घ) शाब्दिक प्रस्तुतीकरण भनेको के हो ?

(ङ) तथ्याङ्क सङ्कलनपछि गर्नुपर्ने कार्यहरू अझ महत्त्वपूर्ण हुन्छन् । यस भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् ।

(च) शाब्दिक प्रस्तुतीकरणलाई प्रभावकारी बनाउने कुनै पाँच उपायहरू उल्लेख गर्नुहोस् ।

(छ) चित्रात्मक प्रस्तुतीकरणका कुनै पाँच प्रकारहरू उल्लेख गरी प्रत्येकको एक एक फाइदा उल्लेख गर्नुहोस् ।

पाठ : ८

# तथ्याङ्क प्रशोधन र विश्लेषणमा माइक्रोसफ्ट एक्सेलको प्रयोग

कम्प्युटर सफ्टवेयरले परिमाणात्मक तथा गुणात्मक दुवै प्रकारका तथ्याङ्क प्रशोधन र विश्लेषण गर्न सहयोग पुऱ्याउँछन् । गुणात्मक तथ्याङ्कका लागि ATLAS.ti, NVivo, Quirkos, MAXQDA, Dedoose, Raven's Eye, Transana, Datagrav आदि तथा परिमाणात्मक तथ्याङ्कका लागि IBM SPSS, RStudio, Stata, OriginPro, TIMi Suite आदि सफ्टवेयरहरू प्रचलित छन् । यी सफ्टवेयरहरू अलि उच्च तहका तथ्याङ्कशास्त्रीय विश्लेषण गर्नका लागि प्रयोग गरिने, प्रयोग गरेबापत शुल्क तिर्नुपर्ने तथा तिनीहरूमा काम गर्न विशेष सिप र दक्षता आवश्यक पर्ने भएकाले सामान्यतया: सबैको कम्प्युटर (ल्यापटप तथा डेस्कटप) मा सजिलै उपलब्ध हुने सफ्टवेयर प्रयोग गरी साधारण खालका तथ्याङ्क प्रशोधन र विश्लेषण गर्न सिक्ने छौँ ।

## १. माइक्रोसफ्ट एक्सेलको परिचय

माइक्रोसफ्ट एक्सेल (Microsoft Excel) एक स्प्रिडसिट (Spreadsheet) मा आधारित सफ्टवेयर हो यसलाई Windows, macOS, Android and iOS जस्ता अपरेटिङ सिस्टमका लागि Microsoft कम्पनीले विकसित गरेको हो । यसलाई परिमाणात्मक तथ्याङ्क प्रशोधन गर्न र विश्लेषण गर्न प्रयोग गरिन्छ । यसमा अङ्ग्रेजी वर्णमालाका अक्षरहरूले स्तम्भहरू (Columns) लाई र अङ्कहरूले लहरहरू (Rows) लाई सङ्केत गरिन्छ । Microsoft Excel को एउटा Sheet मा १६,३८४ ओटा Columns र १०,४८,५७६ ओटा Rows हुन्छन् । Column र Rows मिल्ने कोठालाई Cell भनिन्छ । हरेक Cell मा भएका अङ्क, अक्षर तथा सूत्रलाई Formula Bar मा देखिन्छ ।




### (क) Microsoft Excel खोल्ने तरिका

विन्डोज (Windows) को कुनै पनि भर्सनमा निम्नलिखित चरणहरूबाट Microsoft Excel खोल्न सकिन्छ :

- Start मेन्युमा क्लिक गर्नुहोस् ।

- All Programs मा जानुहोस् ।
- Scroll गर्दै गएर Microsoft Excel मा Click गर्नुहोस् । अब Microsoft Excel आफैँ खुल्छ ।

यदि Microsoft Excel लाई Taskbar मा थपिएको छ भने त्यसमा क्लिक गरेर पनि सिधै Microsoft Excel खोल्न सकिन्छ। त्यस्तै डेस्कटप सर्टकट भए त्यसमा क्लिक गरेर पनि Microsoft Excel खोल्न सकिन्छ ।

Microsoft Excel मा तथ्याङ्कलाई प्रविष्टि (Data Entry) गर्न अत्यन्तै सजिलो छ । आवश्यक कोठा (Cell) मा क्लिक गरेर आवश्यक अक्षर वा अङ्क टाइप गर्न सकिन्छ । एक कोठा (Cell) बाट अर्को कोठा (Cell) मा जानका लागि बाण की (Arrow Key) हरू प्रयोग गरिन्छ । यसरी तथ्याङ्क प्रविष्टि (Data Entry) गरिसकेपछि विभिन्न प्रकारका तथ्याङ्कशास्त्रीय गणना गर्न सकिन्छ । त्यसका लागि विभिन्न सूत्रहरू (Formulas) प्रयोग गर्न सकिन्छ । यसरी सूत्र प्रयोग गर्दा जहिले पनि बराबर चिह्न ( =) बाट सुरु गरिन्छ । त्यसपछि सूत्रलाई टाइप गर्न वा Formula Menu बाट Insert गर्न सकिन्छ ।

### (ख) Microsoft Excel मा मध्यक (Mean) निकाल्ने तरिका

मध्यक (Mean) भनेको तथ्याङ्कको औसत (Average) हो । मध्यकलाई $(\sum/x)/n$[जहाँ x= जहाँ तथ्य (Value) र तथ्य (Value) को सङ्ख्या] सूत्र प्रयोग गरेर पनि निकाल्न सकिन्छ । त्यस्तै Microsoft Excel मा तथ्याङ्कलाई प्रविष्ट (Entry) गरेपछि तलका चरणहरूअनुसार मध्यक निकाल्न सकिन्छ :

- आवश्यक भएको Cell मा क्लिक गर्नुहोस् ।
- त्यसपछि बराबर चिह्न ( = ) टाइप गर्नहोस् ।
- अब AVERAGE टाइप गर्नुहोस् । त्यसपछि सानो कोष्ठ सुरु गरी तथ्याङ्क भएका Cell हरू

| Name | English | Nepali | Maths | Science | Social |
|---|---|---|---|---|---|
| Bikas | 75 | 95 | 50 | 55 | 52 |
| Rama | 35 | 57 | 64 | 74 | 71 |
| Karna | 29 | 49 | 48 | 53 | 53 |
| Yadav | 28 | 52 | 60 | 64 | 64 |
| Phulba | 30 | 54 | 52 | 63 | 65 |
| Nirza | 24 | 39 | 39 | 48 | 71 |
| Amba | 24 | 44 | 48 | 52 | 54 |
| Dipesh | 35 | 57 | 66 | 56 | 57 |
| Rubi | 25 | 45 | 40 | 52 | 55 |
| Annie | 25 | 45 | 49 | 48 | 45 |
| =AVERAGE(B2:B11 | | | | | |



| | A | B | C | |
|---|---|---|---|---|
| 1 | Name | English | Nepali | Maths |
| 2 | Bikas | 75 | 95 | 50 |
| 3 | Rama | 35 | 57 | 64 |
| 4 | Karna | 29 | 49 | 48 |
| 5 | Yadav | 28 | 52 | 60 |
| 6 | Phulba | 30 | 54 | 52 |
| 7 | Nirza | 24 | 39 | 39 |
| 8 | Amba | 24 | 44 | 48 |
| 9 | Dipesh | 35 | 57 | 66 |
| 10 | Rubi | 25 | 45 | 40 |
| 11 | Annie | 25 | 45 | 49 |
| 12 | | = | | |

Select गर्नुहोस् र कोष्ठ बन्द गर्नुहोस् । (यसको सट्टा Formulas Bar मा गएर More Functions भित्र गई Statistical मा जानुहोस् । त्यसपछि AVERAGE मा क्लिक गर्नुहोस् ।)

- अब Enter Key थिच्नुहोस् । छनोट गरिएको तथ्याङ्कको मध्यक देखिन्छ ।

### (ग) Microsoft Excel मा मध्यिका (Median) निकाल्ने तरिका

मध्यिका (Median) भनेको परिमाणका आधारमा क्रममा मिलाएको तथ्याङ्कलाई ठिक दुई भागमा विभाजन गर्ने तथ्य हो । मध्यक गणनाका लागि सूत्र प्रयोग गरेर निकाल्न सकिन्छ । त्यस्तै Microsoft Excel मा तथ्याङ्कलाई प्रविष्ट गरेपछि तलका चरणहरू अनुसार मध्यिका निकाल्न सकिन्छ ।

| | A | B | C |
|---|---|---|---|
| 1 | Name | English | Nepali |
| 2 | Bikas | 75 | 95 |
| 3 | Rama | 35 | 57 |
| 4 | Karna | 29 | 49 |
| 5 | Yadav | 28 | 52 |
| 6 | Phulba | 30 | 54 |
| 7 | Nirza | 24 | 39 |
| 8 | Amba | 24 | 44 |
| 9 | Dipesh | 35 | 57 |
| 10 | Rubi | 25 | 45 |
| 11 | Annie | 25 | 45 |
| 13 | Median | =median(B2:B11) | |

- आवश्यक भएको Cell मा क्लिक गर्नुहोस् ।
- त्यसपछि बराबर चिह्न ( = ) टाइप गर्नहोस् ।
- अब MEDIAN टाइप गर्नुहोस् । त्यसपछि सानो कोष्ठ सुरु गरी तथ्याङ्क भएका Cell हरू Select गर्नुहोस् र कोष्ठ बन्द गर्नुहोस् । (यसको सट्टा Formulas Bar मा गएर More Functions भित्र गई Statistical मा जानुहोस् । त्यसपछि MEDIAN मा क्लिक गर्नुहोस् ।)
- अब Enter Key थिच्नुहोस् । छनोट गरिएको तथ्याङ्कको मध्यिका देखिन्छ ।

### (घ) Microsoft Excel मा रित (Mode) निकाल्ने तरिका

रित (Mode) भनेको तथ्याङ्कभित्र सबैभन्दा बढी दोहोरिएको वा सबैभन्दा बढी बारम्बारता (Frequency) भएको तथ्य (Value) हो । रितलाई बहुलक पनि भनिन्छ । रित गणनाका लागि बारम्बारता तालिका बनाएर सबैभन्दा बढी बारम्बारता भएको तथ्य (Value) लाई छनोट गर्नुपर्छ । Microsoft Excel मा तथ्याङ्कलाई प्रविष्ट (Entry) गरेपछि तलका चरणहरू अनुसार रित निकाल्न सकिन्छ :

| | A | B | C |
|---|---|---|---|
| 1 | Name | English | Nepali |
| 2 | Bikas | 75 | 95 |
| 3 | Rama | 35 | 57 |
| 4 | Karna | 29 | 49 |
| 5 | Yadav | 28 | 52 |
| 6 | Phulba | 30 | 54 |
| 7 | Nirza | 24 | 39 |
| 8 | Amba | 24 | 44 |
| 9 | Dipesh | 35 | 57 |
| 10 | Rubi | 25 | 45 |
| 11 | Annie | 25 | 45 |
| 14 | Mode | =mode(B2:B11) | |

- आवश्यक भएको Cell मा क्लिक गर्नुहोस् ।
- त्यसपछि बराबर चिह्न ( = ) टाइप गर्नहोस् ।

- अब MODE टाइप गर्नुहोस् । त्यसपछि सानो कोष्ठ सुरु गरी तथ्याङ्क भएका Cell हरू Select गर्नुहोस् र कोष्ठ बन्द गर्नुहोस् । (यसको सट्टा Formulas Bar मा गएर More Functions भित्र गई Statistical मा जानुहोस् । त्यसपछि MODE मा क्लिक गर्नुहोस् ।)
- अब Enter Key थिच्नुहोस् । अब छनोट गरिएको तथ्याङ्कको रित (Mode) देखिन्छ ।

### (ङ) Microsoft Excel मा स्तरीय भिन्नता (Standard Deviation) निकाल्ने तरिका

तथ्याङ्कको सेटभित्र तथ्यहरू (Values) मध्यकबाट कति टाढा वा नजिक छन् भन्ने मापन गर्ने सूचकाङ्कलाई नै स्तरीय भिन्नता (Standard Deviation) भनिन्छ । यसलाई निम्नलिखित सूत्र प्रयोग गरी निकाल्न सकिन्छ :

$$s = \sqrt{\frac{\Sigma (X-\bar{x})^2}{n-1}}$$

S = स्तरीय भिन्नता (Standard Deviation)
$\sum$ = ..... को योगफल (Sum of ....)
X = प्रत्येक तथ्य (Each Value)
$\bar{x}$ = मध्यक (Mean)
n = तथ्यको सङ्ख्या (Number of Values)

यसरी सूत्र प्रयोग गरी स्तरीय भिन्नता (Standard Deviation) गणना गर्न धेरै समय र गणितीय दक्षतासमेत आवश्यक पर्छ । तसर्थ अचेल सबैजसो अनुसन्धानकर्ताहरूले कम्प्युटर सफ्टवेयर प्रयोग गरेर यसको गणना गर्छन् । Microsoft Excel मा स्तरीय भिन्नता (Standard Deviation) गणना गर्नका लागि तथ्याङ्कलाई प्रविष्ट (Entry) गरेपछि तलका चरणअनुसार निकाल्न सकिन्छ :

- आवश्यक भएको Cell मा क्लिक गर्नुहोस् ।
- त्यसपछि बराबर चिह्न ( = ) टाइप गर्नहोस् ।
- अब STDEV टाइप गर्नुहोस् । त्यसपछि सानो कोष्ठ सुरु गरी तथ्याङ्क भएका Cell हरू Select गर्नुहोस् र कोष्ठबन्द गर्नुहोस् । (यसको सट्टा Formulas Bar मा गएर More Functions भित्र गई Statistical मा जानुहोस् । त्यसपछि STDEV मा क्लिक गर्नुहोस् ।)
- अब Enter Key थिच्नुहोस् । अब छनोट गरिएको तथ्याङ्कको स्तरीय भिन्नता (Standard Deviation) देखिन्छ ।

| | A | B | C |
|---|---|---|---|
| 1 | Name | English | Nepali |
| 2 | Bikas | 75 | 95 |
| 3 | Rama | 35 | 57 |
| 4 | Karna | 29 | 49 |
| 5 | Yadav | 28 | 52 |
| 6 | Phulba | 30 | 54 |
| 7 | Nirza | 24 | 39 |
| 8 | Amba | 24 | 44 |
| 9 | Dipesh | 35 | 57 |
| 10 | Rubi | 25 | 45 |
| 11 | Annie | 25 | 45 |
| 15 | Standard [ | =stdev(B2:B11) | |

माथिका सबै मानहरू निकालिसकेपछि तलको चित्रमा देखाए जस्तै मध्यक (Mean), मध्यिका (Median), रित (Mode) र स्तरीय भिन्नता (Standard Deviation) तयार हुन्छ ।

| | A | B | C | D | E | F |
|---|---|---|---|---|---|---|
| 1 | Name | English | Nepali | Maths | Science | Social |
| 2 | Bikas | 75 | 95 | 50 | 55 | 52 |
| 3 | Rama | 35 | 57 | 64 | 74 | 71 |
| 4 | Karna | 29 | 49 | 48 | 53 | 53 |
| 5 | Yadav | 28 | 52 | 60 | 64 | 64 |
| 6 | Phulba | 30 | 54 | 52 | 63 | 65 |
| 7 | Nirza | 24 | 39 | 39 | 48 | 71 |
| 8 | Amba | 24 | 44 | 48 | 52 | 54 |
| 9 | Dipesh | 35 | 57 | 66 | 56 | 57 |
| 10 | Rubi | 25 | 45 | 40 | 52 | 55 |
| 11 | Annie | 25 | 45 | 49 | 48 | 45 |
| 12 | Mean | 33.00 | 53.70 | 51.60 | 56.50 | 58.70 |
| 13 | Median | 28.50 | 50.50 | 49.50 | 54.00 | 56.00 |
| 14 | Mode | 35.00 | 57.00 | 48.00 | 48.00 | 71.00 |
| 15 | Standard Deviation | 15.32 | 15.68 | 9.19 | 8.20 | 8.65 |

*क्रियाकलाप*

१. एउटा Microsoft Excel फाइल खोल्नुहोस् । त्यसमा कम्तीमा १० ओटा Rows र पाँचओटा Columns मा तपाईंको कक्षाको आन्तरिक परीक्षाको प्राप्ताङ्क भर्नुहोस् । त्यसपछि प्रत्येक column को मध्यक (Mean), मध्यिका (Median), रित/बहुलक (Mode) र स्तरीय भिन्नता (Standard Deviation) निकालेर शिक्षकलाई देखाउनुहोस् ।

## *अभ्यास*

### १. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) माइक्रोसफ्ट एक्सेलको छोटो परिचय दिनुहोस् ।

(ख) मध्यक भनेको के हो ?

(ग) स्तरीय भिन्नताले के मापन गर्छ ?

(घ) माइक्रोसफ्ट एक्सेल प्रयोग गरी मध्यिका निकाल्ने तरिका लेख्नुहोस् ।

(ङ) मानिसले आफैंले गणना गर्नुभन्दा कम्प्युटर सफ्टवेयर प्रयोग गरी तथ्याङ्क प्रशोधन र विश्लेषण गर्दा के के फाइदा हुन्छन् ? कम्तीमा पाँच बुँदामा लेख्नुहोस् ।

# पाठ : १ शाब्दिक जानकारीलाई प्रस्तुत गर्ने तरिका

अनुसन्धान कार्यको प्रस्तावना तथा प्रतिवेदन लेखन गर्दा विभिन्न शाब्दिक जानकारीहरू उल्लेख गर्नुपर्छ। कतिपय शब्दहरूको परिभाषा दिनुपर्ने हुन्छ भने धेरै दोहोरिने शब्दावलीको छोटो रूप (Abbreviation) प्रयोग गर्नुपर्ने हुन्छ । कतिपय अवस्थामा कुनै शब्दबारे थप जानकारी दिन आवश्यक हुन्छ । यस्ता जानकारी दिने तरिका जान्नु आवश्यक हुन्छ ।

## १. छोटो रूपको सूची

अनुसन्धानको प्रस्तावना, प्रतिवेदन तथा लेखरचनामा शब्दावलीहरू पटक पटक दोहोरिन्छन् भने तिनीहरूको छोटो रूप प्रयोग गर्ने गरिन्छ । यसो गर्दा समयको बचत हुनाका साथै लेखको लम्बाइ पनि छोटो बनाउँछ। यसबाहेक पाठकहरूलाई समेत लेखरचनाको विषयवस्तु बुझ्न सजिलो हुन्छ।

छोटो रूपको प्रयोग गर्दा पहिलो पटक पूरा रूप र त्यसको पछाडि कोष्ठमा छोटो रूप राखिन्छ । जस्तै : पाठ्यक्रम विकास केन्द्र (पाविके), निर्वाचन आयोग (निआ) आदि । त्यसपछि भने छोटो रूप मात्र प्रयोग गरिन्छ। लामो खालका लेखरचना जस्तै अनुसन्धानको प्रस्तावना, प्रतिवेदन आदिमा छोटो रूपको छुट्टै सूची राख्नुपर्छ। यस्तो सूचीलाई तालिकाहरूको सूची (Table of Tables) र चित्रहरूको सूची (Table of Figures) छन् भने यी दुवैभन्दा पछाडि र यिनीहरू नभएको अवस्थामा विषयसूची (Table of Contents) पछि राख्ने प्रचलन छ। यस्तो सूचीमा वर्णानुक्रमअनुसार छोटो रूप र सँगसँगै पूरा रूप उल्लेख गरिन्छ। अङ्ग्रेजी तथा नेपाली दुवै भाषामा छोटोरूप प्रयोग गरेको भए पहिला एउटा भाषाको सूची बनाइसकेपछि मात्र अर्को भाषाको छोटो रूपको सूची बनाउनुपर्छ, जस्तै :

### List of Abbreviations

CAS — Continuous Assessment System

GoN — Government of Nepal

JEMC — Janak Education Materials Centre

MoEST — Ministry of Education, Science and Technology

SIP — School Development Plan

STR — Student Teacher Ratio

पाविके – पाठ्यक्रम विकास केन्द्र

त्रिवि – त्रिभुवन विश्वविद्यालय

## २. प्राविधिक शब्दहरूको सूची

अनुसन्धानको प्रस्तावना तथा प्रतिवेदनमा प्रयोग गरिएका प्राविधिक शब्दहरूको परिभाषा उल्लेख गर्नुपर्छ । यस्ता शब्दहरूको सूचीलाई साहित्य पुनरवलोकनभित्र राख्न सकिन्छ । अन्यथा छोटो रूपको सूचीभन्दा पछाडि राख्नुपर्छ । यसलाई Glossary पनि भनिन्छ । कतिपयले यसलाई सन्दर्भ सूचीभन्दा पछाडि पनि राख्ने गर्छन् । यसरी राख्दा शब्द वा शब्दावली र त्यसको पछि परिभाषा राख्नुपर्छ ।

### प्राविधिक शब्दहरूको सूची

सामुदायिक विद्यालय : नेपालमा सरकारी सहयोग प्राप्त गर्ने गरी स्थापना भएका विद्यालयहरूलाई सामुदायिक विद्यालय भनिन्छ ।

संस्थागत विद्यालय : नेपालमा सरकारी सहयोग नलिने गरी कुनै संस्था वा व्यक्तिले सञ्चालन गरेका विद्यालयहरूलाई संस्थागत विद्यालय भनिन्छ ।

प्रधानाध्यापक : विद्यालयको प्रशासन तथा व्यवस्थापन गर्न तोकिएको प्रमुख व्यक्ति (शिक्षक) लाई प्रधानाध्यापक भनिन्छ ।

## ३. पादटिप्पणी तथा अन्त्य टिप्पणी

कुनै विषयवस्तुबारे थप जानकारी दिन वा प्रतिलिपि अधिकारसम्बन्धी जानकारी दिन पृष्ठको तल दिइने विवरणलाई पादटिप्पणी भनिन्छ । यसका लागि मूलपाठमा भएका शब्दको पछाडि superscript मा अङ्क दिइन्छ भने त्यही अङ्क पृष्ठको तलमा लेखी त्यसको पछाडि आवश्यक विवरण लेखिन्छ । जुन पृष्ठमा पादटिप्पणी गरिएको शब्द छ, त्यसको विवरण पनि त्यही पृष्ठमा दिइएको हुनुपर्छ । माइक्रोसफ्ट वर्ड (Microsoft Word) मा References भित्रको Insert Footnote मा क्लिक गरेर पादटिप्पणी राख्न सकिन्छ, जस्तै : यस पृष्ठको तलमा Microsoft Word को पादटिप्पणी दिइएको छ ।

विषयवस्तुबारे थप जानकारी दिन प्रस्तावना, प्रतिवेदन वा लेखरचनाको अन्तमा दिइने विवरणलाई अन्त्य टिप्पणी (Endnote) भनिन्छ । यसका लागि मूलपाठमा भएका शब्दको पछाडि superscript मा रोमन अङ्क (i, ii, iii, ...) दिइन्छ भने त्यही रोमन अङ्क लेखरचनाको सन्दर्भसूची पछि लेखी त्यसको पछाडि आवश्यक विवरण लेखिन्छ । माइक्रोसफ्ट वर्ड (Microsoft Word) मा References भित्रको Insert Endnote मा क्लिक गरेर अन्त्य टिप्पणी राख्न सकिन्छ, जस्तै : यस पाठको अन्त्यमा superscript को पादटिप्पणी दिइएको छ ।

*क्रियाकलाप*

१. कक्षामा विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहले विद्यालयको पुस्तकालयमा भएका एउटा एउटा पुस्तक छान्नुहोस् । (आवश्यक परे शिक्षकको सहयोग दिनुहोस् ।) उक्त पुस्तकमा भएको छोटो रूपको सूची, प्राविधिक शब्दहरूको सूची र पादटिप्पणी तथा अन्त्य टिप्पणीहरूको सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## *अभ्यास*

**१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) प्राविधिक शब्दको छोटो परिचय दिनुहोस् ।

(ख) पादटिप्पणी तथा अन्त्य टिप्पणीमा के फरक छ ?

(ग) छोटो रूपको सूचीको परिचय दिई यसलाई तयार गर्दा ध्यान दिनुपर्ने कुनै तीन कुराहरू लेख्नुहोस् ।

पाठ : १

# जीवनोपयोगी सिपको ऐतिहासिक पृष्ठभूमि, वर्गीकरण र अभ्यास

*(१२ कक्षामा अध्ययनरत विद्यार्थीहरू र सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा अध्यापन गर्ने शिक्षक सँगसँगै घर जाँदैछन् । बाटामा उनीहरूबिच भएको कुराकानी हामी पनि अध्ययन र मनन गरौँ ।)*

**सुबोध** : म्याडम, एउटा कुरा सोध्नुपर्ने थियो । अहिले सोधौँ कि, पछि सोधौँ ?

**शिक्षक** : किन पछि ? अहिले नै सोध्नुहोस् न ।

**सुबोध** : हामीले ११ कक्षामा पनि जीवनोपयोगी सिपको सम्बन्धमा अध्ययन गऱ्यौँ । १२ कक्षामा पनि यससम्बन्धी अध्ययन गर्नुपर्ने रहेछ । पहिला त यस्ता पाठहरू पढ्नुपर्ने थिएन रे । कहिलेदेखि यस्ता विषयवस्तु पढ्नुपर्ने भएको हो, म्याडम ?

**शिक्षक** : जीवनोपयोगी शिक्षाको अवधारणा त सन् १९६५ तिर नै विकास भएको हो । सन् १९८६ मा Ottawa Charter for Health Promotion ले यसलाई असल स्वास्थ्य छनोट गर्नका लागि आवश्यक भनी स्वीकार गरेको थियो । सन् १९८९ मा बाल अधिकार महासन्धिले जीवनोपयोगी शिक्षा बालबालिकाको चौतर्फी विकास गर्नका लागि निर्देशित हुनुपर्ने उल्लेख गरेको थियो ।

**फुलैया** : हाम्रो देशमा त धेरैपछि पो सुरु भएको रहेछ नि । हगि म्याडम ?

**शिक्षक** : हुन त नेपालमा पहिले पनि जीवनोपयोगी सिपसम्बन्धी अध्ययन, अभ्यास र क्रियाकलाप हुँदै आइरहेको थियो । हाम्रा पूर्वीय चिन्तन परम्पराले पनि यी विषयवस्तुलाई महत्त्व दिएको थियो तर औपचारिक रूपमा भने तपाईँले भने जस्तै पछि नै सुरु भएको हो ।

**फुलैया** : विश्वमा यसको औपचारिक सुरुआत कसरी भयो त ?

**शिक्षक** : त्यो पनि म बताउँछु, ल सुन्नुहोस् । सन् १९९० मा थाइल्यान्डको जोमटेन सहरमा शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । त्यस सम्मेलनले 'सबैका लागि शिक्षा' घोषणा गऱ्यो । उक्त घोषणामा बाँच्न, क्षमता विकास गर्न र गुणस्तरीय जीवनका लागि जीवनोपयोगी सिपलाई पनि समावेश गऱ्यो । त्यसपछि सन् १९९८ को अप्रिल ६ र ७ मा विश्व स्वास्थ्य सङ्गठनको कार्यालय जेनेभामा जीवनोपयोगी सिप शिक्षासँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय निकायहरूको बैठक बसी जीवनोपयोगी सिपहरूको कार्यढाँचा तयार गरे । सन् २००० मा सेनेगलको राजधानी डकारमा भएको 'सबैका लागि शिक्षा' को सम्मेलनले जीवनोपयोगी सिपलाई व्यवस्थित रूपमा समावेश गऱ्यो ।

**फुलैया** : जीवनोपयोगी सिप कति प्रकारका छन् त ?

**शिक्षक** : विश्व स्वास्थ्य सङ्गठनले जीवनोपयोगी सिपलाई आत्मबोध सिपहरू, अन्तरवैयक्तिक सिपहरू र सोचाइ सिपहरू गरी तीन समूहमा वर्गीकरण गरेको छ ।

**फुलैया** : ती समूहमा कुन कुन सिपहरू छन् ? त्यो पनि बताइदिनुहोस् न, म्याडम ।

**शिक्षक** : आत्मबोध सिपहरूमा व्यक्तिले आफ्नो जीवनलाई व्यवस्थित बनाउन चाहिने सिपहरू पर्छन् । यसमा तनाव व्यवस्थापन, संवेगात्मक नियमन, सकारात्मक सोच र आत्मसम्मान गरी चारओटा सिपहरूलाई समावेश गरिएको छ ।

**फुलैया** : अन्तरवैयक्तिक सिपमा चाहिँ कुन कुन सिप पर्छन् ?

अन्तरवैयक्तिक सिपले समाजमा सफल र सहज जीवन जिउन सक्षम बनाउँछन् । यस समूहमा समानुभूति, श्रवण सिप, अन्तरवैयक्तिक प्रभावकारिता, विवाद परिचालन, सम्बन्ध व्यवस्थापन र प्रभावकारी सञ्चार गरी छओटा सिपहरू पर्छन् ।

**फुलैया** : सोचाइ सिपमा चाहिँ के के पर्छन् ?

सोचाइ सिपले व्यक्तिलाई आफ्नो दिमागलाई ठिक तरिकाले परिचालन गर्न सघाउँछन् । यस समूहमा लक्ष्य निर्धारण, निर्णय निर्माण, समस्या समाधान, समालोचनात्मक तथा सिर्जनात्मक सोच, कार्यकारी कार्यसम्पादन सिप र उत्थानशीलता गरी छओटा सिपहरू रहेका छन् ।



आत्मबोध सिप →

- तनाव व्यवस्थापन
- संवेगात्मक नियमन
- सकारात्मक सोच
- आत्मसम्मान



अन्तरवैयक्तिक →

- समानुभूति
- द्वन्द्व व्यवस्थापन
- सम्बन्ध व्यवस्थापन
- सञ्चार



सोचाइ सिप → लक्ष्य निर्धारण, समस्या समाधान, समालोचात्मक तथा सिर्जनात्मक सोच, कार्यसम्पादन, उत्थानशीलता

**सुबोध** : यी सिपहरू त हामीलाई साँच्चिकै काम लाग्ने पो रहेछन् त ।

**शिक्षक** : सही भन्नुभयो । त्यही भएर धेरै देशमा जीवनोपयोगी सिपहरू सिकाइन्छ । कक्षामा शिक्षकले भनेको सुनेर वा किताब पढेर मात्र यी सिपहरू हासिल गर्न चाहिँ सकिँदैन । यसका लागि त व्यवहारमा निरन्तर अभ्यास र प्रयोग गर्नुपर्छ ।

**फुलैया** : हामी गर्छौं नि, म्याडम । हामीलाई यति महत्त्वपूर्ण कुरा बताइदिनुभएकामा धन्यवाद ।

*क्रियाकलाप*

१. **माथिको संवादमा केहि जीवनोपयोगी सिप दिइएका छन् । तीमध्ये कुन कुन ११ कक्षामा र कुन कुन १२ कक्षामा अध्ययन गरिन्छ ? कुन कुन सिपहरू दुवै कक्षामा समावेश गरिएको छैन ? समूहमा छलफल गरी एउटा चार्ट बनाउनुहोस् ।**

२. **विश्व स्वास्थ्य सङ्गठनले गरेको जीवनोपयोगी सिपहरूको वर्गीकरणलाई एउटा चार्टमा देखाउनुहोस् ।**

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) जीवनोपयोगी सिप विद्यालय शिक्षामा औपचारिक रूपमा कहिलेदेखि सुरु भएको हो ?

(ख) स्वसचेतना सिपअन्तर्गत पर्ने कुनै दुईओटा जीवनोपयोगी सिपहरू उल्लेख गर्नुहोस् ।

(ग) समस्या समाधान सिप जीवनोपयोगी सिपको कुन समूहमा पर्छ ?

(घ) विश्व स्वास्थ्य सङ्गठनकाअनुसार जीवनोपयोगी सिपहरूलाई कति समूहमा वर्गीकरण गरिएको छ ? छोटकरीमा उल्लेख गरी कुनै एक समूहमा पर्ने सिपहरूको सूची बनाउनुहोस् ।

(ङ) जीवनोपयोगी सिप सिक्नाले हुने फाइदालाई पाँच बुँदामा उल्लेख गर्नुहोस् ।

पाठ : २

# समालोचनात्मक चिन्तन

## १. अर्थ र महत्त्व

### (क) अर्थ

समालोचना शब्द सम र आलोचना  दुई शब्दहरू मिलेर बनेको छ । यसरी हेर्दा कुनै विषयवस्तु वा कुराको राम्रा तथा नराम्रा पक्षहरूको निष्पक्षताका साथ मूल्याङ्कन गर्ने कार्य समालोचनात्मक चिन्तन हो । विभिन्न विचारविचको तार्किक सम्बन्ध बुझेर स्पष्ट र तर्कसङ्गत सोच्न सक्ने क्षमता नै समालोचनात्मक चिन्तन हो । यसलाई समालोचनात्मक सोच पनि भनिन्छ ।

समालोचनात्मक चिन्तक बन्न समय, अभ्यास र धैर्य आवश्यक पर्छ । यसका लागि आफ्नो कार्यक्षेत्र वा व्यक्तिगत जीवनका विभिन्न घटना र समस्याहरूमाथि समालोचनात्मक चिन्तनका निम्नलिखित चरणहरू अभ्यास गरिरहनुपर्छ :

समस्या, मुद्दा वा प्रश्नलाई पहिचान गर्ने

तथ्याङ्क, विचार र तर्कहरू सङ्कलन गर्ने

तथ्याङ्क विश्वासनीय र पर्याप्त छ कि छैन ? विश्लेषण र मूल्याङ्कन गर्ने

आफ्नो तथा तथ्याङ्कको पक्षधर वा प्रर्वाग्रहले प्रभाव पारेको छ कि ? पहिचान गर्ने

प्राप्त सूचनाहरू सान्दर्भिक छन् वा छैनन् ? कुन सूचना बढी महत्त्वपूर्ण छ ? पत्ता लगाउने

सम्भावित विकल्पहरूमाथि विचार गरी निष्कर्ष वा निर्णय दिने

निष्कर्ष वा निर्णयलाई प्रस्तुतीकरण वा सञ्चार गर्ने

**अब तलको घटना अध्ययन गरौँ :**

सुवर्णका बुवा व्यापारी हुनुहुन्छ । उनकी आमाको पनि छुट्टै व्यवसाय छ । उहाँहरूले सुवर्ण र उनको भाइलाई जे जे आवश्यक पर्छ त्यो सबै उपलब्ध गराउनुहुन्छ । त्यति मात्र कहाँ हो र ? उनीहरूले जे जे मागे पनि आमाबुबाले पुऱ्याइदिने गर्नुभएको छ । गएको महिना सुवर्णको भाइ १८ वर्ष पुगे । उसले आमाबुबालाई मोटरसाइकल किनिदिन अनुरोध गरे । बुबाआमाले तुरुन्तै किनिदिनुभयो । अहिले उनको भाइ बिनाकाम मोटरसाइकल लिएर दिनभर घुमेर बिताउँछन् । सुवर्णलाई यस्तो गर्नु फजुल खर्च हो भन्ने लाग्छ । उनी कुनै पनि कुराको फाइदा र बेफाइदा विचार गरेर मात्र निर्णय गर्छिन्  । उनी

घरमा भएका सामानहरू जथाभावी प्रयोग गर्ने वा खेर फाल्ने गर्दिनन् । बजारका भन्दा घरमै बनेका खानेकुरा खान मनपराउँछिन् । भाइ भने बजारका खानेकुरा खान मनपराउँछ ।

माथिको घटनामा सुवर्ण, सुवणका आमाबुवा र उनको भाइको व्यवहारबारे कक्षामा समीक्षा गर्नुहोस् ।

### (ख) महत्त्व

व्यावहारिक जीवनमा समालोचनात्मक चिन्तन सिप धेरै महत्त्वपूर्ण हुन्छ । यसले व्यक्तिको जीवनमा निम्नलिखित सहयोग गर्छ :

(क) कुनै मुद्दा वा समस्याको वास्तविक निष्कर्षमा पुग्न

(ख) परिस्थितिअनुकूलका विभिन्न सिद्धान्त, परिभाषा, कानुनलगायतका कुराहरू निश्चित गर्न

(ग) व्यक्तिगत पक्षधरता, पूर्वाग्रहलगायतका निष्कर्षमा प्रभाव पार्ने तत्त्वहरूलाई हटाई उचित निष्कर्ष निकाल्न

(घ) सबै सरोकारवालाहरूका चासो, लक्ष्य, उद्देश्य, अपेक्षित उपलब्धिलगायतका दृष्टिकोणहरूलाई समावेश गराउन

(ङ) सान्दर्भिक तथ्य, प्रमाण र अनुभवहरूलाई समेटी असान्दर्भिक कुराहरू हटाउन

(च) कुन कुरा सर्वस्वीकार्य हो र कुन कुराका लागि प्रमाण आवश्यक छ भन्ने कुराको बोध गर्न

(छ) सम्भाव्य सबै उपायहरूका उत्तम विकल्पको छनोट गरी व्यवहारमा अवलम्बन गर्न

## २. समालोचनात्मक चिन्तनमा प्रयोग हुने सिप

समालोचनात्मक चिन्तन एउटा जीवनोपयोगी सिप हो । यसभित्र अरू विभिन्न सिपहरू अन्तरनिहित छन् । यी सिपको अभ्यास र प्रयोगबाट मात्र व्यक्तिले समालोचनात्मक सिपको विकास गर्न सक्छ । ती सिपहरू निम्नलिखित छन् :

### (क) विश्लेषण सिप

कुनै घटना, समस्या वा मुद्दासँग सम्बन्धित सूचना र तथ्याङ्क सङ्कलन गर्ने र तिनीहरूलाई प्रशोधन गर्ने तथा त्यसको प्रभाव वा नतिजाबारे विचार गर्ने सिप नै विश्लेषण सिप हो । उदाहरणका लागि १० कक्षापछि के विषय पढ्ने भन्ने समस्या छ भने कुन विषय पढ्दा के राम्रो हुन्छ ? त्यसका लागि स्रोत साधन के के चाहिन्छ ? भन्नेबारे सूचना तथा तथ्याङ्क सङ्कलन गरेर तिनीहरूको प्रभाव अनुमान गर्न सकिन्छ ।

### (ख) अर्थ निर्माण सिप

सङ्कलित तथा प्रशोधित सूचना र तथ्याङ्कबाट अर्थ निकाल्ने क्षमता नै अर्थ निर्माण सिप हो । माथिको उदाहरणमा विषय र त्यसको सकारात्मक र नकारात्मक पक्षले आफ्नो जीवनमा के अर्थ राख्छ भन्नेबारे अनुमान गरिन्छ ।

### (ग) निष्कर्ष अनुमान गर्ने सिप

उपलब्ध ज्ञान पर्याप्त र विश्वसनीय छ छैन मूल्याङ्कन गरी त्यसबाट प्राप्त हुने नतिजा अनुमान गर्ने सिप नै निष्कर्ष अनुमान सिप हो । माथिको उदाहरणमा कुनै एक विषय लिएर अध्ययन गरी निष्कर्ष निकालिन्छ ।

### (घ) व्याख्या गर्ने सिप

पत्ता लगाइएका कुरा र तर्कलाई स्पष्टसँग अरूलाई बुझाउन सक्ने क्षमतालाई व्याख्या सिप भनिन्छ । माथिको उदाहरणमा आफूले निष्कर्ष निकालेपछि अभिभावक वा साथीहरूलाई प्रश्न गरेमा आफ्ना तर्कहरू स्पष्टसँग राखिन्छ ।

### (ङ) आत्मनियमन सिप

आफ्नो सोच्ने तरिका ठिक छ कि छैन भनेर निरन्तर अनुगमन र नियमन गर्नुपर्छ । यस्तो नियमन गर्ने क्षमता नै आत्मनियमन सिप हो । माथिको उदाहरणमा आफूले निकालेको निष्कर्ष ठिक छ कि छैन भनेर पटक पटक विचार गरिन्छ ।

### (च) खुला सोचाइ सिप

आफ्नो विचार मात्र ठिक भन्ने भावनाबाट मुक्त भई अरू सबैको विचार, भावना, चासो आदिप्रति पर्याप्त ध्यान दिने सिप नै खुला सोचाइ सिप हो । माथिको उदाहरणमा अभिभावक, शिक्षक, साथीहरूलगायत आफूलाई सुझाव दिन सक्ने सबैको विचारमा पर्याप्त ध्यान दिएर मात्र निष्कर्ष निकालिन्छ ।

### (छ) समस्या समाधान सिप

समालोचनात्मक चिन्तनका क्रममा अप्रत्यासित रूपमा आइलाग्ने समस्याहरूलाई बुद्धिमत्तापूर्ण ढङ्गले समाधान गरी विभिन्न प्रकारका द्वन्द्वलाई व्यवस्थापन गर्ने क्षमतालाई समस्या समाधान सिप भनिन्छ । माथिको उदाहरणमा अभिभावक वा साथीहरूले आफूलाई ठिक ठानेको भन्दा अर्कै विषय अध्ययन गर्न दवाव दिन सक्छन् । त्यसलाई आफूले उपयुक्त तरिकाले समाधान गर्नुपर्छ ।

## ३. आत्मआलोचना

### तलको घटना अध्ययन गरौँ :

मेरो नाम कुशल हो । म अहिले १२ कक्षामा अध्ययन गर्छु । मैले ११ कक्षाको अन्त्यमा ज्यादै कठिन समय बिताउनुपरेको थियो । सो वेला मैले गृहकार्य नगरेको पनि धेरै समय भएको थियो । सबै विषयहरूको गृहकार्य अपुरो हुँदा मलाई अत्यास लाग्यो । त्यसमाथि परियोजना कार्यहरू पनि बाँकी नै थिए । अन्तिम परीक्षा आउनै लागेको थियो । एक हप्तामा सबै गृहकार्य तथा परियोजना कार्यहरू बुझाइसक्नुपर्ने थियो । बिहान सबेरैदेखि राती अबेरसम्म काम गर्दा पनि केही गृहकार्यहरू भने बुझाउन सकिएन । परियोजना कार्यहरू पनि लटरपटर गरेर मात्र बुझाउन सकेँ । मलाई आफ्नो काम गराइ र गतिविधि चित्त बुझिरहेको थिएन । मैले आफ्नो कार्यको समीक्षा गर्ने निर्णय गरेँ । आफ्ना सबल पक्ष र कमजोर पक्ष के के हुन् भनेर समीक्षा गरेँ । अन्त्यमा समय व्यवस्थापन गर्न नसक्नु, जिम्मेवारी पूरा नगर्ने बानी, दैनिक कार्य योजना बनाएर काम गर्ने बानीको विकास नहुनु नै समयमा काम नसक्नुको प्रमुख कारण भएको पत्ता लगाएँ । मैले अभिभावक र शिक्षकहरूका सामु आफ्ना गलत क्रियाकलाप र हेलचेक्र्याइँको आत्मआलोचना समेत गरेँ । त्यसपछि मैले समयमै गृहकार्य गर्ने, जिम्मेवारी पालनामा प्रतिबद्ध रहने र योजना बनाएर आफ्ना दैनिक कार्यहरू गर्ने अठोट गरेँ । अहिले १२ कक्षामा भने मेरो अध्ययन, गृहकार्य र परियोजना कार्य गर्ने दैनिकीले नियमितता पाएको छ ।

माथिको घटनामा कुशलले आफ्ना सबल पक्ष र कमजोर पक्ष केलाएर आफ्नो कमजोरी महसुस गरे । यसरी आफ्ना सबल पक्ष र कमजोर पक्ष केलाएर आफ्नो कमजोर पक्षलाई स्वीकार गरी त्यसलाई सुधार गर्ने कार्यलाई आत्मआलोचना भनिन्छ ।

आत्मआलोचना सिपले आफ्ना सबल पक्ष र कमजोर पक्ष पहिचान गर्न तथा भविष्यमा कमजोरी सच्याई आफूलाई सबल र सफल बनाउन सहयोग गर्छ । त्यस्तै यसले व्यक्तिलाई अरूको दृष्टिकोणबाट आफ्नो व्यवहारको समीक्षा गर्न सिकाउने भएकाले आत्मसचेतनाको पनि विकास गराउँछ । यसले व्यक्तिलाई समस्याको जरासम्म पुग्न र त्यसको समाधान पत्ता लगाउन सक्षम बनाउँछ । यद्यपि धेरै आत्मआलोचित हुने बानी भएमा आत्मग्लानि हुने, आफूलाई अक्षम ठान्नेलगायतका मानसिक तनाव उत्पन्न हुन सक्छन् । तसर्थ आत्मआलोचनालाई पनि सन्तुलित रूपमा प्रयोग गर्नुपर्छ ।

## ४. स्वरूपान्तरण

अरूलाई परिवर्तन गराउनु कठिन हुन्छ तर आफूलाई भने परिवर्तन गर्न सकिन्छ किनभने मानिसको विकास कहिले पनि रोकिँदैन । आत्मआलोचना गरेर मात्र मानिसले सफलता प्राप्त गर्न सक्दैन । त्यसका लागि त आफ्ना कमजोरीलाई हटाई आफू परिवर्तन हुनुपर्छ । एउटा भनाइ छ, "जहाँ पनि सुधारका लागि ठाउँ रहन्छ ।" जुनसुकै मानिसमा पनि सुधार गर्नुपर्ने कुरा हुन्छन् । आफूमा सुधार गर्न आवश्यक विचार, कार्य र व्यवहारमा आफैँ परिवर्तन ल्याउनु नै स्वरूपान्तरण हो ।

स्वरूपान्तरणका लागि निम्नलिखित व्यवहार अवलम्बन गर्नुपर्छ :

(क) आफूले आफैँलाई अवलोकन गरी आफ्ना कमीकमजोरी पत्ता लगाउने

(ख) आफूले परिवर्तन गर्न चाहेको कुरासँग जोडिएका बानीहरूको पहिचान गर्ने र तिनीहरूलाई परिवर्तन गर्ने

(ग) असम्भव लक्ष्य निर्धारण गर्दा सफल हुन नसकिने भएकाले वास्तविक लक्ष्य मात्र निर्धारण गर्ने

(घ) परिवर्तनको प्रयास हरेक दिन जारी राख्ने । कुनै पनि बहानामा स्थगित नगर्ने

(ङ) वेलावेलामा आत्मसमीक्षा गरिरहने । आवश्यकताअनुसार लक्ष्यहरूमा समायोजन गर्ने

(च) आफूलाई झुटा प्रशंसा गर्ने व्यक्तिहरूबाट टाढा राखी सही कुरा बताउने व्यक्तिहरूसँग सङ्गत गर्ने

(छ) जोखिम उठाउन तयार रहने

## ५. कार्य तथा घटनाको समालोचनात्मक चिन्तन

हामीले कुनै पनि घटना वा कार्यको समालोचनात्मक चिन्तन गर्नुपर्छ । अन्यथा हाम्रा दृष्टिकोण एकपक्षीय वा अन्यायपूर्ण हुन सक्छ । जसरी न्यायाधीशले दुवै पक्षका बहस सुनेर अन्त्यमा फैसला गर्छन् त्यसरी नै हामीले पनि घटना वा कार्यको समीक्षा गर्दा त्यसका सबल तथा सुधार गर्नुपर्ने पक्षहरू केलाएर निष्कर्ष निकाल्नुपर्छ । यसका लागि हामीले समालोचनात्मक चिन्तनअन्तर्गतका सिपहरूको निरन्तर प्रयोग र अभ्यास गर्नुपर्छ । त्यसैले कुनै पनि घटना वा कार्यमा निम्नलिखित कुराहरूको अभ्यास गर्नुपर्छ :

- किन, कसरी, कहाँ, कहिले भनेर प्रश्न गर्ने
- समस्या पहिचान गर्ने
- तथ्य र प्रमाणहरू परीक्षण गर्ने
- मान्यता र पक्षधरता विश्लेषण गर्ने
- संवेगात्मक तर्कहरू हटाउने
- अति सामान्यीकरण हुनबाट बच्ने
- अरूको विचारलाई ध्यान दिने
- फरक विचार र द्विविधालाई सहज रूपमा लिने

<u>समालोचनात्मक सोचाइ तथा समस्या समाधानका छ टोपी</u>

सेतो (वस्तुगत) टोपी : तथ्याङ्क, सूचनाका आधारमा वास्तविकता पत्ता लगाउने

रातो (संवेगात्मक) टोपी : समस्याको संवेगात्मक पक्षहरू केलाउने

कालो (नकारात्मक) टोपी : समस्याका चुनौतीहरू वा निराशाजनक पक्षहरू पत्ता लगाउने

पहेँलो (सकारात्मक) टोपी : समस्यामा अवसरहरू वा आशावादी पक्षहरू पत्ता लगाउने

हरियो (सिर्जनात्मक) टोपी : नयाँ विकल्पहरूको खोजी र सिर्जना गर्ने

निलो (व्यापक) टोपी : सबै सरोकारवालाहरूको विचार र चासोलाई फराकिलो रूपमा सोच्ने

- Dr. Edward de Bono

## *क्रियाकलाप*

१. **विभिन्न समूहमा विभाजन हुनुहोस् । प्रत्येक समूहले तलका एक एक समस्याबारे समालोचनात्मक सोचाइ तथा समस्या समाधानका छ टोपीहरूका आधारमा छलफल गर्नुहोस् र छलफलको निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् :**

(क) विद्यार्थीहरूले कक्षामा मोबाइल फोन ल्याउने कि नल्याउने ?

(ख) विद्यालयको चमेनागृहमा बिस्कुट, चाउचाउ, पानीपुरी जस्ता तयारी खानेकुरा राख्ने कि नराख्ने ?

(ग) विद्यार्थी तथा शिक्षकहरूका लागि विद्यालय पोसाक आवश्यक छ कि छैन ?

(घ) अभिभावकहरूसँग भएका ज्ञान र सिप नयाँ पुस्ताका लागि उपयोगी छन् कि छैनन् ?

(ङ) खेतबारीमा रासायनिक मल र विषादी प्रयोग गर्ने कि नगर्ने ?

२. **आत्मआलोचना र स्वरूपान्तरणको महत्त्व विषयमा एक सम्पादकीय तयार गर्नुहोस् ।**

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) समालोचनात्मक चिन्तन भनेको के हो ?

(ख) समालोचनात्मक चिन्तनअन्तर्गतका सिपहरूमध्ये तपाईंलाई कुन सबैभन्दा महत्त्वपूर्ण लाग्छ ? एक कारण दिनुहोस् ।

(ग) आत्मआलोचनालाई परिभाषित गर्नुहोस् ।

(घ) आत्मआलोचना र स्वरूपान्तरणबिच के सम्बन्ध छ ? छोटकरीमा लेख्नुहोस् ।

(ङ) समालोचनात्मक चिन्तनको महत्त्वलाई पाँच बुँदामा लेख्नुहोस् ।

(च) समालोचनात्मक चिन्तनमा प्रयोग हुने सिपहरूको सूची बनाउनुहोस् ।

(छ) आत्मआलोचनाले व्यक्तिलाई कमजोर  हैन सबल बनाउँछ ? यस भनाइलाई पुष्टि गर्नुहोस् ।

पाठ : 3

# सिर्जनात्मक चिन्तन

## १. सिर्जनात्मक चिन्तनको अर्थ

कुनै पनि परिस्थिति वा परिदृश्यमा नयाँ विकल्पहरू सोच्नु र त्यसलाई वास्तविकतामा बदल्नु नै सिर्जनात्मक चिन्तन हो । यसको प्रयोग कला र साहित्यमा मात्र सीमित छैन । सबै मानिसहरूले यसबाट लाभ लिन सक्छन् । कुनै नयाँ उत्पादन, समाधान, कला/साहित्य सिर्जना आदिमा नयाँपन ल्याउन गरिने विचारलाई वास्तविकता बदल्न सिर्जनात्मक चिन्तन आवश्यक पर्छ । यसरी नयाँपन ल्याउने क्रममा विषयवस्तु, प्रक्रिया वा प्रस्तुतीकरणमा सिर्जनात्मकता देखाउन सकिन्छ । यस्ता नयाँ सिर्जनाले व्यक्तिको अन्तरनिहित क्षमताको प्रस्फुटन गराउँछ । यस्तै व्यक्तिले नयाँ सिर्जना गर्न पाउँदा ऊ आनन्दित र उत्साहित हुन्छ ।

### सिर्जनात्मक चिन्तनका उदाहरण

कुनै चित्र, पोस्टर, लोगो वा वेबपेजलाई नयाँ तरिकाले डिजाइनको सोच र तयारी गर्नु

पत्रपत्रिका वा ब्लगमा कुनै समस्या समाधानमा आफ्नो विचार वा सुझाव व्यक्त गर्नु

कुनै वस्तु वा सेवाको गुणस्तर सुधार गर्ने उपायहरू सुझाउनु

कथा, कविता, गीत, सङ्गीत आदि सिर्जनाको सोच र तयारी गर्नु

कुनै काम गर्ने तरिकालाई सजिलो बनाउने उपायहरू पत्ता लगाउनु

## २. सिर्जनात्मक चिन्तनका विशेषता

सिर्जनात्मक चिन्तन भनेकै कुनै नयाँ वस्तु, विचार, अवधारणा वा काम गर्ने प्रक्रियामा नयाँपन ल्याउने कार्य हो । त्यसैले यस्ता नयाँपन सिर्जना गर्नका लागि सिर्जनात्मक चिन्तन भएका मानिसको आवश्यकता पर्छ । सिर्जनात्मक चिन्तनका विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) जिज्ञासु र खुलापनलाई बढावा दिन्छ ।

(ख) व्यक्तिलाई सिकाइ र सिर्जनाप्रति अभिरुचि जगाई खुसी र आनन्दित तुल्याउँछ ।

(ग) सोचाइ र चिन्तनमा विविधता ल्याउँछ ।

(घ) व्यक्तिको जोखिम वहन गर्ने क्षमता वृद्धि गर्छ ।

(ङ) काममा नवप्रवर्तन ल्याउन मदत गर्छ ।

(च) कल्पनाशीलतालाई जोड दिन्छ ।

(छ) व्यक्तिलाई आफ्नो सिर्जनामा रमाउने वातावरण तयार पार्छ ।

(ज) एउटै कामलाई पनि फरक सोच, ढङ्ग र तरिकाबाट गर्न मदत गर्छ ।

## ३. सिर्जनात्मक चिन्तन प्रक्रियाका चरण

सबै सिर्जनात्मक चिन्तन भएका मानिसका आआफ्नै सोच्ने तरिका र प्रक्रियाहरू हुन्छन् । यद्यपि ती सबैले मुख्यत: तलका पाँच चरणमा कार्य गर्छन् । यी चरणमा एकपछि अर्को गर्दै नवीन विचार, वस्तु वा अवधारणा सिर्जना हुन पुग्दछन् :

### (क) तयारी चरण

कुनै सिर्जनात्मक यात्राको सुरुआत तयारी गरेर मात्र गरिन्छ । यस चरणमा आवश्यक सामग्री व्यवस्था गरिन्छ । त्यस्तै अनुसन्धान, मस्तिष्क मन्थन आदि गरेर आफूलाई लागेका सबै विकल्पहरू विचार गरिन्छ । अन्तमा आफ्नो ज्ञान र अनुभवका आधारमा योजना तयार गरिन्छ ।

### (ख) विकास चरण

कुनै सिर्जनात्मक यात्राको तयारी सकेपछि केही समय त्यो योजनालाई परिपक्व हुन समय दिइन्छ । यस समयमा सिर्जनाकार अर्कै काम गर्दै समय बिताउँछ । यसै बिचमा त्यो योजना सिर्जनाकारको दिमागमा विकास भइरहेको हुन्छ ।

### (ग) प्रदीप्ति चरण

यस चरणलाई अन्तर्दृष्टि चरण पनि भनिन्छ । सिर्जनाकारको दिमागमा आश्चर्यजनक रूपमा एकाएक नवीन विचार आउँछ । तयार गरेको योजना र समस्या समाधानबिचको सम्बन्ध स्पष्ट हुन्छ ।

### (घ) मूल्याङ्कन चरण

यस चरणमा उपलब्ध ज्ञान र अनुभवका आधारमा योजनाअनुसारको नवीन विचारले काम गर्छ वा गर्दैन भनेर मूल्याङ्कन वा अनुसन्धान गरिन्छ । कुनै कुनै अवस्थामा त क्षेत्रमा गएर अनुसन्धान नै गर्नुपर्ने पनि हुन्छ ।

### (ङ) प्रमाणीकरण चरण

यस चरणमा निकै कडा परिश्रम गरी नवीन विचारलाई अन्तिम रूप दिइन्छ । सिर्जनाकारको दिमागमा भएको सिर्जनाले वास्तविक रूपमा प्रकट हुने मौका पाउँछ । सिर्जित वस्तु, विचार वा अवधारणालाई अन्य व्यक्तिहरू समक्ष पेस गरिन्छ ।

## ४. सिर्जनात्मक चिन्तनको अभ्यास

धेरैजसो मानिस सिर्जनात्मक चिन्तन कलाकार, साहित्यकार, आविष्कारक आदिले मात्र प्रयोग गर्ने सिप हो भन्ने सोच राख्छन् । यस सिपले सबै पेसा, व्यवसाय र उमेरका मानिसहरूलाई फाइदा दिन्छ । बालक, युवा, वयस्क तथा प्रौढ सबैले सिर्जनात्मक चिन्तनको अभ्यास गर्न आवश्यक छ ।

यसबाट निम्नलिखित फाइदा हुन्छन्:

(क) यसले मानसिक लचकतामा वृद्धि गर्छ । विभिन्न विकल्पहरूमा विचार गर्ने बानीको विकास गराउँछ ।

(ख) समस्याहरूको बहुआयामिक समाधान पत्ता लगाउन सहयोग गर्छ ।

(ग) सिर्जनात्मक चिन्तनको पर्याप्त अभ्यासपछि कार्यस्थलमा आउने विभिन्न चुनौतीहरूसँग लड्ने तथा ती चुनौतीहरूलाई अवसरमा परिणत गर्ने क्षमता विकास हुन्छ ।

(घ) सिर्जनात्मक चिन्तनको अभ्यास गरेपछि कुनै पनि समस्या, विचार वा अवधारणाको विभिन्न पक्षहरू देख्ने बानीको विकास हुन्छ । एउटै कुराको पनि विभिन्न पक्षहरूको अध्ययनले विभिन्न सत्यको साक्षात्कार गराउँछ ।

(ङ) सिर्जनात्मक चिन्तन गर्दा सञ्चार सिप, समस्या समाधान सिप जस्ता सिपहरूको प्रयोग हुने भएकाले व्यक्तिले अरूसँग राम्रो सम्बन्ध राख्न सिक्छ । उसले व्यक्तिहरूमा समूहकार्य गर्ने क्षमताको विकास गराउँछ ।

**सिर्जनात्मक चिन्तनको अभ्यास निरन्तर गर्न आवश्यक छ । त्यसका लागि निम्नलिखित विषयवस्तु अवलम्बन गर्न सकिन्छ :**

(क) आफूलाई सिर्जनात्मकताप्रति समर्पित गराउनुपर्छ ।

(ख) जुन क्षेत्रमा सिर्जना गर्न चाहेको त्यो क्षेत्रको पर्याप्त ज्ञान र सिप प्राप्त गरी त्यसमा विशेषज्ञता हासिल गर्नुपर्छ ।

(ग) आफ्नो उत्सुकतालाई मर्न नदिई त्यसलाई प्रयोगमा ल्याउनुपर्छ ।

(घ) जहिले पनि खतरा मोल्न तयार हुनुपर्छ र विफलताबाट हतोत्साही हुनुहुँदैन ।

(ङ) नकारात्मक प्रवृत्तिलाई परास्त गरी आफ्नो आत्मविश्वास बलियो बनाउनुपर्छ ।

(च) सिर्जनाका लागि नियमित समय निकाल्ने र अभ्यास गर्ने गर्नुपर्छ ।

(छ) कुनै समस्या वा अवस्थामा कसरी परिवर्तन ल्याउन सकिन्छ भनेर मस्तिष्क मन्थन गर्नुपर्छ ।

(ज) घटना र समस्या समाधानका बहुविकल्पहरूको खोजी गर्नुपर्छ ।

(झ) एउटै घटना, विचार वा समस्यालाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्नुपर्छ ।

(ञ) आफैँलाई चुनौती दिएर अवसरहरूको सिर्जना गर्नुपर्छ ।

### क्रियाकलाप

१. कक्षाबाहिर विभिन्न प्राकृतिक वस्तु तथा मानिसले बनाएका वस्तु (कागजको कार्टुन, टिनको बट्टा, प्लास्टिकका भाँडा आदि) भेटिन सक्छन् । त्यस्ता कुनै एक वस्तु खोज्नुहोस् र त्यसलाई एउटा आकर्षक वस्तुमा रूपान्तर गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंलाई विज्ञान कथा त थाहा नै होला । आजको दश वर्षपछि मानिसलाई अचम्मित पार्ने के के आविष्कार हुन सक्लान् ? उक्त काल्पनिक घटनाबारे एक लेख तयार पार्नुहोस् ।

३. आफूमा भएका सिर्जनात्मक चिन्तन र व्यवहार पहिचान गरी मूल्याङ्कन गर्नुहोस् :

| सिर्जनात्मक चिन्तन वा व्यवहार | छ | छैन |
|---|---|---|
| जिज्ञासु र खुला सोच भएको | | |
| सिक्न पाउँदा खुसी र आनन्दित हुने गरेको | | |
| विविध प्रकारले सोच्ने र जटिलताको सामना गर्ने गरेको | | |
| मौजुदा अवस्थाभन्दा पर गएर जोखिम लिन तयार भएको | | |
| आफ्ना कल्पना, आविष्कार, स्रोतसाधन र लचिलोपन प्रयोग गरी नयाँपन दिने गरेको | | |
| आफ्ना सिर्जनामा असाध्यै खुसी हुने गरेको | | |
| गीत, कथा, कविता आदि सिर्जना गर्न रमाइलो मान्ने गरेको | | |
| एकान्तप्रिय, शान्त र अन्तरमुखी स्वभाव देखाउने गरेको | | |
| बढी नै कल्पनाशील हुने गरेको | | |

### अभ्यास

## १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) सिर्जनात्मक चिन्तन भनेको हो ?

(ख) सिर्जनात्मक चिन्तन गर्ने व्यक्तिसँग हुने कुनै दुई विशेषताहरू लेख्नुहोस् ।

(ग) सिर्जनात्मक चिन्तनको तयारी चरणमा के गरिन्छ ?

(घ) सिर्जनात्मक चिन्तनको अभ्यास गर्दा हुने एक फाइदा लेख्नुहोस् ।

(ङ) सिर्जनात्मक चिन्तनका कुनै पाँच विशेषताहरूको सूची बनाउनुहोस् ।

(च) सिर्जनात्मक चिन्तन प्रक्रियाका पाँच चरणको छोटो परिचय दिनुहोस् ।

(छ) सिर्जनात्मक चिन्तन विकास गर्नका लागि अपनाउन सकिने उपाय उल्लेख गर्दै आफ्ना भाइ वा बहिनीलाई एउटा पत्र लेख्नुहोस् ।

पाठ : ४

# समानुभूति

## १. समानुभूतिको अर्थ

समानुभूति शब्द सम र अनुभूति दुई शब्द मिलेर बनेको छ । यसमा समको अर्थ बराबर र अनुभूतिको अर्थ अनुभव वा महसुस गर्नु भन्ने हुन्छ । त्यसैले समानुभूति भन्नाले अरूले भोगिरहेका संवेगात्मक अनुभवलाई पहिचान गर्ने, बुझ्ने र सो महसुस गरी आफूले पनि त्यस्तै संवेगात्मक अनुभव वा अनुभूति गर्ने क्षमता बुझिन्छ । अरूको दुःख देखेर आफू पनि रुनु, मन परेको खेलाडीले गोल गर्दा उत्तेजित हुनु वा कराउनु समानुभूति हो ।

## २. समानुभूतिका मूल तत्त्व

अमेरिकी लेखक Daniel Goleman का अनुसार समानुभूतिका मुख्य पाँच तत्त्व हुन्छन् । तिनिहरूको छोटो परिचय तल दिइएको छ :

### (क) अरूलाई बुझ्नु

अधिकांश मानिसहरूले अरूलाई बुझ्नु नै समानुभूति भन्ने बुझेका हुन्छन् । यस अवस्थामा मानिसहरूले अरूका कुरा तथा गैरशाब्दिक सञ्चार (Non-verbal Communication) मा ध्यान दिएर सुन्ने/हेर्ने, उनीहरूका दृष्टिकोण बुझ्ने, त्यसमा आफ्नो संवेदनशीलता देखाउने र उनीहरूका अनुभूति र आवश्यकताअनुसार सहयोग गर्ने कार्यमा सक्षम हुन्छन् ।

### (ख) अरूलाई विकसित पार्नु

अरूलाई विकास गर्ने भन्नाले अरूको आवश्यकता र चासोअनुसार कार्य गर्ने र उनीहरूका सम्भाव्यतालाई पूर्ण विकास गर्ने बुझिन्छ । यस्ता सिप भएका मानिसले अरूका कार्यको अनुगमन गरी सहयोग गर्ने, उपलब्धि तथा सक्षमतामा प्रशंसा गर्ने, सुधारका लागि रचनात्मक सुझाव दिने तथा उनीहरूको विकासका लागि उपयुक्त काम (Assignments) गर्न दिने गर्छन् ।

### (ग) सेवाभाव राख्नु

सेवाभाव राख्ने भन्नाले आफ्ना सेवाग्राही वा सहयोगापेक्षीहरूको आवश्यकतालाई पहिलो प्राथमिकतामा राख्ने, उनीहरूप्रति इमानदार रहने र उनीहरूको सन्तुष्टिका लागि उपायहरू खोज्ने बुझिन्छ । यस्ता मानिसहरूले आफ्ना सेवाग्राही वा सहयोगापेक्षीहरूको आवश्यकता राम्ररी बुझेर ती आवश्यकता पूरा गर्ने प्रयास गर्छन् । यसो गर्दा उनीहरूप्रति सेवाग्राही वा सहयोगापेक्षीको विश्वास बढ्छ र दुवै पक्षबिचको सम्बन्ध बलियो र लामो समयसम्म टिकाउ हुन्छ ।

### (घ) विविधताको उपयोग गर्नु

व्यक्तिहरूमा रहेका फरक फरक क्षमतालाई अधिकतम उपयोग गर्ने, उनीहरूका विविधतालाई सम्मान गर्ने, उनीहरूका आवश्यकताअनुसारका फरक फरक वस्तु वा सेवा उपलब्ध गराउने र उनीहरूका लागि उपयुक्त अवसरको सिर्जना र विकास गर्ने प्रक्रियालाई नै विविधताको उपयोग भनिएको हो । यसो गर्दा संस्थाको लक्ष्य प्राप्तिमा बढी सफल हुनुका साथै समूहमा अनुयायी र नेतृत्वकर्ताको सम्बन्ध सुमधुर हुन्छ । विविधतायुक्त व्यक्तिलाई समानता (Equality) मा आधारित व्यवहारको सट्टा समता (Equity) मा आधारित व्यवहार गर्नुपर्छ ।

### (ङ) राजनीतिक सचेतना

राजनीतिक सचेतना सिप भनेको एउटा समूहको संवेगात्मक भावना र शक्ति सम्बन्धलाई बुझ्नु र त्यसअनुसारको व्यवहार देखाउनु हो । यस्तो सिप भएका मानिसले सङ्गठनात्मक सम्बन्ध जान्न तथा यसअघि अरूले पाएको विफलताका अनुभवबाट पाठ सिकेर आफूलाई सुधार गर्न सिकेका हुन्छन् ।

## ३. समानुभूतिका किसिम

**समानुभूतिलाई मुख्यतः तीन प्रकारका हुन्छन्, जुन निम्न छन् :**

### (क) संज्ञानात्मक समानुभूति

संज्ञानात्मक समानुभूति भनेको अरूको संवेगात्मक अनुभवलाई पहिचान गरी बुझ्ने क्षमता हो । कसैको अनुहार हेरेर ऊ दुःखी छ कि खुसी छ भनी थाहा पाउनु संज्ञानात्मक समानुभूति हो ।

### (ख) संवेगात्मक समानुभूति

अरूको संवेगात्मक अनुभव देखेर आफूले पनि त्यस्तै अनुभूति गर्नु नै संवेगात्मक समानुभूति हो । यसमा अरूको संवेग जस्तो छ, आफूले पनि त्यस्तै संवेग अनुभव गरिन्छ । सिनेमामा कुनै पात्रले दुःख पाएको देखेर रुनु वा हिरोले भिलेनलाई पिट्दा ताली बजाउनु संवेगात्मक समानुभूति हो ।

### (ग) दयालु समानुभूति

अरूको संवेगात्मक अनुभूति आफूले पनि अनुभव गरेर त्यस अनुभवमा आवश्यकताअनुसार सहयोग वा सहभागी हुनु दयालु समानुभूति हो । एउटा स्थानमा बाढी वा पहिरो जाँदा अरू स्थानका मानिसले दुःख अनुभव गरी त्यस स्थानका मानिसहरूलाई सहयोग गर्नु दयालु सहानुभूति हो ।

## ४. समानुभूतिका फाइदा

समानुभूति सिपले व्यक्तिको जीवनका हरेक क्षेत्रमा फाइदा पुर्‍याउँछ । यस सिपबाट निम्नअनुसारका फाइदा हुन्छन् ।

(क) समानुभूति सिप भएका मानिस बाल्यकाल तथा वयस्क दुवै अवस्थामा समाजमा मिलनसार हुने भएकाले साथीहरूबिचमा तथा समाजमा सबैको प्रिय हुन्छन् ।

(ख) समानुभूति सिपले कार्यस्थलमा पनि सकारात्मक प्रभाव पार्छ । यसले श्रमिक तथा व्यवस्थापक दुवैको कार्य प्रभावकारी रूपमा सम्पादन गर्न सहयोग गर्छ ।

(ग) परिवारका सदस्यहरू तथा दम्पतीबिच एक आपसमा समानुभूति भएमा वैवाहिक जीवन सुखी र सफल हुन्छ ।

(घ) समानुभूति सिप भएका आमाबाबु आफ्ना सन्तानप्रति बढी सहनशील हुने भएकाले सन्तान हुर्काउने क्रममा आइपर्ने चुनौतीलाई सामना गर्न सक्षम हुन्छन् ।

## ५. समानुभूति सिप विकास र अभ्यास

समानुभूति सिप विकास गर्नका लागि विभिन्न उपायहरू अपनाउन सकिन्छ । तल दिइएका उपायहरूले पनि समानुभूति सिप विकास गर्न सहयोग पुऱ्याउँछन् :

(क) अन्य व्यक्तिहरूका बारेमा उत्सुक रहने । उनीहरूका विचार, चासो, संस्कृति आदि बारेमा जानकारी राख्ने

(ख) नयाँ नयाँ मानिसहरूसँग अन्तरक्रिया गर्ने, नयाँ नयाँ ठाउँ भ्रमण गर्ने

(ग) आफ्ना बानीव्यवहारबारे परिवार, साथी तथा सहकर्मीहरूबाट पृष्ठपोषण लिइरहने । त्यसरी प्राप्त पृष्ठपोषणअनुसार आफूलाई परिवर्तन गर्ने

(घ) आफ्ना पक्षधरताले सामाजिक सम्बन्धमा प्रभाव पार्न नदिने प्रयास गर्ने

(ङ) आफूलाई अन्य व्यक्तिहरूको स्थानमा राखेर अनुभूति गर्ने । (म उसको स्थानमा भएको भए कस्तो अनुभूति गर्थें होला ?)

(च) कुराकानी गर्दा अरूलाई सम्मान गर्ने । उनीहरूको कुरा सुन्ने र सम्मानपूर्वक आफ्ना विचार, सुझाव आदि राख्ने

(छ) कुनै सामाजिक संस्था वा परियोजनामा सरिक हुने

(ज) कथा, उपन्यास, समाचारलगायतका साहित्य आदि कुराहरू पढ्ने बानी बसाल्ने

## *क्रियाकलाप*

१. **कक्षाका सबै विद्यार्थी एउटा गोलो घेरामा बस्नु वा उभिनुहोस् । त्यसपछि तल दिइएका निर्देशनअनुसार खेल खेल्नुहोस् :**

**निर्देशन**

एउटा बल लिनुहोस् । बल जसको हातमा छ, उसले मात्र बोल्न पाउनुहुन्छ । अरू सबैले शान्तपूर्वक सुन्नुपर्छ ।

सबै सहभागीले एकले अर्कालाई देखिने हुनुपर्छ । (कक्षामा नअट्ने भएमा कक्षाबाहिर जान सकिन्छ ।)

हरेक सहभागीलाई बोल्ने समय निर्धारण गर्नुहोस् । शिक्षक वा खेलमा सहभागी नहुने एक जना विद्यार्थीले समय सङ्केत गर्न सकिन्छ ।

एक जना सहभागीको हातमा बल दिनुहोस् । बल प्राप्त गर्ने सहभागीले आफूले अरूको दुख वा समस्यामा परेको वेला सहयोग गरेको अनुभव वा अरूबाट सहयोग प्राप्त गर्दाको अनुभूति बताउनुहोस् ।

फेरि बल अर्को अर्को सहभागीलाई पनि पास गर्दै जानुहोस् । यसरी सबै सहभागीहरूले आफ्ना अनुभव र अनुभूति सुनाउनुहोस् ।

अन्त्यमा साथीहरूको अनुभव र अनुभूति सुन्दा कस्तो लाग्यो ? तपाईंलाई त्यस्तो भएको भए के गर्नुहुन्थ्यो ? कक्षामा छलफल गर्नुहोस् ।

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) समानुभूतिको अर्थ केहो ?

(ख) समानुभूति सिपको कुनै दुई फाइदा लेख्नुहोस् ।

(ग) संज्ञानात्मक समानुभूतिका कुनै दुई उदाहरण दिनुहोस् ।

(घ) समानुभूतिका कुनै दुई तत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) समानुभूतिका तत्त्वको सूची बनाई कुनै दुईको परिचय दिनुहोस् ।

(च) संवेगात्मक समानुभूति र दयालु समानुभूतिको उदाहरणसहित भिन्नता उल्लेख गर्नुहोस् ।

(छ) समानुभूति सिप विकास गर्न अवलम्बन गर्न सकिने कुनै पाँच उपाय उल्लेख गर्नुहोस् ।

पाठ : ५

# आत्मबोध

## १. आत्मबोधको अर्थ

आत्मबोध भन्नाले आफैँमा ध्यान दिई आफ्ना विचार, भावना तथा कार्यहरू आफ्ना आन्तरिक मूल्य र मान्यताहरूसँग मिल्दा छन् कि छैनन् मूल्याङ्कन गर्नु भन्ने बुझिन्छ । आत्मबोध गर्नसक्ने व्यक्तिले अरूहरूले हेर्ने दृष्टिकोणबाट आफूलाई हेरेर आफ्ना विचार, भावना र कार्यहरूको उचित मूल्याङ्कन गर्छ । त्यसका आधारमा आफ्ना संवेगहरूलाई नियन्त्रण गर्न र तिनीहरूलाई आफ्ना मूल्यमान्यतासँग मिल्ने गरी समायोजन गर्न सक्छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार आत्मबोध सिपहरूमा तनाव व्यवस्थापन, संवेगात्मक नियमन, सकारात्मक सोच र आत्मसम्मान गरी चारओटा सिपलाई समावेश गरिएको छ ।

## २. आत्मबोधका प्रकार

Tasha Eurich को नेतृत्वमा रहेको अनुसन्धानकर्ताहरूको टोलीले आत्मबोधका दुई प्रकार उल्लेख गरेका छन् :

### (क) आन्तरिक आत्मबोध

आफ्ना मूल्यमान्यता तथा इच्छा आकाङ्क्षाहरू समाज र वातावरणमा उपयुक्त छन् वा छैनन् भनेर मूल्याङ्कन गरी आवश्यकताअनुसार परिवर्तन वा समायोजन गर्नुलाई आन्तरिक आत्मबोध भनिन्छ ।

### (ख) बाह्य आत्मबोध

अरू मानिसले आफूलाई कस्तो रूपमा हेर्छन् भनेर जान्नु चाहिँ बाह्य आत्मबोध हो । बाह्य आत्मबोध भएका व्यक्तिलाई अरूले आफूसँग गर्ने अपेक्षाबारे जानकारी हुने भएकाले अरूहरूप्रति बढी समानुभूति राख्ने हुन्छन् । यस्ता व्यक्तिहरूको सहकर्मी तथा तल्ला तहका कर्मचारीहरूसँग धेरै राम्रो सम्बन्ध हुन्छ ।

## ३. आत्मबोधको महत्त्व

आत्मबोध नभएको व्यक्ति कुनै पनि समूह, संस्था वा सङ्गठनको असल नेतृत्त्वकर्ता हुन सक्दैनन् । असल नेतृत्त्वकर्ता बन्नका लागि आत्मबोध गर्न आवश्यक छ । आत्मबोधको महत्त्व निम्नअनुसार छ :

(क) आफूले के के राम्ररी गर्न सकिन्छ र के के सुधार गर्न आवश्यक छ, पत्ता लगाई आफ्नो सिप सुधार गर्नु

(ख) आफ्नो विचार र कार्यलाई आफ्नो आदर्शसँग मिलाएर खुसी जीवन जिउनु

(ग) आफ्ना अनुयायी, कर्मचारी र सहकर्मीहरूको आफूप्रतिको दृष्टिकोण थाहा पाई असल नेतृत्त्वकर्ता बन्नु

(घ) आफ्नो कार्यक्षमता वृद्धि गर्नु, व्यक्तिगत सम्बन्ध बलियो बनाउनु तथा संवेग व्यवस्थापन गर्नु

(ङ) आफ्नो वास्तविक इच्छा आकाङ्क्षा महसुस गर्नु र त्यस सुहाउँदो पेसा छनोट गरेर कामप्रतिको उत्प्रेरणा वृद्धि गर्नु

(च) आफ्ना संवेग पहिचान गर्नु तथा आफूलाई कम मन पर्ने कामहरू कम गरी तनाव कम गर्नु

## ४. आत्मबोधका तरिका र अभ्यास

व्यक्तिले आफूमा आत्मबोध सिप विकास तथा अभ्यास गर्नाका लागि मुख्य रूपमा निम्नलिखित उपायहरू अपनाउन सक्छन् :

### (क) योग तथा ध्यान गर्ने

योगाभ्यास तथा ध्यान गर्दा मानिसले आफैँले आफूलाई मूल्याङ्कन गर्ने मौका पाउँछ। ध्यानको समयमा मेरो लक्ष्य के हो ? के मेरा क्रियाकलाप मेरो लक्ष्य प्राप्तिमा सहयोगी छन् ? के कारणले म पछि परिरहेको छु ? मैंले के के कुरा सुधार गर्न आवश्यक छ ? जस्ता प्रश्नहरूमा आफ्नो मस्तिष्कलाई केन्द्रित गर्नुपर्छ। दैनिक रूपमा केही समय ध्यान गर्ने वा एकान्तमा बस्ने गर्दा आत्मबोध गर्न सजिलो हुन्छ।

### (ख) लेख्ने

आफ्ना मुख्य मुख्य योजनाहरू र प्राथमिकताहरू एउटा डायरीमा लेख्ने तथा समय समयमा त्यसलाई समीक्षा गर्ने गर्नाले आफ्ना सबल पक्ष र कमजोर पक्ष पत्ता लगाउन सकिन्छ। त्यस्तै डायरीमा लेख्ने गर्दा आफ्नो योजनाबारे आफैँ सचेत हुन सकिन्छ।

### (ग) मनोमापन परीक्षण गर्ने

आफ्नो आत्मबोधको स्तर नाप्नका लागि सङ्ख्यात्मक तर्क र शाब्दिक तर्क जस्ता मनोमापन परीक्षण गराउँदा आफ्नो आत्मबोधको स्तर पत्ता लगाई सुधार गर्ने मौका पाइन्छ।

### (घ) विश्वासिलो साथीहरूलाई सोध्ने

आफ्ना सबै कमीकमजोरीहरू आफैँले पत्ता लगाउन गाह्रो हुन्छ। यस्तो अवस्थामा आफ्ना विश्वासिला साथीहरू तथा आफूभन्दा वरिष्ठ व्यक्तिबाट पृष्ठपोषण लिनुपर्छ।

### (ङ) कार्यस्थलमा पृष्ठपोषण लिने

अनौपचारिक रूपमा परिवारका सदस्य, साथीहरू तथा आफूभन्दा वरिष्ठ व्यक्तिबाट पृष्ठपोषण लिनुका

अतिरिक्त औपचारिक रूपमा कार्यस्थलमा सबैको पृष्ठपोषण लिन सकिन्छ । यसका लागि सुपरिक्षकले मात्र नभई कामदारका सहकर्मीहरू तथा सेवाग्राही/उपभोक्ताहरूले समेत उसको कार्यको मूल्याङ्कन गरी पृष्ठपोषण दिने विधि (३६० डिग्री पृष्ठपोषण विधि) प्रयोग गर्न सकिन्छ ।

## ५. आत्ममूल्याङ्कनको अर्थ

आफ्ना व्यक्तिगत कार्य र तिनको परिणामलाई व्यवस्थित रूपले अवलोकन र विश्लेषण गरेर तिनलाई मूल्य दिने प्रक्रिया नै आत्ममूल्याङ्कन हो । यो प्रायः औपचारिक रूपमा गरिने भएकाले लिखित रूपमा नै गर्ने चलन छ । यसलाई व्यक्तिगत तथा संस्थागत रूपले गर्न सकिन्छ । यसमा व्यक्तिलाई संस्थाको स्थापित लक्ष्य प्राप्तिमा उसको सफलता, कार्यदक्षता र कार्यसम्पादनको स्तर निर्धारण गर्न लगाइन्छ । आत्ममूल्याङ्कन व्यक्तिका लागि आफ्ना कमीकमजोरी थाहा पाउने तथा तिनलाई सुधार गर्ने महत्त्वपूर्ण अवसर हो । यसका लागि व्यक्तिमा आत्ममूल्याङ्कन गर्ने सिप वा दक्षता हुनुपर्छ ।

## ६. आत्ममूल्याङ्कनको महत्त्व

आत्ममूल्याङ्कन गर्नाले व्यक्ति तथा संस्था दुवैलाई फाइदा हुन्छ । यसले व्यक्तिका कमीकमजोरी पत्ता लगाई तिनलाई सुधार गर्ने भएकाले व्यक्तिको कार्यसम्पादन वृद्धि हुन्छ । यसले संस्थाको लक्ष्य प्राप्तिमा बल पुग्छ । आत्ममूल्याङ्कनका महत्त्वहरू निम्नअनुसार रहेका छन् :

(क) व्यक्तिलाई आफूलाई मूल्याङ्कन गर्ने व्यक्ति आफैं भएको अनुभूति गराउन

(ख) आफ्नो अनुगमन आफैं गर्ने भएकाले उच्च मनोबलका साथ कार्य गराउन

(ग) व्यक्तिको कार्यदक्षतामा सुधार गर्न

(घ) संस्थाका कर्मचारीबिच एकआपसबाट सिक्ने बानीको विकास गर्न

(ङ) सिप प्रयोग गर्न बढी लचकता प्रदान गरी नयाँ प्रयोग गर्ने कर्मचारीहरूलाई उत्प्रेरित गर्न

(च) सामूहिक कार्यप्रति उत्प्रेरणा जगाउन

(छ) कामदार/कर्मचारी आफैंले नयाँ विधि तथा प्रविधिको खोजी प्रयोग गर्न

## ७. आत्ममूल्याङ्कनका तरिका र प्रयोग

आत्मविश्वास बढाउन र स्वतन्त्र चिन्तन विकास गर्नका लागि पनि आवश्यक छ । आत्ममूल्याङ्कन गर्नका लागि तलका तरिकाहरू अपनाउन सकिन्छ :

(च) कुनै पनि कार्य गर्दा आफ्नो पेसागत विकासबारे चिन्तन गरिरहने

(च) आफ्ना सहकर्मी, शिक्षक तथा वरिष्ठ व्यक्तिहरूसँग आफ्नाबारे कुराकानी गरिरहने । उनीहरूका टिप्पणीहरू शान्तपूर्वक सुन्ने तर प्रतिवाद नगर्ने

(च) लिखित रूपमा आत्ममूल्याङ्कन गर्नुपर्ने भएमा तरिका सिकेर मात्र त्यस्तो फाराम भर्ने

(च) आफ्ना कमीकमजोरीहरूप्रति कठोर भएर सत्य पत्ता लगाउन प्रयत्न गर्ने

(च) आफ्ना कुनै विफलता भए त्यसलाई सिकाइका रूपमा लिने तर त्यसमै चिन्ता गरेर नबस्ने

(च) आफ्ना कमीकमजोरी अरूले बताउनुभन्दा पहिले आफैँले पत्ता लगाई सुधार गर्ने

(च) नजानेको काम गर्ने प्रयास गर्दा विफलता हात लाग्न सक्ने भएकाले आवश्यकताअनुसार तालिम र पेसागत सहयोगको माग गर्ने

(च) आफ्ना उपलब्धिहरूको अभिलेख राख्ने

(च) आफू र आफ्ना शिक्षक वा वरिष्ठ व्यक्तिबिचमा कुनै कुराप्रति हेर्ने दृष्टिकोण फरक भएमा समयमै छलफल गरी स्पष्ट हुने वा पार्ने

## *क्रियाकलाप*

१. **तलको जस्तै फाराम तयार पारी आफ्नो व्यवहारसँग सम्बन्धित काम भर्नुहोस् । त्यसपछि आफ्नो साथीसँग फाराम साटासाट गर्नुहोस् :**

(क) म यी काममा सबल छु :

(अ) ......................

(आ) ......................

(इ) ......................

२. **यी काम गर्न मैले अझ बढी मिहिनेत गर्नुपर्छ :**

(अ) ......................

(आ) ......................

(इ) ......................

३. **मेरो विद्यालय जीवनका सबैभन्दा तनावपूर्ण दिनहरू यी हुन् :**

(अ) ......................

(आ) ......................

(इ) .........................

४. यी काममा म अरूको सहयोग चाहन्छु :

(अ) .........................

(आ) .........................

(इ) .........................

५. सहयोग आवश्यक भएका वेला यी व्यक्तिबाट सहयोग माग्न मलाई सहज लाग्छ :

(अ) .........................

(आ) .........................

(इ) .........................

## *अभ्यास*

### १. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) आत्मबोध भनेको के हो ?

(ख) आत्मबोधको महत्त्व दुई बुँदामा लेख्नुहोस् ।

(ग) आत्ममूल्याङ्कन भन्नाले के बुझिन्छ, लेख्नुहोस् ।

(घ) आत्मबोधका तरिकाहरूबारे छोटकरीमा लेख्नुहोस् ।

(ङ) आत्ममूल्याङ्कनको महत्त्व कुनै पाँच बुँदामा लेख्नुहोस् ।

(च) आत्ममूल्याङ्कनले व्यक्तित्व विकासमा कसरी सहयोग पुऱ्याउँछ ?

६
पाठ :

# संवेग व्यवस्थापन

## १. संवेग व्यवस्थापनको अवधारणा

कुनै वस्तु वा परिस्थितिप्रतिको चेतनायुक्त मानसिक प्रतिक्रिया नै संवेग हो । प्रायः यस्ता मानसिक प्रतिक्रियाका साथमा शरीरका अन्य अङ्गहरू तथा व्यक्तिको व्यवहारमा पनि परिवर्तन आउँछ । सुख, खुसी, उत्साह आदि सकारात्मक संवेगहरू हुन् भने दुःख, पीडा, रिस आदि चुनौतीपूर्ण वा नकारात्मक संवेगहरू हुन् ।

संवेगात्मक अनुभव वा प्रतिक्रियामा शारीरिक वा मानसिक अनुभूति हुन्छ । संवेगात्मक प्रतिक्रियामा शारीरिक वा मानसिक परिवर्तन हुन्छ । रिसाएको मानिसको शरीरमा रक्तप्रवाह छिटो हुन्छ भने उसको अनुहार रातो देखिन्छ । संवेगले शरीरमा विभिन्न रसायन पनि उत्पादन गराउँछ । संवेगात्मक अनुभव गरिरहेको व्यक्तिले उक्त संवेगलाई कुनै न कुनै प्रकारका क्रियात्मक प्रतिक्रियामार्फत व्यक्त गर्छ । जस्तै : रिसाएको मानिसले ठुलो स्वरमा गाली गर्न सक्छ भने खुसी भएको मानिस पनि ठुलो स्वरमा कराउन वा नजिकको मानिसलाई अङ्गालो हाल्न सक्छ ।

सकारात्मक तथा नकारात्मक दुवै प्रकारका संवेगप्रति सचेत रहने तथा तिनलाई रचनात्मक तरिकाले परिचालन गर्ने क्षमतालाई संवेग व्यवस्थापन भनिन्छ । नकारात्मक संवेग ल्याउन सक्ने परिस्थितिप्रति सचेत रहने तथा त्यस्ता परिस्थितिलाई आउन नदिने प्रयास गर्ने र आइहालेमा त्यस्तो परिस्थितिमा आफ्नो संवेगलाई नियन्त्रण वा समायोजन गरी संवेगलाई सकारात्मक तरिकाले प्रस्तुत गर्नुपर्छ । झैझगडा हुन सक्ने परिस्थितिलाई पहिले नै नियन्त्रण गर्ने, भइहालेमा कमभन्दा कम समयमा अन्त्य गर्ने तथा त्यसबाट पाठ सिक्नु पर्दछ । त्यस्तै सकारात्मक संवेगलाई पनि नियन्त्रण गरी अति खुसी वा उत्साहित हुनबाट बच्नुपर्छ । कुनै खेलमा विजयी हुँदा खुसी हुनुपर्छ तर अति खुसी र उत्साहित भएमा आफूले गर्नुपर्ने अभ्यासमा ध्यान नपुगी अर्को पटक पराजय हुने चुनौतीप्रति सचेत रहनुपर्दछ ।

संवेगलाई व्यवस्थापन गर्न नसकेमा विभिन्न असरहरू देखिन्छन् । अत्यधिक चिन्ता गर्ने मानिसमा डिप्रेसन जस्ता मानसिक रोग लाग्न सक्छन् । त्यस्तै धेरै खुसी वा उत्तेजित हुँदा मुटुको रोग हुन सक्छ । रिस, चिन्ता जस्ता नकारात्मक संवेगहरूले पढाइमा ध्यान नजाने, स्मरण शक्ति कमजोर हुने जस्ता असरहरू ल्याउँछन् । संवेग व्यवस्थापन सिप एउटा महत्त्वपूर्ण जीवनोपयोगी सिप हो ।

## २. संवेग व्यवस्थापन सिप (Skills of Emotion Management)

संवेग व्यवस्थापन गर्न सकारात्मक तथा नकारात्मक दुवै प्रकारका संवेगहरू ल्याउन सक्ने परिस्थितिलाई

नियन्त्रण गर्नुपर्छ। त्यसका लागि निम्नअनुसारका सिप प्रयोग गर्न सकिन्छ :

(क) आफ्नो संवेगलाई बुझ्ने र त्यसप्रति सचेत रहने

(ख) अरूहरूको संवेगात्मक प्रतिक्रियालाई विवेकपूर्ण ढङ्गले बुझ्ने

(ग) संवेग व्यक्त गर्न उपयुक्त शब्दावली प्रयोग गर्ने, अश्लील शब्दहरू प्रयोग नगर्ने

(घ) अरूको संवेगमा समानुभूति राख्ने

(ङ) आन्तरिक संवेगात्मक अनुभव र बाह्य वस्तुगत संवेगात्मक अभिव्यक्तिबिच फरक छुट्याउने

(च) नकारात्मक संवेग ल्याउने परिस्थिति र नकारात्मक संवेगलाई सहज बनाउने

(छ) सम्बन्धहरूमा संवेगात्मक सञ्चार गर्दा अत्यन्त सचेत भएर गर्ने

(ज) आफ्नो संवेगलाई रचनात्मक रूपमा व्यवस्थापन गर्ने

## ३. संवेग व्यवस्थापनका उपाय (Measures of Emotion Management)

संवेग व्यवस्थापनका लागि मुख्यत: सकारात्मक तथा नकारात्मक दुवै प्रकारका संवेग निम्तिन सक्ने परिस्थिति वा वातावरणलाई नियन्त्रण गर्ने गर्नुपर्छ। यसका लागि निम्नलिखित उपाय अपनाउन सकिन्छ :

(क) अरूप्रति माया दयाभाव राख्ने

(ख) अरूले आफूप्रति गरेको कुनै पनि राम्रो कार्यका लागि कृतज्ञता व्यक्त गर्ने

(ग) अरूको अति आलोचना गर्नबाट बच्ने

(घ) आफूमा नकारात्मक सोचाइ आएमा त्यसलाई चुनौती दिने वा प्रमाण खोज्ने

(ङ) आफूलाई मन पर्ने वा आफूले गर्न सक्ने काममा संलग्न हुने

(च) आफ्ना वरपर भएका घटनाहरूलाई स्वाभाविक मानेर स्वीकार गर्ने

(छ) आफ्नो जीवनमा आएका नकारात्मक कुराभन्दा सकारात्मक कुरामा ध्यान दिने

(ज) नकारात्मक संवेगबाट बच्न तथा त्यसलाई कम गर्न उक्त परिस्थितिभन्दा बाहिर जाने वा कुनै मन पर्ने वा रमाइलो क्रियाकलापमा संलग्न हुने

(झ) नियमित रूपमा शारीरिक व्यायाम गर्ने

(ञ) एकान्तमा बसिरहनुको सट्टा मन मिल्ने व्यक्तिसँग कुराकानी गर्ने र समूहमा रमाउन सिक्ने

(ट) कोठा वा घरभित्र बसिरहनुको सट्टा केही समय बाहिर बिताउने बानी बसाल्ने

(ठ) सम्भव हुने महत्त्वाकाङ्क्षा मात्र राख्ने र त्यसलाई प्राप्त गर्ने प्रयत्न गर्ने तर अति महत्त्वाकाङ्क्षा नराख्ने

## ४. किशोरावस्थामा संवेग

मानव जीवनको बाल्यावस्था र वयस्कावस्थाबिचको एउटा सङ्क्रमणकालीन अवस्थालाई किशोरावस्था भनिन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार १० वर्षदेखि १९ वर्षसम्मको उमेरलाई किशोरावस्था मानिन्छ । यो अवस्था सङ्क्रमणकालीन भएकाले यस अवस्थामा बाल्यवस्था र वयस्कावस्था दुवैका विशेषता पाइन्छन् । शारीरिक रूपले वयस्क जस्तै देखिने र बानी व्यहारमा बालापन रहिरहने भएकाले यस अवस्थाका संवेगहरू पनि मिश्रित खालमा हुन्छन् ।

किशोरकिशोरीहरू आफूलाई स्वतन्त्र बनाउन अभिभावकहरूसँग सङ्घर्ष गरिरहने भएकाले अभिभावकसँगभन्दा आफ्ना साथी सहपाठीसँग बढी समय बिताउँछन् । अभिभावकका तुलनामा किशोर किशोरीमा सकारात्मक तथा नकारात्मक दुवै संवेगहरू उच्चतम तहमा रहेका हुन्छन् । किशोरावस्थाका पहिलो चरणमा बढी नकारात्मक संवेग देखापर्ने भए पनि उमेर बढ्दै जाँदा यस्ता संवेग कम भएर जान्छन् ।

किशोरकिशोरीले संवेग व्यवस्थापनका लागि एउटा स्थायी प्रकारको सहपाठी समूह बनाउने गर्छन् । यस्ता सहपाठी समूहले अस्वीकार गरेमा किशोरकिशोरीले विद्यालय छाड्ने, खराब कार्यहरू गर्नेलगायतका खतरा रहन्छ । त्यस्तै सहपाठी समूहकै कारणले विभिन्न कुलतमा फस्ने सम्भावना पनि उत्तिकै रहन्छ । त्यसकारण सकारात्मक प्रकारको सहपाठी सम्बन्धले मात्र किशोरकिशोरीहरूको संवेगात्मक स्वास्थ्य विकास गर्न सहयोग पुऱ्याउँछ ।

किशोरावस्थाको संवेग नियन्त्रणका लागि अभिभावक तथा शिक्षकहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । किशोरकिशोरीहरूलाई डर, त्रास देखाउने वा गाली गर्ने आदि गर्नुभन्दा उनीहरूलाई राम्ररी सम्झाउने उचित परामर्श दिने गर्नुपर्छ । त्यस्तै अभिभावक तथा शिक्षकहरूले किशोरकिशोरीको भलो मात्र चिताउने भएकाले किशोरकिशोरीले उनीहरूसँग सुमधुर सम्बन्ध राख्नुपर्छ । किशोरकिशोरीले अभिभावक तथा शिक्षकसँग आफ्ना समस्या तथा संवेग आदानप्रदान गर्दा आवश्यक परामर्श र सल्लाह सुझाव प्राप्त गर्न सक्छन् ।

## ५. किशोरावस्थामा संवेग व्यवस्थापन

किशोरावस्थाको संवेग व्यवस्थापन अरू कसैले गरिदिएर हुँदैन । यसका लागि किशोरकिशोरीहरू आफैँ सचेत भई विभिन्न उपाय अपनाउन सक्छन् । तल दिइएका उपायले पनि संवेग व्यवस्थापन गर्न सहयोग गर्छन् :

(क) आफूले अनुभूति गरिरहेको संवेग पहिचान गर्ने र त्यसलाई नियन्त्रण गर्ने

(ख) अरूले अनुभूति गरिरहेको संवेग सहानुभूतिपूर्वक पहिचान गर्ने र त्यसअनुसारको व्यवहार गर्ने

(ग) आफूले संवेगात्मक अनुभूति गरिरहेको समयमा पनि आफ्नो लक्ष्य प्राप्तिमा निरन्तर लागिरहने

(घ) असहज परिस्थितिमा चुपचाप बस्ने वा त्यहाँबाट भाग्ने गर्नुभन्दा त्यही रहेर सौहार्द्रपूर्ण कुराकानी गरी परिस्थितिलाई सहज बनाउने

(ङ) कसैले कुनै नराम्रो काम गर्न दवाब दिएमा त्यसलाई सम्मानपूर्ण भाषामा अस्वीकार गर्ने

(च) आफ्नो संवेगलाई शान्त पार्न विभिन्न वैकल्पिक क्रियाकलापहरू जस्तै : लामो लामो श्वास लिने, अन्यत्र ध्यान लगाउने, पानी पिउने आदि गर्ने

(छ) अरूहरूको संवेगलाई शान्त पार्न उनीहरूसँग समानुभूतिपूर्वक संवाद गर्ने

(ज) आफ्ना भावनालाई कल्पनामा उड्नबाट रोक्न अति महत्त्वाकाङ्क्षा नराख्ने

(झ) तत्कालको सानो फाइदामा लोभिएर दीर्घकालीन फाइदा गुमाउनबाट बच्न सोच विचार गरेर मात्र निर्णय लिने

## ६. किशोरावस्थामा संवेग नियन्त्रणका लागि योग र ध्यान

योग तथा ध्यानले किशोरावस्थाको संवेग नियन्त्रण सहयोग पुऱ्याउँछन् । योगाभ्यासमा प्राणायाम, आसन र आराम गर्ने तरिका सिकाइन्छ भने ध्यानमा कुनै एक कुरामा ध्यान केन्द्रित गरिन्छ । अनुलोमविलोम, भस्त्रिका, कपालभाति जस्ता प्राणायाम र भुजङ्गासन, मर्कटासन, धनुरासन, वज्रासन आदि आसन उपयोगी मानिएका छन् । ध्यान तथा योगाभ्यास गर्नाले निम्नलिखित फाइदा हुन्छन् :

ध्यान तथा योगाभ्यासले कुनै वस्तु वा विचारमा ध्यान केन्द्रित गर्ने क्षमता बढाउँछ ।

शारीरिक तथा मानसिक सचेतना बढाउँछ ।

चिन्ता, रिस जस्ता नकारात्मक संवेगलाई कम गराउँछ ।

दिमागलाई शान्त बनाई स्मरणशक्ति बढाउँछ ।

अनुशासित र नम्र बनाउँछ ।

आत्मबोध गर्ने क्षमता बढाउँछ ।

श्वासप्रश्वास प्रक्रियालाई सामान्यीकरण गरी एकनास बनाउँछ ।

अक्सिजनको अधिकतम उपयोग गराउँछ ।

शरीरलाई बढी लचकदार बनाउँछ ।

मांसपेसीको तनाव कम गराउँछ ।

शरीरको कार्यक्षमता बढाउँछ ।

*क्रियाकलाप*

१. नियमित रूपमा दैनिक कम्तीमा पाँचओटा योगासन र कम्तीमा तीनओटा प्राणायामको अभ्यास गर्नुहोस् । यसका लागि विज्ञ व्यक्तिहरूको सहयोग लिन वा समाजिक सञ्जालबाट भिडियो डाउनलोड गरी त्यसअनुसार अभ्यास गर्न सकिन्छ । यसले सुरुको पहिलो वा दोस्रो हप्तामा पारेको प्रभाव वा असर को अनुभव सुनाउनुहोस् र कक्षामा छलफल गर्नुहोस् ।

२. तलका घटना अध्ययन गरी यसमा गरिएका राम्रा र नराम्रा अभ्यासबारे छलफल गर्नुहोस् । तपाईँ त्यस्तो अवस्था भए के गर्नुहुन्थ्यो ? छलफल गरी निष्कर्ष निकाल्नुहोस् :

घटना १

रामविलास र फुर्वा असाध्यै मिल्ने साथी थिए । एक दिन उनीहरूबिच सानो कुरामा विवाद पऱ्यो । फुर्वाले रिस थाम्न सकेन । रिसको झोकमा उसले राविलासलाई गाली गऱ्यो । रामविलास अँध्यारो मुख लाएर केही समय त त्यहीँ बसेको थियो तर फुर्वाले गाली गर्न नछोडेपछि ऊ त्यहाँबाट हिँड्यो । फुर्वाले पछि गल्ती महसुस त गऱ्यो तर रामविलासलाई भेटेर माफी माग्न गएन । त्यस दिनपछि रामविलास विद्यालय आउनै छोड्यो ।

घटना २

माधुरी र सबनम पनि सँगै पढ्ने साथी हुन् । एक दिन सबनम विद्यालय आएकी थिइनन् । त्यसदिन करिस्मा र माधुरी सँगै बसेका थिए । करिस्माले सबनमका बारेमा के के नचाहिँदा कुरा माधुरीलाई बताइछ । भोलिपल्टदेखि माधुरीले सबनमसँग बोल्नै छोडी । सबनमले कुरा नै बुझ्न सकिन । उसलाई त्यो कुराले धेरै चिन्ता गरायो । केही दिनपछि ऊ विद्यालयमा अनियमित हुन थाली ।

*अभ्यास*

## १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) संवेग भन्नाले के बुझिन्छ ?

(ख) संवेग व्यवस्थापन भनेको के हो ?

(ग) किशोरावस्थामा किन सहपाठी समूह महत्त्वपूर्ण हुन्छ ?

(घ) योगाभ्यासमा के के पर्छन् ?

(ङ) संवेग व्यवस्थापन गर्ने कुनै पाँचओटा उपाय लेख्नुहोस् ।

(च) 'किशोरावस्थामा संवेग नियन्त्रणका लागि योगाभ्यास' शीर्षकमा एक सम्पादकीय तयार पार्नुहोस् ।

पाठ : १

# वर्तमान विश्वका सामाजिक विविधता र विशेषता

## १. सामाजिक विविधताको अवधारणा

समाजमा अनेक जातजाति, भाषा, धर्म, एवम् संस्कृति भएका थरी थरीका मानिसहरू सँगसँगै वसेको अवस्थालाई विविधताको अवस्था भनिन्छ। समाजमा रहेको विविधतालाई जनाउन नै 'सामाजिक विविधता' शब्दावली प्रयोग गरिन्छ। सामाजिक विविधताको अवधारणाले समाजमा रहेका विविध जाति, भाषा, धर्म, संस्कृति आदिलाई एउटै संरचनाका विशेष अङ्गका रूपमा चिनाउँछ। त्यस्तो पहिचानले समाजको विविधतापूर्ण स्वरूपलाई उजागर गरी सबै पक्षको समावेशीकरणमा मदत गर्छ।

सामाजिक विविधता विश्वको स्वाभाविक विशेषता हो । नेपाली समाज पनि एक विविधतापूर्ण समाज हो । नेपाललाई बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवम् बहुधार्मिक देश मानिएको छ । यसरी सामाजिक विविधता नेपालको र विश्वकै पनि विशेषता हो । विश्वमा धर्म, संस्कृति, भाषा र कलाका साथसाथै अन्य धेरै आयाममा विविधता रहेको छ।

समाजमा रहेका मानिसहरूका विचमा साझा विशेषता वा अलग विशेषता के के छन् भन्ने आधारमा विविधताको स्वरूप निर्धारण हुन्छ। वास्तवमा समाजमा एकता पनि हुन्छ र विविधता पनि हुन्छ । सामाजिक एकताको दृष्टिकोणवाट हेर्दा समाजमा रहेका अनेकौं अवयवहरू समान विशेषता हेरी साझापन उजागर गरिएको हुन्छ । सामाजिक विविधताको दृष्टिकोणबाट हेर्दा एउटै समाजमा रहेका अनेक अवयवहरूका अलग अलग विशेषता के के छन् भन्ने हेरिन्छ । सामाजिक विविधतावारे राम्रो जानकारी भयो भने सामाजिक एकताका लागि नीति बनाउन मदत मिल्छ। सामाजिक विविधताको ज्ञानले समाजको एउटा समुदायले अर्को समुदायसँग गर्ने व्यवहार थप संवेदनशील एवम् सम्मान पूर्ण हुने विश्वास गरिन्छ।

## २. सामाजिक विविधताका विभिन्न आयाम

मानव समाजमा विविधता हुने अनेकौं आयाम हुन्छन्। धार्मिक आस्था, संस्कृति, भाषा, प्रजाति, जाति, लिङ्ग, उमेर, रङ, पेसा, कला तथा अन्य विशेषताका आधारमा पनि समाजमा विविधता रहेको हुन्छ। यसरी सामाजिक विविधता एक वहुआयामिक अवधारणा हो। सामाजिक विविधताका अनेकौं आयाममध्ये अध्येताहरूले निम्नानुसारका पक्षमा धेरै परिचर्चा गरेको पाइन्छ :

### (क) धार्मिक आस्थाजन्य विविधता

समाजमा अनेक धार्मिक आस्था मान्ने मानिसहरू रहेको अवस्थालाई धार्मिक आस्थाजन्य विविधता भनिन्छ।

धार्मिक आस्थाजन्य पहिचानअन्तर्गत पनि थुप्रै सम्प्रदायहरू, समूहहरू तथा शाखाहरू हुन्छन्, मानिसहरू हिन्दु धर्मावलम्वीहरू शैव, वैष्णव, शाक्त, स्मार्त वा अन्य कुनै सम्प्रदायका हुन सक्छन् । बौद्ध धर्मावलम्वीहरू थेरवादी (हिनयानी), महायानी वा बज्रयानी सम्प्रदायका हुन सक्छन् । इस्लाम मान्नेहरू सुन्नी, शिया, अहमदिया वा अन्य सम्प्रदायहरूमा बाँडिएका छन् । क्रिस्चियन धर्म मान्नेहरू क्याथोलिक, प्रोटेस्टेन्ट वा अन्य सम्प्रदायहरूमा विभाजित छन् । अन्य धार्मिक आस्थाजन्य समुदायमा पनि आन्तरिक सम्प्रदाय र समूह प्रशस्त देखिन्छ ।

धार्मिक आस्थाजन्य विविधतालाई समाजको व्यावहारिक यथार्थ मानी आपसमा समन्वय गर्नु आवश्यक हुन्छ । संसारमा कतिपय देशहरूमा परापूर्व कालदेखि नै यस्ता विविधतामा समन्वयको परम्परा रहेको देखिन्छ । पहिले एकल धार्मिक आस्था भएका मानिसहरू मात्र बस्ने देशमा पनि अचेल बसाइँसराइको कारणले धार्मिक विविधताको अवस्था बढेको देखिन्छ । धार्मिक विविधतालाई समन्वय गर्न नसक्दा द्वन्द्व र गृहयुद्धको समस्यामा फसेका देशहरू पनि छन् । धार्मिक विविधताको समन्वय गर्नु राष्ट्रिय एकता, सामाजिक सामञ्जस्य एवम् विश्व शान्तिका लागि पनि आवश्यक छ । नेपालमा धार्मिक विविधताको समन्वय गर्ने राम्रो परम्परा रहेको छ । नेपालमा विभिन्न धर्म मान्ने मानिसहरू आपसमा मिलेर बस्ने धार्मिक सहिष्णुताको संस्कृति छ ।

### (ख) प्रजातीय तथा जातीय विविधता

समाजमा अनेक प्रजाति तथा जातिका मानिसहरू रहेको अवस्थालाई प्रजातीय तथा जातीय विविधता भनिन्छ । मानिसहरूलाई शारीरिक अवस्थाका आधारमा विभिन्न प्रजाति मानिन्छ । अफ्रिकाका मूल वासिन्दा मानिने कालो वर्णका मानिस र युरोपमा बढी सङ्ख्यामा रहेका गोरा मानिसको प्रजाति अलग अलग मानिन्छ । जातिको निर्धारण साझा भाषा, संस्कृति तथा इतिहासका आधारमा गरिन्छ । विश्वका कतिपय देशहरूमा जातीय विविधता धेरै देखिन्छ । कतिपय देशहरूमा जातीय विविधता कम रहेको इतिहास पनि पाइन्छ । एसियाली तथा अफ्रिकी राज्यहरूमा जातीय विविधताको लामो इतिहास छ । युरोपेली राज्यहरूमा जातीय विविधता हालसालै बढ्न थालेको देखिन्छ । देशको आकार सानो भए तापनि जातीय विविधता बढी हुन सक्छ । उदाहरणका लागि नेपाल र चीनको तुलना गरौँ । नेपाल भौगोलिक आकारमा सानो भए तापनि १ सय २५ जातीय समूहको यहाँ बसोबास छ । चीन भौगोलिक आकारमा ज्यादै ठुलो आकारको भए तापनि ५६ जातीय समूह मात्र छन् । तिनीहरूमध्ये एउटै समूह 'हान' को जनसङ्ख्या ९० प्रतिशतभन्दा पनि धेरै छ । यसरी चीनको तुलनामा नेपालमा जातीय विविधता धेरै छ भन्न सकिन्छ । युरोपमा आधुनिक राष्ट्रराज्यहरूको निर्माण हुँदा ब्रिटिसका लागि ब्रिटेन, फ्रेन्चका लागि फ्रान्स, जर्मनका लागि जर्मनी आदि बनाएको हुनाले जातीय विविधता कम थियो तर हालैका दशकमा ती देशहरूमा पनि जातीय विविधता बढिरहेको छ । वास्तवमा संसारभरि नै भइरहेको बसाइँसराइले जातीय विविधता सबैतिर बढ्दो छ ।

### (ग) भाषिक विविधता

समाजमा अनेक भाषा बोल्ने मानिसहरू रहेको अवस्थालाई भाषिक विविधता भनिन्छ । भाषिक विविधतालाई समाज तथा देशको महत्त्वपूर्ण सम्पदा मानिन्छ । भाषिक विविधता सम्वन्धित समाज

तथा देशको विविधतापूर्ण इतिहासको द्योतक हो । संसारमा कतिपय देशहरूमा अनेक भाषा बोल्ने मानिसहरू पहिल्यैदेखि रहेका थिए । पहिले एक भाषा मात्र बोल्ने मानिसहरू रहेका देशमा पनि अचेल भाषिक विविधता बढ्दो छ । संसारका सबै देशहरू क्रमशः बहुभाषिक बन्ने दिशातिर अग्रसर देखिन्छन् ।

भाषा मानिसको अभिव्यक्तिका माध्यमका साथै पहिचानको प्रमुख तत्त्व पनि मानिन्छ । भाषाले सामान्यतया मानिसहरूलाई जोड्ने कार्य गर्छ । विश्वका अनेकौँ देशमा बसाइँसराइ गरेका नेपाली मूलका मानिसहरूलाई नेपाली भाषाले जोडेको उदाहरण छ । नेपालको बहुभाषिक विशेषतालाई सम्मान गर्दै नेपाली भाषाले फरक फरक भाषाभाषीहरूलाई आपसमा प्रभावकारी सञ्चारका लागि अवसर बढाएको छ । भाषिक विविधता भएको समाजमा भाषाका आधारमा हुने विभिन्न पहिचानहरूको सामञ्जस्य आवश्यक हुन्छ । कुनै पनि देशको राष्ट्रिय एकता र समतामूलक विकासका लागि भाषिक विविधतालाई सम्मान, संरक्षण र प्रवर्धनका साथसाथै विभिन्न भाषिक समुदायहरूको समन्वय गर्न आवश्यक हुन्छ ।

### (घ) सांस्कृतिक विविधता

संस्कृति कुनै पनि समाजको आधारभूत पक्ष हो । संस्कृतिले समाजका मानिसहरूलाई जोड्ने र साझा पहिचान दिने मानिन्छ । एउटै समाजमा विभिन्न संस्कृतिहरू रहेको अवस्थालाई सांस्कृतिक विविधता भनिन्छ । सांस्कृतिक विविधताको अवस्था अनेकौँ कारणले पैदा भएको हुन्छ, समाजमा जाति, भाषा, धर्म आदिमा विविधता हुँदा त्यसले सांस्कृतिक विविधता पनि बढाउँछ । जाति, भाषा, धर्म आदिमा विविधता कम छ भने सांस्कृतिक विविधता पनि कम नै हुन्छ । नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिकका साथसाथै बहुसांस्कृतिक देश हो । वैश्विक तहमा हेर्ने हो भने त सांस्कृतिक विविधता झन् धेरै छ । बसाइँसराइ, शिक्षा, व्यापार, पर्यटन, मिडियामा पहुँच आदि कारणले सांस्कृतिक विविधता बढ्दो क्रममा छ । सांस्कृतिक विविधतालाई समन्वय गरी समाजमा सामञ्जस्य कायम राख्नु आवश्यक हुन्छ ।

### (ङ) कला

कला पनि सामाजिक विविधताको एउटा मुख्य आयाम हो । कलाअन्तर्गत चित्रकला, मूर्तिकला, स्थापत्य, सङ्गीत, नृत्य, साहित्य, नाटक, व्यावसायिक कला आदि अनेकौँ क्षेत्रहरू छन् । कुनै पनि समाजको संस्कृतिका महत्त्वपूर्ण अवयवका रूपमा समाजमा प्रचलित कलाहरू रहेका हुन्छन् । विविध कलाले समाजलाई समृद्ध बनाउँछन् । समाजको वा देशको मौलिक पहिचान निर्माण गर्नमा कलाको पनि प्रमुख भूमिका हुन्छ ।

प्रविधिको विकाससँगै रेडियो, चलचित्र, टेलिभिजन तथा विभिन्न सामाजिक सञ्जालमार्फत कलाको प्रस्तुति र प्रचार प्रसारको दायरा निकै बढेको छ । वर्तमान विश्वमा एकातिर मौलिक कलाका पक्षमा अभियानहरू चलेका देखिन्छन् भने अर्कोतिर अर्को समाज वा अर्को देशका कलालाई मन पराउने, सिक्ने र त्यसलाई आफ्नो कार्यक्षेत्र बनाउने प्रचलन पनि बढ्दो छ । समाज वा देशभित्रै कला क्षेत्रको आन्तरिक विविधता सँगसँगै आयातित कलासँगको अन्तरसम्बन्धले सामाजिक विविधतामा प्रभाव पारेको हुन्छ ।

माथि उल्लेख गरिएका जाति, भाषा, धर्म, संस्कृति र कलाका साथै लैङ्गिक विविधता र अपाङ्गता वा

फरक क्षमताजन्य विविधतालाई पनि सामाजिक विविधताका महत्त्वपूर्ण पक्षहरू मानिन्छ ।

## ३. वर्तमान विश्वमा विविधताको एक झलक

संसारमा करिव ६ सय ५० जातीय समुदायहरू रहेका छन् । त्यस्तै ४ हजार ३ सय धार्मिक आस्थाजन्य सम्प्रदायहरू रहेका छन् । संसारमा करिब ७ हजार १ सय भाषाहरू रहेका छन् । अहिलेको विश्व परिवेश बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक एवम् बहुजातीय छ । संसारैभरि आन्तरिक तथा अन्तरराष्ट्रिय बसाइँसराइ भइरहेको छ । रोजगारी, व्यापार, शिक्षा तथा पर्यटन प्रयोजनका लागि एक ठाउँबाट अर्को ठाउँमा अल्पकालीन बसोबासका लागि जाने मानिसहरूको सङ्ख्या झन् धेरै छ ।

बेलायतको लन्डन सहरका बासिन्दाहरू बारे सन् २०२१ मा गरिएको एक अध्ययनले त्यहाँ हाल करिब २ सय ७० प्रकारका जातिका मानिसहरू बस्ने र तिनीहरूले करिब ३ सय प्रकारका भाषाहरू बोल्ने तथ्य उजागर भएको छ । तिनीहरूका प्रजातीय पहिचानमा पनि विविधता छ । धार्मिक आस्थाका हिसाबले पनि उनीहरू सयौँ प्रकारका आस्था पद्धतिमा विभाजित छन् । मूल रूपमा कुन देशबाट बसाइँसराइ गरेका हुन् भन्ने आधारमा पनि विविधता छ । लन्डन सहर त एउटा उदाहरण मात्र हो ।

चाहे स्थायी बसोबासका लागि होस् वा अस्थायी बसोबासका लागि होस्, जब मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा जान्छन् तब साथमा आफ्ना धार्मिक आस्था, भाषा, संस्कृति, कला, वेशभूषा आदि पनि लिएर जान्छन् । यसले विविधताको अवस्थालाई बढाउँछ । बसाइँसराइ नभएको अवस्थामा पनि विश्वका विभिन्न भूभागका मानिसहरू धार्मिक आस्था, अर्थतन्त्र, राजनीति, विचारधारा आदिका कारणले एकआपसमा अन्तरसम्बद्ध हुन्छन् । प्रविधिका कारणले विभिन्न तह र आयामबाट बनाउन सकिने सञ्जालहरूले संसारका टाढा टाढाका मानिसहरू आफ्ना आफ्ना घरमा बसेर पनि आपसमा भर्चुअल समुदायमा जोडिएका छन् । आजको युगमा विविधता वास्तविक विश्व र भर्चुअल जगत् दुइटैमा विद्यमान रहेको यथार्थ हो ।

विविधताको अवस्था जति बढ्छ उति नै विविधताको समन्वयको आवश्यकता पनि बढ्छ । विविधतालाई समन्वय गर्न एवम् सामञ्जस्य स्थापित गर्न नसकिएमा द्वन्द्व बढ्छ । फुटबल प्रतियोगिता हुँदा फरक फरक क्लबका प्रशंसकहरूको द्वन्द्व भयो भने त समस्या पर्छ भने धर्म, संस्कृति, जाति, भाषा, कला, राष्ट्रियता जस्ता कुराहरू द्वन्द्वका बहाना बने भने धेरै जटिल समस्या आइपर्छ । द्वन्द्व व्यवस्थापन र शान्तिको प्रवर्धनका लागि विविधतालाई कसरी सम्बोधन गर्ने भन्ने समुचित नीति नभई हुँदैन । विविधताको समन्वय वर्तमान विश्वको आवश्यकता हो ।

### क्रियाकलाप

१. नेपालमा बोलिने भाषाहरूमध्ये जनसङ्ख्याका आधारमा धेरैले बोल्ने १० ओटा भाषाहरू कुन कुन हुन् जानकारी लिनुहोस् । आफ्नो कक्षामा कुन कुन भाषाभाषीको उपस्थिति छ, सोधखोज गर्नुहोस् । कक्षामा उपस्थित विद्यार्थीमा एक जनाले कतिओटासम्म भाषा बोल्न सक्ने क्षमता रहेछ भन्ने सामूहिक छलफल गरी पत्ता लगाउनुहोस् ।

२. नेपाल बहुधार्मिक देश हो भनेर संविधानमा पनि लेखिएको छ । नेपालमा कुन कुन धर्म मान्ने व्यक्तिहरू रहेका छन् भन्ने तथ्याङ्क प्रस्तुत गरी धार्मिक सहिष्णुताको आवश्यकता कायम राख्ने उपाय सम्वन्धमा कक्षामा सामूहिक छलफल गर्नुहोस् र निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

### अभ्यास

**तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) सामाजिक विविधता भन्नाले के बुझिन्छ ? उदाहरणसहित चर्चा गर्नुहोस् ।

(ख) वर्तमान विश्व विविधतापूर्ण छ भन्ने तथ्य उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

(ग) सामाजिक विविधतालाई समन्वय गर्नु किन आवश्यक छ ?

(ग) 'सामाजिक विविधता र एकता' आजको आवश्यकता भन्ने शिर्षक एक लेख तयार पार्नुहोस् ।

### परियोजना कार्य

विश्वमा जनसङ्ख्याका आधारमा धेरै जनसङ्ख्या भएका १० ओटा जातीय समुदायहरू, धेरैले बोल्ने १० ओटा भाषाहरू र धेरै धर्मावलम्बी रहेका १० ओटा धर्मबारे जानकारी लिनुहोस् । उक्त तथ्याङ्कलाई छुट्टाछुट्टै तालिकामा राखी वर्तमान विश्वको विविधतालाई उजागर गर्ने एउटा प्रस्तुति तयार पार्नुहोस् ।

पाठ : २

# सामाजिक सम्बन्धहरूको विकास र सामाजिक अन्तर निर्भरता

## १. सामाजिक सम्बन्धको विकास

समाज व्यक्ति व्यक्ति मिलेर बनेको हुन्छ । व्यक्तिलाई समाजको आधारभूत एकाइ मानिन्छ । परिवार समाजको आधारभूत संस्था हो । समाजमा विविध संरचना तथा संस्थाहरू रहेका हुन्छन् । समाजमा धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा अन्य प्रकारका संस्थाहरू पनि हुन्छन् । सामाजिक सम्बन्धमा परिवार, कुल, कुटुम्ब, समुदाय र समाजका तहमा संरचनाहरू रहेका हुन्छन् । साथै राष्ट्रिय र वैश्विक संरचनाहरूको पनि समाजमा प्रभाव परेको हुन्छ ।

परिवार, कुल, कुटुम्ब, ग्राम, गण आदि संरचनाहरू राज्यको तुलनामा निकै प्राचीन हुन् । सामाजिक र राजनीतिक संस्थाहरूको क्रमिक विकासबारे जानकारी वेद एवम् वैदिक वाङ्मयमा भेटिन्छ । सामाजिक एवम् राजनीतिक संरचनाबारे वैदिक वाङ्मयमा गरिएका चिन्तनमा व्यक्ति र दम्पतिको अस्तित्त्वलाई सामाजिक सम्बन्धको प्रारम्भ मानिएको देखिन्छ । अथर्ववेदका अनुसार, सबैभन्दा पहिले बनेको संस्था परिवार थियो । विवाह, दाम्पत्य जीवन र परिवारसम्बद्ध मन्त्रहरू ऋग्वेदमा पनि प्रशस्त छन् । परिवार संस्थालाई अथर्ववेदमा 'गार्हपत्य' भनिएको छ । दाम्पत्य जीवन एवम् परिवारको अस्तित्त्वले निजी सम्पत्तिको प्रावधानलाई जन्म दियो । गार्हपत्य वा पारिवारिक सङ्गठनपछि आहवनीय संस्थाको विकास भयो । आहवनीय शब्दको अभिप्राय आह्वान गरिएको अवस्थामा जम्मा हुने संस्था वा सङ्गठन हो । सम्भवत: आहवनीय भनेको ग्राम सङ्गठन (गाउँ सभा) जस्तो संस्था थियो । आहवनीय संस्थापछि दक्षिणाग्नी संस्थाको विकास भयो । यो जनपद तहको संस्थाका रूपमा देखिन्छ, जहाँ ग्रामका प्रतिनिधिहरू एकत्र हुन्थे । जनपदको साझा पहिचानलाई 'गण' भनिएको बुझिन्छ ।

ऋग्वेदमा विदथको उल्लेख छ । यो महिला र पुरुष दुवै सहभागी हुने संस्था थियो । परिवार वा कुलको सदस्य सङ्ख्या धेरै भएको अवस्थामा सबै परिवारजन एकै स्थानमा भेला भई महिला र पुरुषको समान सहभागितामा पारिवारिक विषयवस्तुमा विचार विमर्श गर्ने, उपभोग्य वस्तुको वितरण गर्ने, क्रीडा गर्ने, धार्मिक क्रियाकलाप गर्ने एवम् युद्धको तयारी गर्ने संस्था विदथ थियो भन्ने अध्येताहरू बताउँछन् । यो अथर्ववेदको गार्हपत्य र आहवनीय संस्थाहरूसँग तुलनीय देखिन्छ ।

ऋग्वेदमा 'जन्मन', 'विश' र 'जन' को पनि उल्लेख छ । 'जन्मन' लाई गोत्र अर्थात् एउटा परिवारको गोष्ठी भन्न सकिन्छ । त्यस्ता कतिपय 'जन्मन' हरू मिलेर 'विश' बन्थ्यो र 'विश' हरू मिलेर 'जन' बन्थ्यो । सभा, समिति, परिषद्, सेना आदि पनि वेद संहितामै उल्लिखित छन् । यसरी परिवार, ग्राम,जनपद हुँदै सभा र समिति जस्ता राष्ट्रिय संस्थाहरूको उद्भव र विकास भएको देखिन्छ । वैदिक वाङ्मयमा 'राष्ट्र' भनेको राजनीतिक रूपले सङ्गठित जन (वा विश:) लाई जनाउने संज्ञा हो । राज्यकोअस्तित्त्वले राष्ट्रियताको भावना आउँछ र समिति, सभा, परिषद्, सेना, राजाको वा गण मुख्यको चयन र राज्याभिषेकबारे वेद संहिता एवम् ब्राह्मण ग्रन्थहरूमा धेरै सामग्री पाइन्छ ।

महाभारत ग्रन्थको शान्तिपर्वबाट थाहा हुन्छ कि अतिप्राचीन कालमा राज्य, राजा, दण्ड (आजको परिप्रेक्ष्यमा कानुन) थिएनन् । सम्पूर्ण प्रजा धर्मद्वारा नै परस्परको रक्षा गर्थे एवम् सबै मनुष्य (नर) हरू धर्मद्वारा नै परस्पर पालित र पोषित हुन्थे भनिएको छ । समयक्रममा राज्यको विकास भयो । पहिल्यैदेखि विद्यमान परिवार, कुल, कुटुम्ब, ग्राम, गण आदि संरचनाहरूलाई मानेर नै राज्य अघि बढेको देखिन्छ ।

पाश्चात्य चिन्तन परम्परामा सामाजिक सम्बन्ध र सामाजिक संस्थाहरूको विकास कसरी भयो भन्नेबारे अनेकौँ मतहरू छन् । कुनै मतले ईश्वरीय इच्छाले समाज बनेको बताउँछन् । कुनै मतले अराजकताबाट बच्न प्राचीन कालमा मानिसहरूले आपसी सम्झौताबाट सामाजिक तथा राजनीतिक संरचनाहरू निर्माण गरेको मान्छन् । केही उत्पादनका साधनहरूमा स्वामित्वको कारणले परिवार तथा अन्य सामाजिक संरचनाहरू निर्माण भएको तर्क गर्छन् । व्यक्ति, परिवार र समाज आपसमा सम्बद्ध एकाइहरू हुन् भन्नेमा सबै मतहरूको धारणा मिल्छ ।

## २. व्यक्तित्वका आधार, व्यक्तिका कर्तव्य र अधिकार

कुनै पनि व्यक्तिको व्यक्तित्व कस्तो हुन्छ भन्ने कुरामा देश, काल (समय) तथा परिस्थितिको प्रत्यक्ष प्रभाव परेको हुन्छ भन्ने मान्यता देखिन्छ । यसमा समाजका सबै सदस्यहरूले पालना गर्नुपर्ने साधारण कर्तव्य र व्यक्तिको पात्रता, जिम्मेवारी र आवश्यकताअनुसार निर्धारण हुने कर्तव्यको समष्टिबाट व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । यसलाई व्याख्या गर्न वैदिक हिन्दु, बौद्ध तथा जैन धर्म दर्शनमा साधारण धर्म र विशेष धर्मको अवधारणा रहेको पाइन्छ । साधारण धर्म भन्नाले विश्वभरिका सबै मानिसका लागि लागू हुने नीति नियमहरू मानिन्छन् भने विशेष धर्म भन्नाले व्यक्तिको व्यक्तित्व, समय, स्थान, परिवेशलगायतका कुराहरू परिवर्तन हुँदा फरक पर्न जाने नीति नियमहरू मानिन्छन् ।

व्यक्तित्वको निर्माणमा चरित्रलाई धेरै महत्त्व दिइएको छ । संस्कार, संस्कृति र सदाचारको पालनाले असल पात्रता हुने र कर्तव्यको पालनाले अधिकार प्राप्त हुने मान्यता देखिन्छ । मानिसको चोला पाएपछि जीवनको अन्तिम लक्ष्य मोक्ष हो भन्ने उपदेश हिन्दु र जैन शास्त्रहरूको छ र बौद्ध मतमा निर्वाणलाई परम् लक्ष्य मानिएको छ । हिन्दु जीवन पद्धतिमा जीवात्माको स्थूल, सूक्ष्म र कारण शरीर हुने र जीवनमा धर्म, अर्थ, काम र मोक्ष (पुरुषार्थ चतुष्टय) को लक्ष्यअनुसार कर्म गर्नुपर्ने उपदेश रहेको छ ।

समाजमा रहेका व्यक्तिहरूको आपसी सम्बन्धका विभिन्न आयाम हुन्छन् । सामाजिक व्यवहारमा नेपाली संस्कृति समष्टि प्रधान रहेको छ भने आध्यात्मिक प्रयोजनमा यो सदैव व्यष्टि-केन्द्रित रहेर (वैयक्तिकता प्रधान) चिन्तन गर्छ । सामाजिक व्यवहारमा समाजलाई प्राथमिकता दिने र आध्यात्मिक व्यवहारमा व्यक्तिलाई प्राथमिकता दिने गरिएकामा समुचित कारण छ । एक जनाको कारणले सारा समाजलाई हानि पुग्छ वा फाइदा पनि हुन्छ; किनकि समाजका सदस्यका रूपमा हरेक व्यक्ति व्यक्ति अन्तरनिर्भर र सम्बद्ध छन् । आध्यात्मिक प्रयोजनमा यस्तो हुँदैन । प्रत्येक जीवात्मा मोक्ष वा पतनका लागि आफूमात्र जिम्मेवार हुन्छ । परलोकमा आमाबुबा श्रीमती सन्तान वा हितैषी मित्रजनहरू कोही पनि साथमा हुँदैनन्, केवल धर्म मात्र साथमा हुन्छ भन्ने मान्यता आध्यात्मिक सोचमा हुन्छ । त्यसैले आध्यात्मिक सन्दर्भमा व्यक्तिलाई पूर्ण वैयक्तिक स्वतन्त्रता दिइएको हुन्छ । कर्तव्य पूरा गरेर अधिकार प्राप्त गर्नुपर्छ भन्ने मान्यता नेपाली समाजको विशेषता हो ।

व्यक्तित्व निर्माण र मानव जीवनको लक्ष्यबारे मानिसका दृष्टिकोणमा परिवर्तन आइरहेको पनि देखिन्छ। शिक्षामा पहुँच, प्रविधिको प्रयोग तथा कानुनको शासनका कारणले व्यक्ति, परिवार र समाजमा पनि ठुलो प्रभाव परेको छ । साथै वैश्वीकरण र वैश्वस्थानीकरणका कारणले पनि समाजमा धेरै परिवर्तन आएको छ । शिक्षा, स्वास्थ्य, यातायात र पेसामा नयाँ नयाँ विकल्पहरू मानिसले पाएका छन् । मनोरञ्जनका साधन र तरिका पनि परिवर्तनशील छन् । सामाजिक संस्थाहरूसँगको अन्तरक्रिया पहिले जस्तो प्रकृतिको थियो, त्यो पनि अहिले परिवर्तन भएको छ ।

युरोपेली सभ्यतामा व्यक्ति र समाजको सम्बन्धबारे दुई बिलकुल विपरीत मान्यताहरूको सङ्घर्ष देखिन्छ । त्यहाँ एकातिर व्यक्तिलाई केन्द्रमा राख्ने वैयक्तिकतावादी दृष्टिकोण देखिन्छ भने अर्कातिर सामाजिक तथा राजनीतिक संरचनालाई बढी महत्त्व दिने समुदायवादी दृष्टिकोण रहेको छ । ती दुईमध्ये कुन विचारधारा अवलम्बन गरिएको हो, सोहीअनुसार सामाजिक सम्बन्धको स्वरूपमा फरक पर्ने हुन्छ । नेपाली संस्कृतिमा समन्वय एवम् सामञ्जस्यलाई जोड दिइने हुनाले युरोपेली सन्दर्भको जस्तो व्यक्तिवादी वा समुदायवादी भन्ने दुई विधा विभाजन छैन । सामाजिक व्यवहारमा समाजलाई प्राथमिकता दिने र आध्यात्मिक व्यवहारमा व्यक्तिलाई प्राथमिकता दिने पद्धति यहाँ रहिआएको देखिन्छ। आधुनिक युगमा व्यक्तित्व निर्माणमा विज्ञान आधारित शिक्षा, प्रविधि केन्द्रित सिप, बजार निर्देशित उपभोग र सूचना तथा मनोरञ्जनका लागि मिडियामा निर्भरता जस्ता कारणहरू बढी निर्णायक बन्दै गएको बताइन्छ। सामाजिक सञ्जालमा सहभागिता र त्यहाँ हुने अन्तरक्रियाले पनि व्यक्तित्वमा प्रत्यक्ष प्रभाव पारिरहेको देखिन्छ । सामाजिक सम्बन्ध विकास र सामाजिकीकरणमा व्यक्तिको व्यक्तित्त्व, उसको सामाजिक सहभागिता, शिक्षा, प्रविधिको पहुँच, सञ्चारको प्रभावकारी भूमिका रहन्छ ।

## ३. परिवार र पारिवारिक आदर्श

समाजको आधारभूत एकाइ व्यक्ति हो भने आधारभूत संस्था परिवार हो। कुनै पनि समाजमा सामाजिक सम्बन्धहरूको विकास कस्तो हुने भन्ने उक्त समाजमा परिवार संस्थाको कस्तो स्वरूप र भूमिका छ त्यसले प्रभाव पार्छ । सामाजिकीकरण एवम् संस्कृतिकरणमा पनि परिवारको प्राथमिक भूमिका हुन्छ। एउटा परिवार र अन्य परिवारहरूको सम्बन्ध कस्तो हुने भन्ने सवालबाट नै वास्तवमा सामाजिक सम्बन्धको चिन्तन प्रारम्भ हुने हो । परिवारको स्वरूप, उद्देश्य र पद्धति कस्तो हुने भन्नेमा समाज पिच्छेका मौलिक मान्यताहरू हुन्छन् । एउटा आदर्श परिवार कस्तो हुनुपर्छ भन्ने मान्यताको निर्धारणमा धर्म, संस्कृति, दर्शन, अर्थतन्त्रको ढाँचा आदिको प्रत्यक्ष प्रभाव परेको हुन्छ।

परिवार कस्तो हुनुपर्छ भन्ने कुरालाई पारिवारिक आदर्श भनेर जनाइन्छ। पारिवारिक आदर्शबारे प्राचीन कालदेखि नै चिन्तन हुँदै आएको छ । हिन्दु समाजमा समाज र राष्ट्रका लागि परिवारको महत्त्वलाई गृहस्थाश्रमको महिमामार्फत् बताइएको छ । सबै प्राणीलाई बाँच्नका लागि प्राणवायुको महत्त्व छ । समाजका अन्य आश्रमका लागि गृहस्थाश्रमको पनि त्यस्तै स्थान छ । संस्कारको प्राथमिक प्रयोग परिवारमै हुने हो । व्यक्तिको जीवनशैली, सोच, दृष्टिकोण, चरित्रको निर्माणमा परिवारको पहिलो प्रभाव पर्छ । आधुनिक युगमा व्यक्तित्व तथा जीवनको उद्देश्यबारे दृष्टिकोणमा आएका परिवर्तनले पारिवारिक आदर्शको मान्यतामा पनि परिवर्तन आएको देखिन्छ । आर्थिक सम्बन्ध तथा रोजगारीका

तरिका, सामाजिकीकरणका पद्धति र विश्वदृष्टिकोणमा आएको परिवर्तनले परिवारको संरचना र पारिवारिक आदर्श बारेको सोचाइमा फरक पार्छ। आफ्नै पुर्ख्यौली ठाउँमा कृषि पेसामा रहने मानिसहरूको पारिवारिक संरचना, जागिर वा मजदुरीका लागि सहरमा डेरा गरी बसेका मानिसहरूको पारिवारिक संरचना र वैदेशिक रोजगारीका लागि विदेशिएका मानिसहरूको पारिवारिक संरचनामा केही अन्तर पर्छ । स्वसंस्कृतिकरण र परसंस्कृतिकरणको द्वन्द्वले पनि पारिवारिक आदर्श दृष्टिकोणमा अन्तर पर्छ । मानव समाजका लागि परिवार निकै महत्त्वपूर्ण संरचना भएको हुनाले यसको संरक्षणलाई विशेष प्राथमिकता दिनुपर्ने अध्येताहरू बताउँछन् ।

## ४. सामाजिक अन्तरनिर्भरता

सामाजिक संरचनाको आधारभूत एकाइ व्यक्ति र परिवार हुन् । त्यसपछिको संरचना कुल हो । आफ्नो कुलका मानिस र आफन्तहरूसहितको समुदायलाई कुटुम्ब भनिन्छ । सामाजिक राजनीतिक हिसाबले सबैभन्दा सानो एकाइ ग्राम मानिएको देखिन्छ । विदुर नीतिमा कुलभन्दा ग्राम ठुलो एकाइ रहेको बताउने श्लोक रहेको छ । चाणक्य नीतिको एउटा श्लोकले कुलभन्दा ग्राम ठुलो एकाइ रहेको र एउटा ग्राममा अनेक कुलहरू रहने देखाउँछ । ग्रामभन्दा जनपद ठुलो एकाइ थियो । 'कुल' जन्मसँग सम्बद्ध र 'गण' जनपदसँग सम्बद्ध रहेको थियो ।

प्राचीन सामाजिक संरचना बहुआयामिक देखिन्छ । परिवार, कुल र कुटुम्बको अन्तरसम्बद्धता महत्त्वपूर्ण मानिन्थ्यो । साथै ग्राम र जनपदमा रहेका अन्य कुलसँगको सम्बन्ध र सामाजिक अन्तरनिर्भरता पनि कम महत्त्वको थिएन। गोष्ठी (गुठी) जस्ता संरचनाले सामाजिक अन्तरनिर्भरतालाई व्यवस्थित गर्थे। गुरुकुल तथा आश्रमहरूले विभिन्न कुल, विभिन्न ग्राम, विभिन्न जनपद र ज्यादै टाढा रहेका देशहरूका मानिसलाई आपसमा संवाद र सहकार्य गर्ने अवसर सिर्जना गर्थे। धार्मिक आस्थाअनुसारका सम्प्रदायहरूको पनि समाजमा ठुलो महत्त्व थियो। शिल्पीहरूको श्रेणी र व्यापारीहरूको निगम तथा पूग नामका संस्थाहरू, सार्थ समवाय, संव्यावहारिक, सम्भूय समुत्थान नामका ठुला व्यापारिक संस्थाहरूले पनि सामाजिक संरचनामा प्रत्यक्ष प्रभाव पार्थे। प्राचीन राजनीतिक संरचना राज्य र राष्ट्र मण्डलको पनि सामाजिक अन्तरनिर्भरतामा प्रभाव रहन्थ्यो ।

मानिस सामाजिक प्राणी भएको हुनाले सृष्टिको उषाकालदेखि सामाजिक अन्तरनिर्भरता मानव जीवनको स्वाभाविक पाटो हो भन्न सकिन्छ। सामाजिक अन्तरनिर्भरतालाई व्यवस्थित गर्न प्राचीन कालमा वर्ण र आश्रमको व्यवस्था गरिएको थियो । गुण र कर्मका आधारमा वर्णको व्यवस्था गरिएको थियो भने उमेर अवस्थाअनुसार आश्रमको व्यवस्था गरिएको थियो । वर्ण व्यवस्थामा शिक्षादीक्षा एवम् ज्ञानमा केन्द्रित रहने समूह, शासन प्रशासन, व्यवस्थापन र आवश्यकताअनुसार युद्धमा भाग लिने समूह, कृषि, पशुपालन, शिल्प, व्यापार आदि कार्य गर्ने समूह र सेवामूलक कार्य गर्ने समूह गरी चार समूहहरू थिए।

प्राचीन कालमा जस्तै आधुनिक कालमा पनि सामाजिक अन्तरनिर्भरता कायमै छ । तर सामाजिक संरचना र सामाजिक अन्तरनिर्भरताको स्वरूपमा धेरै परिवर्तन आएको छ। मानवअधिकार, मानवतावाद, सहृदयता दर्शन आदिको अवधारणाले समतामूलक अन्तःसम्बन्धलाई जोड मिलेको छ । वास्तवमा सामाजिक अन्तरनिर्भरता बढेको देखिन्छ । प्राचीन कालमा समुदाय तथा समाजहरू आर्थिक हिसावले

आत्मनिर्भर थिए भने आधुनिक कालमा पारस्परिक निर्भरता बढेको छ । अन्तर्राष्ट्रिय व्यापार, पर्यटन, वैदेशिक रोजगारी आदिले पारस्परिक निर्भरतालाई बढाएको छ । यातायातका साधनको विकास, प्रविधिका कारणले उपलब्ध सञ्चार र अनलाइन कारोबारको सुविधा, उपभोगवादका कारणले बढेको आयात निर्यात आदि विचार गर्दा सामाजिक अन्तरनिर्भरता झन् झन् विस्तारित भएको छ । धार्मिक आस्थाजन्य एवम् सम्प्रदायमा आधारित संस्थाहरू र अन्य सामाजिक तथा सांस्कृतिक संस्थाहरू पनि मानिसहरूका अन्तर्निर्भरताकै द्योतक हुन् । राजनीतिक दल, गैरसरकारी सङ्गठनहरू, व्यापारिक संस्थाहरू, व्यावसायिक सङ्गठनहरू तथा पैरवी समूहहरूले पनि सामाजिक अन्तरनिर्भरतामा प्रत्यक्ष प्रभाव पार्छन् । अन्तर्राष्ट्रिय सम्बन्ध, संयुक्त राष्ट्रसङ्घ र यसका विभिन्न निकायहरू जस्ता वैश्विक सङ्गठनहरू, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) जस्ता क्षेत्रीय सङ्गठन, अन्तराष्ट्रिय गैरसरकारी संस्था आदि पनि वर्तमान युगमा सामाजिक अन्तरनिर्भरतालाई प्रवर्धन गर्ने समुदाय, क्षेत्र, राष्ट्र हुँदै अन्तराष्ट्रिय तह सम्म कायम हुन गएको वर्तमान यथार्थता आजको समयको माग हो ।

### *क्रियाकलाप*

१. **विद्यालयका शिक्षकमध्ये सबैभन्दा जेष्ठ शिक्षकलाई कक्षामा निमन्त्रणा गरी उहाँको जीवनमा परिवार र आफन्तहरूको सहयोगले सफलता हासिल गर्न कसरी मदत पुग्यो भन्नेबारे अन्तरक्रिया गर्नुहोस् ।**

२. **सामाजिक अन्तरनिर्भरता अहिलेको आवश्यकता हो भन्ने शीर्षकमा कक्षामा वक्तृत्वकला प्रतियोगिता संञ्चालन गर्नुहोस् ।**

### *अभ्यास*

### तलका प्रश्नको उत्तर दिनुहोस् :

१. **गार्हपत्य, आहवनीय र विदथ भन्नाले के के बुझिन्छ ?**

२. **वैयक्तिकतावादी, दृष्टिकोण र समुदायवादी दृष्टिकोणमा के भिन्नता रहेको छ ? नेपाली संस्कृतिमा तिनीहरूको समन्वय कसरी गरिएको छ ?**

३. **सामाजिक अन्तर्निर्भरता भन्नाले के बुझिन्छ ? उदाहरणसहित चर्चा गर्नुहोस् ।**

४. **सामाजिक सम्बन्धले सामाजिक अन्तरनिर्भरता वृद्धि गर्न मदत गर्छ । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।**

### *परियोजना कार्य*

आफ्नो बासस्थान रहेको पालिकामा मनाइने मुख्य चाडपर्व, जात्रा, मेला, उत्सव आदि बारे अध्ययन एवम् सोधखोज गर्नुहोस् । त्यस्ता क्रियाकलापमा सामाजिक अन्तर्निर्भरता कसरी रहेको हुन्छ भन्ने तथ्य पनि विश्लेषण गरी प्रस्तुति तयार पार्नुहोस् ।

पाठ : 3

# जीवन दर्शन, सामाजिक मूल्य मान्यताहरू र सामाजिक व्यवहार

## १. दर्शन र जीवन दर्शनको परिचय

दर्शन भन्नाले प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनासम्बन्धी विवेचन गरिने र विश्लेषण हो । दर्शन, ज्ञान, आध्यात्मिक तथा भौतिक वस्तुको चिन्तन वा विश्लेषण पनि हो । दर्शन संस्कृत शब्द हो । संस्कृत भाषामा 'दृश्' धातुमा 'अन' प्रत्यय लागेर 'दर्शन' शब्द बन्छ । सामान्यतया दर्शन भनेको हेर्ने वा देख्ने कार्य हो । संस्कृतमा जसका माध्यमबाट तत्त्वको साक्षात्कार हुन्छ अथवा आफूले खोजेको कुरा पाउन मदत मिल्छ, त्यही दर्शन हो भनिएको पाइन्छ । विशेष अर्थमा दर्शन भन्नाले विशेष प्रकारको विद्या वा ज्ञानको एक विधालाई जनाइन्छ ।

दर्शन विधालाई अङ्ग्रेजी भाषामा फिलोसफी भनिन्छ । फिलोसफी शब्द ग्रिक भाषाको फिलोसफिया शब्दबाट आएको हो । जसको अर्थ ज्ञानको प्रेम वा ज्ञानप्रतिको अनुराग हुन्छ । अङ्ग्रेजी भाषाको फिलोसफी शब्दको तुलनामा संस्कृत भाषाको दर्शन शब्दको अर्थ ज्यादा विस्तृत देखिन्छ तर सामान्यतया यी दुई शब्दहरूलाई समानार्थक मानेर प्रयोग गर्ने प्रचलन स्थापित भएको छ ।

दर्शन वा दर्शनशास्त्र ज्ञानको एक विधा हो । ज्ञानका विधा छन् । गणित, भौतिकशास्त्र, जीवशास्त्र, वनस्पतिशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र आदि । दर्शनशास्त्र पनि ज्ञानको एक विधाका रूपमा अध्ययन अध्यापन गरिन्छ । दर्शन भन्नाले ज्ञान एवम् सत्यको खोजी गर्ने विद्यालाई जनाइन्छ । दर्शनले जीवन र जगत्‌को यथार्थ अन्वेषण, विश्लेषण एवम् चिन्तन गर्न सिकाउँछ । दर्शनमा तर्कपूर्ण, विधिपूर्वक एवम् क्रमबद्ध विचारको पद्धति हुन्छ । दर्शनले जीवन र जगत्‌बारे मानव अनुभव र अनुभूतिलाई व्याख्या तथा विश्लेषण गर्न तथ्य, तर्क र विचारको प्रयोगका विधिहरू सिकाउँछ । विभिन्न दर्शनका आधारमा विभिन्न विश्वदृष्टिकोण तथा जीवन दर्शन निर्धारित हुन्छन् ।

दर्शनले जीवन र जगत्‌का सबै विषयवस्तुहरूलाई अध्ययन गर्छ । दृश्यमान् जगत् मात्र नभएर अदृश्यमान् वा अस्तित्त्वबारे यकिन नभइसकेका तत्त्वहरूबारे समेत दर्शनमा सरोकार राखिएको हुन्छ । ईश्वर, सृष्टि, अस्तित्त्व, चेतना, पदार्थ, विश्व, समाज, कर्तव्य, धर्म, आस्तिकता वा नास्तिकता, पाप, पुण्य, मरणोत्तर अवस्था, समाजिक सम्बन्ध तथा अन्य धेरै विषयवस्तुहरू दर्शनको दायरामा पर्छन् । असीमित मानव जिज्ञासाका कुनै पनि विषयवस्तु दर्शनशास्त्रको परिधिभन्दा बाहिर छैनन् । आधुनिक युगमा दार्शनिकहरूले दर्शनका मुख्य क्षेत्रहरूलाई तत्त्वविज्ञान वा तत्त्वमीमांसा, ज्ञानमीमांसा वा प्रमाणविज्ञान वा प्रमाणमीमांसा, सत्त्वमीमांसा, तर्कशास्त्र, नीतिविज्ञान वा नीतिशास्त्र, सौन्दर्यमीमांसा आदि भनेर विभाजन गरेको पाइन्छ ।

दर्शनशास्त्रमा अनेकौं दर्शनहरू वा दार्शनिक परम्पराहरूको अध्ययन अध्यापन हुन्छ । मानव जीवनको भोगाइ र दृष्टिकोणमा विविधता हुने भएकाले मानिसहरूमा अनुभूति र विश्लेषणमा पनि विविधता हुन्छ । मानिसहरूका धार्मिक आस्थाजन्य मान्यता, सांस्कृतिक आचारविचार, सामाजिक परिवेश, आर्थिक अवस्था, भौगोलिक वातावरण आदिका कारणले अलग अलग स्थान तथा अलग अलग समयका मानिसको जीवनभोगाइ र दृष्टिकोणमा विविधता हुनु स्वभाविकै हो । त्यसैले संसारमा एउटा मात्र दर्शन छैन । अनेकौं दर्शनहरू बनिसकेका छन् र भविष्यमा पनि नयाँ दर्शनहरू बन्न सक्छन् ।

ईश्वरीय सत्ता मान्ने वा नमान्ने दृष्टिकोणबाट दर्शनलाई आस्तिक वा नास्तिक भनेर वर्गीकरण भएको पाइन्छ । चेतना र पदार्थको प्राथमिकतामा बहस गर्ने भएकाले पश्चिमा पद्धतिमा दर्शनहरूलाई चेतनावादी वा पदार्थवादी भनेर दुई अलग अलग कित्ताका समूहमा बाँडिएको वा द्विधा विभाजन (Binary division) गरेको पाइन्छ । वैदिक परम्परामा चेतना र पदार्थ दुइटैको संयोग भएपछि मात्र सृष्टि प्रारम्भ हुने मानिएकाले त्यस्तो विधा विभाजन मानिँदैन । दर्शनहरूको विकास कुन भूभागमा भएको हो भन्ने आधारमा पनि नामकरण भएको पाइन्छ । पूर्वीय दर्शन, भारतवर्षीय दर्शन, चिनियाँ दर्शन, पश्चिमा दर्शन, ग्रिसेली दर्शन, युरोपेली दर्शन आदि दर्शन हुन् । दर्शनलाई हिन्दु दर्शन, बौद्ध दर्शन, जैन दर्शन, किरात दर्शन, बोन दर्शन, इसाई दर्शन, इस्लाम दर्शन भनेर नामकरण पनि हुने गरेको देखिन्छ । विधागत क्षेत्रहरूलाई जोडेर पनि नामले दार्शनिक विषयवस्तुहरूको परिचर्चा गरिन्छ । भाषाको दर्शन, सामाजिक दर्शन, राजनीतिक दर्शन, आर्थिक दर्शन, नैतिक दर्शन आदि यस्ता दर्शन हुन् । दर्शन विशेषको मुख्य भावलाई लिएर पनि नामकरण हुन्छ । मानवतावादी दर्शन, सहृदयता दर्शन, द्वन्द्ववादी दर्शन आदि यस्तो विभाजन हो ।

मानव सभ्यताको प्रारम्भदेखि नै दर्शनको उद्भव भएको मानिन्छ । वेदमा प्रशस्त दार्शनिक चिन्तन रहेको छ । उपनिषद् ग्रन्थहरू दर्शनका अनेकौं विषयवस्तुका समृद्ध स्रोत मानिन्छन् । वैदिक परम्परामा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त (उत्तरमीमांसा) दर्शनहरू प्राचीन मानिन्छन् । साङ्ख्य दर्शनका सूत्रकार कपिल, योग दर्शनका सूत्रकार पतञ्जलि, न्याय दर्शनका सूत्रकार गौतम, वैशेषिक दर्शनका सूत्रकार कणाद, मीमांसा दर्शनका सूत्रकार जैमिनि र वेदान्त (उत्तरमीमांसा) दर्शनका सूत्रकार बादरायण हुनुहुन्छ । उक्त दर्शनहरूलाई समष्टिमा वैदिक षड्दर्शन भनेर पनि जनाइन्छ । हिन्दु दर्शनका क्षेत्रमा आचार्य कुमारिल भट्ट, आचार्य शङ्कर, आचार्य अभिनव गुप्त, आचार्य निम्बार्क, आचार्य रामानुज, आचार्य मध्व र आचार्य वल्लभ आदिलाई महान् दार्शनिक मानिन्छ ।

पूर्वीय दर्शन परम्परामा वैदिक परम्पराका दर्शनहरूका साथसाथै जैन दर्शन, बौद्ध दर्शन र चार्वाक दर्शन पनि रहेका छन् । जैन धर्म तथा दर्शनका प्रथम तीर्थङ्कर ऋषभदेव र चौबिसौं तीर्थङ्कर महावीर हुनुहुन्छ । बौद्ध दर्शनको मूल स्रोत गौतम बुद्धका उपदेशहरू हुन् । पद्मसम्भव, शान्तरक्षित, नागार्जुन, असङ्ग, वसुबन्धु, दिङ्नाग, धर्मकीर्ति, बोधिधर्म आदिलाई बौद्ध दर्शनका क्षेत्रमा महान् दार्शनिक मानिन्छ । चार्वाक दर्शनलाई लोकायत दर्शन पनि भनिन्छ र यसका संस्थापकको नाम चार्वाक रहेको उल्लेख पाइन्छ ।

किरात (मुन्धुम) दर्शनमा येहाङदेखि महागुरु फाल्गुनन्दसम्मको दार्शनिक परम्परा रहेको छ। बोन दर्शनको प्रारम्भ तोन्पा शेन्राप मिवोका उपदेशबाट भएको मानिन्छ। चीनबाट प्रारम्भ भएका कन्फुसियस दर्शन तथा ताओ दर्शन प्रसिद्ध छन्। नेपाल तथा भारतबाट बौद्ध दर्शनको विस्तार तिब्बत हुँदै चीन, कोरिया र जापानसम्म भएको देखिन्छ ।

पश्चिममा दर्शनको मुख्य स्रोत प्राचीन ग्रिसलाई मानिन्छ। त्यहाँका प्राचीनकालका सोक्रेट्स, प्लेटो तथा एरिस्टोटल जस्ता दार्शनिकहरू अद्यापि प्रसिद्ध छन् । अफ्रिकाको पनि आफ्नै मौलिक दार्शनिक परम्परा रहेको छ । गत केही शताब्दीहरूमा युरोप तथा अमेरिकामा दर्शनशास्त्रको क्षेत्रमा धेरै अनुसन्धान र अभिनिर्माण भएको देखिन्छ ।

## २. विभिन्न विश्वदृष्टिकोणको बोध

विश्वदृष्टिकोण भन्नाले विश्व वा जगत्को अवलोकन र विश्लेषण गरी आफ्नो अनुभूतिसमेतका आधारमा विश्वबारे बनाइएको धारणा भन्ने बुझिन्छ । विश्वप्रतिको दृष्टिकोण नै विश्वदृष्टिकोण हो भन्न सकिन्छ। आफू बाँचिरहेको विश्वबारे मानिसमा रहेको सोच, मान्यता, दृष्टिकोण तथा अपेक्षाको समष्टि धारणा हो । विश्वदृष्टिकोणले मानिसको विचारधारामा प्रभाव पार्छ । चेतनालाई प्रधान मान्ने वा पदार्थलाई मात्र प्रधान मान्ने वा चेतना र पदार्थ दुइटैको सातत्यको सम्बन्धलाई मान्ने भन्ने तीन अलग अलग विश्वदृष्टिकोणहरू हुन् । साङ्ख्य दर्शनले चेतना र पदार्थ दुइटैको सातत्यको सम्बन्ध मान्छ, इसाई दर्शनले ईश्वरका रूपमा चेतनालाई मात्र प्रधान मान्छ र मार्क्सवादले पदार्थलाई मात्र प्रधान मान्छ । तिनीहरूको त्यस्तो अलग अलग मान्यताले जीवन र जगत्बारे तिनीहरूका दृष्टिकोणमा व्यापक अन्तर पर्छ। विश्वदृष्टिकोणले दैनिक जीवनका क्रियाकलापमाथि पनि प्रभाव पारेको हुन्छ ।

संसार कस्तो छ र कस्तो हुनुपर्ने हो भन्ने जस्ता सवालमा मानिसहरूले आफ्नो विश्व दृष्टिकोण अनुसार विश्लेषण गरिरहेका हुन्छन्। कतिपय दर्शनमा विश्वलाई मूलतः सुखमय मानिएको छ। कतिपय दर्शनमा विश्वलाई मूलतः दुःखमय मानिएको छ। कतिपय दर्शनमा विश्वलाई मूलतः पापमय मानिएको छ। कुनै दर्शनमा विश्वलाई भौतिक पदार्थहरूको द्वन्द्वात्मक सम्बन्धबाट अस्तित्वमा रहेको विश्लेषण गरिएको छ र सुख, दुःख र पाप वा पुण्यबाट निरपेक्ष मानिएको छ। जगत्बारे उक्त चार प्रकारका दर्शनहरूले अलग अलग विश्व दृष्टिकोण निर्धारण गर्छन् । कुन चाहिँ विश्वदृष्टिकोण मानिएको छ भन्ने आधारमा ठुलो वैचारिक साथसाथै व्यावहारिक भिन्नता आउँछ। संसारबारे गरिने विश्लेषण विश्व दृष्टिकोणबारे थाहा पाएर वा थाहा नपाई पनि गरिएको हुन्छ। जसरी एउटै वस्तु पनि अलग अलग रङका चस्माबाट अलग अलग रङको देखिन्छ, उसरी नै संसारमा भइरहेका घटना तथा अवस्थाबारेका दृष्टिकोण, विश्लेषण र बुझाइमा पनि विश्व दृष्टिकोणअनुसार फरक पर्छ।

विश्व दृष्टिकोण जन्मजात विशेषता होइन । यो त सामाजिकीकरण, संस्कृतीकरण, शिक्षा, जीवनभोगाइ आदिबाट सिकिने र ग्रहण गरिने धारणा हो । कुनै व्यक्तिमा निहित विश्व दृष्टिकोणको निर्माणमा अनेकौं तत्त्वहरूले प्रभाव पार्छन् । घरमा शैशवकालदेखि नै देखिएका, भोगिएका, अनुभूति गरिएका आचारविचारको विश्व दृष्टिकोण निर्माणमा महत्त्वपूर्ण भूमिका हुन्छ। सामाजिक मूल्य मान्यता,

नैतिकतासम्बन्धी अवधारणा, धार्मिक आस्था, दर्शन, वैज्ञानिक वा अवैज्ञानिक व्यवहार, सामाजिकीकरण आदिले विश्व दृष्टिकोणमा प्रभाव पार्छन् । कुनै पनि व्यक्तिको शिक्षा कस्तो किसिमको छ त्यसले पनि यसमा फरक पर्छ । स्वसंस्कृतिकरण वा परसंस्कृतिकरणले कुनै पनि व्यक्तिमा विश्व दृष्टिकोण कस्तो बन्छ भन्नेमा प्रभाव पार्छ ।

विश्व दृष्टिकोणमा पर्ने अन्तरले मानिसको आचार विचारमा फरक पर्छ । पृथ्वीलाई पनि आमा मान्ने आस्था छ भने मानव र मानवेतर प्राणीहरूलाई पनि बन्धुबान्धव मान्ने सोच आउँछ । यस्तो सोचले प्रकृतिसँग तादात्म्य राख्ने, पर्यावरणमैत्री एवम् पारिस्थितिक प्रणालीसापेक्ष जीवनयापन गर्नुपर्छ भन्ने मान्यता दिन्छ । पृथ्वीलाई भौतिक तत्त्वहरूबाट बनेको सौर्यमण्डलको एउटा ग्रह मात्र ठान्ने भौतिकवादी सोचले यहाँ रहेका प्राकृतिक विविधतालाई उपभोगका वस्तु मात्र मान्ने सोच आउन सक्छ । उपभोक्तावादी विश्व दृष्टिकोणको कारणले प्राकृतिक स्रोतहरूको दुरुपयोग, नदी प्रदूषण, वैश्विक तापक्रम बढाउने तत्त्वहरूको उत्सर्जन जस्ता क्रियाकलापहरू ठुलो समस्या बनेका छन् ।

विश्व दृष्टिकोण मानिसको आचारविचारमार्फत अभिव्यक्त भइरहेको हुन्छ । कुनै समाजका सदस्यहरूको विश्व दृष्टिकोणको प्रकटीकरण सांस्कृतिक गतिविधि, धार्मिक आस्थाजन्य क्रियाकलाप, नैतिक मान्यता, विज्ञानको प्रयोग आदि मार्फत हुन्छ । धर्म, संस्कार, संस्कृति, दर्शन, पारिवारिक पृष्ठभूमि, सामाजिकीकरण आदिमा हुने विविधताका कारणले फरक फरक पृष्ठभूमिका व्यक्तिहरूमा फरक फरक विश्व दृष्टिकोण बनेको हुन्छ । व्यक्तिहरूमा धर्म, संस्कार, संस्कृति, सामाजिकीकरण, शिक्षा आदिमा जति धेरै समान पृष्ठभूमि हुन्छ, उति नै विश्व दृष्टिकोण मिल्दोजुल्दो हुन सक्ने सम्भावना हुन्छ ।

विश्व दृष्टिकोण फरक फरक हुँदा तिनीहरूलाई समन्वय गर्न नसकिएमा अन्तरद्वन्द्व हुने सम्भावना रहन्छ । अलग अलग पृष्ठभूमिका मानिसहरू व्यापार, पर्यटन, रोजगारी आदिका कारणले संसारका विभिन्न स्थानमा यात्रा गर्ने कारणले तथा बढ्दो बसाइँसराइका कारणले पनि विश्व दृष्टिकोणमा हुने विविधताबारे जान्नु झन् आवश्यक भएको छ । बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र वैश्विक परिवेशबारे राम्ररी जानकारी पाएका व्यक्तिहरूले आफ्नो विश्व दृष्टिकोण र अरूको विश्व दृष्टिकोणमा रहेका समानता र विभिन्नता बुझेर आपसमा अन्तरद्वन्द्व नहुने गरी समन्वय एवम् व्यवहार गर्न सक्छन् भन्ने अपेक्षा गरिन्छ । दर्शनको अध्ययन अध्यापनले विश्व दृष्टिकोणको आपसी बुझाइमा सहजीकरण हुन सक्छ ।

## ३. जीवन दर्शन परिचय

जीवन दर्शन भन्नाले मानिसले आफ्नो जीवनको कारण, प्रयोजन र लक्ष्यबारे कस्तो दार्शनिक मान्यता अवलम्बन गर्छ भन्ने बुझिन्छ । जीवनको मार्गनिर्देशक दर्शनका रूपमा कुनै दर्शन विशेषलाई अवलम्बन गरियो भने त्यो नै जीवन दर्शन बन्छ । यसरी कुनै दर्शनलाई मार्गनिर्देशक मानेर अवलम्बन गर्दा दैनिक जीवनका क्रियाकलापहरूका साथसाथै तर्क र विचारहरू पनि सोही दर्शनका विधि र मान्यताअनुसार गरिएको हुन्छ । भौतिकवादी र अध्यात्मवादी व्यक्तिहरूको जीवनशैली, सोच, आचारविचार आदिमा देखिने फरकलाई यहाँ जीवन दर्शनका कारणले मानव जीवनमा पर्ने प्रभावको उदाहरणका रूपमा लिन

सकिन्छ । उदारवादी लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने व्यक्तिहरू दैनिक जीवनमा अरूका विचारहरू सुन्ने, विपरीत विचारधाराहरूको तुलनात्मक विश्लेषण गर्ने र प्रतिपक्षीहरूलाई पनि सहिष्णुतापूर्वक व्यवहार गर्ने हुनुपर्छ भन्नुको तात्पर्य पनि जीवन दर्शन र आचारविचारको तादात्म्यमा जोड दिइएको हो ।

मानिसले जानेर वा नजानेर आफ्नो जीवनलाई मार्गनिर्देशन गर्ने व्यवहार, उपदेश, नीति, सिद्धान्त तथा दर्शनलाई अवलम्बन गरेका हुन्छन् । यसरी अवलम्बन गरिएको दर्शनको उनीहरूको विश्व दृष्टिकोण निर्धारण गर्नमा प्रभावकारी भूमिका हुन्छ । साथै जीवनमा के गर्ने र के नगर्ने भन्ने तय गर्नमा पनि सो दर्शन मानक बन्छ । दर्शनले जीवन र जगत्बारे मानव अनुभव र अनुभूतिलाई व्याख्या तथा विश्लेषण गर्न तथ्य, तर्क र विचारको प्रयोगका विधिहरू सिकाउने भएकाले जीवनका सबै क्षेत्रमा आफ्नै जीवन दर्शनअनुसार विश्लेषण गरी निष्कर्षमा पुग्नु स्वाभाविकै हो । जीवन दर्शनले सम्बन्धित व्यक्तिलाई आफ्नो अस्तित्त्वको महत्त्व बोध गर्न र आफू स्वयम् परिवार, समाज र विश्वप्रतिका कर्तव्यबारे सुस्पष्ट धारणा बनाउन मदत गर्छ ।

विभिन्न विश्व दृष्टिकोणबाट बुझिने जीवन र जगत् विश्व दृष्टिकोणअनुसार फरक पर्छ । विभिन्न विश्व दृष्टिकोणबाट जीवन र जगत्को विश्लेषण विभिन्न तरिकाले गर्न सकिन्छ । विभिन्न विश्व दृष्टिकोण हुनेहरूको वैचारिक मत भिन्नता तथा द्वन्द्वसमेत हुन सक्छ । चेतनालाई प्रधान मान्ने वा पदार्थलाई मात्र प्रधान मान्ने वा चेतना र पदार्थ दुइटैको सातत्यको सम्बन्धलाई मान्ने भन्ने तीन अलग अलग विश्व दृष्टिकोणले जीवन र जगत्प्रतिको फरक फरक बुझाइ देखाउँछन् । युरोपमा चर्चलाई मान्ने अगष्टिन जस्ता विचारकहरूले यो संसार मूलत: पापमय भएको र ईश्वरको अनुग्रहले मात्र पापबाट उद्धार तथा स्वर्ग मिल्ने प्रचार गरे । इमानुएल कान्टलगायतका दार्शनिकहरूले ज्ञानका लागि कुनै ईश्वरीय कृपा आवश्यक नपर्ने र मानव मस्तिष्कले ज्ञानको असीमित प्राप्ति र बौद्धिक तर्कमार्फत सत्यको साक्षात्कार गर्न सक्ने निष्कर्ष दिए । कार्ल मार्क्सले चर्चद्वारा संरक्षित एवम् प्रवर्धित 'रिलिजन' लाई लागुपदार्थ अफिमसँग तुलना गरे र पदार्थवादी वा भौतिकवादी विश्व दृष्टिकोणबाट जीवन र जगत्को व्याख्या गरे । अगष्टिनको विश्व दृष्टिकोणले मानिसलाई कुनै चर्चसँग आबद्ध भएर विश्वासी बन्न सिकायो, कान्टको विश्व दृष्टिकोणले मानिसलाई बुद्धिको अधिकतम प्रयोग गरी विज्ञानको बाटामा अघि बढ्न उत्प्रेरणा जगायो र मार्क्सको विश्व दृष्टिकोणले मानिसलाई विद्रोह र क्रान्ति गर्न भन्यो । अगस्टिन, कान्ट र मार्क्सभन्दा धेरै शताब्दी पहिलेका दार्शनिक ऋषि कपिलले चेतना र पदार्थको संयोजनलाई सृष्टिको कारण मान्ने साङ्ख्य दर्शनको सूत्र ग्रन्थ लेखेको पाइन्छ । साङ्ख्य दर्शन एवम् योसँग मिल्दो विश्व दृष्टिकोण हुने योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनले ज्ञान, भक्ति र कर्मको समन्वयमा जोड दिन्छन् ।

कुनै पनि विषयवस्तु तथा सवाललाई द्विधा विभाजन गरी द्वन्द्वात्मक दृष्टिले हेर्ने र समन्वयात्मक दृष्टिले हेर्ने विश्व दृष्टिकोणहरूबिचमा मतान्तर हुन्छ । वैभिन्न्यवादीले धेरै थरी जाति, भाषा, संस्कृति हुनुलाई विभिन्नता ठानी समस्या मान्छन् । समन्वयात्मक विश्व दृष्टिकोणबाट हेर्दा धेरै थरी जाति, भाषा, संस्कृति आदि हुनु समाजको सम्पन्नताको द्योतक हो । यसरी समाज, विविधता र सामाजिक सम्बन्धबारे तिनीहरूका मान्यतामा फरक पर्छ । युरोपमा राष्ट्रको परिभाषा गर्दा सकेसम्म सानो एकाइमा गई जाति आधारित राष्ट्रियतालाई मानेको र भारतवर्षमा प्राचीन कालदेखि नै राज्य नै राष्ट्र हो भनी

एउटा सार्वभौमसत्ता सम्पन्न देशभित्रका अनेक जाति, प्रजाति, भाषाभाषीहरू सबैको साझा राष्ट्रियता मानेको पाइन्छ। सहृदयता दर्शनले समाजमा विविधता हुनु स्वाभाविक हो भन्ने धारणा बनाउँछ। यस्तो धारणाले विविधताहरूका बिचमा समान वा साझा कुराहरू खोज्ने प्रवृत्ति जगाउँछ।

## ४. समतामूलक विश्व दृष्टिकोण

समता शब्दको अर्थ नेपाली बृहत् शब्दकोशमा सम हुनाको भाव वा अवस्था, समानता, एकनासेपन, बर ाबरी, पक्षपात नगर्ने ढाँचा एवम् निष्पक्षता भन्ने हुन्छ। यसरी शब्दकोशले समता शब्दलाई समानताको पर्यायवाचीका रूपमा प्रस्तुत गरेको देखिन्छ। समानताको अर्थ चाहिँ समान हुने चाल वा स्थिति, तुल्यता, सादृश्य तथा साम्य उल्लिखित छ। सोही शब्दकोशले समान भनेको तुलनात्मक र गुणात्मक दृष्टि र मूल्यगत महत्त्वले समेत बराबर भएको भन्ने अर्थ दिइएको छ।

शब्दकोशले समानता र समतालाई पर्यायवाची शब्दहरू माने तापनि सामाजिक, राजनीतिक, कानुनी तथा नीतिगत क्षेत्रहरूमा तिनीहरूको अलग अलग अर्थ लगाइन्छ। उदाहरणका लागि कुनै ठाउँमा राहत वितरणका लागि ५० बोरा चामल छ र राहत पाउनुपर्ने परिवार पनि ५० कै सङ्ख्यामा छन् भने सबैलाई एक एक बोरा बाँड्दा समानता भए जस्तो देखिन सक्छ। तर ती परिवारमध्ये कुनै परिवारको घरमा कत्ति पनि खाद्यान्न छैन र कुनैको चाहिँ घरमै प्रशस्त खाद्यान्न हुँदाहुँदै पनि अरूले जत्ति नै भाग पायो भने त्यहाँ समता भएन। समता हुनका लागि जो वञ्चित तथा उत्पीडित छ, त्यो व्यक्ति वा समुदायलाई विशेष व्यवस्था गर्नुपर्ने हुन सक्छ। अवसरबाट वञ्चित वर्गको समानुपातिक विकास गर्न, अवसर र न्यायबाट वञ्चित वर्गलाई थप अवसर, सुविधा, क्षमता अभिवृद्धि गराएर समानताको लक्ष्यमा पुग्ने प्रयासलाई नै समता भनिन्छ। समताको नीतिमा विभिन्न सकारात्मक विभेदका प्रावधानहरू पनि राखिन्छन्। समता भनेको असमानताको स्थितिमा रहेकाहरूलाई अलग व्यवहार र विशेष उपायको कार्यान्वयनबाट सबैलाई बराबरीमा ल्याइने प्रक्रिया हो। समताले समाजमा समानता ल्याउनका लागि आवश्यक सकारात्मक विभेदका नीति बनाई पिछडिएका वा वञ्चित वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक विकासमा सघाउँछ। समताको नीतिले समाजमा रहेका सामाजिक तथा आर्थिक रूपले पछाडि परेका वर्गलाई मूल प्रवाहमा आउन नसक्नुका कारणहरू पत्ता लगाएर त्यस्ता समस्याहरूलाई हटाई ती वर्गहरूलाई सामाजिक, आर्थिक, राजनीतिक एवम् विकासका कार्यमा सहभागी गराउँछ र फाइदा पुऱ्याउँछ।

यसरी समानताको अवस्थामा पुग्नका लागि अवलम्बन गरिने दृष्टिकोण, नीति, व्यवहार र प्रक्रियालाई समता भनिएको पाइन्छ। समानता लक्ष्य हो भने समता त्यो लक्ष्यलाई प्राप्त गर्नका लागि आवश्यक दृष्टिकोण, नीति र व्यवहारलाई जनाउने अवधारणा हो। समतामूलक विचार र व्यवहारले नै समाजमा समानता सुनिश्चित गर्ने दिशामा अघि बढ्न सकिन्छ।

समतामूलक दृष्टिकोण भनेको कुनै पनि व्यक्ति, जाति, समुदाय, सम्प्रदाय आदिलाई शरीरको बनावट, जाति, लिङ्ग, धर्म आदिका कारणले भेदभाव नगरी समान दृष्टिले हेर्नु हो। मानवअधिकारको विश्वव्यापी मान्यताले समतामूलक विश्व दृष्टिकोणलाई प्रवर्धन गर्ने अपेक्षा गरिएको छ। पश्चिमा देशहरूबाट

प्रारम्भ भएको मानवतावादको र नेपालबाट सहृदयता दर्शनको प्रभाव विस्तारित हुँदै जाँदा समतामूलक विश्व दृष्टिकोणको मूलप्रवाहीकरणमा सकारात्मक योगदान पुग्ने देखिन्छ ।

### क्रियाकलाप

१. कक्षा १२ मा पठनपाठन हुने नेपाली विषयको पाठ्यपुस्तकमा राखिएका कविता, कथा, निबन्ध तथा जीवनीमार्फत कस्ता कस्ता विश्व दृष्टिकोण अभिव्यक्त भएका छन् भन्नेबारे कक्षामा सामूहिक चर्चा गर्नुहोस् ।

२. समतामूलक दृष्टिकोण किन आवश्यक छ, कक्षामा सामूहिक छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

### अभ्यास

**तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) दर्शन भन्नाले के बुझिन्छ ?**

**(ख) दर्शनको महत्त्व उल्लेख गर्नुहोस् ।**

**(ग) विश्व दृष्टिकोण भन्नाले के बुझिन्छ ?**

**(घ) द्विधा विभाजन दृष्टिकोण र समन्वयात्मक दृष्टिकोणको फरक उदाहरणसहित स्पष्ट पार्नुहोस् ।**

**(ङ) विभिन्न दार्शनिकहरूको योगदानको सूची तयार पार्नुहोस् ।**

### परियोजना कार्य

नेपालका प्राचीन दर्शनहरू र ती दर्शनका सूत्रकार वा संस्थापक, व्याख्याता तथा मुख्य दार्शनिकहरूको नाम सङ्कलन गरी प्रस्तुति तयार पार्नुहोस् ।

पाठ : ४

# दैनिक जीवनमा दर्शनको उपयोगिता

बुद्धले जीवनका पछिल्ला ४५ वर्षको समयावधिमा तत्कालीन भारतवर्षका विभिन्न स्थानहरूको भ्रमण गरी धेरै मानिसहरूलाई उपदेश दिइएका थिए । उनले भ्रमण गर्दा पैदल यात्रा गरेका थिए । वर्षा ऋतुमा भने यात्रा नगरी लगातार धेरै दिनसम्म कुनै निश्चित स्थानमा रहनुहुन्थ्यो । बुद्ध यसरी बस्ने भवनलाई आराम भनिन्थ्यो । ती ठाउँहरूमा बस्दा बुद्धले गरेका दैनिक क्रियाकलापबारे बौद्ध ग्रन्थहरूमा जानकारी पाइन्छ ।

बुद्ध बिहान उज्यालो नहुँदै निद्राबाट जागिसक्थे । बिछ्यौनाबाट उठिसकेपछि सबैभन्दा पहिले उन शौच तथा स्नान कार्य सकेर समाधिष्ठ हुन्थे । पूरा उज्यालो भइसकेपछि उन चीवर भनिने वस्त्र पहिरेर हातमा भिक्षापात्र लिई भिक्षाटनमा जानुहुन्थ्यो । आफू बसेको विहार नजिकैका बस्तीमा भिक्षाटन गर्ने क्रममा कहिलेकाहीँ उन एक्लै जानुहुन्थ्यो भने धेरैजसो उनका साथमा अन्य भिक्षुहरू पनि रहन्थे । भिक्षाटनमा हिँड्दा शारीरिक स्वास्थ्यका लागि पनि सकारात्मक प्रभाव पर्थ्यो । भिक्षाटन गर्दा यस्तो खानेकुरा देऊ भनेर कसैसँग मागिँदैनथ्यो । श्रद्धालुले भिक्षापात्रमा स्वैच्छिक रूपमा राखिदिएका खानेकुरालाई विना कुनै प्रतिक्रिया स्वीकार गर्ने नियम थियो । यसरी बुद्धको खाना भनेको भिक्षामा जे प्राप्त हुन्थ्यो त्यही नै हुने गर्थ्यो ।

कोही कोही मानिसले बुद्धलाई विशेष श्रद्धा गरी उनीहरूको घरमै लगेर भिक्षा दान गर्ने इच्छा गर्थे । श्रद्धालुको भावनालाई कदर गर्दै उनले निमन्त्रणा स्वीकार गर्थे । श्रद्धालुले उनलाई उच्च आसनमा राखी भोजन गराउँथे । त्यस्ता श्रद्धालुहरूले बुद्ध आफ्नो घरमा आउदै छन् भन्ने खबरसहित छिमेकी र आफन्तहरूलाई पनि निम्तो गरेका हुन्थे । भोजनपछि भगवान् बुद्धले सो घरमा भेला भएका मानिसहरूलाई उपदेश दिन्थे ।

बुद्धको उपदेश सुनेर मानिसहरूलाई पञ्चशीलको ज्ञान हुन्थ्यो । पञ्चशील भनेको मानिसको आचरण कस्तो हुनुपर्छ भन्ने पाँचओटा नियम हुन् । जुन नियमलाई तल प्रस्तुत गरिएको छ ।

(क) कुनै पनि अवस्थामा प्राणी हिंसा नगर्नु

(ख) कुनै अवस्थामा पनि चोरी नगर्नु

(ग) कुनै पनि परिस्थितिमा झुटो नबोल्नु

(घ) व्यभिचार नगर्नु

(ङ) मद्यपानलगायतका लागु पदार्थ नखानु

बुद्धले जिज्ञासुहरूलाई असल सोच्न, असल बोल्न र असल कर्म गर्न प्रेरणा दिन्थे । असल भनेको के हो, खराब भनेको के हो, के कस्तो कर्म गर्नाले इहलोक तथा परलोकमा पनि सुख हुन्छ, कस्तो कर्मले दुःख हुन्छ भन्ने ज्ञान पनि दिन्थे । लोभ, रिस तथा ईर्ष्याले त्यस्ता भावना लिने व्यक्ति स्वयम्लाई नै अहित हुन्छ भनेर पनि उपदेश दिन्थे । संयमको पालना गर्नुपर्छ भनेर सिकाउँथे ।

संयम नैतिक दृष्टिले निकै महत्त्वपूर्ण गुण हो । मनलाई गलत तथा हानिकारक विषयवस्तुमा लाग्नबाट आफू स्वयम्लाई रोक्नु पनि संयम हो । स्वास्थ्यको दृष्टिबाट हानिकारक वस्तुको सेवन गर्नुबाट आफू स्वयम्लाई बचाउनु पनि संयम नै हो । रिस, ईर्ष्या र घमण्ड जस्ता दुर्गुणहरू मनमा आउन नदिनु पनि संयम हो । बोलीमा संयम, खानपिनमा संयम र सोचविचारमा पनि संयम हुनुपर्छ । संयमित मानिसको जीवन निकै अनुशासित हुन्छ । संयमित मानिस नैतिकवान् हुन्छन् । नैतिकवान् हुनका लागि संयम अनिवार्य गुण हो ।

बुद्धका उपदेश सुनेर धेरै मानिसहरूको जीवन सुधिएको थियो । श्रद्धालु एवम् जिज्ञासु मानिसहरूलाई उपदेश दिइसकेपछि बुद्ध आफ्नो बासस्थानमा फर्कन्थे । भोजनपछिको समयमा आफ्नो कोठाभित्र वा कुनै रुखमुनि एकान्तमा बसी ध्यान गर्नुहुन्थ्यो । अपराह्नमा धर्मशालामा भिक्षुहरू भेला गराई धर्मदेशना गर्थे । कसैले केही नबुझेको भए बुद्धसँग सोध्थे । केही नयाँ जिज्ञासा भए त्यो पनि सोध्थे । भिक्षु भिक्षुणीहरू र उपासक उपासिकाहरूलाई धर्मका कुरा जान्न र सिक्न उनले प्रोत्साहन दिन्थे । धर्मदेशना सकिएपछि भिक्षुहरूको विशेष प्रशिक्षण सुरु हुन्थ्यो ।

साँझको समयमा वरपरका मानिसहरू भगवान् बुद्धको दर्शन गर्न आउँथे । उनी जनसमूहलाई उपदेश दिन्थे । नैतिक शिक्षाअनुसार जीवन बिताउनुपर्छ भनेर प्रेरणा दिन्थे । पञ्चशीलको पालना गर्नाले मानव जीवन कसरी सुखी हुन्छ भनेर स्पष्ट पारिदिन्थे । हिंसा नगर्नू, चोरी नगर्नू, व्यभिचार नगर्नू, झुटो नबोल्नू एवम् मद्यपान जस्ता कुलत नगर्नू भनेर सम्झाउँथे । सम्पत्तिको सदुपयोग गर्नका लागि आमदानी भएको धनलाई चार भाग गरी दैनिक खर्च, व्यवसाय, दान धर्म तथा विपत्तिका लागि खर्च चलाउन सञ्चित गर्नुपर्छ भनेर पनि सम्झाउँथे । कतिपय व्यक्तिले आफ्नो घरपरिवारमा परेका समस्याबारे पनि बुद्धलाई बताएर समाधानको उपाय पनि सोध्थे । संसारका सबै कुरा परिवर्तनशील छन्, त्यसैले तत्कालको दुःखबाट नआत्तिनू र तत्कालको सुखबाट नमात्तिनू, सधैं संयमित रहनू र सदैव चित्तलाई शुद्ध राख्नू भनेर उनले उपदेश दिनुहुन्थे । बुद्धबाट मार्गनिर्देशन पाउँदा उनीहरू आफूलाई धन्य धन्य ठान्थे ।

बुद्धले सबैलाई समान व्यवहार गर्नुहुन्थ्यो । धनी वा गरिब, महिला वा पुरुष, सबलाङ्ग वा अपाङ्ग, कालो वा गोरो भनेर कुनै पक्षपातको व्यवहार त्यहाँ हुँदैनथ्यो । बुद्धबाट मार्गनिर्देशन पाएर जिन्दगी सप्रिएका मानिसहरू पनि उनलाई भेट्न आउनेहरूमा हुन्थे । बुद्धको करुणा सबैका लागि समान थियो । पृथ्वीमा रहेका साना वा ठुला सबै र कमजोर वा बलिया सबै प्राणीहरूको बाँच्ने अधिकार छ भन्ने उनको मान्यता थियो । उनको उपदेश सुन्न आएका

प्रत्येक व्यक्तिलाई लाग्थ्यो कि उनले त्यो उपदेश आफैँलाई बताइएका हुन् । उनको सुख र प्रज्ञाले परिपूर्ण मुहारको दर्शनले उनीहरूलाई आनन्दित पार्थ्यो ।

सबै श्रोताहरू गइसकेपछि स्नान गर्ने र त्यसपछि ध्यान बस्ने उनको नियम थियो । ध्यानपछिको समय पुनः भेटघाटका लागि नै थियो । यो समयमा टाढा टाढाबाट बुद्धलाई भेट्न आएका भिक्षुहरूले दर्शन गर्थे । भिक्षुहरूले देश विदेशका घटना र परिस्थितिबारे जानकारी दिँदै धर्म विषयक जिज्ञासाहरू पनि प्रस्तुत गर्थे । अहिलेको जस्तो सञ्चार प्रविधिको विकास नभएको त्यो युगमा यसरी टाढा टाढाबाट आएका व्यक्तिहरू नै देशदेशावरका समाचार थाहा दिने भरपर्दा स्रोत थिए । उनले उनीहरूसँग कुशल वार्ता सकेर धर्मका विषयमा पनि चर्चा गर्नुहुन्थ्यो । बुद्धको दर्शन गरी उनको उपदेश सुन्न पाउँदा आगन्तुकहरू निकै खुसी हुन्थे ।

आगन्तुक भिक्षुहरूसँगको सत्सङ्गपछि बुद्ध केही समय बिस्तारै बिस्तारै हिँड्थे । शरीरको थकान मेटिएपछि पुनः केही समय भेटघाटको क्रम चल्थ्यो । राजा, गणतन्त्रका प्रमुख तथा उच्च सरकारी अधिकारीहरू पनि उनलाई भेट्न आउँथे । उनीहरूलाई पनि बुद्धले उनीहरूको कर्तव्यबारे उपदेश दिन्थे ।

उनको अधिकांश समय ध्यान, यात्रा, धर्मदेशना एवम् उपदेशमा नै बित्थ्यो । दिनमा एक पटक मात्र खाना खाने उनको नियम थियो । उनको दिनचर्याबाट भिक्षु भिक्षुणी तथा उपासकले नैतिक जीवनको प्रेरणा पाउँथे । साथै सांसारिक जीवन सरल र नैतिक रूपमा बिताउने तरिकाबारे पनि व्यक्ति र परिस्थितिअनुसार मार्गनिर्देशन गरिदिनुहुन्थ्यो । जिज्ञासासहित भेट्न आउनेहरू देखेर झन्झट पटक्कै नमान्ने हुनुहुन्थ्यो । जो कोही व्यक्ति पनि बिना रोकतोक उनलाई भेट्न सक्दथे । सबै जनालाई मैत्री र करुणाकै व्यवहार गर्नुहुन्थ्यो । सुरुमा विरोध, द्वेष तथा प्रतिस्पर्धाको सोच राखेर आउने व्यक्तिहरू पनि उनको व्यवहारबाट परिवर्तन हुन्थे । धेरै व्यक्तिहरू बुद्धका उपदेशबाट अभिप्रेरित भई उनका अनुयायी बन्थे । बुद्धले उनसँग भेट्न र उपदेश लिन पुग्ने व्यक्तिहरूलाई लोकको हितका लागि, सुखका लागि र दयाका लागि उपदेश दिनुहुन्थ्यो ।

पुराना बौद्ध ग्रन्थहरूबाट जानकारी पाइन्छ कि बुद्ध प्रत्येक दिन मध्यरातसम्म नै व्यस्त रहन्थे । मध्यरातमा सुतेपछि उन अर्को दिन सूर्योदय नहुँदै निद्राबाट जागिसक्थे र नयाँ दिनको दैनिकी सुरु हुन्थ्यो ।

दर्शन बौद्धिक साथसाथै प्रायोगिक विधा पनि हो । दर्शनमा चिन्तन पद्धतिका साथसाथै जीवन पद्धतिका लागि पनि मार्गनिर्देशन पाइन्छ । त्यसैले दर्शनको उपयोगिता बौद्धिक विचार विमर्श एवम् प्राज्ञिक चिन्तनका साथसाथै व्यावहारिक जीवनमा पनि रहेको छ । दर्शनमा मानव जीवनका व्यावहारिक पक्षसँग जोडिएका जिज्ञासा, अनुभव र अनुभूति पनि सरोकारका विषयवस्तु हुन् । दर्शनको उद्भव र विकास मानवका जीवन भो गाइबाट नै भएको हो । दर्शनअन्तर्गत विश्लेषण गरिने विषयवस्तुले मानव जीवनका विविध पाटाहरूलाई थप उजागर गर्छन् । दर्शनको अध्ययनले मानव जीवनको महत्त्व, कर्तव्य र लक्ष्यबारे स्पष्टता आउँछ । त्यसै

ले दर्शनको अध्ययनले दैनिक जीवनमा गरिने क्रियाकलापहरूमा समेत प्रभाव परिरहेको हुन्छ। थाहा पाएर वा नपाएर प्रत्येक व्यक्तिले कुनै न कुनै दर्शनको मान्यताअनुसार दृष्टिकोण, मान्यता एवम् धारणा बनाइरहेको हुन्छ। दर्शनको व्यवस्थित अध्ययनले तथ्यको पहिचान, तर्कको प्रयोग र समालोचनात्मक विचार गर्ने क्षमता विकास हुन्छ। दर्शनको अनुशीलनले विभिन्न मानव क्रियाकलाप, आचारविचार तथा अरूसँग गरिने व्यवहारलाई नैतिकताको कसीमा जाँचपरख गर्ने क्षमता पनि विकास हुन्छ। यसरी आफ्नो जीवन दर्शन कुन हो भन्ने राम्ररी ज्ञान भयो भने दैनिक जीवनमा गरिने क्रियाकलापहरू तथा समस्याको समाधानका लागि गरिने निर्णयहरू सुसङ्गत, व्यवस्थित एवम् नैतिक हुने सम्भावना बढी हुन्छ।

दर्शनले जीवन र जगत्बारे मानव अनुभव र अनुभूतिलाई व्याख्या तथा विश्लेषण गर्न सिकाउने हुनाले प्रामाणिक ज्ञान हासिल गर्न दर्शनको प्रयोग गर्न सकिन्छ। यसले तथ्य, तर्क र विचारको प्रयोगका विधिहरू सिकाउने हुनाले समस्याको कारण र असरहरूको विश्लेषण गर्ने क्षमता बढ्छ। कुनै पनि विषय वा सन्दर्भमा रहेका असङ्गति, त्रुटि, भुल आदिलाई खुट्याउने क्षमताको विकास दर्शनले गराउँछ। यसबाट सत्यको खोजी तथा निक्र्योलमा मदत मिल्छ।

दैनिक जीवनमा दर्शनको सान्दर्भिकतालाई विभिन्न आयामबाट हेर्न सकिन्छ। सामान्य दैनिक व्यवहारका लागि पनि आवश्यक ज्ञानको स्रोत कुनै दर्शन नै हुन सक्छ। अरू मानिसहरू, अन्य प्राणीहरू तथा प्रकृतिप्रतिको व्यवहारको आधार पनि जीवन दर्शन हो। जस्तो जीवन दर्शन हुन्छ उस्तै विचार र व्यवहार हुन्छ भनिन्छ। दैनिक जीवनमा विभिन्न सवालमा ठिक र बेठिक, सही र गलतको निर्णय गर्नका लागि दृष्टिकोणको निर्माण आफ्नो मार्गनिर्देशक दर्शनअनुसार नै हुन्छ। यसै पाठमा दिइएको बुद्धको दैनिकीको उदाहरणले पनि दैनिक जीवनमा दर्शनले पार्ने प्रभावलाई देखाउँछ। उनी आफ्नो जीवन दर्शनलाई आफ्नो नियमित दिनचर्यामा पूर्ण कार्यान्वयन गर्थे।

दैनिक जीवनमा दर्शनको उपयोगिता मुख्यतया सामान्य समस्या समाधानमा यसबाट प्राप्त हुने ज्ञान तथा सिपसँग जोडिएको छ। दर्शनको अध्ययनले विभिन्न विकल्पहरूमध्ये बढी उपयुक्त विकल्प छनोट गर्ने तथा सुसूचित भई निर्णय गर्ने क्षमताको विकास पनि हुन्छ। सञ्चार दक्षता, अभिप्रेरणात्मक क्षमता र लेखन दक्षता पनि दर्शनका कारणले अभिवृद्धि हुने व्यावहारिक / प्रायोगिक क्षेत्रहरू हुन्। कुनै विधामा मात्र केन्द्रित भएर पढेका विद्यार्थीको तुलनामा दर्शनशास्त्रसहित पढ्ने विद्यार्थीहरूले उच्चशिक्षाका तथा रोजगारीका लागि लिइने परीक्षाहरूमा ज्यादा सफलता हासिल गरेको विभिन्न अनुसन्धानहरूबाट देखिएको छ। दर्शनको अध्ययनबाट सिकिएका विधि तथा पद्धतिलाई व्यावहारिक जीवनमा प्रयोग गर्न सकिन्छ। दर्शनको अध्ययनले उच्च शिक्षा तथा रोजगारीमा थप अवसर प्राप्त हुन्छ।

## क्रियाकलाप

१. आमा वा बुबासँग उहाँको दैनिकी सोधेर छोटकरीमा लेख्नुहोस् । दैनिक जीवनमा उहाँले मान्ने विश्व दृष्टिकोणले कसरी प्रभाव पारेको छ विश्लेषण गर्नुहोस् ।

२. किरात धर्मका महागुरु फाल्गुनन्दले दिनुभएका उपदेशबारे अध्ययन गरी ती उपदेशले दैनिक जीवनमा पार्ने सकारात्मक प्रभावबारे कक्षामा सामूहिक चर्चा गर्नुहोस् ।

## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) दर्शन बौद्धिक साथसाथै प्रायोगिक विधा पनि हो किन ? कारण उल्लेख गर्नुहोस् ।

(ख) दैनिक जीवनका क्रियाकलापसँग दर्शन कसरी सम्बन्धित हुन्छ ?

(ग) दैनिक जीवनमा दर्शनको उपयोगिताका केही उदाहरणहरू दिनुहोस् ।

(घ) तपाईँको जीवनमा कुन दर्शनका के कस्ता प्रभावहरू परेका छन् ? उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

दैनिक जीवनमा दर्शनको उपयोगिताबारे इन्टरनेटबाट विभिन्न बिषयवस्तु अध्ययन गर्नुहोस् । त्यसरी प्राप्त जानकारीलाई समावेश गरी करिब पाँच सय शब्दमा सम्पादकलाई चिठी लेख्नुहोस् ।

पाठ : ५

# समुदायमा आएका परिवर्तन र सामाजिक रूपान्तरण

## १. शिक्षा र सूचनामा पहुँचमा वृद्धि

संसारभरि नै साक्षर तथा शिक्षित मानिसहरूको सङ्ख्या बढ्दो छ । केही दशकदेखि संसारका लगभग सबै देशहरूले निरक्षरता उन्मूलन एवम् शिक्षाको विकासलाई प्राथमिकतामा राखेका छन् । शिक्षा र सूचनामा पहुँच बढ्दा मानिसको चेतना र दृष्टिकोणमा पनि परिवर्तन आउनु स्वाभाविकै हो । शिक्षा र सूचनाको महत्त्व आधुनिक युगमा झनै बढेर गएको छ । पहिले कुनै मानिस वा देश कति धनी छ भन्ने कुरा ऊसँग प्राकृतिक साधन स्रोत तथा जनसङ्ख्या कति र के कस्तो उपलब्ध छ भन्ने कुराले निर्धारित गर्दथ्यो । आधुनिक युगमा सूचना नै ज्ञान हो र ज्ञान नै शक्ति हो ।

आज सूचना भनेको कुनै जानकारी वा सन्देश जस्तो अमूर्त कुरा मात्र नभएर बिक्रीयोग्य वस्तुसमेत भएको छ । कसैसँग कुनै सूचना छ भने त्यसलाई प्राप्त गर्न अर्को पक्षले निश्चित रकम तिर्नुपर्ने हुन्छ । अन्य औद्योगिक उत्पादन जसरी खरिद बिक्री हुन्छ, त्यसरी नै सूचनाको पनि खरिद बिक्री हुने गर्दछ ।

समकालीन विश्वमा धनी तथा शक्तिशाली राष्ट्रहरूको सफलताको मुख्य कारणमध्ये एउटा उनीहरूसँग रहेको सूचनाको उपलब्धता पनि हो । उही कार्य पनि सूचना सम्पन्नले गर्ने तरिका र सूचना विपन्नले गर्ने तरिकामा धेरै फरक रहेको हुन्छ । सूचनाको सम्पन्नताले समाजका हरेक पक्षमा सम्पन्नता ल्याइरहेको हुन्छ ।

कतिपय समाज अहिले सूचना समाज भनिने अवस्थामा पुगेका छन् । ड्यानियल बेलले सन् १९७३ मा प्रकाशित उनको पुस्तकमा मानव समाजले नयाँ चरणमा प्रवेश गरेको र यस नयाँ अवस्थालाई जनाउन उत्तर औद्योगिक समाज भन्नु पर्ने अवधारणा अघि सारे । औद्योगिक समाजमा वस्तुको उत्पादन तथा कारोबार प्रधान आर्थिक क्रियाकलाप थियो भने उत्तर औद्योगिक समाजमा सूचना तथा सेवा प्रदायक व्यवसायको प्रधान देखिने उनको भनाइ थियो । इन्फर्मेसन सोसाइटी शब्दावलीको प्रयोग सर्वप्रथम गरेको श्रेय भने जापानी लेखक योनेजी मासुदालाई दिइन्छ ।

शिक्षा र सूचनामा पहुँचमा वृद्धिका कारणले समुदायमा आएको परिवर्तन र सामाजिक रूपान्तरणका अनेक आयाम छन् । शिक्षा र सूचनाले मानिसको सोच, जीवनशैली र रोजगारीका स्वरूपमा परिवर्तन ल्याएको देखिन्छ । शिक्षासँगै आउने सकारात्मक परिवर्तनले समाजमा छुवाछुत, विभेद तथा उत्पीडन क्रमश: हट्दै गइरहेको छ भन्ने कतिपय अध्येताहरूको पर्यवेक्षण रहेको छ । अर्कोतिर प्रविधिको दुरुपयोग गरेर घृणापरक अभिव्यक्ति, अश्लील सामग्री, जाति वा प्रजातिका आधारमा आक्रामक विचार, आतङ्कवादी सोचलाई दुरुत्साहन दिने प्रवृत्ति बढेकामा चिन्ता मानिएको पनि देखिन्छ । बहुसांस्कृतिक समझदारी वर्तमान विश्वको आवश्यकता रहेकामा धेरैको मतैक्य देखिन्छ, जुन कुराको प्रवर्धनका लागि शिक्षा र सूचनामा पहुँचको वृद्धिले सकारात्मक योगदान गर्न सक्छ ।

## २. बढ्दो मानव अन्तरक्रिया, अन्तर्निर्भरता तथा बसाइँसराइ

अन्तरक्रिया र अन्तर्निर्भरता मानव समाजका अभिन्न क्रियाकलाप हुन् । स्वास्थ्य सेवा, शिक्षा, यातायात, पर्यटनमा पनि अनेकौँ व्यक्तिहरू सामेल रहेर कार्य सम्पन्न भएको हुन्छ । मानिसको जन्मदेखि मृत्युसम्मका क्रियाकलापहरू कुनै न कुनै तरिकाले अरूसँग जोडिएका हुन्छन् । सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक वा अन्य कुनै क्रियाकलाप गर्दा पनि धेरै जनाको सहभागिता एवम् योगदान रहेको हुन्छ । आपसी अन्तर्निर्भरताले नै समाज चलेको छ । यसरी अन्तर्निर्भरता मानिसका लागि सदैव आवश्यक पर्ने स्वाभाविक कुरा हो ।

वर्तमान समयमा संसारका मानिसहरूको आपसी अन्तरक्रिया जति मात्रामा भइरहेको छ, त्यो मानव सभ्यताको ज्ञात इतिहासमा सबैभन्दा धेरै हो भन्न सकिन्छ । प्रविधिको विकासले सञ्चार गर्नमा निकै सहजता भएको छ । सूचना तथा सञ्चार प्रविधिमा पहुँच छ भने सन्देशको आदानप्रदानका लागि भौगोलिक दुरी र समयको अन्तरले नरोक्ने अवस्था छ । मानिसहरू एकआपसमा अन्तरक्रिया गरिरहेका मात्र छैनन् । सञ्चार र यातायातको सुविधाले आपसी सहयोग र कारोबारका लागि अभूतपूर्व अवसर पैदा भएको छ । वास्तवमा दैनिक जीवनका धेरै पक्षमा समेत विश्वका विभिन्न ठाउँका मानिसहरूको आपसी सम्बन्ध निकै बढेको छ । नेपालका सन्दर्भमा पनि यो परिवर्तन प्रत्यक्ष अनुभव गर्न सकिन्छ ।

वर्तमान विश्वमा टाढा टाढाका मानिसहरूको पनि अन्तरक्रिया एवम् आपसी निर्भरता बढेको छ । यो अन्तरसम्बद्धता एवम् अन्तर्निर्भरता बहुआयामिक छ । वर्तमान विश्वमा मानिसहरू धेरै तरिकाले एकआपसमा अन्तरसम्बन्धित भएका छन् । कूटनीतिक सम्बन्ध, व्यापार, वैदेशिक रोजगारी, तीर्थाटन, पर्यटन, खेलकुद, कला आदिका कारणले मानिसहरूको सम्बन्ध जोडिएको छ । संयुक्त राष्ट्रसङ्घ, राष्ट्रसङ्घीय विभिन्न संस्थाहरू, व्यापारिक बहुराष्ट्रिय संस्थाहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, मिडिया आदिले पनि विश्वका अलग अलग ठाउँका मानिसहरूलाई जोड्ने खालका गतिविधिहरू सञ्चालन गरिरहेका छन् ।

भौगोलिकताका दृष्टिकोणबाट वैश्विक अन्तरक्रियाका दुई स्वरूपहरू देखिएको छ । एकातिर मानिसहरूले आफ्ना आफ्ना स्थानीय क्षेत्रमा रहेरै पनि वैश्विक अन्तरक्रिया गरिरहेको देखिन्छ । यस्तो अन्तरक्रियामा प्रविधि, मिडिया तथा सामाजिक सञ्जालको व्यापक भूमिका छ । अर्कोतिर विभिन्न कारणले मानिसहरूको एक देशबाट अर्को देशमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय बसाइँसराइ भइरहेको हुनाले आफ्नो मूल देशभन्दा परसम्म पुगेर अरूसँग अन्तरक्रिया गरिरहेको अवस्था पनि छ । मानिसहरू बसाइँसराइ विभिन्न कारणले गर्छन् । जुनसुकै कारणले बसाइँसराइ गरे तापनि त्यसले उद्गम स्थान र गन्तव्य स्थान दुवैतिर प्रत्यक्ष प्रभाव पार्छ । धेरै जनसमुदाय एकै ठाउँमा थुप्रिएर नयाँ स्वरूपको समाज बन्ने प्रक्रियामा एकातिर द्वन्द्वको सम्भावना हुन्छ भने अर्कोतिर बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक एवम् बहुभाषिक अन्तरक्रियाका लागि अवसर पैदा हुन्छ । सामाजिक विविधतालाई दैनिक जीवनको अपरिहार्य आयामका रूपमा साक्षात्कार गर्ने अवस्था वर्तमान विश्वमा रहेको छ ।

## ३. प्रविधि

प्रविधिको प्रत्यक्ष प्रभाव दैनिक जीवन र समष्टि समाजमा पनि पर्छ । वर्तमान युगमा प्रविधिको प्रयोग अपरिहार्य छ । व्यक्तिको दैनिक जीवनचर्यामा नयाँ प्रविधिको प्रयोग बढ्दो छ । प्रविधिका क्षेत्रमा भइरहेका विकास तथा नयाँ नयाँ आविष्कार र नवप्रवर्तनले मानव समाजमा व्यापक प्रभाव पारेका छन् । सञ्चार, शिक्षा, मनोरञ्जन, व्यापार, राजनीतिदेखि संस्कृतिसम्म प्रविधिको प्रभाव बढ्दो छ । दैनिक जीवनका कुनै पनि क्षेत्र प्रविधिमा आएको परिवर्तनबाट अलग छैनन् भन्दा अत्युक्ति हुँदैन ।

नयाँ प्रविधिमा पहुँच हुने वा नहुने अवस्थाले शिक्षा, रोजगारी तथा व्यक्तित्व विकासमा ठुलो अन्तर पर्छ । कोरोना भाइरसका कारणले बन्दाबन्दी तथा निषेधाज्ञाको समयमा प्रविधिमा पहुँच हुनेहरूले भर्चुअल पठनपाठन गरे भने प्रविधिमा पहुँच नहुनेहरू शैक्षिक क्रियाकलापबाट वञ्चित हुनुपर्‍यो । खुला विद्यालय तथा खुला विश्वविद्यालयको विकास प्रविधिका कारणले सम्भव भएको छ । टेलिमेडिसिन पनि प्रविधिको सदुपयोगको अर्को महत्त्वपूर्ण क्षेत्र हो । नयाँ प्रविधिले नयाँ रोगारीको अवसर सिर्जना गर्छ । नेपालमै बसेर विश्वका कैयौँ देशका लागि सफ्टवेयर उत्पादन तथा बिक्री गर्न सकिन्छ । अर्कोतिर प्रविधिमाथिको निर्भरताले धेरै क्षेत्रमा श्रमिक जनशक्तिको आवश्यक सङ्ख्यामा कटौती भएको छ । प्रविधिका कारणले भविष्यमा रोजगारी गुमाउने र बेरोजगार बन्ने मानिसहरूको सङ्ख्या बढ्न सक्ने चिन्ता पनि गरिएको पाइन्छ ।

नयाँ प्रविधिको प्रयोगसँगै परिवार, कुल, कुटुम्ब र समाजसँगका सम्बन्धहरू पनि नयाँ किसिमबाट संरचित हुँदैछन् । प्रविधिले धेरै क्षेत्रमा सहजता ल्याएको छ भने मानिस मानिसका बिचमा हुने प्रत्यक्ष संवाद एवम् अन्तरक्रिया घटाएको छ । प्रविधिका कारणले मानिसको निजतामा खलल पुग्ने चिन्ता पनि गरिएको छ । प्रविधिले संसारका जहाँकहीँका मानिसहरू आपसमा सञ्चार गर्न र सञ्जालमा आबद्ध हुन सकिने अवस्था छ । एकातिर वास्तविक समाज छ भने अर्कोतिर भर्चुअल सञ्जाल पनि छ । प्रविधिका कारणले समुदायमा आएका परिवर्तन र सामाजिक रूपान्तरणका अनेक आयाम छन् ।

## ४. मिडिया

मिडिया तथा सामाजिक सञ्जाल आदिका कारणले पनि संसारका विभिन्न ठाउँका मानिसहरू आपसमा जोडिएका छन् । चौबिसै घण्टा प्रत्यक्ष प्रसारण गरिरहने रेडियो तथा टेलिभिजन, क्षण क्षणमा अद्यावधिक भइरहेका नयाँ डिजिटल मिडिया, करोडौँ मानिसहरूले शब्द, फोटो वा अन्य सामग्रीहरू प्रस्तुत गरिरहने सामाजिक सञ्जाल आदिले सूचनाको अभूतपूर्व आदान प्रदान सम्भव भएको छ । व्यावसायिक मिडियामध्ये कुनै स्थानीय स्तरमा केन्द्रित छन् । कुनै राष्ट्रिय तथा क्षेत्रीय स्तरमा केन्द्रित छन् भने कुनैको प्रभाव अन्तर्राष्ट्रिय स्तरसम्मै विस्तारित भएको देखिन्छ । समाचार, विचार र मनोरञ्जनका सामग्रीको वैश्विक प्रवाहले मानिसलाई आपसमा भावना वा सरोकारको तहमा जोडिरहेको छ ।

मिडियाको भूमिका सूचना, शिक्षा, सामाजिकीकरण, मनोरञ्जन जस्ता क्षेत्रहरूमा परेको हुन्छ । मिडियालाई जनचेतना फैलाउन प्रयोग गर्न सकिन्छ ।  मिडियाबाट तथ्यपूर्ण सूचनाको प्रवाहले सर्वसाधारणलाई

सुसूचित पार्न मदत मिल्छ । सामाजिक तथा राजनीतिक परिवर्तनका लागि जनमानसलाई प्रेरित गर्न पनि मिडियाको प्रयोग हुँदै आएको छ । समाजमा विद्यमान विविधतालाई प्रस्तुत गरी सामाजिक संवाद, सद्भाव र सामञ्जस्य बढाउन पनि मिडियाले योगदान गर्न सक्छन् । समाजमा समतामूलक दृष्टिकोणको प्रवर्धनका लागि पनि मिडियाको उपयोग गर्न सकिन्छ । समुदायमा सकारात्मक परिवर्तनका लागि मिडियाको सदुपयोग गरी सामाजिक रूपान्तरणका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । तर मिडियाको दुरूपयोग भयो भने समाजमा नकारात्मक असर पर्छ ।

## ५. वैचारिक विस्तारमा सहजता

वर्तमान विश्वमा एक ठाउँबाट सम्प्रेषण गरिएका विचार तथा सिद्धान्त अर्को ठाउँमा प्रचार प्रसार गर्न पहिलेको तुलनामा निकै सहज भएको छ । मिडिया र सामाजिक सञ्जालको विकासले वैचारिक प्रचार प्रसारलाई ज्यादै सहज तुल्याएको हो । वैचारिक विस्तारको मात्रा र गति पहिलेको तुलनामा धेरै भइरहेको देखिन्छ । कुनै व्यक्तिले आफ्नो विचार राख्नका लागि सामाजिक सञ्जाललगायतका धेरै तरिका अपनाउन सक्ने अवसर प्राप्त भएको छ । कुनै एउटा गाउँ वा टोलमा भएका घटना र त्यसका वैचारिक पक्षबारे जो कोही व्यक्तिले पनि तत्काल संसारभरि फैलिन सक्ने गरी सामाजिक सञ्जालमार्फत सम्प्रेषण गर्न सक्ने सुविधा छ । राम्रा वा नराम्रा विचारलाई फैलाउन सकिने सुविधाका कारणले ज्यादै टाढा टाढाका वैचारिक कुराहरू घरमै बसी बसी प्राप्त हुन्छ । मानवअधिकारसँग सम्बद्ध मुद्दाहरू, वातावरण र दिगो विकासका सवालहरू, राजनीतिक अभियान, धार्मिक आस्थाजन्य अभियान आदिसँग सम्बद्ध विचारहरूले विश्वका अलग अलग ठाउँका मानिसहरूलाई एक सूत्रमा बाँध्न सक्छन् । त्यस्ता विचारहरूले कतिपय मानिसहरूलाई अलग अलग कित्तामा विभाजन पनि गरिदिन्छन् । सात समुद्रपारिका घटनाबारे नेपालको कुनै ठाउँमा समर्थन वा विरोधमा जुलुस निक्लन सक्छ । परस्पर विरोधी विचारधारहरू एकै मिडियाबाट आइरहेका पनि हुन सक्छन् । वैचारिक विस्तारको मात्रा र गति बढेसँगै त्यसले समाजमा पार्ने प्रभावको दायरा पनि बढेको छ । कतिपय सैद्धान्तिक एवम् वैचारिक कुराहरूले समुदायमा वैचारिक परिवर्तन ल्याई सामाजिक रूपान्तरणमा योगदान पनि गरेको पाइन्छ ।

## ६. अन्तर्राष्ट्रिय संस्थाहरू

अन्तर्राष्ट्रिय संस्थाहरू विभिन्न प्रकारका हुन्छन् । संयुक्त राष्ट्रसङ्घअन्तर्गतका निकायहरू, विभिन्न देशले अन्तर्राष्ट्रिय गतिविधि वा सहयोगका लागि खोलेका निकायहरू तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका कारणले मानिस, शिक्षण स्वास्थ्य, प्रविधि, मालसामान, विचार आदिको प्रवाह एक देशबाट अर्को देशमा भइरहेको हुन्छ । अन्तर्राष्ट्रिय अन्तर्निर्भरताको बढावामा त्यस्ता संस्था वा निकायहरूको पनि महत्त्वपूर्ण भूमिका छ । प्रविधि, यातायात, व्यापारिक कारोबार, पर्यटन, अन्तर्राष्ट्रिय सम्बन्ध आदिले ल्याएका परिवर्तनलाई व्यवस्थापन गर्ने कार्यमा अन्तर्राष्ट्रिय संस्थाहरूको विशेष भूमिका हुन्छ ।

## ७. खुला बजार अर्थतन्त्र

संसारमा धेरै जसो देशले खुला बजार अर्थतन्त्रको नीति लिएका छन् । सारा संसार नै एक बजार

रहेको मान्यताले वैश्विक बजारको अवधारणा अगाडि आएको छ । बहुराष्ट्रिय कम्पनीहरू एक साथ धेरै देशमा सञ्चालित भइरहेका छन् । कानुनी रूपमा एउटा देशमा दर्ता भएको कम्पनीले गर्ने उत्पादनका विभिन्न चरणहरू विभिन्न देशमा गरेको पनि देखिन्छ । कुनै डिजाइनर कपडाको उत्पादनमा डिजाइन एउटा देशमा, कपडाको कटाइ अर्को देशमा र त्यसको सिलाइ अझै अर्को देशमा र ब्रान्डिङ तथा प्याकेजिङ चौथो देशमा गरिएको हुन सक्छ । खुला बजार अर्थतन्त्रका कारणले वैश्विक अन्तर्सम्बद्धता र अन्तर्निर्भरता बढेको छ । यसले रोजगारीको सिर्जना र अर्थतन्त्रको विस्तार गर्छ भने उपभोगवाद बढाउने भनी आलोचना पनि गरिन्छ । खुला बजार अर्थतन्त्रले समुदायमा विभिन्न प्रभाव पार्छ र समाजको रूपान्तरणमा पनि यसको भूमिका हुन्छ । त्यस्तो रूपान्तरण ठिक वा बेठिक कस्तो हो भन्नेबारे विश्लेषण गरिनु आवश्यक हुन्छ ।

## ८. सामाजिकीकरण र संस्कृतिकरणका परिवर्तित प्रवृत्ति

सामाजिकीकरण र संस्कृतिकरणमा पहिले परिवार, धार्मिक उपासनाका स्थल, परम्परागत सांस्कृतिक स्थल तथा विद्यालयको भूमिका निर्णायक मानिन्थ्यो । अचेल मिडिया र सामाजिक सञ्जालले सामाजिकीकरण र संस्कृतिकरणमा व्यापक प्रभाव पारिरहेका छन् । एकातिर स्वसंस्कृतिकरणका अभियानहरू चलेको देखिन्छ भने परसंस्कृतिकरणको प्रभाव पनि प्रबल देखिन्छ । जन्म दिन मनाउने तरिका, नयाँ वर्ष तथा अन्य चाडपर्व मनाउने तरिका आदि क्रियाकलापमा अरूको देखासिकी बढेकोबारे नेपालमा हालसालै का वर्षहरूमा धेरै विवाद हुने गरेको छ । सामाजिकीकरण र संस्कृतिकरणमा आउने परिवर्तनले परिवारका सदस्यहरूको आपसी सम्बन्ध, समुदायको संरचना र सामाजिक मान्यतामा पनि असर पारेको हुन्छ । सामाजिकीकरण र संस्कृतिकरणमा आएका परिवर्तनले समुदायमा तीव्र गतिमा प्रभाव पार्छन् ।

### *क्रियाकलाप*

१. **तपाईँको बसोबास रहेको पालिकामा हाल कतिओटा विद्यालयहरू सञ्चालनमा छन् र सोही भूभागमा ५० वर्ष पहिले कतिओटा विद्यालयहरू सञ्चालनमा थिए भन्ने पत्ता लगाई शिक्षामा बढेको पहुँचबारे कक्षामा सामूहिक चर्चा गर्नुहोस् ।**

२. **विद्यालय वरिपरि बसोबास गर्ने मानिसहरूको जातीय, भाषिक र धार्मिक पहिचानमा रहेको विविधता र तिनीहरूको समन्वयबारे कक्षामा सामूहिक चर्चा गर्नुहोस् ।**

## अभ्यास

### तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) सूचना समाज भन्नाले के बुझिन्छ ?

(ख) बसाइँसराइले सामाजिक विविधतामा पार्ने प्रभावहरू विश्लेषण गर्नुहोस् ।

(ग) प्रविधिको विकास र सामाजिक सञ्जालको बढ्दो प्रयोगले पारेका सकारात्मक प्रभाव र नकारात्मक असर विश्लेषण गर्नुहोस् ।

(घ) समाजमा आएको परिवर्तनले सामाजिक रुपान्तरमा मदत पुऱ्याउँछ, कसरी ?

## परियोजना कार्य

तपाईँको टोलमा बसोबास गर्ने ५० वर्षभन्दा बढी उमेरका पाँच जना व्यक्तिसँग अन्तर्वार्ता गरी उहाँहरूले कसरी मनोरञ्जन गर्नुहुन्थ्यो भन्ने टिपोट गर्नुहोस् । मनोरञ्जनका ती क्रियाकलापहरूलाई तपाईँ र तपाईँका साथीहरूले गर्ने मनोरञ्जनका क्रियाकलापहरूसँग तुलना गरी एक विश्लेषणात्मक लेख तयार पार्नुहोस् ।

पाठ : ९

एकाइ ५ भूगोल र सामाजिक जीवन

# नेपालका प्रशासनिक प्रदेश

नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । यसको भूबनावट हिमाल, पहाड र तराईको सम्मिश्रणबाट बनेको छ । नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक रूपमा विविधताले भरिपूर्ण छ । यस विविधताभित्र नेपाली समाजको एकता पाइन्छ । यो विशेषता नै नेपाली समाजको मौलिक पहिचान बनेको छ ।

नेपालको भौतिक स्वरूपमा उचाइगत विविधता पाइन्छ । यस विविधताले भौगोलिक विभाजनको आधार प्रदान गर्छ । धरातलको आधारमा नेपालको भूस्वरूप लाई तीन वृहत् प्रदेश हिमाल, पहाड र तराईमा विभाजन गर्न सकिन्छ । प्रशासनिक हिसाबले नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ ।

| प्रदेश | जिल्ला सङ्ख्या | स्थानीय तहको सङ्ख्या | | | | कुल |
|---|---|---|---|---|---|---|
| | | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका | |
| प्रदेश न. १ | १४ | १ | २ | ४६ | ८८ | १३७ |
| प्रदेश न. २ | ८ | १ | ३ | ७३ | ५९ | १३६ |
| बागमती | १३ | ३ | १ | ४१ | ७४ | ११९ |
| गण्डकी | ११ | १ | ० | २६ | ५८ | ८५ |
| लुम्बिनी | १२ | ० | ४ | ३२ | ७३ | १०९ |
| कर्नाली | १० | ० | ० | २५ | ५४ | ७९ |
| सुदूरपश्चिम | ९ | ० | १ | ३३ | ५४ | ८८ |
| नेपाल | ७७ | ६ | ११ | २७६ | ४६० | ७५३ |

*स्रोत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय*

नेपालको प्रदेश न. १ मा सबैभन्दा धेरै जिल्ला र स्थानीय तह रहेका छन् भने प्रदेश न. २ मा थोरै जिल्ला (८) र कर्नाली प्रदेशमा कम स्थानीय तह (८५) रहेका छन् । यसभित्र गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका पर्छन् । यिनीहरू स्थानीय सरकार हुन् । नेपालको राज्य पुनर्संरचनापछि सात प्रदेश ७७ जिल्ला, ७५३ ओटा स्थानीय तह रहेका छन् । त्यस्तै ७५३ स्थानीय तहमा ६७४३ वडा रहेका छन् । नेपालका सात प्रदेशको भौगोलिक अवस्थालाई तल प्रस्तुत गरिएको छ :

## १. नेपालका प्रदेशको भौगोलिक अवस्था

### (क) प्रदेश न. १

यो प्रदेश पूर्वी नेपालमा पर्छ । यो प्रदेश २६°३' देखि २८°२' उत्तरी अक्षांश र ८६°१' देखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ । यस प्रदेशको पूर्वमा भारतको पश्चिम बङ्गाल र सिक्किम राज्य, दक्षिणमा बिहार राज्य, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिममा प्रदेश न. २ र बाग्मती प्रदेश पर्छन् । प्रदेश न. १ मा १४ जिल्ला रहेका छन् । यस प्रदेशले नेपालको कुल क्षेत्रफलको १७.६ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला ताप्लेजुङ (३,६४६ व.कि.मि.) र सानो जिल्ला तेरथुम (६७९ व.कि.मि.) हुन् । प्रदेश न. १ को राजधानी विराटनगरमा रहेको छ । यो प्रदेश हिमाल, पहाड, भित्रीमधेस र तराईका भूभाग मिली बनेको छ । यस प्रदेशका हिमाली जिल्लामा ताप्लेजुङ, सङ्खुवासभा र सोलुखुम्बु पर्छन् भने पहाडी जिल्लामा पाँचथर, इलाम, तेरथुम, धनकुटा, भोजपुर, ओखलढुङ्गा र खोटाङ जिल्ला रहेका छन् । झापा, मोरङ र सुनसरी यस प्रदेशको तराईमा पर्ने जिल्ला हुन् भने उदयपुर जिल्ला भित्री मधेसमा पर्छ । यस प्रदेशमा विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८.८६ मि.) र होचो भाग केचनाकलन ६० मि. (झापा) पर्छन् ।

यस प्रदेशको तराईमा उपोष्ण, पहाडी क्षेत्रमा समशीतोष्ण र हिमाली क्षेत्रमा लेकाली र टुन्ड्रा प्रकारको हावापानी पाइन्छ । यहाँ ग्रीष्ममा मनसुनी वायुले प्रशस्त वर्षा गराउँछ भने हिउँदमा पश्चिमी वायुले हलुका वर्षा गराउँछ । यहाँ माई, कनकाई, कावेली, सभा, पिलुवा, पिखुवा, रावा, त्रियुगा आदि नदी पनि छन् । यहाँ माइपोखरी (इलाम), साल्पापोखरी (भोजपुर), वराह पोखरी (खोटाङ), इम्जात्सो ताल (सोलुखुम्बु) आदि तालतलैयाहरूसमेत रहेका छन् ।

### (ख) प्रदेश न. २

प्रदेश न.२ तराईका भूभाग मात्र समेटिएको प्रदेश हो । यस प्रदेशको २६°३' देखि २७°७' उत्तरी अक्षांश र ८४°१' देखि ८७°१' पूर्वी देशान्तरसम्म फैलिएको छ । यस प्रदेशको पूर्वमा प्रदेश न. १, दक्षिणमा भारतको विहार राज्य, उत्तरमा प्रदेश न. १ र बाग्मती प्रदेश र पश्चिममा बाग्मती प्रदेश पर्छन् । प्रदेश न. २ मा ८ जिल्लारहेका छन् । यस प्रदेशले नेपालको कुल क्षेत्रफलको ६.५ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला सप्तरी (१,३६३ व.कि.मि.) र सानो जिल्ला महोत्तरी (१,००२ व.कि.मि.) हो । यसको राजधानी जनकपुरमा रहेको छ ।

यस प्रदेशको भूधरातल तराई, भावर र चुरेपर्वत श्रेणीबाट बनेको छ । यस प्रदेशको केही भाग चुरे तथा सिवालिक क्षेत्रमा पर्छ । सप्तरी र पर्सा जिल्लाको उत्तरका केही भाग भित्रीमधेसमा पर्छन् । चुरे पर्वतको फेदको भूभागमा भावर क्षेत्र पर्छ । चुरे र भावर क्षेत्रमा घना जङ्गल छ । यस प्रदेशको धेरै भूभाग तराई क्षेत्रमा पर्छ । यहाँ उब्जाउशील माटो पाइन्छ ।

प्रदेश न. २ को हावापानी गर्मी खालको छ । यहाँ उपोष्ण हावापानी पाइन्छ । यहाँ ग्रीष्ममा गर्मी हुन्छ भने हिउँदमा कहिलेकाहीँ शीतलहर चल्छ । यहाँ ग्रीष्ममा मनसुनी वायुले सालाखाला ११०० देखि २१०० मि.मि. र हिउँदमा पश्चिमी वायुले हलुका वर्षा गराउँछ ।

प्रदेश न. २ को पूर्वी सिमानाबाट कोसी नदी बहेको छ । यहाँ बाग्मती, कमला, रातु नदी पनि रहेका छन् । यस प्रदेशमा विभिन्न तालतलैया रहेका छन् । धनुषामा रहेका गङ्गा सागर, धनुसागर धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छन् ।

### (ग) बाग्मती प्रदेश

बाग्मती प्रदेश नेपालको राजधानी रहेको प्रदेश हो । यो प्रदेश २६°५५' देखि २८°२३' उत्तरी अक्षांश र ८३°५५' देखि ८६°३४' पूर्वी देशान्तरसम्म फैलिएको छ । बाग्मती प्रदेशको पूर्वमा प्रदेश न. १, पश्चिममा गण्डकी प्रदेश, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा प्रदेश न. २ र भारतको विहार राज्य पर्छ । बाग्मती प्रदेशमा १३ जिल्ला छन् । यस प्रदेशले नेपालको कुल क्षेत्रफलको १३.८ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशको ठुलो जिल्ला सिन्धुपाल्चोक (२,५४२ व.कि.मि.) र सानो जिल्ला भक्तपुर (११९ व.कि.मि.) हुन् । बाग्मती प्रदेशको राजधानी हेटौँडामा रहेको छ ।

बाग्मती प्रदेशको सबैभन्दा होचो भाग चितवन जिल्लाको गोलाघाट (१४१ मिटर) र अग्लो भाग रसुवा जिल्लाको लाङटाङ लिरुङ हिमालको (७२२९ मिटर) हो । यस प्रदेशको भूधरातल हिमाल (दोलखा, रामेछाप, सिन्धुपाल्चोक, रसुवा र धादिङ), पहाड (काभ्रेपलाञ्चोक र नुवाकोट), उपत्यका (काठमाडौँ, भक्तपुर, ललितपुर) र भित्री मधेस र चुरेपर्वत (सिन्धुली, चितवन र मकवानपुर) मिली बनेको छ ।

बाग्मती प्रदेशको धरातलीय विविधतासँगै चुरे पर्वत, भित्रीमधेस र नदीबेँसीमा उपोष्ण हावापानी, पहाडी क्षेत्रमा समशीतोष्ण हावापानी र उच्च हिमाली क्षेत्रमा लेकाली र टुन्ड्रा हावापानी पाइन्छ । यहाँ उचाइ अनुसार हावापानी, तापक्रम र वर्षाको मात्रा फरक पर्दै जान्छ । हिमाली र उच्च पहाडी क्षेत्रमा हिउँदमा हिउँ पर्छ । पहाडी क्षेत्र र काठमाडौँ उपत्यकामा समशीतोष्ण हावापानी पाइन्छ । भित्रीमधेसका जिल्लामा ग्रीममा गर्मी र हिउँदमा थोरै मात्र चिसो हुन्छ । यहाँ ग्रीष्ममा मनसुनी वायुले सालाखाला ११०० देखि ३००० मि.मि. र हिउँदमा पश्चिमी वायुले हलुका वर्षा गराउँछ ।

बाग्मती प्रदेशमा सुनकोसी, इन्द्रावती, तामाकोसी, लिखु, त्रिशूली र नारायणी नदी रहेका छन् । यस प्रदेशमा छोरोल्पा (दोलखा), गोसाइँकुण्ड (रसुवा), टौदह (काठमाडौँ), पाँचपोखरी (सिन्धुपाल्चोक), कसरा, नन्द भाउजू, बिसहजारी ताल (चितवन) आदि तालतलैया छन् ।

### (घ) गण्डकी प्रदेश

गण्डकी प्रदेश नेपालको पश्चिमी भागमा पर्छ । यो प्रदेश २७°२०' देखि २९°२०' उत्तरी अक्षांश र ८२°५२' देखि ८५°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ । गण्डकी प्रदेशको पूर्वमा बाग्मती प्रदेश, पश्चिममा कर्णालीर लुम्बिनी प्रदेश र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा लुम्बिनी प्रदेश पर्छन् । गण्डकी प्रदेशमा ११ जिल्ला रहेका छन् । यस प्रदेशले नेपालको कुल क्षेत्रफलको १४.६ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला गोरखा (३,६१० व.कि.मि.) र सानो जिल्ला पर्वत (४९४ व.कि.मि.) हुन् । गण्डकी प्रदेशको राजधानी पोखरामा रहेको छ ।

यस प्रदेशको भूधरातललाई हिमाली क्षेत्र, पहाडी क्षेत्र र भित्रीमधेस क्षेत्र गरी तीन भागमा विभाजन गर्न सकिन्छ । पहाडी क्षेत्रले धेरै भूभाग ओगटेको छ । यस प्रदेशको उचाइ समुद्र सतहबाट १०३ मिटर (त्रिवेणी) देखि ८१६७ मिटर (धवलागिरि) सम्म फैलिएको छ । मुख्य हिमालय र तिब्बती सीमान्त पर्वतहरूका बिचमा मनाङ, मुस्ताङ, छेकम्पार, चुमभोट जस्ता उपत्यका छन् । हिमाली प्रदेशको उत्तरमा सीमान्त हिमालय र मुख्य हिमालयका बिचमा मनाङ, मुस्ताङ जिल्ला पर्छन् । पहाडी क्षेत्रमा मध्य पहाड, महाभारत लेक र चुरेपर्वत पर्छन् । भित्रीमधेसमा नवलपरासी सुस्तापूर्वका भूभाग पर्छन् ।

गण्डकी प्रदेशको धरातलीय स्वरूपले हावापानीमा विविधता ल्याएको छ । यस प्रदेशको भित्रीमधेसमा उपोष्ण, पहाडी भूभागमा समशितोष्ण र हिमाली भूभागमा लेकाली र टुन्ड्रा हावापानी पाइन्छ । यहाँ सालाखाला वार्षिक वर्षा २५०० मि.मि. भन्दा बढी हुन्छ । यस प्रदेशमा नेपालको सबैभन्दा धेरै वार्षिक वर्षा हुने ठाउँ लुम्ले (५२८४ मि.मि.) र कम हुने ठाउँ मुस्ताङ (१४६ मि.मि.) रहेका छन् ।

गण्डकी प्रदेश जलसम्पदाको हिसाबले धनी छ । यो प्रदेश हुँदै मर्स्याङ्दी, मादी, सेती, दरौँदी र काली गण्डकी नदी बहन्छन् । बुढी गण्डकी र त्रिशूली नदी यो प्रदेश र बाग्मती प्रदेशको सीमा नदी हो । यस प्रदेशमा तिलिचो (मनाङ), फेवा, बेगनास र रूपाताल (कास्की) रहेका छन् । यहाँ तातोपानीका कुण्डहरू पनि रहेका छन् ।

### (ङ) लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश नेपालको पश्चिमी भागमा पर्छ । यो प्रदेश २७°३७' देखि २८°५०' उत्तरी अक्षाश र ८०°५८' देखि ८४°पूर्वी देशान्तरसम्म फैलिएको छ । लुम्बिनी प्रदेशको पूर्वमा गण्डकी प्रदेश, पश्चिममा कर्नाली प्रदेश र सुदूरपश्चिम प्रदेश, उत्तरमा गण्डकी प्रदेश र कर्नाली प्रदेश तथा दक्षिणमा भारतको उत्तर प्रदेश राज्य पर्छन् । लुम्बिनी प्रदेशमा १२ जिल्ला रहेका छन् । यस प्रदेशले कुल क्षेत्रफलको १५.१ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला दाङ (२,९५५ व.कि.मि.) र सानो जिल्ला नवलपरासी बर्दघाट सुस्ता पश्चिम (६३४ व.कि.मि.) रहेका छन् । लुम्बिनी प्रदेशको स्थायी राजधानी दाङको भालुवाङमा तोकिएको छ । लुम्बिनी प्रदेशको नक्सा

लुम्बिनी प्रदेशको भूबनावट अग्ला हिमशृङ्खला, पहाड, उपत्यका र समथर फाँटहरू मिली बनेको छ । यस प्रदेशको भूधराततललाई चार भागमा विभाजन गर्न सकिन्छ । यसले प्रदेशको कुल भूमिको थोरै मात्र भूभाग हिमाली क्षेत्रले ओगटेको छ । सिस्ने हिमाल यसै क्षेत्रमा पर्छ । यस प्रदेशमा पर्ने एकमात्र हिमाली जिल्ला पूर्वी रुकुम हो । यस प्रदेशका धेरै भूभागमध्ये पहाडमा पर्छन् । रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची र पाल्पा जिल्ला पहाडी भूभागमा रहेका छन् । दाङ जिल्ला यस प्रदेशको भित्रीमधेसमा पर्ने जिल्ला हो । तराई क्षेत्रमा पर्ने यस प्रदेशका जिल्लामा नवलपरासी (सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, बाँके र बर्दिया हुन् ।

लुम्बिनी प्रदेशमा उपोष्ण, समशीतोष्ण, लेकाली र टुन्ड्रा प्रकारको हावापानी पाइन्छ । यसको उत्तरी भाग केही चिसो हुन्छ भने पहाडमा न्यानो र तराई र भित्रीमधेसमा गर्मी हुन्छ । यहाँ वर्षामा मनसुनी वायुले वर्षा गराउँछ भने हिउँदमा पश्चिमी वायुले हलुका वर्षा गराउँछ ।

लुम्बिनी प्रदेशको जलसम्पदाको प्रमुख स्रोत नदी र तालतलैया हुन् । यस प्रदेशमा, तिनाउ, राप्ती, बबई, बाणगङ्गा नदी रहेका छन् । कर्नाली र कालिगण्डकी नदीहरू क्रमश: सुदूरपश्चिम प्रदेश र गण्डकी प्रदेश छुट्याउने सीमा नदी हुन् ।

**(च) कर्नाली प्रदेश**

कर्नाली प्रदेश नेपालको मध्यपश्चिमी भागमा पर्छ । यो प्रदेश २८°१०' देखि ३०°२६' उत्तरी अक्षांश र ८०°५८' देखि ८३°४०' पूर्वी देशान्तरसम्म फैलिएको छ । कर्नाली प्रदेशमा भौगोलिक रूपमा विकट तथा दुर्गम क्षेत्रहरू धेरै छन् । यस प्रदेशको पूर्वतर्फ गण्डकी प्रदेश र लुम्बिनी प्रदेश पर्छन् । पश्चिममा सुदूरपश्चिम प्रदेश, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा लुम्बिनी प्रदेश तथा सुदूर पश्चिम प्रदेश रहेका छन् । यस प्रदेशमा १० जिल्ला रहेका छन् । यस प्रदेशले नेपालको कुल क्षेत्रफलको १९ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला डोल्पा (७,८८९व.कि.मि.) र सानो जिल्ला रुकुम पश्चिम (१,२१३.४९ व.कि.मि.) हुन् । कर्नाली प्रदेशको राजधानी सुर्खेत जिल्लाको वीरेन्द्रनगरमा रहेको छ ।

यो प्रदेश क्षेत्रफलको हिसावले सब भन्दा ठुलो र जनसङ्ख्याका आधारमा सानो प्रदेश हो । यो प्रदेश २८°१०' देखि ३०°२६' उत्तरी अक्षांश र ८०°५८' देखि ८३°४०' पूर्व देशान्तरसम्म फैलिएको छ । कर्नाली प्रदेशको भूवनावट मुख्य हिमाल, मध्यपहाड, महाभारत लेक, चुरेपर्वत र उपत्यका आदि मिली बनेको छ । यस प्रदेशको सबैभन्दा अग्लो भाग चुरेन हिमाल (७३४८ मि.) हो ।

कर्नाली प्रदेशको धरातलीय स्वरूप र उचाइले हावापानीमा विविधता ल्याएको छ । यस प्रदेशको उत्तरी क्षेत्रमा लेकाली र टुन्ड्रा, पहाडी क्षेत्रमा समशीतोष्ण र भित्रीमधेसमा उपोष्ण हावापानी पाइन्छ । यहाँको औसत वार्षिक तापक्रम २६°से. सम्म पुग्छ भने न्यूनतम तापक्रम ०°से भन्दा कम हुन्छ । यहाँको हिमाली जिल्लाहरूमा हिउँदमा हिउँ पर्छ । यहाँ सालाखाला वार्षिक वर्षा १४७९ मि.मी. भन्दा बढी हुन्छ ।

कर्नाली प्रदेशमा हुम्ला कर्नाली, मुगु कर्नाली, ठुली भेरी, सानी भेरी, तिला आदि नदी बहन्छन् । कर्नाली प्रदेश तालतलैयामा पनि धनी छ । रारा ताल, फोक्सुन्डो ताल र कुभिन्डे दह यस प्रदेशका मुख्य तालतलैया हुन् ।

### (छ) सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेश नेपालको पश्चिमी भूभागमा पर्छ । यो प्रदेश २८°२२' देखि ३०°०९' उत्तरी अक्षांश र लगभग ८०°०३' देखि ८१°२५' पूर्वी देशान्तरसम्म फैलिएको छ । सुदूरपश्चिम प्रदेशको पूर्वमा कर्नाली प्रदेश र लुम्बिनी प्रदेश, पश्चिममा भारतको उतराखण्ड राज्य,उत्तरमा कर्नाली प्रदेश र चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा भारतको उत्तर प्रदेश राज्य पर्छन् । सुदूरपश्चिम प्रदेशमा नौ जिल्ला रहेका छन् । यस प्रदेशले नेपालको कुल क्षेत्रफलको १३.३ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला बझाङ (३,४२२ व.कि.मि.) र सानो जिल्ला बैतडी (१,५१९ व.कि.मि.) हुन् । सुदूरपश्चिम प्रदेशको राजधानी कैलालीको गोदावरी तोकिएको छ ।

सदूरपश्चिम प्रदेशले हिमाल, पहाड र तराईका तीनओटै धरातलीय स्वरूपलाई समेटेको छ । हिमाली क्षेत्रमा दार्चुला, बझाङ र बाजुरा जिल्ला पर्छन् भने बैतडी, डडेल्धुरा, अछाम, डोटी पहाडी जिल्लाहरू हुन् । कैलाली र कञ्चनपुर तराई क्षेत्रमा पर्छन् । डडेल्धुरा जिल्लाका केही भागहरू भने भित्रीमधेसमा पर्छन् ।

सुदूरपश्चिम प्रदेशको धरातलीय स्वरूपले हावापानीमा विविधता ल्याएको छ । यहाँ उपोष्ण, समशीतोष्ण, लेकाली र टुन्ड्रा प्रकारका हावापानी  पाइन्छन् । यहाँ सालाखाला वार्षिक वर्षा २०० मि.मि. भन्दा बढी हुन्छ ।

सुदूरपश्चिम प्रदेशका प्रमुख नदीहरू सेती, बुढीगङ्गा, चौलानी र महाकाली हुन् । यस प्रदेशको घोडाघोडी ताल (कैलाली), रामसार क्षेत्रमा सूचीकृत सिमसार क्षेत्र हो । यसका साथै झिलमिला ताल र वेदकोट ताल (कञ्चनपुर), आलिताल (डडेल्धुरा), छतिवान ताल (डोटी) पनि यसै प्रदेशमा पर्छन् ।

### *क्रियाकलाप*

१. **नेपालका प्रदेशहरूको भौगोलिक विशेषता झल्कने चार्ट वा तालिका तयार पारी कक्षामा टाँस्नुहोस् ।**

२. **आफ्नो प्रदेशको भौगोलिक तथ्यहरूलाई समेटी गीत वा कविता तयार पार्नुहोस् ।**

३. **आफ्नो प्रदेशको नक्सामा सो प्रदेशका मुख्य हिमाल वा पहाड, नदी, ताल, राष्ट्रिय निकुञ्ज, सडक आदिको विवरण भर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।**

## अभ्यास

### तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) अपी हिमाल कुन प्रदेशमा पर्छ ।

(ख) गण्डकी प्रदेशको सबैभन्दा होचो भूमि कुन हो ?

(ग) प्रदेश १ र प्रदेश २ का भौगोलिक विशेषताहरू बिचका समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

(घ) कर्नाली प्रदेशको सभ्यता नदीको सभ्यतासँग जोडिएको छ, पुष्टि गर्नुहोस् ।

(ङ) सुदूरपश्चिम प्रदेशका मुख्य मुख्य भौगोलक विशेषता उल्लेख गर्नुहोस् ।

पाठ : २

# प्रदेशहरूको जनसाङ्ख्यिक अवस्था र विशेषता

## १. जनसाङ्ख्यिक अवस्था

नेपालको जनसङ्ख्याको स्थानिक वितरण प्रणालीलाई भौगोलिक, ऐतिहासिक, सामाजिक सांस्कृतिक, आर्थिक, राजनीतिक अवस्था र विकासका पूर्वाधारहरूले प्रभाव पारेको देखिन्छ । देशको जनसङ्ख्याको वितरण प्रत्यक्ष रूपमा धरातलीय स्वरूप, हावापानी, स्रोत साधनको उपलब्धता आदिसँग सम्बन्धित हुन्छ । वि. स. २०६८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्या २६४९४५०४ रहेको छ जसमा १२८४९०४१ (४८.५%) पुरुष र १३६४५४६३ (५१.५%) महिला जनसङ्ख्या रहेको छ । नेपालको प्रादेशिक जनसङ्ख्या वितरणलाई तल तालिकामा देखाइएको छ ।

### जनसङ्ख्याको प्रादेशिक वितरण र जनघनत्व

| प्रदेश | जनसङ्ख्या | | | | जनघनत्व (व्यक्ति प्रति वर्ग कि.मि.) | ऋणात्मक जनसङ्ख्या वृद्धि भएका जिल्ला |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | कुल | प्रतिशत | | |
| प्रदेश न. १ | २३६८४०७ | २१६६५३६ | ४५३४९४३ | १७.१ | १७५ | ९ |
| प्रदेश न. २ | २६८६२०७ | २७१७९३८ | ५४०४१४५ | २०.४ | ५५९ | ० |
| बागमती | २७८१८१९ | २७४७६३३ | ५५२९४५२ | २०.९ | २७२ | ७ |
| गण्डकी | १३१२९४९ | १०९०८०८ | २४०३७५७ | ९.३ | ११२ | ८ |
| लुम्बिनी | २३५८९५६ | २१४०३१६ | ४४९९२७२ | १६.९ | २१९ | ३ |
| कर्णाली | ८०२४९५ | ७६७९२३ | १५७०४१८ | ५.८ | ४१ | ० |
| सुदूरपश्चिम | १३३४६३० | १२१७८८७ | २५५२५१७ | ९.६ | १३० | ० |
| नेपाल | १३६४५४६३ | १२८४९०४१ | २६४९४५०४ | १०० | १८० | २७ |

स्रोत: युएनएफपिए, २०१७ ।

नेपालको बागमती प्रदेशमा सबैभन्दा धेरै जनसङ्ख्या (२०.९%) रहेको छ । यसपछि प्रदेश न. २ (२०.४%), प्रदेश न. १ (१७.१%), लुम्बिनी प्रदेश (१६.९%), सुदूरपश्चिम प्रदेश (९.६%),गण्डकी प्रदेश (९.३%) र कर्णाली प्रदेश (५.८%) रहेका छन् । यस तथ्याङ्कले प्रदेशहरूबिच जनसङ्ख्याको वितरण समान रूपले भएको पाइँदैन । बागमती प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा कम जनघनत्व रहेको छ । यसैगरी प्रदेश न. १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका २७ जिल्लामा ऋणात्मक जनसङ्ख्या वृद्धिदर रहेको छ । प्रदेशगत जनसाङ्ख्यिक अवस्थाको चर्चा तल गरिएको छ ।

प्रदेश न. १ मा ९,९२,४४५ घरपरिवार रहेका छन् । यस प्रदेशमा नेपालको लगभग १७.१% जनसङ्ख्या बसोबास गर्छन् । यस प्रदेशमा औसत परिवारको आकार ४.५७ र लैङ्गिक अनुपात (M/F) ९१.४ छ । यस प्रदेशको सहरी जनसङ्ख्या २६३९९४६ (५८.२%) रहेको छ ।

प्रदेश न. २ मा ९३२०८७ घरपरिवार रहेका छन् । यस प्रदेशमा नेपालको २०.४% जनसङ्ख्याको बसोबास रहेको छ । यस प्रदेशमा औसत परिवारको आकार ५.८३ र लैङ्गिक अनुपात १०१.२ छ । यस प्रदेशको सहरी जनसङ्ख्या ७१.९% रहेको छ ।

वाग्मती प्रदेश जनसङ्ख्याको हिसाबले सबैभन्दा ठुलो प्रदेश हो । यस प्रदेशमा १२,७०,७९७ परिवार सङ्ख्या छ । यस प्रदेशले नेपालको लगभग २०.९ प्रतिशत जनसङ्ख्यालाई ओगटेको छ । यस प्रदेशको सहरी जनसङ्ख्या७२.६% रहेको छ । गण्डकी प्रदेशमा ५७८२१९ घरपरिवार सङ्ख्या छ । यसले नेपालको लगभग ९.३ प्रतिशत जनसङ्ख्यालाई ओगटेको छ । यस प्रदेशको सहरी जनसङ्ख्या ६०.५% रहेको छ ।

लुम्बिनी प्रदेशमा ८,८५,२०३ परिवार सङ्ख्या छ । यसले नेपालको कुल जनसङ्ख्याको १६.९ प्रतिशत भाग ओगटछ । लुम्बिनी प्रदेशमा ५१.७ प्रतिशत सहरी जनसङ्ख्या रहेको छ ।

कर्नाली प्रदेशमा नेपालको सबैभन्दा कम जनसङ्ख्या रहेको छ । यस प्रदेशमा नेपालको लगभग ५.८ प्रतिशत जनसङ्ख्या  बसोबास गरेको देखिन्छ । यहाँ जम्मा २,९८,३५९ घरपरिवार रहेका छन् । यस प्रदेशमा सहरी जनसङ्ख्या ४९.३% रहेको छ ।

सुदूरपश्चिम प्रदेशमा ४,६९,९७१ घरपरिवार रहेका छन् । यस प्रदेशले नेपालको लगभग ९.६ प्रतिशत जनसङ्ख्यालाई ओगटेको छ । यस प्रदेशको सहरी जनसङ्ख्या ५८.९% रहेको छ ।

### क्रियाकलाप

**१. तल दिइएको तालिका अध्ययन गरी सोधिएका प्रश्नहरूको जवाफ दिनुहोस् :**

| प्रदेश | उमेर समूहअनुसार जनसङ्ख्या प्रतिशत | | |
|---|---|---|---|
| | १४ वर्षभन्दा मुनि | १५ देखि ५९ वर्ष | ६० वर्षमाथि |
| प्रदेश न. १ | २५.७ | ५९.५ | १४.८ |
| प्रदेश न. २ | ३२.२ | ५३.९ | १३.९ |
| वाग्मती | २४.४ | ६३.३ | १२.२ |
| गण्डकी | २४.९ | ५७ | १८.१ |
| लुम्बिनी | ३६.३ | ५५.८ | ७.९ |
| कर्नाली | ३५.९ | ५२.२ | ११.९ |
| सुदूरपश्चिम | ३२.८ | ५२.९ | १४.३ |

(क) माथिको तालिकामा सबैभन्दा सक्रिय जनसङ्ख्या बढी भएको प्रदेश कुन हो ?

(ख) माथिको तालिकाअनुसार निष्क्रिय जनसङ्ख्या धेरै भएको प्रदेश कुन हो ?

(ग) सक्रिय जनसङ्ख्या बढी हुँदा देशलाई हुने फाइदाहरूको सूची तयार पार्नुहोस् ।

(घ) देशमा निष्क्रिय जनसङ्ख्या बढी हुँदाका चुनौतीहरू के के हुन सक्लान् ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

(ङ) समूह समूहमा रही आफ्नो प्रदेशको जनसाङ्ख्यिक विशेषताहरूको चार्ट वा तालिका तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(च) नेपालको प्रदेशहरूमा महिला, पुरुष र कुल जनसङ्ख्या विवरणलाई स्तम्भ रेखा चित्र वा वृत्तचित्रमा तयार पारी कक्षाकोठामा टाँस्नुहोस् ।

## *अभ्यास*

**१. तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) जनसङ्ख्याका आधारमा नेपालको सबैभन्दा धेरै जनसङ्ख्या भएको जिल्ला कुन हो ?**

**(ख) जनसङ्ख्या धेरैदेखि थोरैको आधारमा क्रमशः प्रदेशहरूको नाम लेख्नुहोस् ।**

**(ग) नेपालको जनसङ्ख्याको प्रदेशगत आकारलाई वृत्तचित्रमा प्रस्तुत गर्नुहोस् ।**

**(घ) नेपालको प्रदेशगत जनसङ्ख्या वितरणको अवस्थालाई विश्लेषण गर्नुहोस् ।**

**(ङ) पछिल्लो जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या, प्रदेशगत लिङ्गगत जनसङ्ख्या, प्रदेशगत जनघनत्वको विवरण सङ्कलन गरी तालिकामा प्रस्तुत गनुहोस् ।**

पाठ : 3

# नेपालको प्रदेशका सामाजिक सांस्कृतिक अवस्था र विशेषता

**बढी जनसङ्ख्या भएका १० ओटा जातिको विवरण**

| क्र.स. | जातजाति | जनसङ्ख्या | प्रतिशत | क्र.स. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | क्षेत्री | ४३९८०५३ | १६.६ | ६. | नेवार | १३२१९३३ | ५.० |
| २. | ब्राह्मण (पहाडी) | ३२२६९०३ | १२.२ | ७. | मुसलमान | ११६४२५५ | ४.४ |
| ३. | मगर | १८८७७३३ | ७.१ | ८. | कामी | १२५८५५४ | ४.८ |
| ४. | थारू | १७३७४७० | ६.६ | ९. | यादव | १०५४४५८ | ४.० |
| ५. | तामाङ | १५३९८३० | ५.८ | १०. | राई | ६२०००४ | २.३ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

नेपाल विविधताले भरिपूर्ण बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुल संस्कृति भएको देश हो । यहाँ क्षेत्री, ब्राह्मण, मगर, थारू, तामाङ, नेवार, मुसलमान, कामी, यादव, राई, गुरुङ आदि १२५ जातजातिका मानिसहरू बसोबास गर्छन् ।

यहाँ विभिन्न धार्मिक आस्थाका मानिसहरू बस्छन् । हिन्दु धर्म मान्ने मानिसहरू शिव, दुर्गा आदिको पूजा गर्छन् । बुद्ध धर्मका अनुयायीले बुद्धलाई पूजा गर्छन् । इस्लाम धर्म मान्नेहरूले अल्लाहलाई मान्छन् । इसाईहरू चर्चमा क्राइस्टको प्रार्थना गर्छन् । किरात धर्मालम्वीले पारुहाङ र सुम्निमालाई मान्छन् ।

नेपाल संस्कृतिमा धनी राष्ट्र हो । यहाँ विविध वेशभूषा, रहनसहन र संस्कार र संस्कृति छन् । समाजभित्र विभिन्न धर्म, पेसा, जातजाति, संस्कृति, भाषाभाषी, वेशभूषा, खानपान, रहनसहन, चाडपर्व, उत्सव, साहित्य, कला, मनोरञ्जन आदि पाइन्छ । नेपालमा धेरै भाषा बोलिन्छन् । यसले नेपालको भाषिक विविधतालाई स्पष्ट पार्छ। विविध सांस्कृतिक पर्व, चाड र जात्राहरूले नेपालको सांस्कृतिक पहिचानलाई उचो बनाएका छन् । पूर्वको उँधौली उँभौली होस् वा प्रदेश २ मा मनाइने जितीया पर्व वा छठ होस् यी सबैमा नेपाली संस्कृतिको अनुपम नमुना भेट्न सकिन्छ । गण्डकी प्रदेशको रोदी वा लुम्बिनी प्रदेशमा मनाइने माघी वा सुदूरपश्चिम प्रदेशमा मानिने गौरा वा खेलिने देउडा नाचले नेपाली संस्कृतिलाई जीवन्त बनाएका छन् ।

प्रदेशगत रूपमा नेपालका सामाजिक तथा सांस्कृतिक विशेषतालाई तल उल्लेख गरिएको छ ।

## १. प्रदेश न. १

प्रदेश न. १ मा विभिन्न जातजातिको बसोबास छ। यस प्रदेशको हिमाली क्षेत्रमा शेर्पा जातिको बाहुल्य छ भने पहाडी क्षेत्रमा मिश्रित बसोबास छ। तराई क्षेत्रमा पनि मिश्रित बसोबास छ। यहाँका मुख्य जातजातिमा थारू, मुसलमान, मेचे, कोचे, धिमाल, यादव, राजवंशी, ताजपुरिया, दलित आदि हुन्। प्रदेश न. १ मा आदिवासी जनजाति समूहका राई, लिम्बू, थारु, तामाङ, मगर, नेवार, शेर्पा, सीमान्तीकृत समूहका राजवंशी, धिमाल, सन्थाल र लोपोन्मुख समूहका मेचे, कोचे र लेप्चा जनजाति र मुसलमान समुदायका मानिसहरूको बसोवास छ।

प्रदेश न. १ मा हिन्दु धर्मालम्वीहरूको वाहुल्य छ। यसको साथै किरात, बौद्ध, इस्लाम, इसाई धर्मालम्वीहरू पनि रहेका छन्। प्रदेश न. १ मा सबैभन्दा धेरै मानिसहरूले नेपाली भाषा (४३ प्रतिशत) बोल्छन्। मैथिली भाषा बोल्ने जनसङ्ख्या यहाँ ११.१९ प्रतिशत रहेको छ। यहाँ लिम्बु, थारु, तामाङ, मगर, वान्तवा, उर्दु, राजवंशी, गुरुङ, लेप्चा, धिमाल, मेचे आदि भाषाहरू पनि बोलिन्छ। प्रदेश १ को औसत साक्षरता दर ७१ प्रतिशत रहेको छ। जसमा पुरुषको साक्षरता दर ७९ प्रतिशत र महिलाका साक्षरता दर ४४ प्रतिशत छ। सन् २०२० को युएनडिपीको प्रतिवेदनअनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५८ रहेको छ। यो प्रदेशगत हिसावले तेस्रो बढी मानव विकास सूचकाङ्क रहेको प्रदेश हो। यस प्रदेशमा ल्होसार, उँधौली, उँभौली, दसैं तिहार, सिरुवा आदि चाडपर्व मनाइन्छ। पाथिभरा, हलेसी, बराह क्षेत्र, लारुम्वा, वुढासुव्वा यहाँका यहाँका प्रमुख धार्मिक स्थलहरू हुन्। यस प्रदेशमा रहेका किरातहरू प्रकृति पूजामा विश्वास गर्छन्। यसरी यो प्रदेश सामाजिक सांस्कृतिक रूपमा समुन्नत छ।

## २. प्रदेश न. २

प्रदेश न. २ मा पनि मिश्रित जातजातिहरू बसोबास गर्छन्। यस प्रदेशमा यादव, मुस्लिम, थारुका साथै सीमान्तीकृत र लापोन्मुख समूहका, तेली, कुशवाह, चमार, धानुक, मुसहर, कुर्मी, दुषाद, मल्लाह, कानु आदि बस्छन्। यस प्रदेशमा ब्राह्मण, क्षेत्री, तामाङका साथै अन्य जातिहरू पनि बसोबास गर्छन्।

प्रदेश न. २ मा हिन्दु धर्मालम्वीहरूको वाहुल्य रहेको छ। यहाँ इस्लाम, बौद्ध र इसाई धर्मालम्वीहरूको पनि बसोवास छ। प्रदेश २ मा मैथिली मातृभाषीको बाहुल्य रहेको छ। यहाँ ४५.३ प्रतिशत मैथिली बोल्ने मानिसहरू बसोबास गर्दछन्। यसका साथै यहाँ भोजपुरी, बज्जिका, नेपाली, उर्दु, थारु, तामाङ आदि भाषाहरू पनि बोलिन्छन्। अरू प्रदेशको तुलनामा यस प्रदेशको मानव विकास सूचकाङ्क सबैभन्दा कमजोर छ। सन् २०२० को युएनडिपीको प्रतिवेदनअनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५१ रहेको छ। यस प्रदेशमा छठ, इद, होली, दुर्गापूजा, तिहार, विवाह पञ्चमी, रामनवमी, जुडशीतल, चौरचन, सिरुवा आदि चाडपर्व मनाइन्छ। गढिमाई, रामजानकी मन्दिर, छिन्नमस्ता, जलेश्वर, धनुषाधाम यहाँका प्रमुख धार्मिक स्थलहरू हुन्। यस प्रदेशमा रहेका मुस्लिमहरू मस्जिद जाने र नमाज पढ्ने गर्छन्। यस प्रदेशमा विशेषत मैथिली भाषा, संस्कार संस्कृतिको गहिरो प्रभाव छ साथै भोजपुर भाषा र संस्कृतिले पनि यहाँको जीवन समुन्नत बनाएको छ।

### ३. बागमती प्रदेश

बागमती प्रदेशमा पनि मिश्रित जातिको बसोबास छ । यहाँ तामाङ, नेवार, ब्राह्मण र क्षेत्री जातिको बाहुल्य रहेको छ । यस प्रदेशको हिमाली क्षेत्रका मुख्य जाति शेर्पा र तामाङ हुन् । पहाडी क्षेत्रका बाहुन, क्षेत्री, मगर, दलित, र काठमाडौं उपत्यका, धुलिखेल, बनेपामा नेवार जातिहरूको बसोबास रहेको छ । यस प्रदेशको भित्रीमधेसका मुख्य जाति थारु हुन् । यहाँ सीमान्तीकृत समूहका चेपाङ, बोटे, थामी आदि पनि बसोबास गर्छन् ।

बागमती प्रदेशमा हिन्दु धर्मालम्बीहरूको बाहुल्य (७१.७८%) रहेको छ । यहाँ बौद्ध, किरात, इस्लाम र इसाई धर्मालम्बीहरूको पनि बसोबास छ । बागमती प्रदेशमा अधिकांश मानिसहरू नेपाली भाषा बोल्छन् । यहाँ बोलिने अन्य भाषाहरूमा तामाङ, नेवारी, थारु, चेपाङ आदि हुन । बागमती प्रदेशको औसत साक्षरता दर ७४.९ प्रतिशत रहेको छ । यहाँको पुरुष साक्षरता दर ८२.२% र महिलाको साक्षरता दर ६७% रहेको छ । सन् २०२० को युएनडिपीको प्रतिवेदनअनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.६६ रहेको छ । यो सबैभन्दा बढी मानव विकास सूचकाङ्क रहेको प्रदेश हो । यस प्रदेशमा ल्होसार, दसैं, तिहार, तीज, कृष्ण जन्माष्टमी, शिवरात्रि, गाईजात्रा, इन्द्रजात्रा आदि चाडपर्व मनाइन्छ । भक्तपुरमा विस्केट जात्रा र ललितपुरमा प्रत्येक बाह्र वर्षमा देखाइने कात्तिक नाच प्रख्यात छन् । भिमेश्वर दोलखा,, गोसाइकुण्ड, पशुपतिनाथ, बौद्धनाथ, जामे मस्जिद, एजम्प्सन चर्च, पलाञ्चोक भगवती, दक्षिणकाली यहाँका यहाँका प्रमुख धार्मिक स्थलहरू हुन् । यसरी प्रदेशले विविध सामाजिक सांस्कृतिक पहिचानलाई जीवन्त राखेको छ ।

### ४. गण्डकी प्रदेश

गण्डकी प्रदेशमा मिश्रित जातजातिको बसोबास देखिन्छ । यस प्रदेशका मुख्य जातिहरू ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, छन्त्याल, थकाली आदि हुन् । जातजातिको बसोबास भौगोलिक क्षेत्रअनुसार फरक छ । पहाडी क्षेत्रमा क्षेत्री, बाहुन, दलित, नेवार, ठकुरी, मगर आदि बस्छन् । भित्री मधेसमा ब्राम्हण, क्षेत्री, मगर, थारु, माझी र अन्य जाति रहेका छन् । हिमाली क्षेत्रमा थकाली, गुरुङ, ल्होमी आदि जातजातिको बसोबास छ ।

गण्डकी प्रदेशमा हिन्दु धर्मालम्बीहरूको बाहुल्य (८२.९%) रहेको छ । यहाँ बौद्ध, इसाई, इस्लाम, बोनर प्रकृति धर्मालम्बीहरूको पनि बसोबास रहेको छ । गण्डकी प्रदेशमा नेपाली भाषा बोल्ने मानिसहरूको बाहुल्यता रहेको छ । यहाँ बोलिने मुख्य भाषाहरू मगर, गुरुङ, नेवार, तामाङ, थारु आदि हुन् । गण्डकी प्रदेशको औसत साक्षरता दर ७५ प्रतिशत रहेको छ । यहाँको पुरुष साक्षरता दर ८३% र महिलाको साक्षरता दर ६८% छ । सन् २०२० को युएनडिपीको प्रतिवेदनअनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.६१ रहेको छ । यो प्रदेशगत हिसावले दोस्रो बढी मानव विकास सूचकाङ्क रहेको प्रदेश हो । यस प्रदेशमा ल्होसार, दसैं, तिहार, तोरन्हल आदि चाडपर्व मनाइन्छ । मनकामना, मुक्तिनाथ, विन्ध्यवासिनी, बाग्लुङ कालिका, गलेश्वर महादेव यहाँका प्रमुख धार्मिक स्थलहरू हुन् । यस प्रदेशमा रहेका गुरुङहरूको रोदी संस्कृति यस प्रदेशको मौलिक पहिचान हो । घाटु, कौरा र सोरठी नृत्यले समेत यो प्रदेश सांस्कृतिक रूपमा धनी मानिन्छ ।

## ५. लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेशको भौगोलिक क्षेत्र अनुसार मिश्रित जातजातिहरू बसोबास गर्छन् । यहाँका मुख्य जातजाति ब्राह्मण, क्षेत्री, थारु र मगर आदि हुन् । यहाँको पहाडी क्षेत्रका मुख्य जातजाति मगर, क्षेत्री, बाहुन, दलित, ठकुरी, सन्यासी आदि हुन् । तराई र भित्रीमधेस क्षेत्रका मुख्य जातिमा थारु, यादव, मुसलमान र सीमान्तीकृत समूहका चमार, केवट, कहर र पासवान आदि हुन् । यस प्रदेशको कपिलवस्तु र बाँके मुस्लिम बाहुल्य भएका जिल्ला हुन् । त्यस्तै दाङ र बर्दिया थारु बाहुल्य भएका जिल्ला हुन् । लुम्बिनी प्रदेशमा हिन्दु धर्मालम्वीहरूको बाहुल्य रहेको छ । यहाँ बौद्ध, इस्लाम, इसाई र प्रकृति धर्मालम्बीहरूको पनि बसोबास रहेको छ । लुम्बिनी प्रदेशमा बसोबास गर्ने अधिकांश मानिसहरूले नेपाली भाषा बोल्छन् । यहाँ बोलिने अन्य भाषाहरूमा थारु, भोजपुरी, अवधि, उर्दु, वज्जिका, मगर आदि हुन । लुम्बिनी प्रदेशको साक्षरता दर ६६.४३ प्रतिशत रहेको छ । सन् २०२० को युएनडिपीको प्रतिवेदनअनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५६ रहेको छ । यो प्रदेश मानव विकास सूचकाङ्कको हिसाबले चौथो स्थानमा रहेको छ । यस प्रदेशमा माघी, इद, दसैं, तिहार, सामाचखेवा आदि चाडपर्व मनाइन्छ । लुम्बिनी, स्वर्गद्वारी, बागेश्वरी, रुरुक्षेत्र, सुप्पा देउराली, जामे मस्जिद रहमानिया भैरहवा र सहवावा मस्जिद नेपालगन्ज यहाँका प्रमुख धार्मिक स्थलहरू हुन् । यसरी यो प्रदेश सामाजिक,सांस्कृतिक र धार्मिक विविधता र पहिचान बोकेको प्रदेश हो ।

## ६. कर्णाली प्रदेश

सामाजिक, सांस्कृतिक र भाषिक विविधता कर्णाली प्रदेशको सम्पत्ति हो । यस प्रदेशमा क्षेत्री, ब्राह्मण, ठकुरी, मगर, थारु, राउटे, राजी, बादी, गुरुङ आदि जातजातिहरूको बसोबास छ । त्यस्तै यस प्रदेशमा लोपन्मुख तथा सीमान्तीकृत समूहका थारु, बादी, राउटे, राजी आदिको पनि बसोबास रहेको छ । कर्णाली प्रदेशमा हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्य (९५%), रहेको छ । यहाँ बौद्ध, इसाई र अन्यधर्मालम्बीहरू पनि रहेका छन् । यहाँ नेपाली भाषा बोल्नेहरूको बाहुल्य रहेको छ । खस भाषा, मगर भाषा पनि यहाँ बोलिन्छन् । कर्णाली प्रदेशको साक्षरता दर ६२.७ प्रतिशत रहेको छ । सन् २०२० को युएनडिपीको प्रतिवेदनअनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५३ रहेको छ । यो प्रदेश दोस्रो कम मानव विकास सूचकाङ्क भएको प्रदेश हो । यस प्रदेशमा ल्होसार, दसैं तिहार, जनैपूर्णिमा, साउने सङ्क्रान्ति आदि चाडपर्व मनाइन्छ । चन्दननाथ, शे गुम्वा, देउती बज्यै, त्रिपुरासुन्दरी, पञ्चदेवल यहाँका प्रमुख धार्मिक स्थलहरू हुन् । यस प्रदेशमा मस्टो देवताको पूजा गर्ने समुदाय पनि छन् । यहाँको डोल्पो जातिमा लासलाई काटेर गिद्धलाई खुवाउने अनौठो परम्परा रहेको पाइन्छ । यसरी यो प्रदेश सामाजिक सांस्कृतिक रूपमा समुन्नत छ ।

## ७. सुदूरपश्चिम

सुदूरपश्चिम प्रदेशमा मुख्य गरी क्षेत्री, ब्राह्मण, ठकुरी, थारु, दलित जातिहरूको बसोबास रहेको छ । यहाँका हिमाली र पहाडी क्षेत्रमा मिश्रित जातिको बसोबास छ । तराई क्षेत्रमा ब्राह्मण, क्षेत्री, थारु र अन्य मिश्रित जातजातिहरू रहेका छन् ।

सुदूरपश्चिम प्रदेशमा हिन्दु धर्मालम्वीहरूको बाहुल्य (९७.२%) रहेको छ । यहाँ बौद्ध, इसाई, इस्लाम, प्रकृति र अन्य धर्मालम्वीहरूको पनि बसोबास छ। सुदूरपश्चिम प्रदेशमा नेपाली भाषासँगै दर्जनौं अन्य भाषाहरू पनि बोलिन्छन् । यहाँ नेपालमा बोलिने चारै परिवारका भाषाहरू बोलिन्छ । यस प्रदेशका मुख्य भाषाहरू डोटेली, नेपाली, थारु, बैतडेली, अछामी, बझाङी आदि हुन् । सुदूरपश्चिम प्रदेशको औसत साक्षरता दर ६३ प्रतिशत रहेको छ । यहाँको पुरुष साक्षरता दर (७६%) र महिलाको (५२%) छ। सन् २०२० को युएनडिपीको प्रतिवेदनअनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५४ रहेको छ । यो प्रदेशगत हिसाबले तेस्रो कम मानव विकास सूचकाङ्क रहेको प्रदेश हो । यस प्रदेशमा गौरा पर्व, दसैं, तिहार धुमधामका साथ मनाइन्छ । तराई क्षेत्रमा माघी पर्वले आफ्नै सामाजिक सांस्कृतिक महत्त्व बोकेको छ । यहाँका प्रमुख धार्मिक स्थलहरूमा उग्रतारा, त्रिपुरासुन्दरी, शैलेश्वरी, बडीमालिका, बैजनाथ आदि हुन् । यस प्रदेशमा देउडा नाचको ठुलो सामाजिक सांस्कृतिक महत्त्व रहेको छ ।

### *क्रियाकलाप*

१. कुनै दुईओटा प्रदेशको सामाजिक जनजीवन सम्बन्धमा चार्ट वा तालिका तयार पार्नुहोस् ।

२. आफ्नो प्रदेशको सामाजिक सांस्कृतिक विशेषता सम्वन्धमा गीत वा कविता तयार पार्नुहोस् ।

३. प्रदेशको नक्सामा कुन जातिको बसोबास कहा़ा रहेको छ, जोडी जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. नेपालका प्रदेशहरूका सामाजिक र सांस्कृतिक विशेषतासँग सम्बन्धित रही कक्षामा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस्

५. नेपालको कर्णाली प्रदेश संस्कृतिमा धनी छ । यस विषयमा दुई साथीबिचको संवादको नमुना तयार पार्नुहोस् ।

### *अभ्यास*

**१. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) बाग्मती प्रदेशका कुनै तीनओटा सामाजिक विशेषताहरू उल्लेख गर्नुहोस् ।

(ख) सुदूरपश्चिम प्रदेशका मुख्य मुख्य सामाजिक पहिचान उल्लेख गर्नुहोस् ।

(ग) बाग्मती प्रदेशका मुख्य मुख्य जातिहरूको सूची तयार पार्नुहोस् ।

(घ) सामाजिक विविधता नेपालको पहिचान शीर्षकमा एक लेख तयार पार्नुहोस् ।

(ङ) प्रदेश न. १ का कुनै तीनओटा सांस्कृतिक विशेषताहरू उल्लेख गर्नुहोस् ।

(च) गण्डकी प्रदेशका मुख्य मुख्य धार्मिक स्थलहरूको नाम लेखी छोटकरीमा व्याख्यासमेत गर्नुहोस् ।

(छ) कुन कुन सामाजिक सांस्कृतिक गतिविधिहरूले तपाईंको प्रदेशको पहिचानलाई उचो बनाउन मदत गरेका छन्, उल्लेख गर्नुहोस् ।

| प्रदेशको नाम | विशेष जाति | साक्षरता प्रतिशत | मानव विकास सूचकाङ्क |
|---|---|---|---|
| प्रदेश न. १ | राई, लिम्बु, शेर्पा, लेप्चा, राजवंशी, सतार | ७१ | ०.५८ |
| प्रदेश न. २ | यादव, मुसलमान, थारु, मुसहर | ७१ | ०.५१ |
| बाग्मती | तामाङ, नेवार, चेपाङ, थामी, ह्योल्मो | ७४.९ | ०.६६ |
| गण्डकी | गुरुङ, थकाली, दुरा, छन्त्याल, बाह्रगाउँले | ७५ | ०.६१ |
| लुम्बिनी | मुसलमान, मगर, थारु | ६६.४३ | ०.५६ |
| कर्नाली | ठकुरी, मुगाली, डोल्पो | ६२.७ | ०.५३ |
| सुदूरपश्चिम | राना थारु, व्याँसी, ठकुरी, | ६३ | ०.५४ |

## *परियोजना कार्य*

आफ्ना प्रदेशका मुख्य मुख्य सामाजिक सांस्कृतिक पहिचान बोक्ने सम्पदा, संस्कार र संस्कृति समेटिएको एक चित्रात्मक पुस्तिका तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ : ४

# नेपालका प्रदेशको आर्थिक अवस्था र विशेषता

प्रदेशको आर्थिक आयामअन्तर्गत मानिसहरूको उत्पादनका साधनहरूमा पहुँच र श्रम बजारमा सहभागी हुने सक्षमतालाई बुझाउँछ । नेपालका सबै प्रदेशहरूको अर्थतन्त्र कृषि र विप्रेषणमा निर्भर देखिन्छ। यहाँका मानिसहरू कृषि पेसासँगै नोकरी, व्यापार, मजदुरी, वैदेशिक रोजगारी, घरेलु तथा साना उद्योग आदि पेसामा संलग्न भएका छन् ।

प्रदेशको आर्थिक अवस्था विश्लेषणको अर्को आधार कुल ग्रार्हस्थ उत्पादनमा योगदान हो। सन् २०१९/२० मा कुल ग्रार्हस्थ उत्पादनमा बाग्मती प्रदेशको योगदान सबैभन्दा बढी (३५.८%) र कर्नाली प्रदेशको सबैभन्दा कम (४.३%) रहेको देखिन्छ।

सुदूरपश्चिम प्रदेशको कृषि क्षेत्रको योगदान सबैभन्दा धेरै र बाग्मती प्रदेशको कम रहेको छ। थोक तथा खुद्रा व्यापारको योगदान बाग्मती प्रदेशमा सबैभन्दा धेरै र कर्नाली प्रदेशको कम रहेको छ। निर्माण क्षेत्रको योगदान गण्डकी प्रदेशमा सबैभन्दा धेरै र बाग्मती प्रदेशको कम रेहको छ ।

नेपालको हिमाली क्षेत्रमा पशुपालन, पहाडी क्षेत्रमा फलफूल, तरकारी, अलैंची र तराई क्षेत्रमा धान र उखु, चिया खेतीको प्रशस्त सम्भावना छ। कतिपय स्थानमा आलु, जडीबुटी, फलफूल, तरकारी, अदुवा, अलैंची, चिया आदि जस्ता उच्च मूल्यका वस्तुहरू मूल्य शृङ्खलामा आवद्ध भएका छन्। यहाँ मुख्य गरी खाद्यान्न बाली, दलहन, तेलहन, नगदे बाली उत्पादन गरिन्छ। यसैगरी नेपाल टेलिकम र एनसेलले देशका सबै प्रदेशमा टेलिफोन, मोबाइल र इन्टरनेट तथा सूचना सञ्चार सेवा उपलब्ध गराइरहेका छन् । यसले देशको समग्र आर्थिक विकासमा टेवा पुगिरहेको छ।

## १. प्रदेश न. १

प्रदेश न. १ का ८१.९ प्रतिशत मानिसहरू कृषि पेसामा संलग्न रहेका छन् । यहाँ मुख्य गरी खाद्यान्न बाली, दलहन, तेलहन, नगदे बाली उत्पादन गरिन्छ । यस प्रदेशमा धानको उत्पादन सबैभन्दा धेरै हुन्छ। यस प्रदेशको हिमाली क्षेत्रमा पशुपालन, आलु, जडीबुटी; पहाडी क्षेत्रमा खाद्यान्न, अलैंची, अदुवा र कागती, सुन्तला, जुनार र तराई क्षेत्रमा धान, मकै, जुट र उखु, चिया खेतीको प्रशस्त सम्भावना छ। यस प्रदेशका इलाम, धनकुटा, पाँचथर, तेरथुम जिल्लाहरूमा चिया, बेमौसमी तरकारी, अलैंची र दुध व्यावसायिक उद्देश्यले उत्पादन गरिन्छ।

प्रदेश न. १ मा जुट, चिनी, सलाई, साबुन, सिमेन्ट, छड, चिया प्रशोधनका उद्योगहरू रहेका छन् । विराटनगर यस प्रदेशको प्रमुख औद्योगिक केन्द्र हो । यस प्रदेशमा विराटनगर, इटहरी, धरान, इनरुवा, दमक, विर्तामोड, मेचीनगर, इलाम, धनकुटा आदिमा व्यापार व्यवसाय, होटलहरू सञ्चालन भइरहेका

छन् । विर्तामोड, धरान, गाईघाट र कटारी पहाड र तराईलाई जोड्ने प्रमुख नाकाहरू हुन् । प्रदेश न. १ मा काकडभिट्टा र रानी भन्सार विराटनगर, पशुपतिनगर भारतसँग जोडिएका व्यापारिक नाकाहरू हुन् । उत्तरमा ओलाङचुङगोला र किमाथाङ्का चीनसँग जोड्ने व्यापारिक नाकाहरू हुन् ।

प्रदेश न. १ मा विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८.८६ मिटर) लगायत अरू थुप्रै ८००० मिटरभन्दा अग्ला हिमशृङ्खला, कोसीटप्पु वन्यजन्तु आरक्ष, सगरमाथा, मकालु बरुण राष्ट्रिय निकुञ्ज, विभिन्न धार्मिक स्थलका साथै गुफा, झर्ना र तालहरू छन् । यी सम्पदाले पर्यटन उद्योगको विकासको सम्भावना देखिन्छ ।

प्रदेश न. १ मा जलविद्युत् उत्पादनको पनि प्रशस्त सम्भावना रहेको छ । यहाँ अरुण, पिलुवा, काबेली, हेवा, माई आदि जस्ता थुप्रै ठुला, साना जलविद्युत् आयोजनाहरूले विद्युत् विकासको प्रचुर सम्भावना बोकेका छन् ।

प्रदेश न. १ मा सडक, हवाईमार्ग र सूचना र सञ्चारको सुविधा विस्तार भइरहेको छ । यहाँ मेची राजमार्ग (२६८ कि.मि), कोसी राजमार्ग (१५९ कि.मि), सगरमाथा राजमार्ग (२६५ कि.मि), महेन्द्र राजमार्ग, मध्यपहाडी लोकमार्ग, तमोर कोरिडर, मदन भण्डारी लोकमार्ग र विभिन्न ग्रामीण सडकले आवागमनको सुविधा पुऱ्याउँदै आएको छ । यस प्रदेशका विराटनगर, सुकेटार, भद्रपुर, तुम्लिङटार, सोलुखुम्बुको लुक्ला, फाप्लुमा काठमाडौँबाट र पहाडी जिल्लामा विराटनगरबाट समेत हवाई सेवा उपलब्ध छ ।

## २. प्रदेश न. २

प्रदेश न. २ का लगभग ६६ प्रतिशत मानिसहरू कृषि पेसामा लागेका छन् । यस प्रदेशका सबै जिल्लाहरूमा प्रशस्त धान, गहुँ, मकैको उत्पादन हुन्छ । यस प्रदेशलाई नेपालको अन्नको भण्डार पनि भनिन्छ । यहाँ खाद्यान्न, दलहन, तेलहन, नगदे बाली लगाइन्छ । पशुपालन यस प्रदेशको अर्थतन्त्रको अभिन्न अङ्ग हो । यस प्रदेशले देशको २४.९६ प्रतिशत धान र २९.०९ प्रतिशत गहुँ उत्पादन गर्छ । प्रदेश न. २ नेपालको प्रमुख माछा उत्पादन केन्द्रका रूपमा विकास भइरहेको छ ।

यस प्रदेशको प्रमुख औद्योगिक केन्द्र विरगन्जपथलैया करिडोर हो । यहाँ चिनी, चुरोट, साबुन, सिमेन्ट, छड आदि उद्योगहरू रहेका छन् ।

यस प्रदेशका राजविराज, लाहान, सिराहा, जनकपुर, वर्दिवास, जलेश्वर, मलङ्गवा, गौर, वीरगन्ज, निजगढ, चन्द्रनिगाहपुर आदि सहरी क्षेत्रहरूमा व्यापार, होटल व्यवसायहरू सञ्चालन भइरहेका छन् । वीरगन्ज नेपालको सबभन्दा ठुलो व्यापारिक नाका हो । यो नाका नेपाल र भारतबिचको प्रवेशद्वार पनि हो ।

प्रदेश न. २ मा पर्सा राष्ट्रिय निकुञ्ज पर्छ । यस प्रदेशमा जनकपुरधाम, गढिमाई, छिन्नमसता, कङ्कालनी मन्दिर र विभिन्न ठाउँमा मस्जिदहरू रहेका छन् । यी प्राकृतिक तथा सांस्कृतिक धरोहरहरूले यस प्रदेशमा पर्यटन उद्योग विकासको सम्भावना देखिन्छ । यस प्रदेशको वीरगन्जमा सुक्खा बन्दरगाह रहेको छ । त्यस्तै रक्सौलदेखि अमलेखगन्जसम्म पेट्रोलियम पाइप लाइन बिछ्याएको छ । जसले इन्धन ढुवानीमा हुने खर्च र श्रमलाई बचत गरेको छ ।

प्रदेश न. २ मा सडक, हवाईमार्ग र रेलमार्गको विकास भएको छ । यस प्रदेशको पूर्वपश्चिम भएर महेन्द्र राजमार्ग गएको छ । यहाँ हुलाकी मार्ग, बी.पी. राजमार्गका केही खण्ड, त्रिभुवन राजपथका केही खण्ड र महेन्द्र राजमार्गबाट दक्षिणमा रहेका प्रमुख नगरहरूलाई जोड्ने सडकहरू रहेका छन् । बाराको निजगढबाट काठमाडौं जोड्ने फास्ट ट्र्याक निर्माण भइरहेको छ । निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल पनि बन्ने प्रक्रियामा छ । भारतको जयनगरदेखि प्रदेश न. २ को जनकपुर र कुर्थासम्म रेल सेवा विस्तारको क्रममा छ भने बर्दिबास हुँदै पथलैया र पश्चिम नेपाल जोड्ने गरी रेल यातायातका पूर्वाधार विकासका कार्य सुरु भएका छन् ।

## ३. बागमती प्रदेश

बागमती प्रदेश नेपालको प्रमुख आर्थिक केन्द्र हो । यस प्रदेशको सन् २०१९/२० मा कुल ग्रार्हस्थ उत्पादनमा ३१.९ प्रतिशत योगदान रहेको छ भने ६० प्रतिशतभन्दा धेरै मानिस कृषि पेसामा लागेको देखिन्छ । बाग्मती प्रदेशमा धान, मकै, गहुँ, कोदो, फापर, दलहन, तेलहन बाली उत्पादन हुन्छन् । यस प्रदेशको चितवन, धादिङ र काभ्रेपलान्चोक जिल्लामा कुखुरापालन व्यवसाय र तरकारी खेती फस्टाएको छ । बाग्मती प्रदेश फलफूल, तरकारी, मासु र दुध उत्पादनमा आत्मनिर्भरतातर्फ उन्मुख रहेको छ ।

बाग्मती प्रदेशमा  बालाजु, पाटन, भक्तपुर र हेटौँडामा औद्योगिक क्षेत्रहरू रहेका छन् । यस प्रदेशमा उद्योगहरूले धेरै व्यक्तिलाई रोजगारी उपलब्ध गराउँदै आएका छन् । बाग्मती प्रदेशको पाँचखाल र चितवनको शक्तिखोरमा विशेष औद्योगिक क्षेत्र बनाउन थालिएको छ ।

बाग्मती प्रदेशका काठमाडौं, नारायणगढ, बनेपा, हेटौँडा प्रमुख व्यापारिक केन्द्रहरू हुन् । रसुवागढी र तातोपानी नाका यस प्रदेशका प्रमुख व्यापारिक नाकाहरू हुन् । यहाँ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय व्यापार हुन्छ ।

बाग्मती प्रदेशमा प्राकृतिक तथा सांस्कृतिक धरोहरहरूले पर्यटन उद्योगको विकासको सम्भावना वृद्धि गरेका छन् । यहाँ विश्व सम्पदामा सूचीकृत पशुपति मन्दिर, चाँगु नारायण, बौद्धस्तूपा, दरबार स्क्वायरहरू र राष्ट्रिय निकुञ्ज रहेका छन् । शिवपुरी राष्ट्रिय निकुञ्ज र लाङटाङ राष्ट्रिय निकुञ्ज यसै प्रदेशमा पर्छन् । यसको साथै विभिन्न धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदा, साहसिक खेलकुद, पर्वतारोहण, देशको राजधानीसमेत भएका कारण यहाँ पर्यटन उद्योगको उच्च सम्भावना रहेको छ ।

यो प्रदेश विद्युत् उत्पादनमा पनि अगाडि रहेको छ । यहाँ भोटेकोसी, तामाकोसी, चिलिमे, सुनकोसी, त्रिशूली, देवीघाट, कुलेखानी पहिलो र दोस्रो आदि ठुला र  साना जलविद्युत् आयोजनाहरू सञ्चालन भइरहेका छन् ।

बाग्मती प्रदेश सडक र हवाईमार्गको पूर्वाधारमा अगाडि छ । यो प्रदेशसँग देशका सबै प्रदेश र अन्तर्राष्ट्रिय देशहरूसँग हवाई सेवा जोडिएका छन् । यस प्रदेशमा त्रिभुवन राजपथ र दक्षिणकाली हेटौँडा राजमार्गले तराई, पृथ्वीराजमार्गले बाग्मती र गण्डकी प्रदेशमा केही पहाडी जिल्लाहरूमा सडक यातायातमा सहज बनाएको छ । अरनिको राजमार्ग र पासाङ ल्हामु राजमार्गले चीनसँगको कोदारी र रसुवागढी नाकासँगको

सम्पर्क जोडेको छ । बी.पी. राजमार्गले काठमाडौँ उपत्याका र पूर्वी पहाड र तराईसँगको सम्पर्कलाई नजिक बनाएको छ । यहाँका निर्माणाधीन काठमाडौँ तराई द्रुतमार्ग, थानकोट नौबिसे सुरुङ मार्गले यस प्रदेश र समग्र देशकै आर्थिक समृद्धिको सम्भावना बोकेका छन् ।

## ४. गण्डकी प्रदेश

गण्डकी प्रदेशका ७२.४ प्रतिशत मानिसहरू कृषि पेसामा लागेका छन् । यस प्रदेशमा धान, मकै, गहुँ, कोदो, फापर, दलहन, तेलहन, आलु आदि बाली उत्पादन हुन्छन् । यस प्रदेशका हिमाली र पहाडी जिल्लाहरूका घाँसे मैदानहरूमा व्यावसायिक पशुपालनको सम्भावना रहेको छ । कास्की, बागलुङ, पर्वत, तनहुँ र स्याङजा जिल्लामा तरकारी र कुखुरापालन व्यवसाय फस्टाएका छन् । यस प्रदेशको आर्थिक विकास र समृद्धिमा कृषि, वन, पर्यटन र पशुपालन व्यवसायको योगदान महत्त्वपूर्ण रहेको छ ।

गण्डकी प्रदेशको प्रमुख औद्योगिक केन्द्र पोखरा हो । त्यस्तै नवलपरासी (सुस्तापूर्व) मा पनि धेरै उद्योगहरू सञ्चालन भइरहेका छन् । यहाँ फर्निचर, खाद्य पदार्थ, धातु, खनिज, चाउचाउ आदि उत्पादनसम्बन्धी उद्योगहरू छन् ।

गण्डकी प्रदेश व्यापार व्यवसायको प्रमुख केन्द्र हो । यसका प्रमुख व्यापारिक केन्द्रहरू पोखरा, वालिङ, गैँडाकोट, कावासोती, दमौली, कुस्मा, बेनी, बागलुङ, जोमसोम आदि हुन् । नवलपरासीको सुस्ता र मुस्ताङको कोरला नाका व्यापारिक सम्भावना बोकेका नाकाहरू हुन् ।

गण्डकी प्रदेशका प्राकृतिक तथा सांस्कृतिक धरोहरहरूले पर्यटन उद्योगको विकासमा अहम् भूमिका खेलिरहेका छन् । यहाँ अन्नपूर्ण पद मार्ग, मुस्ताङ र मनाङ आदि प्रमुख पर्यटकीय गन्तव्य स्थलहरू रहेका छन् । नेपाल भित्रिने विदेशी पर्यटकहरू करिब ३३ प्रतिशत पर्यटकहरू गण्डकी प्रदेशमा आउँछन् । पर्यटन व्यवसायलाई प्रवर्धन गर्नका लागि घले गाउँ, सिरुवारी र विभिन्न पदमार्गहरूमा पाहुना तथा अतिथि सत्कार घरहरू सञ्चालन हुँदै आएका छन् ।

गण्डकी प्रदेशमा विद्युत् उत्पादनको प्रचुर सम्भावना रहेको छ । यहाँ कालिगण्डकी, मर्स्याङ्दी, मध्य मर्स्याङ्दी, मोदी, अपर मोदी आदि ठुला साना जलविद्युत् परियोजनाबाट विद्युत् उत्पादन भइरहेका छन् ।

गण्डकी प्रदेश सडक र हवाईमार्गको पूर्वाधार विकासमा अगाडि छ । यस प्रदेशको पोखरा अन्तर्राष्ट्रिय विमान स्थलले यहाँको पर्यटन विकासमा ठुलो योगदान पुऱ्याउने देखिन्छ । यस प्रदेशको राजधानीबाट प्रदेशका सबै जिल्लाहरू, काठमाडौँ र तराई जोड्ने सडक सञ्जाल र हवाई सेवाबाट जोडिएका छन् । यहाँबाट भारतका केही सहरमा समेत हवाइ सुविधा उपलब्ध हुँदै आएको छ । यस प्रदेशमा सिद्धार्थ राजमार्गले तराई, पृथ्वीराजमार्गले काठमाडौँ र पोखरा बेनी जोमसोम राजमार्गले पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ जिल्लासँगको आवतजावतलाई सहज बनाएको छ । मनकामना, मुक्तिनाथ, बागलुङ कालिका आदि धार्मिक पर्यटनका लागि प्रसिद्ध छन् भने पोखरा आन्तरिक र बाह्य पर्यटनको उत्कृष्ट गन्तव्यको रूपमा रहेको छ ।

## ५. लुम्बिनी प्रदेश

कृषि लुम्बिनी प्रदेशको मुख्य आर्थिक क्रियाकलाप हो । यहाँ धान, गहुँ, मकै, कोदो, तेलहन, दलहन, उखु, आलु, तरकारी, फलफूलहरू आदि उत्पादन हुन्छन् । यस प्रदेशको तराई र भित्रीमधेसमा धान प्रशस्त उत्पादन हुन्छ । पहाडी क्षेत्रमा हावापानीअनुसार कफी, सुन्तला, तरकारी, फलफूल खेतीको आदिको सम्भावना रहेको छ । यहाँ पशुपालनको राम्रो सम्भावना रहेको छ । लुम्बिनी प्रदेशका विभिन्न सहरी र सहर उन्मुख क्षेत्रमा कुखुरा तथा माछा पालन, दुग्ध, तरकारी र फलफूल खेती व्यावसायिक रूपले गर्न थालिएको छ । बुटवल, भैरहवा र नेपालगञ्ज लुम्बिनी प्रदेशका आर्थिक केन्द्रहरू हुन् ।

लुम्बिनी प्रदेशको बुटवल, भैरहवा, नेपालगञ्जमा विभिन्न प्रकारका उद्योगहरू छन् । यसले यहाँका मानिसहरूलाई रोजगारीको अवसर प्रदान गरेको छ । लुम्बिनी प्रदेश भारतीय नाकाहरूसँग जोडिएको छ । यस प्रदेशको भैरहवा, कृष्ण नगर, नेपालगञ्ज र अन्य नाकाहरूबाट पश्चिमी क्षेत्रका विभिन्न पहाडी जिल्लाहरू, पोखरा र काठमाडौँसम्म व्यापारिक गतिविधि भइरहेका छन् । यहाँका प्रमुख व्यापारिक केन्द्रहरू बुटवल, भैरहवा, नेपालगञ्ज, घोराही, गुलरिया, तुलसीपुर, तानसेन आदि हुन् ।

लुम्बिनी प्रदेश नेपालकको प्रमुख पर्यटक गन्तव्य स्थल पनि हो । यस प्रदेशको नामाकरण गौतम बुद्धको जन्मस्थलबाट राखिएको हो । यस प्रदेशमा लुम्बिनी, स्वर्गद्वारी, रिडी, तानसेन, बर्दिया राष्ट्रिय निकुञ्ज, रानी महल, सुप्पादेउराली आदि पर्यटकीय स्थलहरू रहेका छन् । यी धार्मिक तथा सांस्कृतिक धरोहरहरूले यस प्रदेशको पर्यटन विकासमा भूमिका खेलिरहेका छन् ।

लुम्बिनी प्रदेशमा झिमरुक, रिडी हाइड्रोपावर र बुटवल पावर कम्पनीबाट विद्युत् उत्पादन भइरहेको छ । यहाँ कालिगण्डकी र राप्ती नदीको पानीलाई विद्युत् र सिँचाइमा उपयोग गर्न सकिने सम्भावनाहरू रहेका छन् । सिक्टा सिँचाइ आयोजनाले बाँके र बर्दियाका हजारौँ बिगाहा जमिनमा सिँचाइको सुविधा उपलब्ध गराउन सक्ने सम्भावना छ ।

लुम्बिनी प्रदेशको भैरहवा, नेपालगञ्ज र दाङमा विमानस्थलहरू रहेका छन् । यहाँ सडक पूर्वाधारको पनि राम्रो विकास भएको छ । महेन्द्र राजमार्गको धेरै भाग यसै प्रदेशमा पर्छ । यस प्रदेशका सबै जिल्लाहरू राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन् । सिद्धार्थ राजमार्गले पहाड र तराईलाई जोडेको छ । यसैगरी विभिन्न ठाउँबाट उत्तरदक्षिण राजमार्ग निर्माण भएर हिमाल, पहाड र तराईबिच यातायातको सुविधा वृद्धि भइरहेको छ । नेपालगञ्जबाट पश्चिम नेपालका विभिन्न जिल्लाहरूमा हवाई यातायातको पहुँच स्थापित छ ।

## ६. कर्णाली प्रदेश

कर्णाली प्रदेशको मुख्य आर्थिक केन्द्र सुर्खेत हो । यस प्रदेशमा जलविद्युत्, खानी, कृषि र वन सम्पदाको क्षेत्रमा राम्रो सम्भावना रहेको छ । कर्णाली प्रदेशका करिब ७५ प्रतिशत मानिसहरू कृषि पेसामा संलग्न छन् । यस प्रदेशको जिविकोपार्जनको प्रमुख आधार खेतीपाती र पशुपालन रहेको छ । मार्सी धान, कोदो, फापर, चिनो, उवा, स्याउ आदि यहाँका मुख्य उत्पादन हुन् । सल्यानको कपुरकोट पश्चिमी

क्षेत्रको एक मुख्य तरकारी उत्पादन निकासी गर्ने केन्द्र हो । यस प्रदेशमा प्रशस्त घाँसे मैदानहरू रहेका छन् । ऋतुप्रवास पशुपालन व्यवसाय कर्णाली प्रदेशमा परम्परादेखि चल्दै आएको छ । यहाँ पशुपालन व्यवसायलाई पैतृक व्यवसायका रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने चलन अझै पनि हुँदै आएको छ ।

कर्णाली प्रदेशमा थोरैमात्र उद्योगहरू छन् । रोजगारीमा यी उद्योगहरूको योगदान नगण्य छ । यस प्रदेशमा साना तथा घरेलु उद्योगहरू धेरै छन् ।

कर्णाली प्रदेशको प्रमुख व्यापारिक केन्द्र विरेन्द्रनगर हो । यसका साथै जुम्ला खलङ्गा, छिन्चु, चौरजहारी, दुनै आदि व्यापारिक केन्द्रहरू छन् । यो प्रदेशबाट सुर्खेत नेपालगञ्ज हुँदै भारतसँग व्यापार हुँदै आएको छ ।

कर्णाली प्रदेशमा पर्यटन उद्योगको विकासको प्रशस्त सम्भावना रहेको छ । यस प्रदेशमा काँक्रेविहार, सेफोकसुन्डो ताल, रारताल, चन्दनाथ, मानसरोवर पदयात्रा आदिलाई एकीकृत रूपमा विकास गर्न सके कर्णाली प्रदेश पर्यटक गन्तव्यको केन्द्र हुन सक्छ ।

कर्णाली प्रदेशमा जलविद्युत् उत्पादनको पनि प्रशस्त सम्भावना रहेको छ । भेरी बबई डाइभर्सन बहुद्देश्यीय परियोजना यसै प्रदेशमा पर्छ । ठुली भेरी, सानी भेरी, कर्णाली, तिला, हुम्ला कर्णालीलगायत थुप्रै नदीहरूबाट विद्युत् उत्पादन गर्न सकिन्छ ।

कर्णाली प्रदेशमा सडक पूर्वाधारको विकास त्यति राम्रो भएको छैन तर हवाई यातायात भने धेरै जिल्लाहरू चालु छ । नेपालगञ्ज र प्रदेश राजधानी सुर्खेतबाट हुम्ला, मुगु, डोल्पा, जुम्ला आदि जिल्लामा हवाई यातायात चालु छ । रुकुम पश्चिमको चौरजहारी र सल्लेमा पनि काठमाडौँ र नेपालगञ्जबाट हजाई सेवा चालु छ । यस प्रदेशमा हुम्ला बाहेक सबै जिल्ला सदरमुकामलाई सडक यातायातले छोएको छ ।

## ७. सुदूरपश्चिम प्रदेश

यस प्रदेशका लगभग ६० प्रतिशतभन्दा धेरै मानिसहरू कृषि पेसामा संलग्न रहेका छन् । यहाँ धान, मकै, गहुँ, कोदो, आलु, दाल, तेलहन आदि बालीहरू उत्पादन हुन्छन् । कैलाली र कञ्चनपुर जिल्लाहरूमा अन्न बाली, औद्योगिक बाली र नगदे बाली उत्पादन हुन्छन् । पहाडी र हिमाली जिल्लाहरूमा अन्न बालीका साथै आलु, जडीबुटी र गैरकाष्ठ उत्पादन हुन्छन् । यस प्रदेशको बझाङ, बाजुरा, दार्चुलाका हिमाली फाँटहरूमा पशुपालनको सम्भावना रहेकोछ ।

सुदूरपश्चिम प्रदेशमा थुप्रै उद्योगहरू रहेका छन् । जसले लगभग दुई प्रतिशत रोजगारीमा योगदान दिएको छ । यहाँको औद्योगिक केन्द्र धनगढी हो । धनगढी र कञ्चनपुरको दैजीचेला औद्योगिक क्षेत्रलाई विशेष आर्थिक क्षेत्र घोषणा गरी उद्योग धन्दाको प्रवर्धन गर्ने काम अगाडि बढेको छ । यहाँ फर्निचर, खाद्य प्रशोधन, धातु, खनिज र वन्यजन्य कच्चा पदार्थमा आधारित उद्योगहरू छन् । सुदूरपश्चिम प्रदेशको आर्थिक केन्द्र धनगढी हो ।

धनगढी सुदूरपश्चिम प्रदेशको औद्योगिक र व्यापारिक केन्द्र हो । यस प्रदेशका अन्य व्यापारिक केन्द्रहरूमा महेन्द्रनगर, टीकापुर, अत्तरिया, डडेलधुरा, दिपायल आदि पर्छन् । गौरीफन्टा, गड्डाचौकी, झुलाघाट, यहाँका भारतसँग आउजाउ र व्यापार गर्ने प्रमुख नाकाहरू हुन् ।

सुदूरपश्चिम प्रदेशको खप्तड र शुक्लाफाँट महत्त्वपूर्ण पर्यटकीय क्षेत्र हुन् । अन्य पर्यटकीय स्थलहरूमा बुढीनन्दा, सुर्मासरोबर, पाताल भुमेश्वर, दोगडाकेदार, घोडाघोडी ताल, अजयमेरुकोट, अपी सैपाल हिमाल, अमरगढी, बडीमालिका, रामारोसन क्षेत्र आदि पर्छन् । शुक्लाफाँटा राष्टिय निकुञ्ज बाह्रसिङ्गेका लागि प्रसिद्ध छ । सुदूरपश्चिम प्रदेशमा जलविद्युत् उत्पादनको सम्भावना रहेको छ । यस प्रदेशमा सेती, चौलानी, बुढीगङ्गा र महाकाली नदीबाट जलविद्युत् उत्पादनको सम्भावना रहेको छ ।

सुदूरपश्चिम प्रदेशको तराई क्षेत्रमा सडक र हवाईमार्गको पूर्वाधार विकास भएको छ । धनगढीबाट पहाडी र हिमाली जिल्लासँग जोड्ने राजमार्ग बनेको छ । यस प्रदेशको सबै जिल्ला सदरमुकामहरू सडकले जोडिएका छन् । केही पहाडी र हिमाली जिल्लाहरूमा धनगढी र नेपालगञ्जबाट हवाई सेवा सञ्चालन भइरहेको छ । यस प्रदेशको आर्थिक विकास र समृद्धिमा सडक यातायात र हवाई यातायातको भूमिका महत्त्वपूर्ण रहेको छ ।

### क्रियाकलाप

१. **नेपालको नक्सा तयार पारी आफू बसेको प्रदेशमा हुने मुख्य मुख्य आर्थिक क्रियाकलापका क्षेत्र देखाउनुहोस् ।**

२. **प्रदेश न. १ र सुदूरपश्चिम प्रदेशका आर्थिक विशेषताहरू छलफल गरी समानता र भिन्नता छुट्याउनुहोस् ।**

३. **आफू बसेको प्रदेशको विशेष आर्थिक क्षेत्रलाई नक्सामा देखाउनुहोस् र छोटकरीमा वर्णन समेत गर्नुहोस् ।**

४. **नेपालका प्रदेशहरूमा विभिन्न तथ्य (भौगोलिक, सामाजिक सांस्कृतिक, आर्थिक र जनसाङ्ख्यिक) मा आधारित भई हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।**

### अभ्यास

**तलका प्रश्नको उत्तर दिनुहोस् :**

१. **प्रदेश १ र २ का आर्थिक विशेषताहरुको तुलना गर्नुहोस् ।**

२. **बाग्मती प्रदेश व्यापार र औद्योगिक केन्द्र हुनुका पाँचओटा कारण उल्लेख गर्नुहोस् ।**

३. **प्रदेशको विकासमा सडक पूर्वाधारको महत्त्व उदाहरणसहित बताउनुहोस् ।**

४. **गण्डकी प्रदेशको आर्थिक क्रियाकलापमा पर्यटन उद्योगको भूमिकाको विश्लेषण गर्नुहोस् ।**

पाठ : ५

# अन्तरप्रादेशिक सम्बन्धका आयामहरू

## अन्तरप्रादेशिक सम्बन्ध

नेपाल विविधताले भरिपूर्ण देश हो । नेपालका प्रदेशहरू प्राकृतिक स्रोत, वातावरण, सामाजिक सांस्कृतिक तथा आर्थिक आधारमा अन्तरसम्बन्धित छन् । एक प्रदेशबाट अर्को प्रदेशमा व्यक्तिको आवागमन, यातायात सञ्चालन र वस्तु तथा सूचना सञ्चारका लागि कुनै बाधा अवरोधको अवस्था रहँदैन । नेपालमा प्रदेशहरू प्राकृतिक स्रोत, वातावरण, सामाजिक सांस्कृतिक, आर्थिक र यातायात तथा सञ्चारका आधारमा अन्तरसम्बन्धित छन् । प्रदेशहरूको सीमाङ्कन नदी र जलाधार क्षेत्रबाट गरिएको छ । यसले प्रदेशको भौगालिक, पर्यावरणीय र सामाजिक सांस्कृतिक विशेषतालाई स्पष्ट पारेको छ । कतिपय प्रदेशको एउटै साझा नदी छ । नदीको पानी उपयोग गर्ने सवालमा प्रदेशबिच स्रोत उपयोगमा द्वन्द्व हुन सक्छ । यसले प्रचीनकालदेखि चल्दै आएको सामाजिक सांस्कृतिक सम्बन्धमा विचलन आउन सक्छ । एक प्रदेशबाट अर्को प्रदेशमा निर्बाध रूपले हुने यातायात र वस्तु निकासीमा अवरोध आउन सक्छ । त्यसैले यी सबै समस्यालाई सम्बोधन गर्न अन्तरप्रादेशिक सम्बन्धको आवश्यकता पर्छ ।

नेपालको संविधानको भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड तथा भाग २० मा सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धको व्यवस्था गरेको छ । यो संविधानको धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने र राष्ट्रिय महत्त्वका विषयमा नेपाल सरकारले संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक निर्देशन दिन सक्ने र त्यसलाई पालन गर्नु सम्बन्धित प्रदेशको कर्तव्य हुने व्यवस्था गरेको छ ।

## १. सामाजिक सांस्कृतिक अन्तरसम्बन्ध

कुनै पनि प्रदेशका नागरिक अर्को प्रदेशमा विना रोकटोक आवातजावत गर्न सक्ने र उसलाई स्थायी वा अस्थायी बसोबासमा कुनै रोकावट गर्न पाइने छैन । यस्तै एक प्रदेशका मानिसले अर्को प्रदेशमा विहेवारी गरी घरजम बसाउन सक्ने र यस्ता कार्यमा कुनै पनि अवरोध र बाधा व्यवधान आउन दिनुहुँदैन । प्रदेशको सामाजिक अन्तरसम्बन्धलाई सम्बोधन गर्न स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सम्बन्धमा आधारित समाजको निर्माण गर्न, ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकास गर्ने नीति लिएको छ । धार्मिक सांस्कृतिक सम्पदाको संरक्षणमा एक प्रदेशले अर्को प्रदेशलाई सहयोग गर्न सक्छ । धार्मिक सांस्कृतिक गतिविधिमा विना अवरोध मानिसहरूको सहभागितालाई प्रदेशहरूले सुनिश्चितता प्रदान गरेका हुन्छन् । राष्ट्रिय विपत्का घटनामा एक प्रदेशका

विपत् पीडितहरूलाई अर्को प्रदेशका सरकार र नागरिक स्तरबाट सहयोग, राहत र पुनर्उत्थानका कार्यक्रम सञ्चालनमा सहकार्य रहन सक्छ । यसले अन्तर प्रादेशिक सम्बन्धको सामाजिक सांस्कृतिक दायरालाई अझ प्रगाढ र दरो बनाउन मदत पुग्छ ।

प्रदेशका सामाजिक, सांस्कृतिक र सेवामूलक क्षेत्रमा स्थानीय समुदायको सिर्जनशीलता र सहभागितालाई सुनिश्चित गर्दै सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने नीतिगत व्यवस्थाले अन्तरप्रादेशिक सम्बन्ध सुदृढ बनाउन सकिन्छ ।

> यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।
>
> नेपालको संविधान धारा २३६

## २. आर्थिक अन्तरसम्बन्ध

प्रदेशमा नेपाली नागरिकले कुनै पनि भागमा पेसा, रोजगार गर्न र उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन गर्न पाउनु पर्छ । आर्थिक क्षेत्रलाई स्वच्छ, जवाफदेही र प्रतिस्पर्धी बनाउन लगानीकर्तालाई परिचालन गर्नुपर्छ । प्रदेशमा उपलब्ध स्रोत साधन र आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्नुपर्छ । प्रदेश विशेषका तुलनात्मक लाभका क्षेत्र पहिचान गरी मूल्य शृङ्खलामा आवद्ध गर्नु उत्तिकै आवश्यक हुन्छ । यसका लागि औद्योगिक विकास, निर्यात प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तारका लागि पनि अन्तरप्रादेशिक सम्बन्धले सकारात्मक भूमिका खेल्दछ । औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय तथा निजी परियोजनामार्फत आर्थिक विकासलाई गतिशीलता प्रदान गर्न अन्तरप्रदेश आर्थिक सम्बन्ध आवश्यक हुन्छ । यसका लागि समन्यायिक अन्तरप्रादेशिक विकास र दिगो आर्थिक विकास रणनीति तर्जुमा गर्नुपर्छ ।

## ३. वातावरण संरक्षण र संवर्धन

प्रदेशले विकासका गतिविधि सञ्चालन गर्दा वातावरणीय पक्षमा संवेदनशील हुनुपर्छ । तीव्र सहरीकरण र औद्योगिकीकरण भएका क्षेत्रले कार्बन उत्सर्जन गरी वातावरण ह्रास गरिरहेका छन् । अर्कातर्फ विकासका दृष्टिले पछाडि परेका प्रदेशले हरियाली जोगाएर कार्बन उत्सर्जनलाई सन्तुलित र अनुकूलित बनाउन मदत गरिरहेका छन् । त्यस्ता प्रदेशले वातावरण जोगाउन निर्वाह गरेको भूमिकालाई दृष्टिगत गर्दै कार्बन व्यापार गर्न पनि अन्तरप्रादेशिक सम्बन्ध आवश्यक हुन्छ । हरियाली जोगाउन कर्नाली र सुदूरपश्चिम प्रदेशमा प्राङ्गारिक कृषि उत्पादन, पर्यटन, जडीबुटी र जलविद्युत्लाई अघि सार्न सकिन्छ । गण्डकी प्रदेशमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न अतिथि सत्कार गृह सञ्चालन गर्न सकिन्छ । बाग्मती प्रदेश र प्रदेश न. १ मा तरकारी र पोल्ट्रिका पकेट क्षेत्रको विस्तार र प्रवर्धन गर्न सकिन्छ । प्रदेश न. २ र लुम्बिनी प्रदेशमा मत्सपालन व्यवसायबाट तुलनात्मक लाभ लिँदै वातावरण संरक्षण र संवर्धन गर्न सकिन्छ ।

## ४. प्रदेश प्रदेशबिचको सम्बन्धको कानुनी व्यवस्था

**नेपालको संविधानले प्रदेश प्रदेशबिचको सम्बन्धका लागि निम्नलिखित व्यवस्था गरेको छः**

(क) एक प्रदेशले अर्को प्रदेशको कानुनी व्यवस्था वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्ने छ ।

(ख) एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्ने छ ।

(ग) एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुनबमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्ने छ ।

## ५. अन्तरप्रदेश परिषद्

नेपालको संविधानको धारा २३४ मा सङ्घ र प्रदेशबिच तथा प्रदेश प्रदेशबिच उत्पन्न राजनीतिक तथा साधन स्रोत उपयोग विवाद समाधान गर्न अन्तरप्रदेश परिषद्को व्यस्था गरेको छ । यो परिषद्को गठन निम्नमनुसार हुने छ :

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) नेपाल सरकारका गृहमन्त्री - सदस्य

(ग) नेपाल सरकारका अर्थमन्त्री - सदस्य

(घ) सम्बन्धित प्रदेशका मुख्यमन्त्री - सदस्य

अन्तरप्रादेशिक सम्बन्धले प्रदेशमा उपलब्ध साधन स्रोतको न्यायोचित वितरण, दिगो आर्थिक विकास, वातावरणीय दिगोपन र सामाजिक दिगोपनलाई जोड दिएको छ । यो अन्तरसम्बन्धले तल्लो र माथिल्लो प्रवाह क्षेत्रबिच साधन र स्रोतको बाँडफाँड, गरिबी, असमानता र बेरोजगारी समस्यालाई समेटने प्रयत्न गरेको देखिन्छ ।

### *क्रियाकलाप*

**१. अन्तरप्रदेश परिषद्को गठन प्रक्रिया सम्बन्धमा कक्षामा छलफल गर्नुहोस् ।**

**२. आफू बसेको प्रदेश र छिमेकी प्रदेशको साझा नदी र वातावरण संरक्षणबाट हुने फाइदा र चुनौतीसम्बन्धी चार्ट बनाई कक्षामा छलफल गर्नुहोस् ।**

३. अन्तरप्रादेशिक सम्बन्धले व्यक्तिको जीवनमा ल्याउने सहजतालाई छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) अन्तरप्रदेशको अवधारणा स्पष्ट पार्नुहोस् ।

(ख) नेपालमा अन्तरप्रादेशिक सम्बन्धमा भएको कानुन व्यवस्थाको औचित्यलाई पुष्टि गर्नुहोस् ।

(ग) अन्तरप्रदेश परिषद् किन आवश्यक छ, प्रष्ट पार्नुहोस् ।

(घ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग नीतिका मुख्य बुँदा उल्लेख गर्नुहोस् ।

(ङ) प्रादेशिक अन्तरसम्बन्धलाई सबल र प्रगाढ बनाउन के के उपायहरू अवलम्बन गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् ।

पाठ : ६

# नेपालमा विपत्

नेपाल जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन, (२०७४) ले विपत्‌का परिभाषा दिँदै भनेको छ, कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक घटनाहरू विपत् हुन् ।

## १. विपत्‌को अर्थ र परिभाषा

विपत् भनेको एउटा आपतकालीन अवस्था हो । यसले जनधनको क्षति वा समुदायको दैनिक दिनचर्यालाई खल्बल्याउँछ । विपत्‌को अवस्थामा मानिसहरू निसहाय हुन्छन् । उनीहरूको खानपिन, लुगाफाटा, घरबास, औषधोपचार, सुरक्षा आदि आवश्यकीय प्रणाली अवरुद्ध हुन्छन् । परिवार र समुदायसँग तत्काल यी सुविधाहरू परिपूर्ति गर्न सक्ने क्षमता हुँदैन । त्यसबाट मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति हुन्छ र सामान्य सामाजिक अवस्था अवरुद्ध हुन्छ ।

जोखिमको परिणामका रूपमा विपत् तथा प्रकोपलाई लिने गरिन्छ । सामान्यतया प्रकोप र विपत् शब्दलाई एउटै अर्थमा लिने गरिन्छ । तर प्रकोप भनेको त्यस्तो घटना हो । यसले जैविक तथा प्राकृतिक क्षति गराउने, सम्पत्ति एवम् वातावरण नष्ट गराउने सम्भावना हुन्छ भने विपत् भनेको त्यस्ता प्रकोपले निम्त्याउने सङ्कटकालीन अवस्था हो । प्रकोप विरुद्ध जुध्न वा प्रकोप सामना गर्न अन्य व्यक्ति, समुदाय वा सङ्घसंस्था वा देशको सहयोग चाहिने अवस्था सिर्जना हुनु विपत् हो ।

## २. विपत्‌सम्बन्धी शब्दावली

(क) प्रकोप विपत् ल्याउन सक्ने कुनै पनि घटना जस्तै: बाढी, पहिरो, आगलागी, हुरीबतास, चट्याङ आदि प्रकोपका उदाहरण हुन् ।

(ख) विपत् : प्रकोपका घटनाबाट जनधनको क्षति भएको अवस्था जस्तै : मानिस मर्ने, हराउने, घाइते हुने, घरपालुवा पशु मर्ने, खेतबारी नष्ट भएर मानिस विस्तापित हुनुपर्ने स्थिति विपत् हुन् ।

(ग) जोखिम प्रकोपका घटनाबाट क्षति हुने सम्भावना रहेको अवस्था वा हानिनोक्सानी हुने सम्भावना जस्तै: नदी किनारमा रहेका बस्ती बाढीको धेरै जोखिममा रहेका हुन्छन् । कमलो माटो तथा भिरालो धरातलभन्दा तल रहेका घर तथा बस्ती पहिराको जोखिममा रहेका हुन्छन् ।

(घ) सङ्कटासन्नता: आपतकालीन अवस्था उत्पन्न हुने सम्भावना भएको वा अति जोखिममा वा विपत्तितर्फ उन्मुख भएको अवस्था जस्तै: पहिरो जान लागेका ठाउँमा छेउमा रहेका घर तथा बस्ती, बाढीको समयमा खोला किनारमा रहेको घरवस्ती सङ्कटासन्नता अवस्थाका उदाहरण हुन् ।

(ङ) न्यूनीकरण र अल्पीकरण : प्रकोपको घटना हुनुभन्दा अगाडि त्यसको सामना गर्न गरिने तयारीलाई न्यूनीकरण भनिन्छ । विपत्बाट हुन सक्ने क्षति कम गर्न गरिने कार्यलाई अल्पीकरण भनिन्छ । जस्तै: खोला किनारमा तटबन्ध बनाउने, तारजाली लगाउने, टेवापर्खाल लगाउने कार्य अल्पीकरणका उदाहरण हुन् ।

(च) क्षमता : विपत्को सामना गर्ने स्रोतसाधन, ज्ञान, सिप आदिलाई क्षमता भनिन्छ । विपत् आउनुभन्दा पहिले उद्धार, राहत, पुर्नवास, उपचार आदिमा चाहिने सरसामानको जोहो  गरिएको अवस्था नै क्षमता हो ।

(छ) पूर्वतयारी: प्रकोपका घटनाहरूबाट हुने क्षति कम गराउन, सुरक्षित स्थानान्तरण गर्न, मानवीय तथा आर्थिक क्षति कम गर्न र आपत्कालीन अवस्थामा व्यवस्थित र प्रभावकारी प्रतिकार्य गर्न विपत् हुनुभन्दा पहिले गरिने कार्यलाई पूर्वतयारी भनिन्छ ।

(ज) प्रतिकार्य : विपत् प्रतिकार्य भन्नाले विपत्का घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्यलाई बुझाउँछ । यसको साथै विपत् प्रतिकार्यको पूर्वतयारी र मानवीय सेवाका कार्यसमेतलाई प्रतिकार्य भनिन्छ । प्रकोपमा परेकालाई बाहिर निकाल्ने, घरवारविहीन भएकालाई आश्रयस्थलमा राख्ने र जीविकोपार्जनमा गरिने सहयोगको काम पर्छन् ।

(झ) विपत् व्यवस्थापन : विपत् व्यवस्थापन भन्नाले विपत् जोखिम न्यूनीकरण, विपत् प्रतिकार्य र विपत् पुनर्लाभसँग सम्बन्धित सम्पूण क्रियाकलापलाई जनाउँछ ।

(ञ) सामना : कुनै पनि घटनाको प्रतिकार गर्ने वा विपत्बाट पर्ने समस्या समाधान गर्ने क्षमता हुनु । उदाहरणका लागि बाढीमा परेको खण्डमा पौडिखेलेर बाहिर निस्कने क्षमता यसको उदाहरण हो ।

(ट) झटपट झोला : प्रकोपको घटना भइहालेमा आफू, आफ्नो परिवार र छरछिमेकलाई सहयोगका लागि आवश्यक औजार, औषधी, खाद्यान्न आदि राखिएको त्यस्तो झोला हो, जसलाई सजिलै भेटिने ठाउँमा राखिएको हुन्छ ।

## ३. विपत्का प्रकार

विपत् प्राकृतिक र मानव सिर्जित गरी दुई प्रकारका हुन्छन् । दुवै प्रकारका विपत्हरूले आपतकालीन अवस्था सिर्जना गर्छन् । अस्वाभाविक वर्षाले बाढी र पहिरो ल्याउँछ, त्यसबाट उत्पन्न जोखिम नदी किनारमा बस्ने मानिसहरूलाई पर्न सक्छ ।

### (क) प्राकृतिक विपत्

प्राकृतिक घटना र प्रक्रियाबाट उत्पन्न हुने विपत्लाई प्राकृतिक विपत् भनिन्छ । प्राकृतिक घटनाहरू भौतिक, जलवायु परिवर्तन, जैविक तथा महामारी आदि कारणबाट हुन्छन् । भूकम्प, भूस्खलन, सुनामी, ज्वालामुखी, चक्रवात, आँधीबेहरी, अत्यधिक तापक्रम, खडेरी, आगलागी, हिमपात, बाढी आदि प्राकृतिक विपत्का कारक तत्त्वहरू हुन् । प्राकृतिक विपत्का घटनाबाट हाम्रो जस्तो देशमा बर्सेनि अरबौँको सम्पत्ति र धनजनको क्षति हुने गरेको छ । नेपालमा विपत् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्राकृतिक विपत् भन्नाले हिमपात, असिना, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, आँधीबेरी, हुरी बतास, शीतलहर, चट्याङ, भूकम्प, वन्य डढेलो, महामारी आदिलाई जनाएको छ ।

### (ख) मानव सिर्जित विपत्

मानवीय कारणबाट उत्पन्न हुने विपत् मानव सिर्जित विपत् हुन् । यस्ता विपत् मानवीय क्रियाकलापबाट पृथ्वीमा उपलब्ध स्रोत साधनलाई अत्यधिक दोहन गर्दा उत्पन्न हुन्छ । यस्ता विपत् द्वन्द्व, अनिकाल, विभिन्न कारणले विस्थापित मानिसहरूको समूह, औद्योगिक तथा यातायात दुर्घटना आदि आपत्कालीन अवस्थाहरूबाट आइपर्छन् । यस्ता घटना मानव बस्ती भित्र वा बस्तीको नजिकै देखा पर्छन् । जसले वातावरणीय ह्रास, वायु प्रदूषण र दुर्घटनाहरू आदिको सङ्कटासन्नताको अवस्था सिर्जना गर्छ । यसलाई गैरप्राकृतिक विपत् पनि भनिन्छ ।

यो जोखिम महामारी, अनिकाल, डडेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, बर्डफ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस चुहावट, रसायन वा विकीरण चुहावट, ग्याँस विस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश आदि गैरप्राकृतिक कारणबाट उत्पन्न हुन्छ ।

वर्तमान समयमा जलवायु परिवर्तन, योजनाविहीन विकास, अव्यवस्थित सहरीकरण, औद्योगिकरण, गरिबी, महामारी कोभिड-१९ (COVID-19) आदिले मानवीय विपत्का घटनाहरू निम्त्याइरहेका छन् ।

## ४. विपत्का चरण

सामान्यतया: विपत् पूर्वको तयारी, विपत्को समयमा खोज तथा उद्धार र विपत्पछि राहत तथा पुर्नस्थापना कार्य गरी विपत्का तीन चरण हुन्छन् ।



### (क) विपत् पूर्वको अवस्था

यस अवस्थामा भविष्यमा आउन सक्ने विपत्बाट मानवीय, भौतिक र वातावरणीय क्षतिको सम्भावनालाई कम गर्न अपनाइने कार्य पर्छन् । विपत्को सामना गर्ने क्षमता बढाउन समुदायलाई सशक्तीकरण गर्ने, ज्ञान, सिप र क्षमताको विकास गराउन तालिम, शिक्षा र सडक नाटक आदि गर्ने कार्य पर्छन् । यस चरणमा भूकम्प प्रतिरोधात्मक घर बनाउने, नदी किनारमा बाढी रोकथामका लागि टेवापर्खाल लगाउने, भिरालो जग्गामा पानीको बहावलाई रोक्न गरा र बाँस जस्ता सजिलै उपलब्ध सामग्री प्रयोग गरी पर्खाल बनाउने, वन विनाशलाई रोक्ने, वृक्षरोपण गर्ने आदि पूर्वतयारीका कार्य गर्न सकिन्छ ।

### (ख) विपत्को अवस्था

यस अवस्थामा विपत्मा परेका पीडित र जनधनको क्षतिलाई जोगाउन तत्काल गरिने उद्धार र प्रतिकार्यहरू पर्छन् । यी कार्यहरूमा जनधनको क्षति कम गर्न अल्पकालीन राहत सेवा, विपत् प्रभावित व्यक्तिहरूको उद्धार र संरक्षण, अमानवीय व्यवहार हुनबाट जोगाउने र पुनर्लाभ (पुनर्स्थापन र पुनर्निर्माण) कार्यहरू पर्छन् । यो अवस्थाको मूल उद्देश्य विपत् परेका व्यक्तिको उद्धार, तत्कालीन आवश्यकताका वस्तुहरूको आपूर्ति र भौतिक र मानवीय क्षति एवम् पीडा कम गर्ने उपायहरू पर्छन् ।

### (ग) विपत्पछिको अवस्था

विपत्पछाडि पुनःनिर्माणको अवस्था आउँछ । यो अवस्थामा विपत्बाट भएको गम्भीर क्षतिलाई सम्बोधन गर्ने योजना निर्माण र कार्यान्वनलाई समावेश गरिन्छ । यस चरणमा क्षतिका विवरणहरू सङ्कलन, भत्किएका संरचनाहरूको निर्माण, पुनर्निर्माण र जीर्णोद्धार, साधन स्रोत व्यवस्थापन, साझेदारी निर्माण जस्ता कार्य पर्छन् । यस अवस्थाले भौतिक, वातावरणीय, आर्थिक र सामाजिक स्थिरतालाई जोड दिन्छ । यो अवस्था छ महिनादेखि केही वर्षसम्म हुन सक्दछ ।

## *क्रियाकलाप*

१. **विपत्का प्रकार र उदाहरणसहितको चार्ट बनाई कक्षामा टाँस्नुहोस् ।**

२. **समूहमा छलफल गरी विपत् व्यवस्थापनका स्थानीय अभ्यासहरूको सूची तयार पार्नुहोस् ।**

## *अभ्यास*

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **विपत्को परिभाषा लेख्नुहोस् ।**

(ख) **विपत् र प्रकोपबिच फरक छुट्याउनुहोस् ।**

(ग) **"विपत् बाजा बजाएर आउँदैन । विपत्ले कुनै जाति, धर्म, धनी गरिब भन्दैन ।" यस भनाइको आशय स्पष्ट पार्नुहोस् ।**

पाठ : ७

# विपत्का कारण र प्रभाव

नेपालमा विपत्का घटना बारम्बार हुने गर्छन् । यहाँ कुनै पनि समयमा विपत् आउन सक्ने सम्भावना रहेको छ । नेपालमा बाढी, पहिरो, भूकम्प, आगजनी, हुरीबतास, असिना, अनियमित वर्षा, सुक्खा खडेरी, हिमताल विस्फोटन आदिले विपत्का घटना निरन्तर घटिरहेका छन् ।

## १. विपत्का कारण




(क) भूपरिस्थिति : नेपालको भौगोलिक अवस्थिति भारतीय र तिब्बतीय प्लेट जोडिएका ठाउँमा रहनु, पृथ्वीभित्रको अत्यधिक ताप र चापका कारण भूकम्पको जोखिम रहनु र धरातल ठाडो तथा भिरालो हुनुका कारण बाढी, भूस्खलन र पहिरो जानेकारणले विपत्का घटना घट्ने गरेका छन् ।

(ख) अनियमित वर्षा: मौसममा आउने परिवर्तनले समयमा वर्षा नहुने, अतिवृष्टि हुने, अनावृष्टि र खण्डवृष्टिका कारण विपत्का घटना घट्छन् । अतिवृष्टिले बाढी र पहिरो ल्याउँछ । नेपालमा सबैभन्दा बढी बाढीको असर तराईको समथर भूमिमा पर्छ । पहाडी तथा हिमाली क्षेत्रमा पहिरो को जोखिम रहन्छ । अनावृष्टि र खण्डवृष्टिले सुक्खा खडेरी जस्ता विपत् निम्त्याउँछ ।

(ग) जलवायु परिवर्तन : जलवायु परिवर्तनले वायुमण्डलको तापक्रम दिन प्रतिदिन बढिरहेको छ । जलवायु परिवर्तनले सुक्खा खडेरी, बाढी र मौसमी विपत्को सम्भावना बढ्दै जान्छ । यसको प्रतिकूल असर समुदायको जनजीवन र कृषि उत्पादनमा पर्छ । जलवायु परिनर्तनबाट खाद्य सुरक्षा तथा जीविकोपार्जन क्षेत्रमा पनि असर पार्दछ ।

(घ) हिमताल फुट्ने : नेपालमा जलवायु परिवर्तको असर उच्च हिमशृङ्खलाहरूमा पनि परेको छ । तापक्रम वृद्धिले हिउँ पग्लेर हिमतालहरूमा पानीको भार बढ्न गई ताल फुटने र बाढी आउने गर्छ । हिमताल फुटेर आएको बाढीले पहाडी र तराई क्षेत्रको जनजीवनलाई बढी प्रभाव पार्छ ।

(ङ) सचेतनाको अभाव : भविष्यमा आइपर्न सक्ने सम्भावित विपत्को सम्वन्धमा जानकारी वा चेतनाको अभावले पनि सानादेखि ठुला विपत्का घटना घट्न सक्छन् । भूगर्भीय अवस्था अवलोकन नगरी बनाइएका विद्यालय, सडक, पुलका कारण विपत्का घटना घट्न गई मानवीय र भौतिक क्षति भएका उदाहरणहरू छन् । त्यसैले विपत्वाट हुन सक्ने क्षतिलाई कम गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । यसका लागि सुरक्षित घरहरू निर्माण, परम्परागत सिपको प्रयोग र आवश्यक तालिम, गोष्ठीको आयोजना गरी सचेतना बढाउनुपर्छ ।

(छ) जनसहभागिताको अभाव : विपत् व्यवस्थापनका लागि सहभागितामूलक योजना निर्माण र कार्यान्वयनको अभाव देखिन्छ । विपत्बाट क्षति कम गर्न जनचेतना फैलाउने, पूर्वतयारी गर्ने सामग्रीहरूको व्यवस्थापन गर्ने, सुरक्षित स्थान पहिचान र आपत्कालीन राहत व्यवस्थापनमा जनसहभागिता जुटाउनुपर्छ ।

## २. विपत्को प्रभाव

युएनडिपी र विश्व बैङ्कका अनुसार नेपाल भूकम्प र बाढीको सापेक्षिक सङ्कटासन्नताका दृष्टिबाट अत्यन्त जोखिममा रहेको छ । तीव्र जनसङ्ख्या वृद्धि, सहरीकरण वातावरणीय ह्रास, वायु तथा पानीका स्रोतहरूको प्रदूषणले विपत्का घटनालाई बढाइरहेको छ । भौतिक पूर्वाधार निर्माणमा कमजोर प्रविधि र गुणस्तरहीन सामग्रीहरूको प्रयोग हुनु, जनचेतनाको कमी, स्थानीय ज्ञान तथा सिप प्रयोगको उपेक्षा, भूउपयोग नीति कार्यान्वयन नहुनु, राजनीतिक द्वन्द्व र बसाइँसराइ आदिले विपत्का घटनामा वृद्धि भइरहेको छ । यसको प्रत्यक्ष प्रभाव कृषि उत्पादन, समुदायको जीविकोपार्जन, अनुकूलन पद्धति र वातावरण सन्तुलनमा परिरहेको छ ।

**नेपालमा सन् १९७१ देखि २०१६ सम्मको विपत् र क्षतिको विवरण**

| विपत्का प्रकार | मृतक सङ्ख्या | बेपत्ता सङ्ख्या | घाइते सङ्ख्या | क्षति भएको घरको सङ्ख्या | प्रभावित परिवार सङ्ख्या | घटनाको सङ्ख्या |
|---|---|---|---|---|---|---|
| महामारी | १६५८३ | – | ४३१११ | – | ५१२९८९ | ४५५२ |
| भूकम्प | ९७७१ | – | २९१४२ | ९८२८५५ | ८९०९९५ | १७५ |
| पहिरो | ४९८० | १७४ | १८७१ | ३३६१७ | ५५८२६४ | ३२४६ |
| बाढी | ४४४५ | ४२ | ५४४ | २१६१९० | ३७१००६५ | ३९५० |
| आगलागी | १६०५ | – | १६१९ | ८६२६१ | २५९९३५ | ८७२१ |
| चट्याङ | १६२० | १२९ | २६८४ | ९६३ | ७१४० | १७११ |
| शीत लहर | ५१५ | – | ८३ | – | २९९३ | ३९० |
| हिमआँधी | ८७ | ७ | – | – | – | ५ |
| हिमपहिरो | १६ | ३ | ७ | – | – | २ |
| आँधिबेरी | २ | – | ११ | २१५ | १९१ | ४४ |
| असिना र अतिवृष्टि | ९ | – | २४ | १५५ | ३२८० | १३१ |
| अन्य | २६ | २ | ५१ | १ | ३६ | २९ |
| कुल | ३९६५९ | ३७५ | ७९१४७ | १३२०२५७ | ५९४५२८८ | २१८५६ |

*स्रोत: गृह मन्त्रालय, सन् २०१९ ।*

नेपालमा विपत्का घटनाहरूबाट बर्सेनि धनजनको ठुलो क्षति भइरहेको देखिन्छ । सन् १९७१ देखि २०१६ सम्म भएका विपत्का घटनाहरूमध्ये महामारीबाट सबै भन्दा धेरै मानवीय क्षति भएको देखिन्छ। धेरै मानवीय क्षति बाढी तथा पहिरो, आगजनी र चट्याङ आदिबाट हुने गरेको छ। सन् १९८८ र २०१५ को भूकम्पबाट ठुलो भौतिक क्षति भएको थियो। बाढी तथा पहिरोबाट प्रत्येक वर्ष थुप्रै धनजनको क्षति हुन्छ। विपत्ले मानवीय क्षति वा उत्पादन साधनमा गराएको क्षतिले गरिबीको अवस्था सिर्जना गर्छ। विपत्मा परेका मानिसले विपत्बाट भएको क्षतिको निर्माण, पुनिर्माण र जीर्णोद्धार र जीवन धान्न साधन स्रोतमा गर्ने अतिक्रमणबाट विपत्को सम्भावनललाई अझ तीव्र पार्छ।

विकास निर्माण कार्यमा मापदण्डविहीन निर्माण कार्य र सामग्रीको प्रयोगले विपत्का घटनाहरू दोहोरिइरहेको छ। प्राकृतिक स्रोतसाधनहरूको अत्यधिक दोहन, इन्धनको अत्यधिक प्रज्वलनले हरितगृह ग्याँसको निष्कासन, अव्यवस्थित सहरीकरण आदिले विपत्तर्फ डोऱ्याइरहेको छ। यसको फलस्वरूप विश्वभर तापमानको वृद्धि भइरहेको छ, हावापानी र मौसम परिवर्तन भइरहेको छ।

## क्रियाकलाप

१. **तलको तालिकामा केही विपत्हरूको सूची दिइएको छ। ती विपत्हरूको प्रभाव र विपत् न्यूनीकरणमा समुदायले गर्न सक्ने पहिलो प्रतिक्रियाको पहलबारे छलफल गरेर तलको जस्तै तालिका बनाई भर्नुहोस् :**

| प्रकार | विपत् | | |
|---|---|---|---|
| | उदाहरण | प्रभाव | प्रतिक्रिया |
| प्राकृतिक | बाढी | अस्वाभाविक रूपमा वर्षा हुनु बस्ती वा बस्तीनजिकै बाढी पस्नु, माथिबाट पहिरो आएर बस्ती पुर्नु वा बगाउनु, धनजनको क्षति गर्नु | जोखिममा परेका मानिसलाई उद्धार गर्ने थप जाखिम ल्याउन सक्ने स्रोतलाई नियन्त्रण गर्ने, जोखिममा परेका भवन खाली गर्ने; जोखिमको प्रभाव निश्चित गर्ने |
| | डढेलो | | |
| | पहिरो | | |
| | चट्याङ | | |
| | आँधीबेरी | | |
| मानवीय | आगलागी | | |

## अभ्यास

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) प्राकृतिक विपत्का कारणहरू उल्लेख गर्नुहोस् ।**

**(ख) विपत्ले मानवीय जीवनमा पार्ने प्रभावहरूको सूची तयार पार्नुहोस् ।**

**(ग) कोभिड १९ ले तपाईँको पठनपाठनमा पारेको प्रभावको अनुभवलाई १० बुँदामा लेख्नुहोस् ।**

पाठ : ८

# नेपालमा विपत् व्यवस्थापन संयन्त्र र योजना निर्माण

नेपालले विपत् व्यवस्थापनका लागि विभिन्न योजना, रणनीति र संयन्त्रहरू विकास गरेको छ। नेपालले विपत् व्यवस्थापनका लागि जापानको सेन्डाईमा आयोजना भएको विश्व सम्मेलनले पारित गरेको राष्ट्रिय विपत् न्यूनीकरण नीति तथा रणनीतिक योजना २०१७-२०३० (सेन्डाई फ्रेमवर्क) लाई स्विकार गरेको छ। सेन्डाई फ्रेमवर्क ह्योगो फ्रेमवर्क फर एक्सन २००५-२०१५ को निरन्तरता हो। नेपालमा विपत्मा उद्धार तथा राहत उपलब्ध गराउने परम्परागत अवधारणामा परिवर्तन आएको देखिन्छ। दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लागू भएपछि विपत् व्यवस्थापनमा उद्धार तथा राहत कार्य र पूर्वतयारी कार्यलाई जोड दिँदै आएको देखिन्छ। सन् १९९१ मा प्राकृतिक विपत् न्यूनीकरण अन्तर्राष्ट्रिय दशकको घोषणापछि विपत् व्यवस्थापनमा पूर्वतयारी कार्यलाई विशेष जोड दिन थालिएको छ।

नेपालको संविधानले नागरिकलाई विपत्बाट सुरक्षित गराउन सबै तहका सरकारको प्राथमिक दायित्व हुने व्यवस्था गरेको छ। संविधानको अनुसूची ७ मा विपत् व्यवस्थापन सङ्घ र प्रदेश सरकारहरूको संयुक्त अधिकार, अनुसूची ८ ले स्थानीय सरकारको एकल अधिकार र अनुसूची ९ ले सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारलाई उल्लेख गरेको छ। नेपाल सरकारले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ सँग सम्वन्धित नियमावली २०७५ तयार गरेको छ। यसले सरकार विपत् व्यवस्थापनमा संस्थागत तवरबाट निरन्तर लागिपरेको देखिन्छ। नेपालमा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण पनि गठन भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपत् व्यवस्थापनमा स्थानीय सरकारको प्रमुख भूमिका रहने व्यवस्था गरेको छ। सेन्डाई कार्यढाँचाअनुरूप नेपाल सरकारले विपत् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपत् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) पारित गरेको छ।

गृह मन्त्रालय विपत् प्रतिकार्यका लागि मुख्य सरोकारवाला मन्त्रालय हो। यस मन्त्रालयले राष्ट्रिय विपत् प्रतिकार्य कार्यढाँचा २०१९ प्रयोगमा ल्याएको छ। यसको साथै आपत्कालीन कार्यसञ्चालन प्रक्रियाको मापदण्ड, राष्ट्रिय विपत् सूचना व्यवस्थापन प्रणाली पनि निर्माण गरेको छ। गृह मन्त्रालयले स्थानीय तहमा विपत् पूर्वतयारी, प्रतिकार्ययोजना र समग्र विपत् व्यवस्थापनमा सहयोग गरिरहेको छ।

विपत् व्यवस्थापनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश र स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि उत्थानशीलताको विकास सहरी समुदायका लागि राष्ट्रिय रणनीति तर्जुमा गरेको छ। यसबाट स्थानीय तहलाई विपत् पूर्वतयारी योजना बनाउन मदत पुग्छ। यो मन्त्रालयले नमुना स्थानीय विपत् जोखिम व्यवस्थापन ऐन, विपत् व्यवस्थापनको कोष सञ्चालन कार्यविधि तयार गरी सोहीअनुरूप स्थानीय तहमा विपत् जोखिम व्यवस्थापन समितिहरू बनाउने र स्थानीय सरकारलाई

आफ्नै कानुनी र संस्थागत ढाँचाभित्र रही विपत् जोखिम न्यूनीकरण, अल्पीकरण, पूर्वतयारी, उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्यमा लाग्न मदत गरिरहेको छ ।

सहरी विकास मन्त्रालयले सबै स्थानीय सरकारलाई भवन संहिताको अवलम्बन गर्न प्रोत्साहन गरी मानिसका बासस्थल तथा कार्यालय भवनहरू सुरक्षित बनाउन मदत गर्छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला तथा स्थानीय विपत् व्यवस्थापन समितिसम्बन्धी व्यवस्था गरेको छ । यो समिति ७७ ओटै जिल्लामा क्रियाशील रहेको छ । स्थानीय स्तरमा उद्धार, राहत तथा पुनःस्थापनाका लागि मुख्य रूपमा जिम्मेवार यस समितिमा जिल्लास्थित खानेपानी, स्वास्थ्य तथा शिक्षा विकास तथा समन्वय इकाइका प्रतिनिधिहरू रहन्छन् भने यसको सदस्य सचिवको काम जिल्ला समन्वय अधिकारीबाट गर्ने गरिएको छ ।

## १. विपत् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ योजना

विपत्को सङ्कटकालीन अवस्थामा गरिने उद्धार, राहत तथा मानवीय सेवाका कार्यको योजनालाई विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना भनिन्छ । यो योजना तयार गर्दा जिल्ला तथा स्थानीय तहमा विद्यमान जोखिमको विस्तृत विश्लेषण गरी स्थानीय तह, सरकारी तथा गैरसरकारी निकाय र निजी क्षेत्रको सहभागिताबाट पृष्ठपोषण लिएर विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिन्छ । विपत् पूर्वतयारी योजनामा मानवीय सहायतामा संलग्न हुन सक्ने साझेदार निकायको पहिचान, विपत् क्षेत्रअनुसार खोज तथा उद्धार सामग्री व्यवस्थापन, जनचेतना अभिवृद्धि, स्रोत नक्साङ्कन, प्रकोप जोखिम विश्लेषण, विषयगत जिम्मेवारी र सहयोगी संस्था र कार्यक्षेत्रगत रूपमा पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभसम्बन्धी कार्ययोजनालाई समावेश गरिएको हुन्छ ।

**विपत् पूर्वतयारी तथा प्रतिकार्य योजनामा निम्नलिखित तीन चरणका कार्य समेटिन्छन् :**

(क) सामान्य पूर्वतयारी : विपत्का घटना अगावै गरिने, सबै प्रकोपका लागि गर्नुपर्ने र विपत् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेसिन औजार, सिप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता गतिविधिहरू यसअन्तर्गत समावेश हुन्छन् । यी सबै क्षमता र तयारी आवधिक रूपमा अद्यावधिक गर्न जरुरी हुन्छ । विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि पूर्वतयारी कार्य हो ।

(ख) पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी : यस चरणका कार्यहरू प्रकोपको प्रकृति, समय र सम्भावित प्रभावक्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दो आधिकारिक सूचनाको आधारमा तय गरिन्छ । सही पूर्वानुमान र उपलब्ध अग्रिम समयका आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गरिन्छन् । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रूपमा सुरक्षित ठाउँमा सार्नेसम्मका काम हुन सक्छन् ।

(ग) आपत्कालीन प्रतिकार्य : यो चरणका कामहरूमा विपत्जन्य प्रकोप आएको वा आसन्न खतराको अवस्थामा तत्कालको आवश्यकताअनुसार गर्ने कार्यहरू समावेश गरिन्छ । यसमा विपत्को

समय र विपत्पश्चात् तुरुन्तै चाल्नुपर्ने उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा सार्ने जस्ता राहत गतिविधिहरू समावेश हुन्छन् । खोज, उद्धार र स्थानान्तरण तथा विपत्पश्चात् परिस्थिति सामान्य नहुन्जेलसम्म गर्नुपर्ने प्रतिकार्य तथा शीघ्र पुनर्लाभका कार्य यस चरणमा पर्छन् ।

विपत्को सामना गर्नका लागि पूर्वतयारी, पुनर्निर्माणका योजना निर्माण र कार्यान्वयन गर्नुलाई विपत् व्यवस्थापन भनिन्छ । विपत् व्यवस्थापनलाई एक आपतकालीन व्यवस्थापनको जीवन चक्र पनि भनिन्छ । विपत् व्यवस्थापनका निम्नलिखित चरण हुन्छन् :

(क) अल्पीकरण वा शमन : यसअन्तर्गत विपत्ति र प्रकोपको प्रभावलाई न्यून गर्ने गतिविधि जस्तैः भवन निर्माण आचार संहिता, विपत् नक्साङ्कन, जोखिम विश्लेषण, जनचेतना र सार्वजानिक शिक्षा आदि समावेश हुन्छन् ।

(ख) तयारी : यसमा विपत्सँग कसरी प्रतिक्रिया गर्ने भन्ने योजना जस्तैः तयारी योजना, आपतकालीन व्यवस्थापन अभ्यास/तालिम एवम् जोखिमसम्बन्धी चेतवानी आदि समावेश हुन्छन् ।

(ग) प्रतिकार्य : यसमा विपत्ले सिर्जना गरेको जोखिमलाई कम गर्न अपनाइने प्रयासहरू जस्तैः खोज, उद्धार, आपतकालीन राहत आदि समावेश हुन्छन् ।

(घ) पुनर्प्राप्ति: यसमा समुदायलाई सामान्यमा फर्काउने गतिविधि जस्तैः अस्थायी आवास, अनुदान, राहत, चिकित्सक सेवा आदि समावेश हुन्छन् ।

## २. विपत् व्यवस्थापनमा स्थानीय ज्ञानको प्रयोग

स्थानीय ज्ञान भन्नाले समुदायमा विकसित ज्ञान र अभ्यासलाई जनाउँछ । यो ज्ञान स्थानीय वातावरणसँगको अन्तर क्रियाबाट आर्जन हुन्छ । समुदाय नै यो ज्ञानको सर्जक हुन्छ, प्रयोगकर्ता हुन्छन् र आर्जित ज्ञानलाई पुस्तान्तरण गर्दै जान्छन् । समुदायको सहभागिता र स्वामित्वमा गरिएका विपत् व्यवस्थापन कार्यहरू पुस्तानुकूलन हुँदै आएका छन् ।



## *क्रियाकलाप*

१. तपाईँ बसेको क्षेत्रमा घट्न सक्ने विपत्का मुख्य घटनाहरूको प्रभाव र तत्काल गर्न सकिने उद्धार प्रतिकार्य योजना तयार गर्नुहोस् :

| प्रकार | विपत्बाट हुन सक्ने क्षति र तत्काल गर्न सकिने उद्धार प्रतिकार्य योजना | |
|---|---|---|
| | क्षतिको विवरण | तत्काल उद्धार प्रतिकार्य |
| बाढी | | |
| पहिरो | | |
| भूकम्प | | |
| आगलागी | | |

२. विपत् व्यवस्थापनमा विद्यार्थीले निर्वाह गर्न सक्ने भूमिकाका बारेमा कक्षामा छलफल गर्नुहोस् ।

३. नेपालले विपत् व्यवस्थापनका लागि तयार गरेको सेन्डाई फ्रेमवर्क रणनीतिको मुख्य बुँदाहरू टिपोट गर्नुहोस् ।

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालमा विपत् व्यवस्थापनमा संलग्न निकायहरूको सूची तयार गर्नुहोस् ।

(ख) स्थानीय ज्ञान भनेको के हो ? विपत् व्यवस्थापनमा स्थानीय ज्ञानले पुऱ्याउने योगदान माथि चर्चा गर्नुहोस् ।

(ग) विद्यालय तहको पाठ्यक्रममा विपत् व्यवस्थापनसम्बन्धी विषयवस्तु समावेश गर्नुपर्ने पाँचओटा कारण उल्लेख गर्नुहोस ।

(घ) तपाईं स्थानीय तहको प्रमुख हुनुभयो भने विपत्को व्यवस्थापन कसरी गर्नुहुन्छ । सोका बारेमा आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

पाठ : ९

# भूगोल र सामाजिक जीवनमा सूचना प्रविधि

## १. तथ्याङ्क प्राप्तिमा सूचना प्रविधिको प्रयोग

देशको सामाजिक आर्थिक विकासका लागि तथ्याङ्कहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । तथ्याङ्कमा जनताको जीवनपद्धति सुधार ल्याउने योजना निर्भर हुन्छन् । सामाजिक आर्थिक तथ्याङ्क प्रत्यक्ष रूपले समाजका शिक्षा, स्वास्थ्य, पेसा, आय, व्याय, उत्पादन, विनिमय आदिसँग सम्बन्धित हुन्छन् ।

सामाजिक आर्थिक तथ्याङ्क विभिन्न तरिकाले सङ्कलन गरिन्छ । अहिले तथ्याङ्क सङ्कलन, विश्लेषण र नक्साङ्कन गर्न सूचना तथा सञ्चार प्रविधिको व्यापक प्रयोग भइरहेको छ । सङ्कलन गरेको तथ्याङ्कलाई तालिका, रेखाचित्र, ग्राफमा सजिलै देखाउन सकिन्छ । आफूलाई चाहिएका तथ्याङ्कलाई पनि गुगलमा खोजिगरेर प्रयोग गर्न सकिन्छ । पहिले यी सबै कार्य मानिसले सम्पन्न गर्थे । अहिले सूचना तथा प्रविधिको प्रयोगले तथ्याङ्क सङ्कलन, विश्लेषण र तालिकीकरणमा निकै सजिलो भएको छ । त्यसैले सामाजिक आर्थिक तथ्याङ्क प्राप्ति र विश्लेषणमा सूचना तथा सञ्चार प्रविधिको ज्यादै ठुलो महत्त्व हुन्छ ।

### (क) ग्राफ र रेखाचित्र

एक सरलीकृत रेखाचित्रका माध्यमबाट तथ्यहरूको प्रतिनिधित्व गर्ने माध्यमलाई रेखाचित्र भनिन्छ । सामान्यतया, ग्राफमा वस्तु र परिमाणबिचको सम्बन्धलाई X र Y अक्षको सहायताले चित्रण गरिन्छ । रेखाचित्रमा दृश्यात्मक प्रविधिको प्रयोग गरेर सूचनाहरूको प्रतीकात्मक प्रतिनिधित्व गराइन्छ । कहिलेकाहीँ ग्राफ र रेखाचित्रलाई एउटै अर्थमा प्रयोग गरेको पाइन्छ । ग्राफ र रेखाचित्रले तथ्य र विचारहरूलाई सङ्क्षिप्त रूपमा प्रतिनिधित्व गर्छन् । यसको प्रयोग वस्तुहरूको तुलना गर्न, अन्तर छुट्याउन र परिवर्तन देखाउन गरिन्छ । कुनै पनि ठाउँको तापक्रम, वर्षा, उत्पादन आदिमा के कति परिवर्तन आयो त्यसको अध्ययन गर्न ग्राफ र रेखाको प्रयोग गर्न गरिन्छ ।

सामान्यतयः तथ्याङ्कलाई सजिलोसँग देखाउन स्तम्भ रेखाचित्र, रेखा ग्राफ र चक्र चार्टको प्रयोग गरिन्छ । स्तम्भ रेखाचित्रमा तथ्याङ्कलाई सजिलोसँग देखाउन सोभ्हो धर्का वा स्तम्भका रूपमा दिएर बनाइन्छ । स्तम्भ रेखाचित्रमा निर्धारित ग्राफका कोठाका आधारमा धर्काको लम्वाइ र उचाइले तथ्याङ्कको प्रतिनिधित्व गर्छ । यसलाई तीन तरिकाले बनाउन सकिन्छ :

(अ) सरल (आ) क्षैतिजिक (इ) मिश्रित

एकै प्रकारका तथ्याङ्कहरू देखाउन सरल स्तम्भ रेखाचित्रको प्रयोग गरिन्छ । एकभन्दा धेरै तथ्याङ्कहरूको तुलनात्मक अवस्था देखाउन बहुस्तम्भ रेखाचित्र प्रयोग गरिन्छ । क्षैतिजिक स्तम्भ रेखाचित्र सरल वा बहुस्तम्भ रेखाचित्रलाई राख्ने एउटा तरिका हो ।

हाम्रो दैनिक जीवनमा प्रयोग हुने मौसमी तथ्याङ्कहरू जस्तै: तापक्रम, वर्षा आदिलाई देखाउन रेखाचित्रको प्रयोग गरिन्छ । यो रेखाचित्र रेखाहरूको जडान विन्दुको नेटवर्कबाट तयार गरिन्छ । यो रेखाचित्रमा वस्तुहरूको मात्राको विवरणलाई OX र OY रेखाको सम्वन्ध स्केलका आधारमा प्रस्ट देखाउन सकिन्छ । यो रेखाचित्रमा स्तम्भरेखाचित्र पनि जोडेर रेखाले तापक्रम र स्तम्भले वर्षा देखाउन सकिन्छ ।

### (ख) वृत्तचित्र

वृत्तचित्रको प्रयोग विभिन्न प्रकारका तथ्याङ्कहरू देखाउन गरिन्छ । कुनै पनि वस्तुको वितरण कुन रूपले भएको छ त्यसलाई प्रस्तुत गर्न वृत्तचित्रको प्रयोग गरिन्छ । यसको आकार गोलो हुने भएकाले यसलाई चक्रचित्र पनि भनिन्छ । यो चित्र पूर्णवृत्तको परिधि ३६० डिग्रीलाई आधार मानेर बनाइएको हुन्छ । यो चित्र बनाउँदा कुल तथ्याङ्कले ३६० डिग्रीलाई भाग गरेर आएको भागफललाई प्रत्येक एकाइले गुणन गरेर मान निकाल्नुपर्छ । वृत्तचित्रमा निम्नलिखित सूत्रको प्रयोग गरेर डिग्री निकाल्नुपर्छ:

सूत्र: $\text{वृत्तचित्र} = \frac{\text{सङ्ख्या}}{\text{कुल सङ्ख्या}} \times \text{३६० डिग्री}$

यो सूत्रबाट गणना गरिएको प्रत्येक एकाइको मानले ३६० डिग्रीको एक खण्डलाई प्रतिनिधित्व गर्छ । अव गणना भएको प्रत्येक एकाइलाई ९० डिग्रीको कोणबाट क्रमश: ठुलोबाट सानोलाई घडीको सुई चल्ने उल्टो दिशाबाट राख्दै आउनुपर्छ । वृत्तचित्र तयार भएपछि यसमा विभिन्न प्रकारका सङ्केत भर्नुपर्छ ।

### (ग) चार्ट

चार्टलाई ग्राफिक र चित्रकारी मिडियाको संयोजनका रूपमा लिन सकिन्छ । चार्टमा तथ्य र विचारहरूको सम्वन्धलाई क्रमवद्ध र तार्किक दृश्यबाट प्रस्तुत गरिएको हुन्छ । चार्टलाई तुलना गर्न, वर्गीकरण गर्न र सङ्गठनको संरचना देखाउन प्रयोग गरिन्छ । चार्टलाई सामान्यतया वर्गीकरण चार्ट, सम्वन्ध चार्ट, तालिका चार्ट, सङ्गठनात्मक चार्ट र फ्लो चार्ट आदिमा विभाजन गर्न सकिन्छ । यस्ता चार्टहरू पनि विभिन्न सफ्वेयर बनाउन सकिन्छ ।

चार्ट बनाउँदा कम्प्युटर सफ्टवेयरबाट अन्तरसम्वन्ध चार्ट, वृक्षाङ्कित चार्ट, सङ्गठनात्मक चार्ट, वंशावली चार्ट, फ्लो चार्टकालक्रम चार्ट आदि बनाउन सकिन्छ ।

### (घ) सम्बन्ध चार्ट

दुई वा दुई धेरै वस्तु तथा घटनाहरूको अन्तरसम्वन्ध देखाउन सम्वन्ध चार्टको प्रयोग गरिन्छ । सामाजिक अध्ययन विषयको संरचना प्राकृतिक विज्ञान र सामाजिक विज्ञानबाट भएको छ । त्यसैले यो विषयलाई एक अन्तर्विषयक विषय पनि भनिन्छ । यस्तो अन्तर विषयक सम्बन्धलाई सम्वन्ध चार्टमा देखाउन सकिन्छ ।

### (ङ) वर्गीकरण चार्ट

सामग्रीहरू विभिन्न प्रकारका हुन्छन् । सामग्रीहरूको प्रकारका आधारमा विभाजन गर्न वर्गीकरण चार्ट उपयुक्त हुन्छ । सामाजिक अध्ययन शिक्षणमा प्रयोग हुने सामग्रीहरूले मुद्रित, श्रव्य सामग्री, श्रव्यदृश्य सामग्री र दृश्य सामग्री आदि प्रकारहरूमा वर्गीकरण गरी चार्टमा देखाउन सकिन्छ ।

### (च) सङ्गठनात्मक चार्ट

कार्यालय वा सङ्घ, संस्थाको प्रशासनिक ढाँचा कस्तो छ भनी प्रदर्शन गर्न सङ्गठनात्मक चार्टको प्रयोग गरिन्छ । यो चार्ट सङ्गठनको तहगत संरचना देखाउन उपयुक्त हुन्छ ।

### (छ) वंशावली चार्ट

वंशावली चार्ट कुनै वंशको विकासक्रम देखाउन प्रयोग गरिन्छ । यसबाट वंशको अगाडिका पुर्खाहरू, वंशका विभिन्न शाखाहरू र पुस्ताको अवस्था पहिचान गर्न सकिन्छ ।

## *क्रियाकलाप*

१. सूचना प्रविधिको प्रयोग गरी तपाईँको विद्यालयको प्रधानाध्यापक, शिक्षकहरूको सङ्गठन तालिका तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईँको परिवारको पाँच पुस्ता माथिसम्मको वंशवृक्ष तयारी पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. https://cbs.gov.np/population/ मा खोजी गरी तपाईँको जिल्लाको पालिकाअनुसारको जनसाङ्ख्यिक तथ्याङ्कलाई उपयुक्त स्तम्भचित्रमा देखाउनुहोस् ।

## *अभ्यास*

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **ग्राफ र रेखाचित्रबिचको फरक उदाहरणसहित स्पष्ट पार्नुहोस् ।**

(ख) **कम्प्युटरबाट चार्ट बनाउने तरिकाहरू तरिका उल्लेख गर्नुहोस् ।**

(ग) **तपाईँको परिवारको वंशावली चार्ट तयार पार्नुहोस् ।**

# पाठ : १० सामाजिक नक्साङ्कमा भूसूचना प्रणालीको प्रयोग

सामाजिक नक्साङ्कनमा विभिन्न प्रकारका भूसूचना प्रणालीको उपयोग गर्ने प्रचलन बढ्दो छ। कम्प्युटर प्रणालीमा आधारित यी सूचना प्रणालीले वस्तु, स्थल, भौगोलिक अवस्थिति, बस्तीको जानकारी लिन उपयोग गरिन्छ । यस पाठमा भौगोलिक सूचना प्रणाली, ग्लोबल पोजिसनिङ सिस्टमर दूर संवेदन सम्बन्धमा कक्षाका विद्यार्थीहरूले समूहमा गरेका कार्यलाई प्रस्तुत गरिएको छ ।

## समूह क

### भौगोलिक सूचना प्रणाली

भौगोलिक सूचना प्रणाली कम्प्युटरको प्रयोगबाट भौगोलिक तथ्यहरू विश्लेषण गर्ने प्रविधि हो । यस प्रविधिलाई भौगोलिक सूचना विज्ञान पनि भनिन्छ । भौगोलिक सूचना प्रणालीको सुरुवात सन् १९६२ मा रोजर तोमिल्सनले गरेका हुन् ।

भौगोलिक सूचना प्रणाली कम्प्युटरमा आधारित भौगोलिक सूचनाहरूको सङ्कलन गर्ने, प्रविष्ट गर्ने, मिलाउने, विश्लेषण गर्ने, व्यवस्थापन गर्ने, छाप्ने तथा देखाउने प्रविधि हो ।

भौगोलिक सूचना प्रणालीले अवस्थितिमा आधारित सूचना प्रदान गर्छ । भौगोलिक सूचना प्रणालीले तथ्याङ्कलाई विश्लेषण गरेर नतिजा निकाल्न सहयोग गर्छ ।

भौगोलिक सूचना प्रणालीमा प्रयोग गरिने तथ्याङ्क विभिन्न स्रोतहरूबाट लिइन्छ । सूचनाहरू लिन कागजी नक्सा, हवाई तस्विर, ग्लोबल पोजिसनिङ प्रणाली, दूर संवेदनका बिम्बहरू आदि प्रयोग गरिन्छ ।

भौगोलिक सूचना प्रणालीमा सङ्कलित सूचनाहरूलाई निश्चित ढाँचामा डिजिटल बनाउने र तिनलाई कम्प्युटर प्रणालीमा प्रविष्ट गरेर संयोजन र व्यवस्थापन गरिन्छ ।

भौगोलिक सूचना प्रणालीले पृथ्वीको वास्तविक स्वरूपलाई बिन्दु, रेखा र बहुभुजका आधारमा देखाउन मदत गर्छ । तथ्यहरूको प्रकृतिअनुसार अवस्थिति, बस्ती, केन्द्र देखाउन बिन्दु, सडक, नदी, सिमाना देखाउन रेखा र भूउपयोग, जिल्ला आदि देखाउन बहुभुजको प्रयोग गरिन्छ ।

भौगोलिक सूचना प्रणालीमा वास्तविक स्वरूपलाई देखाउन प्रत्येक तथ्यहरूको तह तयार गर्नुपर्छ । यदि नेपालको नक्सामा प्रदेश र जिल्लाको बस्ती, बाटो, नदीको छुट्टाछुट्टै तह बनाएर एकआपसमा जोडेर एउटै नक्सामा देखाउनुपर्छ । बक्समा चारओटा तहलाई अलग अलग देखाइएको छ ।

यदि हामीले कुनै ठाउँको १० वर्षमा भूउपयोग परिवर्तनलाई नक्सामा देखाउनुछ भने कृषि, वन, बस्ती,

सडक, नदी आदिको १० वर्ष अगाडि र अहिलेको नक्सा बनाउनुपर्छ । त्यसलाई जोडेर दुई नक्सामा अलग अलग देखानुपर्छ । भौगोलिक सूचना प्रणालीको सिपले विद्यालय सुधार योजना तयार गर्न, विद्यालयको प्रभाव क्षेत्र पहिचान गर्न र विद्यालय आउन लाग्ने समय निकाल्न, जिल्लाको नक्सामा विद्यालयको अवस्थिति देखाउन सकिन्छ ।

भौगोलिक वस्तुको यथार्थ पहिचान गर्न, वस्तुको यथार्थ अवस्थिति देखाउन, समयानुसार भूउपयोग, सहरीकरण, वनले ओगटेको क्षेत्र आदिको परिवर्तित स्वरूप देखाउन, तथ्याङ्कहरूको वितरण प्रणाली र ढाँचा देखाउन यस प्रणालीको उपयोग गरिने हुनाले यसको महत्त्व रहेको छ । त्यस्तै विभिन्न वस्तुहरूको तुलनात्मक अवस्था विश्लेषण गर्न, आफू बसेको प्रदेश, जिल्लाको प्रशासनिक सिमाना छुट्याउन, स्रोत नक्सा तयार गर्न पनि यो प्रविधिको महत्त्व रहेको छ ।

## समूह ख

### दूर संवेदन

दूर संवेदन भन्नाले टाढाका घटनाहरूका गतिविधिहरूलाई अवलोकन गर्ने, अभिलेख गर्ने र बुझ्ने कार्यलाई जनाउँछ । दूर संवेदनमा सेन्सर गरिने घटनाहरू प्रत्यक्ष हाम्रो सम्पर्कमा हुँदैनन् । यस्ता घटनाहरूलाई विद्युत् चुम्बकीय विकिरणको सहायतले सेन्सिङ गरिन्छ ।

सूर्य तापको प्रमुख स्रोत हो, जसले वायुमण्डलमा तापलाई विकिरणबाट पठाउँछ । विकिरणका तरङहरू कुनै वस्तुमा परेपछि सेन्सरले रेकर्ड गर्न थाल्छ । सेन्सरले रेकर्ड गराएका वस्तुहरूको प्रसारण, ग्रहण र प्रसकरणले दृश्य प्रतिनिधित्व फोटो तयार हुँदैजान्छ । यसलाई छवि भनिन्छ । तसर्थ, पृथ्वीको वास्तविक स्वरूपको जानकारी छविको विश्लेषणबाट गरिन्छ ।

प्रारम्भमा फोटो खिच्न मेसेन्जर परेवा, पतङ्ग, रकेट, र मानवरहित बेलुनहरू प्रयोग गरिन्थ्यो ।

सबभन्दा पहिलो विश्व युद्धमा सैन्य निगरानीका लागि हवाई चित्रणको विकास गरिएको थियो । २०औँ शताब्दीको उत्तरार्धमा उपग्रहहरूको विकाससँगै रडारलाई सैन्य उद्देश्यले प्रयोग गर्न थालियो । स्पेस प्रोब्सको बाह्य अन्तरिक्ष यानले बुध ग्रहको विस्तृत भौगोलिक नक्सा प्रदान गरेको थियो । सन् १९६० र १९७० को दशकमा उपग्रहलाई फोटो संस्करणका रूपमा विकास भयो । यसलाई इमेजरीको छवि संस्करण पनि भनियो ।

भूउपग्रह र विमानमा जडान गरिएका रिमोट सेन्सिङले भूकम्पका क्षतिको विवरण तयार पार्नका साथै जहाजहरूमा रहेको प्रणालीबाट समुद्रको गहिराइको तस्विर हेर्न दूर संवेदनको प्रयोग गरिन्छ । उपग्रहमा जडित क्यामेराले महासागरको तापक्रममा हुने परिवर्तनको पनि तस्विर लिन पनि यसको उपयोग रहने हुँदा यस प्रविधिको महत्त्व रहेको छ । सहरी विकास, भूउपयोग, जङ्गल आदिको परिवर्तनलाई अभिलेखिकरण गर्न पनि यो प्रविधि महत्त्वपूर्ण मानिन्छ ।

## समूह ग

### ग्लोबल पोजिसनिङ सिस्टम

ग्लोबल पोजिसनिङ सिस्टमलाई वैश्विकस्थान निर्धारण प्रणाली भनिन्छ । यो प्रणाली उपग्रह, ग्राउन्ड स्टेसन, रिसिभर र प्रयोगकर्ताहरू मिलेर बनेको हुन्छ ।

यो प्रणालीमा उपग्रहले नक्षत्रका ताराहरूले जस्तै काम गर्छ । यसमा मोबाइल फोन जस्तै एक रिसिभर हुन्छ, जसले उपग्रहबाट आएका सङ्केतहरूलाई अभिलेख गर्छ । सङ्केतहरू एकअर्काबाट कति टाढा रहेका छन् त्यसको दुरी कति छ भनेर गणना गर्छ । त्यही गणनाका आधारमा कुनै पनि ठाउँको अवस्थिति पत्ता लगाउन सकिन्छ ।

संयुक्त राज्य अमेरिकाको रक्षा विभागले सबैभन्दा पहिले जिपिएसको प्रयोग गरेको थियो । तसर्थ, जिपिएस भन्नाले अमेरिकी नेभिगेसन प्रणालीलाई जनाउँछ । जिपिएसलाई विश्वव्यापी नेभिगेसन उपग्रह प्रणाली वा रिसिभरको साथ जिपिएसको नामले पनि चिनिन्छ ।

जिपिएस एक ग्लोबल नेभिगेसन उपग्रह प्रणाली हो । यो उपग्रह प्रणालीले कम्तीमा २४ उपग्रह, एक रिसिभर र एल्गोरिदमको प्रयोग गर्छ । यसले स्थान, वेग र समयलाई एउटै लयमा ढाल्छ ।

जिपिएस १९८३ पछि मात्र जिपिएसलाई सार्वजनिक गरिएको थियो । १९९० को सुरुमा जिपिएस सेवाहरू मूल रूपमा मानव स्थिति सेवामा विभाजित गरिएको थियो, जुन मुख्य रूपमा जनताका लागि डिजाइन गरिएको थियो । त्यही समयमा सेनाले सैनिक स्थिति सेवाको प्रयोगमा ल्याएको थियो ।

## जिपिएसको महत्त्व र प्रयोग

जिपिएसले जस्तोसुकै समय र मौसममा काम गर्छ । यो उपकरण जल, स्थल र हवाई यात्राका लागि उपयोगी हुन्छ । जिपिएसका धेरै प्रयोगहरू छन् । यसका पाँच प्रकारका प्रयोगहरूलाई प्रमुख मानिन्छन् :

(क) स्थान : अवस्थिति पहिचान गर्न

(ख) नेभिगेसन : एक स्थानबाट अर्कोमा जान वा पुग्न

(ग) अनुगमन : वस्तु वा व्यक्तिलाई अनुगमन गर्न

(घ) नक्साङ्कन : विश्वको नक्सा तयार गर्न

(ङ) समय : वास्तविक समय मापन गर्न

अहिले नेपालमा जिपिएसको व्यापक प्रयोग भइरहेको छ । ठुला ठुला सहरहरूमा सवारी साधनमा यस प्रविधिलाई उपयोग गरी सवारी साधनले यात्रुहरूलाई सेवा दिइरहेका हुन्छन् ।

निजी सेवा प्रदायक निकायले काठमाडौं लगायतका ठुला सहरमा यस्ता सेवा दिइरहेका छन् । यस्तो

सेवा प्राप्त गर्न गर्ने सेवा प्रदायक निकायमा सर्च गरेर अर्डर दिइन्छ। यसरी अर्डर दिनासाथ जिपिएसको सहायताले ती सवारी साधन हाम्रो अवस्थितिमा आइपुग्छन् र जाने ठाउँको अवस्थिति तय गरेर सिधै हामीलाई पुऱ्याइदिन्छ ।

एनड्रोइड मोबाइलमा पनि जिपिएसको सुविधा हुन्छ। त्यो सुविधा प्रयोग गरेर कुनै अत्यावश्यक सेवाको अवस्थिति थाहा पाउन र आवश्यक सेवाका लागि अनुरोध गर्न सकिन्छ।

यसको अतिरिक्त जिपिएस धेरै कामका लागि उपयोगी प्रविधि हो । यसको प्रयोग उद्योगहरूको सर्वेक्षण र नक्सा तयार गर्न, समय मापन गर्न, अवस्थिति वा स्थान पहिचान गर्न, र सवारी साधनलाई नेभिगेट गर्न प्रयोग गरिन्छ।

### *क्रियाकलाप*

१. **जिपिएसको प्रयोग गरी आफ्नो पालिकाको खानी रहेको र खेतीयोग्य जमिन र जङ्गलको नक्साङ्कन गर्नुहोस् ।**

२. **दूर संवेदनको उपयोगिता कक्षामा छलफल गर्नुहोस् ।**

### *अभ्यास*

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) जिपिएस्को पूर्ण रूप लेख्नुहोस् ।

(ख) जिपिएसको उपयोगिता लेख्नुहोस् ।

(ग) दूर संवेदनले वर्तमान समयमा पुऱ्याएका फाइदाहरूको सूची तयार पार्नुहोस् ।

(घ) जिआइएस प्रविधिको उपयोग तपाईँले कहाँ कहाँ र कसरी गर्नुभएको छ। उदाहरणसहित लेख्नुहोस् ।

एकाइ ६ नेपालको इतिहास

पाठ : १

# नेपालको प्राचीन इतिहास

नेपालको इतिहासको काल विभाजनलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

| नेपालको इतिहासको काल विभाजन | | |
|---|---|---|
| काल | समय | विवरण |
| प्राचीन काल | वि.सं. ९३६ भन्दा अघि | नेपाल संवत् सुरु हुनुअघि |
| मध्य काल | वि.सं. ९३६ देखि १८२५ सम्म | नेपाल संवत् सुरु भएदेखि नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहबाट कान्तिपुर विजय नभएसम्म |
| आधुनिक काल | वि.सं. १८२५ देखि हालसम्म | पृथ्वीनारायण शाहबाट कान्तिपुर विजय भएदेखि हालसम्म |

नेपाल गौरवशाली इतिहास बोकेको देश हो । नेपालको इतिहास निकै प्राचीन मानिन्छ । नेपाललाई सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन र द्वापरयुगमा मुक्तिसोपान भनिन्थ्यो । पौराणिक कालका विभिन्न ग्रन्थमा नेपाल नाम उल्लेख भएबाट नेपालको इतिहास निकै प्राचीन भएको अनुमान लगाउन सकिन्छ । पश्चिम नेपालको बुटवल क्षेत्रमा पाइएको रामापिथेकस मानवको अवशेषले एक करोड वर्षभन्दा अगाडिदेखि नै नेपालमा मानवको बसोबास सुरु भइसकेको तथ्य पुष्टि हुन्छ । नेपाल विभिन्न ऋषिमुनिहरूको तपोभूमिका रूपमा रहेको थियो । कौशिक, वाल्मीकिलगायतका सयौँ ऋषिमुनिले यहाँ आई तपस्या गर्थे । यहाँ विपश्वी बुद्ध, शिखी बुद्ध, विश्वभू बुद्ध, मञ्जुश्री बोधिसत्व, क्रकुच्छन्द बुद्ध जस्ता तपस्वीहरू आएका ऐतिहासिक तथ्यहरू उजागर भएका छन् ।

नेपालको इतिहासलाई मुख्य गरी प्राचीन काल, मध्य काल र आधुनिक काल गरी तीन खण्डमा विभाजन गरेर अध्ययन गरिन्छ । काल भन्नाले समय अवधि बुझिन्छ । पृथ्वीनारायण शाहबाट एकीकरण हुनु अघिसम्म नेपाल भन्नाले काठमाडौँ उपत्यकामा विकास भएको राज्यलाई बुझिन्थ्यो । सो राज्य समय समयमा विस्तार हुने र टुक्रिने गरिरहन्थ्यो । गोरखाका राजा पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा काठमाडौँ विजय गरे । त्यसपछि उनले काठमाडौँलाई राजधानी बनाएर आधुनिक नेपाल राज्यको स्थापना गरे । यही गौरवशाली देश नै आजको नेपाल हो ।

## १. नेपाल राज्यको उत्पत्ति

नेपालको राज्यको उत्पत्ति कसरी भयो भन्ने सम्बन्धमा इतिहासकारहरूले विभिन्न प्रमाणहरूको खोजी गरेर तथ्य बाहिर ल्याएका छन् । यसका आधारमा नेपालको उत्पत्ति र नामकरण कसरी भयो होला

भनी अनुमान लगाउन सकिन्छ । नेपाल राज्यको उत्पत्ति र नामकरणका विषयमा विभिन्न तथ्य तथा धारणाहरू प्रकाशमा आएका छन् ।

### (क) भौगोलिक तथ्य

करिब १३ करोड वर्ष पहिला नेपाल रहेको ठाउँमा टेथिस सागर नामक एक समुद्र थियो । दक्षिणतर्फको जमिन उत्तरतर्फ सर्दै जाने क्रममा टेथिस सागरको पिँध च्यापिँदै गयो र पिँधको जमिनमाथि उठ्दै गयो । वरिपरिका नदीले ल्याएका पदार्थहरू पनि थुप्रिँदै गए । यसरी हिमालय पर्वत र मोडदार पर्वतहरूको उत्पत्ति भयो । त्यही मोडदार पर्वतको बिचमा हालको नेपाल रहेको छ । नेपालको अधिकांश ठाउँमा चुन ढुङ्गालगायतका पत्रे चट्टानहरू पाइनुले पनि यस तथ्यलाई पुष्टि गर्छ । समुद्रमा करोडौँ वर्षसम्म समुद्री जीवको हड्डी जम्मा भएर चुन ढुङ्गा निर्माण हुन्छ । नेपालको हिमाली क्षेत्रमा पनि समुद्री जीवावशेष पाइन्छ । शालिग्राम त्यस्तै समुद्री जीवको जीवावशेष हो । काली गण्डकी नदीले हिमाली क्षेत्रबाट शालिग्राम बगाएर ल्याउँछ ।

पहाडहरू बन्ने क्रममा हाल काठमाडौँ उपत्यका रहेको स्थानमा एक विशाल ताल बनेको थियो । लाखौँ वर्षसम्म यस वरिपरिका खोलाहरू बाग्मती, विष्णुमती, हनुमन्ते, मनहरा, गोदावरी, नक्खु आदिले बगाएर ल्याएका वस्तु थुप्रिएर सो तालको पिँध माथि उठ्दै आयो । चोभारको डाँडा चुनढुङ्गाले बनेको पहाड हो । चुनढुङ्गा पानीसँग प्रतिक्रिया गर्ने हुनाले त्यहाँ चुनढुङ्गा खिइँदै गएर गल्छी बन्यो र तालको पानी सुक्न गयो । त्यसपछि यहाँ वरिपरिका डाँडाबाट मानिसहरू आई गाइवस्तु चराउन थाले । यहीँ खेतीपाती गरेर बस्न थाले । त्यसपछि त्यहाँ नेपाल नामको राज्य स्थापना भयो ।

### (ख) पौराणिक तथ्य

महाभारत, पशुपति पुराण, बौद्ध ग्रन्थलगायतका विभिन्न धार्मिक ग्रन्थहरूमा नेपाल राज्य र यहाँका राजाहरूको उल्लेख पाइन्छ । नेपाल नामको पहिलो उल्लेख ५०० देखि ६०० ई.पू.मा रचना गरिएको अथर्व परिशिष्टमा गरिएको पाइन्छ । यी तथ्यबाट पौराणिक कालदेखि नै नेपालको अस्तित्व थियो भन्न सकिन्छ । त्यसबेला मध्यक्षेत्रमा नेपाल, पूर्व दक्षिणमा मिथिला राज्य, पश्चिममा शाक्य वंशीय राज्य रहेको पाइन्छ ।

### (ग) ऐतिहासिक तथ्य

भारतीय गुप्त सम्राट् समुद्र गुप्तले आफ्नो इलाहाबाद अभिलेखमा नेपालको उल्लेख 'छिमेक राज्य' का रूपमा गरेका छन् । त्यसपछिका प्रायः सबै स्रोतहरूले नेपालको उल्लेख स्वतन्त्र राज्यका रूपमा नै गरेका छन् । नेपालका शिलालेखहरूमा भने वि.सं. ५६१ को टिस्टुङ अभिलेखमा पहिलोपटक नेपाल शब्दको उल्लेख भएको छ । यसरी यो मुलुक प्राचीन समयदेखि नै नेपाल नामबाट परिचित रहेको स्पष्ट हुन्छ ।

## २. नेपालको नामकरण

नेपाल नाम कसरी रहन गयो भन्ने सम्बन्धमा फरक फरक तर्क पाइन्छ । इतिहासकारले विभिन्न तथ्यका आधारमा नेपाल नाम रहन गएको हो भन्ने तर्क प्रस्तुत गरेका छन् ।

### (क) भाषाका आधारमा

'नेपाल' पौराणिक किराती शब्द 'नेपा' को सांस्कृतिक रूप हो । किराती र नेवारी भाषामा 'ने' को अर्थ 'मध्य' र 'पा' को अर्थ 'देश' अर्थात् 'मध्यदेश' हुन्छ । मध्यपहाडी खण्डमा रहेको 'नेपा' मा 'ल' प्रत्यय लागेर नेपाल नाम रहेको देखिन्छ ।

तिब्बती भाषामा 'ने' को अर्थ घर र 'पाल' को अर्थ उन हुन्छ । त्यसबेला यस क्षेत्रमा भेडापालन बढी भएकाले नेपालबाट उन र उनी कपडा विदेशमा निर्यात हुन्थ्यो । त्यसैले उनको घर अर्थात् उन हुने ठाउँका रूपमा यो क्षेत्रको नाम नेपाल रहन गएको देखिन्छ ।

लिम्बु भाषामा नेपालको अर्थ समतल भूमि भन्ने हुन्छ । पहाडी खण्डमा ठुलो मैदानी उपत्यका भएकाले यसको नाम नेपाल रहन गएको देखिन्छ ।

पुरानो लेप्चा भाषामा 'ने' को अर्थ पवित्र र 'पाल' को अर्थ गुफा हुन्छ । यसरी 'नेपाल' ले पुण्यभूमि वा धार्मिक स्थल बुझाउँछ । अतः लेप्चा भाषानुसार यस ठाउँको नाम नेपाल रहन गएको देखिन्छ ।

नेपालका तामाङहरूले पनि तीर्थलाई 'ने' भन्छन् । लामा धर्मग्रन्थमा 'ने' को अर्थ पवित्र स्थान हो । नेपालमा प्रशस्त धार्मिक स्थल भएकाले तामाङ भाषाअनुसार पुण्य भूमिका रूपमा नेपाल नाम रहन गएको हुन सक्छ ।

संस्कृत भाषामा नीपः भनेको पहाडको फेदी हुन्छ सो शब्दमा उपसर्ग आल (स्थान) जोडेर नेपाल भएको अनुमान छ । आलको अर्थ घर हुन्छ । पहाडी काखमा रहेको उपत्यका भएको हुनाले यसलाई नेपाल भन्न थालियो ।

### (ख) पौराणिक आधारमा

नेपाल महात्म्यअनुसार नेपाल उपत्यकाम 'ने' नाम गरेका ऋषि बस्थे । उनले यस राज्यको स्थापना गर्नुका साथै यहाँका जनताको लालनपालन गरेका थिए । त्यसैले ने मुनिद्वारा पालित भएकाले यस देशको नाम नेपाल रहन गएको मानिन्छ ।

### (ग) ऐतिहासिक आधार

नेपालका प्राचीन शासक गोपालवंशीहरूलाई "निप" भनिन्थ्यो । आलयको अर्थ घर हो । त्यसैले निपहरूको शासन चलेको राज्य भएको हुनाले यस देशलाई नेपाल भनियो ।

## ३. प्राचीन नेपाल

नेपाली सभ्यताको प्राचीन  इतिहास धेरै हदसम्म किंवदन्तीमा आधारित भए तापनि केही मूलभूत कुराहरू प्रमाणित भएका छन् । किरातकाल पूर्वका ठोस ऐतिहासिक सामग्री प्राप्त हुन सकेका छैनन् । खास गरी त्यस समयको इतिहासका मुख्य स्रोतहरू गोपाल वंशावली, भाषा वंशावली, कर्कपेट्रिकको वंशावली र

राइट वंशावली हुन् । यसका अतिरिक्त हिन्दु तथा बौद्ध धार्मिक ग्रन्थहरू र लिच्छविकालीन अभिलेख र मूर्तिहरूलाई पनि आधार मान्ने गरिन्छ । त्यसै गरी कौटिल्यको अर्थशास्त्र र चिनियाँ यात्री हु एन्साङ्को यात्रा विवरणमा पनि नेपालको लिच्छविकालीन इतिहासका तथ्यहरू उल्लेख गरिएको पाइन्छ । यस कालको राजनीतिक, आर्थिक, सामाजिक अवस्था आदिका विषयमा लिच्छविकालीन अभिलेखहरूबाट केही झलक पाइन्छ । ईश्वी संवत्को थालनीसँगै लिच्छविकाल सुरु भए पनि प्रमाणहरूका आधारमा इस्वीको पाचौँ शताब्दीदेखि मात्र प्राचीन नेपालको इतिहास बढी विश्वासिलो बनेको पाइन्छ ।

### (क) गोपाल वंश

नेपालका प्रथम राजाहरू गोपालवंशी थिए । गोपाल भन्नाले गाईपालक समुदाय भन्ने बुझिन्छ । काठमाडौँ उपत्यकाको पानी बाहिर निस्किएपछि यो ठाउँ प्रशस्त मलिलो र वनस्पतिले भरिपूर्ण हुनपुग्यो । त्यसैले वरिपरिका डाँडामा बसोबास गर्ने प्राचीन नाग जातिहरू उपत्यकामा आई बसोबास गर्न थाले । यहाँको उर्वर घाँसे भूमि देखेर दक्षिणतर्फका नीप जातिका गोपालहरू यहाँ आकर्षित भए । दक्षिणबाट आएका निपहरू (गोपाल) र यहाँका प्राचीन नाग जातिबिच भीडन्त भयो । नागजातिहरू पराजित भई दक्षिण भेगतर्फ लागे भने नेपाल उपत्यकामा गोपालहरूको वर्चस्व कायम भयो । टेकु दोभानमा तपस्या गरी बस्ने 'ने' नाम गरेका ऋषिले गोपालवंशका भुक्तमान (जसलाई भूमिगुप्त पनि भनिन्छ) लाई राजा बनाए । यिनी गोपालवंशका संस्थापक तथा नेपालका प्रथम राजा हुन् । गोपा वंशावलीअनुसार गोपालवंशी आठ जना शासकहरूले करिब ५०५ वर्ष नेपालको शासन गरेको अनुमान छ । जसमा गोपालवंशी शासकहरू भूमि गुप्त, जय गुप्त, धर्म गुप्त, हर्ष गुप्त, भिम गुप्त, मणि गुप्त, विष्णु गुप्त र जीन गुप्तले शासन रहेका थिए ।

### (ख) महिषपाल वंश

गोपाल राजवंशावलीमा उल्लेख भएअनुसार गोपालवंशका जीन गुप्तलाई युद्धमा पराजित गरी महिषपालहरूले नेपालको शासनमा नियन्त्रण कायम गरेका थिए । गाई पाल्नेलाई गोपाल भने झैँ भैँसी पाल्नेलाई महिषपाल वा आभीर भनिन्थ्यो । उनीहरू सिम्रौनगढ र जनकपुरबिचको समतल भूमिमा आफूसँग हातहतियारसमेत राखी ठुलो सङ्ख्यामा भैँसी पाल्ने गरेका थिए । यस वंशका प्रथम राजा वरसिंह हुन् । भाषा वंशावलीअनुसार यस वंशका तीन शासकहरू वर सिंह, जय सिंह र भुवन सिंहले करिब १६१ वर्ष शासन गरेका थिए ।

### (ख) किरात वंश

गोपाल वंशावलीमा किरात राजाहरूको सूचीका साथै उनीहरूको मूल स्थान तामाकोसी र सुनकोसी बिचको भूभाग भनी बताइएको छ । आभीरवंशका अन्तिम राजा भुवनसिंहलाई युद्धमा पराजित गरी किरातवंशी राजायलुङ वा यलम्बरले शासनमा नियन्त्रण कायम गरेका थिए । किरातवंशका २९ पुस्ताका ३२ राजाहरूले झन्डै १५०० वर्ष जति शासन चलाएको मानिन्छ । यलम्बरको नामबाट पाटन सहरको पुरानो नाम यल रहन गएको मानिन्छ । इन्द्रजात्रामा खम्बामा राखिने आकाश भैरवको टाउको यिनै

यलम्बरको भएको मानिन्छ। यिनैका पालामा किरातेश्वर महादेवको उत्पत्ति भएको र महाभारत युद्धका एक महारथी अर्जुनसँग किरातेश्वर महादेवको लडाइँ भएको उल्लेख छ।

सातौँ किराती राजा जितेदास्तीका पालामा गौतम बुद्धका चेला भिक्षु आनन्द नेपाल आएका थिए।

चौधौँ किराती राजा स्थुङ्कोका पालामा भारतका मौर्य सम्राट् अशोक छोरी चारुमतीलाई साथमा लिएर नेपाल आएका थिए। उनले लुम्बिनीमा गौतमबुद्धको जन्मस्थल पत्ता लगाएर राखेको स्तम्भ अझै जस्ताको त्यस्तै छ। ललितपुरमा पनि सम्राट् अशोकले सहरको चार कुनामा चारओटा चार स्तूपहरू बनाउन लगाएका थिए। ती स्तूपहरू ललितपुरको लगनखेल, पुल्चोक र इमाडोलमा अझै देख्न पाइन्छ। उनकी छोरी चारुमतीले चाबहिलमा विहार निर्माण गरेको कुरा उल्लेख छ। बौद्ध भिक्षुहरू बस्न र अध्ययन गर्नका लागि बनाइएको विहारलाई बहिल पनि भनिन्छ। चारुमतीकै नामबाट सो विहारको नाम चाबहिल रहेको मानिन्छ। चारुमतीको विवाह कान्तिपुरका देवपालसँग भएको थियो। उनकै नामबाट त्यहाँ एक बस्तीको निर्माण भयो जसलाई देवपत्तन (देउपाटन) भनेर चिनिन्छ।

किरातकालमा नामकरण भएका केही बस्तीहरू अहिले पनि रहेका छन्। भक्तपुरलाई नेवारी भाषामा खोप भनिन्छ। यसलाई किरातकालमा खोप्रिङ भनिन्थ्यो। त्यसै गरी किरातकालीन नाम तेङ्खुबाट टेकु, सङ्गबाट साँगा, चङ्गुबाट चाँगु, खुर्पासीबाट खोपासी जस्ता बस्तीका नामहरू रहेका थिए जो अझै प्रचलनमा रहेका छन्। किरात शासनको अन्त्यतिर ललितपुरको च्यासल भन्ने ठाउँमा आठ सय किरातीको हत्या गरिएको थियो। च्यासको अर्थ आठ सय हुन्छ। त्यसैले त्यस ठाउँको नाम च्यासल रहन गएको हो। किरातकालका ऐतिहासिक र पुरातात्त्विक प्रमाणहरू नभेटिए पनि पशुपतिमा रहेको चौडा छाती भएको विरूपाक्षको मूर्ति किरातकालकै भएको मानिन्छ। अन्तिम किराती राजा गास्ती थिए। कुनै इतिहासकारहरूले अन्तिम किराती राजा खिगु हुन् भनी लेखेका छन्।

## ४. आर्थिक सामाजिक अवस्था

प्राचीन कालको गोपाल, महिषपाल र किराती शासन व्यवस्थाको आर्थिक तथा सामाजिक अवस्था त्यति प्रस्ट छैन तैपनि त्यसबेलाको तथ्यका आधारमा निम्नानुसार उल्लेख गर्न सकिन्छ। गोपालवंशी शासनकालको मुख्य आर्थिक क्रियाकलाप पशुपालन थियो। काठमाडौँ उपत्यका उब्जाउशील तलैया माटाले बनेको हुनाले यहाँ प्रशस्त घाँस थियो। त्यसैले यहाँका बासिन्दा गाई पाल्ने गर्थे। मलिलो माटाले बनेको भूभाग भएका कारण यहाँ कृषि व्यवसाय पनि गरिन्थ्यो। महिषपाल वंशका पालामा भने भैँसी पाल्न थालियो। अन्य कुरा गोपाल वंशकै जस्तो थियो। किरात कालमा मानिसहरू कृषि र पशुपालनका साथमा सिकार गर्ने कार्य पनि गर्थे। तीनओटै काल खण्डमा घरेलु उद्योगबाट आफूलाई आवश्यक वस्तु तयारी गरिन्थ्यो।

समाज हिन्दु धार्मिक परम्परामा आधारित थियो। पशुपतिनाथको उत्पत्ति र मन्दिर निर्माणको कुराले त्यस बेला शैव धर्मको विकास भएको अनुमान लगाउन सकिन्छ। पशुपतिमा किरातेश्वर महादेव रहनुले किरात कालमा पनि शैवधर्म चलेको देखिन्छ। सो समयमा हिन्दु परम्पराअनुसारका विभिन्न चाडपर्वहरू मनाइन्थ्यो।

### क्रियाकलाप

१. तीनओटा समूहमा विभाजन भई प्रत्येक समूहले गोपाल, महिषपाल र किरात वंशमध्ये एक एकओटा शासन अवधिका बारेमा पुस्तक, अन्य सन्दर्भ सामग्री र इन्टरनेटको प्रयोग गरी थप तथ्यहरू सङ्कलन गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. किरात कालका बारेमा किन धेरै जानकारी पाउन नसकिएको होला ? हाम्रो इतिहास पनि त्यस्तै हुने त होइन ? हाम्रो इतिहासलाई जीवन्त बनाइराख्न हामीले आजैदेखि के के गर्नुपर्ला ? समूहमा छलफल गरी उपायहरू समेटी संवाद तायार पार्नुहोस् ।

### अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालको प्राचीन इतिहसका महत्त्वपूर्ण पक्षहरू बुँदागत रूपमा लेख्नुहोस् ।

(ख) नेपाल उपत्यकाको उत्पत्ति र नामकरणका सम्बन्धमा भाषागत आधार उल्लेख गर्नुहोस् ।

(ग) गोपाल, महिषपाल र किरातकालको आर्थिक सामाजिक अवस्थाको चित्रण गर्नुहोस् ।

### परियोजना कार्य

तपाईँको जन्मथलोको नामकरण र विगतको आर्थिक तथा समाजिक अवस्थको खोजी गरी आफ्नो ठाउँको इतिहास तयार पारी कुनै समाजिक सञ्जालमा प्रकाशन गर्नुहोस् ।

पाठ : २

# लिच्छवि काल

नेपालको इतिहासमा लिच्छवि वंशको शासनकाललाई निकै महत्त्वपूर्ण मानिन्छ । वंशावली एवम् पुराणहरूमा सूर्यवंशी क्षत्रियहरूले किरातहरूलाई जितेर नयाँ शासन व्यवस्था कायम गरेको उल्लेख पाइन्छ। गोपाल राजवंशावलीमा 'सूर्यवंशको प्रभावले नेपालमा किरात राजालाई जितेर लिच्छवि राजवंश चल्यो' भनी लेखिएको छ। राइट वंशावलीअनुसार किरात राजा 'गस्ती' लाई जितेर लिच्छवि राजवंशले नेपालमा शासन सुरु गरेको देखिन्छ । लिच्छवि राजवंशको थालनी कुन समयदेखि भयो, यसबारे यकिन गर्न सकिएको छैन। लिच्छवि शासनकालअन्तर्गत फेला परेको प्रमाणित अभिलेख राजा मानदेवको सन् ४६४ को चाँगुको अभिलेख हो। यसमा मानदेवभन्दा अगाडिका तीन पुस्ताको विवरण दिइएको छ। मानदेव लिच्छवि वंशका २९ औं राजा थिए । यसरी हेर्दा नेपालमा लिच्छवि शासन ई.पू. ३०० तिर भएको मान्न सकिन्छ ।

नेपाल आउनुभन्दा अघि लिच्छवि भारतको विहारमा पर्ने मुजफ्फरपुर नगरको वैशालीमा स्वतन्त्र गणतन्त्रात्मक शासन प्रणालीअनुसार शासन चलाउने गर्थे । त्यस भागमा राजतन्त्रात्मक शासन प्रणाली सुदृढ हुँदै गएको र राजा अजातशत्रुबाट पराजित भई इसाको प्रथम शताब्दीतिर शरणार्थीका रूपमा लिच्छविहरू नेपाल प्रवेश गरेका थिए । नेपालमा तत्कालीन शासक वर्गप्रति जनताको तीव्र असन्तोष व्याप्त भएका बेलामा जनभावनाको अनुकूल लिच्छविले जनसङ्घर्षको नेतृत्व गरेका थिए । किरातहरू युद्धमा हारेर पूर्वी भेगमा विस्थापित हुन बाध्य भए भने केन्द्रमा लिच्छविको राज्यसत्ता कायम हुन पुग्यो । लिच्छवि शासनकालमा जनहितलाई बढी स्थान दिने प्रचलन थियो । सङ्गठित जनजीवन, उन्नत आर्थिक अवस्था, शिक्षाको स्तर राम्रो हुनु, आर्कषक कलाकृतिको निर्माण हुनु र लिखित अभिलेखहरू भेटिएका कारण लिच्छवि काललाई नेपालको इतिहासमा स्वर्णयुग पनि मानिएको छ। यो युग सर्वाङ्गीण विकासको युगका रूपमा रहेको देखिन्छ ।

## १. लिच्छवि शासनकालको राजनीतिक अवस्था

प्रथम लिच्छवि राजा को थिए भन्ने बारेमा इतिहासकारहरू एकमत छैनन् । लिच्छवि नामक राजाको वंश भएको हुनाले यस वंशलाई लिच्छवि वंश भनिएको हो । केही इतिहासविद्हरू भने लिच्छवि राजाको सोह्रौं पुस्तामा सुपुष्प राजा भएको र उनी नै नेपालको लिच्छवि वंशका संस्थापक राजा भएको मान्छन् । उनले वर्ण व्यवस्था कायम गर्ने, न्यायपूर्वक प्रजाको पालन गर्ने, राज्यमा मर्यादा कायम गर्ने जस्ता कार्य गरेका थिए। केही इतिहासकारले जयदेव प्रथमलाई प्रथम लिच्छवि राजा मानेका छन् ।

| लिच्छवि वंशका शासकहरूको विवरण | |
|---|---|
| राजाको नाम | महत्त्वपूर्ण कार्य |
| सुपुष्पदेव | पशुपतिनाथको मन्दिरमा सुनको छाना र गजुर हाल्न लगाएका थिए । |
| हरिदत्त वर्मा | काठमाडौँ उपत्यकाका चार नारायण विशङ्खु नारायण, इचङ्गु नारायण, शेष नारायण र चाँगु नारायणको स्थापना गरेका |
| वृषदेव | चाबहिल चैत्यको निर्माण |
| धर्मदेव | मानदेवका पिता, पशुपतिमा ठुलो वृषध्वज चढाएको |
| मानदेव | चाँगु नारायणमा गरुड स्तम्भ राखी शिलालेख स्थापना, विष्णु विक्रान्तको सुन्दर मूर्ति निर्माण, पूर्व र पश्चिमका सामन्तलाई नियन्त्रण गरी विशाल नेपाल राज्य कायम गरेका, मान विहारको निर्माण, मानाङ्क नामक धातु मुद्राको प्रचलन, मानगृह नामक राजदरबारको निर्माण |
| वसन्तदेव | जनताको भलो चाहने राजाका रूपमा परिचित राजा । उनले दूतक, सर्वदण्डनायक र महाप्रतिहार जस्ता प्रशासकीय पदको सिर्जना गरेका थिए । यिनले नै टिस्टुङको शिलालेखमा सबभन्दा पहिले नेपाल शब्दको प्रयोग गरेका थिए । यिनकै पालामा देव र गुप्तको द्वैध शासनको सुरुवात भयो । |
| शिवदेव प्रथम | ग्राम पाञ्चालीहरूलाई विकेन्द्रीकरणको सिद्धान्तअनुसार अधिकार सम्पन्न बनाएको |
| अंशुवर्मा | शिक्षाप्रेमी, सुधारक, व्याकरणका रचयिता राजा । किसानलाई मर्का पर्नबाट बचाउन कुतसम्बन्धी व्यवस्था र सिँचाइको व्यवस्था । पशुपालनलाई प्रोत्साहन, वैदेशिक व्यापारमा वृद्धि, घरेलु उद्योगलाई प्रोत्साहन, मुद्राको प्रचलन जस्ता सुधारका कार्यहरू सञ्चालन । तिब्बती राजा स्रङचङ गम्पोसँग भृकुटीको विवाह गराएर तिब्बतसँगको सम्बन्ध सुधार । भारतका राजा हर्षवर्द्धनसँग सन्धि गरेर भारतसँगको सम्बन्ध सुधार, प्रजा कसरी सुखी हुन्छन् भन्ने चिन्तन । कैलासकुट नामक सुन्दर दरबार निर्माण । पहिलो पटक युवराज घोषणा गर्ने परम्परा स्थापना |
| विष्णु गुप्त | बुढानीलकण्ठको मूर्ति र नारायण हिटीको नारायणको मूर्ति स्थापना । लिच्छवि राजा भिमार्जुनदेवसँगैका द्वैधशासन व्यवस्थाका अर्को शासकका रूपमा शासनमा संलग्नता |
| नरेन्द्र देव | चीन र तिब्बतसँगको सम्बन्ध विस्तार, नापतौलमा एकरूपता कायम, भद्राधिवास नामक दरबार निर्माण, द्वैधशासनको अन्त्य, गर्भवती श्रीमतीको मृत्यु भएमा श्रीमानलाई दण्ड दिने व्यवस्था |
| जयदेव द्वितीय | सजायमा आर्थिक जरिवानाको व्यवस्था, न्याय व्यवस्थालाई सुदृढ पारेको, कवि, विद्वान्, लिच्छविकालका अन्तिम शक्तिशाली शासक, ग्राम पाञ्चालीलाई न्यायिक अधिकार प्रदान |

## २. लिच्छवि शासनकालका प्रशासनिक, सामाजिक र आर्थिक अवस्था

### (क) प्रशासनिक अवस्था

| गोष्ठीको नाम | गोष्ठीको कार्य |
|---|---|
| पानीय गोष्ठी | पानी खुवाउने व्यवस्था मिलाउन |
| प्रवहण गोष्ठी | बग्गी, गाडा जस्ता यातायातको व्यवस्था मिलाउन |
| मल्लयुद्ध गोष्ठी | कुस्ती जस्ता मनोरञ्जनको व्यवस्था गर्न |
| अर्चा गोष्ठी | मूर्ति बनाउने |
| मोर्गोनमार्जन गोष्ठी | समुदायमा धारा, बाटो, पोखरी सफा राख्ने |
| वादित्व गोष्ठी | चाडपर्व, जात्रा र मन्दिरहरूमा बाजा बजाउने |
| प्रदीप गोष्ठी | बत्तीको व्यवस्था गर्ने |
| धूप गोष्ठी | मन्दिरमा धूपको व्यवस्था गर्ने |
| ध्वज गोष्ठी | ध्वजाको व्यवस्था गर्ने |
| सना गोष्ठी | मृत्यु संस्कार गर्ने |

लिच्छविकालीन शासनको मुख्य आधार हिन्दु धर्मग्रन्थहरू थिए । सहायक प्रशासहरू प्रभुत्वशाली भएर द्वैधशासन चलेको थियो । लिच्छवि राजा कमजोर भएका बेला गुप्तहरूले आफैँलाई महाराजाधिराजसमेत लेखेको देखिन्छ । काठमाडौँ उपत्यका र आसपासका क्षेत्रमा सिधै राजदरबारबाट शासन सञ्चालन हुन्थ्यो भने बाँकी भागमा सामन्तहरूद्वारा शासन सञ्चालन गरिन्थ्यो ।

मन्त्री गण वा सल्लाहकारलाई अमात्य भनिन्थ्यो । राजको अध्यक्षतामा बस्ने राजसभालाई अन्तरासन वा परमासन भनिन्थ्यो । यसले राज्य व्यवस्थाको नीति निर्धारण गर्ने, राज्यका महत्त्वपूर्ण निर्णय गर्ने र पुनरावेदन सुनेर अन्तिम न्याय दिने कार्य गर्थ्यो ।

लिच्छवि कालमा सरकारी कार्यालयहरूलाई अधिकरण र करण भनिन्थ्यो । माथिल्लो स्तरका ठुला अड्डालाई अधिकरण र साना अड्डालाई करण भनिन्थ्यो । धार्मिक संस्थाको हेरबिचार र विवाद सुल्झाउन पश्चिमाधिकरणको व्यवस्था गरिएको थियो । राजस्व उठाउने कामका लागि कुथेर अधिकरण, पञ्चपराधसम्बन्धी छिनोफानो गर्न शोल्ल वा शुल्ली अधिकरणको व्यवस्था गरिएको थियो । पञ्चपराधअन्तर्गत चोरी गर्नु, अर्काको ज्यान मार्नु, अर्काको स्वास्नी हरण गर्नु, राजद्रोह गर्नु र यस्ता कार्यमा सहयोग गर्नु जस्ता पाँच अपराधहरू पर्थे । विवाह र सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा हेर्ने मापचौक अधिकरणको व्यवस्था रहेको पाइन्छ । वर्ण व्यवस्थालाई सुचारु गर्न र त्यससम्बन्धी विवाद मिलाउन ब्राह्मणको नेतृत्वमा भट्टाधिकरण रहेको थियो ।

राजाका नजिकका कर्मचारीलाई प्रतिहार वा महाप्रतिहार भनिन्थ्यो । महाप्रतिहार प्रमुख प्रशासक थिए । सुरक्षा व्यवस्था कायम गर्न सर्वदण्डनायक र दण्डनायक पद रहेका थिए । प्रधान सेनापतिलाई महाबलाध्यक्ष भनिन्थ्यो र सेनाका उच्च अधिकारीहरूलाई बलाध्यक्ष भनिन्थ्यो । किल्ला वा ब्यारेकलाई

कोट्ट र त्यसका प्रमुखलाई कोट्ट नायक भनिन्थ्यो । सैनिकको सानो एकाइलाई गुल्म भनिन्थ्यो । तल्लो प्रशासनिक एकाइलाई ग्राम भनिन्थ्यो भने व्यापारिक दृष्टिले महत्त्वपूर्ण एकाइलाई द्रङ भनिन्थ्यो जो हालको गाउँपालिका र नगरपालिका जस्तै थिए । तीभन्दा माथिल्लो एकाइलाई तल भनिन्थ्यो जो हालको प्रदेश जस्तै हो । ग्राममा ग्राम पाञ्चाली हुन्थे जहाँ मुख्य पाँच जना सदस्य र एक मुखिया हुन्थे । मुखियाको छनोट जनताले गर्थे ।

### (ख) सामाजिक अवस्था

समाजमा हिन्दु वर्णाश्रम व्यवस्था कायम थियो र जातअनुसारको काम हुन्थ्यो । संयुक्त परिवारको प्रचलन थियो । हिन्दु र बौद्ध धर्ममा आधारित जन्म, विवाह, मृत्यु संस्कारहरू सञ्चालन हुन्थे । राजदरबार र आसपासका व्यक्तिका लागि शिक्षाको प्रबन्ध थियो भने सर्व साधारणका लागि सार्वजनिक शिक्षाको व्यवस्था नभएको पाइन्छ । नेपाल हिन्दु र बौद्ध दर्शनको शिक्षाको केन्द्र भने रहेको देखिन्छ । कला कौशल, नाच गान र जात्राहरूको विकास भएको थियो । लिच्छवि युगको एक महत्त्वपूर्ण सामाजिक व्यवस्था गोष्ठी हो जो आज पनि नेवारी समाजमा गुठीका नामले प्रचलनमा रहेको छ । गोष्ठीहरू जनस्तरबाट सामाजिक र धार्मिक कार्यहरू गर्नका लागि स्थापित संस्था थिए जसलाई सरकारी संरक्षण पनि प्राप्त हुन्थ्यो । लिच्छवि अभिलेखहरूमा १३ प्रकारका गोष्ठीहरूको व्यवस्था गरिएको पाइन्छ ।

### (ग) आर्थिक अवस्था

लिच्छविकालीन आर्थिक अवस्था कृषिमा आधारित थियो । जग्गाको नापो बुझाउन भूमि शब्द र अन्नको नापो बुझाउन मानिका शब्दको प्रयोग गरिएको पाइन्छ । एक भूमि बराबर दुई एकड जमिन र एक मानिका बराबर एकमुरी जति अन्न हुन आउँछ । कृषिका लागि राजकुलाको व्यवस्था गरिएको हुन्थ्यो । कृषिमा लगाइने करलाई भाग भनिन्थ्यो ।

लिच्छविकालमा पशुपालन व्यवसाय पनि कृषिसँगै गरिन्थ्यो । काभ्रे जिल्लाको खोपासीमा लिच्छवि कालमा कपडा उत्पादन गरिन्थ्यो । कपडालाई संस्कृतमा खुर्पासी भनिन्थ्यो । त्यसैले कपडा उत्पादन हुने ठाउँको नाम पनि खुर्पासी ग्राम रहन गयो ।

लिच्छविकालमा उद्योग र व्यापारमा निकै उन्नति भएको थियो । नेपालमा काष्ठ उद्योग, माटा र धातुका उद्योग, ढुङ्गासम्बन्धी उद्योग, रङसम्बन्धी उद्योग, उनी कपडा उद्योग, हातहातियारका उद्योग र तेल उद्योगहरू फस्टाएका थिए । भारतमा नेपाली तामाको अत्यधिक माग थियो । नेपालले फलाम, कस्तूरी, तामा र चमर निर्यात गर्ने गरेको कुरा अभिलेखमा उल्लेख गरेको पाइन्छ । भारतका मौर्य वंशका सम्राट् चन्द्र गुप्तका गुरु कौटिल्य थिए । उनको अर्थशास्त्रमा आठपाटे कालो भृङ्गीसी (राडी) र वर्षाको पानी छेक्ने अपसारक नेपालमा बन्छ, त्यस्तो कम्बलको पाटलीपुत्रको बजारमा निकै माग छ भनी लेखेका छन् । तिब्बततर्फ खाद्यान्न, उनी कपडा, खुर्सानी, धातुका कलात्मक वस्तु निर्यात हुन्थे ।

लिच्छविकालमा कर व्यवस्था पनि निकै सुदृढ थियो । कृषिमा लगाइने करलाई भाग, पशुपालनमा लगाइने करलाई भोग भनिन्थ्यो र वाणिज्य तथा व्यापारमा लगाइने करलाई कर भनिन्थ्यो । भाग, भोग र करलाई संयुक्त रूपमा त्रिकर भनिन्थ्यो । कपडा उत्पादनमा लगाइने करलाई

चैल कर भनिन्थ्यो । कर तथा राजस्व असुली गर्ने अड्डालाई कुथेर भनिन्थ्यो । पञ्च अपराधसम्बन्धी दण्ड जरिवानाबाट राजस्व असुली गर्ने अड्डालाई सोल्ल भनिन्थ्यो । कुलो पैनी धरोसम्बन्धी नियम उल्लङ्घन गर्ने विषयमा लिङ्ग्वल अड्डाले दण्ड जरिवाना गर्थ्यो ।

व्यापारिक केन्द्रलाई द्रङ भनिन्थ्यो । व्यापारीलाई सार्थ र व्यापारिक टोलीको नाइकेलाई सार्थवाह भनिन्थ्यो । व्यापारीको सुरक्षाका लागि ठाउँ ठाउँमा सुरक्षाकर्मीहरूको डफ्फाको व्यवस्था गरिएको हुन्थ्यो जसलाई गुल्म भनिन्थ्यो । हालको नेपाली सेनाको एक सुरक्षा संयन्त्रलाई पनि गुल्म भनिन्छ । यो शब्द लिच्छवि कालबाट नै आएको देखिन्छ ।

## क्रियाकलाप

१. समूहमा छलफल गरेर लिच्छविकालीन आर्थिक, सामाजिक र प्रशासनिक अवस्था र हालको अवस्थाको तुलनात्मक तालिका तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. मानदेवको प्रस्तुत अभिलेख अध्ययन गरी यसमा भन्न खोजिएको कुरा प्रस्ट पार्नुहोस् । तपाईँको छरछिमेकमा भएका कुनै शिलालेखमा लेखिएका कुराहरू जस्ताको त्यस्तै उतारेर त्यसको अर्थसहित कक्षामा प्रस्तुत गर्नुहोस् ।

"लडाइँरूपी यज्ञको आड लिएर क्षत्रीय धर्मबमोजिम शिक्षा लिएर म बसिरहेछु, पराक्रमले शत्रुहरूको नाश गर्न पूर्व दिशातिर जान्छु जो राजाहरू मेरा काबुमा बस्ने छन् तिनलाई थाम्ने छु ....तिनीहरूका श्रीपेचका मालाहरू भुइँमा तथा हुकुममा तामेल हुने तिनीहरूलाई थमौती गरी जगर फिँजाएको सिंहझैँ राजा निडर भई पश्चिमतिर लाग्नुभयो । ....त्यो बोलाउँदा आउँदैन भने मेरो पराक्रमले तहमा आउला ।"
(मानदेवको चाँगुनारायणको अभिलेखको अनूदित अंशहरू)

३. प्रस्तुत भनाइ इतिहासको कुन कालखण्डको हो र यसले नेपालको कस्तो अवस्थालाई जनाउँछ ?

४. लिच्छविकालिन राजनीतिक अवस्थाको खोजी गरी कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) लिच्छविकाललाई किन स्वर्ण युग मानिन्छ ?

(ख) लिच्छविकालीन आर्थिक अवस्थाको चर्चा गर्दै हालका पुस्ताले त्यसबाट के के कुरा सिक्नु पर्दछ ? उल्लेख गर्नुहोस् ।

(ग) लिच्छविकालीन इतिहासबाट हालका पुस्ताले के के कुरा सिक्न सक्छन् ? सूची तयार गर्नुहोस् ।

(घ) लिच्छविकालीन राजाहरू र तिनका कार्यहरू झल्कने तालिका तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् ।

पाठ : 3

# मध्यकालीन राजनीतिक अवस्था

नेपालको मध्यकालीन इतिहासको सुरुवात वि.सं. ९३६ बाट भएको मानिन्छ । वि.सं. ९३६ देखि यक्ष मल्लको समय वि.सं. १५३७ सम्मको अवधिलाई पूर्व मध्यकाल भनिन्छ । वि.सं. १५३७ देखि वि.सं. १८२५ सम्मको अवधिलाई उत्तर मध्यकाल भनिन्छ ।

## १. नेपाल संवत्को सुरुआत

नेपाल संवत् सुरुआतका सम्बन्धमा भाषा वंशावलीमा एक कथा उल्लेख छ। लिच्छवि राजा राघवदेवलाई ज्योतिषिले 'भोवल विहान ब्रहममुहूर्तमा भाचाखुसी र विष्णुमतीको दोभानमा रहेको लखुँतीर्थबाट ल्याएको बालुवा सुन हुने छ' भन्ने सल्लाह दिए । राजाले एक भरियालाई बालुवा ल्याउन अह्राए । भोलिपल्ट बिहानै सो भरिया लखुँतीर्थको बगरमा बालुवा उठाँदै थिए । नदीमा स्नान गर्न गएका धनी व्यापारीले यति चाँडै बालुवा कहाँ लैजान लागेको भनी सोधे । भरियाले दरबारमा लैजाने भनेपछि उनले यसमा केही रहस्य हुन सक्ने ठाने । उनले एक खेप बालुवा मेरो घरमा छाडिदेऊ अनि अर्को खेप दरबार लैजाउला भनी बढी पैसा दिए । भरियाले पनि त्यसै गरे । उनको घरमा खन्याइएको बालुवा भोलिपल्ट सुन भएको रहेछ । उता दरबारमा खन्याइएको बालुवा सुन भएनछ । छानबिन गर्दा पहिलो खेपको बालुवा व्यापारीको घरमा पुगेको थाहा भयो । ती व्यापारी शङ्खधर साख्वा थिए ।

यथार्थलाई केलाउने हो भने विष्णुमती नदीको बालुवामा अहिले पनि सुन पाइन्छ भन्ने जनविश्वास छ । त्यसैले कथामा भनिएको त्यस्तो चमत्कार भएको नभई शङ्धर साख्वा दैनिक रूपमा विष्णुमती किनारमा स्नान गर्न जाँदा लोटामा बालुवा हालेर ल्याउँथे । बालुवामा भएको सुन छानेर प्रशोधन गरी राख्ने गर्थे । धेरै वर्षको उनको यो मिहिनेतले धेरै सुन जम्मा भयो । शङ्खधरलाई यत्तिको धेरै सुन राखेर के गर्नु बरु यो सुनले सबै जनताको ऋण तिरिदिन पाए ऋणमुक्त हुने थिएँ भन्ने लाग्यो । उनले राजासँग सल्लाह गरेर सबै जनताको ऋण तिरिदिए । त्यसैको सम्झनामा वि.सं. ९३६ देखि नेपाल संवत् चलेको हो । हरेक वर्ष गोवर्धन पूजाको दिनलाई नेपाल संवत्अनुसार नयाँ वर्षका रूपमा मनाउने गरिन्छ । शङ्खधर साख्वाले हातमा शङ्ख लिएको आफ्नो शालिक पशुपतिमा राख्न लगाए । त्यसैले उनलाई शङ्खधर (हातमा शङ्ख लिएका) भनिएको हो । यस्तो उपकारी कार्य गरी मौलिक नेपाली संवत् चलाएको हुनाले नै शङ्खधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरिएको छ । नेपाल संवत् १ देखि नेपालको इतिहासमा मध्यकालको सुरुवात भएको मानिन्छ ।

## २. पूर्व मध्यकालीन राजनीतिक अवस्था

वि.सं. ९३६ देखि यक्षमल्लको शासनकाल वि.सं. १५३७ सम्मलाई पूर्व मध्यकाल भनिन्छ । वि.सं. ९३६ मा मध्यकाल सुरु भए पनि पूर्व मध्यकालको वि.सं. १२५८ सम्म लिच्छवि वंशकै शासन थियो । सो

अवधिमा राघवदेव, गुणकामदेव, शिवदेव, इन्द्रदेव, मानदेव चतुर्थ, नरेन्द्र देव, आनन्द देव, रुद्र देव, अमृत देव, लक्ष्मी कामदेवलगायतका लिच्छवि राजाहरूले शासन गरेका थिए । यस अवधिमा गुण कामदेवको शासन अवधिलाई निकै उल्लेखनीय मानिन्छ । विजय कामदेवपछि मल्ल वंशको शासन सुरु भएको देखिन्छ ।

मल्ल वंशको सुरुवात कसरी भयो भन्ने सम्बन्धमा इतिहासकारहरू बिचमा फरक फरक मत रहेको पाइन्छ । धेरैजसो इतिहासकारहरूका अनुसार भारतको कुशीनगर र त्यसको छेउछाउ मूल बसोबास भएका मल्लहरू शरणार्थीका रूपमा नेपालको गण्डकी क्षेत्रमा आएका थिए । राजल्लदेव र कठय मल्लले ललितपुरको दक्षिणमा अवस्थित चम्पागिरि (चापागाँउ) बस्ती बसाएकाले मल्लहरूले काठमाडौँमा आफ्नो राजनीतिक प्रभाव बढाउने प्रयास गरेको देखिन्छ । केन्द्रमा लिच्छवि शासन कमजोर हुन थालेपछि मल्लहरूको केन्द्रमा शासन गर्ने आकाङ्क्षा बढ्यो । यसमा अरिदेव (अरि मल्ल) सफल भए । वि.स.१२१० मा जन्मेका अरिदेव वि.सं.१२५८ मा राजा भई करिब १५ वर्ष राज्य गरेर वि.सं. १२७४ मा देह त्याग गरे । अरि देव मल्ल बलिया थिए । उनी मल्ल युद्ध (कुस्ती) मा निकै सिपालु रहेका र मल्ल युद्ध जितेको अवस्थामा छोरा जन्मेकाले उनले थरको पछाडि मल्ल लेख्न थाले भन्ने इतिहासकारहरूको भनाइ छ ।

अरि मल्लपछि अभय मल्ल वि.सं. १२७४ मा राजा भए । उनले ३८ वर्षसम्म शासन चलाए ।मल्लकालमा एकीकृत नेपाल उपत्यकाको राजधानी भक्तपुर थियो र राजाहरू 'युथनिम्हम' र 'त्रिपुर' दरबारमा रही शासन चलाउँथे । अन्य मुलुकको आक्रमणबाट बच्न सकिने गरी चारपाटे किल्लाका रूपमा दर बार बनाइएको हुन्थ्यो जसलाई स्थानीय भाषामा चौक्वाँठ भनिन्थ्यो ।

पूर्वमध्य कालका एक प्रभावशाली राजा जयस्थिति मल्ल हुन् । उनी विवाहपछि श्रीमतीका कारण नेपालको शासनमा प्रवेश पाएका थिए । सिमरौनगढका राजा हरिसिंहदेवको मृत्युपछि उनकी रानी देवलदेवी र राजकुमारलाई नेपालका राजा रुद्रमल्लले राजनीतिक शरण दिएका थिए । रुद्रमल्लका छोरा थिएनन् । उनको मृत्युपछि उनकी छोरी नायकदेवी गद्दीको हकदार भइन् । शरण लिएर बसेकी देवलदेवीले नायक देवीको संरक्षकका रूपमा काम गर्न थालिन् । पछि राजकुमारी नायक देवीको विवाह देवलदेवीका छोरा जगत्सिंहसँग भयो । उनीहरूबाट राजल्लदेवी नामकी छोरी जन्मिइन् । राजल्लदेवीलाई जन्म दिएको दश दिनमा नै नायक देवीको मृत्यु भएकाले राजल्लदेवीको संरक्षकका रूपमा हजुरआमा देवलदेवीले शासन गर्न थालिन् । राजल्लदेवी ठुली भएपछि देवलदेवीले जयस्थितिमल्लको डोला भिकाई (घरज्वाइँ) राजल्ल देवीको विवाह जयस्थिति मल्लसँग गरिदिइन् । कर्णाटवंशी जयस्थिति मल्लले सुरुमा सामन्तको रूपमा शासनमा सहयोग गर्दै आएका थिए । पछि उनले अफूलाई राजा घोषित गरेको देखिन्छ ।

जयस्थिति मल्ललाई नेपालका सुधारक राजाका रूपमा लिने गरिन्छ । उनले न्याय निसाफको राम्रो व्यवस्था गरेका थिए । खानेपानीको राम्रो व्यवस्था गरेका थिए । कुम्भेश्वर मन्दिरको निर्माण गराए । घरहरूको वर्गीकरण गराए । जग्गा किनबेचको व्यवस्था गरे । कुलोहरूको निर्माण तथा जीर्णोद्धार गराए ।

जयस्थितिमल्लको मृत्युपछि उनका छोराहरू धर्म मल्ल, ज्योतिर्मल्ल र कीर्ति मल्लको संयुक्त शासन

चलेको थियो । त्यसपछि ज्योतिर्मल्लका छोरा यक्ष मल्ल राजा भए । यक्ष मल्लले नेपाल राज्यको विस्तार गरेका थिए । नेपाल राज्यलाई नेपाल मण्डल पनि भनिन्थ्यो । यक्षमल्लको शासनपछि नेपाल राज्य टुक्रिएको थियो । यसपछिको काललाई नेपालको इतिहासमा उत्तर मध्य कालको रूपमा चिनिन्छ ।

## ३. उत्तर मध्यकाल

| कान्तिपुरका राजा | भक्तपुरका राजा | ललितपुरका राजा |
|---|---|---|
| १. रत्न मल्ल | १. राय मल्ल | १. रण मल्ल |
| २. सूर्य मल्ल | २. सुवर्ण मल्ल | २. विष्णु मल्ल |
| ३. अमर मल्ल | ३. प्राण मल्ल | ३. नरसिंह मल्ल, |
| ४. महेन्द्र मल्ल | ४. विश्व मल्ल | ४. हरिहरसिंह मल्ल |
| ५. शिवसिंह मल्ल | ५. जगज्योर्ति मल्ल | ५. सिद्धिनरसिंह मल्ल |
| ६. लक्ष्मीनरसिंह मल्ल | ६. नरेन्द्र मल्ल | ६.श्रीनिवास मल्ल |
| ७. प्रताप मल्ल | ७. जगतप्रकाश मल्ल | ७. योगनरेन्द्र मल्ल |
| ८. नृपेन्द्र मल्ल | ८. जितामित्र मल्ल | ८. लोकप्रकाश मल्ल |
| ९. पार्थिवेन्द्र मल्ल | ९. भूपतीन्द्र मल्ल | ९. इन्द्र मल्ल |
| १०. भूपालेन्द्र मल्ल | १०. रणजित मल्ल | १०. महीन्द्र मल्ल |
| ११. भाष्कर मल्ल | | ११. वीरनरसिंह मल्ल |
| १२. जयज्जय मल्ल | | १२. ऋद्धिनरसिंह मल्ल |
| १३. जयप्रकाश मल्ल | | १३. भाष्कर मल्ल |
| | | १४. योगप्रकाश मल्ल |
| | | १५. विष्णु मल्ल |
| | | १६. राज्यप्रकाश मल्ल |
| | | १७. विश्वजित मल्ल |
| | | १८. जयप्रकाश मल्ल |
| | | १९. रणजित मल्ल |
| | | २०. दलमर्दन शाह |
| | | २१. तेजनरसिंह मल्ल |

वि.सं. १५३७ मा नेपाल राज्य टुक्रिएदेखि वि.सं. १८२५ मा गोरखा राज्यमा मिलेको अवधिलाई उत्तर मध्यकाल भनिन्छ । नेपाल उपत्यकाको सङ्गठित मल्ल राज्यका अन्तिम मल्ल राजा यक्ष मल्ल हुन् । उनले आफ्नो अन्तिम समयमा आफ्ना चार भाइ छोराहरूलाई क्रमश: जेठो छोरा राय मल्ललाई भक्तपुर, माहिलो छोरा रणमल्ललाई बनेपा, कान्छा छोरा रत्नमल्ललाई कान्तिपुर र छोरी पट्टिका नातिलाई ललितपुर भाग लगाइदिए भन्ने भनाई केही विद्वान्हरूको छ । कतिपय प्रमाणहरूले भने यक्षमल्लको देहावसानपछि उनका छोराहरूको बेमेलका कारण राज्य टुक्रिएको भनाइ रहेको छ । केन्द्रिय राज्य कमजोर भएका बेला उपत्यका वरिपरिका सामन्तहरू र प्रशासकहरूले पनि आफूलाई स्वतन्त्र

राज्य घोषित गर्दै गएको र नेपाल टुक्रिँदै गएको देखिन्छ । यसरी नेपालमा ससाना राज्यहरूको उदय भएको थियो । यस कालका केही शताब्दीसम्म नेपाल पहिलाको लिच्छवि राज्यजत्तै विशाल रहेको तर पछि क्रमशः ठाउँ ठाउँमा साना स्वतन्त्र राज्यहरू बनेका देखिन्छन् । विचविचमा एकीकरणको पुनः प्रयास र विस्तार पनि भएको थियो । तसर्थ मध्यकालीन नेपालको भौगोलिक स्थिति कहिले एकीकृत, कहिले विखण्डित, कहिले विस्तारित र कहिले सङ्कुचित भएको पाइन्छ ।

उपत्यकाभित्रका तीन राज्यअन्तर्गत पाटन सबैभन्दा कमजोर थियो । पाटनमा छ प्रधानहरूले राजालाई कठपुतली झैँ चलाउँथे । उनीहरूले भनेको नमान्ने राजालाई उनीहरू हटाउँथे र अन्यत्रबाट ल्याएर राजा बनाउँथे । यसै क्रममा भक्तपुरका राजा रणजीत मल्ल, काठमाडौँका राजा जयप्रकाश मल्ल र पृथ्वीनारायण शाहका भाइ दलमर्दन शाहलाई राजा बनाएका थिए । पाटन राज्यअन्तर्गत कीर्तिपुरमा पृथ्वीनरायण शाहले तेस्रो पटक आक्रमण गर्दा पाटनमा उनकै भाइ राजा थिए । त्यसैले पनि पृथ्वीनारायण शाहलाई कीर्तिपुर जित्न सहज भएको थियो ।

### केही महत्त्वपूर्ण मल्ल शासक र तिनका कार्य

| राजा | मुख्य कृति/कार्य |
|---|---|
| जयस्थिति मल्ल | पेसागत हकहितको संरक्षण, जग्गालाई अब्बल, दोयम, सिम र चाहार गरी चार भागमा विभाजन; घर, जमिन बेचबिखन गर्न र बन्धक राख्न पनि पाइने व्यवस्था; माना, पाथी, ढक तराजुमा सुधार, चारवर्ण चौसट्ठी जातको सामाजिक व्यवस्था, जातीय पेसा र पहिरनको व्यवस्था; गोपाल राजवंशावलीको रचना |
| यक्ष मल्ल | भक्तपुर तौमडी टोलको मन्दिर, दत्तात्रय मन्दिर, यक्षश्वर मन्दिर, ललितपुरको भीमनाथ मन्दिर स्थापना |
| रत्न मल्ल | तामाको मुद्रा प्रचलन; तलेजु मन्दिर निर्माण; पशुपतिमा दक्षिणकाली, सप्तर्षि र अष्टमातृकाका मूर्ति स्थापना |
| महेन्द्र मल्ल | उपत्यकामा चाँदीको मोहर (महेन्द्र मल्ली) चलाएका, तलेजु मन्दिर नजिक महेन्द्रेश्वर महादेव मन्दिर निर्माण, सबै जनताले खाएपछि मात्र खाने राजा, जनताको मृत्युमा पनि छाक छोड्ने राजा |
| लक्ष्मीनरसिंह मल्ल | तलेजु भवानीको मन्दिर अगाडि खम्बा गाडेर सुनको मोलम्बा लगाइएको धातुको सिंह स्थापना (१६९९), हनुमान ढोका दरबारको विस्तार, मोहनचोक, सुन्दरी चोक, नासलचोक, भण्डारखाल बगैँचाको निर्माण, हनुमानढोका, दरबारक्षेत्रमा विश्वरूपको सुनौलो मूर्ति स्थापना, हनुमानढोका बाहिर हनुमानको मूर्ति स्थापना, नासलचोकमा नृसिंहको मूर्ति स्थापना, गुहेश्वरी, दक्षिणकालीको स्थापना, पशुपतिमा कोटिलिङ्ग स्थापना |

| | |
|---|---|
| प्रताप मल्ल | रानीपोखरीको निर्माण, गाईजात्राको चौध चलन चलाएका, साहित्यकार सङ्गीत प्रेमी, न्यायप्रेमी, बज्रयोगिनीलगायत धेरै मन्दिरहरूको निर्माण गरेका, पन्ध्र भाषाका ज्ञाता |
| जयप्रकाश मल्ल | कुमारीचोक स्थापना, कुमारीको रथयात्रा आरम्भ, बालाजुको २२ मध्ये २१ धारा निर्माण |
| सिद्धिनरसिंह मल्ल | पाटनको कृष्ण मन्दिर निर्माण, भण्डारखालको धारा पोखरी निर्माण |
| जगज्योति मल्ल | भक्तपुरमा बिस्केट जात्रा सुरु गरेका |
| भूपतीन्द्र मल्ल | भक्तपुर दरबार क्षेत्रका कलाकृति, ५५ झ्याले दरबार, मालती चोक निर्माण |

### क्रियाकलाप

१. नेपाल संवत्‌को सुरुआत भएको घटना, यक्षमल्लका पालामा नेपाल राज्यको टुक्रिएको घटना जस्ता मध्यकालीन घटनामा आधारित संवाद तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. पुस्तकालय वा अन्य स्रोतबाट सन्दर्भ सामग्री तथा इतिहासका पुस्तक अध्ययन गरी नेपालको मध्यकालीन राजनीतिक अवस्थाका बारेमा एक लेख तयार पार्नुहोस् ।

### अभ्यास

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) यो वर्ष नेपाल संवत् कति हो ?

(ख) मध्यकालीन इतिहासबाट हामीले के के सिक्न सक्छौँ ?

(ग) मध्यकालीन राजाहरूको नाम र कामको सूची तयार पार्नुहोस् ।

(घ) पूर्व मध्यकालीन कालमा उपत्यकाको राजनीतिक अवस्था कस्तो थियो ?

(ङ) जयस्थिति मल्ल र राजा महेन्द्र मल्लबाट वर्तमानका राज्य सञ्चालकहरूले के के राम्रा कुरा सिक्नु पर्छ ? उल्लेख गर्नुहोस् ।

### परियोजना कार्य

यदि तपाईँ काठमाडौँ उपत्यका वा आसपासमा हुनुहुन्छ भने मल्लकालीन दरबार वा स्मारक क्षेत्रको भ्रमण गर्नुहोस् । यदि टाढा हुनुहुन्छ भने इन्टरनेट वा पुस्तकालयमा भएका पुस्तक अध्ययन गरेर मल्लकालीन राजनीतिक अवस्थाका बारेमा खोजी गर्नुहोस् र सोका आधारमा एक लेख तयार पार्नुहोस् ।

पाठ : ४

# मध्यकालीन आर्थिक, सामजिक तथा सांस्कृतिक अवस्था

## १. आर्थिक अवस्था

मध्यकालीन नेपालको मुख्य आर्थिक गतिविधि कृषि थियो । जग्गालाई अब्वल, दोयम, सिम र चाहार गरी चार वर्गमा विभाजन गरिएको थियो । सबैभन्दा राम्रो उब्जनी हुने जग्गालाई अब्वल भनिन्थ्यो भने सबैभन्दा कमसल जग्गालाई चाहार भनिन्थ्यो । जग्गामा बिर्ता प्रथा चलेको थियो । कसैले राज्य वा राजाको सेवा गरेबापत् पुरस्कार स्वरूप पाउने जग्गाको स्वामित्वलाई बिर्ता भनिन्थ्यो । बिर्ता जग्गामा कर छुट हुन्थ्यो । त्यस्तो जग्गामा किसानले खेती गर्थ्यो बिर्तावालले निश्चित प्रतिशत उत्पादन कुत पाउँथ्यो । उनीहरूले किसानसँग आफूखुसी कर पनि उठाउँथे । मठ मन्दिर को पूजाआजा, देवताको जात्रा सञ्चालन गर्न र कुनै सामाजिक संस्कार सञ्चालन गर्नका लागि राज्यले छुट्याएको जग्गालाई गुठी जग्गा भनिन्थ्यो । सो जग्गा सम्बन्धित गुठीको अधीनमा हुन्थ्यो । किसानले उब्जाएको केही प्रतिशत उत्पादन गुठीमा बुझाउनुपर्थ्यो । जागिरका रूपमा जग्गा दिने चलन पनि थियो तर त्यस्तो जग्गा जागिरमा रहुन्जेल मात्र उपभोग गर्न पाइन्थ्यो । पश्चिम नेपाल र पूर्वका लिम्बु बस्तीमा सरकारले किपट जग्गाको व्यवस्था गरेको थियो । किपट जग्गामा निश्चित जातिको मात्र स्वामित्व हुन्थ्यो । सिँचाइका लागि राजकुलाको व्यवस्था गरिएको हुन्थ्यो । सिँचाइ गर्नु नपर्ने समयमा राजकुलाको पानी सहरका ठुला ठुला पोखरीमा जम्मा गरेर राखिन्थ्यो । जुन पानी वरिपरिका ढुङ्गेधाराका स्रोत हुन्थे । कृषिको साथमा पशुपालन व्यवसाय पनि गरिन्थ्यो ।

**मध्यकालीन जग्गाको नापो**

२४ वा २६ अङ्गुल = १ हस्त

२ हस्त = १ गज

४x ४ गज = १ कुल्ली वा १ कर्ष वा १ जवा वा १ मुरी

१ कुल्ली = १ रोपनी

मध्यकालमा प्रशस्त मात्रामा कपडा उद्योगहरू थिए । उपत्यकामा बनेका कपडा उपत्यका बाहिरका राज्यहरूमा निर्यात हुन्थ्यो । उत्तरी भेगका नुवाकोट र दोलखामा भेडा, च्याङ्ग्राको उनबाट बनेको राडी (ओछ्याउने कार्पेट जस्तै), पाखी (ओढ्ने कम्वल जस्तै) र लगाउने उनीका कपडाहरूको उत्पादन हुने गरेको थियो ।

लुगा बुन्ने तान कहिल्यै खाली नराख्नु, पटासी, घरबुना, खाडी, कोरा एउटै किसिमबाट नबुने अनर्थ हुने छ ।.....कपडा बुन्दै लगेपछि कागज जस्तै मिहीन र सफेद हुने छ । त्यसो भएपछि अरू गाउँका र मधिसे राजालाई बिक्री गरी धनी हुने छौं । - महेन्द्र मल्ल

उपत्यकामा धातु उद्योग पनि निकै फस्टाएको थियो । यहीको तामाखानीबाट धाउ निकालेर प्रशोधन गरी

तामा, पित्तल, काँसबाट बनेका भाँडाकुँडा, मूर्तिहरू बनाउने गरिन्थ्यो । सुन र चाँदीका भाडा तथा गरगहनाहरू पनि उत्पादन गरिन्थ्यो । यस्ता भाडाकुँडा र गरगहना निर्यात पनि गरिन्थ्यो । धातुबाट मन्दिरका छाना, घन्ट, तोरण तथा झ्यालढोका पनि तयार पारिन्थ्यो। यहींको फलाम खानीबाट धाउ निकालेर प्रशोधन गरी खुँडा, खुकुरी, तरबार, तथा विभिन्न प्रकारका कृषि औजारहरू बनाइन्थ्यो । धातुका काम गर्नेमध्ये तामाको काम गर्नेलाई ताम्राकार, सुनको काम गर्नेलाई सुवर्णकार, फलामको काम गर्नेलाई लौहकार भनिन्थ्यो । यी थर अहिले पनि नेवारी समुदायमा छँदैछन् । दोलखामा गुणस्तरीय नेपाली कागज उत्पादन हुन्थ्यो भने गुणस्तरीय इँटा र टायलको उत्पादन गर्ने उद्योगहरू पनि थिए ।

नेपालले भारततर्फ कस्तुरी, चमर, उन, छाला, जडीबुटी, धातुका सामग्री निर्यात गर्थ्यो भने गहनाहरू, चुरा, पोते, रेसम, ढाकाका कपडा, जुत्ताहरू आयात गर्थ्यो । तिब्बततर्फ भने नेपालको व्यापार अझै सुदृढ थियो । दोलखाका राजा इन्द्रसिंह देवको पालादेखि चाँदीका मुद्रा बनाई तिब्बत पठाउने र नेपाली मुद्रा नै तिब्बतमा चलनचल्तीमा आएको थियो । राजा महीन्द्र मल्लले नेपालमा महीन्द्र मल्ली भनिने चाँदीका मोहर प्रचलनमा ल्याएका थिए । नेपालबाट तिब्बत जाने मुख्य दुई व्यापारिक मार्ग रसुवा गढी हुँदै केरुङ जाने र दोलखाबाट कुती हुँदै दिघर्चा जाने बाटो थिए । आयात निर्यात गर्ने ठाउँमा भन्सार कार्यालय र सामानका पोकामा लाहाछाप लगाउने व्यवस्था गरिएको हुन्थ्यो । राजस्वको मुख्य स्रोत भन्सार कर नै थियो । सामन्त शासकहरूले केन्द्र सरकारलाई बुझाउने करलाई सुक्तिकर वा सृष्टि कर भनिन्थ्यो ।

## २. सामाजिक अवस्था

मध्यकालमा नेपालको सामाजिक अवस्था हिन्दु र बौद्ध धर्म परम्परामा आधारित थियो । हिन्दु परम्पराको वर्णाश्रम धर्ममा आधारित भएको हुनाले समाजमा चार वर्ण र छत्तिस जातिहरू थिए । उनीहरूको जातका आधारमा पेसा तोकिएको हुन्थ्यो । पटक पटकको मुसलमानहरूको आक्रमण र लडाइँबाट नेपाली समाज तहसनहस भएको थियो । यसै अवस्थालाई व्यवस्थित गर्नका लागि राजा जयस्थिति मल्लले भारतका पण्डितहरूको सहयोगमा जात व्यवस्थालाई पुनर्संरचना गरेको पाइन्छ । उनले समाजलाई चार वर्ण र चौसट्ठी जातमा विभाजन गरेका थिए । सो जात परम्परा अझै पनि नेवारी समुदायमा रहेको पाइन्छ । उनको यसै कदमबाट नेपालमा जातिगत भेदभाव र छुवाछुतले जरा गाड्ने मौका पाएको देखिन्छ । सबैभन्दा माथि ब्राह्मण तथा पुरोहित वर्ग पर्दथे । बौद्ध धर्मका शाक्य र बज्राचार्यलाई पुरोहित वर्गमा राखिएको थियो । त्यसपछि क्रमशः क्षेत्री, वैश्य र शूद्र पर्दथे । पछिल्लो समयमा मल्लकालीन प्रशासनिक पदहरू पनि जातिका आधारमा निर्धारण हुन गएको पाइन्छ । मन्त्री वा भारदारलाई अमात्य, भण्डार हेर्ने भण्डारी, औषधी उपचार गर्नेलाई वैद्य, ज्योतिषिलाई जोशी, शिक्षकलाई आचार्य भनिन्थ्यो । पछि ती पनि जातमा परिणत भए । यसरी समाज अनेकौं वर्ण, जात, उपजात र थरमा विभक्त भयो ।

त्यस बेलाका संस्कारमा जातकर्म, अन्नप्रासन, चूडाकर्म, व्रतबन्ध, इही, बार तएगु वा बार चेनेगु, विवाह, दिक्षा, भिमरथारोहण, अन्त्येष्टि जस्ता संस्कारहरू कायम थिए । मृत्यु संस्कारमा बाजा बजाउने चलन थियो जुन नेवारी समुदायमा यद्यपि छँदैछ ।

समाजमा संयुक्त परिवार प्रचलनमा थियो । सगोत्री विवाहलाई दण्डनीय गरिएको थियो । बहुविवाह, बालविवाह, अनमेल विवाह र सतीप्रथा जस्ता कुरीतिहरूका कारण नारीहरू उत्पीडित थिए । विधवा विवाह र डोलाजी प्रथा कायम थियो । उच्च घराना र राज परिवारका नारीहरू भने शिक्षा, राजनीति तथा धार्मिक एवम् सामाजिक क्रियाकलापमा सक्रिय हुन्थे । महिलाहरू विभिन्न प्रकारका पोसाक, गहना र शृङ्गारमा सजिन्थे ।

चाडपर्वहरूमा पासाचरे (घोडेजात्रा), ललितपुरमा रातो मत्छेन्द्रनाथ र काठमाडौँमा सेतो मत्छेन्द्रनाथको रथ यात्रा, सिठी नख, गठेमुग, क्वाँतिपुन्ही (जनैपूर्णिमा) कृष्णाष्टमी, इन्द्रजात्रा, गाईजात्रा, बिस्केट जात्रा, दसैँ, तिहार, म्हपूजा, बालाचतुर्दशी आदि प्रचलनमा थिए । यीमध्ये अधिकांश चाडपर्वहरू आज पनि प्रचलनमा रहेका पाइन्छन् । पनौती, ठेचो र गोदावरीको बाह्रवर्षे मेलाको सुरुआत पनि मध्यकालमा नै भएको मानिन्छ । ललितपुरमा कर्त्तिक नाचको प्रचलन यसै समयमा भएको थियो ।

त्यस समयमा साइत कुसाइत, सकुन, अपसकुन, आदिको व्यापक प्रचलन थियो । ज्योतिषिलाई हेराएर मात्र काम गर्ने चलन थियो । भूत, प्रेत, पिशाच, बोक्सी, धामी, झाँक्रीमा विश्वास गर्दथे ।

मध्यकालमा धार्मिक शिक्षा, शास्त्रीय शिक्षा र व्यावसायिक शिक्षा गरी तीन प्रकारका शिक्षा प्रचलनमा थियो । शिक्षा लिनका लागि शिक्षकका स्थायी वासस्थान (गुरुकुल), घुमन्ते शिक्षकका अस्थायी वासस्थान, मठ, मन्दिर, आश्रम र विहारहरू, अग्रहार र शैक्षिक कार्यसँग सम्बन्धित गोष्ठीहरूमा जाने गरिन्थ्यो । त्यस बेला नेपालका कतिपय विहारहरू बौद्ध धर्मका केन्द्रकारूपमा प्रसिद्ध थिए । भारत, तिब्बत र चिनबाट आएका विद्वान्हरू नेपालका विहारमा बौद्ध धर्मको अध्ययन गर्न आउँथे । फर्पिङ र ललितपुरमा बौद्ध धर्मका केन्द्र रहेका थिए । ललितपुरको गुइतविहार, स्वयम्भू र थँवहिल पनि नेपालका प्रसिद्ध बौद्ध शिक्षाका केन्द्र थिए । भुजिमोल, पञ्चमोल, गोलमोल, रञ्जना र देवनागरी जस्ता लिपिहरूको विकास भएबाट त्यसबेलाको शिक्षा उच्च स्तरको भएको मान्न सकिन्छ ।

### (क) कला



मध्यकालमा सङ्गीतकला, मूर्तिकला, चित्रकला र वास्तुकलाको राम्रो विकास भएको थियो । यी कलामा नेपाली मौलिककलादेखि दक्षिण तथा उत्तरको प्रभाव भएको पाइन्छ । हनुमानढोका, मङ्गलबजार र भक्तपुरका दरबार क्षेत्रमा मध्यकालीन वास्तुकला, काष्ठकला, मूर्तिकला, धातुकला, प्रस्तरकलाका उत्कृष्ट नमुना आज पनि देख्न सकिन्छ ।

डबली र चोकहरूमा बाजा बजाउने, गीत गाउने, नृत्य र नाटक प्रदर्शन गर्ने गरिन्थ्यो । ती नृत्य, धुन, गीत र नाटकहरू हिन्दु धार्मिक ग्रन्थहरू रामायण, महाभारत, कृष्ण चरित्र आदिका कथामा आधारित हुन्थ्ये । पाटनको कृष्ण मन्दिर अगाडि नाचिने कार्तिक नाच, जनैपूणिमादेखि कृष्णजन्माष्टमीसम्म नाचिने लाखे नाच, हरिसिद्धि, भैरव, काली, अष्टमातृका आदि नाचहरू नाचिन्थ्यो ।

मध्यकालीन मूर्तिकला निकै उत्कृष्ट मानिन्छ । प्रस्तरमूर्ति, काष्ठ मूर्ति, मृत्तिका मूर्ति, धातु मूर्ति यस समयका मुख्य मूर्तिकलाहरू हुन् । यस समयका मूर्तिहरूमा विभिन्न प्रकारका अलङ्कारहरू र गहना प्रस्तुत गरिएको हुन्थ्यो । मूर्तिमा धेरै हात, शिर र जीवन्त घटनाहरूको प्रतिनिधित्व भएको देखिन्छ । प्रस्तर मूर्तिहरू लिच्छवि कालका भन्दा केही फोस्रो र कमलो ढङ्गामा बनाउने प्रचलन बढी देखिन्छ । मन्दिर र दरवारहरूमा काठका बुट्टा र मूर्ति कुँदिएका झ्याल, ढोका, टुँडाल, नस, तोरण आदि राख्ने चलन थियो । त्यसबेलाको काष्ठकलाको उत्कृष्ट नमुना आँखीझ्याल हो । माटाको मूर्ति बनाउने, मुकुट र मुखुन्डोहरू बनाउने प्रचलन पनि थियो । टुँडालहरूमा विभिन्न हातमा शस्त्रअस्त्र लिएका देवी देवता, अष्टचिरञ्जीवी, बाघ, सिंह, पशुपन्छी, जनावर र किराहरू आदिका आकारमा मूर्तिहरू कुँदिएका हुन्थे । माटाबाट कलात्मक इँटा र भाँडाहरू बनाउने चलन पनि थियो । पाटनको महाबौद्धको मन्दिरमा प्रत्येक इटामा कुँदिएका बुद्धका मूर्तिहरू यसका उदाहरण हुन् । मध्यकालमा धातुका मूर्ति बनाउने प्रविधिको राम्रो विकास भएको पाइन्छ । विभिन्न देवीदेवता, बुद्ध र बुद्ध धर्मसँग सम्बन्धित मूर्तिहरू र व्यक्तिका शालिकहरू धातुबाट बनाइन्थ्यो । समग्र मूर्तिहरू हिन्दु र बौद्ध शास्त्रीय मुद्रा र आसनमा रहेको देखिन्छ । नेपाली मूर्तिकलामा नेपाली मौलिकता रहेको देखिन्छ । देवीदेवताको मूर्तिमा शिरमा मुकुट र त्यसका साथमा शिर भागबाट वरिपरि उज्यालो ज्योति फैलिएको प्रतीकका रूपमा प्रज्वालावली र ज्वालावलीयुक्त प्रभामण्डल रहेको हुन्छ । हात खुट्टा र शरीका बिचबिचमा हावा जाने छेड भएका मूर्ति हुनु त्यस बेलाका मूर्तिका थप विशेषता हुन् ।



यस समयमा ग्रन्थ चित्र, भित्तेचित्र र पौभा चित्र बनाउने चलन थियो । दरवार, मन्दिर, विहार र गुम्बाका भित्तामा देवीदेवता र धार्मिक घटनासँग सम्बन्धित भित्ते चित्रका उत्कृष्ट नमुनाहरू रहेका छन् । विभिन्न धार्मिक ग्रन्थमा धार्मिक कथामा आधारित ग्रन्थ चित्रहरू बनेको पाइएको छ । मध्यकालीन नेपालमा बनेका सबैभन्दा पुरानो पौभा चित्र अमिताभ बुद्धको चित्र र हिन्दु देवीदेवता भएको मध्यकालीन सबैभन्दा प्रथम पौभा चित्र दुर्गा महिष मर्दिनीको चित्र लस एन्जल्सको काउन्टी म्युजियममा रहेको पौभा चित्र हो । त्यस समयका धेरैजसो चित्रहरू विदेशी सङ्ग्रहालय र निजी सङ्ग्रहालयमा भेटिन्छन् ।



मध्यकालीन वास्तुकलाअन्तर्गत मन्दिर, विहार, चैत्य, स्तुप, देवल, राजदरबार, आवासीय भवनहरू, पाटी, पौवा, ढुङ्गेधारा आदि पर्छन् । यिनीहरूमा नेपाली मौलिक कलाको उत्कृष्ट नमुना देख्न पाइन्छ । यसअन्तर्गत प्यागोडा शैलीमा बनेका तले मन्दिरहरूको बाहुल्य पाइन्छ । भक्तपुरको न्यातपोल, पशुपतिनाथको मन्दिर, पाटनको भीमसेनमन्दिर, पाटन दरबार, हनुमान ढोका दरबार, तलेजु भवानीको मन्दिर, पनौतीको इन्द्रेश्वर मन्दिर, पचपन्न झ्याले दरवार, उपत्यकामा रहेका यस्तै अन्य मन्दिरहरू मध्यकालीन वास्तुकलाका उदाहरणहरू हुन् । काष्ठकलाले भरिपूर्ण झिँगटी वा धातुको छाना, कलात्मक





टुँडाल र तोरण एवम् झ्याल ढोका भएका र गजुर भएका यी मन्दिरहरू निकै सुन्दर देखिन्छन् । शिखर शैलीमा बनेको पाटनको कृष्ण मन्दिर र सँगै रहेको ढुङ्गाको देवल पनि वास्तुकलाको उत्कृष्ट नमुना हुन् । ढुङ्गा मात्र प्रयोग भएका यी मन्दिरमा रामायण र महाभारतका कथाका घटनालाई समेत कुँदिएको छ । दरबार बनाउँदा खण्ड खण्ड पारेर चारपाटे चोक तथा आँगनहरू बनाउने, चोकको वरिपरि भुइँतलामा दलान र दलानको माथि बार्दली एवम् आँखीझ्यालहरू राखिएका हुन्थे । कुनै चोकका बिचमा ढुङ्गेधारा राख्ने प्रचलन पनि देखिन्छ । बटुवाका लागि सुस्ताउन र बास बस्नका लागि कलात्मक पाटी, पौवा, पानी खान ढुङ्गेधाराको व्यवस्था गरिएको हुन्थ्यो । पाटन र काठमाडौँको सुन्धारा पनि मध्यकालीन कलाका उत्कृष्ट नमुना हुन् ।

## *क्रियाकलाप*

१. **मध्यकालीन कलाका नमुनाहरू वा त्यसका तस्बिर वा चित्रहरू सङ्कलन गरी एक पोस्टर तयार पार्नुहोस् ।**

२. **मल्लकालीन आर्थिक अवस्थाको चर्चा गर्दै वर्तमानमा नेपालले आफ्नो आर्थिक अवस्था सुधार गर्न के के गर्नुपर्ला ? समूहमा छलफल गरी धारणा प्रस्तुत गर्नुहोस् ।**

३. **मध्यकालीन कुनै एक पर्व वा जात्राका बारेमा खोजी गरी प्रतिवेदन तयार पार्नुहोस् ।**

## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) पाठमा उल्लिखित महेन्द्रमल्लको भनाइबाट आजका उद्योगी व्यवसायीले के सिक्न सक्छन् ?

(ख) नेपालको मध्यकालीन आर्थिक अवस्था निकै सुदृढ देखिन्छ । नेपालको हालको आर्थिक अवस्थासँग तुलना गर्दै यसलाई अझ सुदृढ बनाउन के गर्नुपर्ला, लेख्नुहोस् ।

(ग) मध्यकालीन नेपाली वास्तुकला उत्कृष्ट थियो भन्ने प्रमाण प्रस्तुत गर्नुहोस् ।

(घ) मध्यकालीन कला तथा संस्कृतिहरू आज पनि प्रचलनमा रहेका छन् । ती के के हुन्, उल्लेख गर्नुहोस् ।

(ङ) मल्लकालीन आर्थिक अवस्था र हालको आर्थिक अवस्थाको तुलना गर्नुहोस् ।

(च) मध्यकालीन सामाजिक अवस्था झल्कने संवाद तयार पार्नुहोस् ।

पाठ : ५

# मध्यकालमा ससाना राज्यको उदय र अवसान

प्राचीनकालदेखि विभिन्न समयमा एकीकरण हुँदै टुक्रिँदै गरेको विशाल स्वतन्त्र राष्ट्र नेपाल पूर्व मध्यकालमा आइपुग्दा मुख्य तीन राज्यमा विभाजित थियो । ती राज्यमा पश्चिमको खस मल्ल राज्य, मध्यभागको नेपाल मण्डलअन्तर्गतका मल्ल राज्य र दक्षिण पूर्वको तिरहुत वा कर्णाटक राज्य पर्छन् । ती राज्यहरू मध्यकालको पछिल्लो समयमा साना साना राज्यमा विभाजन भएको पाइन्छ । पृथ्वीनारायण शाहले एकीकरण गर्ने समयमा आइपुग्दा नेपाल काठमाडौँ उपत्यकामा तीन टुक्रा भइसकेको थियो । यसबाहेक गण्डकी क्षेत्रमा २४ राज्य, कर्नाली क्षेत्रमा २२ राज्य र मध्य र पूर्वतर्फ तीनओटा राज्य थिए । यो सङ्ख्या घटबढ भइरहन्थ्यो । यी राज्यहरूअन्तर्गत सयौँ ससाना गाउँले रजौटाहरू पनि थिए । ती राज्यहरू एकआपसमा लडाइँ गरिरहन्थे । जनताको अनाहकमा धनजनको क्षति हुन्थ्यो । यसरी धेरै राज्यहरूमा विभाजनका कारणले यिनको पतन पनि भयो ।



*दुल्लुको स्तम्भ*

## १. कर्नाली प्रदेश

कर्नाली प्रदेशमा खारी प्रदेश (तिब्बत) बाट आएका शक्तिशाली राजा नागराजले जुम्लाको सिँजा उपत्यकालाई राजधानी बनाई खस राज्यको स्थापना गरेको देखिन्छ । योगी नरहरिनाथले खोजी गरेको दुल्लुको सन् १४१४ को स्तम्भमा "अनि खारी प्रदेशमा बस्ने जुन श्री नागराज जावेश्वर हुनुभयो । उहाँले सेन्जा नगरमा स्थिति बसाल्नुभयो ।" भन्ने वाक्यांश परेकाले सिँजा राज्यका संस्थापक नागराज नै भएको प्रस्ट हुन्छ । उनले आफ्नो राज्यलाई कर्नाली नदी क्षेत्रदेखि कुमाउँ गढवालसम्म विस्तार गरेका थिए । सो राज्यमा नागराजपछि चाप, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल, क्राचल्ल, अशोकचल्ल, जितारी मल्ल, रिपुमल्ल, आदित्य मल्ल, पुण्य मल्ल, पृथ्वी मल्ल र अभय मल्लले शासन गरेको देखिन्छ । सन् १३९१ सम्म अभय मल्लको शासन भएको कुरा गुल्मीमा फेला परेको एक ताम्रपत्रले जनाउँछ । अभयमल्लपछि भने खस मल्ल राज्य टुक्रिन थालेको अनुमान छ । यसरी कर्णाली प्रदेशमा मध्यकालमा नै विशाल खस राज्य स्थापना भएर करिब २५० वर्ष शासन गरेको देखिन्छ । तिनै राज्यहरू टुक्रिँदै गएर बाइसी राज्यको निर्माण भएको देखिन्छ ।

| कर्णाली प्रदेशका बाइसी राज्य | | | |
|---|---|---|---|
| १. | जुम्ला | वि.सं. १४५० मा उत्तमराजका छोरा बलिराजाले जुम्ला राज्यको स्थापना गरे । | वि.सं. १८४७ मा राजा सूर्यमान शाहको पालामा जुम्ला विशाल नेपालमा विलय भयो । |
| २. | जाजरकोट | वि.सं. १४६१ मा राजा मेदिनी वर्माले जाजरकोटको स्थापना गरेका थिए । | वि.सं. १८४३ मा गजेन्द्र शाहको समयमा नेपालमा गाभियो । |
| ३. | डोटी | वि.सं. १४०९ मा निरयपालले डोटी राज्यको स्थापना गरे । | १८४६ मा राज दीप शाहीको शासनकालमा डोटी नेपालमा मिसियो । |
| ४. | सल्यान | वि.सं. १४४५मा राजा सुमेरुवर्माले सल्यान राज्यको स्थापना गरेका थिए । | वि.सं. १८२५ मा सल्यानका राजा कृष्ण शाहले नेपालको संरक्षकत्व स्वीकार गरेका थिए । |
| ५. | अछाम | वि.सं. १४८५ इन्द्रवर्मा र चन्द्रवर्माले अछाम राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४७ मा अछामका राजा देवचन्द्र शाहको समयमा अछाम नेपालमा गाभियो । |
| ६. | रुकुम | वि.सं. १४७५ मा राजा नरिबमले रुकुम राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४६ मा रुकुम नेपालमा मिलाइयो । |
| ७. | बाँफी | वि.सं. १४७५ मा जगदीश वमले बाँफी राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४६ मा बाँफीलाई नेपालमा गाभिएको थियो । |
| ८. | दुल्लु | वि.सं. १४५३ मा राजा मलैवमले दुल्लु राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४६ मा राजा उतिम शाहको राज्यकालमा दुल्लु नेपालको आश्रित राज्य बन्यो । |
| ९. | फलावाङ | दाङबाट आएका काला सुल्तानबाट स्थापित | फलावाङ सल्यान राज्यमा गाभियो । |
| १०. | दैलेख | वि.सं. १४५३ मा राजा मलैवम्मले दैलेख राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४६ मा राजा कर्णशाहीको शासनकालमा दैलेख नेपालमा मिलाइयो । |
| ११. | छिल्लीकोट | वि.सं. १७०३ मा दान बहादुर शाह छिल्ली कोटका राजा थिए । | वि.सं. १८४७ मा राजा वीरभद्र शाहको राज्यकालमा यो नेपालमा गाभियो । |

| | | | |
|---|---|---|---|
| १२. | मुसिकोट | वि.सं. १४७५ मा राजा जयतुम्वले मुसिकोट राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४६ मा राजा मुकुन्द शाहीको राज्यकालमा यो राज्य नेपालमा गाभियो । |
| १३. | दर्ना | वि.सं. १४९४ मा राजा उदयवर्माले दर्ना राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४७ मा रुद्र शाहीका शासनकालमा नेपालमा गाभियो । |
| १४. | धुलिकोट | वि.सं. १६२५ मा राजा प्रभात रायले धुलिकोट (सुर्खेत) राज्यको स्थापना गरे । | वि.सं. १८४६ भूपनारायण शाहीको राज्यकालमा नेपालमा गाभियो । |
| १५. | गजुल | वि.सं. १५५० मा राजा जयासिंहले गजुल (रोल्पा) राज्यको स्थापना गरेका थिए । | नेपाल एकीकरणको समयमा नेपाल अधिराज्यमा मिलाइयो । |
| १६. | खुम्री | वि.सं. १६२३ मा इन्द्रपालसेनले खुम्री राज्यको स्थापना गरेका थिए । | नेपाल एकीकरणको समयमा नेपाल अधिराज्यमा मिलाइयो । |
| १७. | बाजुरा | वि.सं. १६५० मा राजा डुगरसिंहले बाजुरा राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४७ मा अनन्तपालको समयमा बाजुरा राज्य नेपालमा मिसियो । |
| १८. | मालनेटा | वि.सं. १७९० मा मदनराज शाहले मालनेटा राज्यको स्थापना गरेका थिए । | वि.सं. १८६३ मा रूपनारायण शाहको राज्यकालमा मालनेटा नेपालमा गाभियो । |
| १९. | वभाङ्ग | वि.सं. १५०३ मा राजा शक्तिसिंहले वभाङ राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४७ मा राजा समुन्द्र सिंहले नेपालको अगाडि आत्मसमर्पण गरेका थिए । |
| २०. | दाङ | वि.सं. १५५० मा राजा दलीसिंहले दाङ राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४३ मा राजा नवलसिंहको राज्यकालमा दाङ नेपालमा गाभियो । |
| २१. | जहारी | वि.सं. १४७५ मा राजा माधववमले जहारी (हालको रुकुम र सल्यान) को स्थापना गरेका थिए । | यसको राजधानी कोटजहारी र चौर जहारीमा थियो । वि.सं. १८४७ मा यो राज्य नेपालमा गाभियो । |
| २२. | थलारा | १५०३ मा राजा शक्तिसिंहले थलहारा राज्यको स्थापना गरेका थिए । | वि.सं. १८४६ मा गजेन्द्रसिंहको राज्यकालमा थलहारा (हालको वभाङ जिल्ला) नेपालमा गाभियो । |

## २. गण्डकी क्षेत्र

गण्डकी क्षेत्र, कर्नाली क्षेत्र र तिरहुत राज्यमा जस्तो छुट्टै विशाल राज्य भएको प्रभाण भेटिँदैन । पश्चिमतर्फको केही भूभाग खस राज्यले नै समेटेको थियो भने बाँकी भूभाग उपत्यकाकै लिच्छवि र मल्ल कालमा विस्तार भएर नेपाल राज्यअन्तर्गत रहेको थियो । उपत्यकाका राजाहरू कमजोर भएका बेला त्यहाँका सामन्तहरू र प्रशासकहरूले आफूले कब्जा गरेको भूमिलाई स्वतन्त्र राज्य घोषणा गर्दै गएर चौबिसी राज्यहरूको निर्माण भएको पाइन्छ । चौबिसी राज्यहरू ठ्याक्कै चौबिसओटा नभएर सङ्ख्या घटबढ भइरहन्थ्यो ।

| गण्डकी प्रदेशका चौबिसी राज्य : | | | | | काठमाडौं उपत्यका | पूर्वका सेन राज्य |
|---|---|---|---|---|---|---|
| पल्लो नुवाकोट<br>गोरखा<br>पर्वत<br>गलकोट,<br>धुरकोट | अर्घा<br>खाँची<br>गुल्मी<br>पाल्पा<br>इस्मा | मुसिकोट<br>रिसिङ<br>प्युठान<br>घिरिङ<br>तनहुँ | बुटवल<br>ढोर<br>भिरकोट<br>लमजुङ<br>सतहुँ<br>बलिहाङ | गरहुँ<br>मुस्ताङ<br>पैयुँ<br>कास्की<br>गरहुँ<br>ढोर | कान्तिपुर<br>ललितपुर<br>भक्तपुर | मकवानपुर<br>चौदन्डी<br>विजयपुर |

## ३. तराईको कर्णाटक वा तिरहुत राज्य

हालको बारा जिल्लाको सिमरौनगढलाई राजधानी बनाएर वि.सं. १०५४ मा सिमरौनगढ वा तिरहुत वा डोय राज्यको स्थापना नान्यदेवले गरेका थिए । यस राज्यअन्तर्गत बारा, रौतहट, सर्लाही, महोत्तरी, सप्तरी र मोरङका केही क्षेत्र पर्दथे । त्यसै गरी भारततर्फका दर्भङ्गा, मुजफरपुर, चम्पारण, मधुवनी र पूर्णिया जिल्लाका केही भूभागहरू समेत यस राज्यअन्तर्गत पर्दथे । यस रज्यका सस्थापक नान्यदेव भारतको नान्यपुरी राज्यका यस क्षेत्र हेर्ने प्रशासक थिए । पछि उनले आफैँले यो राज्यको स्थापना गरी आफूलाई राजा घोषणा गरेका थिए । उनी कर्णाटवंशी भएकाले यस राज्यलाई कर्णाटक राज्य पनि भनिन्थ्यो । उनले आफ्नो राज्य विस्तार गर्ने सिलसिलामा नेपाल उपत्यकालाई पनि पटक पटक आक्रमण गरेको देखिन्छ । वि.सं. ११६८ मा उनले आक्रमण गरेको कुरा उपत्यकाको अभिलेखमा भेटिएको छ । नान्यदेवपछि को को राजा भए भन्ने प्रस्ट नभए पनि गङ्गादेव, नरसिंहदेव, भुपालसिंह देव र हरिसिंहदेवले शासन गरेको पाइन्छ । हरिसिंहदेव निकै शक्तिशाली, शिक्षा तथा कलाका प्रेमी राजा थिए । उनको राज्यमा मुसलमान शासकले आक्रमण गरेपछि उनी भागेर उत्तरी पहाडी क्षेत्रतर्फ लागेका थिए । यसै क्रममा उनले काठमाडौँ उपत्यकामा आक्रमण गरेर वितन्डा मच्चाएका थिए । त्यसपछि उनी यहाँ पनि टिक्न नसकेर पहाडतिर लाग्दा दोलखा पुगेपछि हरिसिंहदेवको मृत्यु भयो । त्यसपछि उनकी श्रीमती देवल देवी र छोरा जगत् सिंहलाई उपत्यकाका राजा रुद्रमल्लले शरण दिएका थिए । हरिसिंहका छोरा जगत्सिंहको विवाह नेपालकी राजकुमारी नायक देवीसँग भयो । उनीहरूबाट राजल्ल देवीको जन्म भयो । उनै राजल्लदेवीको जयस्थिति मल्लसँग विवाह भएपछि जयस्थिति मल्ल नेपालको राजा भए । यसरी तिरहुत राज्य पनि पतन भयो ।

## ४. पूर्वका सेन राज्य

पाल्पाका राजा मुकुन्दसेनले पाल्पा राज्यलाई पूर्वतर्फ विस्तार गरी विशाल पाल्पा बनाएका थिए । उनै मुकुन्द सेनले सो राज्यलाई मकवानपुर, बुटवल, तनहुँ र मकवानपुर राज्यमा विभाजन गरी आफ्ना छोराहरूलाई बाँडिदिएका थिए । मकवानपुरका राजा शुभसेनले मकवानपुरलाई मकवानपुर र विजयपुर राज्यमा विभाजन गरी आफ्ना दुई भाइ छोरालाई बाँडेका थिए । मकवानपुरका राजा हेमकर्ण सेनले जगत् सेनलाई कोसी नदीसम्मको मधेस र पहाडी क्षेत्र माझ किरातमा प्रशासन चलाउन पठाएका थिए । सन् १७३५ तिर माझ किरातका खुम्बु भारदारहरूले जगत्सेनलाई नै राजा बनाई चौदन्डी राज्य स्थापना गरे । यसरी मकवानपुर विभाजित भएर पूर्वका विजयपुर र चौदन्डी राज्य स्थापना भएको देखिन्छ ।

## ५. ससाना राज्यको उदय हुने कारण

(क) भौगोलिक विकटता र दुरीका कारणले गर्दा प्रशासनिक दृष्टिले टाढाका क्षेत्रहरू केन्द्रको नियन्त्रणमा रहन नसक्नु

(ख) मध्यकालमा केन्द्रबाट नियुक्त सामन्तहरू शक्तिशाली हुँदै जानु र स्वतन्त्र राज्य घोषित गर्नु

(ग) राज परिवार, भारदारहरू र राजाबिचको द्वन्द्वले गर्दा दरबारमा अविश्वास र षड्यन्त्र हुन थाल्यो जसले गर्दा केन्द्रीय प्रशासन कमजोर हुँदै गयो ।

(घ) साना राज्यहरूको ठुलो र शक्तिशाली बन्ने महत्त्वाकाङ्क्षाका कारण आपसी भिडन्तले पनि राज्य कमजोर भएका थिए ।

### छ. साना राज्यका अवसानका कारण

(क) साना राज्यहरू एकआपसमा प्राय: युद्धमा संलग्न रहन्थे । यसले गर्दा छिमेकसँग वैरभाव हुन्थ्यो ।

(ख) विभिन्न समयमा भएका एकीकरण अभियानहरू स्थायी हुन सकेनन् ।

(ग) साना राज्यका दरबारमा षड्यन्त्र र मनमुटावका कारण एक पक्ष शासन गर्थ्यो भने अर्को पक्ष गोरखालाई एकीकरणका लागि आमन्त्रण गर्थ्यो ।

(घ) भारतमा अङ्ग्रेजको साम्राज्यवादी नीतिका कारण नेपालीहरूमा विशाल र स्वतन्त्र राष्ट्र बनाउने आकाङ्क्षा बढ्यो । त्यसले गर्दा एकीकरण सुरुभयो र साना राज्यको अवशान हुन पुग्यो ।

(ङ) काठमाडौँ उपत्यका (नेपाल मण्डल) विजयपछिको उत्साहले गर्दा पृथ्वीनारायण शाह र गोरखाली सेनामा बाइसीचौबिसी र सेन राज्य पनि जित्ने उत्साह बढेर आयो ।

## क्रियाकलाप

१. पुस्तकालय वा इन्टरनेटको प्रयोग गरी बाइसी, चौबिसी, नेपाल मन्डल र पूर्वका राज्यहरूका बारेमा रोचक तथ्यहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. बाइसी राज्यको उदय र अवसानका घटनालाई छुट्टाछुट्टै समय रेखामा देखाउनुहोस् ।

३. नेपालमा चौबिसी राज्यहरू कहिले कहिले नेपाल राज्यमा गाभिए ? इतिहासका पुस्तक वा इन्टरनेटमा खोजेर तालिकामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) मध्यकालमा राज्य टुक्रिने कारणहरू के के थिए ?

(ख) नेपालमा टुक्रे राज्यहरूको अवसान कसरी भयो ?

(ग) इतिहासका विभिन्न कालखण्डमा पचासौँ टुक्रामा विभाजित नेपाललाई एकीकरण गर्न र त्यसलाई सिङ्गो रूपमा टिकाइराख्न हम्रा पुर्खाले कति मिहिनेत गर्नुपऱ्यो होला ? हाम्रा अनुमान गरेर एक कविता वा संवाद तयार पार्नुहोस् ।

पाठ : ६

# आधुनिक काल

## १. नेपाल एकीकरण



नेपालको इतिहासमा शाहवंशीय राज्य सत्ताको स्थापना गर्ने पहिलो राजा पृथ्वी नारायण शाह हुन् । उनी गोरखाका राजा थिए । उनको जन्म गोरखाका राजा नरभूपाल शाह र माता कौशल्यावतीका जेष्ठ सुपुत्रका रूपमा वि.सं. १७७९ पुस २७ गते गोरखामा भएको थियो । आधुनिक नेपालको निर्माण गरेका कारण पृथ्वीनारायण शाहलाई राष्ट्र निर्माता पनि भनिन्छ । त्यस बेला नेपाल कम्तीमा ५३ टुक्रामा विभाजित थयो । त्यसैमध्येको एक राज्य गोरखा थियो । गोरखाबाट नै पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान सुरु गरेका थिए । उनी शक्तिशाली राजा बन्न मात्र चाहने राजा थिएनन् । उनी शासन व्यवस्थामा जनचाहनाको पनि कदर गर्दथे । यसको उदाहरणका रूपमा कालुपाँडे को नियुक्तिलाई लिन सकिन्छ । उनी विराज बखेतीलाई मूल काजी बनाउन चाहन्थे तर जनभावना कालु पाँडेतर्फ भएको हुनाले कालुपाँडेलाई नै मुल काजी बनाएका थिए ।

### पृथ्वीनारायण शाहको एकीकरण अभियान

| वि.सं. | घटना | संलग्न सेना तथा सेनानायकहरू |
|---|---|---|
| १७९९ | पृथ्वीनारायण शाहको राज्यारोहण | विराज थापा, गौरेश्वर पन्त, कालु पाँडे, महोद्दम कीर्ति शाह, दलमर्दन शाह, शूरप्रताप शाह पर्शुराम थापा, वंशराज पाण्डे, केहरसिंह बस्नेत, वंशु गुरुङ, वीरभद्र उपाध्याय, तुलाराम पाँडे, रणशुर पाँडे, धोकलसिंह बस्नेत, श्रीहर्ष पन्त, रामकृष्ण कुँवर, अमर सिंह थापा, अभिमानसिंह बस्नेत |
| १८०१ | नुवाकोट विजय | |
| १८१४ | कीर्तिपुरमाथि पहिलो आक्रमण | |
| १८१९ | मकवानपुर विजय | |
| १८२१ | कीर्तिपुरमाथि दोस्रो आक्रमण | |
| १८२२ | कीर्तिपुर विजय | |
| १८२५ | कान्तिपुर विजय | |
| १८२५ | ललितपुर विजय | |
| १८२६ | भक्तपुर विजय | |
| १८३१ | विजयपुरमाथि विजय | |
| १८३१ | पृथ्वीनारायण शाहको मृत्यु | |

*स्रोत : नेपालको आधुनिक इतिहास*

त्यतिबेला दक्षिणतर्फको भारतमा इस्ट इन्डिया कम्पनीले शासन गरेको थियो । सो कम्पनीले बेलायती उपनिवेश स्थापना गर्ने क्रममा भारतका टुक्रे राज्यहरूलाई एकीकरण गर्दै शासन गरिरहेको थियो ।

जब पृथ्वीनारायण शाहले नुवाकोटबाट नेपाल एकीकरण गर्न सुरु गरे त्यसबेला दक्षिणको अङ्ग्रेजको आँखा नेपालतर्फ परिसकेको थिएन । पृथ्वी नारायण शाह त्यसप्रति सचेत थिए । उनले नेपाललाई दुई ढुङ्गाबिचको तरुल भनी नेपाललाई स्वतन्त्र राज्यका रूपमा जोगाइराख्न कठिन छ भन्ने उनलाई थाहा थियो । उनले विशे नगर्ची र बुढी आमाबाट पाएको अर्ती र कालुपाँडे जस्ता कुशल सेनापतिको सल्लाहले काठमाडौँ उपत्यकालाई वरिपरि घेराबन्दी गरेर वि.सं.१८२५ असोज १३ गते आक्रमण गरी एकीकरण गरेका थिए। उनले नुवाकोटमा दुई पटक र कीर्तिपुरमा तीन पटक आक्रमण गरेर मात्र नेपाल राज्यमा मिलाउन सफल भएका थिए। यसबाट उनी कहिले हार नखाने र नयाँ नयाँ योजना बनाएर आफ्नो कार्य सफल पार्ने व्यक्तित्व हुन् भन्ने बुझिन्छ। उपत्यका विजयपछि पश्चिमतिरका केही राज्य विजय गरियो । पृथ्वीनरायण शाह काठमाडौं फर्कने बित्तिकै ती राज्यले अफू स्वतन्त्र भएको घोषणा गर्न थाले । उनले हार मानेनन् र पूर्वतर्फ अघि बढे । उनले चौदन्डी र विजयपुरलाई सजिलै जितेर नेपालको सिमाना पूर्वमा टिस्टा नदीसम्म पुऱ्याए। वि.सं. १८३१ माघे सङ्क्रान्तिका दिन नुवाकोटको देवीघाटमा उनको देहावसान भयो । उनले आफू बिरामी परेपछि आफ्नो अन्तिम समयतिर आफ्ना भाइभारदार राखेर केही अर्ती उपदेशहरू दिएका थिए । जसलाई दिव्योपदेश भनिन्छ । दिव्योपदेशका केही अंश यहा प्रस्तुत गरिएको छ :

१. (यो) मेरो सानो दुःषले आर्जिएको मुलुक होइन । (यस मुलुकको आर्जनमा देशका विभिन्न जात तथा जातिका धेरै नागरिकहरूको परिश्रम परिरहेको छ। यसैले यो मुलुक सबै जात तथा जातिहरूको साझा फूलबारी हो। सबैलाई यस कुराको चेतना भए राम्रो हुने थियो। यस फूलबारीलाई सानाठुला चार वर्ण छत्तिसै जाताका जनताले समानरूपले सम्भार गर्नुपर्छ।
२. राजाले देशमा न्याय तथा निसाफ राम्ररी हेर्ने गर्नू। मुलुकमा कुनै पनि किसिमका अन्याय हुन नदिनु। देशमा न्याय तथा निसाफ बिगार्ने भनेका घुस दिने तथा घुस खाने व्यक्तिहरू नै हुन्। यी दुई थरी व्यक्ति को त धन तथा जिउ नै जफत गरी लिएमा पनि पाप लाग्ने छैन। यी दुई थरी व्यक्ति त राजाका महाशत्रु नै हुन्।
३. मेरा साना दुषले आर्ज्याको मुलुक होइन. सबै जातको फुलबारि हो. सबैलाई चेतना भया. यो फूलबारीको छोटा बडा चारै जात छत्तिसै वर्न' ले यसलाई सम्भार गर्नुपर्दछ।

*स्रोत : दिव्योपदेश*

पृथ्वी नारायणशाहको मृत्युपछि पनि नेपाल एकीकरण अभियान रोकिएन । उनको मृत्युपछि उनका जेठा छोरा प्रतापसिंह शाहले नेपाल एकीकरणलाई अघि बढाए । उनका पालामा विजयपुर फिर्ता गर्न बुद्धिकर्ण राईले गरेको प्रयास असफल भयो । चितवनको कविलासपुर र सोमेश्वर गढीमा आक्रमण गरी नेपाल राज्यमा मिलाइयो । प्रतापसिंह शाहले जम्मा दुई वर्ष दश महिना मात्र शासन गरे। वि.सं. १८३४ मा २६ वर्षकै उमेरमा प्रतापसिंह शाहको मृत्यु भयो। त्यसपछि उनका अढाई वर्षका नाबालक छोरा रणबहादुर शाह राजा भए। नाबालकले शासन गर्न नसकेपछि रणबहादुर शाहका काका बहादुर शाह र आमा राजेन्द्रलक्ष्मीले संयुक्त रूपमा राज्य गरे । केही महिनामा नै देवर भाउजूका

बिचमा खटपट भएपछि रानी राजेन्द्रलक्ष्मीले छोरा रणबहादुर शाहको नायब भई शासन गर्न थालिन् । वि.सं. १८४२ मा उनको मृत्यु भयो ।

भारतमा निर्वासनमा रहेका बहादुर शाह भाउजू राजेन्द्रलक्ष्मीको मृत्युपछि नेपाल आएर दश वर्षका नाबालक भतिजा रणबहादुर शाहको नायब भई शासन गर्न थाले । उनका पालामा पनि नेपालको धेरै भूभागको एकीकरण गरिएको थियो । बहादुर शाहले नेपालको पश्चिमतर्फको ठुलो भूभाग नेपालमा मिलाएका थिए । उनले पाल्पा जस्तो शक्तिशाली राज्यसँग लड्नुभन्दा आफ्नो पक्षमा मिलाएर सहयोग लिने नीति लिए । यसका लागि उनले पाल्पाली राजकुमारीसँग विवाह गरे । त्यस पछि पश्चिम नेपाल एकीकरण गर्दा पाल्पा चुप बस्यो । नेपालको अधीन स्वीकार गरिसकेका राज्य र नेपालमा मिलाइएका राज्य तथा त्यहाँका जनताको सुरक्षाको व्यवस्था मिलाए । यसले गर्दा उनलाई जनसमर्थन प्राप्त भयो र विद्रोहको सम्भावनाको अन्त्य भयो । बाँकी राज्य एकीकरण अभियानमा केन्द्रित हुन पनि सजिलो भयो । बहादुर शाहले आफ्नो नौ वर्षको नायबी कालमा नेपालको सिमाना कुमाउँ गढवालसम्म पुऱ्याए ।

पश्चिमी विजय अभियानको नेतृत्व अमरसिंह थापाले गरिरहेका थिए । त्यति नै बेला तिब्बतसँग युद्ध सुरु भएकाले अमरसिंहलाई बोलाइयो उनी काठमाडौँ आएर तिब्बती युद्धमा होमिए । तिब्बतलाई चिनको सहयोग थियो । सो युद्धमा नेपाली सेनाले ठुलो बहादुरी प्रदर्शन गरे । अन्तमा बेत्रावती नदीमा सन्धि भयो ।

बहादुर शाहका विरोधी भारदारहरूले उनका विरुद्धमा रणबहादुर शाहलाई कुरा लगाएर फाटो गराउन थाले । बहादुर शाहलाई तिब्तसँगको युद्धको हिसाब बुझाउन नसकेको भन्ने आरोप लगाएर जेल हाल्न लगाए । वि.सं. १८५४ मा उनको जेलमा नै मृत्यु भयो । त्यसपछि रणबहादुर शाह पूर्ण रूपमा शासन चलाउन थाले । रणबहादुर शाहका पालामा पनि एकीकरणका केही अभियान सञ्चालन भएका थिए । रणबहादुर शाहको पालामा गढवाललाई नेपालमा मिलाएर नेपालको सिमाना पश्चिममा सतलज नदीसम्म पुग्यो । सतलज पारी काँगडामा धेरै पटक आक्रमण गरियो तर विजय हासिल गर्न सकिएन । यता पाल्पा राज्य नेपालमा मिलाउन बाँकी नै थियो । भीमसेन थापाको चलाखिपूर्ण योजनाअनुसार पाल्पाका राजा पृथ्वीपाल सिंहलाई उनकी बहिनीको विवाह रणबहादुर शाहसँग गर्नका लागि कुराकानी गर्न भनी काठमाडौँ बोलाई बन्दी बनाइयो । उता भीमसेन थापाका पिता अमरसिंह थापाले पाल्पा विजय गरे । भीमसेन थापाका पिता अमरसिंह थापा र पश्चिमतर्फको विजय अभियान चलाउने बडाकाजी अमरसिंह थापा फरक व्यक्ति हुन् । यसरी नेपालको सिमाना पूर्वमा टिस्टा नदीदेखि पश्चिममा सतलज नदीसम्म पुगेपछि नेपालको एकीकरण अभियान टुङ्गियो ।

नेपाल अङ्ग्रेज बिचमा वि.सं. १८७१ मा युद्ध भयो । सो युद्धमा नेपालतर्फ धेरै क्षति भएकाले युद्ध जारी राख्ने सम्भावना रहेन । त्यसैले नेपाल सरकारले सन्धिको प्रस्ताव पठायो । सो प्रस्तावमा नेपालले पूर्वमा मेची देखि पूर्व र पश्चिममा महाकालीदेखि पश्चिमको भूभाग तथा तराईको ठुलो क्षेत्र छाड्ने सर्तमा अङ्ग्रेजले सहमति जनायो । नेपालको सिमाना मेची महाकालीमा सीमित भयो । जङ्गबहादुर राणा प्रधान मन्त्री भएको समयमा भारतमा ब्रिटिस शासन विरुद्ध भएको सिपाही विद्रोह दबाउन अङ्ग्रेजले नेपाल सरकारसँग सहायता माग्यो । जङ्गबहादुरले आफ्नै नेतृत्वमा सिपाही विद्रोह दबाएर अङ्ग्रेजलाई खुसी पारेकाले वि.सं. १९१७ मा

अङ्ग्रेजबाट तराईका भूमिहरू बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता पाए । त्यसपछि नेपालको हालको अवस्थिति र सिमाना कायम रहेको हो ।

| एकीकरणको नेतृत्व | साल | नेपालमा मिलाइएको राज्य | नेतृत्व गर्ने सेना नायकहरू |
|---|---|---|---|
| प्रतापसिंह शाह | सन् १७७७ | कविलासपुर र सोमेश्वर गढी | स्वरूप सिंह कार्की, अभिमानसिंह वस्नेत |
| राजेन्द्रलक्ष्मी | सन् १७८२ | लम्जुङ र तनहुँ | भद्र शाह, दामोदर पाँडे, अमर सिंह थापा, वंशराज पाँडे, नरु शाह, |
| | सन् १७८४ | पर्वत | |
| | सन् १७८५ | कास्की, | |
| | सन् १७८५ | गरहुँ, सतहुँ, रिसिङ, भिरकोट, पैयुँ, चरिकोट, ढोर (विनायुद्ध नेपालको अधीनता स्वीकार) | |
| वहादुर शाह | सन् १७८६ | गुल्मी (विना युद्ध), अर्घा, खाँची (विनायुद्ध), धुरकोट, इस्मा, पर्वत, मुसिकोट, गलकोट, प्युठान, दाङ, | अमरसिंह थापा, पारस शाह, जोगनारायण मल्ल, शिवनारायण खत्री, प्रवल राना, श्याम नारायण क्षेत्री, रणवीर सिंह, रणजीत पान्डे, शुरवीर थापा, कप्तान कालु पाँडे, नरु शाह |
| | सन् १७८९ | दुल्लु, दैलेख, जुम्ला, हुम्ला, अछाम (नेपालको अधीनता स्वीकार), डोटी, धुरकोट, नारीकोट, | |
| | सन् १७९०, १७९१ | कुमाउँ, गढवालको राजधानी श्रीनगर कब्जा गरी नेपाललाई तिरो तिर्ने गरी छाडियो | |
| रणवहादुर शाह | सन् १८०४ | गढवाल, देहरादुन, त्यस क्षेत्रका १२ राज्य र १८ ठकुराइ कब्जा | अमरसिंह थापा, वडाकाजी अमर सिंह थापा, भक्ति थापा, हस्तिदल शाह, नयनसिंह थापा |
| | | पाल्पा | |
| जङ्गवहादुर राणा | सन् १८६० | बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, (इस्ट इन्डिया कम्पनीबाट उपहरस्वरूप प्राप्त भूमि) | |

*क्रियाकलाप*

१. **दिव्योपदेशको प्रस्तुत अंश तात्कालीन बोलिचालीको भाषामा लेखिएको छ । यसको अर्थ लगाई अहिले बोलिने नेपाली भाषामा उल्था गर्ने कोसिस गर्नुहोस् र भन्न खोजेको सन्देश पनि प्रस्तुत गर्नुहोस् :**

> १. चन्डागिरिमा आइपुग्यापछि नेपाल कुन् हो भनी सुध्याँया र त्यो भादगाउ हो । त्यो पाटन् हो । त्यो काठमाडौ हो । भनी देषा (या) र. मेरो मनमा इ तीन सहरको राजा हुन पाया ता हुँदो हो भन्ने यस्तो मनमा परिरहेथ्यो । उसै वेलामा उ दुवै जैसिले भने. हजुर को मनकान्छया अविला पुग्ला महाराजा भन्या र मलाई आसर्जे लाग्यो र मेरा पेटका कुरा कसो गरि जानेउ र तेस्व भनेउ र भनी मैलेभन्दा. जसै नेपालमा नजर दिनुभयोथ्यो उसैवेला मोच' मा वाहुलि डिदा' मनमा नेपालको राजा हुन पाया ता हुदो हो भन्या...
>
> २. उप्रान्त ॥ देसका महाजनलाई गोड प्रसाह देषी उभो आउन नदिनु. देशका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनिना कंगाल गरी छाड्दछन् हामीले च्यागापांगालाई तिन सहर नेपाल र नौला किरायत र हिन्दुपतिको राज आयककथ्येउ . देसका कपरा लगाउनालाई मनाई गरिदिन. आफ्ना देसका कपरा वन्न जान्यालाई नमुना देषाई सधाउनु र वन्न लाउनु र यस्व भया नगद देस जादैन ।
>
> स्रोत : दिव्योपदेश

२. **नेपाल एकीकरण पृथ्वी नारायण शाहको विशाल राज्यको राजा बन्ने महत्त्वाकांक्षा मात्र थिएन । पुर्खाको धरोहर नेपाललाई एउटै सिङ्गो र स्वतन्त्र राज्यका रूपमा स्थापित गर्नु पनि थियो । यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

३. **नेपाल एकीकरण अभियानका घटनाहरूका मुख्य अंश झल्कने समयरेखा बनाउनुहोस् ।**

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

**(क) नेपा एकीकरण अभियान पृथ्वीनारायण शाहबाट भए पनि यसलाई टुङ्गोमा पुऱ्याउन धेरै व्यक्तिहरूको योगदान रहेको छ । एकीकरण अभियानमा योगदान पुऱ्याउने व्यक्तिहरूको खोजी गरी सूची तयार पार्नुहोस् ।**

| व्यक्ति | योगदान |
|---|---|
| | |
| | |

**(ख) नेपाल एकीकरण नभएको भए के हुन्थ्यो होला ? कल्पना गरी आफ्ना धारणा प्रस्तुत गर्नुहोस् ।**

**(ग) नेपाल एकीकरणमा बहादुर शाह र राजेन्द्रलक्ष्मीको योगदानको चर्चा गर्नुहोस्**

पाठ : ८

# एकीकरणपछिको राज्य सत्ता

नेपाल एकीकरणको काम समाप्त भएपछि नेपालको दरबार षड्यन्त्रको भूमरीमा फस्न गयो । सीमा सुरक्षा र विकासमा केन्द्रित हुनुपर्ने दरबार आन्तरिक कलह र सत्ता हत्याउने दाउपेचमा फसेपछि नेपालको सेना तथा राज्य सत्ता कमजोर हुन थाल्यो । आफ्नो शक्ति जोगाउनका लागि अङ्ग्रेजको सहयोगको अपेक्षा गर्ने भारदारहरूका कारण अरू अङ्ग्रेजले पनि नेपालको राजनीतिमा चासो राख्न थाले । नेपाल एकीकरणका क्रममा नेपालमा मिलाइएका राज्यका रजौटाहरू राजकुमारहरू र भारदारहरूले नेपालसँग बदला लिन सक्ने भरपर्दो मित्रका रूपमा अङ्ग्रेजलाई नै देखेका थिए । त्यसैले उनीहरू अङ्ग्रेजलाई उचालेर नेपालमाथि आक्रमण गराई बदला लिन चाहन्थे । नेपालको अपार स्रोत तथा उपयुक्त हावापानीदेखि अङ्ग्रेज पनि लोभिएको थियो । कुनै निहुँ झिकेर नेपाललाई आक्रमण गर्न चाहन्थ्यो । यसैबिच बुटवल र स्युराजको विवाद निस्कियो । बुटवलको जमिन पाल्पा र स्युराजको जमिन प्युठानले अवधका नवाबसँग वार्षिक तिरो तिर्ने गरी भाडामा लिएका थिए । अवध राज्यलाई अङ्ग्रेजले नियन्त्रणमा लियो भने पाल्पा र प्युठान नेपाल राज्यको नियन्त्रणमा आयो । अब अङ्ग्रेजले अवध आफूले जितेको हुँदा बुटवल र स्युराज पनि आफ्नै हुने दाबी गऱ्यो भने नेपालले आफूले जितेको भूमि भनेर छाड्न मानेन । परिणाम स्वरूप वि.सं. १८७१ मा नेपाल अङ्ग्रेज युद्ध भयो । यस युद्धमा अमरसिंह थापा, भक्ति थापा, उजिरसिंह थापा बलभद्र कुँवरलगायतका बहादुरहरूले बहादुरीका साथ लडे । नेपालले अङ्ग्रेज सेनातर्फ ठुलो क्षति पुऱ्यायो तर जित्न सकेन ।

अङ्ग्रेजले ठुलो सैन्य शक्तिका साथ नेपालमाथि आक्रमण गरेकाले नेपालले सबै भूमि गुमाउनुभन्दा केही भाग गुमाएर भए पनि नेपाल जोगाउनु उचित ठानेर सन्धिको प्रस्ताव पठायो । अङ्ग्रेजले विभिन्न सर्त राख्यो । नेपालले ती सर्त मानेर सुगौली भन्ने ठाउँमा सन्धि भयो जसलाई सुगौली सन्धि भनिन्छ । सो सन्धिअनुसार नेपालले एकतिहाइ भूभाग गुमाउनुपऱ्यो । अङ्ग्रेज प्रतिनिधि काठमाडौँ बस्न पाउने भए । नेपालको सिमाना मेची र काली नदीका बिचमा सीमित रहन गयो । राणा शासन सुरु हुनुपूर्व दरबारमा जतिसुकै षड्यन्त्र भए पनि एकीकरण गरिएको नेपाल राज्यको सुरक्षा र संरक्षण राज्यको प्रमुख प्राथमिकताको विषय थियो । दक्षिणको अङ्ग्रेजलाई टाढै राख्नु र एकीकरण गरिएका जनताबाट हुन सक्ने विद्रोहको अवस्था आउन नदिनु अर्को प्राथमिकताको विषय थियो ।

## १. राणाकालअघि

पृथ्वीनारायण शाहको मृत्युपश्चात् नै नेपालको राजदरबारमा षड्यन्त्रको सुरुआत भइसकेको थियो । खास गरी सानो उमेरमा राजा हुने, राजाको नायब वा मुख्तियार भएर रानीहरू वा नातेदारले शासन गर्नुपर्ने अवस्थाको फाइदा उठाई भारदारहरू शक्तिशाली हुने अवस्था सिर्जना भएको देखिन्छ । रणबहादुर शाह अढाइ वर्षमा, गीर्वाणयुद्धविक्रम शाह दुई वर्षमा र राजेन्द्रविक्रम पनि सानैमा राजा भएका थिए ।

यी नाबालक राजाहरूका तर्फबाट राजमाताहरू, काका र भारदारहरूले मुख्तियार भएर शासन चलाउँदै आएका थिए । यिनीहरू बिचमा शक्तिका लागि सङ्घर्ष चलिरहथ्यो । रणबहादुर शाह बालक राजा हुँदा बहादुर शाह र राजेन्द्रलक्ष्मीले मुख्तियार भई शासन गरे । रणबहादुर शाह राजा भएपछि पनि उनले बिचैमा नाबालक छोरालाई राजा बनाई सन्याशी भएका थिए । त्यसैले गीर्वाणयुद्ध बिक्रम शाहको मुख्तियार भएर उनका रानी सुवर्णप्रभा, राजराजेश्वरी र स्वयम् रणबहादुर शाहले नायब भएर काम गरे । रणबहादुर शाहको उनकै भाइ शेरबहादुर शाहीबाट हत्या भएपछि गीर्वाण युद्धको नायब भएर राजमाता ललितत्रिपुरा सुन्दरीले शासन गरिन् । यसै बेला भीमसेन थापा नेपालको शासनमा शक्तिशाली भएका थिए । गीर्वाणयुद्धविक्रम शाहको पनि युवावस्थामा नै निधन भएको हुनाले उनका नाबालक छोरा राजेन्द्र विक्रम शाह राजा भए । नाबालक नातिको नायब भएर राजमाता ललित त्रिपुरासुन्दरीले शासन गरिन् । राजेन्द्र विक्रम उमेर पुगेर आधिकारिक राजा भइसकेपछि पनि उनी निकै डरपोक र अयोग्य राजा भएकाले उनले पहिले आफ्नी जेठी रानी साम्राज्य लक्ष्मीदेवी र पछि कान्छी रानी राज्यलक्ष्मीलाई शासनको सम्पूर्ण अधिकार दिएर आफू दरबारकै मोजमस्तीमा व्यस्त भएका थिए । परिणामस्वरूप दरबारमा गुटबन्दी र षड्यन्त्रको वातावरण सिर्जना भयो ।

षड्यन्त्रकै समयमा पनि भीमसेन थापाले ३१ वर्ष शासनमा अधिकांश समय स्थिर शासन चलाएका थिए । उनले अङ्ग्रेजलाई एसियाबाट नै नधपाएसम्म नेपाल सुरक्षित नहुने सम्झी भारतका राज्यहरू पञ्जाब, मराठा आदिसँग छलफल चलाएका थिए । सुगौली सन्धिपछि नेपालमा अङ्ग्रेजको प्रतिनिधि बस्न पाउने भए पनि उनलाई नजरबन्द जस्तै गरी राख्न सफल भएका थिए ।

## २. राणा शासन काल

राजा राजेन्द्र विक्रमले शासनको पछिल्लो समयमा आफ्नो सम्पूर्ण अधिकार रानी राज्यलक्ष्मीलाई सुम्पेका थिए । कान्छी रानीले जेठी रानीका छोरा सुरेन्द्रलाई युवराज नबनाई आफ्नै छोरा रणेन्द्रलाई युवराज बनाउन चाहन्थिन् । यसैबिच दरबारिया षड्यन्त्रको फाइदा उठाउँदै कोतपर्व र भण्डारखाल पर्वद्वारा जङ्गबहादुर राणा प्रधानमन्त्री तथा कमान्डर इनचिफ जस्तो शक्तिशाली पदमा पुग्न सफल भए । अलौ पर्वपछि सुरेन्द्रलाई राजा बनाई अझ शक्तिशाली भए । यसरी वि.सं. १९०३ देखि नेपालमा राणा शासनको सुरुवात भयो । उनले राजालाई नाममात्रको राजा बनाई सम्पूर्ण अधिकार आफ्नै हातमा लिएका थिए । उनले आफूलाई श्री ३ महाराज घोषित गराएका थिए ।

राणा शासनमा नेपालको राज्य व्यवस्था स्वेच्छाचारी, निरङ्कुश र हुकुमी थियो । राणाहरू आफू अत्यन्त विलासी जीवन बिताउँथे भने जनतालाई गरिब, शोषित, पीडित बन्न बाध्य बनाएका थिए । उनले प्रधानमन्त्री पद भाइहरूतर्फ सर्दै जाने परम्परा बसालेका थिए । शासन सत्तामा राणा परिवार र उनका नातेदारबाहेक अरू बस्न पाउँदैनथे । राणाको हुकुम नै कानुन हुन्थ्यो । राणा प्रधानमन्त्रीहरू आफ्नो विरोध गर्ने र राणा शासनका विरोधीलाई जेल हाल्ने, निर्मम हत्या गर्ने र देश निकाला गर्ने जस्ता कार्य गर्दथे । जनताका छोराछोरीले पढे भने बाठा हुन्छन् र उनीहरूले राणा शासनको विरोध गर्छन् भन्ने मान्यताले गर्दा विद्यालय खोल्न दिँदैनथे । राणा परिवारभित्र पनि सत्ताका लागि

षड्यन्त्रहरू भइरहन्थे । चन्द्रसमसेरले राणाहरूलाई ए, बी र सी गरी तीन वर्गमा विभाजन गरे र ए वर्गले मात्र प्रधानमन्त्री हुन पाउने नियम बनाइदिए । यसले गर्दा बी र सी वर्गका राणाहरू राणा शासनको विरोधमा लागे । जनताका तर्फबाट राणा शासनको विरोध सुरु भयो । वि.सं. १९९४ मा प्रजा परिषद् नामक दल खोलियो । यसको पोल खुलेपछि वि.सं. १९९७ मा प्रजापरिषद्का नेताहरू गङ्गालाल, दशरथ चन्द, धर्मभक्त र शुक्रराज शास्त्रीलाई फाँसीको सजाय भयो भने कतिपयलाई जेलनेल ठोकियो । तैपनि जनताको विरोध दबिएन । वि.सं. २००६ सालमा भारतमा निर्वासित जीवन बिताइरहेका नेपाली युवाहरूले नेपाली काङ्ग्रेस दल खोली सोको नेतृत्वमा सशस्त्र सङ्घर्ष गर्न मुक्ति सेना खडा गरी सशस्त्र क्रान्तिको सुरुवात गरे । यस क्रान्तिमा राजा त्रिभुवनको पनि साथ रहेको थियो । सो क्रान्तिका कारण राणाशासन टिक्न सकेन । परिणामस्वरूप वि.सं. २००७ सालमा दिल्ली सम्झौता भयो र राणाशासन सदाका लागि अन्त्य भयो ।

## ३. सङ्क्रमणकालीन अवधि (वि.सं. २००७ देखि २०१७ सम्म)

क्रान्ति सफल भएपछि वि.सं. २००७ साल फागुन ७ गते राजा त्रिभुवनबाट नेपालमा १०४ वर्ष लामो राणा शासन अन्त्य भई प्रजातन्त्र स्थापना भएको घोषणा भयो । त्यसपछि वि.सं. २००७ सालमा अन्तरिम शासन विधान जारी भएर देशमा पहिलोपटक संवैधानिक शासन व्यवस्था लागु भयो । जनताले खुलापनको महसुस गरे । जनताका छोराछोरी शासनमा प्रवेश गर्न पाए । राणा शासन सकिएपछि पनि राणा प्रधानमन्त्रीकै निरन्तरता केही जनतालाई मन परेको थिएन । त्यसैले डा. के आई. सिंहले विद्रोह पनि गरे तर उनी सफल भएनन् । वि.सं.२०११ सालमा राजा त्रिभुवनको मृत्युपश्चात् राजा महेन्द्रले शासन चलाउन थाले । राजा त्रिभुवनको इच्छाअनुरूप विधान सभाको चुनाव हुन सकेन । त्यसैले राजा महेन्द्रले वि.सं. २०१५ मा केही विज्ञहरूको सहयोगमा संविधान बनाई जारी गरेर र सोही संविधानअनुसार नेपालमा पहिलो पटक आम निर्वाचन सम्पन्न भयो । सो निर्वाचनमा दुई तिहाइ बहुमतका साथ नेपाली काङ्ग्रेस विजयी भयो । विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा प्रथम जननिर्वाचित मन्त्रिमण्डल गठन भयो । प्रजातान्त्रिक सरकारको देश विदेशमा प्रभाव बढेको महत्त्वाकाङ्क्षी राजा महेन्द्रलाई सैह्य भएन । उनले अनेकन् आरोप लगाएर वि.सं. २०१७ पुस १ गते मन्त्रिमण्डल भङ्ग गरी सबै राजनीतिज्ञहरूलाई जेल हाले र बहुदलीय व्यवस्था अन्त्य गरे । निर्दलीय पञ्चायती व्यवस्था लागु भयो ।

## ४. पञ्चायत काल (वि.सं.२०१७ देखि २०४७ सम्म)



राजा महेन्द्रले देशमा जनताले सङ्घर्ष गरेर ल्याएको प्रजातन्त्रको अन्त्य गरी पञ्चायती व्यवस्था लागु गरेपछि देशमा दलहरूमाथि प्रतिबन्ध लगाइयो । वि.सं. २०१९ मा नयाँ संविधान जारी भयो । सबै नेपाली पञ्च र सबै पञ्च नेपाली भन्ने नारा दिइयो । गाउँफर्क अभियान लागु गरियो । पञ्चायती व्यवस्थाभित्र नै जनप्रतिनिधि चुन्ने व्यवस्था पनि गरियो तर त्यसरी निर्वाचनमा भाग लिने उम्मेदवार पञ्चायती व्यवस्थाको समर्थक हुनुपर्थ्यो ।

पञ्चायती व्यवस्थाको विरोध गर्नेलाई मृत्युदण्ड दिने, जेल हाल्ने वा देश निकाला गर्ने कार्य गरिन्थ्यो ।



वि.सं. २०२८ सालमा राजा महेन्द्रको मृत्यु भयो । वीरेन्द्र राजा भए। वीरेन्द्र अलिक उदार राजा थिए। वि.सं. २०३३ सालमा विद्यार्थी आन्दोलन भयो। भारतमा निर्वासनमा रहेका बी.पी. कोइरालासहित काङ्ग्रेसका नेताहरू नेपाल प्रवेश गरे। यतिबेलासम्म नेपालमा वामपन्थीदलहरूको प्रभाव पनि बढिसकेको थियो । यसले गर्दा देशभरि नै पञ्चायत व्यवस्थाविरोधी लहर सिर्जना गऱ्यो । सुरुमा पञ्चायतले दबाउन खोजे पनि आन्दोलन बढ्दै गएपछि वि.सं. २०३६ मा राजा वीरेन्द्रले जनताको मत पञ्चायत व्यवस्थाप्रति बढी छ कि बहुदलीय व्यवस्थाप्रति भन्ने बुझ्न जनमत सङ्ग्रहको घोषणा गरे । वि.सं. २०३७ वैशाख २० मा भएको सो जनमत सङ्ग्रहमा सुधाररिएको पञ्चायती व्यवस्थाप्रति जनमत बढी देखियो । वडा तह, गाउँपञ्चायत/नगरपञ्चायत, जिल्ला पञ्चायत र राष्ट्रिय पञ्चायतसम्म विभिन्न तहका निर्वाचन भए। राष्ट्रिय पञ्चायतबाट प्रधानमन्त्री निर्वाचित हुने र हटाउन सकिने व्यवस्था लागु भयो। दलमाथिको प्रतिबन्ध भने कायमै थियो । उम्मेदवार हुनका लागि वर्गीय सङ्गठनको सदस्य हुनु अनिवार्य थियो ।

वि.सं. २०४२ सालमा नेपाली काङ्ग्रेसले पञ्चायती व्यवस्था विरुद्धमा अहिंसात्मक आन्दोलन सत्याग्रहको सुरुआत गऱ्यो । त्यतिबेला नै गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहको नेतृत्वमा गणतन्त्रको माग गर्दै देशका ठाउँ ठाउँमा बम पड्केकाले काङ्ग्रेसले सत्याग्रह स्थगित गऱ्यो । त्यसबेला नेपालको सत्तामा पञ्चायती व्यवस्था थियो भने परस्पर विरोधी दलहरू वामपन्थी र नेपाली काङ्ग्रेस पञ्चायतको विरोध गरिरहेका थिए । वामपन्थी दलहरू विभिन्न टुक्रामा विभाजित थिए । अब सबै बहुदलवादी दलहरू एकआपसमा नमिलेसम्म पञ्चायती व्यवस्था ढाल्न नसकिने निष्कर्षमा पुगेर संयुक्त वाममोर्चा गठन गरे । संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसबिच पनि गणेशमान सिंहको नेतृत्वमा संयुक्त जनआन्दोलन गर्ने सहमति भयो । वि.सं. २०४६ फागुन ७ देखि चैत २६ सम्म निरन्तर आन्दोलन भयो। धेरैजनाले आन्दोलनमा सहादत प्राप्त गरे। पञ्चायतले आन्दोलन दबाउन निकै प्रयास गऱ्यो। अन्तमा राजा वीरेन्द्र र आन्दोलनकारीबिचमा वार्ता भयो। चैत २६ गते राती राजाबाट पञ्चायती व्यवस्थाको अन्त्य भएको र दलमाथिको प्रतिबन्ध फुकुवा भएको घोषणा भयो।

## ५. बहुदलीय लोकतन्त्र (वि.सं.२०४७ देखि २०६३ सम्म)

वि.सं. २०१७ सालमा गुमेको प्रजातन्त्र वि.सं. २०४६ सालमा पुनर्स्थापना भयो । नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा मन्त्रिमण्डल गठन भयो । वि.सं. २०४७ कात्तिक २३ मा नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । यसपछि नेपालमा सक्रिय राजतन्त्रबाट संवैधानिक राजतन्त्रात्मक व्यवस्था लागु भयो। राजा पनि संविधान मातहत रहने भए। सार्वभौमसत्ता राजाको हातबाट जनताको हातमा आयो। शक्तिशाली संसदीय व्यवस्था लागु भयो तर देशमा राजनीतिक दलहरूबिचको खिचातानी र आन्तरिक कलहले गर्दा कुनै पनि दलले पूरा अवधि शासन गर्न सकेनन्। वि.सं. २०५२ फागुन १ बाट माओवादी सशस्त्र सङ्घर्ष सुरु भयो । दश वर्षसम्म चलेको उक्त सङ्घर्षका कारण

हिंसात्मक गतिविधिले देश आक्रान्त हुन पुग्यो । यसले पनि राजनीतिक अवस्था झनै अस्थिर हुन पुग्यो । वि.सं. २०५८ जेठ १९ गते नारायणहिटी दरवारमा हत्या काण्ड भयो । सो कान्डमा राजा वीरेन्द्र र उनको सम्पूर्ण परिवारको हत्या भयो । त्यसपछि वीरेन्द्रका महिला भाइ ज्ञानेन्द्र राजा भए । राजा ज्ञानेन्द्रले आफू सत्तामा आएपछि आफ्ना बाबुले जस्तै गरी प्रत्यक्ष शासन चलाउने उद्देश्यले संसद् विघटन गरी जन निर्वाचित सरकारलाई अपदस्त गरे । आफ्नै अध्यक्षतामा आफ्ना बुवाको सहयोगी डा.तुलसी गिरी र कीर्तिनिधि विष्ट तथा पञ्चायत व्यवस्थाका नेताहरूलाई साथ लिएर निरङ्कुश शासन सञ्चालन गर्न खोजे । यसको विरुद्धमा सात राजनीतिक दल र नेकपा माओवादीविचमा २०६२ मङ्सिर ७ गते दिल्लीमा १२ बुँदे सम्झौता भयो । सो सम्झौताअनुसार संयुक्त रूपमा जन आन्दोलन सञ्चालन गर्ने, माओवादी शान्ति प्रक्रियामा आउने र देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति लागु गर्ने सहमति भयो ।

वि.सं. २०६२ चैत २४ बाट संयुक्त जनआन्दोलन सुरु भयो । यसको कमान्डर गिरिजाप्रसाद कोइरालालाई तोकियो । नेपालको इतिहासमा यस आन्दोलनलाई दोस्रो जन आन्दोलनका रूपमा पनि चिनिन्छ । आन्दोलनकारिको प्रमुख माग अवैधानिक ढङ्गबाट विघटन गरिएको प्रतितिधि सभाको पुनर्स्थापना गर्नु थियो । सो आन्दोलनमा विशाल जन सागर उर्लियो । सुरुमा राजा ज्ञानेन्द्रले आन्दोलन दबाउन खोजे पनि पछि सकेनन् । राजा र आन्दोलनकारी बिचमा वार्ता भयो । वि.सं. २०६३ वैशाख ११ गते प्रतिनिधि सभा पुनर्स्थापनाको घोषणा भयो । आन्दोलन पनि रोकियो ।

## ६. दोस्रो सङ्क्रमणकालीन अवधि ( वि.सं.२०६३ देखि २०७२ सम्म)

पुनर्स्थापित प्रतिनिधि सभाको जेठ ४ गते बसेको बैठकले राजाका सम्पूर्ण अधिकारहरू कटौती गरी सो अधिकार प्रधानमन्त्रीलाई दिने निर्णय गर्‍यो । वि.सं. २०६३ मङ्सिर ५ मा नेकपा माओवादी दल र सरकार विच विस्तृत शान्ति सम्झौता भयो र सशस्त्र सङ्घर्षको अन्त्य भयो । २०६३ माघ १ मा अन्तरिम संविधान जारी भयो । संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनको रोहवरमा नेकपा माओवादीले हतियार बिसायो र जनसेना विघटन गर्‍यो । वि.सं. २०६४ चैत्र २८ मा संविधान सभाको निर्वाचन सम्पन्न भयो । यस संविधान सभाको मिति २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा गर्‍यो । त्यसपछि राजा ज्ञानेन्द्रले राजगद्दी त्यागेर सर्वसाधारणका रूपमा जीवनयापन गर्ने घोषणा गरी नारायणहिटी दरबार छाडेका थिए ।

अन्तरिम संविधानले संविधान सभालाई व्यवस्थापिका संसद्को समेत काम गर्ने गरी अधिकार दिएको थियो । नेकपा माओवादी दलका नेता पुष्पकमल दाहालको नेतृत्वमा पहिलो सरकार गठन भयो । नेपालको पहिलो राष्ट्रपति रामवरण यादव बने । संसद्मा कुनै पनि दलको बहुमत नभएकाले त्यहाँ सरकार ढाल्ने र बनाउने खेल चलिरह्यो । अन्तरिम संविधानमा तोकिएको मितिमा संविधान बन्न सकेन । त्यसैले सो संविधान सभा वि.सं. २०६९ जेठ १४ मा विघटन गरियो र पुनः वि.सं. २०७० मङ्सिर ४ मा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भयो । सो निर्वाचनपछि पनि स्थिति उही नै रह्यो । वि.सं. २०७२ वैशाख १२ मा विनाशकारी भूकम्प गएपछि भने सबै दलहरू एक ठाउँमा

आए । नेपाली काङ्ग्रेसका नेता सुशील कोइरालाको नेतृत्वमा रहेको संयुक्त सरकारले विभिन्न वार्ता र छलफलमार्फत संविधानलाई अन्तिम रूप दियो । वि.सं. २०७२ असोज ३ गते संविधानसभाबाट नेपालको संविधान जारी भयो । दोस्रो जनआन्दोलनको भावनाअनुरूप नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति भएको देशका रूपमा स्थापित भयो ।

## ७. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक काल (वि.सं. २०७२ देखि हालसम्म)

संविधानको घोषणापछि सातओटा प्रदेश र ७५३ ओटा स्थानीय तह रहने गरी राज्य पुनर्संरचना गरियो । सोअनुसार मिति २०७४ वैशाख ३१, असार १४ र असोज २ गरी तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो । त्यसपछि वि.सं. २०७४ मङ्सिर १० र मङ्सिर २१ मा प्रतिनिधिसभा र सातओटै प्रदेश सभाको निर्वाचन सम्पन्न भयो । सो निर्वाचनमा नेकपा एमाले सबैभन्दा ठुलो दल बन्न पुग्यो ।

### *क्रियाकलाप*

**१ नेपालको आधुनिक इतिहासको प्रारम्भिक कालखण्डको राजनीतिक अवस्था अस्थिर थियो । परिणामस्वरूप नेपाल विकास र प्रगतिमा पछि पऱ्यो । यस सम्बन्धमा कक्षामा छलफल गरी समीक्षात्मक टिप्पणी गर्नुहोस् ।**

**२. नेपालको इतिहासको आधुनिक कालको विभिन्न काल खण्डका मुख्य मुख्य राजनीतिक घटना समयरेखामा देखाउनुहोस् ।**

**३. इतिहासका पुस्तक र इन्टरनेटबाट नेपालको आधुनिक कालको राजनीतिक इतिहासका रोचक तथ्यहरू खोजी गरी प्रस्तुत गर्नुहोस् ।**

### *अभ्यास*

**१. तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) नेपालको आधुनिक कालको राजनीतिक इतिहसका सकारात्मक र नकारात्मक अवस्थालाई तालिकामा देखाउनुहोस् :**

| सकारात्मक अवस्था | नकारात्मक अवस्था |
|---|---|
| | |
| | |
| | |
| | |

(ख) नेपालमा प्रजातन्त्रका लागि धेरै पटक आन्दोलनहरू भए । प्रत्येक आन्दोलनका उपलब्धिहरूलाई जोगाउन नसक्दा अर्को आन्दोलन गर्नुपर्ने अवस्था आएको विगतको इतिहासले देखाउँछ । अबका दिनमा अर्को आन्दोलन गर्नु नपर्ने अवस्था सिर्जना गर्न के गर्नुपर्ला ?

(ग) "षड्यन्त्रबाट प्राप्त शक्ति षड्यन्त्रबाट नै समाप्त हुन्छ ।" यस भनाइलाई नेपालको इतिहासको आधारमा प्रस्ट पार्नुहोस् ।

(घ) नेपालको २४० वर्ष इतिहास बोकेको राजसंस्थाको अन्तिम राजा श्री ५ ज्ञानेन्द्र वीरविक्रम शाहले राजगद्दी त्याग गर्नुपर्नाका कारणहरू पहिचान गर्नुहोस् ।

पाठ : ८

# आधुनिक कालको अर्थतन्त्र, कानुन, संस्कृति र कलाकौशल

## १. आर्थिक अवस्था

पृथ्वीनारायण शाहले तिब्बतसँगको व्यापारिक सम्बन्ध सुधार्ने प्रयास गरेका थिए । उनलाई युद्धको निम्ति रकम चाहिएको थियो । तिब्बतबाट सुन ल्याउने उद्देश्यले तिब्बतसँग व्यापार सुधार गर्ने प्रयास गरेका थिए । यसलाई उनीपछिका उत्तराधिकारीहरूले पनि निरन्तरता दिएका थिए । प्रतापसिंह शाहले पनि तिब्बतमा वाणिज्य दूत पठाएका थिए ।

बहादुर शाहले भूमि व्यवस्था र कर प्रणालीमा सुधार गरेका थिए । उनले नालदुम पूर्व र दुधकोसी पश्चिमको सम्पूर्ण भूभागको नाप गर्ने आदेश दिएका थिए । यिनले जग्गालाई तीन भागमा विभाजन गरी विस मुरी माटाको अब्वल जग्गामा रु. ४, दोयममा रु.३, सिममा रु.२ का दरले मालपोत निर्धारण गरेका थिए । यिनले सिपाही भर्ना गर्दा जागिरमा जग्गा दिने र जग्गा नपुग भएमा नगद दिने व्यवस्था मिलाएका थिए । त्यसै गरी नेपालको अधीन स्वीकार गरेका राजारजौटाले फागु पूर्णिमामा कर (सिर्तो) तिर्ने नियम बनाएका थिए ।

भीमसेन थापाले पहाड र तराईको बाँझो जग्गालाई खेतीयोग्य बनाउन किसानहरूलाई प्रोत्साहन गरेका थिए । मोहीले कुत बुझाउँदा जग्गा धनीले नगद माग्ने र मन लागेका बेला मात्र कुत बुझ्ने गरेकाले किसानहरू मर्कामा थिए । त्यसैले अबदेखि नगदमा कुत माग्न नपाइने व्यवस्था गरे । यिनले ज्यालाबिनाको काम लगाउन बन्देज लगाएका थिए । भीमसेन थापाले भूमिको वैज्ञानिक किसिमले नापी गराएर मालपोत सङ्कलनलाई व्यवस्थित गराएका थिए । नगदमा दश प्रतिशत र जिन्सीमा २५ प्रतिशत भन्दा बढी ब्याज लिन नपाउने व्यवस्था पनि गरेका थिए । भीमसेन थापाले देशभरि एकैनासको माना पाथी लागु गरेका थिए । यिनले विभिन्न जिल्लामा सहर बसाउन र बजार विस्तार गर्न प्रोत्साहन गरेका थिए । तराई क्षेत्रमा मालपोत उठाएर भारततर्फ भाग्नेहरूको नियन्त्रणका निम्ति भारतस्थित कम्पनी सरकारसँग सुपुर्दगी सन्धि गरेका थिए । राष्ट्रिय आयको मुख्य स्रोत मालपोत, भन्सार, खानी र तिब्बतमा निकासी गरिने नेपाली मुद्रा थिए । नेपाल एकीकरणदेखि सुगौली सन्धिसम्मको अवधिमा नेपाल युद्धमा नै केन्द्रित भएको हुनाले न त राज्यको आम्दानी व्यवस्थित थियो न त खर्च नै । राज्यको अधिकांश आम्दानी युद्धमा नै खर्च हुन्थ्यो ।

राणाशासनकालमा नेपालको बाह्य व्यापार भारत र तिब्बतसँग हुन्थ्यो । नेपालले भारत र तिब्बतबाट कम वस्तु आयत गर्थ्यो भने बढी निर्यात गर्थ्यो । नेपालले काठ र अन्न निर्यात गर्थ्यो । आयात तथा निर्यात गर्ने वस्तुमाथि कर लगाउन भन्सार कार्यालयहरू खुलेका थिए । भन्सारलाई मधेसमा बजारअड्डा भनिन्थ्यो । राणाकालमा करिब ३६% जमिन बिर्ताको रूपमा थियो भने बाँकी भूभाग पनि जमिन्दार

तथा ठुलाठालुको हातमा थियो । जमिन्दार, पटवारी, जिम्मावाल, चौधरी, अमालीहरूले सर्वसाधारणबाट चर्को मालपोत र विभिन्न कर उठाउने गर्थे । सरकारी ढुकुटीमा जम्मा हुनुपर्ने राजस्वको रकम राणाहरूले व्यक्तिगत सम्पत्तिका रूपमा प्रयोग गरी विलासिताको जीवन बिताउँथे । राणा परिवार र उनका नजिकका व्यक्तिहरूको अकुत सम्पत्ति थियो भने सर्वसाधारण जनता अत्यन्त गरिब थिए ।

वि.सं. १९९३ मा पहिलो कम्पनी एक्ट जारी गरियो । जसअनुसार विराटनगरमा जुट मिलको स्थापना भयो । त्यसपछि औद्योगिकीकरण सुरुभयो । धेरैजसो उद्योगहरू जुद्धसमशेरको पालामा स्थापना भएका थिए । वि.सं. १९९४ मा नेपाल बैङ्क लिमिटेड स्थापना भयो । नेपालमा प्रजातन्त्र आएपछि भने आर्थिक विकासले पनि फड्को मार्‍यो । वि.सं. २००८ सालमा पहिलो पटक सरकारले वार्षिक बजेट बनायो र यसले हालसम्म निरन्तरता पाइरहेको छ । वि.सं. २०१३ मा राष्ट्र बैङ्कको स्थापना भयो । वि.सं. २०१३ मा पहिलो पञ्च वर्षीय योजना लागु भएसँगै नेपालमा योजनाबद्ध विकासको क्रम सुरु भयो । हालसम्म १५ ओटा योजनाहरू बनिसकेका छन् । वि.सं.२०२२ मा राष्ट्रिय वाणिज्य बैङ्क स्थापना भएको थियो । पञ्चायत कालमा विभिन्न वाणिज्य तथा विकास बैङ्कहरू स्थापना भए भने २०४६ पछि बैङ्क, फाइनान्स कम्पनी, सहकारीहरू, बिमा कम्पनीलगायतका वित्तीय संस्थाहरू स्थापनाको बाढी नै आएको देखिन्छ ।

यस कार्यबाट देशका कुनाकाप्चासम्म विकासको प्रति फल पुर्‍याउन मदत पुगेको छ ।

राणाकालमा पूर्वाधार विकास ठप्प जस्तै थियो पञ्चायत कालमा विदेशी सहयोग भित्रिन थाल्यो । देशमा राजमार्गहरू, जल विद्युत् आयोजनाहरू, रेडियो, टेलिभिजन, टेलिफोन, खानेपानी, सरसफाइ आदि क्षेत्रमा पहिलेको तुलनामा निकै प्रगति भएको थियो । उक्त विकास सहर र सदरमुकाम केन्द्रित भएकामा प्रजातन्त्र प्राप्तिपछि भने देशका कुना काप्चा र दुर्गम गाउँसम्म पुर्‍याएको देखिन्छ ।

## २. कानुन

एकीकरणपछि नेपालको शासन व्यवस्थामा अपराध गर्नेलाई मृत्युदण्ड, अङ्ग भङ्ग र जेल सजाएँ हुन्थ्यो । बहादुर शाहले कानुन बनाउँदा गुरु, पुरोहित, धर्माधिकारी, धर्मशास्त्र पढेका पण्डित, भारदार, भलादमी र महाजन राखी धर्मशास्त्र र देशकाल, परिस्थिति हेरी तामापत्रमा लेखाइराख्नु भन्ने आदेश दिएका थिए । यिनले न्याय सम्पादन गर्न अदालतमा जति जना विचारी चाहिन्छ त्यति जनालाई नियुक्ति गर्नु भनी स्वीकृति दिएका थिए ।

जङ्गबहादुरले युरोप भ्रमणबाट फर्केपछि कानुनी शासन गर्नुपर्ने रहेछ भन्ने बुझेर वि.सं. १९१० मा मुलुकी ऐन जारी गरे । सो ऐनमा केही सुधार गरी वि.सं. २०२० मा राजा महेन्द्रले 'मुलुकी ऐन २०२०' जारी गरे । सो ऐन पनि समयसापेक्ष नभएकाले नेपाल सरकारले २०७५ भदौ १ गते देखि लागु हुने गरी मुलकी संहिता २०७४ जारी गर्‍यो । यसअन्तर्गत मुलुकी देवानी संहिता र मुलुकी फौजदारी संहिता रहेका छन् । वि.सं. २०१० देखि कानुनको विकास र सुधारको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न कानुन सुधार आयोगको सुरुआत भएको र एउटा स्थायी निकाय हाल रुपमा क्रियाशिल रहेको छ ।

वि.सं. २००४ सालमा पद्मसमसेरले वैधानिक कानुन निर्माण गरी संवैधानिक शासन पद्धतिको सुरुआत गर्न खोजे पनि त्यो लागु हुन सकेन । त्यसपछि नेपालमा प्रजातन्त्र प्राप्तिपछि वि.सं. २००७ सालमा नेपालको अन्तरिम शासन विधान जारी भयो । सोअन्तर्गत राज्यलाई आवश्यक विभिन्न प्रकारका कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याइयो । सर्वोच्च अदालतको स्थापना भयो । पञ्चायत कालमा जिल्ला तथा अञ्चल अदालतहरूको स्थापना भयो । यसरी देशमा कानुनी शासन पद्धतिको सुरुआत भयो तर सर्वोच्च अदालतले दिएको न्यायप्रति पनि चित्त नबुझे श्री ५ मा बिन्तीपत्र हाल्न पाउने र सर्वोच्च अदालतको निर्णय बदर हुनसक्ने व्यवस्था थियो । यसले गर्दा पूर्ण कानुनी शासन भने आएको थिएन । वि.सं. २०१५, २०१९ र २०४७ मा पनि नेपालमा संविधानरू जारी हुँदै आएको संवैधानिक विकासक्रम देखिन्छ । त्यस्तै वि.सं. २०६३ सालमा नेपालको अन्तरिम संविधान जारी भयो भने २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो ।

पछिल्लो समयको सबैभन्दा ठुलो उपलब्धि नेपालको संविधान हो जसले नेपाल र नेपाली जनताको राजनीतिक, कानुनी, आर्थिक तथा सामाजिक गन्तव्यको मार्गदर्शन गर्छ ।

वि.सं. २०४६ पछि सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत रहने व्यवस्था भयो । बिन्तीपत्र हाल्ने प्रचलनको अन्त्य भयो । जनताको मौलिक हक हनन भएमा कानुनी उपचार पाउने संवैधानिक हकको व्यवस्था गरियो । हाल सङ्घीय शासन प्रणालीअन्तर्गत न्यायिक निरूपणका लागि स्थानीय तहमा न्यायिक समिति, जिल्लामा जिल्ला अदालत, प्रदेशमा उच्च अदालत र सङ्घमा सर्वोच्च अदालत रहने व्यवस्था छ ।

## ३. संस्कृति

शाहकालमा हिन्दु, बौद्ध, किरात, इस्लाम, जैन, क्रिस्चियन र शिख धर्म प्रचलनमा थिए । नेपालमा प्राचीनकालदेखि नै धार्मिक सहिष्णुता कायम थियो । राजाहरू हिन्दु धर्मावलम्बी तथा आर्य संस्कृतिका अनुयायी थिए । मध्यकालमा बनेका अनेकौं मठमन्दिरको निमार्ण तथा जीर्णोद्धार गरिएका थिए । नेपाल हिन्दु अधिराज्यका रूपमा विश्वसामु चिनिन्थ्यो । वि.सं. २०६३ जेठ ४ को प्रतिनिधि सभाको घोषणापछि नेपाल धर्म निरपेक्ष राष्ट्र हुन पुग्यो ।

नेपाली समाज हिन्दु वर्णाश्रम धर्ममा आधारित थियो । जातप्रथा, छुवाछुत, बोक्सी, सती, दास जस्ता कुप्रथाहरू कानुनी मान्यतासहित प्रचलनमा थिए । यसको अन्त्य गर्न राजेन्द्रलक्ष्मी र जङ्गबहादुरले पनि प्रयत्न गरेका थिए तर सम्भव भएन । चन्द्रसमसेरले २५ आषाढ १९७७ मा सती प्रथा अन्त्य भएको घोषणा गरे । उनले सती पठाउनेलाई मृत्यु दण्ड दिने कडा कानुनी व्यवस्था गरे । यसपछि भने सतीप्रथा पूर्ण रूपमा अन्त्य भयो । वि.सं. १९८१ मा चन्द्रसमसेरले टुँडिखेलको जनसभामा दास प्रथा उन्मूलनको घोषणा गरे । मानिसलाई किनबेच गरेर नि:शुल्क काममा लगाउने यो अमानवीय कुप्रथाको पनि अन्त्य भयो ।

समाजमा बालविवाह, अनमेल विवाह र बहुविवाहको प्रचलन थियो भने विधवा विवाह र पारपाचुकेमा प्रतिबन्ध थियो । केही जातिमा जारी प्रथा पनि कायम थियो । जारी प्रथा भनेको अर्काकी श्रीमती लगेमा उसले पहिलेको श्रीमान्‌लाई रकम बुझाउनुपर्ने चलन हो । वि.सं. २०२० को मुलुकी ऐनले बालविवाह, अनमेल विवाह र बहुविवाहको प्रचलनमा प्रतिबन्ध लगायो भने विधवा विवाह र पारपाचुकेलाई कानुनी मान्यता दियो । पञ्चायत कालमा वि.सं. २०३३ मा सामाजिक व्यवहार सुधार ऐन २०३३ जारी गरियो । यस ऐनले विवाहलगायतका संस्कारमा फजुल खर्च, दाइजो, तडकभडकलगायतका विकृतिहरूलाई नियन्त्रण गर्ने प्रयास गरेको थियो । तिलक (दाइजो) लिनदिन नपाइने र यसरी लिने दिने कार्य गरेमा त्यस्तो गर्नेलाई बिगो जफत गरी १२ हजारदेखि २५ हजार रुपियाँसम्म जरिवाना वा तिस दिनसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था गरिएको थियो । मुलुकी देवानी संहिता २०७४ ले पनि देशको सामाजिक सांस्कृतिक अभ्यास र प्रचलनमा रहेका धेरै असान्दर्भिक पक्षहरूमा सुधार गरी समाजमा असल संस्कार र संस्कृति बसाल्न प्रयास गरेको छ ।  परम्परादेखि नै नेपालमा प्रचलित जाति, धर्म र क्षेत्रअनुसारका चाडपर्व, जात्रा, नाच गान, वेशभूषाको प्रचलन नेपालमा रहेको पाइन्छ । समयअनुसार केही परिवर्तन भए पनि सबैले आआफ्नो संस्कृतिको पालना गर्न र मौलिक पहिचान कायम गर्न सदैव छुट पाएको देखिन्छ ।

## ४. कला

नेपालमा परम्परागत वास्तुकला, मूर्तिकला र सङ्गीत कलाले निरन्तरता पाएको थियो । पृथ्वीनारायण शाहले हनुमान ढोकामा र नुवाकोट दरबार नेपाली परम्परागत शैलीमा नै बनाउन लगाएका थिए । राणाकालमा भने युरोपेली वास्तुकला र भारतीय सङ्गीत कला नेपाल भित्रिएको पाइन्छ । राणाहरूले बनाएका सिंहदरबारलगायतका सबै दरबारहरू युरोपेली शैलीमा बनेका थिए जो आज पनि देख्न सकिन्छ ।

वि.सं. २००७ सालमा रेडियो नेपालको सुरुआत भएपछि भने नेपाली गीत सङ्गीतको पुन:उत्थान भएको देखिन्छ । पञ्चायत कालमा स्थापना भएका नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र सांस्कृतिक संस्थानले पनि नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र संवर्धनमा योगदान दिएको देखिन्छ । राणाहरूले बेलायती ढलोटमा निर्माण गर्न लगाएका  विशाल शालिकहरू टुँडिखेल वरपर देख्न सकिन्छ ।

### *क्रियाकलाप*

**१. पाठमा कालखण्ड नछुट्याई विवरण दिइएको छ । त्यसलाई कालखण्डअनुसार घटना वा तथ्यहरू छुट्याएर तलको जस्तै तालिकामा देखाउनुहोस् । कुनै काल खण्डका तथ्य पाठमा नभेटिए अन्य स्रोतबाट खोजी गरी हरेक कालखण्डको हरेक शीर्षकको कम्तीमा एक तथ्य लेख्नुहोस् :**

| कालखण्ड | अर्थतन्त्र | कानुन | संस्कृति | कला |
|---|---|---|---|---|
| (क) पृथ्वीनारायण शाहदेखि राणाकालको अन्त्यसम्म | | | | |
| (ख) सङ्क्रमणकालीन अवधि (वि.सं. २००७ देखि २०१७ सम्म) | | | | |
| (ग) पञ्चायत काल (वि.सं.२०१७ देखि २०४७ सम्म) | | | | |
| (घ) बहुदलीय लोकतन्त्र (वि.सं.२०४७ देखि २०६३ सम्म) | | | | |
| (ङ) दोस्रो सङ्क्रमणकालीन अवधि (वि.सं.२०६३ देखि २०७२ सम्म) | | | | |
| (च) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक काल (वि.सं. २०७२ देखि हालसम्म) | | | | |

## *अभ्यास*

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **आधुनिक कालको अर्थतन्त्रका मुख्य मुख्य गतिविधिहरू उल्लेख गर्नुहोस् ।**

(ख) **नेपालमा राणाकाल अघि, राणाकाल र राणाकाल पछिको कानुनी अवस्थाको समीक्षा गर्नुहोस् ।**

(ग) **नेपाली संस्कृतिमा आएको बदलाव र यसको सुधारका लागि भएका प्रयासहरू उल्लेख गर्नुहोस् ।**

(घ) **नेपाली कलामा परिवर्तन शीर्षकमा एक लेख तयार पार्नुहोस् ।**

## *परियोजना कार्य*

**चार समूहमा विभाजन भएर प्रत्येक समूहले नेपालको अर्थतन्त्र, कानुनी अवस्था, संस्कृति र कलामध्ये एक एक विषयमा पाठमा दिइएभन्दा बाहेक इन्टरनेट, इतिहासका सन्दर्भ सामग्री तथा पुस्तक आदिबाट थप तथ्यहरू खोजी गरी विवरण तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ : ९

# वर्ग र सामाजिक रूपान्तरण

एकभन्दा धेरै मानिसको समुदाय र त्यसअन्तर्गत मानवीय सम्बन्धहरूको सञ्जाल समाज हो । समाज मानवको पारस्परिक लाभको निमित्त सङ्गठित भई बनेको हुन्छ । समाजमा एकै प्रकारका मानिस बस्दैनन् । त्यहाँ आर्थिक, सांस्कृतिक, जातीय, धार्मिक रूपले विविधता कायम भएको हुन्छ । तिनै विविधताका बिच समाजमा वर्गको निर्माण हुन्छ । वर्गलाई अङ्ग्रेजीमा Class भनिन्छ। यो शब्द ल्याटिन भाषाको Classics बाट आएको हो। यसको अर्थ मानिसहरूको समूह हो। समाजमा विभिन्न समूह रहेका हुन्छन् । ती समूह पेसा, सामाजिक स्थिति, लिङ्ग, जाति, धर्म, संस्कृति, भाषा, पदीय स्थिति, रुचि, आर्थिक अवस्था आदिका आधारमा निर्माण भएका हुन्छन् । मूलतःआर्थिक आधार वा आर्थिक पक्षसँग जोडिएका समूहलाई वर्ग भनिन्छ। वर्गले व्यक्ति तथा समाजको आर्थिक, समाजिक, सांस्कृतिक अवस्थालाई समेत प्रभाव पारेको हुन्छ । त्यसैले हिजोआज समाजशास्त्रीहरू वर्गलाई सामाजिक वर्ग पनि भन्न रुचाउँछन् । समाजमा वर्ग हुनु स्वाभाविक हो तर वर्गका कारण समाजमा नकारात्मक प्रभाव उत्पन्न हुनु राम्रो मानिँदैन । यसबाट आर्थिक वितरणमा असमानता पैदा भई विभेद र दमनको अवस्था सिर्जना हुन सक्छ । यसले समाजमा द्वन्द्व निम्त्याउन पनि सक्छ ।

## १. वर्ग विभाजन

वर्गको निर्माण सम्बन्धमा विभिन्न समाजशास्त्री एवम् अर्थशास्त्रीहरूको विचार फरक फरक रहेको पाइन्छ। कार्ल मार्क्सका अनुसार समाजमा शक्ति र स्रोतसाधनमा पहुँच हुने र नहुने गरी दुई वर्ग हुन्छ। उनका अनुसार आदिम समाजमा उत्पादनका साधनहरूमाथि सामूहिक मालिकत्व रहेको थियो । त्यसैले त्यहाँ वर्ग थिएन। कृषि र उद्योगको विकाससँगै समाज धनी र गरिब, सम्पत्ति भएका र नभएका, शोषक र शोषित वर्गमा विभाजित भयो । दास समाजमा मालिक वर्ग र दास वर्ग, सामन्ती समाजमा सामन्त वर्ग र मोही किसान वा अर्धदास वर्ग तथा पुँजीवादी समाजमा पुँजीपति वर्ग र सर्वहारा वर्ग रहेका थिए । यी वर्गबिचमा वर्गसङ्घर्ष चलिरहन्छ भन्ने धारणा मार्क्सको थियो । समाज शास्त्रीहरूले आधुनिक समाजमा तीन वर्ग रहने उल्लेख गरेका छन् ।

### (क) उच्च वर्ग

समाजमा आर्थिक रूपले सम्पन्न र उच्च आय भएका व्यक्ति उच्च वर्गमा पर्छन्। उत्पादनका साधनमाथि उनीहरूको नियन्त्रण हुन्छ । उनीहरूको आम्दानी उच्च हुन्छ र लगानीको क्षमता पनि उच्च हुन्छ । सामान्यतया उनीहरूको सामाजिक प्रतिष्ठा, शैक्षिक अवस्था र शक्ति उच्च हुन्छ। राजनीति र सामाजिक गतिविधिमा पनि उनीहरूको नियन्त्रण हुन्छ । देशका उच्च पदमा पुगेका वेतनधारी, व्यापारी, उद्योगी, व्यवसायी, जमिनदार, उच्च ओहदाका राजनीतिज्ञहरू आदि यस वर्गमा पर्छन् । यस्ता वर्गका व्यक्तिको सतसङ्गत र कारोबार एवम् सामाजिक व्यवहार पनि उच्च वर्गसँग नै हुन्छ ।

(ख) मध्यम वर्ग : समाजमा मध्यम आम्दानी भएका व्यक्ति मध्यम वर्गमा पर्छन् । उनीहरू आफ्नो सिप, कला र बौद्धिकताको उपयोग गर्दै आफ्नो जीविका गरेर बसेका हुन्छन् । यस वर्गका धेरै जसो व्यक्ति सेवा क्षेत्रमा संलग्न हुन्छन् । मध्यम स्तरीय आम्दानी भएका यी वर्ग जागिर खाने, मध्यम स्तरको उद्योग एवम् व्यापारमा संलग्न हुने र खेती किसानी वा स्वरोजगार पनि हुन सक्छन् । पछिल्ला दशकमा विश्वमा मध्यम वर्गको सङ्ख्या बढ्दै छ । सहरीकरणको विकाससँगै मध्यम वर्गीय जनसङ्ख्याको वृद्धि भइरहेको छ । यस वर्गले उच्चवर्गमा स्तरोन्नति हुने प्रयत्न गरिरहने हुँदा केही प्रगतिपश्चात् उच्च वर्गमा रूपान्तरण हुन पनि सक्छन् । आकस्मिक रूपमा ठुलो खर्च व्यहोर्नुपरेमा निम्न वर्गमा झर्न पनि सक्छन् ।

(ग) निम्न वर्ग : समाजमा रहेको न्यून आय भएका वर्ग निम्न वर्ग हुन् । यस्ता वर्गलाई हातमुख जोड्न धौ धौ हुन्छ । उनीहरू श्रममा आधारित निम्न ज्यालास्तरका काममा संलग्न हुन्छन् । धेरै जसो निम्नवर्गीय व्यक्तिहरू उद्योग र कृषिमा मजदुरी गर्ने वा घरेलु कामदारका रूपमा रहेका हुन्छन् । उनीहरूको जमिनमाथिको स्वामित्व हुँदैन वा भए पनि ज्यादै न्यून हुन्छ । उनीहरू सामान्यतया समाजमा हेपिएका र शोषण तथा दमनको सिकार भएका पनि हुन सक्छन् । चरम गरिबीको कुचक्रमा फसेका यस वर्गको क्रय क्षमता पनि कम हुन्छ । उनीहरू आफ्नो अधिकारका लागि भन्दा पनि जीविकोपार्जनका लागि सङ्घर्षरत हुन्छन् । नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेका भन्डै १९ प्रतिशत जनता यस वर्गमा पर्छन् ।

## २. वर्ग निर्माणका आधार

समाजमा वर्ग निर्माण कसरी हुन्छ भन्ने सम्बन्धमा विभिन्न अर्थशास्त्री तथा समाजशास्त्रीहरू कुनै फरक फरक मत रहेको पाइन्छ । तीमध्ये केही विचारमा भने समानता पाइन्छ । त्यसलाई अध्ययन गर्दा समाज निर्माणका आधारलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

### (क) आर्थिक आधार

आर्थिक दृष्टिले हेर्दा वर्ग निर्माणको मुख्य आधार आम्दानी र उत्पादन प्रक्रियामा व्यक्तिको पहुँच नै हो । कारखानामा काम गर्ने सबै मजदुरहरू एउटै वर्गमा पर्छन् भने मालिकहरू अर्को वर्गमा । त्यस्तै मजदुरी गर्ने किसानहरू एउटा वर्गमा पर्छन् भने भूमिपतिहरू अर्को वर्गमा । श्रमिक किसान र मजदुर वर्गको आम्दानीको स्रोत आफ्नो श्रमको बिक्री हो किनकि उत्पादनका साधनमा उनीहरूको पहुँच हुँदैन । पुँजीपति र भूमिपति वर्गको आम्दानीको स्रोत पुँजी, भूमि र बुद्धिको लगानी हो किनकि त्यसमा उनीहरूको नियन्त्रण हुन्छ । लगानीको प्रतिफल र नाफाका रूपमा उनीहरूको आम्दानी हुन्छ ।

### (ख) सांस्कृतिक आधार

कतिपय वर्गको निर्माणको आधार परम्परा र संस्कृति पनि हो । समाजमा धार्मिक एवम् सांस्कृतिक परम्पराका आधारमा अगाडि वा पछाडि पारिएका वर्ग पनि हुन्छन् । हिन्दु समाजमा व्याप्त वर्ण व्यवस्था यसको उदाहरण हो । सोअनुसार दलित वर्गमाथि अन्य वर्गले गरेको विभेदका कारण उनीहरू भूमिको स्वामित्वबाट वञ्चित हुन पुगे । अरूमा आश्रित हुनुपर्ने अवस्था सिर्जना भयो । उनीहरूमाथि अरू वर्गले शोषण गर्नाले आम्दानीको स्रोत सीमित हुन पुग्यो । उनीहरूको बचत गर्ने क्षमता गुम्न गयो र पुँजीमाथिको नियन्त्रणबाट समेत वञ्चित हुन पुगे । फलस्वरूप उनीहरू आर्थिक रूपले पिछडिएको वर्गमा पर्न बाध्य भए ।

### (ग) सामाजिक आधार

समान जाति, धर्म, संस्कृति, पद, समाजिक स्तर भएकाहरूको एक वर्ग हुन्छ र फरक स्तर भएकाहरूको अर्को वर्ग निर्माण हुन्छ । समाजमा उच्च वर्ग भनिनेले कमजोर वर्गलाई हेप्ने, शोषण गर्ने, विभेद गर्ने जस्ता व्यवहारहरू गर्छन् । तल्लो वर्ग र उच्च वर्ग भनिएकाहरूको बिचमा द्वन्द्व चलिरहन्छ । साथै तल्लो वर्गकाहरू माथिल्लो वर्गमा उक्लनका लागि प्रयासरत पनि हुन्छन् । कुनै जाति वा संस्कृतिको व्यक्ति भएकै कारण आर्थिक रूपमा पछाडि परेका हुन सक्छन् । हुनत वर्ग स्थायी हुँदैन तैपनि आर्थिक वर्गभन्दा सामाजिक वर्ग अलिक स्थायी प्रकृतिको हुन्छ । समाजले सहर्ष नस्विकारेसम्म सामाजिक वर्गमा परिवर्तन आउन कठिन हुन्छ ।

### (घ) पदीय आधार

कुनै व्यक्ति राजनीतिक वा प्रशासनिक रूपमा उच्च पद वा ओहदामा पुगेमा उसको सामाजिक हैसियतमा वृद्धि हुन्छ । उसको आर्थिक, सामाजिक र पदीय हैसियत उच्च हुनाले मान सम्मान र प्रतिष्ठामा वृद्धि हुन्छ । राजनीतिक र प्रशासनिक पहुँच र शक्तिमा वृद्धि हुन्छ । उसले आफू समानका व्यक्तिहरूसँग व्यवहार गर्न सुरु गर्छ र उच्च पदस्थ व्यक्तिहरूको वर्ग निर्माण हुन्छ । मध्यम ओहदामा भएका व्यक्तिहरूको अर्को वर्ग निर्माण हुन्छ भने तल्लो ओहदामा भएकाहरूको अर्को वर्ग निर्माण हुन्छ । यी वर्गमध्ये निम्न र मध्यम वर्गका व्यक्तिहरू आफ्नो मिहिनेत, परिश्रम, लगनशीलता, जनमत र अवसरका कारण माथिल्लो वर्गमा पदोन्नति हुन पनि सक्छन् ।

## ३. सामाजिक रूपान्तरण

### सामाजिक रूपान्तरणको प्रकृति

यो विश्वव्यापी प्रक्रिया हो । विश्वका सबै समाज परिवर्तनशील हुन्छन् ।

रूपान्तरणका स्वरूपहरू एकै प्रकारका हुँदैनन् । समाजको प्रकृतिअनुसार फरक हुन सक्छन् । कहीँ सङ्घर्षबाट, कहीँ सहयोगबाट, कहीँ समायोजनबाट त कहीँ सुधारात्मक उपायबाट समाज रूपान्तरण हुन सक्छ ।

रूपान्तरणमा निश्चित भविष्यवाणी हुँदैन किनकि रूपान्तरणले ल्याउने परिणामको पूर्वानुमान गर्न सकिए तापनि आकस्मिक कारकहरूबाट रूपान्तरणको स्थिति पैदा नहुन सक्छ ।

सामाजिक रूपान्तरण निरन्तर चलिरहने प्रक्रिया हो । यो प्रक्रिया तबसम्म चलिरहन्छ जबसम्म पुरा समाजमा पछाडि परेकाहरूले रूपान्तरणको अनुभूति गर्दैनन् ।

सामाजिक रूपान्तरणको गति एकनास हुँदैन । कहिले तीव्र त कहिले सुस्त हुन्छ ।

समाजमा विभिन्न वर्गका मानिस बसोबास गरेका हुन्छन् । पिछडिएका, गरिब र निम्न वर्गका मानिस पनि हुन्छन् । त्यसरी पछाडि परेका वा पारिएका वर्ग वा निम्न वर्गको उत्थान गरी समाजमा अरूसरह ससम्मान सामान्य जीवयापन गर्न सक्ने अवस्थामा पुऱ्याउनु सामाजिक रूपान्तरण हो । हुन त समाजमा

वर्गविहीनताको परिकल्पना त्यति सहज छैन तर पनि समाजमा न्यून वर्ग र वञ्चितीकरणमा परेका वर्गको उत्थान नगरेसम्म समाज विकास हुन सक्दैन भन्ने नै सामाजिक रूपान्तरणको अवधारणा हो । यस अवधारणाले समाजमा रहेका गरिब, कमजोर र हेपिएका जाति एवम् वर्गका मानिसलाई विभिन्न प्रकारका सकारात्मक उपायहरूद्वारा उत्थान गरेर मात्र समाजको विकास हुन सक्छ भन्ने मान्यता राख्छ । त्यसैले सामाजिक रूपान्तरणलाई सांस्कृतिक रूपान्तरणसँग पनि जोडेर हेर्ने गरिन्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवम् भौगोलिक विविधतायुक्त मुलुक हो । त्यसैले समाजमा व्याप्त गरिबी, उत्पीडन, पछौटेपन र वञ्चितीकरणका कारक तत्त्व आर्थिक मात्र नभएर । यसका पछाडि परम्परा, संस्कृति, रीतिरिवाज, धर्म र जाति व्यवस्थालगायतका विविध जटिल तत्त्वहरू पनि उत्तिकै जिम्मेवार छन् । त्यसैले यहाँको समाज रूपान्तरणका विषयमा कुरा गर्दा कुनै एक पक्षलाई मात्र हेरेर हुँदैन । आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई एकैसाथ सम्बोधन गरेमा मात्र सामाजिक रूपान्तरण हुन सक्छ । नेपालको सन्दर्भमा सामाजिक रूपान्तरणका लागि सरकारी र गैरसरकारी क्षेत्रबाट न्यून वर्गका मानिसहरूको पहिचान गरी तिनलाई सकारात्मक विभेदका माध्यमबाट अगाडि ल्याउने उपायहरू अपनाउनुपर्छ । देशमा रोजगारीको सिर्जना, शिक्षा र व्यावसायिक सिप प्रदान, पुँजी र अवसरको सहज उपलब्धता जस्ता उपाय अपनाएर उनीहरूको रूपान्तरण गर्न सकिन्छ ।

## ४. नेपालमा सामाजिक रूपान्तरणका लागि भएका प्रयास

सन् २०२० मा प्रकाशित सामाजिक प्रगति सूचकाङ्क (Social progress index-SPI) मा विश्वका १६३ देशहरूमध्ये नेपाल ११४ औँ स्थानमा रहेको देखिन्छ । सामाजिक प्रगति सूचकाङ्कमा पोषण, आधारभूत चिकित्सा सुविधा, खानेपानी, सरसफाइ, आवास सुविधा र व्यक्तिगत सुरक्षालाई समेटिएको हुन्छ । त्यसै गरी सन् २०२० को मानव विकास सूचकाङ्कमा विश्वका १८९ देशमध्ये नेपाल १४२ औँ स्थानमा रहेको छ । मानव विकास सूचकाङ्कमा जनताको आर्थिक अवस्था, शिक्षा र स्वास्थ्यको अवस्थालाई समेटिएको हुन्छ । यसरी हेर्दा नेपाली जनताको आर्थिक सामाजिक अवस्था निकै कमजोर देखिन्छ । यसले हाम्रो समाजमा अझै पनि जातीय भेदभाव, छुवाछुत, लैङ्गिक विभेद र अन्धविश्वास कायमै छन् भन्ने देखाउँछ । पोषण, आधारभूत चिकित्सा सुविधा, खानेपानी, सरसफाइ र आवास सुविधाको अवस्था पनि कमजोर देखिन्छ । व्यक्तिगत सुरक्षा, ज्ञान प्राप्ति, सूचना प्राप्ति र अनलाइन शासन प्रणालीमा नागरिकको सहज पहुँच, स्वतन्त्र प्रेस र वातावरणीय गुणस्तर पनि कमजोर रहेको बुझिन्छ । यस्तो परिस्थितिमा नेपालीहरूको अवस्थामा सुधार ल्याउनका लागि अझै धेरै मिहिनेत गर्नुपर्ने देखिन्छ । त्यसो भन्दैमा नेपालमा सामाजिक रूपान्तरणका लागि प्रयास नै नभएको भने होइन । नेपालमा सामाजिक रूपान्तरणका लागि धेरै प्रयास भएका छन् । तीमध्ये केही उदाहरण यसप्रकार छन् :

(क) नेपालको संविधानमा राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने भन्ने उल्लेख छ । यसैअनुरूप कानुन, नीति तथा कार्यक्रमहरू बनेर कार्यान्वयनका आइरहेका छन् ।

(ख) पन्ध्रौं योजनामा समृद्ध नेपाल र सुखी नेपालीको मूल लक्ष्यसहित गरिबी निवारण र आर्थिक सामाजिक समानतासहितको न्यायपूर्ण समाज निर्माण गर्ने भन्ने उल्लेख छ । सोहीअनुरूपका कार्यक्रमहरू कार्यान्वयनमा आइरहेका छन् ।

(ग) समावेशी सिद्धान्तअनुसार राज्यका सबै क्षेत्रमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, मधेसी, अल्पसङ्ख्यक जाति जनजातिहरूका लागि विशेष सुविधा र आरक्षणको व्यवस्था गरिएको छ ।

(घ) कमैया, छाउपडी, हलिया, छुवाछुत, जातीय विभेदलगायतका विभिन्न प्रकारका कुप्रथाहरूको अन्त्य गर्ने र पीडित वर्गको पुनर्स्थापना गर्ने कार्यक्रमहरू सञ्चालन भएका छन् ।

(ङ) लक्षित वर्ग तोकी तिनको उत्थानका लागि जन चेतनामूलक एवम् आर्थिक उत्थानका कार्यक्रमहरू सञ्चालन भएका छन् ।

(च) राज्यले जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जातजातिमा मानिसको सामाजिक रूपान्तरणका विभिन्न कार्यक्रमहरू संचालन गरेको छ ।

## *क्रियाकलाप*

**१. समाजमा वर्ग विभाजन किन हुन्छ र त्यसले कस्ता सकारात्मक एवम् नकारात्मक परिणाम ल्याउँछ भन्ने सम्बन्धमा कक्षामा प्यानल छलफल कार्यक्रम अयोजना गर्नुहोस् र खुलेर छलफल गर्नुहोस् ।**

**२. दिइएको समाजिक रूपान्तरणका माध्यमहरूको अध्ययन गरी नेपालको सन्दर्भमा कुन कुन माध्यमबाट कस्तो रूपान्तरण भएको रहेछ, समूहमा छलफल गरी तलको जस्तै तालिकामा देखाउनुहोस् :**

**समाजिक रूपान्तरणका माध्यम**

| | | |
|---|---|---|
| प्रगति र विकास | विचार एवम् सिद्धान्तको प्रयोग | आन्दोलन तथा क्रान्ति |
| शिक्षा तथा चेतनाको विकास | राजनीतिक जागरण | सूचना प्रविधिको विकास |
| सांस्कृतिक परिवर्तन | बसाइँसराइ | औद्योगिकीकरण |
| सरकारी नीति | संवैधानिक एवम् कानुनी व्यवस्था | विश्वव्यापीकरण तथा आधुनिकीकरण |

| माध्यम | रूपान्तरणको परिणाम |
|---|---|
| | |
| | |
| | |

३. वर्गविहीन समाजको परिकल्पना गरी एक कथा वा कविता तयार पार्नुहोस् ।

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) समाजमा वर्ग निर्माण किन हुन्छ ?

(ख) वर्गीय विभाजनले निम्त्याउने समस्याहरू औँल्याउनुहोस् ।

(ग) सामाजिक रूपान्तरणका उपायहरू बुँदागत रूपमा लेख्नुहोस् ।

(घ) नेपालको सामाजिक रूपान्तरणको अवस्थाको चर्चा गर्दै साथीलाई पठाउने पत्रको नमुना तयार पार्नुहोस् ।

(ङ) किन सामाजिक आधारलाई वर्ग विभाजनको मूख्य आधार मानिन्छ ?

## *परियोजना कार्य*

तपाईंको समुदायमा कुन कुन वर्गका व्यक्ति बस्छन् र त्यहाँको वर्ग निर्माणको आधार के हो ? त्यहाँ रहेका न्यून वर्गको कसरी रूपान्तरण गर्न सकिएला ? आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

पाठ : २

# लैङ्गिक सवाल

सामान्यतया मानव जाति महिला र पुरुष गरी दुई लिङ्गका हुन्छन् । लिङ्गको निर्धारण प्राकृतिक विशेषताका आधारमा गरिन्छ । लिङ्गको अध्ययन गर्दा प्राकृतिक लिङ्ग र सामाजिक लिङ्ग गरी दुई अवधारणाबाट हेरिन्छ । अङ्ग्रेजीमा प्राकृतिक लिङ्गलाई sex र सामाजिक लिङ्गलाई gender भनिन्छ । लिङ्गलाई प्राकृतिक लिङ्ग अनि लैङ्गिकतालाई सामाजिक लिङ्गका रूपमा व्याख्या गर्ने प्रचलन छ । महिला र पुरुषको बिचमा प्रकृतिले गरेको भेद लिङ्ग (Sex) हो भने सामजिक व्यवहार र परम्पराले गरेको भेद लैङ्गिकता (Gender) हो । प्राकृतिक रूपमा लैङ्गिक पहिचान नखुलेका वा शारीरिक रूपमा एक र भावनात्मक रूपमा फरक लिङ्ग भएका वर्ग पनि रहेका हुन्छन् जसलाई यौनिक तथा लैङ्गिक अल्प सङ्ख्यकका रूपमा समाजमा पहिचान कायम गरिएको छ ।

| लिङ्ग | लैङ्गिकता |
|---|---|
| प्राकृतिक हुन्छ । | सामाजिक हुन्छ । |
| अपरिवर्तनीय हुन्छ | परिवर्तनीय हुन्छ । |
| समुदाय निरपेक्ष (जुनसुकै समुदायमा एकै भूमिका हुन्छ ।) | समुदायसापेक्ष (समुदायअनुसार महिला र पुरुषको भूमिका फरक हुन्छ ।) |

## १. प्राकृतिक लिङ्ग (Sex)

मानव जन्मने वित्तिकै प्राकृतिकरूपमा छोरा वा छोरी भनेर पहिचान दिइन्छ । यो पहिचान उसका शारीरिक बनावट र जनेन्द्रियहरूका आधारमा कायम गरिन्छ । प्राकृतिक लिङ्गका आधारमा महिला र पुरुषका विचमा भिन्न भिन्न जैविकीय विशेषताहरू हुन्छन् ।

| पुरुष | महिला | यौनिक तथा लैङ्गिक अल्प सङ्ख्यक |
|---|---|---|
| पाठेघर नहुने भएकाले गर्भधारण गर्न र बच्चा जन्माउन नसक्ने | पाठेघर हुने भएकाले गर्भधारण गर्न र बच्चा जन्माउन सक्ने | केहीको शारीरिक रूपमा लिङ्ग नै नछुट्टिएको हुने |
| दारी जुङ्गा र छातीमा रौं हुने | दारी जुगाँ र छातीमा रौं नहुने | केहीको महिला र पुरुष दुवै जननेन्द्रिय हुने |
| स्तन पान गराउन नसक्ने | स्तनपान गराउन सक्ने | |

| | | |
|---|---|---|
| लिङ्ग हुने<br>प्रोस्टेट ग्रन्थि हुने<br>रुद्रघन्टी हुने<br>शुक्रकीट उत्पादन हुने<br>पुरुषत्व हुने<br>xy क्रोमोजोम हुने<br>धोद्रो स्वर हुने | योनी हुने<br>पाठेघर हुने<br>रुद्रघन्टी नहुने<br>अन्डा उत्पादन हुने<br>स्त्रीत्व हुने<br>XX क्रोमोजोम हुने<br>मसिनो स्वर हुने | केहीले शरीरिक रूपमा महिला भए पनि भावनात्मक र मानसिक रूपमा पुरुष अनुभूति गर्ने<br>केहीले भने शारीरिक रूपमा पुरुष भए पनि भावनात्मक र मानसिक रूपमा आफूलाई महिला अनुभूति गर्ने |

## २. सामाजिक लिङ्ग वा लैङ्गिकता

मानवको जन्मपश्चात् महिला र पुरुषका लागि समाज र संस्कृतिले फरक फरक सुविधा, अवसर र भूमिका प्रदान गरेको हुन्छ । जब मानव हुर्कँदै जान्छ विस्तारै उसलाई सामाजिक तथा सांस्कृतिक रूपमा लैङ्गिक विभेद गर्ने प्रचलन छ । तिमी छोरा हौ, तिमीले यो काम गर्नुपर्छ र यो काम गर्नुहुँदैन भनी सिकाइन्छ । तिमी छोरी हौ तिमीले यो काम गर्नुपर्छ यो र यो काम गर्नु हुँदैन भनेर सिकाउँदै लगिएको हुन्छ । लैङ्गिकतालाई बाल्यकालदेख नै परिवार र समाजले तयार पार्दै लैजान्छ । तर सामाजिक तथा सांस्कृतिक रूपमा त्यस्तो कुनै काम वा भूमिका हुँदैन जो महिला वा पुरुषले मात्र गर्न सक्ने होस् । तैपनि समाजले यो काम महिलाले गर्ने र यो काम पुरुषले गर्ने भनी फरक फरक भूमिकाहरू निर्धारण गरिदिएको हुन्छ । यसरी समाजद्वारा तयार पारिएको लैङ्गिक विभेद नै लैङ्गिकता हो । लैङ्गिक भूमिका खासमा बनावटी कार्यविभाजन हो ।

### (क) लैङ्गिक सवाल

महिला र पुरुषको सामाजिक भूमिकामा फरक आएसँगै उनीहरूविचमा विभेदको अवस्था सिर्जना हुन गयो । यस विभेदले महिलालाई पछाडि पार्नुका साथै उनीहरूमाथि पुरुषबाट अन्याय, अत्याचार, शोषण र दमनका व्यवहार हुन थाले । पछिल्ला वर्षमा मानव अधिकार तथा महिला अधिकारको सचेतनाले महिला र पुरुष समान हुन् र उनीहरूविचमा कुनै भेदभाव हुनु हुँदैन भन्ने धारणाको विकास भएको छ । समय समयमा भएका महिला सशक्तीकरण तथा समानताका प्रयासबाट सकारात्मक प्रभावहरू पर्दै आएको देखिन्छ । त्यसैले महिला र पुरुष समान हुन् भन्ने अवधारणालाई साकार पार्नका लागि समाजमा निम्नलिखित सवालहरूमा बहस सुरु भएको छ ।

(अ) महिला अधिकारको सवाल

(आ) सम्पत्तिमा समान अधिकारको सवाल

(इ) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र तिनको पहिचानको सवाल

(इ) महिला हिंसा र शोषणविरुद्धको सवाल

(उ) दाइजोको विरुद्धको सवाल

(ऊ) समावेशिताको सवाल

(ऋ) सहभागिताको सवाल

**बेइजिङ घोषणापत्रले निर्धारण गरेका महिला सरोकारका क्षेत्रहरू**

महिला र गरिबी

महिलाको शिक्षादीक्षा

महिला र स्वास्थ्य

महिलामाथिको हिंसा

महिला र सशस्त्र सङ्घर्ष

महिला र अर्थतन्त्र

शक्ति र निर्णय कार्यमा महिला

महिलाको उन्नतिका लागि संस्थागत संयन्त्र

महिलाका मानवीय अधिकार

महिला र सञ्चारका माध्यम

महिला र वातावरण

बालिका

**(ख) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक** (LGBTIQ)

पुरुष वा महिलाको पहिचानभन्दा फरक पहिचान भएका व्यक्तिहरूलाई यौनिक वा लैङ्गिक अल्पसङ्ख्यक भनिन्छ । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई अङ्ग्रेजीमा LGBTIQ समूह भनिन्छ जसको पूरा रूप **lesbian, gay, bisexual, transgender/transsexual, intersexual and queer/ questioning** हो । ट्रान्स सेक्सुअल र इन्टर सेक्सुलयहरू जैविक रूपले तेस्रो लिङ्गी हुन् जो महिला वा पुरुषभन्दा फरक हुन्छन् । इन्टरसेक्सुअलहरूमध्ये केहीको शारीरिक रूपमा लिङ्ग नै छुट्टिएको हुँदैन भने केहीको महिला र पुरुष दुवैको जनेन्द्रिय हुन्छ । ट्रान्स जेन्डर वा ट्रान्स सेक्सुअलहरू भने शारीरिक रूपमा महिला भए पनि भावनात्मक र मानसिक रूपमा पुरुष अनुभूति गर्छन् । त्यस्तै शरीरिक रूपमा पुरुष भएपनि भावनात्मक र मानसिक रूपमा महिला अनुभूति गर्छन् । उनीहरू विपरीत लिङ्गको वस्त्र लगाउन रुचाउने, समान लिङ्गका साथी वा जीवन साथी बनाउन रुचाउने हुन्छन् । तीमध्ये कतिपयले सर्जरी गरेर र हर्मन परिवर्तन गरेर लिङ्ग परिवर्तनसमेत गर्छन् ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भित्र समलिङ्गीहरू पनि पर्छन् जसलाई गे, लेस्वियन र बाइसेक्सुअल भनिन्छ । गेहरू शारीरिक रूपमा पुरुष भए पनि यौनिक रूपमा पुरुषप्रति नै आकर्षित हुन्छन् । उनीहरू पुरुष यौन साथी बनाउन रुचाउँछन् । त्यस्तै लेस्वियनहरू शारीरिक रूपमा महिला भए पनि यौनिक रूपमा महिलाप्रति नै आकर्षित हुन्छन् । उनीहरू महिला यौन साथी बनाउन रुचाउँछन् । बाइसेक्सुअलहरू भने आफू जुन लिङ्गको भए पनि आफ्नै समूहको पुरुष वा महिला र विपरीत लिङ्गको पुरुष वा महिला दुवैप्रति आकर्षित हुन्छन् । समलिङ्गीको पहिचान खास गरी यौवनावस्था वा किशोरावस्थाबाट मात्र हुने हुनाले १२/१३ वर्षको उमेर देखि १९/२० वर्षको उमेरसम्ममा आफू के हो भन्ने पहिचान भइसकेको हुन्छ । हाम्रो जस्तो यौनलाई लुकाउने र खुलेर व्यक्त गर्न नसक्ने एवम् यौन शिक्षाको अभाव भएको देशमा भने विवाह गरिसकेपछि आफ्नो यौन भूमिकाको पहिचान हुने गरेको पनि देखिएको

छ । यसले उनीहरूको बाँकी जीवन कष्टकर हुने गरेको पनि देखिन्छ । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको नयाँ समूहलाई क्वेर वा क्वेसनिङ भनिन्छ। यिनीहरू आफू के हो भन्ने अन्योलमा नै रहेका हुन्छन् । कहिले समलिङ्गीको व्यवहार देखाउँछन् त कहिले सामान्य महिला वा पुरुषको व्यवहार देखाउँछन् ।

पछिल्लो समयमा हाम्रो समाजमा यौनिक अल्पसङ्ख्यकहरूलाई हेर्ने दृष्टिकोणमा सुधार हुन थालेको छ। उनीहरू पनि यसै समाजका सदस्य हुन्। हाम्रा जे जे समस्या र आवश्यकता हुन्छन् उनीहरूका पनि त्यस्तै समस्या र आवश्यकता हुन्छन् । त्यसैले सबै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई अरू सरह नैव्यवहार गर्नुपर्छ। आफ्नो पहिचानसहित सम्मानित जीवन जिउन पाउनु उनीहरूको हक हो। यौनिक अल्पसङ्ख्यकहरूले पनि हाम्रो संस्कृतिअनुसार अनुशासित र मर्यादित यौन व्यवहार गर्नुपर्छ ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका विविध समस्याहरू छन् । उनीहरूका लागि पहिचान र नागरिकताको समस्या थियो । यसलाई सर्वोच्च अदालतको वि.सं. २०६४ को पुस ६ गतेको फैसलाले समाधान गरेको छ । जसअनुसार नागरिकले आफ्नो लिङ्गको निर्धारण आफ्नो अनुभूतिअनुसार आफैँ गर्न सक्ने छन् । यसको उपयोग गर्दै धेरै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूले नेपाली नागरिकताको प्रमाणपत्र पाइसकेका छन् । उनीहरूका लागि अर्को समस्या सार्वजनिक शौचालयमा विशेष सुविधा नहुनु हो । त्यसैले सार्वजनिक शौचालयमा यौनिक अल्पसङ्ख्यकका लागि छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने देखिन्छ । विद्यालय वा कलेजमा अरू साथीहरूसँग घुलमिल हुन नसक्दा, अरूले हेप्ने वा गिज्याउने गर्दा, परिवार र समाजबाट अपहेलित हुनुपर्दा तनावमा पर्ने हुन्छन् । कतिपयले पढाइ नै छाड्न सक्ने अवस्था पनि आइपर्न सक्छ। त्यसैले यसप्रति सजग हुँदै सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार एवम् नागरिक तहबाट समेत विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। जसले उनीहरूको अधिकार, पहिचान र सामाजिक न्याय स्थापनामा मदत पुग्ने हुन्छ ।

### *क्रियाकलाप*

**१. बेइजिङ घोषणापत्रले निर्धारण गरेका सरोकारका क्षेत्रहरूका आधारमा नेपाली महिलाहरूको अवस्था मूल्याङ्कन गर्नुहोस् ।**

**२. महिला तथा बालबालिका विभागले महिला सशक्तीकरणका न्यूनतम आधारहरू निम्नानुसार तय गरेको छ। यदि तपाईं यी आधार कार्यान्वयन गर्ने तह वा निकायमा हुनुभयो भने के के उपाय अपनाउनुहुन्छ ?**

महिलाको वैयक्तिक, आर्थिक, सामाजिक सशक्तीकरणमा न्यूनतम स्तर
लैङ्गिक समता : छेकवारजन्य चलनको अवज्ञा, व्यावहारिक लैङ्गिक आवश्यकताको सम्बोधन, पारिवारिक एवम् सामुदायिक सकारात्मक कार्य (Affirmative actions)

प्रजनन स्वस्थता : प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान, समस्या बताउने अनि उपचार गराउने तत्परता, पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमेकी संवेदनशीलता

जीवनोपयोगी शिक्षा : आफूलाई व्यक्त गर्ने, अर्काका कुराको ठिक बेठिक छुट्याउन सक्ने र निर्णय लिने आत्मविश्वास

पुगिसरी सम्पन्नता : वर्षैभरि खान पुग्ने आयस्रोत, भइपरिआए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत, विद्यालय तहसम्मको शैक्षिक एवम् स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने हैसियत

संस्थागत सहभागिता : बाहिरी सञ्चार, विस्तारित साथ, आवश्यकताअनुसार नेतृत्व वा अनुयायित्व (Followership) बहन गर्ने सक्रियतासहित सामुदायिक सङ्ठनको सदस्यता

३. **समूहमा बसेर तलको समाचार अध्ययन गरी मुख्य समस्या के थियो, कसरी समाधान भयो र के उपलब्धि हासिल भयो भन्ने सम्बन्धमा छलफल गरी निष्कर्ष दिनुहोस् ।**

१५०० जना लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई नागरिकता
नेपाल सरकारले सन् २०१९ सम्ममा १५०० जना लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक नागरिकलाई नागरिकता प्रमाणपत्र प्रदान गरेको छ । २०६४ पुसमा सर्वोच्च अदालतले लैङ्गिक पहिचानका आधारमा नागरिकता दिन आदेश दिएको थियो । त्यसै आधारमा गृह मन्त्रालयले वि.सं. २०६९ पौषमा सबै जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन जारी गरेपछि उनीहरूले आफ्नो पहिचानसहितको नागरिकता प्राप्त गरेका हुन् । स्रोत :*https://pahichan.com/July 23, 2019*

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) लिङ्ग भनेको के हो ?

(ख) प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गबिचको भिन्नता उल्लेख गर्नुहोस् ।

(ग) बेइजिङ घोषणापत्रमा उल्लिखित महिला सरोकारका क्षेत्र उल्लेख गर्नुहोस् ।

(घ) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको पहिचानका सवालहरूको चर्चा गर्नुहोस् ।

(ङ) 'नेपालमा महिलाहरू पछाडि पर्नुको कारण लैङ्गिक विभेद हो ।' यस भनाइप्रति आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(च) जैविक र सामाजिक लिङ्गका भूमिकाहरू तालिकामा देखाउनुहोस् ।

(छ) लैङ्गिक सवालका विषयमध्ये कुनै एक विषयमा अध्ययन गरी एक लेख तयार पार्नुहोस् ।

## परियोजना कार्य

**आफ्नो र परिवारमा भएका महिला र पुरुष सदस्यको अवस्थाका आधारमा तलका सवालहरूको उत्तर खोज्नुहोस् । त्यसको विश्लेषण गरेर विद्यमान अवस्था, मुख्य समस्या, सशक्तीकरणका उपायसहितको प्रतिवेदन तयार गर्नुहोस् ।**

१. महिला र पुरुषका काममा के भिन्नता छ ?

| महिलाले गर्ने दैनिक काम | पुरुषले गर्ने दैनिक काम |
|---|---|
| | |

२. महिला र पुरुषविचका काममा किन भिन्नता भएको होला ?

३. महिला र पुरुषविचमा कसमाथि धेरै प्रश्न उठाइन्छ, किन ?

४. के महिलाको छुट्टै आम्दानीको स्रोत छ ?

५. परिवारमा छलफल हुँदा महिलाको राय सुझावलाई मानिन्छ कि मानिँदैन ?

६. परिवारमा प्रायः निर्णय कसले गर्छन् ?

७. निर्णय प्रक्रियामा महिलाको सहभागिता कस्तो छ ?

७. परिवार र समुदायमा महिलामाथि के कस्तो नियन्त्रण छ ?

८. के परिवार र समुदायमा महिला हिंसा वा घरेलु हिंसा हुने गरेको छ ? कस्तो प्रकारको हिंसा वा दुर्व्यवहार हुने गरेको छ ?

# पाठ : 3 लैङ्गिक समावेशिता

## १. परिचय

महिला र पुरुष एक रथका दुई पाङ्ग्रा जस्तै हुन् । यी मध्ये कुनै एक पक्ष कमजोर भएमा जीवनरूपी रथ चल्न सक्दैन । पौराणिक युगमा नारी र पुरुषबिचको विभेद खासै देखिँदैन । त्यस बेला नारीलाई शक्तिको स्रोतका रूपमा मानिन्थ्यो । महिलाहरू पनि पुरुषसरह समाजमा सशक्त रूपमा क्रियाशील हुन्थे । गार्गी, मैत्रेयीलगायतका विदुषीहरूले विद्वत् सभामा शास्त्रार्थ गर्थे । विद्वत् सभामा उनीहरूको सम्मान गरिन्थ्यो । नाम लिँदा समेत शिव पार्वती, लक्ष्मी नारायण, सीताराम, राधाकृष्ण भनेर पहिले नारीको नाम लिने प्रचलन थियो जुन अहिलेसम्म हिन्दु समाजमा कायमै छ ।

समय वित्दै जाँदा विश्वमा पितृसत्तात्मक समाजको निर्माण हुन पुग्यो । महिलालाई कमजोर ठानेर घरभित्रै सीमित राख्ने चलन बढ्न थाल्यो । उनीहरूलाई घरधन्दा र बालबच्चाको स्याहार सुसारमा सीमित गरियो । महिलालाई पुरुषको अधीनमा राखेर यातना दिने, शोषण गर्ने, घरेलु हिंसाको सिकार बनाउने र समाजमा समेत कुनै अधिकार नदिने अवस्था आयो । महिलालाई आवश्यकताभन्दा बढी नियन्त्रण गर्न थालियो । महिला भएकै कारण उनीहरूलाई शासकीय अधिकारहरूबाट समेत वञ्चित गरिन्थ्यो । यसबाट महिलाहरू शोषण, अन्याय, अत्याचार र उत्पीडनका सिकार भए । विश्वको आधा आकाश ढाक्ने महिलाहरू अर्को आधा जनसङ्ख्या भएका पुरुष पक्षबाट अन्यायमा पर्नु उचित थिएन । त्यसैले महिलाहरूले यस विरुद्ध आवाज उठाउन थाले । विभिन्न समयमा सङ्घर्षहरू भए । त्यसपछि लैङ्गिक समावेशीकरणको सवालले प्राथमिकता पायो । लैङ्गिक समावेशिताले लैङ्गिक रूपमा पछाडि परेका वा पारिएका महिला वा पुरुष वा यौनिक अल्पसङ्ख्यक सबैलाई समेट्छ । एकाध समुदायलाई छाडेर विश्वका सबै समाज पुरुषप्रधान भएको र महिला वर्ग पछाडि परेको हुनाले लैङ्गिक समावेशिताको सवालमा महिलाको समावेशीकरणलाई जोड दिने गरिन्छ । नेपालको सन्दर्भमा लैङ्गिक समावेशीकरण महिला सशक्तीकरण गर्ने र महिलाप्रति गरिने समतामूलक व्यवहारको सवालमा केन्द्रित भएको देखिन्छ । पछिल्ला दिनमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको सवाल समावेश गर्न थालिएको छ । महिला र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको समस्याहरू अलग अलग भएकाले अलग रूपमा नै हेर्ने गरिन्छ ।

विश्वमा महिला अधिकार स्थापित गर्न र लैङ्गिक समावेशीकरणका लागि लामो समयदेखि प्रयास भएका थिए । Mary Wollstonecraft ले सन् १७९२ मा A Vindication of the Rights of Woman पुस्तक लेखेर  लैङ्गिक समानताको आधारशीला खडा गरेकी थिइन् । सन् १८४८मा अमेरिकाको न्युयोर्कमा संसारकै पहिलो महिला अधिकार सभा (Women's rights convention) भएको थियो । दोस्रो विश्वयुद्ध पछि विश्वमा आएको प्रजातान्त्रिक लहर र मानव अधिकारसम्बन्धी घोषणापत्र जारी भएपछि

लैङ्गिक विभेद अन्त्यका लागि तीव्र गतिमा विविध कार्यहरू सञ्चालन गरियो । सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा जारी भयो । यसको धारा २ मा कसैलाई पनि लिङ्गका आधारमा भेदभाव गर्न नहुने भन्ने उल्लेख भएबाट लैङ्गिक समावेशिताका लागि वातावरण तयार भयो ।

सन् १९७५ लाई संयुक्त राष्ट्र सङ्घद्वारा अन्तर्राष्ट्रिय नारी वर्षका रूपमा मनाइयो । अन्तर्राष्ट्रिय नारी वर्षकै उपलक्ष्यमा मेक्सिको सहरमा पहिलो विश्व महिला सम्मेलन (First World Conference on Women) भयो । यस सम्मेलनबाट समानता, विकास र शान्तिलाई बृहत् लक्ष्यका रूपमा पारित गरियो । सन् १९७९ मा संयुक्त राष्ट्रसङ्घीय उपलब्धिका रूपमा 'महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९' (Convention on the Elimination of All Forms of Discrimination against Women 1979 – CEDAW) जारी गरियो । यस महासन्धिमा नेपालले पनि हस्ताक्षर गरेको छ । सन् १९८० मा संयुक्त राष्ट्रसङ्घको अग्रसरतामा दोस्रो विश्व महिला सम्मेलन डेनमार्कको कोपेनहेगनमा भयो भने सन् १९८५ मा तेस्रो विश्व महिला सम्मेलन केन्याको नैरोबीमा र चौथो महिला सम्मेलन सन् १९९५ मा चिनको बेइजिङमा सम्पन्न भयो । सन् २०१० मा लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय निकायको स्थापना भएको छ । यो लैङ्गिक समावेशिताका लागि निकै महत्त्वपूर्ण कदम हो । यसरी विभिन्न चरण पार गर्दै महिलाको समावेशिताको अवस्थामा सुधार हुँदै अएको देखिन्छ ।

## २. लैङ्गिक समावेशीकरणका चरण

विकासको प्रक्रियामा लैङ्गिक समावेशीकरणको उठान मुख्य गरी चार चरणमा भएको पाइन्छ । यी प्रत्येक चरणमा महिला सशक्तीकरण एवम् महिला र पुरुषबिचको भिन्नतालाई संबोधन गर्ने रणनीति अपनाएको पाइन्छ ।

### (क) कल्याणकारी अवधारणा

सन् १९५० र ६० को दशकमा महिला समावेशिताका लागि महिलाको हित हुने कार्यक्रम सञ्चालन गर्नुपर्छ भन्ने अवधारणामा केही कामहरू भएका थिए । यस अवधिको कार्यले महिलामा घरबाहिर निस्कने वातावरण तयार भयो । त्यसपछिका विकास कार्यहरूमा महिलाका लागि कल्याणकारी कार्यक्रमको खाँचो अनुभव गरेर विकासमा महिलाका विषयहरू समेटिन थाले ।

### (ख) विकासमा महिला

सन् १९७० को दशकमा महिलाहरूलाई आर्थिक, सामाजिक परिवर्तनको प्रक्रियामा समावेश गर्न विकासमा महिला (Women in Development–WID) रणनीति अवलम्बन गरियो । महिलालाई विकास प्रवाहमा एकीकृत रूपमा समावेश गर्न सकिए महिलाप्रतिको थिचोमिचो तथा असमानता पनि स्वत: अन्त्य हुन्छ भन्ने मान्यता उक्त रणनीतिमा अन्तर्निहित थियो । महिलाहरूलाई कसरी विकासका विभिन्न आयाममा बढीभन्दा बढी सहभागी गराउने भन्ने चिन्तन गरियो । विकासमा महिला सहभागिताको वृद्धि गरी महिलालाई विकासमुखी

बनाउने रणनीति लिइएको थियो । यसका लागि महिलाहरूको आर्थिक उत्पादनशीलता बढाउने र उनीहरूको अवस्थामा सुधार ल्याउने खालका कार्यक्रम सञ्चालन गरियो । यसअन्तर्गत साक्षरता, परिवार स्वास्थ्य, घरायसी कार्यबोझ घटाउने उपायको विकास एवम् प्रसार, आयआर्जन जस्ता कार्यक्रमहरू सञ्चालन गरियो ।

### (ग) महिला र विकास

महिलाहरूको अवस्था तथा स्थितिमा समेत सुधार ल्याउनका लागि विकास प्रक्रियामा उनीहरूको संलग्नता आवश्यक ठानियो । त्यसैले सन् १९८० को दशकमा महिला र विकास (Women and Development-WAD) को रणनीति अवलम्बन गरियो । यस रणनीतिलाई विकासमा महिला रणनीतिको परिमार्जित रूप पनि मानिन्छ । यस रणनीतिले विकासमा महिला साझेदारी वृद्धि गरी विकासलाई नै महिलामुखी बनाउने कुरामा जोड दिएको थियो ।

### (घ) लैङ्गिकता र विकास

सन् १९९० को दशकमा लैङ्गिकता र विकास रणनीति अपनाइयो । यस रणनीतिमा विकासको सन्दर्भमा महिला र पुरुषबिचको सम्बन्धलाई जोड दिइएको छ । यो रणनीति विकास प्रक्रियामा महिला र पुरुषबिचको सम्बन्धले कसरी प्रभाव पार्छ भन्नेमा केन्द्रित रहेको छ । लैङ्गिकता र विकास (Gender and Development–GAD) लाई विकासमा लैङ्गिक पहुँच (Gender Approach to Development) पनि भनिन्छ । महिला र पुरुषबिचको सामाजिक सम्बन्धको व्याख्या गर्दै महिला र पुरुषको संयुक्त प्रयासबाट मात्र महिलाको सशक्तीकरण र समावेशीकरण सम्भव हुन्छ भन्ने कुरामा जोड दिएको छ । त्यसैले सबै कार्यक्रममा महिला र पुरुषको समान सम्बन्ध हुनु पर्छ भन्ने कुरामा जोड दिइयो । यसले यौनिक तथा लैङ्गिक अल्प सङ्ख्यकलाई पनि सम्बोधन गरेको छ । यसले सबै लिङ्गका व्यक्तिहरूको विकासमा जोड दिएको छ ।

## ३. लैङ्गिक समावेशिताका मूलभूत विषय

लैङ्गिक समावेशिताको विषयलाई उठान गर्दा लैङ्गिक समानता तथा समता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण गरी मुख्य तीनओटा विषयलाई दृष्टिगत गरिन्छ ।

### (क) लैङ्गिक समानता र लैङ्गिक समता

लैङ्गिक समानता र समता सुन्दा उस्तै लागे पनि यिनको अर्थ फरक छ । समानताले जहाँसुकै महिला र पुरुषबिच बराबरी हुनुपर्छ भन्ने मान्यता राख्छ । समताले सामाजिक न्यायको सिद्धान्तअनुसार महिलाहरूमाथिको न्यायपूर्ण व्यवहारलाई जोड दिन्छ । यसले समानताको अवस्थामा नपुगेसम्म महिलाहरूका लागि विशेष सुविधा वा आरक्षण दिएर सशक्तीकरण गर्नुपर्छ भन्ने मान्यता राख्दछ । समानता गन्तव्य हो भने समता समानताको अवस्थामा पुग्ने मार्ग हो । लैङ्गिक समानता र समतालाई निम्नानुसार बुझ्न सकिन्छ :

| लैङ्गिक समानता (Gender equality) | लैङ्गिक समता (Gender equity) |
|---|---|
| समान अवसर<br>समान स्तर<br>समान अधिकार<br>समान जिम्मेवारी<br>विकासको स्रोत एवम् प्रतिफलमा महिला र पुरुषको समान पहुँच<br>विकास प्रक्रियामा महिला र पुरुषको समान सहभागिता<br>निर्णय कार्यमासमान मत<br>समान ज्यालादर | विशेष अवसर<br>प्राथमिकता<br>अग्राधिकार<br>आरक्षण<br>विशेष सुविधा<br>क्षमता वृद्धिका लागि उत्प्रेरित गरी व्यक्तिगत, सामाजिक तथा आर्थिक स्तर उठाउने प्रयासहरू<br>निर्णयमा अर्थपूर्ण सहभागिता<br>सकारात्मक कदम (Affirmative action) |

### (ख) महिला सशक्तीकरण

महिलाको क्षमता बढाउनु सशक्तीकरण हो । महिला सशक्तीकरणलाई पाँच स्तरमा हेर्ने चलन छ । यो कल्याणकारी तहबाट सुरु भएर नियन्त्रण तहसम्म पुग्छ । पहिले महिलाका हित हुने कार्यक्रम सुरु गरिन्छ । नीतिगत तथा कानुनी सुधारहरू गरेर आर्थिक सामाजिक क्षेत्रमा महिलाको पहुँच बढाइन्छ । महिलाको विद्यमान अवस्था, अधिकार र आफूमाथि भएको अन्याय, अत्याचार, शोषण र हिंसाका बारेमा सचेतीकरण गरिन्छ । त्यसपछि विकासका हरेक क्षेत्रमा पुरुषसरह अर्थपूर्ण सहभागी गराइन्छ । अन्त्यमा विभिन्न आर्थिक, सामाजिक, सांस्कृतिक पक्षहरूमा पुरुषसरह नियन्त्रण कायम गर्न सक्ने क्षमता भएका व्यक्तित्व बनाइन्छ ।



### (ग) लैङ्गिक मूलप्रवाहीकरण

महिला सशक्तीकरणका माध्यमबाट महिलालाई लैङ्गिक मूलप्रवाहीकरणमा ल्याउनु नै लैङ्गिक समावेशिताको गन्तव्य हो । लैङ्गिक विभेदलाई सम्बोधन गर्ने गरी विकास नीति, कार्यक्रम र कार्यविधि तर्जुमा एवम् कार्यान्वयन पुनरवलोकन गर्ने प्रक्रियाको रूपमा पनि लैङ्गिक मूलप्रवाहीकरणलाई लिन सकिन्छ । महिलाको क्षमता विकास, चेतनाको स्तरमा वृद्धि र आर्थिक नियन्त्रण क्षमताको विकासले मूल प्रवाहीकरणलाई सहज बनाउँछ । लैङ्गिक मूलप्रवाहीकरणअन्तर्गत विकासका मुद्दा, नीति तथा कार्यहरूमा महिलाहरूको इच्छा, अनुभव एवम् दूरदर्शिताको सम्मिलन जस्ता पक्षहरू समावेश गरिन्छ । यसलाई लैङ्गिकमैत्री शासन (Gender-responsive Governance) पनि भनिन्छ जुन शासकीय प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरणबाटै हासिल गरिन्छ ।

## ४. नेपालमा लैङ्गिक समावेशीकरणका लागि भएका प्रयास

नेपालमा समावेशीकरणको अवधारणाअनुरूप विद्यमान लैङ्गिक विभेदहरूको अन्त्य गरी लैङ्गिक समानता कायम गर्न विभिन्न प्रयासहरू भएका छन् । सरकारी पक्षबाट संवैधानिक, कानुनी तथा नीतिगत प्रयासहरू भएका छन् भने गैरसरकारी क्षेत्रबाट पनि सचेतीकरण, क्षमता विकासलगायतका विविध प्रयासहरू भएका छन् । घरपरिवार र समुदायले पनि महिला समानता, सहभागिता र सशक्तीकरणका पक्षहरूमा चासो बढाउन थालेका छन् । ती प्रयासहरूका कारण लैङ्गिक समावेशीकरणमा केही सुधार पनि भएका छन् तर यी पर्याप्त छैनन् । अझै पनि जरा गाडेर बसेका सांस्कृतिक पक्ष र पितृसत्तात्मक संस्कारहरूका कारण यी प्रयासहरूले सार्थकता पाउन कठिन भइरहेको छ । अबका दिनमा अझै सशक्त प्रयास गर्नुपर्ने देखिन्छ । लैङ्गिकतामा आधारित राजनीतिक, आर्थिक र सांस्कृतिक असमानता कम गरी लैङ्गिक समानता कायम गर्नका लागि राज्यस्तरबाट विभिन्न प्रयासहरू भएका छन् जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

छैटौँ योजनामा पहिलोपल्ट विकास कार्यमा महिला सहभागिता प्रवर्धन गर्ने छुट्टै नीति तयार गरियो ।

वि. सं. २०३८ मा महिला विकास शाखा स्थापना भयो ।

वि.सं. २०५२ मा महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । हाल (वि.सं. २०७८) यस मन्त्रालयको नाम महिला, बालबालिका, समाजकल्याण र ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ ।

वि.सं. २०५७ मा महिला विकास विभाग स्थापना गरियो ।

आव २०५७ । ५८ मा ७५ ओटै जिल्लामा महिला विकास कार्यालयहरू खोलियो ।

निजामती सेवा, शिक्षक सेवा, सुरक्षा निकायलगायतका सेवामा समावेशी प्रतिस्पर्धाका लागि छुट्याइएका कोटामध्ये ३३ प्रतिशत कोटा महिलाका लागि आरक्षण गरिएको छ ।

महिलालाई निजामती सेवा, शिक्षक सेवालगायतका सेवामा प्रवेश गर्न पुरुषले ३५ वर्ष नाघेपछि पाउँदैनन् भने महिलाले ४० वर्षको उमेरसम्म प्रतिस्पर्धामा सहभागी हुन पाउने नीतिगत प्रावधान लागु भएको छ ।

पैत्रिक सम्पत्तिमा परिवारमा भएका छोरा र छोरीको समान हकको व्यवस्था छ ।

राष्ट्रपति र उपराष्ट्रपति फरक समुदाय वा लिङ्गको हुनुपर्ने व्यवस्था गरिएको छ ।

सभामुख र उप सभामुखमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था रहेको छ ।

प्रत्येक प्रदेशबाट राष्ट्रिय सभामा निर्वाचित हुने आठ सदस्यमध्ये तीन जना महिला हुनुपर्ने र राष्ट्रपतिले मनोनित गर्ने तीन जना सदस्यमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था रहेको छ ।

प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिकतर्फ दलहरूले बन्दसूची पेस गर्दा पचास प्रतिशत महिला सदस्य हुने गरी बन्द सूची तयार पारी पेस गर्नुपर्ने व्यवस्था रहेको छ ।

स्थानीय तहमा प्रमुख र उपप्रमुख फरक लिङ्गको हुनुपर्ने व्यवस्था गरिएको छ । स्थानीय तहको वडा सदस्यमा दुई जना, गाउँ कार्यपालिकामा चार जना, नगर कार्यपालिकामा पाँच जना महिला सदस्यको सुनिश्चित गरिएको छ ।

प्रहरी कार्यालयहरूमा महिलाको उजुरी सहजीकरण गर्नका लागि महिला सेलको व्यवस्था गरिएको छ ।

विद्यालयमा छात्रा छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

## *क्रियाकलाप*

१. **विश्वमा महिला अधिकार र लैङ्गिक समावेशीकरणका लागि भएका प्रयासहरूलाई समय रेखामा देखाउनुहोस् ।**

२. **समूहमा बसेर प्रत्येक समूहले नेपालको संविधान अध्ययन गरी महिला अधिकार र सशक्तीकरणका लागि भएका संवैधानिक प्रावधानहरू टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३ **महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ ले महिलालाई प्रदान गरेका अधिकारहरू र नेपालको संविधानले प्रदान गरेका अधिकारहरू बिचमा के के समानता र भिन्नताहरू छन् उल्लेख गर्नुहोस् ।**

**महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९**

शिक्षासम्बन्धी अधिकार

रोजगारीको अधिकार

स्वास्थ्यसम्बन्धी अधिकार

आर्थिक तथा पारिवारिक लाभको अधिकार,

ग्रामीण महिलालाई विशेष अधिकार

कानुनी समानताको अधिकार र

विवाह तथा परिवारको अधिकार

४. **लैङ्गिक समानता कायम गर्नका लागि दिगो विकास लक्ष्यको लक्ष्य न. ५ मा उल्लिखित (तल प्रस्तुत गरिएका) लक्ष्यहरू प्राप्त गर्न स्थानीय सरकारले कस्ता कस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ला ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् :**

दिगो विकास लक्ष्यको लक्ष्य न. ५ मा उल्लिखित लक्ष्य

ओसारपसार तथा यौनशोषणलगायत सार्वजनिक तथा निजी क्षेत्रहरूमा सबै महिला तथा किशोरीहरू विरुद्ध हुने सबै प्रकारका हिंसाको उन्मूलन गर्ने

राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने

सबै तहमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरणका प्रवर्धनका लागि नीति तथा कानुनहरूको अवलम्बन गर्ने र तिनलाई सबल बनाउने

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) **लैङ्गिक समावेशीकरणका लागि भएका थप प्रयासहरू खोजी गरी उल्लेख गर्नुहोस् ।**

(ख) **नेपालमा लैङ्गिक समावेशीकरणका प्रयासहरूका कारण आएका परिवर्तनहरूको चर्चा गर्दै अबका दिनमा के के गर्नुपर्ला सुझाव दिनुहोस् ।**

(ग) **लैङ्गिक समावेशीकरणको अवधारणा किन आवश्यक परेको हो ? कारण दिनुहोस् ।**

(घ) **लैङ्गिक समावेशीकरणका चरणहरू उल्लेख गर्दै महिला सशक्तीकरणका उपायहरू उल्लेख गर्नुहोस् ।**

(ङ) **नेपालमा लैङ्गिक समावेशीकरणमा भएका प्रयासहरूको समिक्षा गर्नुहोस् ।**

## *परियोजना कार्य*

१. **तपाईँको समुदायका महिलाहरूलाई सोधेर आजभन्दा बिस वर्षअघिको महिलाको अवस्था र हालको अवस्थाबारे तुलनात्मक अध्ययन गर्नुहोस् ।**

२. **तपाईँको परिवारमा बिहानदेखि राती नसुतेसम्म महिला र पुरुषले गर्नुपर्ने कार्यहरूको सूची बनाई समीक्षात्मक टिपोट तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ : ४

# अपाङ्गता र समावेशीकरण

हाम्रो समाजमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । उनीहरूले विभिन्न प्रकारका व्यक्तिगत र सामाजिक समस्याहरू भोगिरहेका हुन्छन् । उनीहरूको फरक क्षमता र अशक्ततालाई कमजोरी ठानेर हेप्ने, दुर्व्यवहार गर्ने, अन्याय अत्याचार गर्ने र शोषण गर्ने जस्ता अमानवीय व्यवहारहरू हुन सक्छन् । अपाङ्गता भएका व्यक्तिहरू राष्ट्रका समान अधिकार प्राप्त नागरिक हुन् तर उनीहरू साङ्ग व्यक्तिसरह सबै कुरामा प्रतिस्पर्धा गर्न भने सक्दैनन् । त्यसैले अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशीकरणको सिद्धान्तअनुसा थप सुविधाको आवश्यकता पर्छ । अपाङ्गता धेरै प्रकारका हुन्छन् । शारीरिक तथा मानसिक अवस्थाका आधारमा अपाङ्गतालाई दश प्रकारमा वर्गीकरण गरिएको छ ।

'अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुने छ।

दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर र बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट कानुनबमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने छ ।

अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँच हुने छ ।

*नेपालको संविधान*

...."तसर्थ अन्धा, अपाङ्ग, बहिरा तथा सुस्त मनस्थिति भएका व्यक्तिलाई नेपालभरिका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरूमा नि:शुल्क भर्ना गरी गराई निजहरूबाट भर्ना भएपछि कुनै पनि किसिमको सेवा शुल्क नलिनु, लिन नलगाउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ"...........

*- २०६० साल कात्तिक २८ को सर्वोच्च अदालतको आदेश*

## १. अपाङ्गताका प्रकार

### (क) शारीरिक अपाङ्गता

स्नायु, मासंपेशी र जोर्नी तथा हाडको बनावट एवम् सञ्चालनमा समस्याको कारण कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या आउनु शारीरिक अपाङ्गता हो । त्यसै गरी शारीरिक अङ्गविहीनता हुनु, कुष्ठ प्रभाव, मांसपेशी विचलन (muscular distrofy), जोर्नी र मेरुदण्डसम्बन्धी स्थायी समस्या, पैताला फर्केको आदि सम्बन्धी समस्याका कारण उत्पन्न अशक्ततालाई पनि शारीरिक अपाङ्गता भनिन्छ । सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेरबमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएमा पनि शारीरिक अपाङ्गता भनिन्छ ।

### (ख) दृष्टिसम्बन्धी अपाङ्गता

कुनै व्यक्तिले आँखाले नदेखेका कारण कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङको ज्ञान नहुने अवस्था दृष्टिविहीन अपाङ्गता हो । दृष्टिविहिन अपाङ्गता पनि तीन किसिमका हुन्छन् । दुवै आँखाले हातको औँला दश फिटको दुरीबाट छुट्याउन नसक्ने अवस्थालाई दृष्टि विहीनता भनिन्छ । चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दुरीबाट हातको औँला छुट्याउन नसक्ने अवस्थालाई न्यून दृष्टिविहीनता अवस्था भनिन्छ । पूर्ण रूपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने अवस्थालाई पूर्ण दृष्टिविहीनता भनिन्छ ।

### (ग) सुनाइसम्बन्धी अपाङ्गता

सुनाइका अङ्गको बनावट सही नभएको एवम् स्वरको पहिचान गर्न नसक्ने, आवाज कताबाट आएको भनी पहिचान गर्न नसक्ने, आवाजको उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने अवस्थालाई सुनाइसम्बन्धी अपाङ्गता भनिन्छ । सुनाइसम्बन्धी अपाङ्गतालाई बहिरा र सुस्तश्रवण गरी दुई वर्गमा विभाजन गर्ने गरिन्छ । असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने अवस्था बहिरोपन हो । सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा ६५-८० डेसिबलसम्मको ध्वनि सुन्न सक्ने अवस्था सुस्त श्रवण हो ।

### (घ) श्रवण दृष्टिविहीन अपाङ्गता

सुनाइ र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको अवस्थालाई श्रवण दृष्टिविहीन अपाङ्गता भनिन्छ ।

### (ङ) स्वर र बोलाइसम्बन्धी अपाङ्गता

स्वर र बोलाइसम्बन्धी अङ्गमा भएको समस्याका कारण बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने अवस्थालाई स्वर र बोलाइसम्बन्धी अपाङ्गता भनिन्छ ।

### (च) मानसिक वा मनोसामाजिक अपाङ्गता

मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थितिअनुसार व्यवहार गर्न समस्या हुने अवस्थालाई मानसिक वा मनोसामाजिक अपाङ्गता भनिन्छ ।

### (छ) बौद्धिक अपाङ्गता

उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थालाई बौद्धिक अपाङ्गता भनिन्छ ।

### (ज) अनुवंशीय रक्तस्राव (Hemophylia) सम्बन्धी अपाङ्गता

अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थालाई अनुवंशीय रक्तस्राव (hemophylia) सम्बन्धी अपाङ्गता भनिन्छ ।

### (झ) अटिज्मसम्बन्धी अपाङ्गता

जन्मजात नसा वा तन्तुको विकास र सोको कार्यमा समस्या भएको अवस्थालाई अटिज्म भनिन्छ । सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाइ हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वाभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रियालगातार दोहोऱ्याइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्नु आदि अटिज्मसम्बन्धी अपाङ्गताका विशेषता हुन् ।

### (ञ) बहुअपाङ्गता

एउटै व्यक्तिमा उल्लिखित अपाङ्गतामध्ये दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गता भएको अवस्थालाई बहुअपाङ्गता भनिन्छ ।

यसका साथै नेपालमा अशक्तताको गम्भीरताका आधारमा अपाङ्गतालाई चार वर्गमा वर्गीकरण गरिएको छ। यही वर्गीकरणका आधारमा अपाङ्गता भएका व्यक्तिले पाउने सुविधाहरूको वितरण गरिन्छ।

**(क) पूर्ण अशक्त अपाङ्गता**

आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रूपमा अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थापूर्ण अशक्त अपाङ्गता हो । यस्तो अपाङ्गतालाई "क" वर्गमा वर्गीकरण गरी रातो रङको परिचयपत्रको व्यवस्था गरिएको छ ।

**(ख) अति अशक्त अपाङ्गता**

वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रूपमा अरूको सहयोग लिनुपर्ने अवस्था अति अशक्त अपाङ्गता हो । यस्तो अपाङ्गतालाई "ख" वर्गमा वर्गीकरण गरी निलो रङमा परिचयपत्रको व्यवस्था गरिएको छ ।

**(ग) मध्यम अपाङ्गता**

अरूको सहयोग लिई वा नलिई नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्था हो । यस अवस्थाका अपाङ्गतालाइ "ग" वर्गमा वर्गीकरण गरी पहेँलो रङमा परिचयपत्रको व्यवस्था गरिएको छ ।

**(घ) सामान्य अपाङ्गता**

नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थालाई सामान्य अपाङ्गता भनिन्छ । यस अवस्थाका अपाङ्गतालाई "घ" वर्गमा वर्गीकरण गरी सेतो रङमा परिचयपत्रको व्यवस्था गरिएको छ ।

## २. अपाङ्गताका कारण

व्यक्तिमा अपाङ्गता हुनुका धेरै कारण हुन सक्छन् । कोही व्यक्ति जन्मजात नै अपाङ्गता भएका हुन सक्छन् । कोही व्यक्ति जन्मँदा साङ्ग जन्मिए पनि हुर्कंदै जाँदा अपेक्षाकृत रूपमा शारीरिक र मानसिक विकास हुन नसक्दा अपाङ्गता देखा पर्न सक्छ । कोही व्यक्तिमा धनुष्टङ्कार, कुष्ठरोग, मस्कुलर डिस्ट्रोफी, हाड जोर्नीसम्बन्धी रोगहरू, क्यान्सर, जलबिन्दु, मोतिया बिन्दु, मधुमेह, स्नायु नसा

वा रक्तनलीसम्बन्धी रोग, मस्तिष्कमा रक्तस्राव (brain hemorrhage) जस्ता रोगहरू लागेमा अपाङ्गता देखा पर्न सक्छ । सल्यक्रियाबाट अङ्गहरू काट्नुपरेमा र दुर्घटना वा युद्धमा परेर अङ्ग भङ्ग भएमा पनि अपाङ्गता हुन सक्छ ।

यसरी आज साङ्ग भएको व्यक्ति भोलि अपाङ्गता भएको हुन पनि सक्छ । त्यसैले हामीले सदैव अपाङ्गता भएका व्यक्तिलाई सरकारी, गैरसरकारी, सामुदायिक, पारिवारिक र व्यक्तिगततर्फबाट सहयोग गर्नुपर्छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रक्षाका लागि सदैव सचेत रहनुपर्छ । अपाङ्गता भएका व्यक्तिमा पनि विभिन्न प्रतिभा र क्षमताहरू हुन सक्छन् । ती प्रतिभालाई प्रस्फुटन गराउन सहयोग गर्नुपर्छ । विश्वका महान वैज्ञानिक स्टेफेन हकिङको दिमाग र एउटा औँला मात्र चल्थ्यो । उनका आविष्कार आज विश्वभर प्रचार भएका छन् । नेपालकी साहित्यकार झमक कुमारी खुट्टाले लेख्छिन् । उनको योगदानले साहित्यमार्फत समाजमा केही गर्न सकिन्छ भन्ने सन्देश दिएको र केही गर्न हौसला बढाएको छ । खगेन्द्रबहादुर बस्नेतले खगेन्द्र नवजीवन केन्द्र नामको अपाङ्गता पुनर्स्थापना केन्द्र नै स्थापना गरेका छन् ।

### नेपालमा अपाङ्गता भएका व्यक्तिका लागि भएका समावेशीकरणका प्रयास

अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण तथा मूल प्रवाहीकरणका लागि पछिल्ला केही दशक यता विभिन्न प्रयासहरू भएका छन्, जसलाई तल उल्लेख गरिएको छ :

राष्ट्रिय सभा, प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिक सदस्यमा अपाङ्गता भएका व्यक्तिलाई समावेश गर्नुपर्ने संवैधानिक व्यवस्था गरिएको छ ।

संवैधानिक आयोगका रूपमा समावेशी आयोगको व्यवस्था छ ।

अपाङ्गता परिचयपत्रको वितरण र त्यसका आधारमा भत्ताको व्यवस्था छ ।

यातायातमा आरक्षण सिटको व्यवस्था र भाडादरमा छुट दिने नीतिगत प्रावधानहरू छन् ।

स्वस्थ्य उपचारका लागि छुट सुविधा प्रदान गरिएको छ ।

निजामती सेवा, शिक्षक सेवालगायतका सेवामा अपाङ्गता भएका व्यक्तिका लागि आरक्षण कोटाको व्यवस्था गरिएको छ ।

विद्यालय, सार्वजनिक स्थल, शौचालय तथा भवनहरूमा अपाङ्ग मैत्री संरचनाको विकास हुन थालेका छन् ।

अपाङ्ग छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन पद्धतिलाई अपाङ्गतामैत्री बनाउँदै लगिएको छ ।

सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचारको प्रावधान छ । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूका लागि निश्चित ४१ प्रकारका औषधीहरू सरकारी अस्पतालहरूबाट निःशुल्क रूपमा प्राप्त गर्ने व्यवस्था गरेको छ ।

## क्रियाकलाप

१. **दिइएको अपाङ्गता भएका क्रिकेट खेलाडीको भनाइ अध्ययन गरी यसले दिएको सन्देश कक्षामा प्रस्तुत गर्नुहोस् । अपाङ्गता भएका व्यक्तिमा पनि विभिन्न प्रकारका प्रतिभा र क्षमता भएका हजारौँ उदाहरणहरू छन् । तिनको खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**हौसला दिनुहोस् केही गर्न सक्छौँ**

राष्ट्र सेवा गर्ने क्रममा एम्बुसमा परेर दुवै आँखा गुमेपछि केही समय निरास भएँ । मैले मेरो परिवार र यो राष्ट्रका लागि बाँच्नुपर्छ र केही गर्नुपर्छ भन्ने हिम्मत आयो । त्यसपछि मैले पाकिस्तानमा दृष्टिविहीन क्रिकेटको तालिम लिने अवसर पाएँ । नेपालमा दृष्टिविहीनले पनि क्रिकेट खेल्न सक्छन् भन्ने थाहा नै थिएन । मैले क्लबहरू गठन गरेर राष्ट्रिय प्रतियोगिता गराएँ । हामीले पहिलो पटक दृष्टिविहीन विश्वकप क्रिकेट प्रतियोगितामा नेपाललाई सहभागी गरायौँ । मैले विश्वकप क्रिकेटको रेफ्रीका रूपमा पनि काम गरेँ । त्यसैले म भन्छु कि अपाङ्गता भन्ने चिज जिन्दगीमा एउटा कमा मात्रै हो पूर्णविराम होइन । जब कसैले तँ केही गर्न सक्छस् भन्ने अनुभूति गराइदिन्छ त्यसपछि जस्तोसुकै अपाङ्गता भएको व्यक्तिले पनि केही गर्न सक्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई हौसला दिनुहोस् । उनको क्षमता चिनाइदिनुस् । त्यसको उपयोग गरेर उनीहरू सामान्य मानिस झैँ आर्थिक, सामाजिक रूपमा राम्रो जीवन जिउन सक्ने छन् ।

२. **विभिन्न अपाङ्गता भएका व्यक्तिले भोग्नुपरेका समस्या र त्यसको समाधानका उपाय सम्बन्धमा छलफल गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।**

३. **कुनै अपाङ्गता भएका व्यक्तिलाई भेटेर उनको जीवनका अनुभूतिहरू सम्बन्धमा छलफल गर्नुहोस् र एक प्रतिवेदन तयार पार्नुहोस् ।**

४. **अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सहयोग र उत्थानका लागि गर्नुपर्ने कार्य समेटेर गीत वा कविता वा संवाद तयार पार्नुहोस् ।**

## अभ्यास

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) त्यसैले अपाङ्गता भएका व्यक्ति र उनीहरूको सुविधाका लागि आफूले गर्नुपर्ने कर्तव्यका बारेमा आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।

(ख) नेपालमा अपाङ्गतालाई कसरी वर्गीकरण गरिएको छ ?

(ग) अपाङ्गता भएका व्यक्तिलाई दया होइन सहयोग र सम्मानको खाँचो छ । यस भनाइमा आफ्ना विचारहरू समेटेर एक सम्पादकीय तयार पार्नुहोस् ।

(घ) अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने विभिन्न प्रकारका उपकरणहरूको छोटो परिचय दिनुहोस् ।

पाठ : ५

# धार्मिक तथा क्षेत्रीय पहिचान

हरेक व्यक्तिका विभिन्न प्रकारका पहिचान हुन्छन् । तीमध्ये धार्मिक एवम् क्षेत्रीय पहिचान पनि महत्त्वपूर्ण पहिचान हो । व्यक्ति कुनै न कुनै रूपमा धार्मिक आस्था र मूल्य मान्यतामा बाँधिएको हुन्छ । धर्मले व्यक्तिलाई अनुशासित रहन, समाजमा सद्भाव कायम गर्न र सहकार्य गरेर जीवन जिउन सहयोग गर्छ । उनीहरू आफ्नो धर्म, धार्मिक संस्कार, धार्मिक प्रतीकहरू र आफ्ना देवताहरूप्रति आस्था, विश्वास एवम् गर्व गर्छन् । नेपाल भौगोलिक विविधता भएको देश पनि हो । प्रत्येक क्षेत्रमा बसोबास गर्ने मानिसहरू आफू बसेको क्षेत्रमा रहेका विशेषताहरूमा आफ्नो पहिचान खोज्छन् ।

## १. धार्मिक पहिचान

नेपाल बहुधार्मिक तथा बहुसांस्कृतिक देश हो । यहाँ धार्मिक सहिष्णुता कायम छ । नेपालमा सबै धर्मावलम्वीहरू एकआपसमा मिलेर बसेका छन् । नेपालको संविधानमा नेपाल धर्म निरपेक्ष राष्ट्र भनी उल्लेख गरिएको छ । संविधानमा मौलिक हकअन्तर्गत धारा २६ मा धार्मिक स्वतन्त्रताको हक समावेश गरिएको छ । जसअनुसार प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्वन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने उल्लेख छ । साथै प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुने व्यवस्था रहेको छ । सोअनुसार कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने छ भन्ने उल्लेख गरिएको छ । वि.सं. २०६८ सालको जन गणनाअनुसार नेपालमा मुख्य दशओटा धार्मिक समुदायहरूको बसोबास भएको देखिन्छ । तिनको सङ्क्षिप्त परिचय यसप्रकार रहेको छ ।

**नेपालमा धार्मिक समुदाय**

| धर्म | जनसङ्ख्या प्रतिशत | धर्म | जनसङ्ख्या जना |
|---|---|---|---|
| हिन्दु | ८१.३४ | बोन | १३००६ |
| बौद्ध | ९.०४ | जैन | ३२१४ |
| इस्लाम | ४.३९ | बहाई | १२८३ |
| किरात | ३.०५ | शिख | ६०९ |
| इसाई | १.४२ | | |
| प्रकृति | ०.५ | | |

राष्ट्रिय जनगणना, २०६८

### (क) हिन्दु धर्म

हिन्दु धर्मलाई सवैभन्दा पुरानो धर्म मानिन्छ । त्यसैले यसलाई सनातन धर्म पनि भनिन्छ । योग, प्रणायाम, ज्योतिषशास्त्र, अङ्कशास्त्र, हस्तरेखा तथा वास्तुशास्त्र जस्ता विज्ञान हिन्दु संस्कृतिका उपज मानिन्छन् । अर्काको उपकार गर्नु धर्म हो र अर्कालाई दुःख दिनु पाप हो भन्ने हिन्दु धर्मको मूल आदर्श हो । वेद, गीता, पुराण, उपनिषद्, रामायण आदि हिन्दु धार्मिक ग्रन्थहरू हुन् । यी ग्रन्थहरू एक पुस्तावाट अर्को पुस्तामा मन्त्रोच्चारण र स्मृतिको सहयोगमा हस्तान्तरित हुँदै आएका थिए । यस धर्मअनुसार ३३

कोटी देवीदेवता हुन्छन् भन्ने मान्यता राखिन्छ। प्रकृतिमा भएका सबै चिजहरू एवम् सबै प्राणी र वनस्पति ईश्वरका अंश हुन् भन्ने मान्यता राखिन्छ। हिन्दुहरू गणेश, सूर्य, देवी, विष्णु, शिव, राम, कृष्णलगायतका देवी देवता मान्छन्। जनावर र वनस्पति, पहाड, समुद्र, नदीलाई पनि ईश्वरका रूपमा पूजा आराधना गर्छन्। हिन्दु देवी देवताको स्थापना गरिएका मन्दिरहरू हिन्दुहरूका धार्मिकस्थल हुन्। नेपालमा पशुपतिनाथ, मुक्तिनाथ, मनकामनालगायत सयौँ तीर्थस्थलहरू रहेका छन्। हिन्दु धर्मावलम्वीहरूले जनैपूर्णिमा, दसैँ, तिहार, शिवरात्री, रामनवमी, कृष्णाष्ठमी, छठ, गौरा पर्वलगायतका चाडपर्वहरू मनाउँछन्।

### (ख) बौद्ध धर्म

नेपालको लुम्बिनीमा जन्मिएका सिद्धार्थ गौतमले प्रवर्तन गरेको धर्म बौद्ध धर्म हो। बौद्ध धर्मको धार्मिक ग्रन्थ 'त्रिपिटक' हो। ज्ञान, सत्कर्म, अहिंसा र शान्ति बौद्ध धर्मका आदर्श हुन्। सत्य बोल्नु, हिंसा नगर्नु, चोरी नगर्नु, ब्रह्मचर्यमा रहनु, मद्यपान नगर्नु जस्ता पञ्चशीलका नियमहरू मानेमा मानव दुःखबाट मुक्त हुन सक्छ भन्ने बुद्धको मूल मान्यता हो। विहार, स्तूप, गुम्वा बौद्ध धर्मावलम्वीहरूको मुख्य धार्मिक स्थल हुन्। त्यसै गरी स्वयम्भू र बौद्धनाथ पनि बौद्ध धर्मावलम्वीहरूको तीर्थ स्थल हुन्। बौद्ध धर्मावलम्वीहरू बुद्ध जयन्ती र ल्होसार जस्ता मुख्य चाडपर्वहरू मनाउँछन्।

### (ग) इसाई धर्म

नेपालमा इसाई धर्मका पनि अनुयायीहरू छन्। जिसस क्राइस्टलाई इसाई धर्मका प्रवर्तक मानिन्छ। यस धर्मलाई क्रिस्चियन धर्म पनि भनिन्छ। यस धर्मको धार्मिक ग्रन्थलाई 'बाइवल' र धार्मिक स्थललाई 'चर्च' भनिन्छ। लोभ नगर्नु र क्षमा गर्नु यस धर्मको मूल आदर्श हो। यो धर्मावलम्वीहरूको मुख्य चाड मेरी क्रिसमस हो। यिनीहरू मूर्तिपूजा गर्दैनन् तर क्रसलाई जिससको प्रतीकका रूपमा प्रयोग गर्दछन्। इसाईहरूको धार्मिक चिह्न क्रुस हो।

### (घ) इस्लाम धर्म

नेपालमा प्रचलित अर्को धर्म इस्लाम हो। यस धर्मका प्रवर्तक पैगम्बर मोहमद हुन्। इस्लाम धर्मको धार्मिक ग्रन्थ कुरआन हो। इस्लामहरूको धार्मिक स्थललाई मस्जिद भनिन्छ। यस धर्मका एक मात्र ईश्वर 'अल्लाह' लाई मानिन्छ। इस्लाम धर्मावलम्वीहरू मूर्ति र फोटो पूजा गर्दैनन्। गरिबलाई अनिवार्य रूपमा दान दिनुपर्छ भन्ने मान्यता राखिन्छ। यो धर्मको सार हो। यस धर्मका अनुयायिहरू आफ्नो धार्मिक मान्यतामा कट्टर छन्। इस्लामको मक्का मदिना मुख्य तीर्थ स्थल हुन्। इद, बकरइद, रमजान यस धर्मका मुख्य चाड पर्व हुन्।

### (ङ) जैन धर्म

भारतको वैसालीमा जन्मिएका महावीर जैन नै जैन धर्मका प्रवर्तक हुन्। जैनहरूको धार्मिक स्थललाई जैन मन्दिर र धर्म ग्रन्थलाई वचनामृत भनिन्छ। महावीर जैनलाई जैन धर्मका अन्तिम तीर्थङ्कर मानिन्छ। पवित्रता, सच्चरित्रता र अहिंसा यस धर्मका आदर्श हुन्। महावीर जयन्ती र दिवाली यस धर्मका मुख्य चाडपर्व हुन्।

### (च) शिख धर्म

सम्पूर्ण शिख समुदायहरूले मान्ने धर्म शिख धर्म हो । शिख धर्मका प्रवर्तक गुरु नानक हुन् । यस धर्मको प्रवर्तनमा धेरै गुरुहरूको योगदान रहेको छ । शिख धार्मिक ग्रन्थलाई 'गुरु ग्रन्थ साहीव' भनिन्छ । शिख धार्मिक स्थललाई गुरुद्वारा भनिन्छ । भारतको स्वर्ण मन्दिर मुख्य तीर्थस्थल हो । नेपालमा पनि धेरै ठाउँमा गुरुद्वाराहरू रहेका छन् । अहिंसा, सत्कार्य, परोपकार यस धर्मका मुख्य आदर्श हुन् । शिख धर्मावलम्वीहरूले गुरुनानक जयन्ती, होली, दिवाली, लगायतका चाड पर्व मनाउँछन् ।

### (छ) किरात धर्म

किरात धर्म पूर्वी नेपालमा मूल थलो भएका किरात (राई, लिम्बु, सुनुवार, याक्खा) जातिले मनाउने धर्म हो । सत्मार्गमा लाग्नु, शरीर शुद्ध राख्नु र असल बानी व्यहोरा गर्नु र शान्ति यस धर्मका आदर्श हुन् । किरातहरू ईश्वरका रूपमा प्रकृति पूजा गर्दछन् । किरात धार्मिक स्थललाई मान्खिम भनिन्छ । नेपालका राष्ट्रिय विभूति फाल्गुनन्द लिङ्देन यस धर्मका धर्मगुरु हुन् । किरातहरू उँधौली र उँभौली पर्व मनाउँछन् । किरात धार्मिक ग्रन्थलाई मुन्धुम भनिन्छ । इलामको माङ्सेवुङ किरात धर्मको महत्त्वपूर्ण धार्मिक स्थल हो ।

### (ज) बोन धर्म

नेपालको हिमाली प्रदेशका केही समुदाय खास गरी डोल्पामा बोन धर्म मान्ने मानिसहरूको बसोबास रहेको छ । शान्ति, अहिंसा र परलोकको सुख यस धर्मका आदर्श हुन् । बोन धर्मका संस्थापक सेन राब मि बो हुन् । बोन धार्मिक स्थललाई बोन पो भनिन्छ ।

### (झ) बहाई धर्म

बहाई धर्म विश्वमा सबैभन्दा पछि विकास भएको धर्म हो । यस धर्मका प्रवर्तक बहाउल्ला हुन् । यस धर्ममा एक ईश्वर र सबै धर्मको एकतालाई जोड दिएको हुन्छ । प्रेम र एकता यसको मूल आदर्श हो । यस धर्ममा कुनै पुजारी वा धर्म गुरु हुँदैनन् । यस धर्मको धार्मिक ग्रन्थ 'किताबे अक्कदस' हो । यस धर्मको मुख्य बहाउल्लाको जन्मदिन र मृत्यु भएको दिनलाई पर्वका रूपमा मनाइन्छ । दैनिक रूपमा अल्ला ओ आभाको पाठ गर्नु, मादक पदार्थ सेवन नगर्नु, बचतको एक अंश ईश्वरको नाममा दान गर्नु यस धर्मका नियम हुन् ।

## ३. क्षेत्रीय पहिचान

नेपालमा क्षेत्रीय पहिचानलाई भौगोलिक र प्रशासनिक गरी दुई किसिमले हेर्न सकिन्छ । भौगोलिक अवस्थाका आधारमा हिमाली, पहाडी र तराई गरी तीन क्षेत्रका अलग अलग पहिचान कायम भएको देखिन्छ । प्रत्येक क्षेत्रमा खास खास जातजाति तथा संस्कृतिका मानिसहरू बसोबास गर्छन् । तराईमा मधेसी मूलका जातिहरू राजवंशी, यादव, थारु, धिमाल, तराई ब्राह्मण तथा क्षेत्रीहरूको बाहुल्य रहेको छ । हिमाली क्षेत्रमा शेर्पा, थकाली, मुगाली, डोल्पो जातिका मानिसहरूको बाहुल्य रहेको छ । त्यसै गरी पहाडी प्रदेशमा बाहुन, क्षेत्री, गुरुङ, नेवार, मगर, राई, लिम्बु, तामाङ आदिको बाहुल्य रहेको छ ।

प्रत्येक प्रदेशको चाडपर्व, खानपान, वेशभूषा एवम् संस्कारहरूमा फरक फरक पहिचान झल्किन्छ । त्यसै गरी तीनओटै प्रदेशमा पूर्व, मध्य र पश्चिममा एउटै जाति, भाषा र संस्कृतिमा पनि फरक फरक पहिचान कायम भएको देखिन्छ। कोही व्यक्तिले बोलेको नेपाली शब्द सुन्नेबित्तिकै ती व्यक्ति पुर्वेली हुन् कि काठमाडौँ आसपासका हुन् वा गण्डकी क्षेत्रका हुन् वा सुदूरपश्चिमेली हुन् भनी अनुमान लगाउन सकिन्छ। हुन त पछिल्ला दिनमा नेपालका सबै क्षेत्रमा सबै जातिका नागरिकहरू मिसिएर बसेका छन् तर पनि उनीहरूको आआफ्नो सांस्कृतिक, भाषिक एवम् क्षेत्रीय पहिचान भने कायमै रहेको देखिन्छ।

नेपालमा सङ्घीय राज्य प्रणाली लागु भएपछि प्रशासनिक रूपमा सात प्रदेशहरू रहेका छन् । ती सातओटै प्रदेशका मानिसहरूको प्रदेशगत पहिचान पनि रहेको हुन्छ । एक नम्बर प्रदेशका मानिसहरू सगरमाथा, कञ्चन जङ्घा, चिया बगान र अरूण नदी, किरात भाषा र संस्कृति आदिमा आफ्नो पहिचान देख्छन् । दुई नम्बर प्रदेशका मानिसहरू जनकपुर धाम र अन्नको भण्डार, मैथिली भाषा र संस्कृति, भोजपुरी भाषा र संस्कृतिलाई आफ्नो पहिचान ठान्छन्। बाग्मती प्रदेशका मानिसहरू सङ्घीय राजधानी र पशुपतिनाथ, तामाङ भाषा र संस्कृति, नेवार सभ्यता र संस्कृति आदिलाई आफ्नो पहिचान ठान्न सक्छन्। गण्डकी प्रदेशका मानिसहरूले पर्यटकीय नगरी पोखरा र मुक्तिनाथमा, गुरुङ संस्कार र संस्कृति, थकाली संस्कार र संस्कृति आदिमा गर्व गर्छन्। लुम्बिनी प्रदेशका मानिसहरूले गौतम बुद्धको जन्म स्थल लुम्बिनी र तराईको अन्नको भण्डारमा, अवधि भाषा र संस्कृति, मगर भाषा र संस्कृति, थारु भाषा र संस्कृति आदिमा गर्व गर्छन्  कर्णाली प्रदेशको पहिचान जुम्लाको मार्सीधान, जडीबुटी र सिँजा सभ्यतालाई आफ्नो पहिचान ठान्छन् भने सुदूरपश्चिमका मानिसहरूले थारु सभ्यता र संस्कृति, महाकाली नदी र देउडा संस्कृति आदिलाई आफ्नो पहिचान ठान्छन्। यसरी हरेक क्षेत्रको आआफ्ना जातिगत, भाषिक, सांस्कृतिक, भौगोलिक आदि पहिचान रहने गर्छ।

## क्रियाकलाप

**१. नेपालका विभिन्न धर्महरूको पहिचान झल्कने तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस्।**

**२. नेपालका विभिन्न भौगोलिक क्षेत्रको पहिचान झल्किने पोस्टर तयार पार्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस्।**

**३. कक्षामा विभिन्न धर्म मान्ने व्यक्तिहरू भएमा एक धर्मको एक समूह बनाई छलफल गर्नुहोस्।**

## अभ्यास

### १. तलका  प्रश्नको उत्तर दिनुहोस् :

(क) तपाईंको आफ्नो धार्मिक पहिचान झल्कने संवाद वा लेख तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस्।

(ख) नेपालका विभिन्न धर्मका साझा कुराहरू पहिचान गरी सूची तयार पार्नुहोस्।

(ग) नेपालका नक्सामा विभिन्न ठाउँमा बस्ने मुख्य मुख्य जातजातिहरूको बसोबासको क्षेत्र देखाउनुहोस्।

(घ) नेपालमा मनाइने धर्महरूका सम्बन्धमा थप खोजी गरी एक लेख तयार पार्नुहोस्।

पाठ : ६

# समतामूलक समाज

समतामूलक समाज भनेको त्यस्तो समाज हो जो समावेशी समाजभन्दा अझ एक स्तरमाथिको मानिन्छ। यस्तो समाजमा सबै नागरिकलाई समान पहुँचको व्यवस्था हुन्छ भने जात, जाति, लिङ्ग, वर्ण, आर्थिक अवस्था, शारीरिक अवस्था, सामाजिक तथा सांस्कृतिक अवस्थाका आधारमा भेदभाव गरिँदैन। विविध कारणले वर्षौंदेखि पछाडि परेका र पारिएका सबै नागरिकलाई समावेशी र सामाजिक न्यायको सिद्धान्तअनुसार विकास र राज्यप्रणालीको मूल धारमा समाहित गरिन्छ। हाम्रो जस्तो विविधता र आर्थिक सामाजिक विषमतायुक्त राष्ट्रमा समतामूलक समाजको निर्माण एकैपटक हुन सक्दैन। यो अन्तिम गन्तव्य हो। त्यसैले हाम्रो जस्तो मुलुकले समतामूलक समाजको प्राप्तिका लागि समावेशीकरणको सिद्धान्तलाई मार्गका रूपमा प्रयोग गरेको पाइन्छ। जसअन्तर्गत सकारात्मक विभेद, समानुपाति प्रतिनिधित्व, आरक्षण र कोटाका माध्यमबाट पहुँच, सशक्तीकरण एवम् मूल प्रवाहीकरण गर्ने प्रयत्न गरिन्छ।

समाजमा भएको विविधतालाई अवसरको रूपमा अङ्गीकार गरी कसैलाई पनि वञ्चितीकरण नहुने अवस्थाको सिर्जना गरिन्छ। समाज र राज्य सबैको हो, यहाँ सबै समान छन् भन्ने भावनाको विकास गरिन्छ। हुनेखाने र हुँदा खानेबिचको खाडलको अन्त्य गरी सबैलाई सम्मानपूर्वक बाँच्ने वातावरण तयार पारिन्छ। सबैले आफ्नो इज्जत प्रतिष्ठा र आर्थिक एवम् सामाजिक विकासमा समाहित हुने वातावरण तयार गरिन्छ। विकासको प्रतिफल सबैले पाउने सुनिश्चितता गरिन्छ। कमजोर वर्गलाई विशेष सुविधा दिएर मूल धारमा ल्याउने प्रयास गरिन्छ।

हरेक राष्ट्रले एक लोककल्याणकारी राज्यका रूपमा आफ्ना सबै जनतालाई विकासको प्रतिफल दिलाउने प्रयत्न गरेको हुन्छ। सामाजिक न्यायको सिद्धान्तबमोजिम सबै नागरिकले विकासको प्रतिफल प्राप्त गर्ने सुनिश्चितताका लागि विभिन्न उपायहरू अपनाएका हुन्छन्। नेपालको संविधानमा समानताको हकअन्तर्गत भनिएको छ 'राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।' यसको अर्थ हुन्छ यो देशमा राज्यले प्रदान गरेका सबै प्रकारका सेवा सुविधामा सबै जनताको समान अधिकार छ। सबैले आफ्नो इच्छा, क्षमता र योग्यताअनुसारका जीविकोपार्जनका उपाय अपनाउन सक्छन् तर राज्यले सबैको समान अवसर र पहुँचको सुनिश्चितता गरिदिनुपर्छ। यसबाट समतामूलक समाज निर्माणमा सहयोग पुग्छ।

## १. समतामूलक समाज निर्माणका लागि राज्यले अपनाउनुपर्ने उपाय

(क) सशक्तीकरण : समतामूलक समाज निर्माणका लागि पिछडिएका र अवसरबाट वञ्चित नागरिहकहरूलाई सर्वसुलभ शिक्षा, साक्षरता, सिपमूलक तालिम, सहुलियतपूर्ण वा निर्ब्याजी पुँजीको उपलब्धतालगायतका सशक्तीकरणका उपायहरू अवलम्बन गर्नुपर्छ।

(ख) मूल प्रवाहीकरण : जबसम्म देशमा आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वा पारिएका वर्गलाई मूलधारमा समाहित गरिँदैन तबसम्म समतामूलक समाज विकासको परिकल्पनासम्म गर्न सकिँदैन । त्यसैले ती वर्गलाई विकासको मूल प्रवाहमा समाहित गर्नका लागि सामाजिक न्यायको सिद्धान्तअनुसार सकारात्मक विभेदको नीति लिइन्छ । आरक्षणको व्यवस्था गरिन्छ ।

(ग) हस्तक्षेपकारी नीति : राज्यमा मूल प्रवाहीकरणमा आउन नसकेका वर्गलाई समाहित गर्नका लागि राज्यले हस्तक्षेपकारी नीति अवलम्बन गर्नुपर्छ । यसका लागि संविधान तथा कानुनमा व्यवस्था गर्नुपर्ने हुन सक्छ । नेपालमा लक्षित वर्गका नागरिकका लागि तालिम, पुँजी र रोजगारीको व्यवस्था आदि यसका उदाहरण हुन् ।

(घ) रोजगारमूलक लक्षित कार्यक्रम : पिछडिएका क्षेत्र, जाति, लिङ्ग र आर्थिक पछौटेपन भएका वर्गका लागि रोजगारमूलक लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । यसले उनीहरूको आर्थिक अवस्थामा सुधार आई सशक्तीकरणमा मद्धत पुग्छ ।

(ङ) सहज र न्यायोचित पहुँचको सुनिश्चितता : समाजमा हुने र नहुनेबिचको खाडल कम गर्नका लागि जातीय, भाषिक, लैङ्गिक, शारीरिक अवस्था एवम् आर्थिक कारणले पछाडि परेका वर्गलाई मूल धारमा समाहित गर्नका लागि सहज र न्यायोचित पहुँचको सुनिश्चितता गर्नुपर्छ । पहुँचका नाममा अपर्याप्त र अर्थहीन सहभागिताले न्याय गर्न सक्दैन । त्यसैले पर्याप्त र सारभूत एवम् न्यायोचित पहुँचको सुनिश्चितता गर्नुपर्छ ।

(च) सुशासन : समतामूलक समाज निर्माणका लागि सुशासन अनिवार्य सर्त हो । सुशासनले मात्र नागरिकमा राज्यप्रति अपनत्व वृद्धि गर्छ । भ्रष्टाचार नियन्त्रण गर्न र विधिको शासन कायम गर्न मदत गर्छ । यदि सुशासन भएन भने उल्लिखित कुनै पनि उपायले समाजिक न्याय प्राप्त हुन सक्दैन ।

(छ) समावेशीकरण : विभिन्न समयमा विभिन्न कारणले राज्यमा पछाडिपरेका वा पारिएका, विकासको मूल धारमा समावेश हुन नपाएका, व्यक्ति वा समूहलाई आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकारहरूबाट सुसम्पन्न गराउने कार्य नै समावेशीकरण हो । समाज वा राज्यमा हुने विभिन्न प्रकारका विभेदले वञ्चितीकरणको अवस्था सिर्जना हुन्छ । वर्गीय विभेद, सामाजिक, सांस्कृतिक आस्था र परम्परा वा पहिचानका आधारमा गरिने समुदायगत विभेद एवम् भौगोलिक भिन्नताका आधारमा गरिने क्षेत्रीय विभेद यसका उदाहरण हुन् । त्यसै गरी लैङ्गिकताका आधारमा महिला तथा यौनिक अल्पसङ्ख्यक माथि गरिने लैङ्गिक विभेद र शारीरिक अवस्था तथा अशक्तताका आधारमा गरिने विभेद पनि वञ्चितीकरण हो । जुनसुकै किसिमले भएको भए तापनि आजको एकाइसौँ शताब्दीमा एक मानवले अर्को मानवप्रति विभेद गर्नु असभ्यताको अवशेष मात्र हो । अझ राज्यस्तरबाट विभेद हुनु वा त्यस्तो विभेधलाई सम्बोधन नगर्नु अन्याय हो । त्यसैले यो प्रतिस्पर्धात्मक विश्वमा यस्ता वञ्चितीकरणहरूको अन्त्य गरी लोक कल्याणकारी राज्यको निर्माण गर्नतर्फ धेरै मुलुकहरू लागि परेका छन् ।

## २. नेपालमा समावेशीकरण र समतामूलक समाज निर्माणका लागि भएका प्रयास

नेपालमा प्रजातन्त्रको उदयसँगै हरेक दलले आफ्नो घोषणपत्रमा समतामूलक समाज निर्माण गर्ने प्रतिबद्धता जाहेर गरेको देखिन्छ । ती दलहरू सरकारमा पुगेपछि बनेको हरेक आवधिक योजनामा पनि समतामूलक समाजको निर्माण गर्ने प्रयत्न भएको पाइन्छ। नागरिकलाई समावेशीकरणको सिद्धान्तअनुसार मूल धारमा समाहित गरी समतामूलक समाजको निर्माण गर्नका लागि समावेशी नीतिलाई मूल नीतिका रूपमा अवलम्बन गरिएको देखिन्छ। समावेशीकरण सशक्तीकरण र मूल प्रवाहीकरणलाई माध्यमका रूपमा लिएको पाइन्छ। नेपालमा भएका प्रयासहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

### (क) शासकीय प्रणालीमा सुधार

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको हुने गरी निर्वाचन हुने

सभामुख र उपसभामुखमा एक जना महिला हुनुपर्ने

राष्ट्रिय सभामा समानुपातिक महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिलगायतको प्रतिनिधित्व हुने

प्रतिनिधि सभा र प्रदेश सभाको समानुपातिकतर्फ दलहरूले बन्द सूची पेस गर्दा पचास प्रतिशत महिला र बाँकी पचास प्रतिशतमा पनि आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति, मधेसी र अल्पसङ्ख्यकको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने

सङ्घीय कार्यपालिका र प्रदेश कार्यपालिकामा समावेशी सिद्धान्तका आधारमा मन्त्रिपरिषद्को गठन गर्नुपर्ने

#### स्थानीय कार्यपालिकामा

१. गाउँ कार्यपालिकामा गाउँसभाले निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यक समुदायबाट दुई जना र महिला चार जना गरी छ जना थप सदस्य हुने

२. नगर कार्यपालिकामा नगरसभाले निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यक समुदायबाट तीन जना र महिला पाँच जना गरी आठ जना थप सदस्य हुने

३ जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने

### (ख) राज्यका संयन्त्रमा सुधार

निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई सत्प्रतिशत मानेर तालिकामा दिइएअनुसार छओटा समूह तथा समुदायका बिचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था रहेको छ ।

| समावेशी क्षेत्र | निजामती सेवा, न्याय सेवा, शिक्षक सेवा | सैनिक, प्रहरी सेवा |
|---|---|---|
| (क) महिला | ३३ | २० |
| (ख) आदिवासी/जनजाति | २७ | ३२ |
| (ग) मधेसी | २२ | २८ |
| (घ) दलित | ९ | १५ |
| (ङ) अपाङ्ग | ५ | - |
| (च) पिछडिएको क्षेत्र | ४ | ५ |
| जम्मा | १०० | १०० |

समावेशीतर्फको आरक्षणको व्यवस्था

प्रहरी र सेनामा हुने विज्ञापनमा भने आरक्षणका लागि छुट्याइएको ४५ प्रतिशतलाई १०० प्रतिशत मानी त्यसलाई पाँच समूहका आरक्षणको व्यवस्था गरिएको छ। पिछडिएको क्षेत्रअन्तर्गत रहेका अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई पनि आरक्षणको व्यवस्था गरिएको छ।

### (ग) सामाजिक न्यायका क्षेत्रमा सुधार

सामाजिक न्यायका क्षेत्रमा देहायअनुसारका सुधारहरू गरिएको छ :

सामाजिक सुरक्षा भत्ताको व्यवस्था

संवैधानिक अङ्गका रूपमा समावेशी आयोग, दलित आयोग, मधेसी आयोग, महिला आयोग, थारु आयोग र मुस्लिम आयोगको व्यवस्था

पारिश्रमिकमा समानताको व्यवस्था

तालिम तथा स्वरोजगार कार्यक्रमहरूको सञ्चालन

छात्रवृत्तिको व्यवस्था

छुवाछुत, कमैया, हलिया, कमलरी, देउकी, झुमा, छाउपडीलगायतका कुप्रथाको अन्त्यका लागि कानुनी व्यवस्था र विशेष कार्यक्रमहरू सञ्चालन

श्रमिकको न्यूनतम ज्यालाको निर्धारण

## क्रियाकलाप

१. तपाईँको समुदायमा समतामूलक समाज निर्माणका लागि भएका प्रयासका उदाहरणहरू सङ्कलन गरी कक्षामा सुनाउनुहोस् ।

२. "समतामूलक समाजको निर्माणका मुख्य चुनौतीहरू खोजी गरी कक्षामा छलफल गर्नुहोस् ।

२. "समतामूलक समाजको निर्माण, एक्काइसौँ शताब्दीको प्रण" शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) समतामूलक समाजको परिचय दिनुहोस् ।

(ख) समतामूलक समाज निर्माण गर्ने उपायहरू प्रस्तुत गर्नुहोस् ।

(ग) नेपालमा समावेशीकरणका लागि भएका प्रयासहरूको समीक्षा गर्नुहोस् ।

(घ) समतामूलक समाज निर्माणमा तपाईँले खेल्न सक्ने भूमिकाको सूची तयार पार्नुहोस् ।

## परियोजना कार्य

तपाईँको समुदायलाई कसरी समतामूलक समाज बनाउन सकिएला ? त्यहाँको विद्यमान अवस्था, हालसम्म भएका प्रयासहरू र अब गर्नुपर्ने प्रयत्नहरू समेटेर एक प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ : 1

# सरकारको गठन प्रक्रिया

नेपाल सङ्घीय लोकतान्त्रिक गणतान्त्रात्मक संसदीय शासन व्यवस्था भएको देश हो । यहाँको शासकीय स्वरूप बहुलवादमा आधारित छ । यो बहुदलीय प्रतिस्पर्धाका आधारमा जनताद्वारा निर्वाचित जनप्रतिनिधिले शासन गर्ने प्रणाली हो । राष्ट्रपतिदेखि वडा सदस्यसम्म शासनका सबै तहमा बस्ने पदाधिकारीहरू निश्चित अवधिका लागि निर्वाचित हुन्छन् ।

## १. राष्ट्राध्यक्ष

देशको राष्ट्राध्यक्षका रूपमा राष्ट्रपति रहने व्यवस्था छ । संविधानको भाग ६, धारा ६१ देखि ७३ सम्म राट्रपति र उपराष्ट्रपतिसम्बन्धी व्यवस्था रहेको छ । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुने छ । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने व्यवस्था संविधानमा गरिएको छ । राष्ट्रपतिले नेपालको संविधान र सङ्घीय कानुनबमोजिम आफ्नो कार्य सम्पादन गर्ने छन् । राष्ट्रपतिको मुख्य काम कर्तव्य राष्ट्रिय एकताको प्रवर्धन गर्नु, संविधानको पालन गर्नु र संरक्षण गर्नु हो । संविधान वा सङ्घीयकानुनबमोजिम किटानीसाथ व्यवस्था भएका कार्यबाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट मात्र गर्नुपर्छ । त्यस्तो कार्यको सिफारिस र सम्मति प्रधानमन्त्रीमार्फत राष्ट्रपतिसमक्ष पेस हुन्छ । राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिले गर्दै आएका सबै काम उपराष्ट्रपतिले गर्ने छन् ।

### (क) सरकारको गठन प्रक्रिया

नेपालमा तीन तहको सरकार रहेको छ । केन्द्रमा सङ्घीय सरकार, प्रदेशमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकार । यी तीनओटै तहका सरकारहरूको गठन प्रक्रिया यसप्रकार रहेको छ :

### (अ) सङ्घीय सरकारको गठन प्रक्रिया

नेपालको कार्यकारिणी अधिकार सङ्घीय मन्त्रिपरिषद्मा निहित हुन्छ । यसअनुसार सङ्घ वा केन्द्रमा सङ्घीय मन्त्रिपरिषद् रहन्छ । यसलाई सङ्घीय सरकार वा नेपाल सरकार पनि भनिन्छ । सङ्घीय मन्त्रिपरिषद्का प्रमुख प्रधानमन्त्री हुन्छन् । प्रधानमन्त्री प्रतिनिधिसभाबाट चुनिन्छन् । त्यसैले सङ्घीय सरकार गठन भन्नाले प्रधानमन्त्रीको नियुक्ति भन्ने बुझ्नुपर्छ । प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घो षणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले पैंतिस दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी

प्रक्रिया सम्पन्न गर्नुपर्ने बाध्यकारी व्यवस्था संविधानले गरेको छ । प्रतिनिधि सभामा जम्मा २७५ जना सदस्य रहन्छन् । यदि एउटै दलले ५० प्रतिशतभन्दा बढी सदस्य सङ्ख्या जितेमा उक्त दलको बहुमत कायम रहन्छ । प्रतिनिधि सभामा दलहरूले प्राप्त गरेका सदस्य सङ्ख्याका आधारमा सरकार गठन प्रक्रिया निम्नानुसार हुने व्यवस्था रहेको छ :

१. संविधानको धारा ७६ उपधारा १ बमोजिम राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छन् र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने छ ।

२. धारा ७६ उपधारा (२) मा व्यवस्था भएअनुसार उपधारा (१) बमोजिम प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नसक्ने प्रावधान छ ।

३. धारा ७६ उपधारा (३) मा प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नसक्ने प्रावधान छ ।

४. धारा ७६ उपधारा (५) मा व्यवस्था भएअनुसार उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नसक्ने प्रावधान छ ।

   यदि बिचैमा प्रधानमन्त्रीको पद रिक्त भएमा पनि क्रमैसँग यिनै प्रक्रियाबाट प्रधानमन्त्री नियुक्त हुने छन् ।

   राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित बढीमा पच्चिस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था नेपालको संविधानमा रहेको छ । यस्तो मन्त्रिपरिषद्मा संसद्को सदस्य नभएको व्यक्तिलाई पनि समावेश गर्न सकिने तर उक्त व्यक्ति छ महिनाभित्र संसद्को सदस्य बन्नुपर्ने प्रावधान छ । उक्त प्रतिनिधि सभाको निर्वाचनमा पराजित भएको व्यक्ति भने यस प्रक्रियाबाट पनि मन्त्री पदमा नियुक्ति हुन नसक्ने व्यवस्था रहेको छ ।

५. संविधानको धारा ७६ उपधारा ७ अनुसार उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्न सक्ने व्यवस्था छ ।

## (ख) प्रदेश सरकारको गठन

हाम्रो देशमा सङ्घीय शासन प्रणालीअनुसार सातओटा प्रदेशहरू रहेका छन् । प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहन्छन् । राष्ट्रपतिले प्रत्येक प्रदेशका लागि एक प्रदेश प्रमुख नियुक्ति गर्छन् ।

प्रत्येक प्रदेशमा प्रदेश सरकार रहेको हुन्छ । प्रदेश सरकारका प्रमुखका रूपमा मुख्य मन्त्री रहन्छन् । मुख्यमन्त्रीको छनोट प्रदेश सभाबाट हुन्छ र उनको नियुक्ति प्रदेश प्रमुखले गर्छन् । प्रदेश सरकारको गठन पनि सङ्घीय सरकारको गठन जस्तै प्रक्रियाहरू अपनाई गरिन्छ । संविधानबमोजिम भएको प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा मुख्यमन्त्रीको पद रिक्त भएको मितिले पैँतिस दिनभित्र यस धाराबमोजिम मुख्यमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने छ। प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेश सभाका कुल सदस्य सङ्ख्याको बिस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने छन् । प्रदेश सरकार गठन गर्नको लागि निम्नानुसारको व्यवस्था गरिएको छ :

१. संविधानको धारा १६८ उपधारा १ बमोजिम प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्छन् र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुने छ ।

२. धारा १६८ उपधारा (२) अनुसार उपधारा (१) बमोजिम प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नसक्ने व्यवस्था छ ।

३. धारा १६८ उपधारा (३) बमोजिम प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२)बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्य भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

४. धारा १६८ उपधारा (५) को प्रावधानअनुसार उपधारा (३) बमोजिमनियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नसक्ने व्यवस्था छ ।

यसरी उपधारा २, ३ र ५ अनुसार नियुक्त मुख्यमन्त्रीले नियुक्ति भएको ३० दिनभित्र प्रदेश साभामा विश्वासको मत लिनुपर्ने छ ।

५. संविधानको धारा १६८ उपधारा (७) अनुसार उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गर्ने छन् । नयाँ सरकार गठनका लागि जनादेश लिन छ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नसक्ने व्यवस्था छ ।

### (ग) स्थानीय सरकारको गठन

स्थानीय सरकारका रूपमा गाउँपालिकामा गाउँ कार्यपालिका र नगरपालिकामा नगर कार्यपालिका र हन्छ । यसको गठन स्थानीय निर्वाचनबाट हुन्छ । केही सदस्य भने गाउँसभा र नगर सभाबाट निर्वाचित हुने व्यवस्था रहेको छ । स्थानीय सरकारका पदाधिकारीहरूको पदावधि पाँच वर्ष हुन्छ । स्थायी सरकार गठन प्रक्रिया निम्नानुसार छ :

| गाउँ कार्यपालिकाको गठन | नगर कार्यपालिकाको गठन |
|---|---|
| (क) स्थानीय सरकारका रूपमा गाउँ कार्यपालिका अध्यक्षको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुन्छ । | (क) स्थानीय सरकारका रूपमा नगर कार्यपालिका प्रमुखको अध्यक्षतामा नगर कार्यपालिका गठन हुन्छ । |
| (ख) सम्बन्धित गाउँपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम अध्यक्ष र उपाध्यक्ष निर्वाचित हुने छन् । | (ख) सम्बन्धित नगरपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतका आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम प्रमुख र उपप्रमुखको निर्वाचित हुने छन् । |
| (ग) प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्षहरू गाउँ कार्यपालिका सदस्य हुन्छन् । | (ग) प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्षहरू नगर कार्यपालिका सदस्य हुन्छन् । |
| (घ) गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्यसमेत कार्यपालिकाका सदस्य रहने व्यवस्था छ । | (घ) नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्यसमेत नगर कार्यपालिका सदस्य रहने व्यवस्था छ । |
| (ङ) गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका दुई जना दलित वा अल्पसङ्ख्यक समुदायका सदस्य गाउँ कार्यपालिकाको सदस्य रहने व्यवस्था छ । | (ङ) नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका तीन जना दलित वा अल्पसंख्यक समुदायका सदस्य नगर कार्यपालिकाको सदस्य रहने व्यवस्था छ । |
| (च) गाउँ कार्यपालिकामा जम्मा सदस्य : अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू र गाउँ सभाबाट निर्वाचित थप छ जना सदस्य हुन्छन् । | (च) नगर कार्यपालिकामा जम्मा सदस्य : प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू र नगर सभाबाट निर्वाचित थप आठ जना सदस्य हुन्छन् । |

### क्रियाकलाप

१. नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी व्यवस्थाहरू अध्ययन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. कक्षालाई प्रतिनिधिसभा वा प्रदेश सभा मानी सङ्घीय सरकार वा प्रदेश सरकार गठन प्रक्रियाका सबै चरणको नमुना अभ्यास गर्नुहोस् ।

३. नेपालको संविधानको धारा २१५, २१६, २२२ र २२३ अध्ययन गरी स्थानीय सरकार गठन प्रक्रियाका बारेमा थप जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईँको गाउँ कार्यपालिकामा/नगर कार्यपालिकामा कति जना सदस्यहरू छन् र उनीहरूको चयन कसरी भएको हो, सोधेर लेख्नुहोस् ।

### अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) प्रदेश सरकार गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

(ख) सङ्घीय सरकार र प्रदेश सरकारको गठन प्रक्रियामा के के समानता र भिन्नता रहेका छन् ? उल्लेख गर्नुहोस् ।

(ग) स्थानीय सरकार गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

पाठ : २

# सरकारका काम, कर्तव्य र अधिकार

नेपालको संविधानमा सङ्घीय, प्रदेश र स्थानीय सरकारका काम, कर्तव्य र अधिकार तोकिएको छ । सङ्घीय सरकारको कार्य क्षेत्र पुरै देश हुन्छ । प्रदेश सरकारले आफ्नो प्रदेशभित्र र स्थानीय सरकारले आफ्नो गाउँपालिका र नगरपालिका क्षेत्रभित्र काम गर्छन् । यसका लागि संविधानको अनुसूची पाँचदेखि नौसम्म प्रत्येक सरकारको एकल, साझा र संयुक्त अधिकार सूची तय गरिएका छन् । संविधानअनुसार अनुसूची ५ मा सङ्घीय सरकार, ६ मा प्रदेश सरकार र ८ मा स्थानीय सरकारका एकल अधिकार क्षेत्रको व्यवस्था गरिएको छ। अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकार सूचीको व्यवस्था गरिएको छ । यस अनुसूचीको अधिकार सङ्घ र प्रदेश दुवैले कानुनबमोजिम प्रयोग गर्न पाउँछन् । अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीको व्यवस्था गरिएको छ । अनुसूची ९ को अधिकार तीनओटै सरकारले कानुनबमोजिम प्रयोग गर्न पाउँछन् ।

## १. सङ्घीय सरकारको काम, कर्तव्य र अधिकार

नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहेको छ । नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा रहेको छ। नेपालको सङ्घीय कार्यकारिणीसम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुन्छ । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई बजेट उपलब्ध गराउने कार्य गर्छ ।

### सङ्घीय सरकारको एकल अधिकार सूची (अनुसूची ५)

१. रक्षा र सेनासम्बन्धी : (क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण (ख) राष्ट्रिय सुरक्षासम्बन्धी
२. युद्ध र प्रतिरक्षा
३. हातहतियार, खरखजाना कारखाना तथा उत्पादनसम्बन्धी
४. केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा
५. केन्द्रीय योजना, केन्द्रीय बैङ्क, वित्तीय नीति, मुद्रा र बैङ्किङ, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण
६. परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसङ्घसम्बन्धी
७. अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता, सुपुर्दगी, पारस्परिक कानुनी सहायता अन्तर्राष्ट्रिय सीमा, अन्तर्राष्ट्रिय सीमा नदी

८. दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो, टेलिभिजन र हुलाक

९. भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना

१०. सङ्घीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा

११. जलस्रोतको संरक्षण र बहुआयामिक उपयोगसम्बन्धी नीति र मापदण्ड

१२. अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत् प्रसारण लाइन

१३. केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर)

१४. केन्द्रीय स्तरका ठुला विद्युत, सिँचाइ र अन्य आयोजना तथा परियोजना

१५. केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय

१६. स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन

१७. राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण

१८. सङ्घीय संसद, सङ्घीय कार्यपालिका, स्थानीय तहसम्बन्धी मामिला, विशेष संरचना

१९. अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन

२०. हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल

२१. राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन

२२. सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासनसम्बन्धी कानुन

२३. नागरिकता, राहदानी, भिसा, अध्यागमन

२४. आणविक ऊर्जा, वायुमण्डल र अन्तरिक्षसम्बन्धी

२५. बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकारसमेत)

२६. नापतौल

२७. खानी उत्खनन

२८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा

२९. बिमा नीति, धितोपत्र, सहकारी नियमन

३०. भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन

३१. फौजदारी, देवानी कानुनको निर्माण

३२. सुरक्षित छापाखाना

३३. सामाजिक सुरक्षा र गरिबी निवारण

३४. संवैधानिक निकायहरू, राष्ट्रिय महत्त्वका आयोगहरू

३५. पुरातात्त्विक महत्त्वका स्थान र प्राचीन स्मारक सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र सङ्घीयकानुनमा नतोकिएको विषय् ।

## २. प्रदेश सरकारको काम, कर्तव्य र अधिकार

प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषद्मा निहित हुन्छ। सङ्घीय शासन लागु भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा नेपाल सरकारको निर्देशनबमोजिम प्रदेश प्रमुखले प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्छन्। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहेको छ। प्रदेशको कार्यकारिणी कार्यहरू प्रदेश सरकारका नाममा हुने छन्।

### संविधानको अनुसूची ६ मा व्यवस्था भएको प्रदेशको एकल अधिकारको सूची

१. प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा

२. नेपाल राष्ट्र बैङ्कको नीतिअनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग

३. रेडियो, एफ. एम, टेलिभिजन सञ्चालन

४. घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना

५. प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा

६. प्रदेश तथ्याङ्क

७. प्रदेश स्तरको विद्युत, सिचाइ र खानेपानी सेवा, परिवहन

८. प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय

९. स्वास्थ्य सेवा

१०. प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद्सम्बन्धी

११. प्रदेशभित्रको व्यापार

१२. प्रदेश लोकमार्ग

१३. प्रदेश अनुसन्धान ब्युरो

१४. प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय

१५. प्रदेश लोक सेवा आयोग

१६. भूमि व्यवस्थापन, जग्गाको अभिलेख

१७. खानी अन्वेषण र व्यवस्थापन

१८. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग

१९. प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन

२०. कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात

## संविधानको अनुसूची ७ मा व्यवस्था भएको सङ्घ र प्रदेशको साझा अधिकारको सूची

१. फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)

२. आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन

३. देशको सुरक्षासँग सम्वन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था

४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण

५. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्वन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन

६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना

७. करार, सहकारी, साझेदारी र एजेन्सीसम्वन्धी

८. टाट पल्टेको र दामासाहीसम्वन्धी, औषधी र विषादि

९. योजना, परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापन

१०. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवादसम्वन्धी कार्य

११. कानुन व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेसा

१२. प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता

१३. सञ्चार माध्यमसम्वन्धी, उद्योग तथा खनिज र भौतिक पूर्वाधार, क्यासिनो, चिट्ठा

१४. प्राकृतिक तथा गैरप्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ

१५. पर्यटन, खानेपानी तथा सरसफाइ

१६. चलचित्र, सिनेमा हल, खेलकुद

१७. विमा व्यवसाय सञ्चालन र व्यवस्थापन

१८. गरिबी निवारण र औद्योगिकीकरण

१९. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास, रोजगारी र बेरोजगार सहायता

२०. अन्तरप्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग, भूमि नीति र सोसम्बन्धी कानुन

## ३. स्थानीय सरकारको काम, कर्तव्य र अधिकार

स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहेको छ। स्थानीय तहले अनुसूची ८ र अनुसूची ९ मा उल्लेख भएबमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्छन्। गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुन्छ। गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने व्यवस्था संविधानले गरेको छ।

### संविधानको अनुसूची ८ मा व्यवस्था भएको स्थानीय तहको एकल अधिकारको सूची

१. नगर प्रहरी

२. सहकारी संस्था

३. एफ.एम. सञ्चालन

४. स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन

५. स्थानीय सेवाको व्यवस्थापन

६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू

८. आधारभूत र माध्यमिक शिक्षा

९. आधारभूत स्वास्थ्य र सरसफाइ

१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ

१२. गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

१३. स्थानीय अभिलेख व्यवस्थापन

१४. घर जग्गा धनी पुर्जा वितरण

१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

१६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

१७. बेरोजगारको तथ्याङ्क सङ्कलन

१८. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण

१९. खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा

२०. विपद् व्यवस्थापन

२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

२२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

## ४. सङ्घीय, प्रदेश र स्थानीय सरकारबिच अन्तरसम्बन्ध

नेपालमा सङ्घ, प्रदेश र स्थानीय तीनओटै तहका सरकारबिचमा अन्तरसम्वन्ध रहेको छ। ती सरकार एकअर्कामा स्वायत्त रहे पनि तिनीहरूबिचमा सहकार्य, समन्वय र सहअस्तित्वको सम्बन्ध रहेको हुन्छ। तीनओटै सरकार गठन तथा सञ्चालनको मूल आधार संविधान हो । संविधानको अनुसूची ७ मा सङ्घ तथा प्रदेशबिचको अधिकारको साझा सूचीको व्यवस्था गरिएको छ भने अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीयबिचको अधिकारको साझा सूची राखिएको छ । यसबाट ती तीनओटै सरकारका बिचमा अन्तरसम्वन्ध छ भन्ने देखिन्छ । त्यसै गरी सङ्घले बनाएको कानुन प्रदेश र स्थानीय तहमा समेत क्रियाशील हुन्छ भने प्रदेश र स्थानीय तहले कानुन बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउनुपर्छ । प्रदेश लोकसेवा आयोग नबनेसम्म प्रदेश र स्थानीय तहमा सङ्घले नै कर्मचारीहरू उपलब्ध गराउने व्यवस्था रहेको छ । प्रदेश र स्थानीय तहले वैदेशिक सहायता लिनुपर्दा सङ्घीय सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। सङ्घले सङ्कलन गरेको राजस्व सङ्घले प्रदेश र स्थानीय तहलाई समेत न्यायोचित रूपमा वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश र स्थानीय तहले सङ्कलन गरेका राजस्व, रोयल्टीको केही हिस्सा केन्द्र, प्रदेश र स्थानीय तहमा कानुनमा तोकिएअनुसार रहने व्यवस्था छ । प्रदेश र स्थानीय तहको निर्वाचन पनि सङ्घीय कानुनबमोजिम हुन्छ । निर्वाचन आयोगले तीनओटै तहको निर्वाचन गराउँछ। राज्य सञ्चालनका क्रममा सङ्घले प्रदेश तथा स्थानीय तहलाई निर्देशन दिन सक्छ। प्रदेश र स्थानीय तहले त्यसको पालना गर्नुपर्छ। त्यसै गरी प्रदेश र स्थानीय तहलाई आवश्यक पर्दा सङ्घले सहयोग गर्नुपर्ने व्यवस्था छ ।

तीनओटै सरकारको सहकार्य र समन्वयबाट देशको सबै भागमा समानुपातिक विकास गर्ने र जनतालाई सुविधाहरू उपलब्ध गराउने कार्य गर्नुपर्छ । कुनै एक तहले समन्वय नगर्दा जनतालाई मर्का पर्न सक्छ । यी तीनओटै तहहरू एक अर्काका परिपूरक हुन् ।

### संविधानको अनुसूची ९ मा व्यवस्था भएको अधिकारको साझा सूची

१. सहकारी, शिक्षा, खेलकुद र पत्रपत्रिका, स्वास्थ्य, कृषि

२. विद्युत्, खानेपानी, सिँचाइ जस्ता सेवाहरू
३. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
४. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
५. खानी तथा खनिज
६. विपत् व्यवस्थापन
७. सामाजिक सुरक्षा र गरिबी निवारण
८. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क
९. पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रहालय
१०. सुकुम्बासी व्यवस्थापन
११. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
१२. सवारी साधन अनुमति

## *क्रियाकलाप*

१. **कक्षाका विद्यार्थीको समूह बनाई प्रत्येक समूहले नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्म एक एकओटा अनुसूचीको अध्ययन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको सम्बन्धमा छलफल गरी ती तीनओटा सरकारबिचको अन्तरसम्बन्धका बुँदाहरू तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

**(क) प्रत्येक तहका सरकारका मुख्य १०, १० ओटा अधिकारको सूची तयार पार्नुहोस् ।**

**(ख) सङ्घीय सरकारका काम कर्तव्यहरूलाई विकासका काम, सुरक्षासम्बन्धी काम, वैदेशिक सम्बन्धसम्बन्धी काम र प्रशासनिक काममा वर्गीकरण गर्नुहोस् ।**

**(ग) सबै तहका सरकारका बिचमा किन अधिकारका साझा सूची तयार गरिएको होला ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

## *परियोजना कार्य*

**तपाईँको जिल्लामा सरकारी स्तरबाट भएका कार्यहरूको सूची तयार पार्नुहोस् । तीमध्ये कुन कुन काम सङ्घीय सरकार, कुन कुन काम प्रदेश सरकार र कुन कुन काम स्थानीय सरकारबाट भएको हो खोजी गरी छुट्याउनुहोस् ।**

पाठ : 3

# नागरिक अधिकार र कर्तव्य

नागरिक अधिकार र कर्तव्य सम्बन्धमा शिक्षक मातृकाले निम्नलिखित कुराहरूको जानकारी दिँदै कक्षाको सुरुआत गर्नुभयो ।

अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् । नागरिक राज्य निर्माणको अनिवार्य तत्त्व हो । नागरिक विनाको राज्यको परिकल्पना गर्न सकिँदैन । नागरिकले राज्यबाट अपेक्षा गरेका हक र अधिकारलाई नागरिक अधिकार भनिन्छ जुन राज्यले जनताको हितका लागि जनताको चाहनाबमोजिम संविधान र कानुनदारा प्रत्याभूत गरेको हुन्छ । राज्यको नागरिक भएको नाताले नागरिकले पनि राज्यप्रति निश्चित दायित्त्वहरु पूरा गर्नुपर्ने हुन्छ । जसलाई कर्तव्य भनिन्छ । कर्तव्य अरुले गर भनेर मात्र गरिने नभई नागरिक आफैँले बुझेर पालन गर्नुपर्ने हुन्छ ।

यसपछि शिक्षकले कक्षालाई दुई समूहमा विभाजन गरी एउटा समूहलाई नागरिक अधिकार सम्बन्धमा र अर्को समूहलाई नागरिक कर्तव्य सम्बन्धमा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गर्न भन्नुभयो । नेपालको संविधान र नेपालको देवानी कानुनी संहिताका नागरिक अधिकार र कर्तव्यसम्बन्धी विषयवस्तु समेटिएको प्रतिलिपि पनि वितरण गरी छलफल गर्न लगाउनुभयो । उनीहरुले गरेका समूहगत प्रस्तुति निम्नानुसार थिए ।

### समूह क

नागरिक अधिकार एउटा देशको नागरिक भएको नाताले उसले प्राप्त गर्ने नागरिक राजनीतिक अधिकारलाई जनाउँछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ ले नागरिक अधिकार सम्वन्धमा व्यवस्था गरेको छ । यसलाई मानव अधिकार सम्वन्धी पहिलो पुस्ताको अधिकारको रूपमा लिइन्छ । नेपालमा नागरिक अधिकार सम्वन्धमा नेपालको संविधान र अन्य कानुनी दस्तावेजले प्रत्याभूत गरेका केही अधिकारहरू यसप्रकार छन् ।

१. प्रत्येक नागरिक कानुनको दृष्टिमा समान हुने र कानुनद्वारा समान संरक्षणको अधिकार हुने

२. सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने

३. कसैलाई पनि समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नहुने व्यवस्था

४. कुनै नागरिकलाई सरकारी वा सार्वजनिक पदमा नियुक्ति गर्दा कानुनले निर्धारण गरेको योग्यताका आधारमा मात्र गरिने र त्यसरी नियुक्ति गर्दा कुनै पनि नागरिकमाथि उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने तर लिङ्ग, जात, वर्ग, अपाङगता आदिप्रति कानुनद्वारा विशेष व्यवस्था भएको मा भेदभाव गरेको नमानिने ।

५. कानुनको अधीनमा रही प्रत्येक नागरिकलाई आफ्नो विचार राख्ने तथा अभिव्यक्त गर्ने र बिना हातहतियार शान्तिपूर्वक भेला हुने तथा सभा, सम्मेलन गर्ने स्वतन्त्रता तथा अधिकार हुने छ । त्यस्तै सङ्घ वा संस्था खोल्ने, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने, कुनै पेसा, रोजगार, उद्योग, व्यवसाय गर्ने स्वतन्त्रता वा अधिकारको पनि कानुनी व्यवस्था रहेको छ । त्यस्तै नागरिकले आफूले चाहेको शिक्षा वा आफ्नो मातृभाषामा शिक्षा आर्जन गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, हस्तान्तरण गर्ने र सम्पत्तिको अन्य कुनै कारोबार गर्ने स्वतन्त्रता र अधिकार पनि पाउने छन् ।

६. आफ्नो समुदायको धर्म भाषा, लिपि वा संस्कृतिको अभ्यास संरक्षण र सम्वर्धन गर्ने, धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन गर्ने, आफ्नो जिउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको रक्षा गर्ने वा गोप्य राख्ने अधिकार हुने कानुनी व्यवस्था रहेको

७. व्यक्तिको गोपनीयताको अधिकार रहने

८. कुनै व्यक्तिको सम्पत्ति वा आयमा कानुन बमोजिम मात्र कर लगाउन सकिने

९. व्यक्तिको इच्छा विरुद्ध कुनै काममा लगाउन नपाइने

१०. कानुनबमोजिम सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले अधिकारको सिर्जना गर्न नपाउने

११. गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैँले वा निजको तर्फबाट जोसुकैले बन्दीप्रत्यक्षीकरणको आदेशका लागि सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालतमा उजुरी दिन सक्ने छ । निज उपर परेको उजुरी जाँचबुझ गर्दा कानुनविपरीत गिरफ्तार गरिएको वा थुनिएको देखिएमा सम्बन्धित अदालतले त्यसरी गिरफ्तार वा थुनिएको व्यक्तिलाई तुरुन्त थुनाबाट छाड्न आदेश दिनेछ ।

### समूह ख

कर्तव्य भन्नाले आफूले गर्नुपर्ने कार्य तथा दायित्व आफैँले जानेर वा बुझेर गर्नु र गर्न नहुने कार्य नगर्नु हो । अरूको अधिकारमा नकारात्मक असर पर्ने गरी कुनै पनि क्रियाकलाप नगर्नु वा गर्न प्रोत्साहन नगर्नु पनि कर्तव्य हो । सामान्यतया नागरिकका नैतिक कर्तव्य, कानुनी कर्तव्य, सामाजिक कर्तव्य र नागरिक कर्तव्य गरी चार किसिमका कर्तव्यहरू हुन्छन् । यसअन्तर्गत राज्यलाई कर तिर्नु, निर्वाचनमा

भाग लिनु, मतदान गर्नु, मौलिक सांस्कृतिक तथा सम्पदाको संरक्षण गर्नु जस्ता कर्तव्यहरू पर्छन् । त्यसै गरी आफ्नो परिवार, समाज र राष्ट्रप्रति जिम्मेवार हुनु पनि नागरिकको कर्तव्य हो । अनुशासनमा रहनु, असल आचरण प्रदर्शन गर्नु, चरित्रवान् रहनु, आमाबुवा गुरुको सम्मान गर्नु नैतिक कर्तव्य हुन् । आफ्ना परिवारमा मिलेर बस्ने, सहयोग गर्ने, पारिवारिक निर्णयमा सहभागी हुनु, माया, सम्मान, आदर जस्ता मानव मूल्यको प्रदर्शन गर्नु पारिवारिक दायित्व हो भने सामाजिक निति नियमको पालना, सामाजिक कार्यमा सहभागिता, सार्वजनिक सम्पदाको संरक्षण र सम्वर्धन सामाजिक दायित्वअन्तर्गत पर्दछन् । त्यस्तै कर तिर्नु, कानुनको पालना गर्नु आदि कानुनी दायित्व हुन भने देशको भलाइको काम गर्नु, देशभक्ति प्रदर्शन गर्नु, देशलाई अप्ठ्यारो पर्दा आवाज उठाउनु, राष्ट्रियताको पक्षमा वकालत गर्नु आदि राज्यप्रतिका दायित्व हुन् ।

नेपालको संविधानमा मौलिक हकको साथ साथै नागरिक कर्तव्यको पनि व्यवस्था गरिएको छ । संविधानको धारा ४८ मा नागरिकका कर्तव्यहरूको व्यवस्था यसप्रकार गरिएको छ ।

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौम सत्ता र अखण्डताको रक्षा गर्नु

(ख) संविधान र कानुनको पालना गर्नु

(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु

(घ) सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु ।

दुवै समुहको प्रस्तुतिपछि शिक्षकले निम्नानुसारको निष्कर्ष प्रस्तुत गर्नुभयो :

व्यक्तिले आफ्नो अधिकार उपभोग गर्दा अरुको अधिकारको सम्मान गर्ने तथा अरुको अधिकारको सीमालाई ख्याल गर्नुपर्छ । नागरिकले अधिकारको माग त गर्नु नै पर्छ साथै आफ्नो कर्तव्य पनि पुरा गर्नुपर्दछ । नागरिकहरूले नागरिक हकको उपयोग गर्न पाउने अवस्था सिर्जना गर्नु राज्यको दायित्व हो भने प्रत्येक नागरिकले आफ्नो हकको उपभोग गर्दै आफ्नो राज्यप्रति गर्नुपर्ने कर्तव्य पनि पूरा गर्नु पर्छ । व्यक्तिले आफ्नो अधिकार उपभोग गर्दा अरुको अधिकारको सम्मान गर्ने तथा अरुको अधिकारको सीमालाई ख्याल गर्नुपर्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २९ मा नागरिकको कर्तव्यको बारेमा उल्लेख गरिएको छ । यसमा हरेक नागरिकले आफ्नो अधिकार उपभोग गर्दा अरूको अधिकारको पनि ख्याल गर्नुपर्छ भनिएको छ । यसले आफ्नो अधिकारको उपभोग गर्दा अरूको अधिकारको हनन हुन नपाओस् भनी सदैव सजग हुनु पर्ने कुरालाई जोड दिएको छ ।

### क्रियाकलाप

१. तल दिइएको अधिकारसम्बन्धी बुँदा अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

गोपनियताको अधिकार अतिपक्रमण भएको मानिने: (१) कानुनबमोजिम बाहेक कसैले सम्बन्धित व्यक्तिको मन्जुरी नलिई देहायका कुनै काम कुरा गरेमा गोपनियताको अधिकार अतिक्रमण भएको मानिने छ :

(क) कुनै व्यक्तिको बासस्थानमा प्रवेश गरेमा

(ख) कसैको चिठीपत्र खोलेमा वा त्यसको प्रयोग गरेमा, टेलिफोन वा अन्य प्रविधिको माध्यमबाट भएको कुराकानी, बोली, ध्वनिको टेप वा रेकर्ड गरेमा वा सुनेमा

(ग) कुनै व्यक्तिको निजी जीवनको व्यवहार, आचरणको चियो चर्चा, प्रकाशन, प्रशारण वा प्रचार गरेमा

(घ) कसैको आकृति वा तस्वीर खिचेमा

(ङ) अरूको नाम, आकृति, तस्विर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा

माथि जुनसुकै कुरा लेखिएको भए तापनि कसैले साहित्यिक वा कलात्मक प्रयोजन वा सार्वजनिक हितका लागि ती खण्डहरूमा लेखिएको कुनै काम गरेमा गोपनियताको अधिकार अतिक्रमण भएको मानिने छैन ।

प्रश्नहरू

(अ) गोपनियताको अधिकार भनेको के हो ?

(आ) के कस्ता कुराहरू गोप्य राख्न पाउने अधिकार नागरिकलाई छ ?

(इ) के के भएमा गोपनियताको अधिकार अतिक्रमण भएको मानिन्छ ?

(ई) तपाईंको जीवनमा गोपनियताको अधिकार अतिक्रमण भएमा तपाईं के गर्नुहुन्छ ?

२. **नागरिक अधिकार र कर्तव्य एकै सिक्काका दुई पाटा हुन् भन्ने शीर्षकमा कक्षामा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।**

### अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) अधिकार र कर्तव्यको परिभाषा दिनुहोस् ।

(ख) नेपालको संविधानमा उल्लिखित नागरिकका कर्तव्यहरुको सूची तयार गर्नुहोस् ।

(ग) नागरिक अधिकारका आवश्यकतालाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

पाठ : ४

# किशोरकिशोरीको अधिकार र कर्तव्य

## १. किशोरावस्थाको परिचय

विश्व स्वास्थ्य सङ्गठनले परिभाषित गरेअनुसार मानव जीवनको १० वर्ष देखि १९ वर्षबिचको उमेर समूहलाई किशोरावस्था भनिन्छ । यो उमेर समूहका व्यक्तिहरू किशोरकिशोरी हुन् । यस अवस्थामा नयाँ कुरा सिक्न उत्सुक हुने, जोस जाँगर बढी हुने पनि किशोरावस्थाको जीवनशैली संवेदनशील हुन्छ । यस उमेरमा उनीहरू उच्च संवेगको अवस्थामा हुन्छन् । उनीहरू छिटो रिसाउने, छिट्टै खुसी हुने, सानो कुरामा पनि तनाव लिने, दिक्क मान्ने, आवेगमा आउने जस्ता व्यवहारहरू प्रदर्शन गर्छन् । नकारात्मक बानी व्यवहारलाई समयमै पहिचान गरी उपयुक्त परामर्श दिनु अभिभावक, समाज र शिक्षकको दायित्व हो । यस उमेरलाई आँधी तुफानको अवस्था पनि भनिन्छ । उनीहरू एकातर्फ आफैं निर्णय लिन सक्ने अवस्थामा पुगिसकेका हुँदैनन् भने अर्कातर्फ अरूको हस्तक्षेपलाई पनि मन पराउँदैनन् । यस उमेरमा म सक्षम भइसकें भन्ने पनि लाग्छ । म केही गर्न सक्दिनँ कि भन्ने डर पनि कायमै हुन्छ । बाल्यावस्थाका केही गुण बाँकी नै रहन्छन् । युवा अवस्थाको केही गुणहरू पनि विकसित भइसकेको हुन्छ । उनीहरूलाई सकारात्मक उत्प्रेरणा प्रदान गर्न सकेमा जीवनमा सकारात्मकतातर्फको मार्ग अवलम्बन गर्न मदत पुग्छ ।

## २. किशोरकिशोरीका अधिकार

किशोरकिशोरीहरू भविष्यका जिम्मेवार नागरिक हुन् । उनीहरूको अधिकारको संरक्षण र संवर्धन गर्नु राज्य, समाज र परिवारको कर्तव्य हो । किशोरकिशोरीहरू सुरुका अवस्थामा आफैं आधिकार माग्न सक्ने अवस्थामा नहुन सक्छन् भने पछिल्लो चरणमा पुग्दासम्म आफ्नो अधिकार पहिचान गर्न र माग्न सक्ने अवस्थामा पुगिसकेका हुन्छन् । त्यसैले उनीहरूलाई आफ्नो अधिकार के हो भनी पहिचान गराउनु र सो अधिकारहरूप्रति सचेतना पनि दिलाउनुपर्छ । समान्यतया किशोरकिशोरीका अधिकारलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) अभिभावकबाट संरक्षणको अधिकार : किशोरकिशोरीहरूले आफ्नो सर्वाङ्गिण विकासका निम्ति अभिभावकहरूबाट पर्याप्त संरक्षण पाउने अधिकार हुन्छ ।

(ख) सहभागिताको अधिकार : किशोरकिशोरीहरूले परिवारले आफ्ना विषयमावा पारिवारिक निर्णय गर्दा सो निर्णय प्रक्रियामा सहभागी हुन पाउने अधिकार रहन्छ । विद्यालयमा र उनीहरू प्रभावित हुने कुनै पनि सामुदायिक निर्णय प्रक्रियामा सहभागी हुन पाउनुपर्छ । किशोरकिशोरीहरूलाई आफ्नो प्रतिभा प्रस्फुटन गर्ने, सिर्जनात्मक कार्य, खेलकुद, शैक्षिक कार्य तथा सांस्कृतिक गतिविधिमा पनि सहभागी हुने अधिकार रहन्छ ।

(ग) शारीरिक, मानसिक एवम् संवेगात्मक विकासको अधिकार : किशोरकिशोरीहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक विकासका लागि उचित शिक्षा प्राप्त गर्ने अधिकार हुन्छ । त्यस्तै पौष्टिक आहार खान पाउने, मनोरञ्जन गर्न पाउने, शारीरिक व्यायाम तथा खेलकुदमा भाग लिन पाउने, सिर्जनात्मक कार्य गर्न पाउने अधिकार पनि हुन्छ ।

(घ) बालविवाहबाट मुक्त हुने अधिकार : नेपालको कानुनले विवाहको उमेर २० वर्ष तोकेकाले सो उमेर नपुगी आफैँ वा अभिभावकले आफ्ना बालबालिकालाई संस्कृति वा प्रचलनको नाउँमा बालविवाह गर्न पाइँदैन ।

(ङ) पारिवारिक तथा सामुदायिक कार्यमा सहभागी हुन पाउने : किशोरकिशोरीहरूले बाल्यावस्था पार गरिसकेका र शारीरिक तथा मानसिक रूपमा सक्षमता हासिल गरिसकेका हुनाले उनीहरूलाई पारिवारिक तथा सामुदायिक कार्यहरूमा सहभागी गराउनुपर्छ । यसबाट उनीहरूले सामाजिक दायित्व, परम्परा सिक्ने र बुझ्ने अवसर पाउँछन् । त्यसबाट उनीहरूले भविष्यको तयारी गर्ने आधार तयार हुन्छ ।

(च) यौन तथा प्रजनन स्वास्थ्यको अधिकार : किशोरकिशोरीहरू यौन तथा प्रजनन स्वास्थ्यका दृष्टिले सङ्क्रमणकालीन अवस्थामा हुन्छन् । यस उमेरमा उनीहरू विभिन्न प्रकृतिका समस्यामा पर्ने तथा गम्भीर स्वास्थ्य समस्या वा गम्भीर अपराधको सिकार हुन सक्ने अवस्था आइपर्न सक्छ । त्यसैले उनीहरूलाई उचित यौन तथा प्रजनन शिक्षा पाउने अधिकार रहन्छ ।

किशोरकिशोरीहरूका यस्ता अधिकारहरूका अतिरिक्त नेपालको मौलिक हकमा उल्लिखित हक पनि उनीहरूले पाउनुपर्छ ।

## ३. किशोरकिशोरीका कर्तव्य

किशोरकिशोरीहरू राष्ट्रका भविष्यका जिम्मेवार नागरिक हुन् । उनीहरू कर्तव्य परायण भए भने भविष्यमा समुन्नत राष्ट्र बन्न मदत पुग्छ । त्यसैले उनीहरूले आफ्नो अधिकारको उपयोगसँगै निम्नानुसारका कर्तव्यको पालना गर्ने बानी पनि बसाल्नुपर्छ ।

(क) आफ्नो परिवारको सम्मान गर्नु : धेरै जसो किशोरकिशोरीहरूलाई परिवारले वास्ता गर्दैनन् भन्ने भ्रम परेको हुन्छ । उनीहरू आफू ठुलो भइसकेका तर परिवारले बच्चा सम्झेर व्यवहार गरेको वा हेपेको ठान्छन् । त्यसैले उनीहरू परिवारका सदस्यसँग रिसाउने, झर्किने, टाढा हुन खोज्ने हुन्छन् । परिवारले भने मात्तिन लागे, बिग्रन लागे, भनेर अझ नियन्त्रण गर्ने वा अर्ती उपदेश दिन थाल्छन् । यसले गर्दा परिवारमा द्वन्द्व सुरु हुन्छ । परिवारका मान्यजन तथा अन्य सदस्यहरूलाई सम्मान गर्ने र उनीहरूले भनेका जायज कुराहरू मान्ने गर्नाले परिवारमा सुमधुर सम्बन्ध कायम हुन्छ । यसले गर्दा उनीहरूले परिवारबाट आवश्यक सहयोग तथा सहज व्यवहार प्राप्त गर्न सक्दछन् ।

(ख) समाजका अन्य व्यक्तिप्रति सम्मानजनक व्यवहार प्रदर्शन गर्नु : अरूको सम्मान गर्नाले अरूबाट पनि प्रशंसा, साथ, सहयोग र समर्थन पाइन्छ । त्यसैले समाजमा सबै व्यक्तिप्रति सम्मानजनक र उचित व्यवहार गर्नुपर्छ ।

(ग) आफ्नो शैक्षिक दायित्व पूरा गर्नु : किशोरावस्था भनेको विद्यालय तह पार गरेर उच्च शिक्षामा प्रवेश गर्ने समय पनि हो । यस समयमा गरिने अध्ययनले भविष्यको पेसा, रोजगारी र अवसरको निर्धारण गर्छ । त्यसैले किशोरावस्थाका सबैले मन लगाएर अध्ययन गर्नुपर्छ र धेरै जिज्ञासु भएर सिक्नुपर्छ । आफ्नो रुचिको क्षेत्र पहिचान गरी संलग्नता बढाउनुपर्छ ।

(घ) घरका काम सिक्नु : यस उमेरमा सबैले आफ्नो व्यक्तिगत कार्यहरू आफैँ गर्ने बानी बसाल्नुपर्छ भने घरायसी कामहरू एवम् आफ्नो परिवारको काममा पनि सहयोग गर्नुपर्छ । खाना बनाउने, लुगा धुने, घरको सरसफाइ गर्ने, खेतबारीको काम सिक्न सकिन्छ । त्यस्तै गोठ तथा पशुको स्याहार, खेतीपातीको काम र पसल वा व्यवसायको काम तथा अभिभावकले गर्ने घरेलु व्यवसायको काम पनि सिक्न सकिन्छ । यस्ता काममा सहयोग पाउँदा अभिभावकहरू पनि खुसी हुन्छन् ।

(ङ) व्यक्तिगत एवम् सामुदायिक सरसफाइमा ध्यान दिने : व्यक्तिको आकर्षण उसको व्यक्तित्वमा आधारित हुन्छ । स्वभावैले यो उमेर शृङ्गार गर्ने र सफा सुग्घर रहन मन लाग्ने उमेर हो । त्यसैले आफ्नो व्यक्तिगत सरसफाइ, चिटिक्क परेको लुगा लगाउने बानी, सामान्य शृङ्गार, मिठो बोली बचन आदिले आकर्षक व्यक्तित्व निर्माणमा मदत गर्छ । यसका साथै आफ्नो बासस्थान घर समुदायमा समेत सफा वातावरण राख्न सक्रिय हुनुपर्छ ।

(च) स्वस्थ आनिबानीको विकास र सचेतना : किशोरावस्था सङ्क्रमणकालीन अवस्था हो । त्यसैले यस समयमा विभिन्न प्रकारका शारीरिक तथा मानसिक परिवर्तनहरू भइरहेका हुन्छन् । त्यस्ता कुराहरू स्वाभाविक हुन् र आफैँ ठिक हुन्छन् भन्ने कुरा बुझ्नुपर्छ । ठिक समयमा ठिक खानेकुराहरू खाने गर्नुपर्छ। बढ्ने उमेर भएकाले स्वस्थकर खानेकुराहरू खाने गर्नुपर्छ। नियमित रूपमा शारीरिक व्यायाम गर्ने, योग ध्यानहरू सिकेर अभ्यास गर्ने गर्नुपर्छ । चुरोट, खैनी, लागु पदार्थ, जाँड रक्सीको कुलत लाग्ने उमेर यही भएको हुनाले त्यस्ता तत्त्वको लतमा फस्नु हुँदैन । अत्याधिक रूपमा मोबाइल, टिभी, कम्प्युटरलगायतका उपकरणहरू चलाएमा त्यसले पनि नराम्रो लत लाग्न सक्छ । यसले अध्ययन, पारिवारिक सम्बन्ध र सामाजिकीकरणमा नकारात्मक असर पार्न सक्छ । त्यसैले यस्ता कुराहरुमा सचेत र जिम्मेवार हुनुपर्छ ।

(छ) यौन तथा प्रजनन स्वास्थ्यका बारेमा जानकारी राख्नु : यस अवस्थामा विपरीत लिङ्गप्रतिको आकर्षण बढ्नु, यौन इच्छा जागृत हुनु, यौन क्रियाकलाप गर्न मन लाग्ने हुन सक्छ । किशोरकिशोरीहरू संयममा बस्नुपर्छ । साथीभाइको लहैलहै र क्षणिक आवेगमा आएर गलत काम गर्नु हुँदैन । किशोरीहरूको प्रजनन अङ्ग पूर्ण विकास भइसकेको हुँदैन । यस उमेरमा गर्भ धारण हुन गएमा उनीहरू असुरक्षित हुन सक्छन् । अकालमा ज्यान जान पनि सक्छ । स्वास्थ्य जोखिममा पर्ने

र सामाजिक रूपमा पनि यस्ता कार्य स्वीकार्य नहुने हुन्छ । विवाह गर्ने उमेर पूरा भइनसकेको हुनाले यस उमेरमा विवाह गर्नु कानुनले पनि दण्डनीय हुन्छ ।

आफ्ना यौनाङ्गहरूमा आएको परिवर्तनलाई स्वाभाविक ठानेर आफूलाई पढाइ लेखाइ, सिकाइ एवम् खेलकुद, सङ्गीत, नृत्य, साहित्य रचनालगायतका सिर्जनात्मक काम तथा समाज सेवामा व्यस्त राख्नुपर्छ । अश्लील साहित्य र चलचित्रको लतमा लाग्नु हुँदैन । यौन सम्पर्कबाट सर्ने रोग तथा गर्भ निरोधक उपायहरूको बारेमा राम्रो जानकारी राखेर त्यसको पालना गर्नुपर्छ । अन्यथा जीवनभर पछुताउनुपर्ने हुन्छ ।

(ज) पर्यावरण संरक्षणमा सहभागी हुनु : हाम्रो वरपरको वातावरण हाम्रै लागि हो । त्यसैले यसको संरक्षण गर्ने दायित्व किशोरकिशोरीहरूको पनि हो । सार्वजनिक ठाउँको सरसफाइ गर्ने, पानीको स्रोत तथा माटाको संरक्षण गर्ने, वनस्पति र बिरुवा रोप्ने तथा संरक्षण गर्ने कार्य गर्नुपर्छ । यसरी स्वच्छ वातावरण कायम गर्ने कार्यमा योगदान दिनुपर्छ ।

(झ) नागरिक सहभागिता : हरेक सन्तान असल नागरिकको रूपमा विकास भएको हेर्ने इच्छा अभिभावकको हुन्छ । राज्यले पनि आफ्ना नगरिकलाई असल र सक्षम नागरिकका रूपमा विकास गर्न लगानी गरेको हुन्छ । त्यसैले किशोरकिशोरीले आफ्नो देशको नियम कानुन, राजनीतिक गतिविधि, नागरिक दायित्वहरूका बारेमा जानकारी राख्नु आवश्यकतानुसार सहभागिता जनाउन आवश्यक हुन्छ ।

(ञ) अभिव्यक्ति स्वतन्त्रताका लागि जिम्मेवार हुनु : प्रजातान्त्रिक मुलुकमा अभिव्यक्तिको स्वतन्त्रता हुन्छ तर स्वछन्दता हुँदैन । त्यसलाई कानुनले नियन्त्रण गरेको हुन्छ । त्यसैले आफूले बोल्दा वा अभिव्यक्ति दिँदा वा विचार व्यक्त गर्दा अरूलाई आघात नपर्ने र कानुन विपरीत नहुने कुरामा विचार गर्नुपर्छ । सभ्य, मर्यादित र सालिन प्रस्तुतिले सबै खुसी हुन्छन् । गाली गलौज गर्नु हुँदैन । अरूलाई अपमानित गरेर वा होच्याएर बोल्नु वा लेख्नु हुँदैन ।

(ट) हौसला, हिम्मत र धैर्यता कायम राख्नु एवम् संवेगलाई नियन्त्रण गर्नु : यो उमेरमा विविध प्रकारका संवेगहरू पैदा हुन्छन् । सानो कुराले पनि उत्तेजित हुने र हतोत्साहन हुने वा दिक्क लाग्ने हुन सक्छन् । यस्तो अवस्थामा सुझबुझले काम गर्नुपर्छ । समस्यासँग लड्ने हिम्मत राख्नुपर्छ । आत्तिनु वा मात्तिनु हुँदैन । आवेगमा आएर कुनै पनि गलत निर्णय लिनु हुँदैन । धैर्य राख्नुपर्छ । साथीहरूलाई भन्नुपर्छ र अग्रजहरूसँग सल्लाह लिनुपर्छ । हौसला हिम्मत र धैर्यताले सकारात्मक उत्प्रेरणा प्रदान गर्ने हुँदा यी पक्षहरूमा सचेत रहनुपर्दछ ।

(ठ) सामाजिक सञ्जाल र इन्टरनेटको दुरूपयोग तथा कुलतबाट बच्नु : किशोरकिशोरीहरू सामाजिक सञ्जालहरू तथा भिडियो गेमको कुलतमा फसेर विभिन्न समस्यामा परेका उदाहरणरू प्रशस्तै छन् । त्यसैले यसको सिर्जनशिल र रचनात्मक उपयोग गर्नुपर्छ तर दुरुपयोग गर्ने वा कुलतमा फस्नु हुँदैन । आफू समस्यामा परेको कुरा साथि वा अभिभावकलाई बताउनुपर्छ । त्यस्ता कुराहरू लुकाउनु हुँदैन ।

## क्रियाकलाप

१. किशोरकिशोरीहरूका अधिकार र कर्तव्यमध्ये तपाईँले उपयोग गरेका अधिकार र पालना गरेको कर्तव्यको सूची तयार पार्नुहोस् ।

| अधिकार | उपयोग गरेका | आंशिक उपयोग गरेका | उपयोग नगरेका |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| कर्तव्य | पूरा गरेको | आंशिक पूरा गरेको | पूरा नगरेको |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

२. कक्षामा विभिन्न समूह बनाई किशोरकिशोरीको अधिकार र कर्तव्य सम्बन्धमा छलफल गर्नुहोस् ।

३. किशोरकिशोरीका अधिकार र कर्तव्य समेटिएका कथा, कविता, गीत वा पोस्टर तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) किशोरकिशोरीहरूको अधिकारको सूची बनाई ती अधिकारहरू प्राप्त नभएमा के के असर पर्न सक्छ, उल्लेख गर्नुहोस् ।

(ख) किशोरकिशोरीहरूले कर्तव्य पालना गर्दा हुने फाइदाको सूची तयार पार्नुहोस् ।

(ग) 'किशोरकिशोरीका लागि यौन तथा प्रजननको विषय अधिकार र कर्तव्य दुवै हो ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

## परियोजना कार्य

हिजो आज किशोरकिशोरीको दैनिकीमा सूचना प्रविधि र मोबाइल फोनको नकारात्मक प्रभावहरू देखा पर्न थालेका छन् । तपाईँको समुदायमा यसबाट परेको प्रभावका घटना वा पत्रपत्रिकाबाट त्यस्ता घटना खोजेर समीक्षा गर्नुहोस् ।

पाठ : ५

# मुलुकी संहिता

वि.सं. १९१० मा जङ्गबहादुर राणाले युरोप यात्राबाट फर्केपछि त्यहाँको शासन व्यवस्थाबाट प्रभावित भएर नेपालमा पनि हुकुमी कानुनले मात्र चल्दैन भन्ने सोची मुलुकी ऐनको निर्माण गर्न लगाए । यद्यपि यो कानुनले कतिपय विकृतिहरू र कुसंस्कारलाई मान्यता दिएर अझै संस्थागत गरेको भए पनि पहिलो लिखित कानुनका रूपमा यसका धेरै सकारात्मक पक्ष पनि थिए । मानवको जीवनमा जन्मेदेखि मृत्यु नभएसम्म हुने गतिविधिमा आधारित कानुनलाई मुलुकी ऐन भनिएको छ । वि.सं. २०२० सालमा यस कानुनका केही असान्दर्भिक दफाहरू संशोधन गरी समयसापेक्ष सुधार गरेर मुलुकी ऐन २०२० जारी गरियो । झन्डै १६४ वर्ष पुरानो मुलुकी ऐनले विद्यमान परिवर्तित परिस्थितिमा काम नगर्ने हुँदा एक्काइसौँ शताब्दीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश एवम् विश्वव्यापी मानव अधिकारका मान्यतासमेतलाई विचार गरी वि.सं. २०७४ मा मुलुकी संहिता ऐन जारी गरियो । यो ऐन २०७५ भदौ १ गते बाट लागु भएको हो । यसअन्तर्गत पाँचओटा ऐनहरू रहेका छन् । यीमध्ये मुलुकी देवानी संहिता २०७४ र मुलुकी अपराध संहिता २०७४ सर्वसाधाराण, न्यायिक निकाय तथा कानुन कार्यान्वियन गर्ने अधिकारी सबैका लागि बनेका कानुन हुन् । मुलुकी देवानी कार्यविधि २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी (कसुर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ न्यायिक निकाय तथा कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि बनेका कानुन हुन् । यी कानुनको कार्यान्ययका क्रममा कसैले पनि कानुन थाहा छैन भन्न पाउँदैन भन्ने मान्यता राखिएको हुन्छ । कानुन थाहा थिएन गल्ती भयो भनेर कुनै पनि अपराधबाट छुट पाइँदैन । सबै नागरिकले कानुन जानेको छ भन्ने मान्यता राखेर कारवाही गरिन्छ । त्यसैले यस पाठमा सो कानुनका केही महत्त्वपूर्ण बुँदाहरूका बारेमा जानकारी गराइएको छ ।

**मुलुकी संहिताहरू**

१. मुलकी देवानी संहिता २०७४
२. मुलुकी देवानी कार्यविधि संहिता २०७४
३. मुलुकी अपराध संहिता २०७४
४. मुलुकी फौजदारी कार्यविधि संहिता २०७४
५. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४

मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि संहिता देवानी प्रकृतिका मुद्दाहरूको निरुपण गर्नका लागि बनेका हुन् भने बाँकी तीनओटा कानुन फौजदारी मुद्दा निरूपण गर्नका लागि बनेको हुन् । यी सबै कानुनको मुख्य उद्देश्य देशमा शान्ति, सुरक्षा र न्याय कायम गर्नु हो । अन्यायमा परेकालाई न्याय दिलाउनु र अन्याय गर्ने व्यक्ति वा अपराधीलाई कानुनबमोजिम सजाय दिलाई समाजमा नैतिक आचरण, अनुशासन र सदाचार कायम राख्नु हो ।

| देवानी मुद्दा | फौजदारी मुद्दा |
|---|---|
| यसअन्तर्गत कनुनबमोजिम फौजदारी मुद्दाको रूपमा परिभाषित गरिएबाहेकका कानुनी हक, दायित्व, हैसियत, पद, पारिवारिक सम्बन्ध वा सम्पत्तिसम्बन्धी मुद्दा पर्छ जस्तै :<br>• नाता कायम वा सम्बन्ध विच्छेद<br>• दस्तुर, पारिश्रमिक, तलब, भत्ता, ज्याला<br>• अंश, अपुताली, दान, बकस, संरक्षक, माथवर, मातृक तथा पैतृक अख्तियारी, धर्म पुत्र वा धर्म पुत्री<br>• कुनै करार, अर्ध करार, अनुचित समृद्धिअन्तर्गतको कुनै हक वा दावी<br>• दुष्कृति, अर्ध दुष्कृति वा त्रुटिपूर्ण उत्पादनसम्बन्धी हक वा दावी<br>• सुविधाभार, क्षतिपूर्ति र देवानी प्रकृतिको अन्य कुनै विषय | यसअन्तर्गत मारपिट, चोरी, डकैती, ज्यान आदि विषयसम्बन्धी मुद्दाहरू पर्छन् । देवानी मुद्दाबाहेकका मुद्दाहरू फौजदारी मुद्दा हुन् । जस्तै :<br>• ज्यानसम्बन्धी, कुटपिट वा अङ्गभङ्गसम्बन्धी कसुर<br>• राज्यविरुद्धका कसुर<br>• मनव वेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर<br>• नागरिकतासम्वन्धी कसुर<br>• लागु औषधसम्वन्धी कसुर<br>• सवारी साधनल गर्न दुर्घटनासम्बन्धी कसुर<br>• राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरुद्धको कसुर<br>• करणीसम्वन्धी कसुर<br>• चोरी, डाँका, लुटपिट, ठगी, नाप तौलसम्बन्धी कसुर<br>• गोपनीयता र गाली वेइज्जतिसम्बन्धी कसुर<br>• अपराध संहिता २०७४ को भाग २ र ३ मा उल्लिखित सबै अपराधसम्बन्धी कसुरहरू |

## १. मुलुकी देवानी संहिता

मुलुकी देवानी संहितामा उल्लेख भएअनुसार मुलुकमा कानुन र व्यवस्था कायम गर्न यो संहिता बनेको हो । यसले सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवम् आर्थिक हित कायम राख्न मदत गर्छ । आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न सहयोग गर्छ । विभिन्न जात, जाति वा सम्प्रदायबिचको सुसम्वन्ध कायम राख्नका लागि पनि यसले मार्गदर्शन गर्छ ।

## ३. देवानी संहितामा भएका केही कानुनी प्रावधान

### देवानी संहिताको सामान्य सिद्धान्त

कानुनको अज्ञानता क्षम्य हुने छैन । कानुन सवैले जानेको अनुमान गरिने छ ।

कसैले पनि सार्वजनिक हित विपरीत हुने गरी कुनै काम कारवाही गर्न पाउने छैन ।

कानुन विपरीतको काम अमान्य हुने छ ।

कुनै काम गर्दा वा गराउँदा कसैको गल्तीले अरूलाई हानि, नोक्सानी हुन गएमा त्यसरी हानि, नोक्सानी भएको क्षतिको दायित्व त्यस्तो गल्ती गर्ने वा गराउने व्यक्तिले व्यहोर्नुपर्ने छ ।

प्रत्येक व्यक्तिले आफूले गरेको गलत कार्यको परिणाम आफैँले व्यहोर्नुपर्ने छ ।

कसैले पनि अन्य व्यक्तिलाई दुःख दिने, हैरानी हुने वा निजको इज्जत, प्रतिष्ठा वा सम्पत्तिमा क्षति पुग्ने गरी कुनै काम गर्न वा गराउन हुँदैन ।

कसैले पनि आफूले गरेको गल्तीबाट भएको फाइदा लिन पाउने छैन ।

आफ्नो संरक्षकत्व, माथवरी, अधीन वा प्रभावमा रहेको वा प्रभाव पर्न सक्ने व्यक्तिको हितविपरीत गरिएको काम अमान्य हुने छ ।

प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने छ ।

प्रत्येक व्यक्तिले आफू रहे बसेको ठाउँको समुदाय वा छिमेकीलाई  हानिनोक्सानी नहुने गरी असल छिमेकीपन कायम गर्नुपर्ने छ ।

कुनै व्यक्ति उपर फौजदारी कसुरमा मात्र कारवाही चलाएको वा नचलाएको आधारमा त्यस्तो व्यक्तिले कानुनबमोजिमको देवानी दायित्वबाट छुटकारा पाउने छैन ।

कानुन विपरीतका प्रथा वा परम्परालाई न्यायको रोहवरमा मान्यता दिइने छैन ।

विषय, प्रसङ्ग वा प्रकृतिले कुनै कानुनी व्यवस्था नेपाली नागरिकलाई मात्र लागु हुने अवस्थामा बाहेक यो संहिता वा देवानी कानुनसम्बन्धी अन्य प्रावधान विदेशीको हकमा पनि समान रूपमा लागु हुने छ ।

यस देवानी संहिताको भाग २ मा व्यक्तिसम्बन्धी कानुन, भाग ३ मा पारिवारिक कानुन, भाग ४ मा सम्पत्तिसम्बन्धी कानुन, भाग ५ मा करार तथा दायित्वसम्बन्धी कानुन र भाग ६ मा निजी अन्तर्राष्ट्रिय कानुनसम्बन्धी कानुनी व्यवस्था रहेको छ । यी कानुनका केही अंशहरू यसप्रकार रहेका छन् :

विस वर्ष उमेर पुगेपछि मात्र विवाह गर्न पाइने छ । पुरुष र महिला दुवैको मन्जुरी विना भएको विवाह बदर हुने छ । हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिबिच भएको विवाह बदर हुन्छ । कुनै पुरुषसँगको सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिलाबिच स्वतः विवाह भएको मानिने छ । तर बहु विवाह भएको, जबरजस्ती करणी भएको, उमेर नपुगी विवाह भएको र हाडनाता करणी भएको अवस्थामा भने शिशु जन्मिए पनि स्वतः विवाह भएको मानिँदैन । विवाहित पतिपत्नीले सम्बन्ध विच्छेद गर्न चाहेमा पति वा पत्नीमध्ये जसले पनि सम्बन्ध विच्छेद गर्न सक्ने छन् ।

प्रत्येक व्यक्तिले जन्मेपछि आफ्नो धर्म, संस्कृति, चलन र परम्पराअनुसार आमा वा बुबा वा संरक्षकले राखेको नाम पाउने छ । बच्चा जन्मेको तीन महिनाभित्र अभिभावकले जन्म दर्ता गर्नुपर्ने छ ।

- कानुनबमोजिमको काम कसुर नहुने
- कानुनबमोजिम बाहेक सजाय नहुने
- तथ्यको भ्रममा परी गरेको काम कसुर नहुने
- एउटै कसुरमा दोहोरो सजाय नहुने
- स्वच्छ सुनाइबाट वञ्चित नहुने
- आफ्ना विरुद्ध साक्षी हुन कर नलाग्ने
- कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने
- बालबालिकाले गरेको काम कसुर नहुने
- होस ठेगानमा नभएको व्यक्तिले गरेको काम कसुर नमानिने
- मन्जुरी लिई गरेको काम कसुर नहुने
- भलाइका लागि मन्जुरी लिई गरेको काम कसुर नहुने
- भलाइका लागि संरक्षकको मन्जुरी लिई गरेको काम कसुर नहुने
- असल नियतले दिइएको जानकारीबाट क्षति पुगेमा कसुर नहुने
- डर त्रासमा परी गरेको काम कसुर नहुने
- अन्य हानिनोक्सानी बाट बचाउन असल नियतले गरेको काम कसुर नहुने
- निजी रक्षाका लागि गरेको काम कसुर नमानिने
- ज्यान लिने अधिकार नहुने
- मामुली हानिनोक्सानी भएकोमा कसुर नहुने
- बालबालिकाबाट गराएको कसुरमा उमेर पुगे पछि सजाय हुने
- सङ्गठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने
- समूहबाट भएको कसुरमा सबै सदस्यलाई सजाय हुने
- अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने अधिकार हुने
- कसैले पनि सगोलका अंशियारको लिखित मन्जुरी नलिई सगोलको सम्पत्ति हस्तान्तरण गर्न नपाउने ।
- कसैले पनि एउटा व्यक्तिलाई हस्तान्तरण गरिसकेको सम्पत्ति दोहोरो पारी अन्य व्यक्तिलाई हस्तान्तरण गर्नु नहुने ।

- १४ वर्ष पूरा भएको व्यक्तिलाई निजको मन्जुरी लिएर काममा लगाउन पाइने तर १६ वर्ष पूरा नगरेको व्यक्लिाई जोखिमपूर्ण काममा लगाउन नपाइने वा पारिश्रमिक पाइने खालका काममा लगाउन दिनमा आठ घन्टाभन्दा बढी काममा लगाउन नपाइने । बढी समय काममा लगाएमा प्रत्येक घण्टाको उचित पारिश्रमिक दिनुपर्ने ।
- कसैले पनि त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्री वितरण गर्नुगराउनु नहुने ।
- कसैले पनि अन्य व्यक्तिको हकभोग र स्वामित्वको जग्गा निजको मन्जुरी नलिई आवाद गर्न वा भोगचलन गर्न वा गराउनु नहुने ।
- परापूर्व कालदेखि भाग बन्डाबमोजिम पानी प्रयोग गर्दै आएको ठाउँमा सबै व्यक्तिहरूले भागबन्डाअनुसार कुलाको पानी उपयोग गर्न नपाउने छन् ।
- कसैले पनि कानुनबमोजिम लिखत नगरी लेनदेन गर्नु नहुने ।

## ४. मुलुकी अपराध संहिता

देशमा विभिन्न क्षेत्रबाट विभिन्न तरिकाले हुन सक्ने अपराध नियन्त्रण गरी देशमा शान्ति सुव्यवस्था कायम गर्नका लागि मुलुकी अपराध संहिता लागु गरिएको छ । यसले अपराधीलाई कानुनी दायराभित्र ल्याई सजाय दिलाउन र त्यस्ता अपराधबाट पीडितलाई न्याय दिलाउने सहयोग गर्छ । अपराध संहिता फौजदारी अपराधसँग सम्बन्धित छ । यस संहिताको भाग १ मा सामान्य प्रावधान रहेको छ । परिच्छेद दुईमा फौजदारी न्यायसम्वन्धी सामान्य सिद्धान्तहरूको व्यवस्था रहेको छ । भाग दुईमा फौजदारी कसुरहरू र भाग तीनमा व्यक्तिगत गोपनीयता तथा प्रतिष्ठा विरुद्धको कसुरसम्वन्धी व्यवस्थाहरू रहेका छन् । फौजदारी संहितामा भएका केही प्रावधानहरू यसप्रकार रहेका छन् :

- कसैले कुनै अपराधिक षड्यन्त्र गुर्नु हुँदैन । यस्तो कसुर गर्ने उद्योग र दुरुत्साहन पनि गर्नुहुँदैन ।
- जन्म कैदको अवधि २५ वर्षको हुने छ ।
- कसैले पनि राष्ट्रहित प्रतिकूल हुने कुनै काम गर्नु र गराउनु हुँदैन ।
- कसैले लेखेर वा बचनले वा आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट धर्म वर्ण जात जाति सम्प्रदाय वा भाषाको आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदायमा व्यक्तिहरूका बिचको सुसम्वन्धमा खलल पार्ने काम गर्न हुँदैन । यस्तो कार्य गरेमा एक वर्षसम्म कैद र दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।



- सार्वजनिक सेवा अवरुद्ध गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तिस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

- झुठा अफवाह फैलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दशहजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- झुठा जानकारी दिएमा एक वर्षसम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- झुठा प्रमाण बनाएमा पाँच वर्ष कैद र पचासहजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ ।
- झुठा उजुरी गरेमा कसुरदारले पाउने भन्दा बढी सजाय हुने छ ।
- खाद्य पदार्थमा मिसावट गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपियाँसम्म जरिवाना हुने छ ।
- बिक्री गर्नुपर्ने वस्तु बिक्री नगरी जम्माखोरी गरेमा पाँच वर्ष सम्म कैद र पचास हजार रुपियाँसम्म जरिवाना हुन्छ ।
- पशुपक्षी छाडा छाडेमा तीन महिनासम्म कैद र पाँच हजार रुपियाँसम्म जरिवाना हुने छ ।
- सार्वजनिक स्थानमा अश्लील क्रियाकलाप वा व्यवहार गर्न, यौनाङ्ग देखाउन वा कसैलाई अश्लील शब्द बोल्न वा इसारा गर्न हुँदैन । त्यस्तो कार्य गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपियाँ जरिवाना वा दुवै सजाय हुन सक्छ ।
- राष्ट्रिय झन्डा, गान वा निसाना छापको अपमान वा क्षति गर्नु हुँदैन । त्यसो गरेमा तीन वर्षसम्म कैद वा तिस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- जातिपातीका आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गरेमा तीन वर्षसम्म कैद र तिस हजार रुपियाँसम्म जरिवाना हुन्छ ।
- महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राखेमा तीन महिनासम्म कैद वा तीन हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने छ ।
- ज्यान मार्ने नियतले वा ज्यान जान सक्ने थाहा हुँदाहुँदै कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई जन्म कैदको सजाय हुने छ ।
- कसैले कसैलाई कुटपिट गरेमा तीन वर्षसम्म कैद वा तिस हजार रुपियाँसम्म जरिवान वा दुवै सजाय हुन सक्छ ।
- कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेमा करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी सात वर्षदेखि जन्मकैद सम्मको सजाय हुन्छ ।
- कसैले कसैलाई यौन दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, अप्राकृतिक मैथुन गरेमा तीन वर्षदेखि तिस हजार रुपियाँसम्म जरिवाना हुने छ ।
- नाप्ने, तोलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गरेमा तीन वर्षसम्म कैद र तिस हजार रुपियाँसम्म जरिवाना हुने छ ।

- दुई वा बढी व्यक्तिको कुराकानी उनीहरूको अनुमति बेगर कुनै उपकरण प्रयोग गरी सुनेमा वा रेकर्ड गरेमा दुई वर्षसम्म कैद वा बिस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ ।
- अनुमतिविना कसैको तस्वीर खिचेमा वा तस्विरको स्वरूप बिगारेमा एक वर्षसम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- कसैले कसैलाई गाली गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ । बेइज्जती गरेमा दुई वर्षसम्म कैद वा बिस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ । विद्युतीय माध्यमबाट बेइज्जती गरेमा सो सजायमा थप एक वर्षसम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना हुन्छ ।

## *क्रियाकलाप*

१. **पत्रपत्रिका वा सामाजिक सञ्जाल वा अनलाइन वा टेलिभिजनका माध्यमबाट विभिन्न प्रकारका देवानी तथा फौजदारी प्रकृतिका अपराधका कम्तीमा पाँचओटा घटना सङ्कलन गर्नुहोस् । ती अपराधहरू फौजदारी हुन् कि देवानी हुन् भनी वर्गीकरण गर्नुहोस् । त्यस्तो अपराधमा दोषीलाई के कस्तो कारबाही हुन सक्छ निक्योल गर्नुहोस् ।**

| घटना | कसुर | फौजदारी वा देवानी ? | सजाय |
|---|---|---|---|
| | | | |
| | | | |

२. **तल दिइएको अपराधका घटनाहरूमा न्यायिक निकायले के कसरी निरुपण गर्छ ? भूमिका अभिनय गर्नुहोस् ।**

- एक जना व्यापारिले नाप्ने तराजुमा सामान राख्नेपट्टि नदेखिने गरी एउटा चुम्बक टाँसेर राखेछन् । एक जना उपभोक्ताले किनेर लगेको एक किलो चिनी सङ्का लागेर अर्को ठाउँमा लगी जोख्दा ५० ग्राम पुगेन ।
- कुनै महिलाले एक व्यक्तिलाई आफ्नो अनुमतिविना तस्विर खिचेर फेसबुकमा राखेको भनी प्रहरीमा उजुरी दिइन् । त्यस व्यक्तिले फेसबुकमा उक्त फोटो भेटिएन तर मोबाइलमा सो फोटो भेटियो ।
- पिकनिक गएका बेला पार्कमा बसेर ठुलो ठुलो स्वरले अश्लील शब्द बोले भनी बोलेको भिडियो रेकर्डसहित अर्को समूहका व्यक्तिले प्रहरीमा उजुरी दिए ।
- आफूसँग रिस उठेको व्यक्तिलाई फसाइदिन्छु भनेर यौन दुर्व्यवहारको आरोप लगाइयो । उक्त व्यक्ति घटना भएको दिन त्यस स्थानमा नै नभएको पुष्टि भयो ।

३. यस पाठमा मुलुमी देवानी संहिता ऐन २०७४, र मुलुकी अपराध संहिता २०७४ का केही महत्त्वपूर्ण अंशलाई छोटकरी रूपमा प्रस्तुत गरिएको छ । ती ऐनहरू अध्ययन गरी थप प्रावधान र दफाहरू प्रस्तुत गर्नुहोस् ।

## *अभ्यास*

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) फौजदारी अभियोग कस्तो अभियोग हो ?

(ख) फौजदारी र देवानी मुद्दाविचको फरक देखाउनुहोस् ।

(ग) देवानी संहिताका सामान्य सिद्धान्तअन्तर्गत कुन कुन प्रावधानहरू किशोरकिशोरीका दैनिक व्यवहारसँग सम्वन्धित छन् ? टिपोट गर्नुहोस् ।

पाठ : ६

# सूचनाको हक

प्रजातान्त्रिक मुलुकमा हरेक नागरिकलाई सार्वजनिक महत्त्वको सूचना वा जानकारी माग गर्ने हक अधिकार हुन्छ जसलाई सूचनाको हक भनिन्छ । सूचनाको हकसम्बन्धी ऐन २०६४ ले परिभाषित गरेअनुसार सूचना भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएका सार्वजनिक महत्त्वका काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनुपर्छ । नेपाल पनि एक प्रजातान्त्रिक मुलुक हो त्यसैले नेपालको संविधानले नागरिकका लागि सूचनाको हकको व्यवस्था गरेको छ । संविधानको धारा २७ मा मौलिक हकअन्तर्गत सूचनाको हकमा भनिएको छ "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

**सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नुपर्ने छ :**

(क) स्वरूप र प्रकृति

(ख) काम, कर्तव्य र अधिकार

(ग) कर्मचारी सङ्ख्या र कार्य विवरण

(घ) प्रदान गरिने सेवा

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी

(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी

(झ) सम्पादन गरेका कामको विवरण

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

(ड) तोकिएबमोजिमका अन्य विवरण

सूचनाको हकको प्रत्याभूति गर्न बनेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार

सम्झनु पर्छ । सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने हकलाई पनि बुझाउँछ । सूचनाको हकले सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ । प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नुगराउनुपर्ने छ । यसका लागि ती निकायहरूले निम्नलिखित कार्यहरू गर्नुपर्ने व्यवस्था गरिएको छ :

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने

(ग) आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने

(घ) आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने

(ङ) सार्वजनिक निकायले सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्ने

सर्वसाधारणलाई सूचना प्रवाह गर्नका लागि हरेक सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने हुन्छ । कार्यालयको सूचना प्रवाह गर्ने प्रयोजनका लागि प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनुपर्ने छ । सर्वसाधारणले उक्त सूचना अधिकारीसँग सूचना माग गर्नुपर्छ । सार्वजनिक निकायका सूचना अधिकारीले माग भएबमोजिमको सूचना उपलब्ध गराउनुपर्ने छ । सूचनाको हक छ भन्दैमा सबै प्रकारका सूचना सार्वजनिक गर्न नमिल्ने हुन सक्छ । त्यस्ता सूचना सार्वजिनिक गर्दा वा कसैलाई उपलब्ध गराउँदा राज्य वा संस्था वा व्यक्तिलाई नकारात्मक असर पनि पर्न सक्छ । त्यसैले निम्नानुसारको सूचना भने सर्वसाधारणले माग गर्न र सूचना अधिकारीले उपलब्ध गराउन नपाउने व्यवस्था कानुनले गरेको छ ।




(क) सार्वभौमिकता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति, स्थिरता र नेपालका अन्तर्राष्ट्रिय सम्वन्धलाई गम्भीर असर पार्ने सूचना

(ख) अपराधहरूको अनुसन्धान, जाँच र अभियोजनलाई सिधा प्रभाव पार्ने सूचना

(ग) आर्थिक, व्यापार वा मौद्रिक रुचि वा बौद्धिक सम्पत्ति वा बैङ्किङ वा व्यापारिक गोपनीयताको सुरक्षामा गम्भीर प्रभाव पार्ने सूचना

(घ) विभिन्न जाति वा समुदायहरूको सम्वन्धलाई असहज बनाउने सूचना

नेपालमा सूचनाको हकको संरक्षण, सवर्धन र प्रचलन गर्ने कामका लागि राष्ट्रिय सूचना आयोगको व्यवस्था गरिएको छ। कसैले कानुनबमोजिम सूचना प्राप्त गर्न नसकेमा वा कुनै कार्यालय वा अधिकारीले सूचना दिन नमानेमा वा आनाकानी गरेमा सूचना आयोगमा उजुरी गर्न सकिन्छ । आयोगले सम्वन्धितउजुरी उपर छानविन गरी हक दिलाउँछ ।

## सार्वजनिक निकायबाट सूचना प्राप्त गर्ने तरिका

(क) कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्वन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्छ ।

(ख) निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल उपलब्ध गराउनुपर्ने छ । तत्काल उपालब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनुपर्छ ।

(ग) तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनुपर्छ ।

(घ) कुनै व्यक्तिको जिउज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौविस घण्टाभित्र सूचना अधिकारीले निवेदकलाई उपलब्ध गराउनुपर्छ ।

(ङ) सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनुपर्छ ।

(च) निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्ने छ ।

### *क्रियाकलाप*

**१. सूचनाको हकको विषयमा कक्षामा प्रवचन कार्यक्रम गर्नुहोस् ।**

**२. सार्वजनिक संस्थासँग सूचना माग गरेको, त्यस्तो सूचना उपलब्ध नगराएको, सूचना आयोगले कारबाही गरेको जस्ता समाचारहरू सङ्कलन गरी कक्षामा छलफल गर्नुहोस् ।**

**३. तपाईँको स्थानीय तहमा रहेको सार्वजनिक निकायहरूबाट सूचनाको हकको प्रत्याभूतिमा के कस्ता अभ्यास भएका छन् । सोधखोज गरी प्रतिवेदन तयार पार्नुहोस् ।**

## अभ्यास

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) सूचनाको हक भनेको के हो ?

(ख) सूचनाको हकको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) सूचनाको हक प्रत्याभूति गर्न सार्वजनिक निकाय वा संस्थाले के के गर्नुपर्छ ?

(घ) सार्वजनिक संस्थाको के कस्तो सूचना माग गर्न पाइँदैन ?

## परियोजना कार्य

**सार्वजनिक सरोकारको कुनै विषयमा सूचना माग गर्ने तलको जस्तै फाराम भर्नुहोस् र छलफल गर्नुहोस् । स्थानीय निकायले यस्तो सूचना उपलब्ध गराउने प्रक्रियाको कसरी कार्यान्वयन गर्दै आएको छ । स्थानीय तहमा बुझेर बुँदा टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् :**

(सूचना अधिकारीसँग सूचना माग गर्ने ढाँचा)

श्रीमान् सूचना अधिकारीज्यू                                                                मिति : .......................

.................................... कार्यालय

विषय : सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि पाऊँ भन्नेबारे

महोदय,

उपर्युक्त सम्बन्धमा म/हामी निवेदकलाई यस कार्यलयमा रहेका तपसिलमा उल्लिखित विवरण, तथ्याङ्क तथा सूचना मेरो/हाम्रो ................प्रयोजनका लागि आवश्यक परेको जानकारी गराउन चाहन्छु । उक्त सूचना नेपालको संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार ती सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन यो निवेदन गर्छु ।
तपसिल

१. ...................................................................................................... ।

२. ...................................................................................................... ।

उल्लिखित सूचनाको प्रतिलिपि छिटोभन्दा छिटो उपलब्ध गराउनुहुन अनुरोध गर्छु । उल्लिखित सूचना उपलब्ध गराउँदा लाग्ने कानुनबमोजिमको शुल्क बुझाउन तयार छु ।

निवेदक

........................

नाम :

ठेगाना :

फोन न. :

इमेल :

पाठ : ७

# सदाचार र सामाजिक जवाफदेही

कुनै पनि देशको विकासका लागि सुशासन अपरिहार्य हुन्छ । सुशासनका लागि कानुनी शासन सदाचार कार्य प्रवृत्ति, पारदर्शिता, जिम्मेवार राज्य संयन्त्र, नागरिक सचेतना आदिको भूमिका महत्त्वपूर्ण हुन्छ । यस पाठमा सदाचार र सामाजिक जवाफदेही सम्बन्धमा चर्चा गरिएको छ ।

## १. सदाचार

कुनै पनि व्यक्तिले आफ्नो दैनिक गतिविधि तथा क्रियाकलाप सञ्चालन गर्दा अवलम्बन गर्ने मूल्य, मान्यता, नैतिकताको समष्टि नै आचरण हो । यसले के ठिक हो र के बेठिक हो ? के गरिनुपर्छ र के गर्नुहुँदैन भन्ने कुरालाई निर्देशन गर्छ । आचरण असल वा खराब दुवै हुन सक्छ । खराब आचरणलाई दुराचार भनिन्छ । दुराचार सदैव अमान्य र अस्वीकार्य हुन्छ । यसले सामाजिक सम्बन्ध र सहयोग, सहकार्यमा समस्या सिर्जना गर्छ । त्यसैले हरेक व्यक्तिले आफूलाई असल आचरणतर्फ ढाल्नुपर्छ । असल आचरणलाई सदाचार भनिन्छ । सदाचारको अर्थ राम्रो आचरण वा सद्व्यवहार हो । सदाचारले परिवार, समाज, राष्ट्र र विश्व परिवेशमा शान्ति, सहकार्य, विकास र सुशासनको वातावरण सिर्जना गर्छ । सदाचार नैतिकतासँग जोडिएको विषय हो । नैतिकता व्यक्तिको भावना र अन्तरमनसँग जोडिएको हुन्छ, जुन व्यवहारद्वारा प्रदर्शित हुन्छ । नैतिकतालाई पारिवारिक तथा सामाजिक वातावरण, संस्कार, संस्कृति, सङ्गत र शिक्षाले पनि प्रभाव पार्छ । त्यसैले हामी सबैले आफूमा असल नैतिक व्यवहारहरूको विकास गरी सदाचारी हुनुपर्छ । त्यस्तै सार्वजनिक निकाय, संस्था, सामाजिक उत्तरदायित्व बोकेका संस्थाहरू र त्यहाँ कार्यरत व्यक्ति एवम् पदाधिकारीहरूमा त सदाचार हुनु अति आवश्यक हुन्छ । व्यक्तिहरू दुराचारी भए भने दुराचार, भ्रष्टाचार, घुसखोरी, ढिलासुस्ती र कुशासनको स्थिति आइपर्छ। गृहमन्त्रालयले आफ्नो मन्त्रालयअन्तर्गतका कर्मचारीहरूको सदाचार संहिता तयार पारी लागु गरेको छ । अन्य मन्त्रालय र सङ्घसंस्था, प्रदेश स्तरका कार्यालयहरू र स्थानीय तहहरूले पनि यस्ता सदाचार संहिता वा आचारसंहिताहरू कार्यान्वयनमा ल्याएका हुन्छन् । विद्यालयमा पनि शिक्षक, विद्यार्थी र व्यवस्थपन समितिका आचार संहिताहरू तयार गरिएका हुन्छन् । त्यसको पालना गर्नु शिक्षक, अभिभावक, विद्यार्थी, व्यवस्थापन समिति सबैको दायित्व हो ।

राज्यलाई सधैँ सदाचारी मानिसहरूको खाँचो हुन्छ । सार्वजनिक जीवन निर्वाह गर्ने व्यक्तिमा सिप र दक्षताका साथै नैतिकता, इमानदारी र सदाचारीपन पनि हुनुपर्छ । उनीहरू योग्य, इमानदार र जवाफदेही हुनुपर्छ । सर्वसाधारणको मन जितेको हुनुपर्छ । उनीहरूले सार्वजनिक जीवनका पाँच सिद्धान्तहरू स्वार्थहीनता, सदाचार, वस्तुपरकता, जवाफदेही र खुलापनलाई मार्गदर्शकका रूपमा ग्रहण गरेको हुनुपर्छ ।

नेपालको संविधानमा सदाचार र सुशानका लागि संविधानको निर्देशक सिद्धान्तमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने भन्ने उल्लेख छ ।

पन्ध्रौँ योजनाले सार्वजनिक प्रशासनलाई सङ्घीय संरचनाअनुरूप सबल, सक्षम र सुदृढ बनाई दक्ष, सेवामुखी र व्यावसायिक बनाउनु भन्ने उद्देश्य राखेको छ । सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउनु तथा सेवा प्रवाह र शासन प्रणालीमा बहुपक्षीय साझेदारीको विकास गर्नु जस्ता उद्देश्य राखिएको छ । त्यसैले सुशासनका लागि त्यस्ता संस्थामा कार्यरत व्यक्तिहरूमा सदाचार र नैतिकताको निकै महत्त्व रहन्छ ।

## २. सदाचारको महत्त्व

- व्यक्तिमा आत्मनियन्त्रण र स्वउत्प्रेरणा वृद्धि गर्छ ।
- सार्वजनिक सेवालाई राजनीतिबाट तटस्थ, निष्पक्ष र पारदर्शी बनाउँछ ।
- सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती, लापरबाही, भ्रष्टाचार र अधिकारको दुरुपयोगलाई निरुत्साहित गर्छ ।
- सरकार तथा सार्वजनिक सेवाप्रति सेवाग्राहीको विश्वास अभिवृद्धि गर्छ ।
- सरकारी काम, कारबाहीलाई छिटो, छरितो गराउन सघाउँछ ।
- महत्त्वपूर्ण सरकारी अभिलेखको गोपनीयता कायम तथा संरक्षण गराउँछ ।
- सरकारी सेवा सुविधा र विकास निर्माण कार्यलाई प्रभावकारी बनाउँछ ।
- सुशासन कायम गर्न सघाउँछ ।

## ३. सार्वजनिक पद धारण गरेका व्यक्तिले पालना गर्नुपर्ने सदाचार

सार्वजनिक पद धारण गरेका व्यक्तिहरू जनताको सेवा गर्नका लागि खटिने जिम्मेवार व्यक्ति हुन् । उनीहरूले जनताको सेवा गर्नका लागि नै सपथ खाएका हुन्छन् । जनताले तिरेका करबाट बेतन तथा सुविधा लिने यस्ता व्यक्तिहरू जनताप्रति उत्तरदायी हुनुपर्छ । जनताको सेवक भएकाले सर्वसाधारणसँग उनीहरूको व्यवहार र प्रस्तुती सहज र सम्मानयोग्य हुनुपर्छ ।

राष्ट्रसेवकहरू सदाचारी भएनन् भने जनताले सुलभ सेवा पाउन सक्दैनन् । राष्ट्र निर्माणका विभिन्न क्षेत्रमा अवरोधहरू आउन सक्छ र राष्ट्रिय सम्पत्तिको दुरुपयोग पनि हुन सक्छ । काममा ढिलासुस्ती भएर जनताले अनावश्यक दुःख पाउन सक्छन् । त्यसैले उनीहरूले जनताप्रति जिम्मेवार भई आफ्नो कर्तव्य पूरा गर्नुपर्छ ।

सबै व्यक्ति सार्वजनिक ओहोदा लिनका लागि योग्य हुँदैनन् । सार्वजनिक पद धारण गर्नका लागि सिप र दक्षताका साथसाथै नैतिक, इमानदार र सदाचारी पनि हुनु आवश्यक हुन्छ । सार्वजनिक भूमिकामा

रहने व्यक्तिको ओहोदा र भूमिका विस्तारसँगै उनको वैयक्तिक अधिकार खुम्चिँदै जान्छ र सार्वजनिक दायित्व फैलिँदै जान्छ । उनीहरूलाई सार्वजनिक जीवनका सिद्धान्तले मार्गदर्शन गरिरहेको हुन्छ । सार्वजनिक जीवनका सिद्धान्तअन्तर्गत स्वार्थहीनता, सदाचार, वस्तुपरकता, जवाफदेही, खुलापन, इमानदारी र उदाहरणीयता पर्छन् ।

## ४. व्यक्तिमा हुनुपर्ने सदाचार

हरेक व्यक्ति सदाचारी हुनु आवश्यक छ । व्यक्ति सदाचारी भए भने सबैले मन पराउँछन् । विश्वास गर्छन् र उनको उन्नति र प्रगति पनि हुँदै जान्छ । उनको परिवार, समाज र राष्ट्र पनि छिट्टै विकास हुन्छ । त्यसैले हामीले असल व्यक्तित्त्वका रूपमा स्थापित गर्न निम्नानुसार कासदाचारका पालना गर्नुपर्छ ।

**व्यक्तिमा हुनुपर्ने सदाचार**

- अनुशासनमा रही आफ्नो कर्तव्य इमानदारीसाथ पालना गर्नु
- सबैप्रति शिष्ट व्यवहार देखाउनु
- जुवा, तास खेल्ने तथा सार्वजनिक रूपमा मादक पदार्थ सेवनलगायतका खराब आचरण नगर्नु
- आफ्नो कामसँग सम्बन्धित सबै कानुनको जानकारी राख्नु
- पेसाको सम्मान गर्ने तथा आफ्नो क्षमता विकास गर्न प्रयत्नशील रहने
- कार्यालय समयमा कार्यालयसँग सम्बन्धित काम मात्र गर्ने
- कार्यालयका सामान तथा सुविधाको दुरुपयोग नगर्ने
- पेसागत कार्य गर्दा राजनीतिक तटस्थता कायम गर्ने
- आफ्नो काम कारवाही आर्थिक रूपमा मितव्ययी तथा किफायतपूर्वक गर्ने
- सार्वजनिक सम्पत्तिको संरक्षण र हिफाजत गर्न सदा तत्पर रहने
- सामाजिक विभेद नगर्ने

## ५. सामाजिक जवाफदेही

ल्याटिन शब्द to count 'गन्नु' बाट account 'हिसाब' शब्द बनेको हो । पछि हिसाब वा लेखाजोखासम्बन्धी विषयलाई accountability 'जवाफदेही' भन्न थालियो । जवाफदेहीको पहिलो प्रयोग सन् १०६६ मा बेलायतका राजा विलियम प्रथमको शासन कालमा भएको थियो । राजा विलियमले सम्पत्ति संरक्षणका लागि हिसाब राख्न लेखापाल नियुक्त गरेका थिए जसले समय समयमा राजालाई सम्पत्तिको विवरण देखाउनुपर्थ्यो । यसरी हिसाब किताब गर्ने कार्य सम्पत्ति र करको अभिलेखमा मात्र सीमित शासकीय पक्षको राम्रा नराम्रा पक्षको हिसाब किताब पनि बन्न पुग्यो । बाह्रौं शताब्दीदेखि भने सरकारले राज्यको स्रोत, साधन र शक्तिको प्रयोग संसदीय अनुमोदनका आधारमा भएको छ वा छैन भनी हिसाब किताबको परीक्षण समेत गर्न थालियो । यसरी आर्थिक हिसाबकिताबको वैधताबाट सुरु भएको जवाफदेही शब्दको प्रयोग आर्थिक प्रशासन र वित्तीय जवाफदेहीमा मात्र सीमित रहेन । पछिल्ला दिनमा यसलाई सार्वजनिक संस्था र त्यहाँ कार्यरत अधिकारीहरूको कार्यसम्पादन नतिजा, नैतिक आचरण, सदाचार र आत्मिक आयामबाट

समेत हेर्न थालियो । जवाफदेही भन्ने शव्दले आफूले गरेको काममा जोसुकैले प्रश्न उठाए पनि त्यसको जवाफ दिन सक्ने गरी काम गर्नु भन्ने बुझाउँछ। जसले गल्ती गरेको हुँदैन वा कानुनबमोजिम काम गरेको हुन्छ उसले जवाफ दिन सक्छ । जसले कानुन मिचेर वा कानुन विपरीत काम गरेको छ वा नैतिक धरातल गुमाएर काम गरेको छ उसले ठडिएर जवाफ दिन सक्दैन ।

**सार्वजनिक जवाफदेहीका चार पक्ष**

१. कार्यविधिगत पक्ष

२. कार्यसम्पादन नतिजा पक्ष

३. नैतिक एवम् आचरण पक्ष

४. आत्मिक वा विवेकजन्य पक्ष

सार्वजनिक जवाफदेहीका मुख्य दुईओटा सर्त हुन्छन् । पहिलो सर्त जनताको साधन, स्रोत र शक्ति जनताको हितमा जनताकै अनुमोदनमा मात्र प्रयोग गर्नुपर्छ । दोस्रो सर्त यस्ता साधन स्रोत र शक्ति प्रयोग वा परिचालन गर्ने अधिकार प्राप्त पदाधिकारीहरू सधैँभरि जनताको निगरानीमा हुनुपर्छ। जनताले गर्ने प्रश्नको जवाफ दिन सक्ने अवस्थामा तयार रहनुपर्छ । उनीहरू जहिले पनि जनताको विश्वास लिन सक्ने गरी कार्य गर्नुपर्छ । उनीहरूले राज्यको सम्पत्ति चलाइरहेका हुन्छन् । यस्तो सम्पत्तिको स्रोत मुख्यत जनताले तिरेको कर हो । यसरी अरूको साधन सङ्कलन गरी अरूकै लागि र खर्च गर्नेहरूको कामको परीक्षण हुनुपर्छ । त्यसको प्रतिवेदन तयार पारी आवश्यक सुधार वा कारवाही हुनुपर्छ ।

**सर्वसाधारणले गर्न सक्ने सवाल**

- हाम्रा नाममा वा हाम्रा लागि के के काम भइरहेका छन् ?
- ती काम हाम्रो चाहना वा आवश्यकताअनुसारको हो कि होइन ?
- त्यसका लागि स्रोत साधन र शक्ति कसरी प्रयोग भइरहेको छ ?
- के हाम्रा सामु गरिएको वाचा पूरा भएको छ त ?
- हामीले दिएको मतादेशको प्रयोग कसरी भइरहेको छ ?
- यो काममा संलग्न सार्वजनिक पदाधिकारीको आचरण कस्तो छ ?
- के तपाईंले गरेका कामहरू कानुन सम्मत छन् ?
- के यसमा पारदर्शिता र सामाजिक जवाफदेहीका उपाय अवलम्वन गरिएको छ ?
- के यसमा मापदण्डहरूको पालना सही तरिकाले भएको छ ?

पहिले पहिले सार्वजनिक जवाफदेहीलाई वित्तीय पाटोबाट हरहिसाबको आँकडा परीक्षण गरेर हेरिन्थ्यो । परम्परागत रूपमा ऐन, नियम, कार्यविधि, मापदण्ड जस्ता प्रक्रियागत आधारबाट संस्थाको जवाफदेहीको स्तर हेरिन्थ्यो । पवित्रता र इमानदारीको मूल्याङ्कन गरे पुग्थ्यो । रुजु बेरुजुका आधारबाट ठिक बेठिक ठानिन्थ्यो । पछिल्ला दिनमा आधुनिक लोकतन्त्रको अभ्यास गर्दै जाने क्रममा यसलाई मात्र जवाफदेही मापनका आधार मान्न नहुने अनुभूति गरेर जवाफदेहीलाई नतिजा वा परिणाममा हेरिनुपर्छ भन्ने मान्यता स्थापित भयो । प्रक्रियाको पालना र इमानदारी आवश्यक त हो तर त्यसका साथमा परिणाम र वैधतालाई मूल कुरा मानियो । जवाफदेहीले सार्वजनिक व्यवहारका सबै पक्षलाई समेट्न थाल्यो ।

राज्यका विभिन्न सार्वजनिक निकाय र त्यसअन्तर्गत कार्यरत निर्वाचित, मनोनित, नियुक्त पदाधिकारी र पेसागत समूहहरू क्रिया शिल हुन्छन् । उनीहरू राज्यको साधन, स्रोत र शक्तिको अभ्यासमार्फत सामाजिक जीवनमा प्रभाव पार्ने हैसियत राख्छन् । उनीहरू जवाफदेहीको जिम्मेवारी लिने वा जवाफ दिने पक्ष हुन् । उनीहरूले जसका लागि काम गरिरहेका छन् वा उनीहरूको कामबाट प्रभावित हुने सर्वसाधारणहरू जवाफदेही खोज्ने पक्ष हुन् । सर्वसाधारणहरूले तलका जस्तै प्रश्नहरू गर्न सक्छन् । सार्वजनिक पद धारण गरेका जिम्मेवार व्यक्तिहरूले त्यसको उचित जवाफ दिनुपर्छ । सर्वसाधारणका प्रश्नहरू यस्ता हुन्छन् ।

**सामाजिक जवाफदेहीका लागि प्रयोग भएका उपायहरू**

- सामाजिक परीक्षण गर्ने
- सार्वजनिक सुनुवाइ गर्ने
- डिजिटल अन्तरक्रिया गर्ने
- सार्वजनिक निकायका कामहरूको स्थिति पत्र प्रकाशन गर्ने
- सूचना तथा जानकारीको स्वत: प्रकाशन गर्ने
- सामाजिक संवाद र अन्तरक्रियाका माध्यमहरू खुला गर्ने
- सम्पादित कामको तेस्रो पक्ष अनुगमन गर्ने

यसरी आधुनिक लोकतन्त्रमा प्रत्यक्ष जवाफदेहीको माग हुन थालेको छ भने त्यस्तो प्रक्रियामा जनसहभागिताको पक्ष अति आवश्यक ठानिन्छ । सेवाग्राही वा सरोकारवालाले नै आफ्ना सरोकारका विषयमा प्रश्न उठाउन र आश्वस्त हुन चाहन्छन् । त्यसैले हिजो आज सार्वजनिक जवाफदेहीलाई सामाजिक जवाफदेही पनि भनिन्छ ।

सार्वजनिक सरोकारका विषयमा सरोकारवालाको समूहबाट अन्वेषण, अध्ययन, परीक्षण गर्ने विधिलाई सामाजिक परीक्षण भनिन्छ । सामाजिक परीक्षण सामाजिक जवाफदेहीको बलियो संयन्त्र हो । यसका अलावा यहाँ उल्लिखित धेरै प्रकारका उपायहरूको प्रयोग गर्न सकिन्छ । जति धेरै उपायहहरूको प्रयोग गरियो त्यति नै जवाफदेही सार्थक हुन सक्छ । यो लोकतन्त्रिक अभ्यासप्रतिको विश्वास र सेवाग्राहीको सक्रियताको उपज पनि हो । हरेक क्रियाकलापमा सहकार्य, संवाद र सहभागिताबाट नै सर्वसाधारणको विश्वास जित्न सकिन्छ भन्ने मान्यता सामाजिक जवाफदेहीबाट स्थापित भएको छ । यसलाई सार्वजनिक निकायमा परेको दबाबका रूपमा हेरिनु हुँदैन । प्रणालीको वैधता, स्वच्छता, गुणस्तर र सुशासनका लागि अवलम्बन गरिएका उपायका रूपमा सम्झनुपर्छ ।

## क्रियाकलाप

१. आफ्नो विद्यालयमा सामाजिक परीक्षण भएको छ कि छैन भएको भए कहिले र कसरी भएको रहेछ ? पछिल्लो सामाजिक परीक्षण प्रतिवेदनको अध्ययन गरी त्यसमा प्रस्तुत गरिएका विवरणका सम्बन्धमा कक्षामा छलफल गर्नुहोस् ।

२. सदाचार र सामाजिक जवाफदेही आजको अपरिहार्यता शीर्षकमा कविता वा संवाद तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. यदि तपाईँ राष्ट्रसेवक कर्मचारी हुनुभयो भने तपाईँले यहाँ दिइएको जस्तै सदाचारको पालना गर्नुपर्छ । समूहमा बसी प्रत्येक बुँदाका बारेमा छलफल गरी राष्ट्रसेवक कर्मचारी कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा समूहको धारणा प्रस्तुत गर्नुहोस् ।

**राष्ट्रसेवक कर्मचारीले पालना गर्नुपर्ने सदाचार**

- राजनीतिक वा अवाञ्छित प्रभाव नपर्ने
- राजनीतिमा भाग नलिने
- राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव नपार्ने । तर मतदाताका रूपमा मतदानमा भाग भने लिने
- नेपाल सरकारको स्वीकृतिबिना दान, उपहार, चन्दा, सापटी नलिने
- नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै प्रकारको कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय नगर्ने
- तोकिएको ढाँचामा निर्धारित समयमा सम्पत्ति विवरण पेस गर्ने
- कार्यालयमा तोकिएबमोजिम परिचयपत्र तथा पोसाक लगाउने
- खटाइएको कार्यालय वा स्थानमा गई काम गर्ने
- सरुवा वा अवकाश हुँदा कानुनबमोजिम बरबुझारथ गर्ने
- तोकिएको समयमा नियमित रूपले कार्यालयमा हाजिर हुने
- सकेसम्म बिदा स्वीकृत नगराएर कार्यालयमा अनुपस्थित नहुने
- सेवाग्राहीप्रति मर्यादित व्यवहार देखाउने
- आफूमाथिका कर्मचारीप्रति आदर र आफूमुनिका कर्मचारीप्रति उचित व्यवहार देखाउनुपर्ने

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) सदाचार भनेको के हो ? सदाचार हुँदा हुने फाइदाहरूको सूची तयार पार्नुहोस् ।

(ख) सदाचारले समाजमा पार्ने प्रभाव उल्लेख गर्नुहोस् ।

(ग) सार्वजनिक पदमा बसेको व्यक्ति सदाचारी भएन भने के के समस्या आइपर्न सक्छन् ? बुँदागतरूपमा उल्लेख गर्नुहोस् ।

(घ) सामाजिक जवाफदेहीको अवधारणा कसरी विकास हुँदै आएको छ ? उल्लेख गर्नुहोस् ।

## *परियोजना कार्य*

**विभिन्न सञ्चार माध्यमबाट सदाचार र समाजिक जवाफदेहीसँग सम्बन्धित समाचार सङ्कलन गरी विश्लेषण गर्नुहोस् ।**

पाठ : 9

# सहरीकरणको अवधारणा

मानिसहरूको बसोबास भएको स्थानलाई बस्ती भनिन्छ । बस्ती ग्रामीण र सहरी गरी दुई प्रकारका हुन्छन् । सहरी बस्तीमा एकीकृत बसोबास हुन्छ । बस्तीमा गैरकृषि व्यवसाय गर्ने मानिसहरूको बाहुल्य हुन्छ । बस्तीहरू एक निश्चित पदानुक्रममा रहेका हुन्छन् । स्टेफेन एम. ग्राप्स (सन् २०१७) का अनुसार बस्तीमा एकल परिवारको बसोबासदेखि ठुला सहरहरू समावेश हुन्छन् । साना ग्रामीण समुदायको बसोबासलाई ह्यामलेट भनिन्छ । गाउँ ह्यामलेटभन्दा ठुलो हुन्छ र बस्तीको आकार बढ्दै साना सहर, ठुला सहर, महानगर विशाल सहर आदि बन्दै जान्छन् । उल्लिखित तालिकाले पनि यसै सन्दर्भलाई स्पष्ट पारेको छ ।

| बस्तीको पदानुक्रम (Settlement hierarchy) | जनसङ्ख्या (Population) |
|---|---|
| एकल बस्ती (Isolated dwelling) | एकल परिवार |
| बस्ती (Hamlet) | १० देखि १०० |
| गाउँ (Village) | १०० देखि २५०० |
| साना सहर (Small Town) | २५०० देखि २५००० |
| ठुला सहर (Large Town) | २५००० देखि १५०००० |
| सहर (City) | १५०००० देखि ५०००००० |
| उपनगरीय बिस्तार (Conurbation) | २ मिलियन भन्दा माथि |
| बृहत् सहर (Megalopolish) | १० मिलियन भन्दा माथि |
| स्रोत : स्टेफिन एम ग्राप्स, सन् २०१७ | |

## १. सहर

सहर अङ्ग्रेजी शब्द city को नेपाली रूपान्तरण हो । यो शब्द ल्याटिन भाषाको civitas शब्दबाट व्युत्पत्ति भएको हो । यसको शाब्दिक अर्थ नागरिकहरूको समुदाय हुन्छ । सहरमा बसोबास गर्ने मानिसहरू मुख्य रूपमा गैरकृषि कार्यहरूमा संलग्न हुन्छन् । सामान्यतया सहरलाई व्यापारिक तथा बजार केन्द्र पनि भनिन्छ । सहरको उद्भव जनसङ्ख्याको आकार, व्यावसायिक विविधता र पृष्ठप्रदेश (Hinterland) को कार्य र संरचनाको सम्बन्धसँग जोडिएको हुन्छ । सहरले पृष्ठप्रदेशका समुदायलाई आधारभूत सेवाहरू प्रदान गर्छ । सहर एक आर्थिक, प्रशासनिक, धार्मिक, सांस्कृतिक र सेवा क्षेत्रसँग सम्बन्धित गतिविधिको केन्द्र हो ।

**सहरका विशेषता**

उच्च जनसङ्ख्या र जनघनत्व
केन्द्रीय सेवा सुविधाको उपलब्धता
व्यवसायिक विविधता
बसाइँसराइको आकर्षणको केन्द्र
उद्योग कलकारखानाको उपलब्धता
गुणस्तरीय सेवा सुविधाको पर्याप्तता
उच्च आर्थिक क्रियाकलाप

## २. सहरीकरण

सहर निर्माण हुने प्रक्रियालाई सहरीकरण भनिन्छ । जोन फ्रायडम्यान (२००२) का अनुसार सहरीकरण भन्नाले जनसङ्ख्या, आर्थिक क्रियाकलाप र सहरी जीवनशैलीमा सामाजिक सांस्कृतिक सहभागितालाई जनाउँछ । न्यूनतम तोकिएको जनसङ्ख्या, बसोबासको सघनता र सहरी जीवनपद्धतिलाई अँगाल्नुलाई सहरीकरण भनिन्छ । संयुक्त राष्ट्र सङ्घले ग्रामीण क्षेत्रका मानिसहरू सहरमा गएर काम गर्ने र बस्ने प्रक्रियालाई पनि सहरीकरण भनेको छ । सहरीकरणले देशको सामाजिक, आर्थिक विकास र आधुनिकीकरणको अवस्थालाई प्रतिविम्बित गर्दछ ।

## ३. सहरीकरणको विश्वव्यापी प्रवृत्ति

प्राचीन सहरहरू मानव सभ्यतासँगै विकास हुँदै गएको पाइन्छ । टर्कीको मध्य दक्षिणमा रहेका जेरिको र क्याटल हुयुक प्रोटो सहर लगभग ६००० ई.पू.तिर देखापरेका थिए जुन मेसोपोटामियाको सभ्यता (३००० ई.पू.) भन्दा पुरानो मानिन्छ । मेसोपोटामिया, इजिप्ट, सिन्धु घाँटी र चीनका प्राचीन सहरहरू जलीय कृषि अर्थव्यवस्थामा आधारित थिए । यी सहरहरू खाद्य उत्पादन र बचत,  धार्मिक, सैन्य शक्ति र राज्यका केन्द्रहरू थिए । प्राचीन सहरहरू मन्दिर र चर्च जस्ता धार्मिक स्थलको वरिपरि बसेका हुन्थे जसले सभ्यता, इतिहास र संस्कृतिलाई संयोजन गरेका हुन्थे । यसको साथै व्यापार, हस्तकला उत्पादन र सेवामूलक क्षेत्रहरूको विकासले श्रम विभाजन हुँदै गयो । समाज कृषि र गैरकृषि समाजमा विभाजन भयो । यसमा गैरकृषि व्यवसाय केन्द्रहरू बिस्तारै सहरको रूप परिणत हुँदै गएको पाइन्छ ।

अठारौँ शताब्दीको अन्त्यतिर औद्योगिक क्रान्तिले आधुनिक सहरको जग बसालेको थियो । यस क्रान्तिले उत्पादनमा विशिष्टता, श्रम विभाजन, बजारीकरण, गैरकृषि व्यवसायको उन्नति, यातायातका साधनहरूको विकास जस्ता परिवर्तन भए । यसरी सहरी जीवनले ग्रामीण क्षेत्रका मानिसलाई आकर्षण गर्दा आधुनिक सहरको विकासमा टेवा पुगेको पाइन्छ ।

सन् १९६० पछि उन्नत पुँजीवादी अर्थतन्त्रको विकास, पुँजीको एकत्रीकरण र लगानीले सहरीकरणमा प्रमुख भूमिका खेल्न थाल्यो । सन् १९८० पछि उत्पादन प्रक्रियामा नवीन प्रविधिको प्रयोग र वैश्वीकरण र नवउदारवादले पुँजीको एकत्रीकरण, बहुराष्ट्रिय कम्पनीको लगानी, उत्पादन र बजारीकरणले नयाँ नयाँ ठाउँमा सहरीकरण दरले तीव्रता पाउँदै गएको छ । यो प्रक्रियाले सारा विश्वलाई नै एउटा गाउँ जस्तै बनाएको छ । यसलाई वैश्विक गाउँ पनि भनिन्छ । यो प्रक्रियाले कतिपय प्राचीन सहरहरूलाई मृत सहर बनायो भने कतिपय सहरले आधुनिक सहरीकरणको युगमा प्रवेश गर्ने अवसर पाएका छन् । समकालीन सहरहरूको सामाजिक, आर्थिक र सांस्कृतिक संरचनामा बसाइँसराइ, जातीय विविधता, असमानता, ध्रुवीकरण आदि तत्त्वहरूले परिवर्तन ल्याइरहेको देखिन्छ । विश्वमा सहरीकरणलाई व्यवस्थित बनाउने उद्देश्यले अक्टोबर ३१ का दिनलाई संयुक्त राष्ट्रसङ्घले विश्व सहरीकरण दिवस मनाउँदै आएको छ ।

### सहरी जनसङ्ख्या र सहरीकरण दरको प्रतिशत

| क्षेत्र | सहरी जनसङ्ख्या (प्रतिशत) | | | | सहरीकरण दर (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|
| | १९५० | १९७५ | २००० | २०३० | १९५०- १९७५ | १९७५-२००० | २०००-२०३० |
| अफ्रिका | १४.९ | २५.३ | ३७.१ | ५३.५ | २.१२ | १.५४ | १.२२ |
| एसिया | १६.६ | २४.० | ३७.१ | ५४.५ | १.४७ | १.७५ | १.२८ |
| युरोप | ५१.२ | ६६.० | ७२.७ | ७९.६ | १.०२ | ०.३८ | ०.३० |
| दक्षिण अमेरिका र क्यारेबियन | ४१.९ | ६१.२ | ७५.५ | ८४.६ | १.५२ | ०.८४ | ०.३८ |
| उत्तर अमेरिका | ६३.९ | ७३.८ | ७९.१ | ८६.९ | ०.५८ | ०.२८ | ०.३१ |
| ओसेनिया | ६०.६ | ७१.७ | ७२.७ | ७४.९ | ०.६७ | ०.०६ | ०.१० |

स्रोत: युएनडिइएसए, २०१४ **(UNDESA, 2014)**

सन् १९६० मा विश्वको कुल जनसङ्ख्याको ३४ प्रतिशत मात्र सहरी जनसङ्ख्या रहेको थियो भने सन् २०१४ मा सहरी जनसङ्ख्या ५४ प्रतिशत रहेको छ । सन् २०५० मा विश्वको सहरी जनसङ्ख्या ६६ प्रतिशत पुग्ने अनुमान गरिएको छ। यसमध्ये २.५ विलियन जनसङ्ख्या एसिया र अफ्रिका महादेशमा मात्र थपिने प्रक्षेपण गरेको छ । रेखाचित्रमा सन् १९५० देखि २०५० सम्मको अनुमानित विश्वको ग्रामीण र सहरी जनसङ्ख्यामा आउने परिवर्तनको प्रक्षेपणलाई देखाइएको छ ।




सन् २००० देखि २०३० को अवधिमा अति विकसित क्षेत्रको सहरी वृद्धि दर ०.३३ प्रतिशत र कम विकसित क्षेत्रमा १.१४ प्रतिशतले भइरहेको छ । सहरीकरण प्रक्रियामा जनसङ्ख्याको प्राकृतिक वृद्धि र आप्रवासनको प्रमुख भूमिका देखिन्छ । कम विकसित क्षेत्रका मानिसहरू राम्रो जीवन जीउने आशाले गाउँबाट सहरमा बसाइँ सर्ने गर्छन् । सहरी क्षेत्रमा उपलब्ध हुने सेवा सुविधा र रोजगारीका अवसरहरूले मानिसहरूलाई बसाइँसराइका लागि आकर्षण गर्छ ।

सन् १९५० मा लन्डन (१२.३ मिलियन) र टोकियो (११.३ मिलियन) सहर मात्र मिलियन्स सिटीका रूपमा रहेका थिए । सन् १९७५ मा टोकियो (२६.६ मिलियन), न्युयोर्क (१५.९ मिलियन), सङ्घाई (११.४ मिलियन) र मेक्सिको (१०.७ मिलियन) देखिन्छ । सन् २००३ मा २० ओटा र सन् २०१५ मा २२ ओटा सहरहरू मिलियन सिटीका रूपमा विकसित भएका छन् । यस तथ्याङ्कले विश्वमा सहरीकरण तीव्र गतिमा भइरहेको देखाउँछ ।

सन् १९५० मा लगभग ७० प्रतिशत रहेको ग्रामीण जनसङ्ख्या सन् २०५० मा ३४ प्रतिशत हुने अनुमान गरिएको छ । यसले सन् १९५० देखि २०५० को अवधिमा तीव्र सहरीकरण भइरहेको देखाउँछ ।

## क्रियाकलाप

१. विभिन्न माध्यमबाट सन् १९५० देखि हालसम्म विश्वमा एक करोडभन्दा माथि जनसङ्ख्या भएका सहरहरूको तालिका बनाउनुहोस् ।

२. विश्वव्यापी रूपमा सहरी जनसङ्ख्या तीव्र गतिले वृद्धि हुने कारणहरू माथि समूह छलफल गरेर मुख्य बुँदा कक्षामा सुनाउनुहोस् ।

३. एसिया र अफ्रिकाको सन् १९५० देखि हालसम्मको जनसांख्यिक अवस्थालाई समय रेखामा देखाउनुहोस् ।

## अभ्यास

**१ तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) सहरको परिभाषा दिनुहोस् ।**

**(ख) सहरीकरणका विशेषताहरू उल्लेख गर्नुहोस् ।**

**(ग) विश्वव्यापी सहरीकरणको प्रवृत्तिलाई व्याख्या गर्नुहोस् ।**

**(घ) कम विकसित देशहरूमा सहरीकरण तीव्र रूपले हुने कारणहरू के के हुन् ? प्रस्तुत गर्नुहोस् ।**

पाठ : २

# नेपालमा सहरीकरण

नेपालमा जनसङ्ख्याको स्थानिक वितरणलाई ग्रामीण र सहरी गरी दुई भागमा वर्गीकरण गरिएको छ । यो वर्गीकरण सामान्यतया बसोबासको ढाँचा र प्रकृतिसँग सम्बन्धित रहेको छ । नेपालमा यिनै दुई स्थानिक भिन्नतालाई आधार मानेर गाउँपालिका र नगरपालिकाहरूको विभाजन गरेको देखिन्छन् । स्थानीय सरकार सञ्चालन ऐन (२०७४) का अनुसार २९३ ओटा नगरपालिकाहरूलाई सहरी क्षेत्र मानिन्छ । यसमा जनसङ्ख्याको आकार, घना आवादी, अवस्थिति र सामाजिक आर्थिक संरचनाका साथै कार्यात्मक विशेषताहरूलाई पनि समावेश गरेको पाइन्छ ।

## १. सहरीकरणका मापदण्ड

**नेपालमा " स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सहरी जनसङ्ख्याको मापदण्ड**

हिमाली जिल्लाको हिमाली क्षेत्रमा १० हजार

हिमाली जिल्लाको पहाडी क्षेत्र र पहाडमा ४० हजार

भित्री मधेसमा ५० हजार

तराईमा ७५ हजार

काठमाडौं उपत्यकामा १ लाख

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानबमोजिम स्थापना भएका नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई नगरपालिका भनेको छ । अहिले नेपालमा २९३ ओटा नगरपालिकाहरू छन् । यसमा २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिकाहरू रहेका छन् । उक्त ऐनको परिच्छेद २ (२) मा नगरपालिकाको सङ्ख्या वा सिमाना जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक साधनस्रोतको उपलब्धता, भाषिक, सांस्कृतिक तथा सामुदायिक बनोटका आधारमा हुने व्यवस्था गरेको छ । विभिन्न समयमा जारी भएका ऐन, नियामावली र कार्यविधिहरूले नगरपालिकाको लागि जनसङ्ख्याको आकार, पूर्वाधार विकास र वार्षिक आम्दानीलाई भौगालिक अवस्थितिका आधारमा फरक फरक मापदण्डमा तोक्दै आएको देखिन्छ ।

**नेपालमा नगरपालिका घोषणा हुनका लागि आवश्यक मापदण्डहरू**

| साल | आधार |
| --- | --- |
| स्थानीय सरकार सञ्चालन ऐन २०७४ | १. महानगरपालिका<br>कम्तीमा पाँच लाख स्थायी बासिन्दा भएको<br>पछिल्लो पाँच वर्षको औषत वार्षिक आन्तरिक आय एक अर्ब रुपियाँ भएको<br>स्नातकोत्तर तहसम्मको अध्ययन संस्था<br>विशेषज्ञसहितको कम्तीमा ५०० सैय्याको अस्पताल<br>आधारभूत सहरी सुविधाका २१ ओटा सूचक पूरा भएको |

| | |
|---|---|
| | २. उपमहानगरपालिका<br>कम्तीमा दुई लाख स्थायी बासिन्दा भएको<br>पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय २५ करोड रुपियाँ भएको<br>कम्तीमा १०० सैय्याको अस्पताल<br>आधारभूत सहरी सुविधाका १५ ओटा सूचक पूरा भएको<br>३. नगरपालिका<br>हिमाली जिल्लाको हिमाली क्षेत्रमा १० हजार<br>हिमाली जिल्लाको पहाडी क्षेत्र ४० हजार<br>पहाडी क्षेत्रमा ४० हजार, तराई क्षेत्रमा ७५ हजार र काठमाडौं उपत्यकामा १ लाख जनसङ्ख्या भएको<br>सडक, सडक पेटी, विद्युत्, खानेपानी, सञ्चार र अन्य आधारभूत सहरी सुविधा भएको<br>पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय तराई र पहाडी क्षेत्रमा कम्तीमा तीन करोड र हिमाली क्षेत्रमा एक करोड भएको<br>न्यूनतम सहरी वातावरणमा हुनुपर्ने १६ ओटा सूचाङ्कहरू पूरा भएको |

## २. नेपालमा सहरीकरणको प्रवृत्ति

नेपालमा प्राचीन समयदेखि नै सहरको विकास भएको पाइन्छ । प्राचीन सहरहरू मूलतः कृषि अर्थतन्त्र, कुटीर उद्योग र प्रशासनिक केन्द्रहरूका रूपमा विकास भएको पाइन्छ । यी केन्द्रहरूले आसपासका वस्तीहरूलाई सेवा प्रदान गर्दा क्रमशः सहरीकरण हुँदै गएको देखिन्छ । सन् १९५२-५४ मा नेपालको २.९ प्रतिशत सहरी जनसङ्ख्या रहेको थियो भने यो सङ्ख्या सन् १९७१ मा ४.१, सन् १९९१ मा ९.२, सन् २०११ मा १७ प्रतिशत सहरी जनसङ्ख्या रहेको थियो । नेपालमा नगरपालिकाको सङ्ख्या बढेसँगै सहरी जनसङ्ख्या पनि वृद्धि भइरहेको देखिन्छ । सन् १९५२/५४ मा १० ओटा नगरपालिका रहेकामा २०१७ मा २६३ ओटा पुगेको छ ।

### नेपालमा सहरीकरणको प्रवृत्ति

| वर्ष (सन्) | नगरपालिकाको सङ्ख्या | प्रतिशत | सहरी वृद्धि दर |
|---|---|---|---|
| १९५२/५४ | १० | २.९ | N/A |
| १९६१ | १६ | ३.६ | १.६५ |
| १९७१ | १६ | ४.१ | ३.२३ |
| १९८१ | २३ | ६.३ | ७.५५ |
| १९९१ | ३३ | ९.२ | ५.८९ |
| २००१ | ५८ | १३.९ | ६.६५ |
| २०११ | ५८ | १७.० | ४.९ |
| २०१४ | १९१ | ३८.२ | N/A |
| २०१७ | २६३ | ६२.२ | |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०११ र २०१८

नेपालको सन् २०१४ मा सहरी जनसङ्ख्या ३८.२ प्रतिशत रहेको थियो । राज्य पुनर्संरचनापछि नगरपालिकाको सङ्ख्या बढेसँगै सहरी जनसङ्ख्या ६२.२ पुगेको छ ।

नेपालमा औसत वार्षिक सहरी वृद्धि दर ३.४३ प्रतिशत रहेको छ भने सन् १९८१ मा उच्च दर (७.५५ प्रतिशत) देखिन्छ ।

## ३. नेपालमा सहरीकरणको विस्तार

नेपालमा सहरीकरणको दर विश्वका अन्य देशहरूको तुलनामा निकै कम देखिन्छ । यहाँ प्राचीनकालीन सहरहरू रहेका प्रशस्त उदाहरणहरू पाइन्छन् । प्राचीनकालीन नेपालमा वस्तीहरू ज्यादै पातला र छरिएर रहेका थिए । त्यति बेला धेरै ठाउँमा सहरको विकास भएको थिएन । विश्वका अन्य देशहरूमा जस्तै नेपालमा पनि सहरको विकासमा कृषि उत्पादनको प्रमुख भूमिका देखिन्छ । नेपालमा सहरको सुरुआत काठमाडौँ उपत्यकाबाट भएको मानिन्छ । काठमाडौँ उपत्यका तिब्बतसँगको व्यापारिक मार्गमा रहेको थियो । काठमाडौँ उपत्यका बाहिर पहाडी क्षेत्रमा थुम, गढ, किल्ला, कोटहरू आदिले ठुलो रूप लिँदै व्यापारिक केन्द्रमा परिवर्तन हुँदै गए । यी केन्द्रहरू नेपाल एकीकरणपछि गौँडा तथा खलङ्गा जस्ता प्रशासनिक केन्द्रहरू हुँदै कालान्तरमा सहरमा परिवर्तन हुँदै गएको देखिन्छ ।

नेपालमा काठमाडौँ, जनकपुर आदि सहरहरूले ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्व बोकेको पाइन्छ । अरू कतिपय सहरहरूले ऐतिहासिक महत्त्व राखेका छन् भने कतिपय सहरहरू वस्तुको उत्पादनका आधारमा पनि चिनिन्छन । भोजपुर खुकुरी र करुवा, पाल्पा करुवा र ढाका टोपीका आधारमा चिनिन्छन् । नेपालमा सहरीकरणका प्रवृत्ति निम्नानुसार छन् :

(क) नेपालमा सहरीकरणको जग कृषि अर्थतन्त्र र खाद्यन्न बचतमा बसेको देखिन्छ । प्राचीन सहरहरूको विकासमा गैरकृषि व्यवसाय, श्रम विभाजन, सैनिक तथा प्रशासनिक सेवाको विस्तारले योगदान दिँदै आएको पाइन्छ । प्राचीन सहरहरू सुरक्षाका दृष्टिले डाँडा तथा आवत्जावत् गर्ने बाटो तथा गौँडामा बसेको देखिन्छ । चतरा, भीमफेदी, गाईघाट, बटौली, कोइलाबास आदि व्यापारिक मार्गमा बसेका पुराना सहरहरू हुन् ।

(ख) भारतीय रेलमार्गको विस्तार नेपालको सिमानासम्म भएपछि तराई क्षेत्रमा विराटनगर, जनकपुर, वीरगन्ज, भैरहवा, नेपालगन्ज, धनगढी आदि स्थानमा बस्तीका आकार बढ्दै सहरहरूको उद्विकास भएको देखिन्छ । यी सहरहरू मूलतः भारत र नेपालबिचको व्यापारको परिवहन विच्छेद बिन्दुका रूपमा विकसित हुँदै गए । यी केन्द्रहरूबाट बाहिरतिर गएका यातायात मार्गहरूले चुरेपर्वत तथा महाभारत शृङ्खलाको फेदीमा धरान, हेटौँडा, बुटवल, दाङ, कोहलपुर, अत्तरिया आदिमा तराई र पहाडबिचको परिवहन विच्छेद बिन्दुका रूपमा सहरहरूको विकास भयो ।

नेपालको तराई क्षेत्रलाई अन्नको भण्डार भनिन्छ । परापूर्वकालदेखि नै यहाँ प्रशस्त धान उत्पादन हुन्थ्यो । विशेष गरी हिउँदको समयमा धान खरिद बिक्री गर्न आउने व्यापारीहरूको अस्थायी

केन्द्र र त्यसको उत्पादनशील पृष्ठक्षेत्रमा सहरीकरणको उद्विकास हुँदै गयो । पूर्वी तराईका भद्रपुर, गौरीगञ्ज, रङ्गेली, जलेश्वर, गौर, कृष्णनगर, राजापुर आदि सहरहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । पूर्व पश्चिम राजमार्ग निर्माण भएपछि कतिपय यस्ता सहरहरूमा आर्थिक क्रियाकलापहरू न्यून हुने गरेका छन् । गौरीगञ्ज, रङ्गेली, सिराहा बजार, कोयलाबास यसका उदाहरण हुन् ।

(ग) सन् १९५० देखि १९६० का बिचमा औलो उन्मूलन भएपछि हिमाल, पहाडबाट तराईमा भएको बसाइँसराइले सहरीकरण प्रक्रिया तीव्र गतिले हुन थालेको देखिन्छ । पहाडबाट तराईमा बसाइँ सर्ने क्रमसँगै पूर्वी तराईबाट सहरीकरण प्रक्रिया सुरु भएको थियो । त्यसपछि क्रमश: चितवन र लुम्बिनी प्रदेश र पश्चिमी क्षेत्रमा सहरीकरण हुँदै गएको देखिन्छ ।

(घ) सन्१९७० को दशकमा पूर्वपश्चिम राजमार्ग बनेपछि नेपालको सहरीकरणमा नयाँ आयाम थपिएको देखिन्छ। पूर्व पश्चिम राजमार्गमा उत्तरबाट आउने यातायात मार्गका सङ्गमस्थलहरूमा नयाँ सहरहरू उद्विकास हुँदै गए । काकडभिट्टा, विर्तामोड, दमक, इटहरी, लाहान, हेटौँडा, भरतपुर, बुटवल, कोहलपुर, अत्तरिया आदि सहरहरू राजमार्गसँगै बन्न थाले ।

(ङ) नेपालमा क्षेत्रीय विकास केन्द्र, जिल्ला सदरमुकाम, प्रमुख व्यापारिक केन्द्र र उत्तर दक्षिण जोड्ने सडक विस्तारले पनि सहरीकरणमा उल्लेखनीय परिवर्तन ल्याएको देखिन्छ । अहिले मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, नदी कोरिडर र ग्रामीण सडकको निर्माण र विस्तारले विभिन्न क्षेत्रमा यातायातको पहुँच बढिरहेको छ । यसले सडक सञ्जालमा जोडिन नसकेका क्षेत्रका मानिसहरू सडकनजिकै सर्ने क्रमले सहरीकरणको प्रवृत्तिमा परिवर्तन ल्याइरहेको देखिन्छ ।

(च) हिमाली क्षेत्रका हवाई यातायातसँग जोडिएका स्थान र जिल्ला सदरमुकाममा साना सहरी केन्द्रहरू बनेका छन् । यसका साथै कतिपय स्थानहरूमा जिल्ला सदरमुकाम सरेर सहरहरू बनेका छन् ।

नेपालमा सहरी क्षेत्रको वितरणमा स्थानिक भिन्नता पाइन्छ ।

नेपालमा भौगोलिक प्रदेशअनुसार हिमाली क्षेत्रका २१ जिल्लामा ११.६ प्रतिशत नगरपालिकाहरू रहेका छन् । पहाडी क्षेत्रका ३१ जिल्लमा ३३.४ प्रतिशत, भित्री मधेसका ७ जिल्लामा ९.९ प्रतिशत र तराईका १८ जिल्लामा ५१.५ प्रतिशत नगरपालिकाहरू रहेका छन् ।

प्रदेशअनुसार सबभन्दा धेरै नगरपालिका प्रदेश न. २ (२६.३%) र त्यसपछि क्रमश: प्रदेश न. १ (१६.७%), बाग्मती (१५.४%), लुम्बिनी (१२.३%), सुदूरपश्चिम (११.६%), गण्डकी (९.२%) र कर्णाली (८.५%) रहेका छन् ।

सन् २०११ को जनगणनादेखि मात्र हिमाली क्षेत्रमा खाँदबारी र भिमेश्वर नगरपालिका थपिएको देखिन्छ । योभन्दा अगाडिका जनगणना वर्षहरूमा हिमाली क्षेत्रमा नगर क्षेत्र देखिँदैन । सन् २०११ को जनगणनामा पहाडी क्षेत्रमा ४७.७ प्रतिशत र तराई क्षेत्रमा ५२.६ प्रतिशत रहेको देखिन्छ । अहिले हिमाली र पहाडी क्षेत्रमा ४५ प्रतिशत, भित्रीमधेसमा ९.९ प्रतिशत र तराई ४५.१ प्रतिशत नगरपालिकाहरू रहेका छन । पहाडी क्षेत्रमा काठमाडौँ उपत्यकामा धेरै नगरपालिका र सहरी जनसङ्ख्या रहेको छ ।

## क्रियाकलाप

१. नेपालको नक्सामा तपाईँ बसोबास गर्ने जिल्लामा भएका नगरपालिकाहरू देखाउनुहोस् ।

२. तपाईँ बसेको प्रदेशमा सहरीकणले जनजीवनमा पारेको प्रभाव सम्बन्धमा छलफल गरी बुँदा टिपोट गर्नुहोस् ।

## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालको सहरीकरणका मापदण्डको सूची बनाउनुहोस् ।

(ख) नेपालमा सहरीकरण प्रवृत्तिको उल्लेख गर्नुहोस् ।

(ग) यातायातको पूर्वाधार विकासले सहरीकरणमा ल्याएको परिवर्तनको सङ्क्षिप्त टिप्पणी गर्नुहोस् ।

पाठ : 3

# गाउँ सहर सम्बन्ध

## १. परिचय

गाउँ सहर सम्बन्ध भन्नाले गाउँ र सहरबिच हुने वस्तु, सेवा, व्यक्ति, सूचना, सामाजिक सम्बन्ध आदिको प्रवाहलाई जनाउँछ। यो ग्रामीण र सहरी क्षेत्रलाई जोड्ने एक स्थानिक अवधारणा हो। तसर्थ ग्रामीण क्षेत्र र सहरी क्षेत्रबिचको कार्यात्मक सम्बन्धलाई गाउँ सहर सम्बन्ध भनिन्छ। यो सम्बन्धले ग्रामीण र सहरी क्षेत्रको संरचनात्मक परिवर्तनमा मदत गर्छ। यसले कृषि, उद्योग र सेवा क्षेत्रहरूलाई एक मूल्य शृङ्खलामा आबद्धता गराउँछ।

सहरीकरणले ग्रामीण क्षेत्रको उत्पादन प्रक्रियामा महत्त्वपूर्ण प्रभाव पार्दछ। सहरी क्षेत्रले ग्रामीण क्षेत्रबाट खाद्यान्नसँगै प्राकृतिक साधनहरू (जस्तै: पानी, दाउरा, काठ, तरकारीलगायत दुग्ध पदार्थ आदि) को माग गर्छ। यी वस्तुहरू ग्रामीण क्षेत्रमा उत्पादन हुन्छन्। सहरी क्षेत्रले सडक यातायात, सञ्चार र व्यापारीहरूको सञ्जाल तयार गर्छ। विभिन्न सङ्घसंस्था र सञ्जालले गाउँ र सहरको सम्बन्धमा परस्पर सहयोग गरिरहेका हुन्छन्। यस प्रक्रियाले ग्रामीण क्षेत्रको वस्तु उत्पादन र बजारीकरणको माध्यमबाट सामाजिक आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्छ।

देशको सन्तुलित र दिगो विकासका लागि गाउँ सहर सम्बन्ध अपरिहार्य हुन्छ। यो सम्बन्धले सहर र गाउँबिचको सामाजिक आर्थिक सम्बन्धलाई एकीकरण गर्दछ। प्राय: गाउँलाई सहरको एक पृष्ठप्रदेशका रूपमा हेर्ने गरिन्छ। तर गाउँ सहर सम्बन्धले गाउँलाई केन्द्रमा राखेर सहरलाई हेर्ने गरिन्छ। गाउँ सहर सम्बन्धले गाउँलाई एक उत्पादन केन्द्रका रूपमा हेर्छ। तसर्थ गाउँ सहर सम्बन्धले ग्रामीण क्षेत्रलाई उत्पादन र उपभोग दुवैको केन्द्र बनाउन जोड दिन्छ।

गाउँमा बसोबास गर्ने अधिकांश मानिसहरूको जीवनशैली कृषिमा आधारित छ। सहरी अर्थतन्त्र, उद्योगधन्दा, कलकारखाना, व्यापार, व्यवसाय र सेवामूलक क्षेत्रसँग सम्बन्धित छ। गाउँमा उत्पादित वस्तुहरूको बिक्री सहरमा गरिन्छ भने सहरले वस्तु तथा सेवाको वितरण गर्छ। गाउँ सहर सम्बन्धले गाउँको विकासमा सहरको भूमिकालाई जोड दिएको छ। तसर्थ गाउँको विकासका लागि सहरले ग्रामीण उत्पादन र श्रम शक्तिको माग सिर्जना गर्नुपर्दछ। गाउँको दिगो विकासका लागि कृषिको उत्पादन प्रक्रिया परिवर्तन गर्नुपर्छ। ग्रामीण उत्पादनलाई बजार र उद्योगसँग आबद्ध गराई सामाजिक आर्थिक रूपान्तरणको वातावरण बनाउनुपर्छ। यो सम्बन्ध स्थापनामा बजार केन्द्र, यातायात र सञ्चार प्रणाली र पृष्ठप्रदेशहरूले भूमिका खेल्छन्। यसलाई गाउँ सहर सम्बन्धका आयाम पनि भनिन्छ।

बजार केन्द्र : बजार केन्द्रअन्तर्गत साना बजार केन्द्रदेखि ठुला सहरहरूलाई समावेश गर्न सकिन्छ। यी केन्द्रहरूले आर्थिक, सामाजिक, प्रशासनिक र विनिमय कार्यहरू गर्छन्। जसलाई केन्द्रीय कार्य भनिन्छ। बजार केन्द्रहरू तहगत संरचना र निश्चित भौगोलिक दुरीमा रहेका हुन्छन्। मूलत: बजार केन्द्रका कार्यहरूले गाउँ सहर सम्बन्धलाई बलियो बनाउँछ किनभने सहरी केन्द्रहरू ग्रामीण विकासका केन्द्रस्थल हुन्छन्।

पृष्ठप्रदेश : सहरी केन्द्रको वरिपरिको क्षेत्रलाई पृष्ठप्रदेश भनिन्छ । यो क्षेत्रले सहरी केन्द्रमा आवश्यक हुने खाद्यन्न, कच्चा पदार्थ, हस्तकला, श्रम आदि उपलब्ध गराउँछ । यसको साथै पृष्ठप्रदेशमा सहरी केन्द्रले वस्तु तथा सेवा वितरण गर्छ । गाउँ सहरको परस्पर सम्बन्धलाई स्रोत साधनको उपलब्धता, उत्पादन प्रक्रिया र दुरीले निर्धारण गरेको हुन्छ ।

यातायात र सञ्चार प्रणाली: गाउँ सहर सम्बन्ध विकास गर्न यातायात र सञ्चार प्रणालीको प्रमुख भूमिका हुन्छ । व्यापारिक सञ्जाल, यातायातका साधन, सञ्चार प्रणाली, दुरी, समय आदिले गाउँ सहर सम्बन्धलाई प्रभाव पार्दछन् ।

## २. गाउँ सहर सम्बन्धको महत्त्व

ग्रामीण अर्थतन्त्रको विविधीकरण र सुदृढीकरणमा सहरको प्रमुख भूमिका हुन्छ । सहरीकरणले सहरको आकार र कार्यात्मक स्वरूप परिवर्तन गराउँदै ग्रामीण उत्पादनको माग वद्धि गर्दै जान्छ । गाउँ सहर सम्बन्धले ग्रामीण क्षेत्रमा परिवर्तन ल्याउँछ ।

(क) गाउँ सहर सम्बन्धले कृषि क्षेत्रको रूपान्तरणमा मदत गर्छ ।

(ख) यसले आय र रोजगारीमा विविधीकरण ल्याउँछ ।

(ग) आय र रोजगारीका असमानतालाई घटाउँदै सामाजिक ध्रुवीकरण कम गर्छ ।

(घ). गाउँ सहर सम्बन्धले स्थानीय विकासलाई अवसर प्रदान गर्छ ।

(ङ) राष्ट्रिय आय वृद्धिमा सहयोग पुऱ्याउँछ ।

## ३. गाउँ सहर सम्बन्ध र जीविकोपार्जन

जीविकोपार्जन भन्नाले व्यक्तिको जीवनका आवश्यकताहरूलाई परिपूर्ति गर्ने प्रक्रियालाई बुझाउँछ । धेरै विकास सिद्धान्त र अभ्यासहरूले जीविकोपार्जनका लागि गाउँ र सहरको द्वैध भूमिका माथि जोड दिँदै आएको पाइन्छ । जीविकोपार्जनका लागि स्थानिक र क्षेत्रगत आधारमा सहर र गाउँको एकीकृत सम्बन्ध विस्तार हुन आवश्यक हुन्छ ।

ग्रामीण क्षेत्रको उत्पादनलाई बजारीकरण र उद्यमशीलता जस्ता मूल्य शृङ्खलामा कृषि र रोजगारी विविधीकरणको अवसरका लागि सहरी क्षेत्रको आवश्यकता पर्छ भने सहरी सेवा विस्तारका लागि ग्रामीण उपभोक्ताहरू चाहिन्छन् । गाउँ सहरको दोहोरो सम्बन्धले कृषि क्षेत्रको उन्नति र गैरकृषि व्यवसायलाई एकीकरण गर्न मदत गर्दछ ।

सेसिलिया टाकोलीले सन् १९९८ मा गाउँ सहर सम्बन्ध स्थापनामा स्थानिक अन्तरसम्बन्धहरूले प्रभाव पार्ने धारणा व्यक्त गरेका छन् । उनका अनुसार मानिसको प्रहाव, सामानको बहाव र क्षेत्रगत अन्तरक्रियाबाट गाउँ सहरबिचको अन्तरसम्बन्ध सिर्जना हुन्छ, जसले जीविकोपार्जन शैलीमा सहजता ल्याउन मदत गर्दछ । उनको धारणालाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) **मानिसहरूको प्रवाह :** बसाइँसराइ प्रायः गाउँबाट सहरतर्फ हुने गर्छ । गाउँमा बसोबास गर्ने मानिसहरू रोजगारी र सेवा सुविधाका लागि सहरमा बसाइँसराइ सर्छन् । सहरमा काम गर्न आउने कामदारले गाउँमा बस्ने परिवारलाई विप्रेषण पठाउँछन् जसले जीविकोपार्जन शैलीमा

परिवर्तन ल्याउँन मदत गर्दछ । सहरी सुविधा क्रमशः गाउँतर्फ विस्तार हुँदै जान्छन् । सडक यातायात र सञ्चारको विकासले गाउँ सहर जोड्दै जान्छ ।

(ख) **सामानको आदानप्रदान :** सहर र गाउँबिच सामानको आदानप्रदान एक अनिवार्य कार्य हो । गाउँबाट स्थानीय उत्पादन (खाद्यान्न, तरकारी, दुध) कच्चापदार्थ, श्रम शक्ति र सहरबाट दैनिक आवश्यकीय वस्तुहरू जस्तै: लत्ताकपडा, मरमसला, कृषि उपकरण आदिको आदान प्रदान गर्छन् । गाउँका किसानहरूले उच्च मूल्यका वस्तुहरू उत्पादन र निकासी गरेर प्रशस्त आम्दानी लिने अवसर उपलब्ध हुन्छ ।

(ग) **बजार केन्द्रको भूमिका :** गाउँको जीविकोपार्जन शैलीमा सुधार ल्याउन कृषि उत्पादन र उद्योग तथा सेवाहरूबिच अन्तरसम्बन्ध कायम गर्नुपर्दछ । यो अन्तरसम्बन्ध कायम गर्न बजार केन्द्र र गाउँ दुवैको उत्तिकै भूमिका हुन्छ । सहरी क्षेत्रले गैरकृषि क्षेत्रको प्रवर्धन गर्न मदत गर्छ जसले कृषि उत्पादन, बजारीकरण र प्रशोधनलाई मूल्य शृङ्खलाका रूपमा प्रयोग गर्छ । मूल्य शृङ्खलाले कृषि र गैरकृषि क्षेत्रबिचको सम्बन्धलाई पारस्परिक बनाउँछ ।

(घ) **जीविकोपार्जनमा विविधीकरण :** ग्रामीण क्षेत्रमा कृषिको उत्पादन परिवर्तनले रोजगारी र आम्दानी बढाउँछ । यसले कृषि उपज मल, बिउ, औषधी र दैनिक उपभोग्य वस्तुहरूको माग बढाउँछ । कृषि उत्पादन क्षेत्र नजिकै साना बजार केन्द्रको विकास हुन्छ । कृषि उत्पादनको विविधीकरणसँगै साना तथा मझौला उद्योग, ग्रामीण पर्यटन आदिले ग्रामीण क्षेत्रको मूल्य शृङ्खलामा परिवर्तन ल्याउँछ । यसले गैरकृषि व्यवसाय गर्दै ठुला सहर र ग्रामीण क्षेत्रबिच सामानको आदानप्रदान गर्छन् । यसले रोजगारी विविधीकरणको अवसर सिर्जना गर्छ । यसले गाउँको आम्दानी बढाउँछ र त्यो आम्दानीलाई पुनः लगानी गरेर जीविकोपार्जन शैलीमा सुधार ल्याउन मदत गर्छ ।

## *क्रियाकलाप*

१. **तपाईं बसेको स्थान गाउँ वा सहर कहाँ पर्छ छुट्याउनुहोस् र त्यहाँबाट हुने स्थानिक अन्तरसम्बन्धहरूको तालिका बनाई प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईं बसेको स्थानमा उत्पादन भएको वस्तु कहाँ कहाँ आपूर्ति हुन्छ ? नक्सामा देखाउनुहोस् ।**

## *अभ्यास*

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **गाउँ सहर सम्बन्धको अवधारणा उदाहरणसहित स्पष्ट पार्नुहोस् ।**

(ख) **गाउँ सहर सम्बन्धका आयामहरूको सङ्क्षिप्त चर्चा गर्नुहोस् ।**

(ग) **पृष्ठप्रदेशले गाउँ सहर अन्तरसम्बन्धमा कसरी भूमिका खेल्छ, उल्लेख गर्नुहोस् ।**

(घ) **गाउँ सहर सम्बन्धका प्रक्रियाहरूको उदाहरणसहित वर्णन गर्नुहोस् ।**

(ङ) **गाउँ सहर सम्बन्धले जीविकोपार्जन शैलीमा ल्याउने सकारात्मक र नकारात्मक परिवर्तनमा छोटो टिप्पणी लेख्नुहोस् ।**

पाठ : ४

# नेपालमा सहरीकरणका अवसर र चुनौती

हाल नेपालमा ६२.२ प्रतिशत सहरी जनसङ्ख्या रहेको छ । सहरी जनसङ्ख्यामा वृद्धि भएसँगै ग्रामीण क्षेत्रको जनसङ्ख्या क्रमशः घट्दै गइरहेको छ । यसले सहरी क्षेत्रको स्थानिक, सामाजिक, आर्थिक, सांस्कृतिक र वातावरणीय अवस्थामा सकारात्मक र नकारात्मक प्रभाव परिरहेको छ । सहरीकरणले थुप्रै अवसरहरू उपलब्ध गराउँदै आएको छ । एकाइसौँ शताब्दीमा सहरीकरण प्रक्रिया नयाँ चरणमा प्रवेश गरेको छ । यो प्रक्रियाले पुँजीको गतिशीलता, अर्थतन्त्रको भूमण्डलीकरण, लगानीमा बहुर्राष्ट्रिय कम्पनीको स्वामित्वलाई बढाउँदै लगेको छ, जसले सहरको विस्तार, फैलावट र कार्यात्मक विशिष्टतालाई अवसर प्रदान गरेको छ । यसका साथै चुनौती पनि थपेको छ ।

## १. सहरीकरणका अवसर

सहरीकरणले विविधता र विशिष्टतामा आधारित उत्पादन प्रक्रिया र सामाजिक आर्थिक परिवर्तनको वातावरण तयार गर्छ । यसले उन्नत आर्थिक प्रणाली, सार्वजनिक सेवा र गैरनाफामूलक सेवाहरू (उच्च शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा आदि) को विस्तारमा सहकार्यको वातावरण सिर्जना गर्छ ।

सहरीकरणले वस्तु तथा सेवा उत्पादनमा बहुर्राष्ट्रिय कम्पनीहरूका गतिविधिहरूलाई प्रतिस्पर्धी र विविधीकरणमा आधारित बनाउन मदत गर्छ । यसका साथै विष्टितामा आधारित उच्च मूल्य तथा तुलनात्मक लाभका आधारमा वस्तु उत्पादन, बजारीकरण, प्रशोधन आदि मूल्य शृङ्खलामा आबद्ध हुने अवसर दिन्छ । यसले सहरलाई आफ्नो स्थान विशेषको विशिष्टतामा आधारित उत्पादनलाई बजारमा प्रतिस्पर्धा गरेर सामाजिक आर्थिक रूपान्तरण गर्ने अवसर उपलब्ध गराउँछ ।

सहरीकरणले वस्तु उत्पादनका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय कम्पनीहरूसँग आबद्ध हुने मौका दिन्छ । यो प्रक्रियाले वैश्विक गाउँका नयाँ समूहहरूमा आबद्ध हुने, श्रम, प्रविधि र पुँजीको विकास गर्ने र स्थान विशेषका तुलनात्मक लाभका वस्तुहरूको उत्पादनमा लगानी गर्न प्रेरित गर्छ । यसले गर्दा लगानीको क्षेत्र विस्तार हुन्छ ।

यसको साथै आर्थिक भूमण्डलीकरण र डिजिटल टेक्नोलोजीलाई प्रयोग गरेर सहरहरूले फाइदा लिन सक्ने वातावरण तयार हुन्छ । यो प्रविधिलाई आत्मसात् गर्न सक्षम सहरहरूले तीव्र गतिमा आर्थिक विकास गर्ने अवसर पाउँछन् ।

## सहरीकरणका चुनौती

अहिले नेपालमा तीव्रगतिले सहरीकरण भइरहेको छ । जनसङ्ख्या वृद्धि र सहरीकरणले सहरी क्षेत्रको स्रोत साधन, सेवा सुविधा, भौतिक पूर्वाधार विकास, वातावरण र सुशासनमा समस्याहरू ल्याइरहेको छ । नेपालका कतिपय सहरहरूले सहरी मापदण्ड पूरा गर्न सकेका छैनन् । यसका साथै प्राचीनकालमा विकास भएका सहरहरूको साँगुरो संरचना, जीर्ण भौतिक संरचना र त्यसको ऐतिहासिक महत्त्व जोगाउनु पनि चुनौती भइरहेको छ । नेपालमा सहरीकरणका थुप्रै चुनौतीहरू छन् । तीमध्ये केही मुख्य चुनौती यसप्रकार छन् :




**(क) न्यून सेवा र सुविधाः** सहरीकरणले जनसङ्ख्याको वृद्धिसँगै सेवा सुविधा (जस्तैः सडक, विद्युत्, खानेपानी आदि) को व्यवस्थापन गर्न कठिन हुन्छ । यसले गर्दा अत्यावश्यक पूर्वाधारहरू तथा सेवाहरूमा न्यून पहुँच हुन्छ ।

**(ख) ट्राफिक व्यवस्थापनः** सहरीकरणले सवारी साधनको अधिक चाप वृद्धि गराउँछ र सहरमा ट्राफिक व्यवस्थापनमा चुनौती भइरहेको छ ।

**(ग) अव्यवस्थित बसोबासः** सहरीकरणले अव्यवस्थित बसोवासको प्रवृत्ति बढिरहेको छ । पुराना सहरहरूका साँगुरा गल्लीहरूमा सडक विस्तार, ढल निकास, फोहोरमैला व्यवस्थापन र आपतकालीन सेवा पुऱ्याउन चुनौती भइरहेको छ भने मापदण्ड बिना जग्गा प्लटिङ गर्ने, घर बनाउने कार्यले सहरी व्यवस्थापन र वातावरणीय समस्या सिर्जना भइरहेको छ ।

**(घ) खुला स्थानको अतिक्रमण :** व्यवस्थित बसोबास र संरचना निर्माणले खुला स्थानको तीव्र अतिक्रमण भइरहेको छ । देशका प्रमुख सहरका सार्वजनिक जमिन र खुला क्षेत्र अतिक्रमण भइरहेको देखिन्छ । कतिपय नयाँ सहरहरूमा खुला स्थान छोडेको देखिँदैन यसले विपद् व्यस्थापन र वातावरण संरक्षणमा चुनौती थपिरहेको छ ।

**(ङ) वातावरण प्रदूषण :** सहरीकरणसँगै सवारी साधन, इँटाभट्टा, निमार्ण कार्य, कलकारखाना, ठोस फोहोर व्यवस्थापनको अभावले वातावरण प्रदुषण गराइरहेको छ ।

**(च) शान्ति सुरक्षा :** सहरीकरणले झैझगडा, चोरी, डकैती, बलत्कार, हत्या आदि जस्ता क्रियाकलापले शान्ति सुरक्षाका साथै सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा समस्या सिर्जना गरेको छ ।

**(छ) न्यून रोजगारी अवसर :** सहरमा गैरकृषि रोजगार अवसरहरू सीमित छन् । नेपालका अधिकांश सहरी क्षेत्रमा बसोबास गर्ने मानिसहरू अझै पनि कृषि क्षेत्रमा निर्भर देखिन्छन् ।

**(ज) बसाइँसराइ :** गाउँबाट सहरी क्षेत्रहरूमा भइरहेको बसाइँसराइ पनि सहरीकरणको प्रमुख समस्या हो । अनियन्त्रित आप्रवासनले सहरमा यातायात, खानेपानी, ऊर्जा, स्वास्थ्य, शिक्षा, ढल निकास र भूउपयोगमा चाप बढिरहेको छ ।

**(झ) हरियाली पार्कको अभाव :** दिगो सहरी विकासका लागि हरियाली पार्कको आवश्यकता हुन्छ । सहरमा हरियाली कायम राख्न हरितपार्क, हरित खुला स्थान, सहरी कृषि र वृक्षरोपण आवश्यक हुन्छ । तर हरियाली पार्कलाई कार्बन उत्सर्जन, सहरी तापमानको उतारचढाव नियन्त्रण र सहरी भूउपयोगलाई सन्तुलन ल्याउन प्रयोग गर्न नसक्नु पनि चुनौती हो ।

माथिका समस्या समाधानका लागि सहरी योजनामा पर्यावरणीय व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्छ । यस नीतिले असुरक्षित स्थानको जनसङ्ख्यालाई व्यवस्थापन गर्न र वातावरण प्रदूषणलाई रोक्न मदत गर्दछ । सहरमा दिगो पूर्वाधार विकासलाई सुनिश्चित गर्ने नियमहरूलाई कडाइका साथ पालना गर्नुपर्दछ ।

सहरीकरणका समस्याहरूलाई समायोजन गर्न स्मार्ट प्रविधि अपनाउनुपर्छ । हरित पार्क, खुला स्थानको जगेर्ना, सहरी कृषि, जलाधार क्षेत्रमा वृक्षा रोपण र सहर विकास प्राधिकरणको मापदण्डअनुसार जगा खण्डीकरण र भवन निर्माण आचार संहिता व्यवस्थित र योजनाकृत सहरी निर्माण गर्नुपर्छ ।

## क्रियाकलाप

१. मानौँ तपाईँ आफ्नो पालिकाको प्रमुख हुनुभयो भने त्यहाँ व्यवस्थित बसोबासका लागि कस्तो योजना बनाई कार्य गर्नुहुन्छ । समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

२. तपाईँ वा तपाईँको छिमेकी सहर वा नगरपालिको सामाजिक तथा भौतिक वातावरणमा सहरीकरणले पारेका सकारात्मक र नकारात्मक प्रभावहरू छलफल गर्नुहोस् ।

३. आफू बसेको नगर क्षेत्रको अवलोकन गरेर खुला स्थानको अवस्थिति खेस्रा नक्सामा देखाउनुहोस् ।

## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालमा सहरीकरणले ल्याएका अवसरहरूलाई उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा सहरीकरणका प्रमुख चुनौतीहरूको सूची तयार गर्नुहोस् ।

(ग) सन्तुलित सहरी वातावरण निर्माणमा हरियालीपार्कको महत्त्वमाथि प्रकाश पार्नुहोस् ।

(घ) स्मार्ट सिटीको अवधारणा र महत्त्वको चर्चा गर्नुहोस् ।

पाठ : ५

# बसाइँसराइ

## १. परिचय

परम्परागत रूपमा बसोवास गरिरहेको ठाउँबाट अर्को ठाउँमा बसोवास सर्ने प्रक्रियालाई बसाइँसराइ भनिन्छ। डिक्सनरी अफै ह्युमन जियोग्राफीका अनुसार व्यक्ति, परिवार वा समूहको एक ठाउँबाट अर्को ठाउँमा आवास स्थानान्तरणलाई बसाइँसराइ भनिन्छ जुन पर्यटन वा अन्य छोटो अवधिका भ्रमणभन्दा फरक हुन्छ । बसाइँसराइ हुनका लागि भौगोलिक क्षेत्र र बसोबास परिवर्तन हुनुपर्छ ।

बसाइँसराइ एक भौगोलिक क्षेत्रबाट अर्को क्षेत्रमा सर्ने प्रक्रिया हो ।

बसाइँसराइमा व्यक्तिले अस्थायी वा स्थायी रूपमा आफ्नो बसोबास परिवर्तन गर्छ ।

बसाइँसराइमा व्यक्तिले उच्चस्तरको जीवनयापनको आशा लिएर बसोवास परिवर्तन गर्छ ।

बसाइँसराइ विभिन्न दिशामा हुने गर्छ ।

विस्थापित व्यक्ति, शरणार्थी र आर्थिक रूपले बसाइँसराइ हुने गर्छ ।

कहिलेकाहीँ मानिस इच्छा र आवश्यकताले बसाइँसराइ सर्छ भने कहिले बाध्यताले पनि सर्छ ।

## २. बसाइँ सराइसम्बन्धी अवधारणाहरू

### (क) बसाइँसराइको धार

कुनै एक निश्चित समयावधिमा बसोबासका लागि एक क्षेत्रबाट अर्को क्षेत्रमा हुने प्रवाहलाई बसाइँसराइको धार भनिन्छ । बसाइँसराइको धार उत्पति स्थानबाट गन्तव्यतर्फको आउने साझाप्रवाहसँग सम्वन्धित छ । कुनै समय पहाडबाट तराई क्षेत्रमा हुने बसाइँसराइलाई नेपालको बसाइँसराइको धारको उदाहरण मान्न सकिन्छ । गाउँबाट सहरतर्फ हुने बसाइँसराइको धारको अर्को उदाहरण हो ।

### (ख) बसाइँसराइको अन्तराल

बसाइँसराइ निरन्तर हुने एक प्रक्रिया हो । बसाइँसराइसम्बन्धी तथ्याङ्क लिनका लागि एक निश्चित समयको आवश्यकता पर्छ । बसाइँसराइको गणनालाई निश्चित समय अन्तरालमा विभाजन गर्नुपर्छ । तसर्थ विशेष अवधिसँग सम्बन्धित बसाइँसराइलाई बसाइँसराइको अन्तराल भनिन्छ ।

**(ग) उत्पत्ति र गन्तव्यको स्थान (Place of Origin and Place of Destination)**: बसाइँ सर्ने व्यक्तिको उद्गमस्थल र गन्तव्यस्थल हुन्छ । बसाइँ सर्नेको प्रवाह हुने स्रोतलाई उद्गमस्थल र बसाइँ

सर्नेको प्रवाह रोकिने ठाउँलाई गन्तव्यस्थल भनिन्छ । बसाइँ सर्नेको उद्‌गम स्थलदेखि गन्तव्य स्थलसम्म प्रवाह हुने बाटोलाई माध्यम भनिन्छ । उद्‌गमस्थल र गन्तव्यस्थलविचको दुरी, अवसर, यातायातको सुविधा र सामाजिक वातावरणले बसाइँ सर्नेको सङ्ख्यालाई निर्धारण गर्छ । यसका साथै आकर्षण र विकर्षणका तत्त्वहरूले बसाइँसराइलाई प्रभाव पार्छन् ।




## बसाइँ सर्ने व्यक्ति (Migrant)

विभिन्न उद्देश्यले बसाइँ सर्ने व्यक्तिलाई बसाइँ सर्ने व्यक्ति भन्छन् । यसलाई आप्रवासी पनि भनिन्छ । व्यक्तिले आफ्नो बसोबासलाई अस्थायी वा स्थायी रूपले परिवर्तन गर्छ । व्यक्ति देश छोडेर बाहिर बसाइँसराइ गर्ने प्रक्रियालाई उत्प्रवासन र बसाइँ सरेर देशभित्र आउने प्रक्रियालाई आप्रवासन भनिन्छ । आप्रवासनले देशको जनसङ्ख्यालाई वृद्धि गराउँछ भने उत्प्रवासनले जनसङ्ख्या घटाउँछ । कुनै पनि समयावधिमा देशभित्र आउने र देशबाहिर जाने व्यक्तिको कुल सङ्ख्यालाई कुल बसाइँसराइ र भित्र आउने र बाहिर जानेविचको भिन्नतालाई खुद बसाइँसराइ भनिन्छ ।

## बसाइँसराइका विशेषता

बसाइँसराइले जनसङ्ख्या वृद्धि, वितरण र परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्छ । यो जनसङ्ख्या परिवर्तनको तेस्रो प्रमुख तत्त्व हो । जन्म र मृत्यु जनसङ्ख्या परिवर्तनका प्राकृतिक कारकहरू हुन् भने बसाइँसराइ मानव सिर्जित प्रक्रिया हो । यसले जनसङ्ख्याको संरचनामा परिवर्तन ल्याउँछ । तसर्थ बसाइँसराइलाई जनसङ्ख्याको पुनर्वितरणका रूपमा पनि लिइन्छ ।

बसाइँसराइलाई जनसङ्ख्या र साधन स्रोतबिचको सम्बन्धका रूपमा पनि लिइन्छ । साधन स्रोत कम भएका क्षेत्रबाट प्रशस्त स्रोत उपलब्ध भएका ठाउँको प्रयोगमा बसाइँसराइले मदत गर्छ । बसाइँसराइका महत्त्वपूर्ण विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(अ) बसाइँसराइ उमेर, लिङ्ग, व्यवसाय आदिसँग सम्बन्धित हुन्छ । विश्वव्यापी रूपमा ७४ प्रतिशत बसाइँ सर्ने मानिसहरू २० देखि ६४ वर्ष उमेर समूहका रहेका छन् । बसाइँ सर्नेहरूमा पुरुषको बाहुल्य रहेको छ ।

(आ) गाउँबाट सहरतर्फ हुने बसाइँसराइमा प्रायः युवा र वयस्कहरूको बाहुल्य हुन्छ ।

(इ) बसाइँसराइलाई आर्थिक, सामाजिक र मनोवैज्ञानिक पक्षहरूले प्रभाव पार्छ । सामान्यतया: युवाहरू बढी गतिशील हुन्छन् । उनीहरू रोजगारी र राम्रो शिक्षाको अवसरको खोजीमा बसाइँ सर्ने गर्छन् । वैवाहिक सम्बन्धले महिलाहरूलाई बसाइँसराइ गराउँछ ।

(ई) बसाइँसराइलाई सहर गाउँबिचको अपेक्षित ज्याला दरको भिन्नता र वैकल्पिक अवसरले प्रभाव पार्छ । यद्यपि आप्रवासीहरूको बसाइँसराइको समान गन्तव्य र पेसा हुँदैन ।

(उ) बसाइँसराइ मानवीय प्रवृत्ति हो । मानिसहरू नयाँ ठाउँमा अन्धाधुन्ध बसाइँ सर्दैनन् । उनीहरू प्रायः नातेदार, साथी र छरछिमेकीको सम्पर्कले बसाइँ सर्ने गर्छन् । वर्तमान समयमा यातायात, सूचना तथा सञ्चार प्रविधिको विकास, विश्वव्यापीकरण, बहुराष्ट्रिय कम्पनीको लगानी, साथीहरूसँगको सम्पर्क, सामाजिक सञ्जाल आदिको सर्म्पकले पनि बसाइँसराइ भइरहेको छ । तसर्थ बसाइँ सराइ एक शृङ्खला वा सञ्जालका रूपमा हुन्छ ।

(ऊ) बसाइँसराइको सहरी क्षेत्रमा रोजगारी पाउने सम्भावनासँग प्रत्यक्ष रूपले सम्बन्ध रहेको हुन्छ भने सहरी बेरोजगारी दर र वैकल्पिक अवसरसँग यसको उल्टो सम्बन्ध हुन्छ । सहरी र ग्रामीण क्षेत्रबिचको आर्थिक अवसरको असन्तुलन नै बसाइँसराइको प्रमुख कारक तत्त्व हो ।

## ३. बसाइँसराइका प्रकार

**बसाइँसराइ एक जटिल प्रक्रिया हो । बसाइँसराइ निम्नलिखित भागमा विभाजन गरेको पाइन्छ :**

१. आन्तरिक र अन्तर्राष्ट्रिय        २. अस्थायी र स्थायी

३. स्वैच्छिक र बाध्यात्मक        ४.कानुनी र अवैध        ५. सहरी र ग्रामीण

### (क) आन्तरिक (Internal)

आफ्नै देशको भौगोलिक सिमानाभित्र हुने बसाइँसराइलाई आन्तरिक बसाइँसराइ भनिन्छ ।




### (ख) अन्तर्राष्ट्रिय (Internationa migration)

देशको भौगोलिक सिमानाभन्दा बाहिर जाने बसाइँसराइलाई अन्तर्राष्ट्रिय बसाइँसराइ भनिन्छ ।

### (ग) ग्रामीण र सहरी (Rural-urban)

गाउँबाट सहरतर्फ हुने बसाइँसराइलाई ग्रामीण सहरी बसाइँसराइ भनिन्छ । विकासोन्मुख देशहरूमा ग्रामीण सहरी बसाइँसराइ धेरै हुने गर्छ भने विकसित देशहरूमा सहरबाट गाउँ बसाइँसराइ धेरै हुने गर्छ ।

### (घ) स्वेच्छिक र बाध्यकारी (Volunteer and forced)

व्यक्तिले प्राय: आर्थिक कारणले बसाइँ सर्ने गर्छ । वर्तमान अवस्तामा भने राम्रो शिक्षा, ग्रामीण र सहरी क्षेत्रबिचको सेवा सुविधा, सूचना तथा सञ्चारको विकासले पनि बसाइँसराइलाई प्रेरित गरेको पाइन्छ । आन्तरिक द्वन्द्व, शरणार्थी, अशान्ति, विपत्, पुनर्वास आदिले गरिने बसाइँसराइ बाध्यकारी बसाइँसराइ हो । शरणार्थीका लागि संयुक्त राष्ट्र सङ्घीय उच्च आयोगका अनुसार सन् २०२० मा पीडा, द्वन्द्व, हिंसा, मानव अधिकार उल्लङ्घनका घटनाहरूबाट कम्तीमा ८२.४ मिलियन मानिसहरू घर छोड्न बाध्य भएको अवस्था छ। करिब २६.४ मिलियन शरणार्थीहरूमा अधिकांश १८ वर्ष मुनिका छन् ।

### (ङ) अस्थायी र स्थायी (Permanent and temporay migration)

बसाइँ सर्नेले फर्केर आउने कुनै योजना गरेको हुँदैन भने त्यसलाई स्थायी बसाइँसराइ र बसाइँ गएको स्थानमा स्थायी बसोबास गर्ने मनसाय नभएको बसाइँसराइलाई अस्थायी बसाइँसराइ भनिन्छ ।

### (च) कानुनी र अवैध (Legal and Illegal)

नियमानुसार कुनै व्यक्ति उत्पत्ति मुलुकबाट गन्तव्य मुलुकमा बसाइँ सरी जाने प्रकियालाई कानुनी बसाइँसराइ भनिन्छ। कुनै व्यक्ति उत्पत्ति मुलुक, पारगमन र गन्तव्य मुलकका नियमहरूको परिधिभन्दा बाहिर आवागमनका क्रममा कुनै विदेशी सिमाना पार गर्दछ भने त्यस्तो व्यक्तिलाई अवैध आप्रवासी भनिन्छ । लाखौँ मानिसहरू बाहिरी देशमा अनियमित तरिकाले बसाइँ सर्ने गर्छन् । अवैध बसाइँ सर्नेहरूमध्ये लगभग ४० प्रतिशतको आय गरिबीको रेखाभन्दा माथि हुन्छ । उपसहारा अफ्रिका र मध्यपूर्वबाट अवैध बसाइँ सर्नेको दर सबैभन्दा बढी देखिन्छ ।

## ४. आन्तरिक बसाइँसराइका प्रकार

देशको भौगालिक सीमाभित्र हुने बसाइँसराइलाई आन्तरिक बसाइँसराइ भनिन्छ । व्यक्तिले आफ्नो बसोबासका लागि देशभित्रै भौगोलिक वा प्रशासनिक सिमाना परिवर्तन गर्ने प्रक्रियालाई आन्तरिक बसाइँसराइ भनिन्छ । आन्तरिक बसाइँसराइलाई प्रवाहको दिशा र धारका आधारमा निम्नानुसार चार भागमा वर्गीकरण गर्न सकिन्छ :

गाउँबाट सहर

गाउँबाट गाउँ

सहरबाट गाउँ

सहरबाट सहर

**स्थानिक आयामका आधारमा आन्तरिक बसाइँसराइलाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ :**

अन्त:जिल्ला : जिल्लाभित्रै हुने बसाइँसराइलाई अन्त:जिल्ला बसाइँसराइ भनिन्छ ।

अन्तरजिल्ला : एक जिल्लाबाट अर्को जिल्लामा हुने बसाइँसराइलाई अन्तरजिल्ला बसाइँसराइ भनिन्छ । यसलाई जिल्लान्तर बसाइँसराइ पनि भनिन्छ ।

अन्तरप्रदेश (Inter-province migration) : एक प्रदेशबाट अर्को प्रदेशमा हुने बसाइँसराइलाई अन्तरप्रदेश बसाइँसराइ भनिन्छ ।

## *क्रियाकलाप*

१. बसाइँसराइलाई प्रभाव पार्ने आकर्षण र विकर्ष तत्त्वहरूका मुख्य बुँदाहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. आर्थिक कारण बसाइँसराइको मुख्य कारण हो भन्ने शीर्षकमा सम्पादकीयको नमुना तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. आफ्ना छिमेकीहरूसँग अहिलेको ठाउँमा कहिले, किन र के कारणले बसाइँ सरी आएको हो भन्ने सम्बन्धमा सोधपुछ गरी प्राप्त जानकारीलाई समेटी एक प्रतिवेदनको नमुना तयार पार्नुहोस् ।

## *अभ्यास*

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) बसाइँसराइको अवधारणा स्पष्ट पार्नुहोस् र यसको वर्गीकरणलाई चार्टमा देखाउनुहोस् ।**

**(ख) आन्तरिक बसाइँसराइ भनेको के हो र यसको प्रमुख धारको सूची बनाउनुहोस् ।**

**(ग) बसाइँसराइका विशेषता उल्लेख गर्नुहोस् ।**

**(घ) विश्वव्यापी बसाइँसराइको प्रवृत्तिको विवेचना गर्नुहोस् ।**

पाठ : ६

# बसाइँसराइको प्रवृत्ति

## १. विश्वव्यापी बसाइँसराइका प्रवृत्ति

सामान्य अर्थमा विकास वा परिवर्तनको दिशालाई प्रवृत्ति भनिन्छ । बसाइँसराइको प्रवृत्तिले अन्तर्राष्ट्रिय बसाइँ सर्नेको उत्पत्तिस्थान, गन्तव्य स्थान र सङ्ख्यात्मक परिवर्तनको दिशालाई समयक्रमअनुसार उल्लेख गर्छ । संयुक्त राष्ट्र सङ्घको अन्तर्राष्ट्रिय आप्रवासी प्रतिवेदन (२०२०) का अनुसार विश्वमा आप्रवासीको सङ्ख्या २७२ मिलियन रहेको छ जबकि यो सङ्ख्या सन् २००० मा १७३ मिलियन थियो । यो तथ्याङ्कले अन्तर्राष्ट्रिय आप्रवासीहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भइरहेको देखाउँछ । अहिले भूमण्डलीकरण र सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनले तीव्र गतिमा बसाइँसराइ भइरहेको छ । सूचना र सञ्चार प्रविधिको विस्तारले विश्वको खुम्चिँदो दुरीका कारणले व्यक्तिको सूचना, वस्तुहरू र सेवाहरूमा पहुँच वृद्धि भइरहेको छ ।

अन्तर्राष्ट्रिय आप्रवासीको विवरण (सन् १९७० देखि २०१९)

| साल (सन्) | आप्रवासीको सङ्ख्या | आप्रवासीको प्रतिशत |
|---|---|---|
| १९७० | ८४४६०१२५ | २.३ |
| १९८० | १०१९८३१४९ | २.३ |
| १९९० | १५३०११४७३ | २.९ |
| २००० | १७३५८८४४१ | २.८ |
| २०१० | २२०७८१९०९ | ३.२ |
| २०१९ | २७१६४२१०५ | ३.३ |

*स्रोत: बसाइँसराइका लागि अन्तर्राष्ट्रिय सङ्गठन*

## २. नेपालमा बसाइँसराइको प्रवृत्ति

नेपालमा जनसङ्ख्याको आकार, संरचना र वितरणमा परिवर्तन ल्याउन बसाइँसराइले प्रमुख भूमिका निर्वाह गरेको छ । पपुलेसन मनोग्राफ, २०१९ का अनुसार भौगोलिक क्षेत्र र बसोबास स्थान परिवर्तन गर्नुलाई बसाइँसराइ भनिन्छ । बसाइँसराइले देशको विकास र मानव विकास दुवैमा योगदान पुऱ्याउँछ । बसाइँसराइले देशको जनसङ्ख्या वितरण, स्रोतसाधनको वितरण र पूर्वाधार विकासमा ठूलो प्रभाव पार्दछ ।

## ३. अन्तर्राष्ट्रिय बसाइँसराइ

नेपालमा अन्तर्राष्ट्रिय बसाइँसराइ परापूर्वकालदेखि हुँदै आएको छ । नेपालबाट कलाकार अरनिको चीनको तिब्बत (भोट) गएको, भृकुटीको विवाह तिब्बती राजासँग भएको, व्यापारका लागि नेपाल र भोटका व्यापारीहरू आउने जाने गरेको, तिब्बतबाट उच्चस्तरीय टोली नेपालमा आएको ऐतिहासिक अभिलेखहरू पाइन्छन् । यसै गरी नेपालबाट भारततर्फ पनि मानिसहरू विवाह, व्यापार, रोजगारी र तीर्थयात्राका लागि जाने र भारतबाट सम्राट् अशोक, तीर्थयात्रीहरू पशुपतिनाथको दर्शन गर्न नेपाल आउने गरेको पाइन्छ । नेपालबाट मानिसहरू जीवनको उत्तरार्द्धमा बनारस गएर बस्ने प्रचलन थियो । यी उदाहरणले नेपालमा परापूर्वकालदेखि हुँदै आएका अन्तर्राष्ट्रिय बसाइँसराइलाई पुष्टि गर्छ ।

**नेपालमा अन्तर्राष्ट्रिय बसाइँसराइका उदाहरणहरू यसप्रकार छन् :**

अध्ययनका लागि विद्यार्थीहरू विदेश जानु

रोजगारीका लागि श्रमिकहरू विभिन्न देशहरूमा जानु

विदेशमा कुटनीतिक नियोग मार्फत गरिने बसाइँसराइ

दक्ष जनशक्ति विदेशमा पलायन हुनु

विवाह गरेर अर्को देशमा जानु

सुगौली सन्धि (सन् १८१६) पछि नेपाली युवाहरूलाई भारतीय र ब्रिटिस सेनामा भर्ती हुने परम्परा सुरु भयो । प्रथम विश्वयुद्धमा धेरै युवालाई विदेशी सेनामा भर्तीमा लैजाने गरिन्थ्यो । अहिले पनि नेपाली समाजमा लाहुरे संस्कृति प्रचलित छ । लाहुर गएका धेरै मानिसहरू भारत, बेलायत, बर्मा आदि विभिन्न स्थानमा बसाइँ सरेर गए । यसका साथै नेपालको ग्रामीणक्षेत्रबाट ठुलो सङ्ख्यामा मानिसहरू रोजगारीको खोजीमा भारतका विभिन्न क्षेत्रहरूमा बसाइँ सर्दै गए । ब्रिटिस भारतीय सेनामा भर्ती र भारतीय रेलवे सेवाको विस्तारले नेपालबाट भारतको आसाम र अन्य क्षेत्रमा बसाइँ सर्ने क्रम तीव्र गतिमा बढ्न थाल्यो । यो बसाइँसराइ जनसङ्ख्याको ठुलो हिस्साका लागि जीविकोपार्जनको रणनीति बनेको थियो । अहिले पनि नेपालका विभिन्न क्षेत्रबाट हजारौँ मानिसहरू भारतमा रोजगारीका लागि जाने प्रचलन यथावत् छ ।

ब्रिटिस भारत सरकारले नेपालमा विभिन्न समयमा नेपालमा दूतहरू पठाउने र नेपालबाट सैन्य सहयोग माग्ने गरेकाले पनि अन्तर्राष्ट्रिय बसाइँसराइमा सहयोग पुऱ्याएको छ । जङ्गबहादुरको बेलायत यात्राले नेपालको अन्तर्राष्ट्रिय बसाइँसराइमा नयाँ आयाम थपिएको देखिन्छ । अहिले पनि अन्तर्राष्ट्रिय कूटनीतिक नियोग, बहुपक्षीय सहयोग, अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूका गतिविधि र सरसहयोगले अन्तर्राष्ट्रिय बसाइँसराइलाई निरन्तरता दिइरहेको छ ।

वर्तमान समयमा नेपालको अन्तर्राष्ट्रिय बसाइँसराइको स्वरूप, दिशा र उद्देश्य फेरिएको छ । नेपालका अधिकांश युवाहरू वैदेशिक राजगारीमा जाने क्रम बढिरहेको छ । उनीहरू अन्तर्राष्ट्रिय आप्रवासी कामदारका रूपमा खाडी क्षेत्र, मलेसिया, कोरिया आदि विभिन्न देशहरूमा गइरहेका छन् । उनीहरूले पठाउने विप्रेषण देशको प्रमुख आयस्रोतमध्ये एक हो । राम्रो शिक्षा, रोजगारी र उज्वल भविष्यको सपना

लिएर हजारौं युवाहरू विदेश जाने क्रम पनि उत्तिकै वृद्धि भइरहेको छ ।

## ४. आन्तरिक बसाइँसराइ

नेपालमा अन्तर्राष्ट्रिय बसाइँसराइ जस्तै आन्तरिक बसाइँसराइ पनि परापूर्वकालदेखि चल्दै आएको देखिन्छ । त्यो समयमा जनसङ्ख्याको ठुलो हिस्सा राज्य विस्तार, वाहय राज्यको आक्रमण र रोजगारीका अवसर खोज्दै बसाइँसराइ गरेको पाइन्छ । नेपालमा एकीकरणदेखि अठारौँ शताब्दीको प्रारम्भिक काललाई आन्तरिक बसाइँसराइको पहिलो चरण मानिन्छ । राज्य विस्तारसँगै अनिवार्य श्रम र जीविकाको खोजीमा मानिसहरू विभिन्न दिशामा बसाइँ सर्न थाले । तत्कालीन समयमा प्रशासनिक काम, सैन्य सेवा, बन्दोबस्तीका सामान ढुवानी, निर्माण कार्य आदिले बसाइँसराइमा सहयोग गरेको देखिन्छ । यो प्रचलनले आन्तरिक बसाइँसराइ तीव्र गतिमा हुन थाल्यो ।

**बसाइँसराइका धार निम्नानुसार छन् :**

गाउँबाट सहर

गाउँबाट गाँउ

सहरबाट सहर

सहरबाट गाँउ

नेपालमा सन् १९५० को मध्यबाट राप्ती उपत्यकामा पुनर्वास कार्यक्रम लागु भएपछि आन्तरिक बसाइँसराइको दोस्रो चरण सुरु भएको देखिन्छ । पहाडी क्षेत्रबाट ठुलो सङ्ख्यामा मानिसहरूलाई तराई र भित्री तराईमा पुनर्वास गरियो । यो कार्यक्रममार्फत विभिन्न समयमा पूर्वमा झापा, मोरङ, उदयपुर, मध्य क्षेत्रमा चितवन र नवलपरासी र पश्चिममा बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा व्यवस्थित रूपमा जग्गा उपलब्ध गराई हिमाली र पहाडी क्षेत्रबाट बसाइँ सारियो । यसका साथै सन् १९५६ तिर औलो उन्मूलन कार्यक्रम लागु भएपछि हिमाली र पहाडी क्षेत्रबाट तराईका विभिन्न जिल्लामा बसाइँ सर्नेको दरमा उल्लेख्य वृद्धि भएको थियो ।

आन्तरिक बसाइँसराइको तेस्रो चरण देशको सामाजिक आर्थिक रूपान्तरणसँगै देखा पर्छ । सन् १९५० मा प्रजातन्त्रको आगमनपछि देशमा योजनाबद्ध आर्थिक विकास सुरु भयो । यसले देशका विभिन्न क्षेत्र जस्तै सडक यातायात, कृषि, स्वास्थ्य, शिक्षा र औद्योगिक विकासमा लगानी गर्न थालियो । देशको योजनाबद्ध विकास प्रक्रियाको थालनीसँगै मानिसहरू गाउँबाट सहरमा बसाइँ सर्न थाले, विशेष गरी पूर्वाधार र आर्थिक अवसर भएका ठाउँमा आन्तरिक बसाइँसराइ तीव्र गतिमा भयो । सहरमा रोजगारीका अवसरहरूले गाउँबाट सहरी क्षत्रमा बसाइँसराइ हुन थाल्यो । यसले पहाडबाट तराई क्षेत्रमा हुने बसाइँसराइको दिशा सहरतर्फ केन्द्रित भएको देखिन्छ ।

देशमा चलेको १० वर्षे जनयुद्ध, मधेस आन्दोलन र द्वन्द्वबाट पनि आन्तरिक बसाइँसराइलाई प्रभाव पारेको देखिन्छ । आन्तरिक द्वन्द्वले गाउँबाट सहरतर्फ बसाइँसराइको धार प्रवाह भएको पाइन्छ ।

## ४. आन्तरिक बसाइँसराइको धार (Stream of Internal Migration)

बसाइँसराइको धारले आप्रवासीहरूको एउटा समूहलाई जनाउँछ जसको एउटा साझा मूल र

गन्तव्य स्थान हुन्छ । नेपालमा बसाइँसराइको प्रवृत्तिले एउटा निश्चित धार र दिशालाई पछ्याएको देखिन्छ । नेपालमा गाउँबाट सहर, सहरबाट गाउँ, सहरबाट सहर, अन्तःजिल्ला, अन्तरजिल्ला, अन्तरप्रदेशीय बसाइँसराइका धारहरू छन् । यहाँ अन्तरप्रदेशीय र गाउँबाट सहरका मुख्य दुई धार र दिशालाई समावेश गरिएको छ ।

अन्तरप्रदेशीय बसाइँसराइको धारमा हिमाली र पहाडी क्षेत्रबाट तराईतर्फ हुने र एक प्रदेशबाट अर्को प्रदेशमा हुने बसाइँसराई गरी दुई प्रकारका छन् । नेपालमा विभिन्न जनगणना वर्षहरूमा आन्तरिक बसाइँसराइको प्रवृत्तिलाई भौगोलिक क्षेत्र, विकास क्षेत्र, जिल्ला र ग्रामीण तथा सहरी क्षेत्रका आधारमा वर्गीकरण गरेको पाइन्छ ।

**अन्तरप्रदेशीय बसाईसराइ :** नेपालमा सन् १९७१ देखि निरन्तर रूपमा तराई क्षेत्र आप्रवासीहरूको गन्तव्य स्थल बनेको देखिन्छ । तराई क्षेत्रमा बसाइँ सरेर जानेमध्ये सन् २०११ मा पहाडी क्षेत्रबाट ६४ प्रतिशत थिए । जब कि यो सन् १९८१ मा ७६ प्रतिशत रहेको थियो । यो तथ्याङ्कले पहाडी क्षेत्र सबैभन्दा धेरै बसाइँ सर्नेको उत्पत्ति स्थलका रूपमा चिनिन्छ ।

पहाडबाट तराई झर्ने आप्रवासीको प्रतिशत (सन् १९८१ देखि २०११)




पहाडी क्षेत्र आप्रवासीहरूको दोस्रो गन्तव्यस्थल हो । सन् १९७१ देखि २०११ मा पहाडी क्षेत्रमा आउने आप्रवासी ६ प्रतिशतबाट वृद्धि भएर २८ प्रतिशत पुगेको छ । पहाडी क्षेत्र आउने बसाइँ सर्ने पुरुषको तुलनामा महिलाहरूको प्रतिशत धेरै (५१%) रहेको छ । यो अवधिमा हिमालबाट पहाडमा आउने आप्रवासीहरूको सङ्ख्या घटेको देखिन्छ ।

अन्य क्षेत्रबाट पहाडी क्षेत्रमा पनि बसाइँ सरेर आएको देखिन्छ । काठमाडौँ, ललितपुर, भक्तपुर, पोखरा, सुर्खेत धुलिखेल, बनेपा र अन्य सहरी क्षेत्रहरू पहाडी क्षेत्रमा बसाइँ सर्नेको गन्तव्य स्थलहरू भइहेको देखिन्छ ।

यसरी हेर्दा नेपालको बसाइँसराइको प्रवृत्ति व्यक्ति वा परिवारको छनोट र व्यवहारसँग सम्बन्धित देखिन्छ, जुन व्यक्तिको आर्थिक क्रियाकलाप, जीवन पद्धति, सामाजिक सांस्कृतिक परिवेश, र विकास प्रक्रियाले ल्याएको भिन्नतासँग गाँसिएको हुन्छ । देशको भूधरातल, हावापानी, यातायातको पहुँचले पर्यावरणीय क्षेत्रहरूमा तुलनात्मक आर्थिक लाभका अवसरहरू विस्तार भइरहेकाले बसाइँसराइको दिशा र धार पनि त्यस्ता क्षेत्रहरूतर्फ उन्मुख भइरहेको देखिन्छ ।

## क्रियाकलाप

१. नेपालको पहाडबाट तराईमा हुने बसाइँसराइको प्रवृत्तिलाई समयरेखामा देखाउनुहोस् ।

२. नेपालको अन्य क्षेत्रबाट पहाडी क्षेत्रमा हुने बसाइँसराइको प्रवृत्तिलाई छलफल गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालमा बसाइँसराइको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा आन्तरिक बसाइँसराइको धार उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा आन्तरिक बसाइँसराइका कारणहरूको समिक्षा गर्नुहोस् ।

पाठ : ७

# सुरक्षित एवम् मर्यादित आप्रवासन

सुरक्षित आप्रवासन भन्नाले आप्रवासी कामदाहरूको आप्रवासन प्रक्रियाका सबै चरणहरू (जस्तैः उत्पत्ति स्रोत वा मूल, पारगमन र गन्तव्य देशहरूमा आइपर्ने सम्भावित जोखिमबाट सुरक्षित रहने क्षमता) लाई बुझाउँछ । यसमा सुरक्षित आप्रवासनमा जोडिएका कानुनी पक्ष, मर्यादित काम, बस्ने व्यवस्था, स्वास्थ्य, सूचना तथा सञ्चार सेवामा पहुँच आदि पर्छन् । यी सेवा र सुविधा पाउन आप्रवासी श्रमिकलाई सक्षम बनाउन र आप्रवासीहरूको अधिकारको वकालत गर्नु सुरक्षित आप्रवासनको मुख्य उद्देश्य हो ।

अहिले सूचना तथा सञ्चार प्रविधिको विकास र ज्ञानको उच्च प्रयोगले विश्व नै एउटा गाउँमा परिणत भएको छ । संसारको जुनसुकै कुनाको व्यक्तिले पनि आफ्नो ज्ञान, सिप र क्षमताबमोजिम विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने भएको छ, तथापि वैदेशिक रोजगारीका लागि मानिस एक देशबाट अर्कोमा जाने क्रम पनि चलिनै रहेको छ । तसर्थ श्रमिकहरूको आप्रवासन र रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन श्रम स्वीकृति र समझदारीपत्रहरूको आवश्यकता पर्छ । नेपालले पनि ११० देशसँग वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको समझदारी पत्र पाएको छ ।

आज विश्वव्यापी रूपमा बसाइँसराइको दर बढिरहेको छ । विकासोन्मुख देशहरूबाट श्रमिकहरू आप्रवासनमा जाने क्रम बढिरहेको छ । त्यसैले श्रमिकहरूको आपूर्ति प्रक्रियादेखि नै थुप्रै समस्याहरू भोग्नुपरिरहेको छ । यही विषयलाई दृष्टिगत गर्दै बसाइँसराइका लागि अन्तर्राष्ट्रिय सङ्गठन (२०१३), बहुपक्षीय दातृ निकाय, नागरिक समाज र विभिन्न परियोजनाहरूले आप्रवासी श्रमिकहरूले भोग्नुपरेका समस्याहरू माथि छलफल, बहस र पैरवी गर्दै आएका छन् । उनीहरूको अभियानले एन्टिट्राफिकिङ कार्यक्रम विकसित भयो । यो कार्यक्रमको मुख्य उद्देश्य आप्रवासी श्रमिकहरूको उत्पत्ति स्थल, ट्रान्जिट र गन्तव्य देशहरूमा आइपर्ने सम्भावित जोखिमहरूको व्यवस्थापन र सुरक्षित एवम् मर्यादित आप्रवासनमा सहयोग गर्नु रहेको छ ।

बसाइँसराइका लागि अन्तर्राष्ट्रिय सङ्गठनले सन् २०१३ देखि २०१५ सम्म आप्रवासी कामदार, तिनीहरूका परिवारको सूचनामा पहुँच र प्रवासी श्रमिकहरूको सुरक्षित आप्रवासन सुधार परियोजना सञ्चालन गरेको थियो । यो परियोजनाले श्रमिकहरूका लागि मर्यादित र सुरक्षित आप्रवासनको वातावरण बनाउने काममाथि जोड दिइएको थियो । गन्तव्य देशहरूले माग गर्ने श्रमिकहरूको दक्षता, ज्ञान र सिप बढाउन अल्पकालीन तथा दीर्घकालीन तालिमको आवश्यकता पर्छ । श्रमिकहरू मानव तस्करको हातमा पर्नसक्ने खतरालाई रोक्न कानुनी र नीतिगत व्यवस्था गरी सुरक्षित तरिकाले श्रमिक पठाउन सरकारलाई सहयोग गर्दै आएको छ । सन् २००० को मानव विकास प्रतिवेदनले पनि मजदुरहरूको आप्रवासनलाई वैधानिक बनाउँदा आप्रवासीको हितमा सकारात्मक योगदान पुग्ने कुरा उल्लेख गरेको छ । श्रमिक आप्रवासीहरूलाई कानुनी अवसर प्रदान गरेर श्रम आपूर्ति शृङ्खलामा शोषण प्रथाको जोखिम कम गर्न, आप्रवासीको

गरिबी न्यूनीकरण र विप्रेषणको गतिशीलतालाई समेत सहज बनाउन जोड दिएको छ ।

संयुक्त राष्ट्र सङ्घको महासभाले १९९० मा आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूका अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको थियो । यस महासन्धिमा ९३ ओटा धाराहरू छन्, जुन २००३ देखि लागु भएको छ । यो महासन्धिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू, नागरिक र राजनीतिक अधिकारहरू, जातीय समानता, महिला अधिकार र बाल अधिकार आदिलाई विशेष रूपले ध्यान दिएको छ । यस महासन्धिले अन्तर्राष्ट्रिय श्रम सङ्गठनका आप्रवासनसम्बन्धी महासन्धिहरूलाई ध्यानमा राखेको छ । यसले कामदारहरूबिच राष्ट्रियताका आधारमा भेदभाव नगरिने, अधिकारलाई सुनिश्चित गर्दै आप्रवासी कामदारहरूका मानव अधिकारहरूलाई मान्यता दिई त्यस्ता अधिकाहरूको संरक्षण गर्ने दायित्व त्यस महासन्धिका पक्ष राष्ट्रहरूलाई तोकेको छ ।

## १. नेपालमा सुरक्षित आप्रवासन

नेपालबाट दशकौँ अगाडिदेखि श्रमिक आप्रवासीहरूको बहिर्गमन भइरहेको छ । परिवारको आर्थिक र सामाजिक सांस्कृतिक समृद्धिको आशा लिएर दैनिक करिब २००० युवाहरू वैदेशिक रोजगारीमा जाने गरेका छन् यसमध्ये अधिकांश अदक्ष श्रमिक रहेका छन् । अहिले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण राज्यको प्रमुख आम्दानीको स्रोत भएको छ । उनीहरू मुख्य रूपले मलेसिया र खाडी क्षेत्रका देशहरूमा जाने गरेको देखिन्छ । उनीहरूले वैदेशिक रोजगारीमा जाने तयारीदेखि गन्तव्य देशसम्म थुप्रै जोखिमहरू झेल्नुपरेको छ । रोजगारीको समयमा भिसाको प्रक्रियादेखि नै अधिक शोषणको सम्भावना हुन्छ । विगतमा रोजगारीमा जाने व्यक्तिको सुरक्षा, प्रवासी कामदारहरूको अधिकार, सम्मानित कामको ग्यारेन्टीको अभावले कैयौँ युवाहरू घरबारविहीन र बेपत्ता भएका छन् । धेरै नेपाली आप्रवासी श्रमिकहरूले भ्रामक, गैरपारदर्शी छनोट प्रक्रिया र अत्यधिक शुल्क जस्ता चुनौतीहरूको सामना गरिरहेका छन् । यसका अतिरिक्त उनीहरू चर्को ब्याजदर, भेदभाव, नजरबन्द र बेचबिखन जस्ता समस्याबाट पनि ग्रसित भइरहेको विभिन्न अध्ययनहरूले देखाएका छन् ।

नेपालमा श्रमलाई मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सिर्जना, रोजगारीका लागि सिपयुक्त जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्धन, बालश्रम निवारण आदिमा चासो दिँदै आएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सिप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्धन गर्नेतर्फ पनि जोड दिएको छ ।

वैदेशिक रोजगार ऐन र नियमावलीले अन्तर्राष्ट्रिय श्रम मापदण्ड र मर्यादित श्रमको एजेन्डालाई प्रतिबिम्बित गर्ने विस्तृत, गैरभेदभावपूर्ण, समावेशी र पारदर्शी प्रावधानहरू तर्जुमा र कार्यान्वयन गर्ने अवसर प्रदान गर्ने प्रावधान राखेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहबाट सुरक्षित श्रम आप्रवासनका लागि सूचनाको प्रचारप्रसार, तथ्याङ्क सङ्कलन, सिपमूलक तालिम, वित्तीय साक्षरता र सामाजिक तथा आर्थिक पुनःएकीकरणका कार्यक्रमहरू गर्नुपर्ने प्रावधना राखेको छ ।

नेपाल सरकारले वैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवारका हक अधिकारका सवाललाई प्रमुख प्राथमिकतामा राखेर विभिन्न निकायमार्फत कार्यसम्पादन गर्दै आइरहेको छ । परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, वैदेशिक रोजगार न्यायाधिकरण, वैदेशिक रोजगार बोर्डलगायतका निकायहरूले यो क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन धेरै प्रयत्न गरिरहेका छन् ।

आप्रवासी कामदार र तिनका परिवारका हक अधिकारको संरक्षण तथा संवर्धनका लागि राष्ट्रिय मानवअधिकार आयोगले गत वर्ष २७ देशको सहभागितामा काठमाडौँमा अन्तर्राष्ट्रिय सम्मेलन गरी घोषणापत्र जारी गरेको छ । यसका अलावा आप्रवासी कामदारहरूको हक अधिकारका सम्बन्धमा विभिन्न अध्ययन अनुसन्धान भइरहेका छन् । आप्रवासी कामदारको उत्पत्ति स्थल, ट्रान्जिट र गन्तव्यस्थल देशहरूमा आप्रवासी कामदारहरूको अधिकारका सवालबारे अनुगमन, अन्य देशका मानवअधिकार आयोगहरूसँग समझदारी पत्रमार्फत सरोकारवालाहरूको ध्यानाकर्षण गर्न पनि थालिएको छ । नेपालको वैदेशिक रोजगार नीतिले पनि आप्रवासीहरूको सेवा, सुविधा, कार्यस्थलमा हुने सुरक्षा र हक अधिकारको सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ ।

आइएलओले नेपाल सरकारलाई प्रभावकारी तथा स्पष्ट राष्ट्रिय नीति, संस्था, संयन्त्र र कानुनी प्रारूपको स्थापना मार्फत श्रम बजार शासनको सुदृढीकरणलाई सहयोग गर्ने निरन्तर प्रयास गरिरहेको छ । राष्ट्रिय रोजगार नीति २०७२, श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जस्ता प्रमुख नीति तथा कानुनको तर्जुमा गर्न सहकार्य गर्दै आएको छ ।

यसै सन्दर्भमा सुरक्षित आप्रवासन परियोजना नेपालले दक्षिण एसियाली देशहरूमा श्रमिकहरूको अधिकार र सुरक्षित आप्रवासका बारेमा वहस पैरवी गर्दै आएको छ । यसले आप्रवासीहरूको क्षमता अभिवृद्धि गरी कानुनी सुरक्षा, सामाजिक सेवामा पहुँच, एक्लोपन, कलङ्क, भेदभाव, भाषिक अवरोध, र सांस्कृतिक भिन्नताहरूसँग समायोजन हुने तरिकाहरूमा समेत परामर्श दिँदै आएको छ ।

## क्रियाकलाप

१. **तलको अवस्था अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

आप्रवासी कामदारहरूले विभिन्न समस्याहरू भोग्न बाध्य छन् । उनीहरूको स्वास्थ्य बिमा नहुनु, आवास र खानाको उचित व्यवस्थापन नहुनु, कामदार रोजगारदाता सम्झौता विश्वसनीय बन्न नसक्नु तथा सम्झौताबमोजिमका काम नदिनु वा गर्न नपाउनु, समयमा तलब नदिनु, विभिन्न किसिमबाट ठगिनु, गर्नुपर्ने कामबारे सुसूचित नहुनु, तालिम नदिनु, असुरक्षित कार्य वातावरणका कारण मृत्यु हुनु एवम् सडक दुर्घटना, किड्नी फेल, श्वासप्रश्वाससम्बन्धी समस्या र हृदयरोग आदिका कारण ठुलो सङ्ख्यामा आप्रवासीको मृत्यु हुने गरेको छ । यी कारणले आत्महत्या गर्नेहरू

पनि धेरै छन् । आप्रवासी कामदारहरू भाषासम्बन्धी ज्ञानको कमी, सांस्कृतिक समस्या, सम्बन्धित देशको कानुनी व्यवस्था र न्यून सामाजिक आर्थिक अवस्थाका कारण विभेदको चपेटामा परिरहेका छन् । आप्रवासनको व्यवस्थापनमा देखिएको अर्को मुख्य समस्या भनेको महिलाहरूमाथि धेरै किसिमका प्रतिबन्धहरू लगाइनु हो । यसले गर्दा उनीहरूले आप्रवासनका लागि भारत भएर जाने जोखिमपूर्ण विकल्पहरू रोज्नुपर्ने अवस्था रहेको छ । उचित भर्ना अभ्यासहरूको स्थापना, गन्तव्य मुलुकहरूमा सुरक्षा संयन्त्रहरूको गठन र नयाँ विकेन्द्रित शासन व्यवस्थाअन्तर्गत सङ्घीय र स्थानीय दुवै तहमा आप्रवासनलाई नियमन गर्ने संस्थागत संयन्त्रहरूको स्थापना गर्नुपर्ने देखिन्छ ।

## *प्रश्नहरू*

१. सुरक्षित आप्रवासन सम्बन्धमा विभिन्न पत्रपत्रिकामा छापिएका समाचार, सम्पादकीय, चित्र आदि सङ्कलन गरी बुलेटिन बोर्डमा टाँस्नुहोस् ।

२. सुरक्षित आप्रवासनसम्बन्धी सचेतनामूलक पोस्टर तयार गरी सार्वजनिक ठाउँमा टाँस्नुहोस् ।

## *अभ्यास*

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) आप्रवासी कामदारले भोग्नुपरेका मुख्य समस्या र चुनौतीहरू उल्लेख गर्नुहोस् ।**

**(ख) सुरक्षित आप्रवासनका लागि व्यक्तिले के के सुरक्षात्मक उपायहरू अवलम्बन गर्नुपर्छ, लेख्नुहोस् ।**

**(ग) सुरक्षित आप्रवासनका लागि राज्यले अवलम्बन गरेका नीतिहरूको समीक्षा गर्नुहोस् ।**

**(घ) सुरक्षित आप्रवासन भनेको के हो ?**

**(ङ) सुरक्षित आप्रवासनका लागि नेपालमा गरिएका विभिन्न प्रयासहरूको विवरण तयार पार्नुहोस् ।**

**(च) सुरक्षित आप्रवासनका लागि विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाले गरेका योगदानको चर्चा गर्नुहोस् ।**

# पाठ : ८ बसाइँसराइको प्रभाव

बसाइँसराइले समुदायमा आर्थिक सामाजिक सांस्कृतिक प्रभाव पार्छ। बसाइँसराइले पार्ने आर्थिक प्रभावमा विप्रेषण प्राप्ति, जीवनस्तरमा सुधार, लगानीको वातावरण सिर्जना आदि हुन् भने सामाजिक सांस्कृतिक प्रभावमा सामाजिक सम्बन्धमा कमजोर हुन, पारिवारिक विखण्डनको अवस्था सिर्जना हुनु आदि हुन्।

आफ्ना काकालाई भेट्न गत वर्षको दसैंमा विक्रम आफ्नो पहाड घर गए। लामो समयपछिको भेटघाट, आत्मीयता प्रदर्शन र लामो कुराकानी पनि भयो। काकाले गाउँको अवस्थाको बेलिविस्तार लगाउनुभयो। पहिला कति हरभरा मनमोहक लाग्ने यो गाउँ अहिले बाँझा जमिन र युवाविहीन हुँदा विरसिलो बनेको रहेछ। युवाहरू रोजगारीका सिलसिलामा विदेसिने क्रम बढेपछि गाउँमा बालबालिका र वृद्धवृद्धामात्रै बाँकी रहेका रहेछन्। घरमा काकाकाकी मात्र रहने गरेको र नाति र बुहारी नजिकैको जिल्ला सदरमुकामा डेरा गरेर बस्ने कुरासमेत कुराकानीका क्रममा थाहा पाइयो। नातिको पढाइ र सानोतिनो रोजगारीका लागि उनीहरू सदरमुकाम बस्ने गरेको कुरा पनि काकाले बताउनुभयो। सदरमुकाममा यसरी बस्ने धेरै परिवार रहेको र उनीहरूले विदेशबाट आएको पैसा हाम्रो लागि भन्दा पनि बालबच्चाको पढाइ र त्यहाँको बसाइँमा खर्च गर्ने गरेको कुरासमेत अवगत भयो। गाउँमा पढ्ने विद्यार्थी सङ्ख्या क्रमशः घट्दै गएको कुरा नजिकैको विद्यालयको प्रअबाट समेत जानकारी पाइयो। विस्तारै गाउँमा पनि उपभोगवादी संस्कृति बढ्दै गएको, मानिस मर्दापर्दा, पूजाआजा र विवाह व्रतबन्धमा समेत मानिसहरूको उपस्थिति न्यून हुने कुराले आफूमा अहिले चिन्ता बढिरहेको काकाले बताउनुभयो। विप्रेषणको पैसा पनि घर जग्गामा खर्च गर्ने गरेका र त्यसलाई कुनै उत्पादनशील काममा लगाउन कसैले चासो नराखेको गुनासोसमेत काकाले सुनाउनुभयो। काकासँगको आत्मीय बसाइँ, चिन्ता र गुनासाका पोकालाई मनमा लिँदै विक्रम भने भोलिपल्टै आफ्नो कर्मथलोतिर फर्किए।

## १. आर्थिक प्रभाव

बसाइँसराइले एकातिर जमिनमा जनसङ्ख्याको दबाब कम गर्छ भने अर्कोतिर दबाब बढाउँछ। यसले जमिनमा प्रतिव्यक्ति उत्पादन र उत्पादकत्व र प्रतिव्यक्ति आयमा पनि प्रभाव पर्छ।

बसाइँ सर्ने व्यक्तिहरू उद्गम स्थलमा फर्कंदा नयाँ ज्ञान, प्रविधि र वस्तुहरूसमेत भित्रिन्छन्। यसले परिवारको जीवनस्तरमा सुधार ल्याउन मदत गर्छ।

बसाइँसराइको मुख्य आर्थिक प्रभाव भनेको देशमा विप्रेषण भित्रिनु हो। जसले परिवार र देशको आर्थिक स्तर सुधार गर्न मदत गर्छ। यो रकम स्वास्थ्य, शिक्षा र सम्पत्ति वृद्धिमा लगानी हुन्छ। यसले उपभोग

गर्ने संस्कारलाई वृद्धि गरेको छ । यस्तो प्रवृतिले उत्पादनमूलक क्षेत्रमा लगानी कम हुने समस्या पनि रहन्छ ।

आन्तरिक बसाइँसराइले गन्तव्य स्थानमा आर्थिक असमानता बढाउँदै जान्छ । यसको प्रभाव शिक्षा र स्वास्थ्य क्षेत्रमा पर्दछ । बसाइँसराइले एक ठाउँको स्रोतसाधनलाई गतिशील बनाउँछ भने अर्को ठाउँको स्रोतसाधनलाई प्रयोगविहीन बनाउँछ । यसले सन्तुलित विकासलाई असर पार्छ ।

### २. जनसाङ्ख्यिकीय प्रभाव

बसाइँसराइले ग्रामीण क्षेत्रमा जनसङ्ख्या वृद्धिलाई कम गर्दछ । लामो समयसम्म दम्पत्तिहरू अलग भएर बस्ने हुँदा जनसङ्ख्या वृद्धिलाई नियन्त्रण गर्न मदत गर्छ । जब धेरै युवा पुरुषहरू सहरी क्षेत्रमा सर्छन्, तिनीहरू सहरी जीवनबाट प्रभावित भएर सानै उमेरमा विवाह गर्न मन पराउँदैनन् । यस प्रवृत्तिले स्वाभाविक रूपमा कम सन्तान उत्पादन भई जनसङ्ख्यामा प्रभाव पार्छ ।

### ३. सामाजिक प्रभाव

बसाइँसराइले ग्रामीण समुदायको सामाजिक सम्बन्धमा प्रभाव पार्छ । यसले संयुक्त परिवार प्रणालीलाई कमजोर बनाउँछ । एकल परिवार बसाइँ सरेर सहरमा स्थायी बसोबासका लागि जान्छन् । सहरका विभिन्न जाति र क्षेत्रका मानिसहरूसँग बसाइँ सर्नेको आपसी सम्बन्धले नयाँ मूल्यमान्यता र मनोवृत्तिको विकास गराउँछ भने पुराना मूल्यमान्यता र ग्रामीण रीतिथितिलाई बिस्तारै परिवर्तन गर्दै जान्छन् । गाउँमा बुढापाका, केटाकेटी र महिलाहरूको मात्र बसोबास हुन्छ । बच्चाको शिक्षा स्वास्थ्य, वृद्ध आमाबुवाको स्वास्थ्य र हेरचाह आदि कारणले विदेसिएका व्यक्तिका परिवार सहर वा सहरउन्मुख बस्तीहरूमा बसाइँ सर्ने प्रवृत्ति बढ्न गई गाउँका जमिन बाँझा रहने, जनशक्तिको अभाव रहने आदि हुन्छ । यसले आर्थिक असमानतासमेत बढाउँछ ।

बसाइँसराइले व्यक्तिको सामाजिक जीवन सुधार गर्न मदत गर्छ किनकि उनीहरूले नयाँ संस्कृति, चलन, र भाषाहरू सिक्छन् । यसले भाइचारा सम्बन्ध, समानता, सहिष्णुता, सुनिश्चिचता जस्ता मानवीय मूल्य मान्यतालाई पनि बढान मदत गर्छ । सहरमा आवास, रोजगारी, पानी, सडक आदिमा जनभार बढ्दै जान्छ र सहरमा बेरोजगारी, भिडभाड र खानेपानीको अभाव हुँदै जान्छ ।

बसाइँसराइले गन्तव्य स्थानमा अशान्ति, होहल्ला, भिडभाड, विसङ्गति र विकृति उत्पन्न हुन्छ । समाजमा छाडापन हुर्कंदै जान्छ, मानिसले आफ्नो मौलिक पहिचान र संस्कृति गुमाउँदै जान्छ ।

### ४. सांस्कृतिक प्रभाव

बसाइँसराइले गन्तव्य स्थानमा आप्रवासीलाई भाषिक, सांस्कृतिक र सामाजिक समायोजनमा कठिनाइ हुन्छ । सहर र गाउँबिचको भिन्नताको प्रभाव बिस्तारै संस्कृतिमा पनि पर्दै जान्छ । विदेशी रहनसहनको नक्कल बढ्दै जान्छ । मौलिक संस्कृतिमा विचलन हुन्छ ।

## ग्रामीण सहरी बसाइँसराइको प्रतिकूल प्रभाव

ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुने बसाइँसराइले गाउँ र सहर दुवैलाई प्रतिकूल प्रभाव पार्छ। सहरहरूमा बसाइँ सरेर आउने व्यक्तिले असङ्ख्य समस्याहरू सामना गर्नुपर्छ। सहरमा सुकुम्बासी बस्तीहरूले खुला तथा सार्वजानिक जमिन अतिक्रमण गर्दछन् । बसाइँसराइले सहरको सेवा सुविधा (जस्तै: खानेपानी, सार्वजनिक सेवा, बिजुली, ढल निकास, यातायात आदि) को वितरण प्रणालीमा असहजता ल्याउँछ । सहरमा बढ्दो जनसङ्ख्या, यातायात र औद्योगिक क्षेत्रबाट निस्कने धुवाँ, धुलो र फोहोरले वायु प्रदूषण बढाउँछ। अत्यधिक भिडभाड बढ्न गई  अपराधका घटनाहरूमा वृद्धि हुन्छन् ।

### *क्रियाकलाप*

१. बसाइँसराइले पार्ने आर्थिक प्रभाव सम्बन्धमा कक्षामा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

२. बसाइँसराइले पार्ने सामाजिक र सांस्कृतिक प्रभाव सम्बन्धमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

३. बसाइँसराइले तपाइँ बसेको समुदायमा पारेका प्रभावहरू सङ्कलन गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

### *अभ्यास*

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **बसाइँसराइले पार्ने आर्थिक प्रभावहरूको सूची तयार पार्नुहोस् ।**

(ख) **बसाइँसराइले आर्थिक सामाजिक उन्नयन मात्र नगरी सामाजिक विकृति समेत बढाएको छ भन्ने पक्षमा आफ्ना विचारहरू प्रस्तुत गर्नुहोस् ।**

(ग) **बसाइँसराइका सांस्कृतिक प्रभावहरूको समीक्षा गर्नुहोस् ।**

पाठ : १

एकाइ १० अर्थतन्त्र र विकास

# नेपालको अर्थतन्त्र र विकास

## अर्थतन्त्रको परिचय

अर्थतन्त्रलाई अर्थव्यवस्था वा आर्थिक प्रणाली पनि भनिन्छ । अर्थतन्त्र भनेको उत्पादन, उपभोग, विनिमय, वितरण तथा राजस्वको अन्तरसम्बन्धित क्रियाकलापहरूको समष्टिगत संरचना हो जसले दुर्लभ साधनहरूको उचित वितरण र सदुपयोगद्वारा मानवीय आवश्यकता पूरा गर्ने उद्देश्य लिएको हुन्छ । विश्वका विभिन्न देशहरूले आफ्नो देशको आर्थिक विकास तथा नागरिकहरूको कल्याणका लागि आफू अनुकूलको आर्थिक प्रणालीको अवलम्बन गरेका छन् । वर्तमान समयमा पुँजीवादी, समाजवादी र मिश्रित गरी तीन प्रकारका आर्थिक प्रणालीहरू रहेका छन् ।

पुँजीवादी अर्थव्यवस्था भनेको अहस्तक्षेपकारी सरकारी भूमिका हुने, माग र पूर्तिको अन्तरक्रियाबाट मूल्य निर्धारण हुने तथा निजी क्षेत्रको प्रमुख भूमिका रहने स्वतन्त्र आर्थिक प्रणाली हो । यो अर्थव्यवस्था अमेरिका, बेलायत, क्यानडा तथा पश्चिमी युरोपका देशहरूले अगालेका छन् । समाजवादी अर्थव्यवस्था भनेको राज्यद्वारा पूर्ण रूपमा नियन्त्रित तथा निर्देशित, निजी क्षेत्रको कुनै भूमिका नहुने, सरकारले योजनाबद्ध रूपमा सम्पूर्ण आर्थिक समस्याको समाधान गर्ने आर्थिक प्रणाली हो । यसलाई केन्द्रीय वा योजनाबद्ध अर्थव्यवस्था पनि भनिन्छ । यो अर्थव्यवस्था चीन, उत्तर कोरिया, क्युबा, भियतनाम जस्ता देशहरूले अँगालेका छन् । मिश्रित अर्थव्यवस्था भनेको पुँजीवादी तथा समाजवादी दुईओटा आर्थिक प्रणालीबिचको समायोजन हो । पुँजीवादी र समाजवादी अर्थव्यवस्थाका राम्रा पक्षलाई समावेश गरी बनाइएको आर्थिक प्रणालीलाई मिश्रित अर्थव्यवस्था भनिन्छ । यो अर्थव्यवस्था नेपाल, भारतलगायतका अतिकम विकशित तथा विकासशील राष्ट्रहरूले अवलम्बन गरेका छन् ।

## विकासको परिचय

आर्थिक विकास र आर्थिक वृद्धिलाई पर्यावाची शब्दका रूपमा बुझिने भएता पनि यिनीहरूबिच तात्विक भिन्नता छ । आर्थिक विकास गुणात्मक अवधारणा हो भने आर्थिक वृद्धि सङ्ख्यात्मक अवधारणा हो । वर्तमान समयमा संसारका सबै विकसित देशहरूले आर्थिक विकास नभनी आर्थिक वृद्धि भन्न रुचाउँछन् भने अतिकम विकशित तथा विकासोन्मुख देशहरूले आर्थिक वृद्धि नभनी आर्थिक विकास भन्न रुचाउँछन् । यसको अर्थ विकसित देशहरूमा आर्थिक विकास भइसकेको छ र त्यस विकासलाई वृद्धिको अवस्था तर्फ लैजानु उनीहरूको उद्देश्य हो भने अतिकम विकशित तथा विकासोन्मुख देशहरूमा आर्थिक विकास नै नभएकाले यी देशहरूको आर्थिक विकास गर्ने उद्देश्य हुन्छ । यी देशहरूले आफ्नो देशको आर्थिक दरिद्रता, आर्थिक पछौटेपन, गरिबी, बेरोजगारी, असमानता, अभाव आदिबाट नागरिक

तथा देशको मुक्तिका लागि आर्थिक विकास गर्ने उद्देश्य तथा लक्ष्य लिएका हुन्छन् ।

वर्तमान समयमा संसारका सबै विकसित देशहरूले आर्थिक विकास नभनी आर्थिक वृद्धि भन्न रुचाउँछन् भने अतिकम विकशित तथा विकासोन्मुख देशहरूले आर्थिक वृद्धि नभनी आर्थिक विकास भन्न रुचाउँछन् । यसको अर्थ विकसित देशहरूमा आर्थिक विकास भइसकेको छ र त्यस विकासलाई वृद्धिको अवस्थातर्फ लैजानु उनीहरूको उद्देश्य हो भने अतिकम विकशित तथा विकासोन्मुख देशहरूमा आर्थिक विकास मन्द गतिले हुने भएकाले यी देशहरूको आर्थिक विकास गर्ने उद्देश्य हुन्छ । यी देशहरूले आफ्नो देशको आर्थिक दरिद्रता, आर्थिक पछौटेपन, गरिबी, बेरोजगारी, असमानता, अभाव आदिबाट नागरिक तथा देशको मुक्तिका लागि आर्थिक विकास गर्ने उद्देश्य तथा लक्ष्य लिने गर्छन् ।

विकास भनेको सकरात्मक परिवर्तन हो । अर्थात् देशको आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक, सांस्कृतिक आदि क्षेत्रमा हुने सकारात्मक परिवर्तन नै विकास हो । बेन्जामिन हिगिन्स, आर्थर लिविस, वुट्रिक, वाल्टर क्राउज आदि अर्थशास्त्रीहरूले प्रतिव्यक्ति आय उच्च हुनु नै आर्थिक विकास हो भनेका छन् । अर्थशास्त्री लिविसका अनुसार, "आर्थिक विकास भनेको प्रतिव्यक्ति उत्पादनमा वृद्धि हुनु हो ।" अर्थशास्त्रीहरू मेयर, बाल्डविन, कुजनेट आदिले वास्तविक राष्ट्रिय आय उच्च हुनु नै आर्थिक विकास हो भनेका छन् । त्यसैगरी अर्थशास्त्री मेयर र बाल्डविनका अनुसार, "आर्थिक विकास भनेको एउटा प्रक्रिया हो जसका कारण एउटा अर्थ व्यवस्थाको दीर्घकालसम्म वास्तविक राष्ट्रिय आय वृद्धि भइरहन्छ ।

**विकासका सूचकहरू**

उच्च प्रतिव्यक्ति आय
उच्च राष्ट्रिय आय
उच्च जीवनको भौतिक गुण
उच्च मानव विकास सूचक
आधारभूत आवश्यकताको परिपूर्ति
गरिबी, बेरोजगारी र असमानता कम
मानव कल्याणमा वृद्धि
सम्पदाको उचित प्रयोग तथा संरक्षण
वातावरणीय सन्तुलन
मानव खुसी

आर्थिक विकाससँग सम्बन्धित तीन तत्त्वहरू गरिबी, बेरोजगारी र असमानता हुन् । देशको वास्तविक राष्ट्रिय आय तथा प्रतिव्यक्ति आयमा वृद्धि हुँदा पनि देशमा गरिबी, बेरोजगारी र असमानता छ भने त्यसलाई आर्थिक विकास भन्न सकिँदैन । यो आर्थिक विकाससम्बन्धी नयाँ धारणा हो । यस धारणाअनुसार देशको आर्थिक विकास त्यसलाई भनिन्छ जहाँ गरिबी, असमानता तथा बेरोजगारी हुनुहुँदैन । यस विचारको पक्षमा डुड्ले सिर्स, इड्गार ओवेन्स, टोडारो आदि अर्थशास्त्रीहरू रहेका छन् । त्यसैगरी देशका नागरिकहरूको कल्याणमा वृद्धि भएको छ भने मात्र त्यो देशमा आर्थिक विकास भएको छ भन्न सकिन्छ । यस धारणाको पक्षमा पिगु, क्लार्क, ओकुन आदि अर्थशास्त्रीहरू रहेका छन् ।

## नेपालको अर्थतन्त्र

नेपालले मिश्रित आर्थिक प्रणालीलाई अङ्गीकार गरेको छ । नेपालको अर्थव्यवस्थाका प्रमुख आधारहरू कृषि, उद्योग तथा व्यापार, पर्यटन, वैदेशिक रोजगार आदि हुन् । अर्थ मन्त्रालय (२०७८) अनुसार

आर्थिक वर्ष २०७६/७७ मा कृषि क्षेत्रको योगदान कुल मूल्य अभिवृद्धिमा २६.४ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा ३०.७ प्रतिशत रहेको थियो भने यस्तो तथ्याङ्क गैरकृषि क्षेत्रका लागि क्रमश: ७४.२ प्रतिशत र ६९.३ प्रतिशत रहेको थियो ।

| राष्ट्रिय अर्थतन्त्रमा क्षेत्रगत योगदान (२०७६/७७) | | | |
|---|---|---|---|
| क्षेत्र | प्राथमिक | द्वितीय | तृतीय |
| कुल गार्हस्थ्य उत्पादनमा योगदान (%) | २६.४१ | १२.५४ | ६१.०५ |
| कुल गार्हस्थ्य उत्पादनमा वृद्धिदर (%) | २.१३ | ३.७६ | ३.९७ |
| स्रोत: अर्थ मन्त्रालय, नेपाल सरकार, २०७८ | | | |

त्यसैगरी नेपालको आर्थिक प्रणालीलाई प्राथमिक क्षेत्र (कृषि, वन तथा मत्स्यपालन र खानी तथा उत्खनन्), द्वितीयक क्षेत्र (उत्पादनमूलक उद्योग, निर्माण, विद्युत्, ग्याँस तथा वाष्प, वातानुकुलित आपूर्ति सेवा, पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुन:उत्पादन क्षेत्र) र तृतीय क्षेत्र (थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा, आवास तथा भोजन सेवा, यातायात तथा भन्डारण, वित्तीय तथा विमा क्रियाकलाप, घरजग्गा कारोबार, मानव स्वास्थ्य तथा सामाजिक कार्य, शिक्षा, सार्वजनिक प्रशासन, रक्षा र सेवाका अन्य क्षेत्रहरू) मा विभाजन गरी विश्लेषण गरिन्छ ।

| नेपालका विकास सूचक र अवस्था | |
|---|---|
| सूचकहरू | अवस्था (२०७६/७७) |
| मानव विकास सूचक | ०.६०२ |
| कुल गार्हस्थ्य उत्पादन ($, अर्ब) | ११९१ |
| कुल राष्ट्रिय आय ($, अर्ब) | ११९६ |
| व्यापार घाटा (अर्ब) | -१२८७.७ |
| विदेशी विनिमय सञ्चिती (अर्ब) | १३९१.८ |
| प्रतिव्यक्ति आय ($, मा) | ११९६ |
| विप्रेषण आय (प्रतिशतमा) | २२.२८ |
| स्रोत: अर्थमन्त्रालय, नेपाल सरकार, २०७८ | |

नेपालका विकाससँग सम्वन्धित सूचकहरूलाई तालिकामा देखाएको छ । नेपाल अतिकम विकसित देशहरूको सूचीमा रहेको छ । नेपालमा उच्च गरिबी, न्यून प्रतिव्यक्ति आय, कृषिमा उच्च निर्भरता, प्राकृतिक सम्पदाको न्यून उपयोग, उच्च बेरोजगारी, उच्च आय असमानता, उच्च व्यापार घाटा, न्यून मानव विकास सूचक आदि समस्याका रूपमा रहेका छन् । नेपालले विकासका यी अवरोधक वा समस्याहरूलाई हटाउने प्रयास गरिरहेको छ । तर अपेक्षकृत नतिजा प्राप्त हुन भने सकिरहेको छैन ।

## क्रियाकलापहरु

(क) भौतिक तथा ई–पुस्तकालयको प्रयोग गरी पुँजीवादी, समाजवादी तथा मिश्रित आर्थिक प्रणालीको अध्ययन गरी तिनीहरूका फाइदा तथा बेफाइदाहरूलाई सूचीबद्ध गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) अर्थ मन्त्रालय वा राष्ट्रिय योजना आयोग वा केन्द्रीय तथ्याङ्क विभाग वा राष्ट्र बैङ्कका स्रोतहरूको प्रयोग गरी तपाईँले अध्ययन गरिरहेको आर्थिक वर्षभन्दा एक वर्ष अगाडिका नेपालका प्रमुख आर्थिक सूचकहरू सङ्कलन गरी कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

### १. तल दिइएका प्रश्नका उत्तर दिनुहोस् :

(क) अर्थतन्त्र भनेको के हो ?

(ख) विकास भनेको के हो ?

(ग) आर्थिक विकासका कुनै दुई सूचकहरूको नाम लेख्नुहोस् ।

(घ) नेपालको आर्थिक विकासका कुनै दुई अवरोधकको नाम लेख्नुहोस् ।

(ङ) अर्थव्यवस्थाका तीन प्रकारहरूको व्याख्या गर्नुहोस् ।

(च) आर्थिक विकासलाई परिभाषित गर्दै यसका सूचकहरूको सूची तयार गर्नुहोस् ।

(छ) नेपालको आर्थिक विकासलाई यसका सूचकका आधारमा व्याख्या गर्नुहोस् ।

पाठ : २

# नेपालको विदेश नीति र नेपाल भारत तथा नेपाल चीन सम्बन्ध

## परिचय

नेपालले संसारका सबै देशहरूसँग विगतदेखि नै भातृत्व, सौहार्द तथा सहअस्तित्वका आधारमा कूटनीतिक सम्बन्ध राख्दै आएको छ। नेपाल भौगोलिक तथा जनसङ्ख्याका आधारमा सानो भए तापनि इतिहासदेखि स्वतन्त्र तथा सार्वभौम देशका रूपमा रहेको छ। नेपालले आफ्नो विदेश नीतिका स्पष्ट तथा दूरदर्शी आधारहरू अवलम्बन गरेको छ। नेपालले स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई बढवा दिँदै देशको सामाजिक आर्थिक विकास गर्न द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सम्बन्धलाई प्रवर्द्धन गर्ने, विश्वका सबै देशहरू र विशेषगरी छिमेकीहरूसँग मित्रवत् सम्बन्धलाई अझै प्रगाढ बनाउने, सार्वभौम समानता, पारस्परिक सम्मान, विश्वास, सद्भाव र समझदारीका आधारमा संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तर्राष्ट्रिय संस्थाका बिच सक्रिय व्यवहार गर्ने र विश्वमा शान्ति, सुरक्षा तथा विकासको प्रवर्धन र विस्तारका लागि अर्थपूर्ण र सकरात्मक भूमिका निर्वाह गर्ने नीति लिएको छ।

## नेपालको विदेश नीतिका आधारहरू

नेपालको संविधानको धारा ५१ को उपधारा 'ङ' मा नेपालको विदेश नीतिका बारे निम्न दुई कुरा उल्लेख गरिएको छ। (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने। (२) विगतमा भएका सन्धिहरूको पुनरवलोकन गर्दै समानता र पारस्परिक हितका आधारमा सन्धि सम्झौताहरू गर्ने। संविधानमा उल्लिखित यी विषयवस्तुका आधारमा नेपाल सरकारले नेपालका विदेश नीतिहरू यसप्रकार तय गरेको छ :

१. सबैको सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान गर्ने

२. कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने

३. समानता र पारस्परिक हितका आधारमा नयाँ सन्धि सम्झौताहरू गर्ने

४. पारस्परिक समानताको सम्मान गर्ने

५. विवादको शान्तिपूर्ण निरुपण गर्ने

६. पारस्परिक लाभका आधारमा व्यवहार गर्ने

७. संयुक्त राष्ट्रसङ्घको बडापत्रप्रति प्रतिबद्ध हुने

८. पञ्चशीलको सिद्धान्तका आधारमा व्यवहार गर्ने

९. विश्वशान्तिको मान्यतालाई अङ्गीकार गर्ने

१०. विगतका सन्धिहरूको पुनरावलोकन गर्दै जाने

यसरी नेपालको संविधानको मर्मअनुसार नेपाल सरकारले देशको सार्वभौमिकता र भौगोलिक अखण्डतालाई शिरोपर गर्दै कुनै पनि देशसँग पारस्परिक हित, समानता र लाभका आधारमा पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्रसङ्घको बडापत्र र विश्वशान्तिको मान्यताअनुरूप विदेश नीति सञ्चालन गर्दै आएको छ ।

## १. नेपाल र भारतबिचको सम्बन्ध

नेपालको पूर्वी, दक्षिणी र पश्चिमी सीमाना भारतसँग जोडिएको छ । नेपाल र भारतका विचमा खुला सीमाना छ । यी दुई देशका बिचमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक सम्वन्ध सदिऔँदेखि रहँदै आएको छ । यसका साथै रहनसहन, भाषाशैली, जीवनशैली, कला, सङ्गीत, पहिरन, भोजन आदिमा पनि यी दुई देशका विचमा समानता पाइन्छ । त्यसैले नेपाल र भारतविचको सम्वन्ध वहुआयामिक स्वरूपको छ ।

### (क) सामाजिक सांस्कृतिक सम्बन्ध

नेपाली हिन्दु तीर्थयात्रीहरू भारतका चार धामको यात्रामा जाने र भारतीय हिन्दु तीर्थयात्रीहरू पशुपतिनाथ, स्वर्गद्वारी, मुक्तिनाथ आदि धार्मिक क्षेत्रमा तीर्थयात्रा गर्न आउने गर्छन् । नेपाली र हिन्दी भाषाको एकै संस्कृत मूलवाट आगमन भएकाले यी दुई देशको भूमिलाई सांस्कृतिक एकीकृत भूमिका रूपमा पनि लिने गरिन्छ । यी दुई देशका सीमाक्षेत्रमा बसोवास गर्ने नागरिकहरू एकआपसमा विवाह गर्ने प्रचलनले गर्दा यी दुई देशहरूका बिचमा सामाजिक सम्वन्ध प्रगाढ रहेको छ ।

### (ख) राजनीतिक सम्बन्ध

नेपाल भारतबिचको सम्वन्ध अनौपचारिक रूपमा परापूर्वकालदेखि थियो भने औपचारिक रूपमा सन् १९४७ देखि कूटनीतिक सम्वन्ध कायम गरी सौहार्दपूर्ण व्यवहार गर्दै आएको छ । राजनीतिक रूपमा नेपालले भारतसँग सधैँ स्वतन्त्र तथा सार्वभौम सम्पन्न देशको हैसियतवाट सम्वन्ध राख्दै आएको छ । नेपाल सरकारले नेपाल राष्ट्र र नेपाली जनताको हितअनुकूल हुने गरी भारत र भारतीय जनताको निष्ठा र प्रतिवद्धतालाई सुनिश्चित गर्ने र नेपालमा भारतका संवेदनशील सुरक्षा सरोकारहरूप्रति नेपाल सरकारले निरन्तर तथा प्रमाणित प्रतिबद्धताको नीति अवलम्बन गरेको छ । नेपाल सरकारले भारतसँगको यस्तो नीतिलाई संस्थागत गर्नका लागि द्विपक्षीय संरचनाहरू निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ । समय समयमा भारतको उच्च राजनीतिक नेतृत्व नेपाल आउने गर्छ । त्यसैगरी नेपालको राजनीतिक नेतृत्ववाट पनि समय समयमा भारतको भ्रमण हुँदै आएको छ । यसले पनि यी दुई देशका विचमा राजनीतिक सम्वन्ध प्रगाढ छ भन्न सकिन्छ । तथापि यी दुई देशका विचको राजनीतिक सम्वन्ध अधिकांश समय सौहार्दपूर्ण रहे तापनि वेलावखत उतारचढाव हुने गरेको पनि छ ।

### (ग) आर्थिक सम्बन्ध

काम वा जागिर, पेसा व्यवसाय तथा आर्थिक सहयोग आदान प्रदानले नेपाल भारतको आर्थिक सम्बन्ध अत्यन्तै नजिकको छ । दुई देशविचको खुला सिमाना र भाषिक समानताका कारण ठुलो सङ्ख्यामा नेपालीहरू भारतमा र भारतीयहरू नेपालमा बसी कार्य गरेका छन् । त्यसैले भारतले विप्रेषण प्राप्त गर्ने देशहरूको सातौँ स्थानमा नेपाल रहेको छ । नेपाल भारत व्यापार तथा पारवहन सन्धि वि.सं. २०३५ सालमा भएको थियो । यो सन्धि वि.सं. २०६५ सालमा संशोधन र वि.सं. २०७३ सालमा नवीकरण भएको थियो । त्यसैगरी वि.सं. २०५३ सालमा व्यापार सन्धि भएको थियो । यही व्यापार सन्धिका आधारमा नेपाल भारतबिचमा व्यापारिक कारोबारहरू हुँदै आएका छन् । नेपालका लागि आयात निर्यातको प्रमुख बजार नै भारत हो । आर्थिक वर्ष २०७५/७६ मा संसारका विभिन्न देशहरूबाट नेपालले आयात गर्ने कुल वस्तुहरूमध्ये भारतबाट ६४.० प्रतिशत आयात गरेको छ भने संसारका विभिन्न देशहरूमा नेपालले निर्यात गर्ने वस्तुहरूमध्ये भारतमा मात्र ६३.० प्रतिशत निर्यात गरेको थियो । नेपालले भारतबाट आयात गर्ने प्रमुख वस्तुहरूमा पेट्रोलियम पदार्थ, सवारी साधन, स्पेयर पार्ट्स, मेसिनरी सामान, औषधी, विद्युतीय उपकरण, खाद्यान्न आदि हुन भने नेपालले भारतमा निर्यात गर्ने प्रमुख वस्तुहरूमा तयारी पोसाक, जुट, धागो, जस्ता पाता, पोलिस्टर धागो, टेक्सटाइल्स, कृषिजन्य वस्तुहरू आदि हुन् ।

**हाल नेपालमा सञ्चालित भारतीय सहायताका केही परियोजनाहरू**

(क) बुटवल नारायणगढ सडक विस्तार परियोजना

(ख) दक्षिणकाली कुलेखानी सडक विस्तार परियोजना

(ग) राष्ट्रिय ट्रमा सेन्टर निर्माण परियोजना

(घ) रक्सौल विरगन्ज रेल परियोजना

(ङ) महेन्द्रनगर टनकपुर सडक परियोजना

नेपाल र भारतका बिचमा आर्थिक सहयोग आदान प्रदान हुने गर्छ । नेपालले भारतलाई अप्ठ्यारो परेको समयमा सहयोग गर्दै आएको छ भने भारतले पनि नेपालका लागि विकास निर्माणका साथै अन्य क्षेत्रमा सहयोग गर्दै आएको छ । सन् १९५१ देखि नेपाल भारत आर्थिक सहयोग कार्यक्रमको सुरु भएको थियो । यो कार्यक्रमको उद्देश्य नेपाल सरकारको आर्थिक विकासका प्रयासहरूमा सहयोग गर्ने रहेको छ । भारतले नेपालको आर्थिक विकासका लागि साना स्तरका करिब ४७४ र मझौला तथा ठुला स्तरका करिब ३६ गरी ५१० परियोजनाहरूमा आर्थिक सहयोग गरिरहेको छ । त्यसै गरी नेपालका लागि वैदेशिक प्रत्यक्ष लगानीमा पनि भारतको भूमिका उच्च रहेको छ । नेपाल राष्ट्र बैङ्क (२०२०) को तथ्याङ्कका अनुसार सन् २०१८ मा कुल वैदेशिक प्रत्यक्ष लगानीमध्ये भारतको १९.८ प्रतिशत हिस्सा रहेको थियो । उक्त वर्षका लागि देशगत रूपमा यो तथ्याङ्क सबैभन्दा उच्च हो ।

## २. नेपाल र चीनबिचको सम्बन्ध

चीन नेपालको उत्तरी भूभागमा अवस्थित छिमेकी देश हो । भौगोलिक जटिलताले सहज रूपमा

सडकमार्गबाट आवात जावात गर्न केही कठिनाइहरू रहेका छन् । यी दुई देशका बिचमा भाषिक, सामाजिक तथा सांस्कृतिक भिन्नताहरू पनि रहेका छन् । त्यसैले लामो समयसम्म नेपाल चीनबिचको सम्वन्ध औपचारिक तथा सरकारी स्तरमा मात्र सीमित थियो । तर पछिल्लो समयमा यी सम्बन्धहरूलाई जनस्तरमा पनि विस्तार भएको छ ।

## (क) सामाजिक सांस्कृतिक सम्बन्ध

नेपाल चीनबिचको सामाजिक तथा सांस्कृतिक सम्वन्ध परापूर्वकालदेखि रहँदै आएको छ । ७औँ शताब्दीमा नेपालकी राजकुमारी भृकुटीको विवाह तिब्बतका सम्राट स्रङ्चङगम्पोसँग भएको थियो । नेपाली भिक्षु तथा विद्वान बुद्धभद्र ५औँ शताब्दीको सुरुमा, नेपाली सिल्पकार अरनिको ११औँ शताब्दीको उत्तरार्द्धमा चीनको भ्रमण गरेका थिए । त्यसैगरी जिन शासनको पालामा चिनियाँ भिक्षु मन्त फा जियान र जाटा शासनका पालामा चिनियाँ भिक्षु मङ्क जुआन नेपाल भ्रमणमा आएका थिए । यी दुई देशको सीमाक्षेत्रमा बसोबास गर्ने मानिसहरू एकआपसमा वैवाहिक सम्वन्ध पनि कायम हुने गरेको छ । यसका साथै उनीहरू एकअर्काको घरपरिवार तथा समाजमा जानेआउने पनि गर्छन् । यस्तो सम्बन्धलाई जनस्तरमा अझ व्यापक बनाउने प्रयासहरू दुवै देशहरूबाट भइरहेका छन् । वर्तमान समयमा नेपालमा पर्यटक आवागमनको हिसावले चीन चौथो देश हो । नेपाल सरकार अर्थ मन्त्रालय (२०७८) का अनुसार सन् २०२० मा नेपालमा ८.४ प्रतिशत पर्यटकहरू चीनबाट आएका थिए । गौतम बुद्धको जन्मस्थल लुम्बिनीलगायत अन्य क्षेत्रको भम्रणका लागि चिनियाँ पर्यटकहरू नेपाल आउने गर्छन् । चीन सरकारले नेपालको शिक्षा क्षेत्रको विकास जस्तै: पुस्तकायलयको विकास तथा विस्तार गर्न, शिक्षण संस्थाका भवनहरू निर्माण गर्न आदि जस्ता लागि ठुलो रकम सहयोग गरिरहेको छ । नेपालीहरूलाई उच्च शिक्षा अध्ययनका लागि चीनका विश्वविद्यालयहरूमा छात्रवृत्तिको व्यवस्था गरिएको छ । चीनले विद्यालय तथा विश्वविद्यालयका शिक्षक तथा विद्यार्थीलाई चीनको भ्रमणका लागि निमन्त्रणा गर्दै आएको छ । चीनमा नेपाली भाषाको अध्ययन अध्यापन हुने गर्छ । नेपाली भाषा शिक्षणका लागि त्रिभुवन विश्वविद्यालयले शिक्षक पठाउँदै आएको छ । नेपालमा पनि चिनियाँ भाषा अध्ययन गर्नेको सङ्ख्या बढिरहेको छ ।

## (ख) राजनीतिक सम्बन्ध

नेपालले औपचारिक रूपमा चीनसँग सन् १९५५ देखि कूटनीतिक सम्बन्ध कायम गरी सौहार्दपूर्ण व्यवहार गर्दै आएको छ । नेपालले चीनसँग सार्वभौम समानता, पारस्परिक सम्मान, विश्वास, सद्भाव र समझदारीका आधारमा सम्बन्ध राख्दै आएको छ । नेपालका लागि चिनियाँ दुतावासका अनुसार यी दुई देशहरू एक अर्कालाई कहिल्लै धम्क्याउँदैनन, चोट पुऱ्याउँदैनन् र शङ्का गर्दैनन् । यसका साथै यी सधैँ एकअर्कालाई सम्मान गर्छन्, विश्वास गर्छन् र सहयोग गर्छन् । चीनले अवलम्बन गर्दै आएको एक चीन नीतिलाई नेपालले सधैँ आत्मसात् गरेको छ । समय समयमा चीनको उच्च राजनीतिक नेतृत्व नेपाल आउने गर्छन् । त्यसैगरी नेपालको राजनीतिक नेतृत्वबाट पनि समय समयमा चीनको भ्रमण हुँदै आएको छ । यसले पनि यी दुई देशका बिचमा राजनीतिक सम्वन्ध प्रगाढ छ भन्न सकिन्छ । राजनीतिक रूपमा दुवै देशले एक अर्काको आन्तरिक मामिलामा कुनै हस्तक्षेप नगर्ने नीति अवलम्वन गरेका छन् ।

## (ग) आर्थिक सम्बन्ध

चीन नेपालको दोस्रो ठुलो व्यापारिक साझेदार मुलुक हो। नेपाल र चीनबिचको आर्थिक सम्बन्ध पुरानो छ। इतिहासमा नेपालको उत्तरी सीमाबाट नेपालीहरू चीनको स्वशासित क्षेत्र तिब्बतमा नुन, सुन, उन जस्ता वस्तुहरू खरिद गर्न र तिब्बतीहरू नेपालको उत्तरी क्षेत्रमा रहेका बजारमा खाद्यान्न खरिद गर्न जाने आउने चलन थियो। आर्थिक वर्ष २०७५/७६ मा नेपालको कुल आयातमध्ये चीनबाट मात्र २२.६९ प्रतिशत र कुल निर्यातमध्ये चीनमा मात्र २.२७ प्रतिशत भएको थियो। नेपाल चीन कूटनीतिक सम्बन्ध कायम भएपश्चात् नेपालले चीनबाट थुप्रै आर्थिक लाभ लिएको छ। नेपाल चीनबिचको पहिलो आर्थिक सहयोग सम्झौता वि.सं. २०१३ आश्विन १६ (अक्टोबर १, १९५६) मा हस्ताक्षर भएको थियो। वि.सं. २०३० (सन् १९८०) को दशकको मध्यदेखि चिनियाँ सरकारले आर्थिक र प्राविधिक सहयोग कार्यक्रमअन्तर्गत नेपाल सरकारलाई अनुदान सहयोग गरिरहेको छ। चीनले नेपाललाई पूर्वाधार विकास, अनुदान, ब्याजमुक्त ऋण र सहुलियत ऋणका रूपमा सहयोग गर्दै आएको छ।

### हाल नेपालमा सञ्चालित चिनियाँ सहायताका केही परियोजनाहरू

माथिल्लो त्रिशुली हाइड्रोपावर परियोजना

काठमाडौँ चक्रपथ सुधार परियोजना

पोखरा अन्तर्राष्ट्रिय एयरपोर्ट निमार्ण परियोजना

स्याफ्रुबेँसी रसुवागढी सडक निर्माण

सिभिल अस्पताल स्तरोन्नति परियोजना

कोदारी राजमार्ग स्तरोन्नति कार्यक्रम

भेरी बबई डाइभर्सन बहुउद्देश्य परियोजना आदि।

यसका अलवा नेपाल चीन अन्तरसरकारी आर्थिक र व्यापार समिति, कृषि सहयोगका लागि नेपाल चीन संयुक्त समिति, सीमा कानुन प्रवर्तन सहयोग, सीमा शुल्क बैठक, संयुक्त पर्यटन समन्वय समिति, नेपाल चीनको तिब्बत व्यापार सहयोग समिति, उर्जा सहयोग संयन्त्र, नेपाल चीन सहयोग कार्यक्रम र परियोजना कार्यान्वयन सहयोगका लागि संयन्त्र आदि थुप्रै सहयोग सम्बन्धहरू रहेका छन्। चीनद्वारा प्रस्तावित बहुउद्देश्य बेल्ट रोड अवधारणामा नेपाल पनि समावेश भएको छ। नेपालले वि.सं. २०७१ (सन् २०१४) मा सैद्धान्तिक सहमति, वि.सं. २०७३ (सन् २०१६) मा ट्रान्जिट ट्रान्सपोट एग्रिमेन्टमा सहमति र वि.सं. २०७४ (सन् २०१७) मा यस अवधारणामा हस्ताक्षर गरेको छ। यदि यस परियोजनामार्फत नेपालले रेलवे कनेक्टिभिटीलाई मूर्तरूप दिन सक्यो भने विश्वसँग जोडिने मौका प्राप्त हुने छ। फलस्वरूप समुद्रसँग नेपालको सोझै सम्पर्क हुने छ। यसका साथै नेपालले तेस्रो मुलुकसँगको व्यापारका लागि सुगम पारवहन सम्बन्ध विकास गर्न चीन सरकारसँग सम्झौता गरेको छ। यसले यी दुई देशको सम्बन्ध अझ उच्च स्तरमा पुऱ्याएको छ। नेपालमा भएको प्रत्यक्ष वैदेशिक लगानीको हिसाबले चीन सबैभन्दा ठुलो स्रोत हो।

## क्रियाकलापहरू

(क) कक्षामा रहेका साथीहरूका बिचमा पाँच पाँच जनाको समूह बनाउनुहोस् र विभिन्न स्रोत सामग्रीहरूको अध्ययन गरी नेपाल भारत तथा नेपाल चीनबिचको सम्बन्धका बारेमा कक्षामा छलफल गर्नुहोस् ।

(ख) नेपाल भारत सम्बन्ध र सहयोग पुरानो र बहुआयामिक छ । यस भनाईमा केन्द्रित रही साथीसँग गर्ने संवादको नमुना तयार पार्नुहोस् ।

## अभ्यास

१. **तल दिइएका प्रश्नका उत्तर दिनुहोस् :**

(क) नेपालको संविधानमा उल्लिखित विदेश नीतिहरूमध्ये कुनै तीन बुँदा उल्लेख गर्नुहोस् ।

(ख) नेपालको सरकारले तय गरेका विदेश नीतिहरूमध्ये कुनै दुईको व्याख्या गर्नुहोस् ।

(ग) नेपाल भारत बिचको आर्थिक सम्वन्धको समीक्षा गर्नुहोस् ।

(घ) नेपाल भारत बिचको राजनीतिक सम्बन्धको उल्लेख गर्नुहोस् ।

(ङ) नेपाल चीनबिचको राजनैतिक सम्बन्धका विश्लेषण गर्नुहोस् ।

(च) नेपाल चीन बिचको आर्थिक सम्वन्धको मुख्य विशेषता प्रस्तुत गर्नुहोस् ।

(छ) नेपालको परराष्ट्र नीतिका आधारहरू उदाहरणसहित व्याख्या गर्नुहोस् ।

पाठ : 3

# नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध

## परिचय

दोस्रो विश्व युद्धभन्दा पहिले सीमित देशहरूको बिचमा मात्र आर्थिक सहयोग, ऋण, अनुदान आदि प्रचलनमा थियो । वि.सं. २००० (सन् १९५०) को दशकमा जब संसारका अधिकांश देशहरू उपनिवेशबाट मुक्त भए तब आर्थिक विकास, सम्पन्नता, उत्पादन, प्रविधि आदि युरोप, अमेरिका, जापान, रुस आदि देशहरूमा र गरिबी, अभाव, पछौटेपन, अशिक्षा तथा जनसङ्ख्याको ठुलो हिस्सा एसियामा रहन पुग्यो । यस्तो अवस्थामा आर्थिक रूपमा शक्तिशाली देशहरूले विश्व बजारलाई आफ्नो पहुँच बाहिर जान नदिन आर्थिक सहयोग, अनुदान, ऋण आदिको प्रचलन सुरु गरेका थिए ।

## नेपाल र विश्वबिचको सम्बन्ध

वि.सं. २००० (सन् १९५०) को दशकपश्चात् संसारमा आर्थिक उदारीकरण, निजीकरण र विश्वव्यापीकरण अवधारणाको सुरुआत भएको हो । विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषले संरचनागत समायोजनका कार्यक्रमहरू ल्याए पश्चात् नेपालले पनि उनीहरूको सर्तहरू मान्दै वि.सं. २०३० (सन् १९८०) को दशकदेखि आर्थिक ऋण सहयोग लिन थालेको हो । नेपालले वि.सं. २००८ (सन् १९५१) मा पहिलो पटक अमेरिकाबाट २,००० अमेरिकी डलर नगद सहयोग प्राप्त गरेको थियो । जब नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लियो र विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषका सर्तहरू पूरा गरी ऋण लिन थाल्यो तब नेपाल पनि विश्व समुदायसँग प्रत्यक्ष रूपमा जोडिएको छ । नेपालले कुल विश्व व्यापारको करिब ०.१ प्रतिशत मात्र अंश ओगटेका भए तापनि यसले हाल विश्वका करिब १५० मुलुकहरूसँग व्यापारिक सम्बन्ध कायम गरेको छ । ती मुलुकहरूमध्ये अधिकांश विश्व व्यापार सङ्गठनको सदस्य भइसकेका छन् । खासगरी वि.सं. २०४० (सन् १९९०) को दशकमा विश्वभर छाएको आर्थिक उदारीकरण र भूमण्डलीकरणको प्रभावबाट नेपाल पनि अछुतो रहन सकेन । विश्वव्यापार सङ्गठनको सदस्यताका लागि नेपालले विधिवत् आवेदन वि.सं. २०५५ (सन् १९९८) मा गरेको थियो तर वि.सं. २०६० भाद्र २५ (सेप्टेम्बर ११, २००३) मा १४८ औं सदस्यको रूपमा विश्वव्यापार सङ्गठनको सदस्यता लिएको थियो ।

नेपालको वि.सं. १८७३ (सन् १८१६) मा बेलायतसँगको कूटनीतिक सम्बन्ध तथा वि.सं. १८७३ (सन् १८१६) को सुगौली सन्धिपश्चात् अन्तर्राष्ट्रिय सम्बन्धले नयाँ दिशा लिएको हो । खासगरी, वि.सं. २००७ को राजनीतिक परिवर्तनपश्चात् अन्तर्राष्ट्रिय जगत्सँग कूटनीतिक सम्बन्धको विस्तार, संयुक्त राष्ट्रसङ्घलगायत असंलग्न आन्दोलन जस्ता बहुपक्षीय मञ्चमा सक्रिय उपस्थिति, साझा हितका विषयमा विकासोन्मुख, अल्पविकसित, भूपरिवेष्टित मुलुकहरूसँग सहकार्य विस्तार तथा क्षेत्रीय

| नेपाल र विश्वस्तरका सङ्गठनहरूबिचको सम्बन्ध | |
|---|---|
| संस्थाहरू | सदस्यता मिति |
| संयुक्त राष्ट्रसङ्घ | १९५५ |
| अन्तर्राष्ट्रिय मुद्राकोष | १९६१ |
| विश्व बैङ्क | १९६१ |
| एसियाली विकास बैङ्क | १९६६ |
| विश्व व्यापार सङ्गठन | २००३ |
| विश्व स्वास्थ्य सङ्गठन | २००४ |

सहयोगमा अवद्धता सुरु भएको पाइन्छ । नेपालले राष्ट्रिय हितका आधारभूत उद्देश्य प्राप्त गर्ने दृष्टिकोणबाट अन्तर्राष्ट्रिय सम्वन्ध बनाउँदै आएको छ । नेपालको आर्थिक कूटनीति मूलभूत रूपमा अन्तर्राष्ट्रिय आर्थिक सम्वन्धलाई मुलुकको संवृद्धि र विकासमा परिचालन गर्ने दिशामा केन्द्रित रहेको छ । संविधानद्वारा निर्देशित अन्तर्राष्ट्रिय सम्वन्धको ढाँचाभित्र रही अति कम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने, दिगो विकासका लक्ष्यहरू र राष्ट्रिय सोँच हासिल गर्नेतर्फ नेपालको अन्तर्राष्ट्रिय सम्वन्ध रहेको छ । नेपालले वि.सं. २०७७ सालसम्ममा १७० देशहरूसँग कूटनीतिक सम्वन्ध कायम गरी विदेशका विभिन्न ३९ स्थानमा आवासीय कूटनीतिक नियोग क्रियाशील गरेको छ । नेपालले मौलिक शान्ति प्रक्रियामा प्रवेश गरेसँगै प्राप्त उपलब्धिको स्थायित्वबाट द्विपक्षीय, क्षेत्रीय तथा वहुपक्षीय सम्झौताबाट अन्तर्राष्ट्रिय बजारमा सहज प्रवेशलाई अझ बलियो बनाउँदै आएको छ ।

## नेपाल र क्षेत्रीय तथा वैश्विक सङ्गठनबिचको सम्बन्ध

विश्वका मानव जातिको लामो समयको प्रयासबाट वर्तमान संसारको आर्थिक, सामाजिक तथा अन्य सबै खाले विकासहरू प्राप्त भएका हुन् । आर्थिक विकासका दृष्टिकोणले संसारका सबै राष्ट्रहरू समान छैनन् । जुन राष्ट्रहरूले उच्च आर्थिक विकास गरेका छन् । तिनीहरूले इतिहासमा अन्य राष्ट्रहरूबाट आर्थिक सहयोग लिएको पाइन्छ । क्रमश: देशहरू आफ्नो अनुकूलका क्षेत्रीय तथा वैश्विक सङ्गठनहरूमा आवद्ध हुन थाले । संसारमा सबैभन्दा पुरानो क्षेत्रीय सङ्गठन अमेरिकन

| नेपालसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध भएका प्रमुख देशहरू | | | | | |
|---|---|---|---|---|---|
| देश (पुराना) | मिति | देश (नयाँ) | मिति | देश (सार्क) | मिति |
| संयुक्त अधिराज्य | १८१६ | माडगास्कर | २०१८ | भारत | १९४७ |
| संयुक्त राज्य अमेरिका | १९४७ | सुरिनाम | २०१८ | श्रीलङ्का | १९५७ |
| फ्रान्स | १९४९ | टोगो | २०१९ | पाकिस्तान | १९६० |
| चीन | १९५५ | एक्यटोरियल गुइनेआ | २०१९ | अफगानिस्तान | १९६१ |
| रुस | १९५६ | एस्वाटिनी | २०१९ | बङ्गलादेश | १९७२ |
| जापान | १९५६ | सेन्ट लुकिया | २०१९ | माल्दिभ्स | १९८० |
| स्विजरल्यान्ड | १९५६ | घाना | २०१९ | भुटान | १९८३ |

राज्यहरूको सङ्गठन (Organization of American States - OAS) हो । यसको स्थापना सन् १८८९ मा भएको थियो । हाल यसका स्थायी सदस्य राष्ट्रहरू ३५ ओटा रहेका छन् । त्यसैगरी, सन् १९४५ स्थापित युरोपियन युनियनभित्र हाल २८ राष्ट्रहरू आबद्ध छन् भने वि.सं. २००२ (सन् १९८५) मा स्थापित सार्क सङ्गठनमा नेपालसहित आठ सदस्य राष्ट्रहरू आवद्ध छन् । यहाँ केही क्षेत्रीय सङ्गठन र केही वैश्विक सङ्गठनहरूको सङ्क्षिप्त विवरण उल्लेख गरिएको छ ।

## दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)

## South Asian Association for Regional Co-operation

### सार्कको अवधारणा

दक्षिण एसियाका आठ राष्ट्रहरू नेपाल, भारत, पाकिस्तान, वङ्गलादेश, श्रीलङ्का, भुटान, माल्दिभ्स र अफगानिस्तान सार्कका सदस्य हुन् भने यसका पर्यवेक्षक राष्ट्रहरू चीन, जापान, युरोपियन सङ्घ, दक्षिण कोरिया, अमेरिका, अस्ट्रेलिया, इरान, मौरिसस र म्यानमार हुन् । सार्कको स्थापना वि.सं. २०४२ मङ्सिर २३ (सन् १९८५ डिसेम्वर ८) मा ढाका सम्मेलनबाट भएको हो । सार्कको स्थापना कालमा अफगानिस्तानवाहेकका सात राष्ट्रहरू सहभागी थिए भने वि.सं. २०६२ (सन् २००५) मा अफगानिस्तानले सदस्यता लिएको थियो । सार्क राष्ट्रहरूमध्ये नेपाल, भुटान र अफगानिस्तान भूपरिवेष्ठित राष्ट्र हुन् भने श्रीलङ्का र माल्दिभ्स महासागरको विचमा रहेका छन् । सार्क राष्ट्रमध्ये सबैभन्दा ठुलो भारत र सबैभन्दा सानो माल्दिभ्स हो । सार्कका सबै राष्ट्रहरूमा भौगोलिक, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, सामाजिक परिवेशमा विविधता छ । वि.सं. २०७१ (सन् २०१४) मा सार्कको अठारौँ शिखर सम्मेलन काठमाडौँमा भएको थियो । शिखर सम्मेलनको अध्यक्षता सदस्य राष्ट्रहरूले क्रमिक रूपमा गर्छन् । सार्कको सचिवालय नेपालको राजधानी काठमाडौँमा छ ।

#### सार्कको उद्देश्य

सार्कको उद्देश्य दक्षिण एसियाका जनताको हितको वृद्धि गर्नु, सामूहिक आत्मनिर्भरतालाई सुदृढ पार्नु, विभिन्न क्षेत्रमा सक्रिय सहयोग र आपसी सहयोगलाई बढावा दिनु र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूसँग सहकार्य गर्नु रहेको छ ।

#### सार्कका सिद्धान्त

सार्क राष्ट्रहरूले एकआपसमा गर्ने व्यवहारहरू पाँच सिद्धान्तमा आधारित छन् । सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनीतिक स्वतन्त्रता, सदस्य देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने र आपसी हित प्रवर्धन गर्नु हुन् ।

#### सार्कका सहकार्यका क्षेत्रहरू

सार्कका सहकार्यका क्षेत्रहरू १४ ओटा रहेका छन् जसलाई निम्नानुसार देखाइएको छ :

| | | |
|---|---|---|
| १. कृषि र ग्रामीण विकास | २. उर्जा | ३. सूचना, सञ्चार र मिडिया |
| ४. लगानी प्रवर्धन | ५. शिक्षा र संस्कृति | ६. वातावरण |
| ७. गरिबी निवारण | ८. सामाजिक विकास | ९. बायोटेक्नोलोजी |
| १०. पर्यटन | ११. शान्ति र सुरक्षा | १२. आर्थिक, व्यापार र वित्त |
| १३. विज्ञान र प्रविधि | १४. जनसम्पर्क | |

## दक्षिण एसियाली क्षेत्रीय स्वतन्त्र व्यापार क्षेत्र

## South Asian Free Trade Area-SAFTA

### साफ्टाको अवधारणा

पाकिस्तानको राजधानी इस्लामावादमा वि.सं. २०६० पौष २०-२२ (6-7 January 2004) मा सम्पन्न सार्कको बाह्रौं शिखर सम्मेलनबाट साफ्टा सम्झौता अनुमोदन भएको हो । साफ्टामा सार्कका आठ राष्ट्रहरू रहेका छन् । सार्वभौमिकता, समानता, स्वतन्त्रता र राज्यको क्षेत्रीय अखण्डताको सम्मान गर्दै सार्क मुलुकका जनताको हितका लागि यस क्षेत्रको व्यापार र विकासको सम्भाव्यतालाई अधिकतम् बनाउन अन्तरसार्क क्षेत्रको आर्थिक सहयोगलाई सुदृढीकरण गर्ने प्रतिबद्धता स्वरूप साफ्टा ल्याइएको हो । यस स्वतन्त्र व्यापारसम्बन्धी प्रतिबद्धताले समूहभित्र बसेका सदस्य राष्ट्रलाई अवसर प्रदान गरिरहेको छ ।

#### साफ्टाका उद्देश्यहरू

(क) सदस्य राष्ट्रहरूबिच वस्तुको अन्तरसीमा आवागमनमा अवरोध हटाएर सरलीकरण गर्ने

(ख) स्वतन्त्र व्यापार क्षेत्रमा स्वच्छ प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने

(ग) सम्झौताको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र स्थापना गर्ने

(घ) परस्पर लाभको विस्तार र वृद्धिबाट अरू थप क्षेत्रीय सहयोगका लागि आवश्यक संरचना तयार गर्ने

#### साफ्टाका सिद्धान्तहरू

१. सदस्य राष्ट्रहरूमा हुने वस्तु र सामानको ओसार पसारलाई सहजीकरण गर्दै व्यापारसँग सम्बन्धित व्यवधानहरूलाई हटाउने

२. सदस्य राष्ट्रहरूको समग्र र समानुपातिक फाइदालाई सुनिश्चित गर्दै खुला व्यापार क्षेत्रमा स्वस्थ प्रतिस्पर्धाको वातावरणलाई प्रवर्धन गर्ने

३. सम्झौताको कार्यान्वयन र यसबाट पर्ने प्रभावको अध्ययनका लागि तथा संयुक्त प्रशासन एवम् विवाद समाधानका लागि समेत प्रभावकारी पद्धति बनाउने

४. प्रस्तुत सम्झौताबाट हुने आपसी लाभलाई बढावा र विस्तार गर्न थप क्षेत्रीय सहयोगका खाका तयार गर्ने

**साफ्टाको फाइदाहरू**

१. अन्तरक्षेत्रीय व्यापार विस्तारद्वारा सदस्य राष्ट्रहरूले उत्पादन वृद्धि गरी तुलनात्मक लाभ प्राप्त गर्न सक्छन् ।

२. सदस्य राष्ट्रहरूबिच विशिष्टीकरणको लाभ प्राप्त हुन सक्छ ।

३. भन्सार तथा गैरभन्सारसम्बन्धी अवरोध घट्न गई, अन्तरक्षेत्रीय व्यापारमा वृद्धि हुन्छ ।

४. विकसित राष्ट्रहरूद्वारा अन्तर्राष्ट्रिय बजारमा ल्याइने प्रतिकूलताहरू विरुद्ध सामूहिक आवाज उठाउन सक्ने छन् ।

५. विशिष्टतताले उत्पादनमा विस्तार हुनुका साथै अधिक बाह्य लगानी आकर्षित हुन सक्छ ।

६. यस क्षेत्रमा उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग हुन्छ ।

**साफ्टाको चुनौतीहरू**

१. स्वतन्त्र व्यापारसम्बन्धी प्रावधानले ठुला राष्ट्रहरू अधिक लाभ लिन सक्ने अवस्थामा पुग्छन् भने अर्कातिर त्यसको ज्यादा भार साना राष्ट्रहरूले वहन गर्नुपर्ने हुन्छ ।

२. साना राष्ट्रहरूले आफ्ना उत्पादनलाई ठुला राष्ट्रहरूका उत्पादनबिच प्रतिस्पर्धात्मक स्थितिमा लैजानुपर्ने हुँदा बजार गुमाउनुपर्ने अवस्था देखापर्न सक्छ । साथै आफ्नो देशको उत्पादनमा विशिष्टता प्राप्त गर्न ठुलो लगानी र समय लगाउनुपर्दछ ।

## बिम्स्टेक (BIMSTEC)

### बिम्स्टेकको अवधारणा

बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहयोगका लागि बङ्गालको खाडी पहल बिम्स्टेक (The Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Co-operation-BIMSTEC) को स्थापना वि.सं. २०५४ (सन् १९९७) मा बैङ्ककमा भएको थियो । दक्षिण एसिया र दक्षिण पूर्व एसियाका सात राष्ट्रहरू बङ्गलादेश, भारत, श्रीलङ्का, थाइल्यान्ड, भुटान, म्यानमार र नेपाल यसका सदस्य राष्ट्रहरू हुन् । प्रारम्भमा चार सदस्य राष्ट्रहरू बङ्गलादेश, भारत, श्रीलङ्का र थाइल्यान्ड मिलेर वि.सं. २०५४ पुस ७ (२२ डिसेम्बर १९९७) मा "बङ्गलादेश, भारत, श्रीलङ्का र थाइल्यान्ड आर्थिक सहयोग नामक संस्थाको स्थापना गरेका थिए । त्यतिबेला यसको छोटकरी नाम 'BIST-EC' थियो । वि.सं. २०५४ (सन् १९९७) मा नै म्यानमारले यसको सदस्यता लिएको थियो । वि.सं. २०६१ (सन् २००४) मा नेपाल र भुटान पनि यसको सदस्य बनेपछि यसको नाम परिवर्तन गरी BIMSTEC राखिएको थियो । यी राष्ट्रहरू विश्वका सामु एउटा अलग पहिचानका साथ उपस्थित छन् । किनकि यी राष्ट्रमा करिब १.५ बिलियन वा विश्व जनसङ्ख्याका करिब २२ प्रतिशत मानिस

बसोबास गर्छन भने करिब २.७ ट्रिलियन अमेरिकी डलर कुल गार्हस्थ्य उत्पादन रहेको छ ।

**बिम्स्टेकको लक्ष्य:** यस सङ्गठनको लक्ष्य दुई तथा बहुराष्ट्रका बिचको सम्बन्धलाई विभिन्न सहयोगका माध्यमबाट सुदृढ गर्नु हो ।

**बिम्स्टेकका उद्देश्यहरू : यसका उद्देश्यहरू यसप्रकार छन् :**

१. तीव्र आर्थिक विकास गर्न सक्षम वातावरणको सिर्जना गर्नु

२. विकासका उपक्षेत्रको सामाजिक विकासको गतिमा तीव्रता ल्याउनु

३. साझा चासोका मामिलामा सक्रिय साझेदारी र आपसी सहयोगमा वृद्धि गर्नु

४. प्रशिक्षण र अनुसन्धान सुविधामा वृद्धि गर्न एक अर्कालाई सहयोग प्रदान गर्नु

५. सदस्य राष्ट्रहरूको राष्ट्रिय विकास योजनाहरूको सफलताका लागि प्रभावकारी सहयोग गर्ने

६. वर्तमान अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूसँग घनिष्ट र लाभदायक सम्बन्ध कायम राख्नु

७. उपक्षेत्रको विकासमा अधिक लाभदायी परियोजनामा सहयोग पुऱ्याउनु

**बिम्स्टेकका सिद्धान्तहरू : यसका सिद्धान्तहरू यसप्रकार छन् :**

१. बिम्स्टेकका सदस्य राष्ट्रका बिच सार्वभौम समानताको सिद्धान्त, क्षेत्रीय अखण्डता, राजनीतिक स्वतन्त्रता, आन्तरिक मामिलामा हस्तक्षेप नहुने, शान्तिपूर्ण सहअस्तित्व र आपसी फाइदाका आधारमा व्यवहार गर्ने

२. सदस्य राष्ट्रहरूबिचको सहकार्य द्विपक्षीय, क्षेत्रीय वा बहुपक्षीय सहयोगका रूपमा विकास गर्ने

**बिम्स्टेकका सहकार्यका क्षेत्रहरू : बिम्स्टेकका सहकार्यका क्षेत्रहरू १५ ओटा रहेका छन् जसलाई निम्नानुसार उल्लेख गरिएको छ :**

| | | |
|---|---|---|
| १. कृषि | २. उर्जा | ३. यातायात र सञ्चार |
| ४. व्यापार र लगानी | ५. संस्कृति | ६. वातावरण र विपत् व्यवस्थापन |
| ७. गरिबी निवारण | ८. प्रविधि | ९. माछा पालन |
| १०. पर्यटन | ११. जनस्वास्थ्य | १२. आतङ्कवाद र अन्तर्राष्ट्रिय अपराध |
| १३. प्रविधि | १४. जनसम्पर्क | १५. जलवायु परिवर्तन |

## नेपाल र बिम्स्टेक

वि.सं. २०५५ (सन् १९९८) मा ढाकामा सम्पन्न बिम्स्टेकको सम्मेलनमा नेपाललाई सुपरिवेक्षकका रूपमा आमन्त्रण गरिएको थियो । नेपालले उक्त समयमा यस सङ्गठनका गतिविधीलाई नजिकबाट बुझ्ने मौका पाएको थियो । नेपालले वि.सं. २०५७ (सन् २०००) मा यस सङ्गठनको सदस्यताका लागि इच्छा जाहेर गरेको थियो । फलस्वरूप नेपालले वि.सं. २०६० माघ २५ (फेब्रुअरी ८, २००४) मा औपचारिक रूपमा सदस्यता प्राप्त गरेको थियो । नेपालले बिम्स्टेकको सदस्यका रूपमा गरिबी निवारणका क्षेत्रमा बढी काम गरेको छ । नेपालले वि.सं. २०६८ माघ १-२ (जनवरी १५-१६, २०१२) मा काठमाडौँमा गरिबी निवारणसम्बन्धी बिम्स्टेक मन्त्रिस्तरीय बैठकको आयोजना गऱ्यो । उक्त बैठकले गरिबी निवारण योजना पारित गऱ्यो । वि.सं. २०७३ माघ २५ (फेब्रुअरी ७, २०१७) मा नेपालले बिम्स्टेकका वरिष्ट अधिकारीहरूको बैठक काठमाडौँमा आयोजना गरेको थियो । चौथो बिम्स्टेक शिखर सम्मेलन वि.सं. २०७५ भाद्र १४-१५ (अगष्ट३०-३१ २०१८) मा नेपालको राजधानी काठमाडौँमा सम्पन्न भएको थियो । त्यसैगरी नेपालले समय समयमा आतङ्कवाद नियन्त्रण, कृषिको विकास, व्यापारको विस्तार आदि विषयमा बिम्स्टेक स्तरीय बैठकहरूको आयोजना गर्ने, योजना निर्माण गर्ने तथा ती योजनाहरू बैठकबाट अनुमोदन गर्ने जस्ता कार्य गर्दै आएको छ ।

## विश्व व्यापार सङ्गठन World Trade Organization – WTO

### विश्व व्यापार सङ्गठनको परिचय

दोस्रो विश्वयुद्धपछि ध्वस्त संरचनाको पुनर्निर्माण तथा पिछडिएका देशहरूको आर्थिक विकासका लागि विश्वका प्रमुख व्यापारिक राष्ट्रहरूको वि.सं. २००३ (सन् १९४६) मा "व्यापार र रोजगार विषयक अन्तर्राष्ट्रिय सम्मेलन" सम्पन्न भयो । उक्त सम्मेलनले "अन्तर्राष्ट्रिय व्यापार सङ्गठन" निर्माण गर्नुपर्ने सम्बन्धमा निर्णय गऱ्यो । वि.सं. २००४ आश्विन २२ (अक्टोबर ८, १९४७) मा स्थापना भएको सीमाशुल्क तथा व्यापारमा सामान्य सम्झौता (General Agreement on Tariffs and Trade –GATT) एक प्रकारको अन्तरिम योजनाका रूपमा देखापऱ्यो । अन्ततः वि.सं. २०५१ मङ्सिर (डिसेम्बर, १९९४) मा जेनेभामा सम्पन्न कार्यान्वयन सम्मेलनले विश्व व्यापार सङ्गठनसम्बन्धी सम्झौतालाई वि.सं. २०५१ पौष १७ (जनवरी १, १९९५) देखि लागु गर्ने निर्णय गऱ्यो । यसको प्रधान कार्यालय स्विट्जरल्यान्डको जेनेभामा छ । सुरुमा GATT का १२४ सदस्य राष्ट्र थिए । हाल WTO का नेपालसहित १६४ सदस्य राष्ट्रहरू छन् । मुलुकहरूबिच व्यापारिक क्षेत्रमा समान र सहुलियतपूर्ण व्यापारको बजार व्यवस्था कायम गर्ने हेतुले यसको स्थापना भएको हो ।

#### विश्व व्यापार सङ्गठनका उद्देश्यहरू

१. जनताको जीवनस्तर अभिवृद्धि गर्ने

२. पूर्णरोजगार तथा उच्च एवम् स्थिर गतिको वास्तविक आम्दानीको परिमाणमा वृद्धि ल्याउने

३. प्रभावकारी माग एवम् वस्तु तथा सेवाको उत्पादन तथा बिक्री विस्तार गर्ने

४. दिगो विकास गर्ने लक्ष्यअनुसार विश्वमा उपलब्ध साधन र स्रोतको सर्वोत्तम प्रयोग गर्न दिँदा वातावरणको रक्षा तथा संरक्षणतर्फ विशेष ध्यान दिने

५. विकासशील राष्ट्रहरू त्यसमा पनि खास गरी अतिकम विकसित राष्ट्रहरूबिच तिनीहरूको आर्थिक विकासको आवश्यकताअनुसार अन्तर्राष्ट्रिय व्यापारमा सहभागिता बढाउने

६. उपर्युक्त उद्देश्यहरू हासिल गर्न एकीकृत व्यावहारिक तथा निस्वार्थ बहुपक्षीय व्यापार प्रणाली विकास गर्ने

### विश्व व्यापार सङ्गठनका सिद्धान्तहरू

१. भेदभावबिनाको अन्तर्राष्ट्रिय व्यापार गर्न पाउने

२. स्वच्छ प्रतिस्पर्धामा जोड

३. समानताको सिद्धान्त

४. भन्सार दरमा सीमा निर्धारण र कोटा प्रणालीको अन्त्य

### विश्व व्यापार सङ्गठनका कार्यहरू

१. सर्वपक्षीय तथा बहुपक्षीय सम्झौतालाई लागु तथा कार्यान्वयन गर्ने

२. बहुपक्षीय व्यापारसम्बन्धी वार्ताहरूका लागि मञ्चका रूपमा काम गर्ने

३. व्यापारसम्बन्धी विवाद निराकरणको प्रयास गर्ने

४. राष्ट्रिय व्यापार नीतिहरूको निरीक्षण गर्ने

५. विश्व आर्थिक नीतिहरूको तर्जुमामा सङ्लग्न अन्य अन्तर्राष्ट्रिय निकायहरूसँग सहयोगात्मक सम्बन्ध कायम गर्ने

## नेपाल र विश्व व्यापार सङ्गठन

नेपालले कुल विश्व व्यापारको करिब ०.१ प्रतिशत मात्र अंश ओगटेको छ। नेपालले विश्व व्यापार सङ्गठनमा आवद्ध राष्ट्रहरूमध्ये अधिकांश राष्ट्रसँग व्यापारिक सम्बन्ध कायम गरेको छ । खासगरी वि.सं. २०४० (सन् १९९०) को दशकपश्चात् विश्वभर छाएको आर्थिक उदारीकरण, निजीकरण र भूमण्डलीकरणको प्रभावबाट नेपाल पनि अछुतो रहन सकेन । नेपालले वि.सं. २०३९ (सन् १९८९) मा GATT को पर्यवेक्षक सदस्यता र वि.सं. २०५९ (सन् २००३) मा विश्व व्यापार सङ्गठनको सदस्यता लिएको थियो ।

### विश्वव्यापार सङ्गठनको सदस्यका रूपमा नेपालका लागि अवसर तथा चुनौतीहरू

विश्व व्यापार सङ्गठनको सदस्यका रूपमा नेपाल विधिवत् प्रवेश गरिसकेको छ । यस सन्दर्भमा नेपालले यसबाट फाइदा लिन सक्छ वा सक्दैन भन्ने विषयमा ठुलो बहस भएको पाइन्छ । नेपालले विश्व व्यापार सङ्गठनको सदस्य प्राप्त गरिसकेपछि नेपालका लागि केही अवसरहरू पनि छन् र केही चुनौतिहरू पनि छन् । नेपालले आफ्ना लागि सिर्जना भएका अवसरहरूलाई अधिकतम उपयोग गर्ने र चुनौतीहरूलाई न्यून गर्ने नीति अवलम्बन गर्नुपर्ने हुन्छ । नेपालका पक्षमा देखापरेका अवसरहरू र नेपालका लागि देखापरेका चुनौतीहरूलाई यस प्रकार उल्लेख गरिएको छ ।

| अवसरहरू | चुनौतीहरू |
|---|---|
| १. गरिवी निवारणमा सहयोग | १. लागत प्रभावकारिताको कम सम्भावना |
| २. अन्तर्राष्ट्रिय बजारको सूचनामा पहुँच | २. उच्च व्यावसायिक प्रतिस्पर्धा |
| ३. खाद्य आपूर्तिमा प्राविधिक सहयोग | ३. वैदेशिक निर्भरताको सम्भावना |
| ४. कानुनी तथा सुरक्षित अधिकार | ४. बौद्धिक पलायन |
| ५. विदेशी लगानीकर्ताको आकर्षण | ५. कोटा वितरणमा निषेध |
| ६. व्यापार विविधिकरणमा विस्तार | ६. खुला व्यापारको अवैज्ञानिक प्रावधान |
| ७. विश्वव्यापी अनुकूल व्यापारिक वातावरण | |

### *क्रियाकलापहरू*

(क) विश्व व्यापार सङ्गठन र नेपालले लिन सक्ने लाभ शीर्षकमा कक्षामा वादविवाद प्रतियोगिता सञ्चालन गर्नुहोस्

(ख) सार्कको उदेश्यहरूलाई चार्टमा तयार पारी कक्षामा टाँस्नुहोस् ।

### *अभ्यास*

## १. तल दिइएका प्रश्नका उत्तर दिनुहोस् :

(क) BIMSTEC को पूरा रूप उल्लेख गर्नुहोस् ।

(ख) विश्वमा एक राष्ट्रले अर्को राष्ट्रलाई आर्थिक सहयोग गर्ने प्रचलनको सुरुआत गर्नुको कारण के थियो ?

(ग) सार्कमा कतिओटा देशहरू भूपरिवेष्टि छन् ? तिनीहरूको नाम उल्लेख गर्नुहोस् ।

(घ) सार्क, बिम्स्टेक, ग्याट र WTO को स्थापना कहिले भएको थियो ?

(ङ) विम्स्टेकको लक्ष्य के हो ? उल्लेख गर्नुहोस् ।

(च) सार्कका उद्देश्यहरू प्रस्तुत गर्नुहोस् ।

(छ) साफ्टाका सिद्धान्तहरू उल्लेख गर्नुहोस् ।

(ज) विम्स्टेकका उद्देश्य तथा सिद्धान्तहरूलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(झ) विश्व व्यापार सङ्गठनका उद्देश्य तथा सिद्धान्तहरूलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ञ) साफ्टाका उद्देश्यहरू उल्लेख गर्दै यसबाट नेपाललाई पुग्न सक्ने फाइदाहरूको सूची गर्नुहोस् ।

(ट) विश्व व्यापार सङ्गठनको सदस्यका रूपमा नेपालका लागि अवसर तथा चुनौतीहरूको व्याख्या गर्नुहोस् ।

पाठ : ८

# नेपालको वैदेशिक व्यापार

## परिचय

वैदेशिक व्यापार कुनै देशले अरू देशहरूसँग गर्ने व्यापार हो । वैदेशिक व्यापारलाई अन्तर्राष्ट्रिय व्यापार पनि भनिन्छ । यस्तो व्यापार उत्पादनमा विशिष्टीकरण, श्रम विभाजन, भूधरातल, हावापानी, कच्चापदार्थको उपलब्धता आदिमा हुने विविधताका कारण सम्भव हुने गर्छ । यसको क्षेत्र अन्य व्यापारको तुलनामा व्यापक हुन्छ भने उत्पादन लागत र मूल्यमा पनि भिन्नता हुन्छ । उदाहरणका लागि नेपालले कृषिजन्य वस्तुहरूको उत्पादन गरी खाडी राष्ट्रहरूमा निर्यात गर्दछ भने खाडी राष्ट्रहरूले तेलको उत्पादन गरी नेपालमा निर्यात गर्दछन्, किनकि नेपाललाई कृषि उत्पादनमा तेल उत्पादनको तुलनामा लागत लाभ छ भने खाडी राष्ट्रहरूलाई तेल उत्पादनमा कृषि उत्पादनमा भन्दा तुलनात्मक लागत लाभ छ । घरेलु व्यापारको तुलनामा वैदेशिक व्यापारको क्षेत्र व्यापक हुन्छ ।

### वैदेशिक व्यापार सन्तुलन, बचत र घाटा

निर्यात = आयात → सन्तुलित व्यापार सन्तुलन
निर्यात > आयात → अनुकूल व्यापार सन्तुलन
निर्यात < आयात → प्रतिकूल व्यापार सन्तुलन

वैदेशिक व्यापार सन्तुलन भनेको आयात मूल्य र निर्यात मूल्यबिचको सन्तुलन हो । अर्थात् देशमा उत्पादित वस्तु तथा सेवा विदेशमा निर्यात गर्दा प्राप्त हुने मूल्य र विदेशमा उत्पादित वस्तु तथा सेवा आयात गर्दा भुक्तान गरिने मूल्यबिचको सन्तुलन नै व्यापार सन्तुलन हो । सन्तुलन दुई प्रकारका हुन्छन् । पहिलो भुक्तान सन्तुलन हो भने दास्रो व्यापार सन्तुलन हो । व्यापार सन्तुलन भुक्तान सन्तुलनको एक अंश मात्र हो । दृश्य तथा अदृश्य दुवै वस्तु तथा सेवाहरूको कारोबारबिचको सन्तुलनलाई भुक्तान सन्तुलन र दृश्य वस्तु तथा सेवाको कारोबारबिचको सन्तुलनलाई व्यापार सन्तुलन भनिन्छ । यदि निर्यात मूल्य आयात मूल्यभन्दा बढी छ भने बचत/अनुकूल व्यापारसन्तुलन, निर्यात मूल्यभन्दा आयात मूल्यभन्दा कम छ भने घाटा/प्रतिकूल व्यापार सन्तुलन र निर्यात मूल्य र आयात मूल्य बराबर छ भने सन्तुलित व्यापार सन्तुलन हुन्छ । आफ्नो देशमा उत्पादन हुन नसकेका वा उत्पादन लागत उच्च हुने वस्तुहरू आयात गरिन्छ र यसबाट पुँजी बर्हिगमन हुन्छ । उत्पादन बढी भएका वा उत्पादन लागत न्यून हुने वस्तुहरू निर्यात गरिन्छ र यसबाट पुँजी आगमन हुन्छ । यसरी दृश्य वस्तुको आयात निर्यात कारोबारमा पुँजीको बर्हिगमन र आगमनबिचको सन्तुलन नै वैदेशिक व्यापार सन्तुलन हो ।

अर्थशास्त्रीहरूले व्यापार सन्तुलनलाई मालसामानहरूको आयात निर्यात मूल्यबिचको अन्तरका रूपमा लिएका छन् । अर्थशास्त्री बेन्हमले एउटा देशको व्यापार सन्तुलन भनेको निश्चित अवधिको आयात मूल्य र निर्यात मूल्यबिचको सम्बन्ध हो भनेका छन् । अतः व्यापार सन्तुलन भन्नाले निश्चित समयमा एउटा देशको आयात र निर्यातबिचको व्यापारिक सम्बन्ध हो जसलाई लेखा प्रणाली मूल्यमा

व्यक्त गरिन्छ । वैदेशिक व्यापारको लेखाङ्कन गर्दा निर्यातलाई क्रेडिट र आयतलाई डेबिट पक्षमा राखिन्छ । नेपाल सरकारले आयात मूल्यलाई लागत, विमा र भाडा (Cost, Insurance and Freight -CIF) अवधारणा र निर्यात मूल्यलाई सीमामा निःशुल्क (Free on Board – FOB) अवधारणाका आधारमा व्यापार सन्तुलनको गणना गर्छ ।

## नेपालको वैदेशिक व्यापार

नेपालको वैदेशिक व्यापारको इतिहास आधुनिक नेपालको भन्दा पुरानो छ । पृथ्वीनारायण शाहको राज्य एकीकरण अभियानभन्दा अघिबाट नै यसको इतिहास सुरु हुन्छ । नेपालको एकीकरण हुनु अघि भारतका उत्तरी क्षेत्रहरूसँग तथा चीनको तिब्बतसँग व्यापार गतिविधिहरू थिए । नेपालको वैदेशिक व्यापारका लागि भारत सुरुदेखि सबैभन्दा ठुलो साझेदार हो भने त्यसपछिको ठुलो साझेदार चीन हो । एक समय नेपालको ९९ प्रतिशतभन्दा बढी व्यापार भारतमा सीमित थियो । वि.सं. २००७ (सन् १९५१) भन्दा अघि नेपालको विदेश व्यापार भारत र चीनबाहेक संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका र फ्रान्समा मात्र सीमित थियो । नेपालका काजी भीम मल्लका पालामा सम्पन्न नेपाल तिब्बत वाणिज्य सम्झौतापछि नेपाली व्यापारीहरू तिब्बत गई व्यापारिक कारोबार गर्दथे ।

| वैदेशिक व्यापारको वृद्धि (प्रचलित मूल्य रु. करोडमा) | | | | |
|---|---|---|---|---|
| विवरण/वर्ष | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| निर्यात | ७३०४.९ | ८१३६.० | ९७११.० | ९७७०.९ |
| आयात | ९९०११.३ | १२४५१०.३ | १४१८५३.५ | ११६९७९.९ |
| व्यापार सन्तुलन | -९१७०६.४ | -११६३७४.३ | -१३२१४२.६ | -१०९९०९.० |
| कुल व्यापार | १०६३१६.२ | १३२६४६.३ | १५१५६४.५ | १२६७५०.९ |
| स्रोत: अर्थ मन्त्रालय, नेपाल सरकार - २०७८ । | | | | |

नेपालको चौथो पञ्चवर्षीय योजना (वि.सं. २०२७-२०३२) ले वैदेशिक व्यापारमा व्यापार विविधीकरणको सिद्धान्त अवलम्बन गरेपछि मात्र नेपालको वैदेशिक व्यापार समुद्रपारका देशहरूसँग हुन थालेको हो र त्यसभन्दा अगाडि नेपालले वैदेशिक व्यापारबाट तुलनात्मक लाभ प्राप्त गर्न सकेको थिएन । नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्थालाई माथि तालिकामा देखाइएको छ ।

## नेपालको वैदेशिक व्यापारमा वृद्धि

पछिल्ला वर्षहरूको इतिहास हेर्दा व्यापारयोग्य वस्तुहरूको लेनदेनबाट व्यापार घाटा सन्तुलनमा बढ्दो प्रवृत्ति देखिन्छ । यो स्थिति निर्यातका आकारमा कमि र आयातको आकारमा वृद्धिको परिणाम हो । पेट्रोलियम पदार्थको आयातमा अधिक खर्चले अधिकांश वर्षमा सामानको निर्यातबाट आर्जन गरेको आम्दानीको तुलनामा नेपाली अर्थतन्त्रको निर्यातको जग कमजोर भएको छ । जसले गर्दा आयातमा बढ्दो निर्भरता छ ।

## व्यापार सन्तुलनमा वृद्धि

नेपालको वैदेशिक व्यापार प्रतिकूल अवस्थामा रहेको छ । आर्थिक वर्ष २०७३/७४ देखी २०७६/७७ सम्म निर्यात वृद्धि हुदै गईरहेको भए तापनि यो वृद्धिदर व्यापार घाटा कम गर्न पर्याप्त छैन । आ.व. २०७३/७४ देखि २०७५/७६ सम्म आयात निरन्तर वृद्धि भएर व्यापार घाटा पनि वृद्धि भइरहेको छ । आ.व. २०७५/७६ मा आयात कम भएर व्यापार घाटा केही न्यून भएको देखिए तापनि यो अल्पकालीन प्रवृत्ति मात्र हो । कोभिड महामारीका कारणले उक्त आ.व.मा आयातमा सङ्कुचन आएका कारणले व्यापार घाटामा केही सुधार देखिएको हो ।

## नेपालको वैदेशिक व्यापारको संरचना

व्यापार संरचनामा आयात र निर्यात गरिने वस्तुका प्रकारहरू र कारोबारको रकम समावेश गरिन्छ । कति मूल्यमा कुन प्रकारका वस्तुहरू विदेशी बजारमा बेचिएको हो र कति मूल्यमा खरिद गरिएको हो सोको विवरण नै व्यापार संरचना हो । नेपाले निर्यात गर्ने वस्तुका प्रकारहरूको सङ्ख्या सानो छ भने आयात गर्ने वस्तुका प्रकारहरूको सङ्ख्या ठुलो छ । वस्तुगत आधारमा नेपालले निर्यात गर्ने प्रमुख वस्तुहरू जस्तापाता, पोलिस्टर यार्न, जुटका सामान, उनी, गलैँचा, दाल, तयारी पोसाक, अलैँची, जुत्ता तथा चप्पल, प्रशोधित छाला, रोजिन, चाउचाउ, चिनी, चिया आदि हुन भने आयात गर्ने वस्तुहरू पेट्रोलियम पदार्थ, तयारी पोसाक, पार्टपुर्जा, विद्युतीय सामान, सञ्चार उपकरण, स्वास्थ्य उपकरण, यातायातका साधन, धातु र धातुबाट बनेका सामान आदि हुन् ।

**वस्तुगत वैदेशिक व्यापार संरचना (रु. करोडमा)**

| SITC (Standard International Trade Classification) समूह | २०७५/७६ | | २०७६/७७ | |
|---|---|---|---|---|
| | निर्यात | आयात | निर्यात | आयात |
| खाद्य वस्तु तथा जीवजन्तु | ११९५.० | १६१५८.६ | १६८७.९ | १६६०२.९ |
| सुर्ती तथा पेय पदार्थ | २५.४ | ८७४.१ | १८.५ | ६४१.१ |
| अप्रशोधित पदार्थ र अखाद्य वस्तुहरू | ४५१.७ | ५०९७.० | ३४६.० | ४५८१.९ |
| खनिज इन्धन र चिल्लो पदार्थहरू | ०.१ | २५३९६.७ | ०.० | १९४७७.२ |
| जीवजन्तु तथा वनस्पतिको तेल तथा बोसो | १२९४.९ | ३६०८.६ | ३११९.७ | ४९३४.३ |
| रसायन तथा औषधी | ४३५.६ | १४२३८.४ | ४०१.९ | १३४१७.६ |
| वर्गीकृत तयारी वस्तुहरू | ४०४७.० | ३१११०.४ | ३१०२.६ | २४०६७.१ |
| यातायात तथा यान्त्रिक उपकरणहरू | ८२.४ | ३२४३२.९ | ९३.७ | २६४३२.१ |
| विविध तयारी वस्तुहरू | १३७८.३ | ९४७३.१ | १००००.७ | ८१६१.६ |
| वर्गीकृत नभएका वस्तुहरू | ०.६ | ३४६३.८ | ०.० | १३६४.० |
| कुल | ९७११.० | १४१८५३.५ | ९७७०.९ | ११९६७९.९ |
| स्रोत: अर्थ मन्त्रालय, नेपाल सरकार | | | | |

## नेपालको वैदेशिक व्यापारको दिशा

वैदेशिक व्यापारको दिशा भन्नाले नेपालले वस्तु निर्यात र आयात गर्ने देशहरू भन्ने बुझिन्छ । अर्को शब्दमा वैदेशिक व्यापारको दिशा भनेको निर्यातको गन्तव्य र आयातको स्रोत हो । नेपालको वैदेशिक व्यापार धेरै हदसम्म भारत केन्द्रित छ । कुल आयत तथा निर्यात दुवैमा भारतसँगको अंश झण्डै दुईतिहाइ छ । भारत पछिको नेपालको वैदेशिक व्यापारको दोस्रो ठुलो साझेदार चीन हो । पछिल्लो समय भारत र चीनबाहेक विश्वका अन्य देशहरूसँग नेपालको व्यापारिक सम्बन्ध क्रमशः विस्तार भइरहेको छ ।

**नेपालको वैदेशिक व्यापारको दिशा**

| कुल व्यापारमा अंश (%) | २०७५/७६ | | २०७६/७७ | |
|---|---|---|---|---|
| | आयात | निर्यात | आयात | निर्यात |
| भारत | ६३.५ | ६३.५ | ६४.९ | ६२.२ |
| चीन | १३.९ | १२.१ | १२.२ | १४.१ |
| अन्य मुलुकहरू | २४.६ | २४.४ | २२.९ | २३.७ |

स्रोतः अर्थ मन्त्रालय, नेपाल सरकार ।

सन् १९६० सम्म नेपालको निर्यात र आयात व्यापार भारतसँग केन्द्रित थियो । वि.सं. २०२१ सालमा नेपालको कुल वैदेशिक व्यापारको ९० प्रतिशत कारोबार भारतसँग मात्र हुने गरेको थियो । यो कारोबार वि.सं. २०३२ सालमा ८२.१ प्रतिशत, वि.सं. २०५१ मा २७.४ प्रतिशत र वि.सं. २०५४ मा २६.४१ प्रतिशतमा झरेको थियो । आर्थिक वर्ष २०५६/५७ देखि पेट्रोलियम पदार्थको आयातलाई भारततर्फको व्यापारमा हिसाब गर्न थालेपछि भारतसँगको कारोबार बढ्न थालेको हो । वैदेशिक व्यापारको दिशालाई माथि तालिकामा देखाइएको छ ।

### क्रियाकलाप

(क) तपाईँ बसोबास गर्ने स्थानीय क्षेत्रका व्यापारी वा उद्यमी वा बुद्धिजीवीसँग भेटघाट तथा छलफल गरी उक्त क्षेत्रमा कृषि तथा वनसँग सम्बन्धित कच्चा पदार्थबाट वस्तुको उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिने सम्भावना भएका वस्तुहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### १. तल दिइएका प्रश्नका उत्तर दिनुहोस् :

(क) वैदेशिक व्यापार भनेको के हो ?

(ख) व्यापार सन्तुलनलाई परिभाषित गर्नुहोस् ।

(ग) बचत व्यापार भनेको के हो ?

(घ) व्यापार घाटालाई परिभाषित गर्नुहोस् ।

(ङ) नेपालको वैदेशिक व्यापारका ऐतिहासिक तथ्यहरू उल्लेख गर्नुहोस् ।

(च) नेपालको वैदेशिक व्यापारका वृद्धिको पुनरवलोकन गर्नुहोस् ।

(छ) नेपालको वैदेशिक व्यापारको दिशालाई समीक्षा गर्नुहोस् ।

(ज) नेपालको वैदेशिक व्यापारको संरचना उल्लेख गर्नुहोस् ।

पाठ : ५

# नेपालको वैदेशिक रोजगार नीति

## परिचय

**श्रमशक्ति** : सामान्य भाषामा शारीरिक रूपमा काम गर्ने व्यक्ति (श्रमिक) र उक्त व्यक्तिको मिहिनेतलाई श्रम भनिन्छ । अर्थशास्त्रमा शारीरिक वा मानसिक रूपमा आर्थिक उपार्जनको उद्देश्यले काम गर्ने व्यक्ति (श्रमिक) र उसको कार्य वा मिहिनेतलाई नै श्रमका रूपमा लिइन्छ । उदाहरणका लागि यदि कुनै भरिया वा डाक्टर वा प्राध्यापक वा अफिसर वा गायकले आर्थिक उपार्जनको उद्देश्यले कार्य गरेका छन् भने ती सबै श्रमिक हुन् र ती सबैको मिहिनेत श्रम हो । अर्थशास्त्रमा धन कमाउने उद्देश्यसँग सम्बन्धित नभएका वा निःशुल्क गरिएका कामलाई श्रम भनिदैन । उदाहरणका लागि कुनै गायकले आफ्नो आनन्दका लागि गीत गाउँछ भने उसको गीत गाउने कामलाई श्रम भनिँदैन । सोही गायकले पारिश्रमिक लिएर गीत गाउँछ भने त्यो कामलाई श्रम भनिन्छ । त्यसैले मानिसले धन आर्जनका लागि गर्ने प्रयास वा काम नै श्रम हो ।

**रोजगारी र बेरोजगारी** : रोजगारी बेरोजगारीको विपरीतार्थक शब्द हो । राज्यको मापदण्डअनुसार कामगर्ने उमेर पुगेका व्यक्तिले र वैधानिक कार्य गरी भुक्तानी प्राप्त गर्नु हो । रोजगारी र यस्तो कार्यबाट वञ्चित हुनुलाई बेरोजगारी भनिन्छ । रोजगारदाताबाट तलब पाउने गरी काम गर्ने, आफ्नै वा पारिवारिक व्यापार व्यवसायमा काम गर्ने र विविध कारणले स्वबिदामा बसेका रोजगार हुन् । कामको योग्यता तथा सिप भएका तर एक महिनादेखि काम भएका ठाउँमा काम खोज्दा नपाएका र अन्तिम योग्यता परीक्षा दिएर बसेका बेरोजगार हुन् । रोजगार पनि नभएका र बेरोजगारीमा पनि नपर्नेहरूमा कामका लागि तोकिएभन्दा कम वा बढी उमेर भएका, पूर्णकालीन विद्यार्थी, घरायसी कार्यमा व्यस्त रहनेहरू र अवकाश प्राप्त व्यक्तिहरू पर्छन् र यिनीहरूलाई श्रमशक्ति नै मानिदैन ।

**वैदेशिक रोजगार** : एक देशबाट अर्को देशमा गई काम गर्नुलाई वैदेशिक रोजगार भनिन्छ । योग्यता तथा सिप भएका काम गर्न योग्य उमेर समूहका महिला तथा पुरुषहरू एक देशबाट अर्को देशमा गएर काम गर्नु वैदेशिक रोजगार हो । यसले विदेशी पुँजीलाई आन्तरिक प्रवाहमा वृद्धि गर्न सहयोग गर्छ भने देशको बेरोजगारी समस्यालाई अल्पकालका लागि केही हदसम्म कम गर्छ ।

## नेपालको वैदेशिक रोजगारसम्बन्धी नीति

नेपालमा वैदेशिक रोजगार ऐन, २०६४ दोस्रो संशोधन २०७५ ले वैदेशिक रोजगारका सम्बन्धमा नीतिगत व्यवस्था गरेको छ । यसै ऐनका आधारमा नेपालको पन्ध्रौं योजनाले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने उद्देश्य लिएको छ । यसका साथै यस योजनाले वैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने रणनीति तय गरेको

छ । त्यसैगरी यस योजनाका प्रमुख कार्यनीतिहरू यसप्रकार रहेका छन् :

१. नेपाली श्रमिकहरूको हकहितको संरक्षण र सामाजिक सुरक्षका लागि श्रम कूटनीति अवलम्बन गर्ने

२. विदेशमा रहेका सेवा प्रदायक संस्था, गैरआवासीय तथा प्रवासी नेपाली सङ्घ सङ्गठन र रोजगारदाता कम्पनीसँग समन्वय गरी कार्य गर्ने

३. वैदेशिक रोजगार परिषद्को स्थापना गरी प्रभावकारी कार्य गर्ने

४. भारतमा रोजगारीका लागि जाने कामदारलाई परिचयपत्र जारी गर्ने र बिमा/कल्याणकारी कोषमा आबद्ध गराउने कानुनी व्यवस्थाको कार्यान्वयन गर्ने

५. वैदेशिक रोजगारका लागि जानेहरूको पूर्व अभिलेख राख्ने र सबैखाले विकृतिहरूको कडाइका साथ नियन्त्रण गर्ने

नेपालमा वैदेशिक रोजगार ऐन २०६४ दोस्रो संशोधन २०७५ ले वैदेशिक रोजगारका सम्बन्धमा गरेका नीतिगत व्यवस्थाहरूलाई यसप्रकार उल्लेख गरिएको छ :

१. नेपाल सरकारले वैदेशिक रोजगारमा जान पाउने मुलुक तोक्नुपर्ने र ती मुलुकसँग द्विपक्षीय सम्झौता गर्नुपर्ने छ ।

२. वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिनुपर्ने र व्यक्तिलाई वैदेशिक रोजगारमा पठाउनु पूर्व श्रम विभागबाट स्वीकृति लिनुपर्ने छ । साथै वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थल प्रयोग गर्नुपर्ने छ ।

३. कामदार छनोट गर्दा १५ दिनको सूचना प्रकाशन गर्नुपर्ने र निवेदकको नाम सूचना पाटीमा टाँस गर्नुपर्ने छ ।

४. वैदेशिक रोजगारका लागि विना लैङ्गिक विभेद आठार वर्ष उमेर पुगेकालाई खुला प्रतिस्पर्धाबाट छनोट गर्नुपर्ने छ ।

५. वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्ने छ ।

६. विभागबाट स्वीकृति लिई कुनै पनि व्यक्ति निजी प्रक्रियाबाट वैदेशिक रोजगारमा जान सक्ने छ ।

७. सम्झौता बमोजिम वैदेशिक रोजगारी नभएमा कामदारले विद्युतीय माध्यमबाट वा सोझै श्रम विभाग वा जिल्ला प्रशासन कार्यलयमा उजुरी गर्न सक्ने छ ।

८. न. ७ अनुसारका उजुरी पर्न आएमा र उजुरी मनासिब देखिएमा इजाजतपत्रवालाले खर्चको क्षतिपूर्ति भर्नुपर्ने छ ।

९. विदेशमा रहेका कामदारले सम्बन्धित मुलुक हेर्ने नेपाली कूटनीतिक नियोगबाट बढीमा दुई पटक श्रम स्वीकृति लिनसक्ने छ ।

१०. कामदारलाई वैदेशिक रोजगारमा पठाउनुअघि इजाजतपत्रवालाले कामदारको करार अवधिभर कायम रहने गरी कम्तीमा पाँच लाख रुपियाँको बिमा गराउनुपर्ने छ ।

११. वैदेशिक रोजगारमा जानुअघि विभागले तोकेअनुसार अभिमुखीकरण तथा आवश्यक तालिम लिनुपर्ने छ ।

१२. इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा वैदेशिक रोजगारका लागि झुटो आश्वासन वा प्रलोभन देखाएमा वा यसरी रकम लिएमा यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रुपियाँदेखि पाँच लाख रुपियाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने छ । विदेश पठाइ नसकेको भए सो सजायको आधा सजाय हुने छ ।

## क्रियाकलापहरु

(क) **तपाईंको आफ्नो घरपरिवारबाट वा छिमेकबाट वा वस्तीबाट वैदेशिक रोजगारमा गई हाल स्वदेशमा फर्किएका व्यक्तिहरूसँग भेटघाट गरी वैदेशिक रोजगारमा रहादाका सकारात्मक तथा नकारात्मक पक्षमा कुराकानी तथा छलफल गर्नुहोस् । उक्त छलफलबाट प्राप्त निष्कर्ष र नेपाल सरकारको वैदेशिक रोजगार नीतिका बिचमा देखिएका बेमेल तथा नीतिमा देखिएका कमजोरीउपर कक्षामा छलफल गर्नुहोस् ।**

(ख) **'वैदेशिक रोजगारी रहर नभई बाध्यता हो' भन्ने विषयमा सहमती वा असहमतीका बुँदाहरू सङ्कलन गर्नुहोस् र कक्षामा बहस गर्नुहोस् ।**

## अभ्यास

### १. तल दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) श्रम भनेको के हो, अर्थ लेख्नुहोस् ।

(ख) रोजगारी र वेरोजगारीमा भिन्नता छुट्याउनुहोस् ।

(ग) वैदेशिक रोजगारलाई परिभाषित गर्नुहोस् ।

(घ) नेपालको पन्ध्रौं आवधिक योजनाले तय गरेका वैदेशिक रोजगारका कार्यनीतिहरू उल्लेख गर्नुहोस् ।

(ङ) वैदेशिक रोजगार ऐन २०६४ दोस्रो संशोधन २०७५ ले वैदेशिक रोजगारका सम्बन्धमा गरेका मुख्य मुख्य व्यवस्था उल्लेख गर्नुहोस् ।

पाठ : ६

# आर्थिक वृद्धि, मानव विकास तथा दिगो विकास अवधारणा

## आर्थिक वृद्धिको अर्थ

सामान्य अर्थमा वृद्धि भनेको आकार वा परिमाणमा थप हुनु हो । यसलाई भौतिक परिवर्तनको अवस्थाका रूपमा पनि बुझ्न सकिन्छ । वृद्धिलाई परिमाणात्मक रूपमा मापन गर्न सकिन्छ । उदाहरणका लागि जब मानिस जन्मिन्छ तब निश्चित उमेरसम्म उसको शारीरिक उचाइ तथा मोटाइमा परिवर्तन हुन्छ त्यसलाई वृद्धि भनिन्छ । आर्थिक वृद्धि भनेको कुल राष्ट्रिय आय बढ्नु हो । यसलाई व्यापक अर्थमा भन्दा कुल राष्ट्रिय आय, कुल उत्पादन, कुल रोजगार, कुल उपभोग, कुल बजार माग, कुल निर्यात, कुल बचत, कुल लगानी आदिको आकारमा वृद्धि हुनु हो । आर्थिक वृद्धिको वास्तविक अर्थ बुझ्नका लागि निम्नलिखित तीन तत्त्वको ज्ञान हुनु आवश्यक मानिन्छ ।

### १. प्रक्रिया

आर्थिक वृद्धिलाई एउटा प्रक्रियाका रूपमा लिइन्छ जसले सामाजिक, प्राविधिक तथा आर्थिक शक्तिहरूमा परिवर्तनको शृङ्खलालाई सङ्केत गर्छ र ती शक्तिहरू आर्थिक विकासको गति द्रुत बनाउन उपयोगी मानिन्छन् । त्यसकारण, प्रक्रिया भनेको परिवर्तनसँग सम्बन्धित एक लामो शृङ्खला हो जसले वास्तविक राष्ट्रिय आयलाई लामो समयसम्म वृद्धितर्फ लैजान्छ ।

### २. वास्तविक राष्ट्रिय आय

राष्ट्रिय आय कुनै अर्थव्यवस्थाले एक वित्तीय वर्षमा उत्पादन गरेको सम्पूर्ण वस्तु तथा सेवा मौद्रिक मूल्य हो । यो कुनै पनि देशको आर्थिक गतिविधिहरूको परिणाम हो र यसलाई मुद्रामा व्यक्त गरिन्छ । वास्तविक राष्ट्रिय आय भनेको स्थिर मूल्यमा मापन वा व्यक्त गरिएको राष्ट्रिय आय हो । वास्तविक राष्ट्रिय आय वृद्धि हुन देशको उत्पादनशील क्षमता नै वृद्धि हुनुपर्दछ ।

### ३. दीर्घकाल

दीर्घकाल भनेको लामो समय अवधि हो । वास्तविक राष्ट्रिय आय अल्पकालमा वृद्धि भएर मात्र हुँदैन् । यो त लामो समयसम्म निरन्तर रूपमा वृद्धि हुनुपर्छ ।

आर्थिक वृद्धि भनेको आर्थिक विकासको एक अंश मात्र हो । त्यसैले यसलाई विकासको तुलनामा सङ्कुचित अवधारणा मानिन्छ । कुल गार्हस्थ्य उत्पादन, राष्ट्रिय आय तथा प्रतिव्यक्ति आय उच्च हुनु, गरिबी तथा आय असमानतामा कमी हुनु, मानव कल्याणमा वृद्धि हुनु र प्राकृतिक तथा मानव संसाधनको उचित परिचालन गरी रोजगारी सिर्जना गर्नु आर्थिक विकास हो । आर्थिक वृद्धि यो एउटा प्रक्रिया हो । जसअन्तर्गत परम्परागत र नियमित पद्धतिअनुसार वास्तविक राष्ट्रिय आय वा उत्पादनमा दीर्घकालसम्म वृद्धि भइरहन्छ । तर यस्तो वृद्धि सधैँ धनात्मक मात्र हुन्छ भन्न सकिँदैन । कहिलेकाहीँ ऋणात्मक पनि हुने गर्छ ।

## नेपालको आर्थिक वृद्धि

अतिकम विकसित तथा विकासशिल देशहरूका लागि आर्थिक वृद्धिभन्दा आर्थिक विकासको आवश्यकता धेरै हुन्छ । सन् २०२० को सुरुआतदेखि वैश्विक महामारीको रूपमा कोभिड १९ भाइरसले विश्वका मानव जातिहरू तथा विश्वको आर्थिक क्षेत्रमा ठुलो सङ्कट उत्पन्न गरेको छ । विश्वका आर्थिक क्रियाकलापमा सुस्तता आएसँगै नेपालमा पनि त्यसको प्रभाव प्रत्यक्ष परेको छ । यसबाट अर्थतन्त्रका विभिन्न क्षेत्रहरू जस्तै: उत्पादन, वितरण, श्रम बजार, पर्यटन आदि प्रत्यक्ष प्रभावित भएका छन् । फलस्वरूप, बेरोजगारी, गरिबी र असमानतामा वृद्धि भएको छ ।

| नेपालको आर्थिक वृद्धिदर | |
|---|---|
| आर्थिक वर्ष | वृद्धिदर (प्रतिशतमा) |
| २०७३/७४ | ८.६ |
| २०७४/७५ | ७.४ |
| २०७५/७६ | ६.४ |
| २०७६/७७ | -२.१ |
| स्रोत: अर्थ मन्त्रालय - २०७८ । | |

नेपालको आर्थिक वृद्धि पछिल्लो दुई दशकमै पहिलोपटक आर्थिक वर्ष २०७६/७७ मा २.१२ प्रतिशतले ऋणात्मक भएको थियो । नेपालको विगत चार वर्षको यर्थाथ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) को वृद्धिदरलाई तालिकामा देखाइएको छ ।

## मानव विकासको अर्थ

सामान्य अर्थमा मानव विकास भनेको मानिसको सर्वाङ्गीण विकास हो । मानिसलाई जन्मदेखि मृत्युसम्म सफल जीवनयापनका लागि आवश्यक पर्ने सम्पूर्ण कुराको प्राप्ति हुनु नै मानव विकास हो । मानिसलाई उसको जीवनमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सभ्य समाज, स्वच्छ वातावरण, विभिन्न प्रकारका अधिकारहरू, पौष्टिक खानेकुरा, सुविधायुक्त वासस्थान, गुणस्तरीय पहिरन, धर्म, संस्कृति, मनोरञ्जन, भ्रमण तथा यात्रा, शान्ति तथा सुरक्षा, स्नेह तथा सम्मान, स्वतन्त्रता आदि कुराको आवश्यकता पर्छ । यी सबै कुरा राज्यले व्यक्तिमा वितरण गर्ने नभई व्यक्ति स्वयम् प्राप्त गर्न सक्षम बन्नु हो । त्यसैले मानव विकासलाई मानिसको स्वतन्त्रता र अवसरमा वृद्धि गरी उनीहरूको कल्याणमा सुधार गर्ने प्रक्रियाका रूपमा परिभाषित गरिएको छ ।

सन् १९५० को दशकमा मानव विकासलाई आर्थिक समृद्धिसँग जोडेर परिभाषित गरेको पाइन्छ । सन् २०२० को संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) काअनुसार,"मानव विकास भनेको मानवीय जीवनको समृद्धिमा वृद्धि गर्नु हो, न कि केवल त्यो अर्थ व्यवस्थाको समृद्धिका बारेमा जसमा उनीहरू बसिरहेका छन् । यो एउटा अवधारणा हो जुन जनता र उनीहरूको अवसर र छनोटमा केन्द्रित हुन्छ" । त्यसैले यदि साधनहरूको छनोटमा मानिसको पहुँच छैन भने अन्य अवसरहरू (राजनीतिक, आर्थिक, सामाजिक, स्वतन्त्रता, आदि) मा पनि पहुँच पुगेको छैन भन्ने अर्थ लगाउन सकिन्छ । मानव विकासलाई दुई पक्षबाट हेर्न सकिन्छ । पहिलो: मानव क्षमताको निर्माण जस्तै: स्वास्थ्य, ज्ञान र सिपमा सुधार र दोस्रो: उनीहरूले प्राप्त गरेको क्षमता उत्पादन, फुर्सदको समय, सामाजिक सांस्कृतिक र राजनीतिक क्षेत्रमा उपयोग ।

मानव विकासका दुई पक्षहरू

क्षमताको निर्माण

क्षमताको सदुपयोग

UNDP काअनुसार विकास सबै मानिसका लागि हुनुपर्छ, विकासका वरिपरि रहेकालाई मात्र होइन । विकास जनताको, जनताद्वारा र जनताका लागि हुनुपर्छ । लैङ्गिक दृष्टिकोणबाट मानव विकासलाई हेर्दा चार पक्षहरू जस्तै: उत्पादकत्वमा वृद्धि, समता (समान अवसर), समतामा दिगोपना र शसक्तीकरण (निर्णयमा सहभागिता) मा विकास भएको हुनुपर्छ ।

### मानव विकास सूचक

UNDP ले सन् १९९० मा मानव विकासको मापनका लागि तीन सूचकाङ्कहरूको निर्माण गरेको थियो । ती सूचकाङ्कहरू (१) राम्रो जीवनका लागि आम्दानी (Income for Decent Living), (२) शिक्षा र (३) जीवन प्रत्याशा (Life Expectancy) । UNDP को मानव विकास प्रतिवेदन (२०२०) ले HDI को मापनमा ग्रह दबाव (Planetary Pressure) लाई समावेश गर्नुपर्ने बताएको छ । यसलाई ग्रह दबाव समायोजित मानव विकास सूचक (Planetary pressures-adjusted HDI) नाम दिइएको छ । जसलाई छोटकरीमा PHDI भनिन्छ । PHDI को गणना गर्दा HDI मा ग्रहमा दवाव सूचकाङ्क (Pressure on the Planet Indicator) लाई थप गरिन्छ । पृथ्वी एउटा ग्रह हो । पृथ्वीलगायत अन्य ग्रहहरूमा मानव क्रियाकलापबाट विभिन्न प्रकारका कार्बन डाइअक्साइड जस्ता ग्याँसको उत्पादनबाट दवाव सिर्जना भएको छ । यसले अन्तत: मानव विकासमा नै समस्या उत्पन्न गरेको छ ।

| लैङ्गिक दृष्टिकोणबाट मानव विकास |
|---|
| उत्पादकत्वमा वृद्धि |
| समता (समान अवसर) |
| समतामा दिगोपना |
| सशक्तीकरण (निर्णयमा सहभागिता) |

सन् २०२० को प्रतिवेदनले संसारका सबै राष्ट्रहरूलाई मानव विकासको सूचकका आधारमा चार भागमा विभाजन गरेको छ । अर्थात् मानव विकासको सूचकलाई ० देखि १ को स्केलमा राखिन्छ । यदि कुनै देशको मानव विकासको सूचकको मान ०.८०० देखि १ सम्म छ भने अति उच्च मानव विकास, ०.७०० देखि ०.७९९ सम्म छ भने उच्च मानव विकास, ०.५५१ देखि ०.६९९ सम्म छ भने मध्यम मानव विकास र ०.५५० भन्दा कम छ भने न्यून मानव विकास भएको मानिन्छ । यसले देशका नागरिकहरूको गुणस्तरीय जीवनलाई पनि सङ्केत गर्छ । मानव विकास सूचकले मानिसको जीवनको भौतिकलगायत सबै प्रकारको गुणका बारेमा व्यक्त गर्दछ । मानव विकास सूचाङ्क निकाल्न प्रत्येक सूचकको अधिकतम् र न्यूनतम अङ्क थाहा हुनुपर्दछ । यी अङ्क संयुक्त राष्ट्र सङ्घले सबैका लागि सार्वजनिक गरेको हुन्छ । मानव विकास सूचकले देशको साधन र स्रोतलाई आय प्राप्त गर्ने, शिक्षा प्राप्त गर्ने र उच्च आयु प्राप्त गर्ने कार्यमा लगाउन प्रोत्साहन गर्ने भएकाले देशको आर्थिक विकास वृद्धि हुने देखिन्छ । मानिसका लागि आवश्यक पर्ने महत्त्वपूर्ण पक्ष भनेको आम्दानी हो । त्यसका साथसाथै शिक्षा, राम्रो आयु र स्वच्छ वातावरण पनि हुन् ।

UNDP को मानव विकास प्रतिवेदन (२०२०) काअनुसार संसारमा मानव विकास उच्च भएको देश नर्वे हो । जसको मानव विकास सूचक ०.९५७ छ । नेपालको मानव विकास सूचक ०.६०२ छ । विश्वमा मानव विकासको स्तरमा नेपाल १४२[औं] स्थानमा रहेको छ र नेपाल मध्यम मानव विकास भएको देशभित्र पर्छ ।

## दिगो विकासको अर्थ

दिगो विकास भनेको आफैँमा धानिन सक्ने विकास प्रक्रिया हो । यसले भावी पुस्ताले पनि विकासका प्रतिफल निरन्तर उपभोग गर्ने प्रक्रियालाई सुनिश्चित गर्छ । दिगो विकासअन्तर्गत देशभित्र उपलब्ध प्राकृतिक साधन तथा स्रोतहरूको अधिकतम् परिचालन गरिन्छ । यसका साथसाथै ती साधन तथा स्रोतहरूको संरक्षण पनि गरिन्छ । यस प्रक्रियाबाट बजारमा हुने साधनको माग र पूर्तिकाबिचमा सन्तुलन कायम गर्ने प्रयास गरिन्छ । प्रकृतिले दिएको सुन्दर संरचना र यसको आफ्नै नियम आफैँमा व्यवस्थित छ । त्यसैले प्राकृतिक वातावरण र विकासबिच अन्योन्याश्रित सम्बन्ध स्थापित गर्दै विकास कार्यलाई सञ्चालन गर्दा उक्त विकास लामो समयसम्म टिकाउ हुन पुग्छ । प्रकृतिले मानव जातिसहित सिङ्गो प्राणी जगत्लाई आवश्यक पर्ने प्राकृतिक स्रोत उपलब्ध गराउने र जैविक चक्रलाई निरन्तरता दिने कार्य गरिरहेको छ । यसबाट एकातिर मानवीय आवश्यकता पूरा गर्न उत्पादन, आपूर्ति र उपभोगलाई सन्तुलमा राख्नेर अर्कोतर्फ प्राकृतिक नियम र यसको वास्तविक स्वरूपलाई जीवन्त राख्दै गरिने विकासलाई दिगो विकास भनिन्छ ।

## दिगो विकासका लक्ष्यहरू



दिगो विकासका आयामहरू

सन् २०१५ को संयुक्तराष्ट्र सङ्घको ७०^औं^ शिखर सम्मेलनमा विश्वका १९३ सदस्य देशहरूले सन् २०३० सम्ममा गरिबी र यसका सबै आयामलाई समाप्त गर्ने र सबै मानिस हामी बसोबास गरिरहेको ग्रह (पृथ्वी) र सबैको समृद्धिका लागि एउटा समान, न्यायसङ्गत र सुरक्षित विश्व बनाउन १७ ओटा दिगो विकास लक्ष्यहरू, १६९ परिमाणात्मक लक्ष्य र २३२ ओटा सूचकमा हस्ताक्षर गरी जनवरी १, २०१६ देखि कार्यान्वयन गर्दै आएका छन् । दिगो विकास अवधारणाको सम्बन्ध प्रत्यक्ष रूपमा वातावरणसँग जोडिएको थियो । पछि यसलाई मुख्य तीन पक्ष/आयाममा सङ्गठित गरिएको थियो । ती पक्ष/आयामहरू आर्थिक विकास, सामाजिक विकास र वातावरण संरक्षण हुन् । उक्त शिखर सम्मेलनको एजेन्डा "हाम्रो विश्वको रूपान्तरण : दिगो विकासका लागि २०३० एजेन्डा (Transforming Our World: The 2030 Agenda for Sustainable Development)" थियो ।

| | | |
|---|---|---|
| १७ लक्ष्यहरू<br><br>गरिबीको अन्त्य<br>भोकमरीको अन्त्य<br>स्वस्थ र समृद्ध जीवन<br>गुणस्तरीय शिक्षा<br>लैङ्गिक समानता | स्वच्छ पानी तथा सरसफाइ<br>उर्जामा सहज पहुँच<br>मर्यादित रोजगार र आर्थिक वृद्धि<br>उद्योग, पूर्वाधार र नवीन सिर्जना<br>असमानता न्यूनीकरण<br>दिगो सहर र समुदायहरू | जिम्मेवारपूर्ण उपभोग र उत्पादन<br>जलवायु परिवर्तनमा तत्काल पहल<br>जलमुनिको जैविक विविधताको संरक्षण<br>जलमाथिको जैविक विविधताको संरक्षण<br>शान्ति, न्याय र सशक्त निकाय<br>लक्ष्य प्राप्तिका लागि साझेदारी |

यस एजेन्डाभित्र १७ ओटा लक्ष्यहरू निर्धारण गरिएका छन् । ती लक्ष्यहरूको छोटकरी स्वरूपलाई वक्समा देखाइएको छ भने ती लक्ष्यहरू (१) सबै ठाउँबाट सबै किसिमका गरिबीको अन्त्य गर्ने (२) भोकमरीको अन्त्य गर्ने (३) सबैलाई स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने (४) सबैलाई समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने, (५) लैङ्गिक समानता हासिल गर्ने, (६) सबैका लागि स्वच्छ पानीको सुनिश्चिता गर्ने (७) उर्जामा पहुँचको सुनिश्चितता गर्ने (८) दिगो आर्थिक वृद्धि, रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने (९) पूर्वाधार तथा दिगो औद्योगीकरणको प्रवर्धन गर्ने (१०) मुलुकभित्र तथा मुलुकहरूबिचको असमानता हटाउने ११) मानव बसोबासलाई समावेशी, सुरक्षित र दिगो बनाउने, (१२) उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने (१३) जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने १४) महासागर, समुद्र र समुद्री स्रोतको दिगो प्रयोग तथा संरक्षण गर्ने (१५) पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयागको प्रवर्धन गर्ने १६) जवाफदेही, न्याय तथा शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने (१७) विश्वव्यापी साझेदारी सशक्त बनाउने रहेका छन् ।

दिगो विकास यी १७ ओटा लक्ष्यका आधारमा दिगो विकासका पाँच स्तम्भहरू तय गरिएको छ । ती स्तम्भहरू पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारी हुन् ।

### नेपाल र दिगो विकासका लक्ष्यहरू

नेपाल सरकारले चौधौँ योजनादेखि नै दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ । सोअनुसार आयवृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सो बमोजिम समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा हासिल हुने गरी सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । नेपाल सरकारले नेपालको वस्तुगत यथार्थतालाई समेट्न २३२ ओटा सूचकमा २४७ ओटा सूचकहरू थप गरी ४७९ सूचकहरू निर्धारण गरेको छ ।

दिगो विकास लक्ष्यको कार्यान्वयन गर्न नेपाललाई सन् २०३० सम्मका लागि वार्षिक औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यो रकममा वार्षिक करिब औसत रु. ५ खर्ब ८५ अर्ब नपुग रहेको छ, जसमा सरकारका तर्फबाट रु. २.१८ खर्ब र निजी क्षेत्रबाट रु. ३.६६ खर्ब थप जुटाउनुपर्ने अवस्था छ। दिगो विकासलाई मध्यनजर गर्दै नेपाल सरकारले जनस्वास्थ्य, पशुस्वास्थ्य र वातावरणीय स्वास्थ्यबिच सन्तुलन कायम गर्न स्वास्थ्य रणनीति कार्यान्वयनमा ल्याएको छ । यसका साथै नेपाल सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, उन्नत बिउबिजन कार्यक्रम, चक्लाबन्दी खेती कार्यक्रम, सिँचाइ आयोजनाहरू, कृषि प्रयोगशाला सेवा कार्यक्रम आदि कार्यान्वयनमा ल्याएको छ ।

उद्योग क्षेत्रलाई व्यवस्थित गर्नका लागि विशेष आर्थिक क्षेत्र ऐन जारी गरी विभिन्न कार्यक्रमहरू

सञ्चालनमा ल्याएको छ । सहरी विकास कार्यक्रमअन्तर्गत घरपरिवारबाट उत्पन्न हुने फोहोर व्यवस्थापनका लागि सरकारले भू-इन्जिनियरिङ तथा भू-वातावरणीय कार्यक्रम, जनता आवास कार्यक्रम, सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनमा ल्याएको छ । वातावरण तथा जलवायु परिवर्तनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका छन् । नेपाल सरकारले जलवायु परिवर्तनका जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यअनुरूप राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, जलवायु उत्थानशील विकास योजना, कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम, सौर्य उर्जा कार्यक्रम, सुधारिएको चुल्हो कार्यक्रम, वायु प्रदुषणका बारेमा सर्वसाधारण नागरिकलाई सूचना प्रवाह गर्न Air Quality Data Display Board को स्थापना गरी कार्यान्वयन गरेको छ ।

## *क्रियाकलाप*

(क) नेपालले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कस्ता कस्ता चुनौतीहरूको सामना गर्नुपर्ला भन्ने सम्बन्धमा स्थानीय अधिकारीहरू वा शिक्षकहरू वा जनप्रतिनिधिहरू, राजनीतिकर्मीहरू तथा स्थानीय बुद्धिजीविहरूसँग भेटघाट गरी छलफल गर्नुहोस् । उक्त छलफलबाट प्राप्त नतिजा कक्षामा प्रस्तुत गर्नुहोस् ।

## *अभ्यास*

### १. तल दिइएका प्रश्नका उत्तर दिनुहोस् :

(क) आर्थिक वृद्धिको अर्थ लेख्नुहोस् ।

(ख) आर्थिक विकास भनेको के हो ? उल्लेख गर्नुहोस् ।

(ग) कुनै तीन वर्षको नेपालको आर्थिक वृद्धिदर उल्लेख गर्नुहोस् ।

(घ) मानव विकासलाई परिभाषित गर्नुहोस् ।

(ङ) मानव विकास भनेको के हो, यसका सूचकाङ्कहरूको व्याख्या गर्नुहोस् ।

(च) दिगो विकास भनेको के हो ? यसका तीन आयामहरूको चर्चा गर्नुहोस् ।

(छ) दिगो विकासका पाँच स्तम्भहरूको व्याख्या गर्नुहोस् ।

(ज) दिगो विकासको कार्यान्वयनका लागि नेपाल सरकारले चालेका कदमहरूको विश्लेषण गर्नुहोस् ।

पाठ : ७

# नेपालमा गरिबी चक्र र सम्बोधनका उपायहरू

## गरिबीको अर्थ

गरिबी भनेको आफ्नो आम्दानीले आफ्ना दैनिक आधारभूत आवश्यकता गाँस, बास तथा कपास जस्ता समस्याहरू समाधान गर्न नसक्नु हो । अर्को शब्दमा न्यूनतम क्यालोरी उपभोगका लागि आवश्यक आयस्तरभन्दा कम आय हुनुलाई गरिबी भनिन्छ । वास्तवमा गरिबी शब्दले अभावलाई जनाउँछ । जुन मानिससँग आर्थिक अभाव हुन्छ त्यो मानिस गरिब हो । त्यसैगरी जुन राष्ट्रसँग आर्थिक अभाव हुन्छ त्यो राष्ट्र गरिब हो । जुन व्यक्ति आफ्नो जीवन जीवित राख्नका लागि दिनरात मिहिनेत गर्दछ, शिक्षा, स्वास्थ्य, पौष्टिक आहारको कमी छ, औषधी उपचार गर्न सक्दैन, बिहान खाना खाएको व्यक्तिका लागि बेलुका खाने कुराको सुनिश्चितता हुँदैन भने त्यो व्यक्ति गरिब हो भने उसको प्रवृत्ति गरिबी हो ।

UNDP ले सन् १९९८ को प्रतिवेदनमा उल्लेख भएअनुसार गरिबी भनेको छनोट तथा विकल्पहरूबाट वञ्चित हुनु र मानवीय प्रतिष्ठाको हनन् हुनु हो । यसको अर्थ समाजमा प्रभावकारी सहभागीमा कमी, गाँस, बास तथा कपासको पर्याप्ततामा कमी, शिक्षा तथा स्वास्थ्यको पहुँच नहुनु, रोजगार तथा ऋणमा पहुँच नहुनु, व्यक्ति, परिवार तथा समाजको असुरक्षा, शक्तिहीनता तथा बहिष्करण हुनु नै गरिबी हो । UNDP प्रतिवेदन (२००१) का अनुसार, "गरिबीका दुई पक्षहरू छन्, पहिलो न्यून आय हो जुन सम्मानपूर्वक जीवनयापन गर्न अपर्याप्त छ र दोस्रो मानवीय क्षमताको न्यून क्षमता हो जुन व्यक्तिहरूले आफूले चाहेअनुसार जीवनयापन गर्न सक्दैन" ।

| गरिबीका आधार | परिभाषा (गरिबी निवारण नीति २०७६ काअनुसार) |
|---|---|
| उपभोग | आ.व. २०६६/६७ को मूल्यमा वार्षिक रु. १९,२६१ भन्दा कम उपभोग गर्ने अवस्था |
| आवश्यकताको परिपूर्ति | आधारभूत तथा मर्यादित जीवनयापनका लागि आवश्यक पर्ने सेवा सुविधाबाट बञ्चित हुनुपर्ने अवस्था |
| सक्षमता | सबै प्रकारका गरिबी र विमुखताबाट मुक्त भई आत्मसम्मान तथा आत्मदिर्नेशित जीवनयापन गर्ने सक्षमताको कमी |
| गुणस्तरीय जीवन | मानवोचित न्यूनतम जीवनयापानका लागि आवश्यक साधन, अवस्था र सुविधाको कमी |
| असमानता र विभेद | सबै प्रकारका विभेदको अवस्थामा जीवन जिउन बाध्य हुने स्थिति |
| मानव अधिकार | आधारभूत हक अधिकार र स्वतन्त्रताको उपभोग गरी जीवनयापन गर्न पाउने नैसर्गिकतामा अवरोध |

नेपालको गरिबी निवारण नीति, २०७६ ले नेपालको गरिबीको परिभाषा र पहिचानका आधारहरू प्रस्तुत गरेको छ । यस नीतिले नेपालको गरिबीलाई उपभोग, आधारभूत आवश्यकताको परिपूर्ति, सक्षमता, जीवनको गुणस्तर, असमानता र विभेद तथा मानव अधिकारको हननका आधारमा परिभाषित गरेको छ । यस नीतिमा गरिबी मापनका सातओटा आधारहरू उल्लेख गरिएको छ । ती आधारहरू (१) आय (२) उपभोग (३) दिगो जीवनयापनका लागि उत्पादनशील साधनमा पहुँच (४) शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत आवश्यकताका वस्तु तथा सेवामा पहुँच (५) सामाजिक विभेद तथा बहिष्करण (६) आधारभूत आनव अधिकार (७) क्षमता हुन् ।

गरिबीका दुई प्रकारहरू हुन्छन् । ती यसप्रकार छन् :

### १. निरपेक्ष गरिबी

निरपेक्ष गरिबी भनेको आफ्ना आधारभूत आवश्यकताहरू पनि पूरा गर्न नसक्ने अवस्था हो । एउटा व्यक्ति जसले आफूलाई जीवन यापनका लागि नभइनहुने अनिवार्य वस्तुहरू खाना, कपडा तथा बासको समस्यालाई समाधान गर्न नसकी दु:ख यापन गरिरहेको छ । त्यसलाई निरपेक्ष गरिबी भनिन्छ । निरपेक्ष गरिबीलाई अर्को गरिबीसँग तुलना नगरी आधारभूत आवश्यकताका वस्तुहरूसँग मात्र तुलना गरिन्छ । नेपालको गरिबी निवारण नीति २०७६ का अनुसार आधारभूत मानवीय आवश्यकताका वस्तु, क्षमता र सेवाबाट विमुख हुने अवस्थामा जीवनयापन गर्न बाध्य भएको स्थिति नै निरपेक्ष गरिबी हो ।

### २. सापेक्ष गरिबी

सापेक्ष गरिबीलाई अन्य व्यक्तिको आयसँग तुलना गरिन्छ । यसमा एउटा व्यक्तिले आफ्ना आधारभूत आवश्यकताहरू पूरा गरेको छ तर समाजका अन्य व्यक्तिहरूभन्दा कम आम्दानी गर्दछ भने त्यो व्यक्ति सापेक्ष गरिबीभित्र पर्दछ । सापेक्ष गरिबीको मापदण्ड आय वितरणको समानता तथा असमानताका आधारमा हेरिन्छ । यदि राष्ट्रिय आयको वितरण समान छ भने त्यहाँ सापेक्ष गरिबी कम हुन्छ र राष्ट्रिय आयको वितरण असमान छ भने सापेक्ष गरिबी धेरै हुन्छ ।

## गरिबीको रेखा

विश्व बैङ्कका अनुसार वार्षिक ५०० डलरभन्दा कम आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखाभित्र पर्दछ भने २७५ डलरभन्दा कम आय प्राप्त गर्ने व्यक्ति अति गरिबीभित्र पर्दछ । UNDP ले सन् १९९० को मानव विकास प्रतिवेदनमा प्रति दिन १ अमेरिकी डलरभन्दा कम आय गर्ने व्यक्ति गरिबीको रेखाभित्र पर्छ भनेको छ भने सन् २०१५ को प्रतिवेदनमा प्रति दिन १.२५ अमेरिकी डलर (प्रतिव्यक्ति आयमा) भन्दा कम आय गर्ने व्यक्ति गरिबीको रेखाभित्र पर्छ भनेको छ । केन्द्रीय तथ्याङ्क विभागको नेपाल जीवनस्तर सर्वेक्षण (२०११) अनुसार नेपाली जनताको गरिबी रेखाको आय रु. १९,२६१ हो । नेपालमा गरिबीको मापनको प्रमुख आधार भनेको प्रतिदिन शरीरका लागि आवश्यक पर्ने २४ सय किलो क्यालोरीका लागि आवश्यक पर्ने आम्दानी हो । जुन आम्दानी वार्षिक रु. १९,२६१ हो ।

## नेपाल र गरिबी

नेपाल सरकारले सबै प्रकारको गरिबीमुक्त समाज निर्माण गर्ने दीर्घकालीन सोचअनुरूप गरिबी निवारणका लागि आर्थिक सामाजिक समानतासहितको उच्च आर्थिक वृद्धि हासिल गर्न राष्ट्रिय विकास रणनीति अवलम्बन गरेको छ । गरिबीको फैलावट, विषमता र गहनतालाई विश्लेषण गरी लक्षित समूह कार्यक्रममार्फत पुँजी, प्रविधि र स्थानीय स्रोत साधनको उपयोगमा गरिब तथा विपन्न वर्गको पहुँच तथा सहभागिता बढाउने कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । नेपालले आर्थिक असमानता न्युनीकरण गर्ने एवम् गरिबीको रेखामुनि रहेको जनसङ्ख्या वि.सं. २०८७ सम्म ५ प्रतिशतमा र वि.सं. २१०० सम्ममा शून्यमा झार्ने लक्ष्य लिएको छ । यसका साथै आर्थिक वर्ष २०८०/८१ सम्ममा निरपेक्ष गरिबीलाई १० प्रतिशतभन्दा कममा झार्ने र बहुआयामिक गरिबीलाई ११.५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । UNDP को मानव विकास प्रतिवेदन (२०२०) का अनुसार नेपालको मानव विकास सूचक ०.६०२ छ । साथै नेपाल १४२<sup></sup>औँ स्थानमा र मध्यम मानव विकास भएको देशभित्र पर्छ । गरिब घरपरिवार लक्षित कार्यक्रम सञ्चालन गर्न २३ जिल्लामा गरिब घरपरिवारको पहिचान कार्य सम्पन्न गरिएको छ । नेपालमा वर्तमान गरिबीको अवस्थालाई हेर्दा, अर्थ मन्त्रालय (२०७७) का अनुसार नेपालमा १८.७ प्रतिशत मानिसहरू गरिबीको रेखामुनि २८.६ प्रतिशत मानिसहरू, बहुआयमिक गरिबी र १६.६७ प्रतिशत मानिसहरू निरपेक्ष गरिबीभित्र बाँचिरहेका छन् ।

## गरिबीको चक्र

गरिबीको चक्रले एउटा व्यक्ति वा राष्ट्र गरिब भएका कारणले नै पुनः गरिबीमा पुग्छ भन्ने कुरा देखाउँछ । यसै सन्दर्भमा अर्थशास्त्री Ragner Nurkus भन्दछन् "एउटा देश गरिब भएकाले गरिब हुन्छ ।" गरिबी एउटा यस्तो तत्त्व हो जसले निरन्तर गरिबीभित्र नै परिक्रमा गरिरहन्छ । एउटा रोटेपिङको पिर्का जुन स्थानबाट घुमाउन सुरु गरे पनि त्यसले आफ्नो चक्र पूरा गर्दा पुनः त्यही ठाउँमा आइपुग्दछ । गरिबीको चक्र पनि अभावबाट सुरु भई अभावमा नै आएर टुङ्गिन्छ । नेपालमा आर्थिक विकासको अवरोधका रूपमा यस चक्रलाई लिने गरिन्छ । यसलाई माग र पूर्ति पक्षबाट व्याख्या गरिन्छ । गरिबीका माग र पूर्ति चक्रलाई निम्नानुसार स्पष्ट पार्न सकिन्छ :



यो नेपाली अर्थतन्त्रको वास्तविक अवस्था हो । यस्तो गरिबीको कुचक्र तोड्नका लागि लगानीमा वृद्धि गर्नुपर्छ । लगानीमा वृद्धि गर्ने पहिलो उपाय भनेको आन्तरिक पुँजीको परिचालन हो । यदि आन्तरिक पुँजीमा कमी छ भने वैदेशिक पुँजीको परिचालन (सहयोग, अनुदान तथा ऋण) द्वारा लगानीमा वृद्धि गर्नुपर्दछ । लगानीमा वृद्धि गर्दा उत्पादन तथा रोजगारीमा वृद्धि हुन्छ । फलस्वरूप, आय तथा बचतमा वृद्धि हुन्छ । जसले गरिबीको यस्तो कुचक्रलाई सुचक्रमा परिणत गर्छ ।

## नेपालका लागि गरिबीको चक्रका सम्बोधनका उपायहरू

गरिबी नेपाली अर्थतन्त्रको प्रमुख समस्या हो । नेपालले नवौँ योजनादेखि लगातार वर्तमान योजनासम्म पनि गरिबी निवारणलाई प्रमुख उद्देश्यमा राखेको छ तर पनि १८.७ प्रतिशत मानिस गरिबीको रेखामुनि रहेका छन् । नेपालमा गरिबीको चक्र बलियो गरी बसेको छ । यसलाई तोड्नका लागि निम्नलिखित उपाय अवलम्बन गर्न सकिन्छ :

१. **लगानीमा वृद्धि** : यो एउटा सशक्त माध्यम हो । नेपालमा लगानीमा वृद्धि गर्न आयमा र बचतमा कमी छ । यस्तो कमीलाई पूरा गर्न नेपाल सरकारले अल्पकालीन तथा दीर्घकालीन स्वरूपका आन्तरिक तथा बाह्य ऋण, सहयोग, अनुदान आदि लिन सक्छ । फलस्वरूप, लगानीमा वृद्धि हुन्छ र नेपालमा रहेको गरिबीको चक्र तोड्न सकिन्छ ।

२. **प्राकृतिक साधनको उपयोग** : देशमा प्राकृतिक साधनहरूको उच्च परिचालनबाट रोजगारीमा वृद्धि हुन्छ । आयआर्जनमा वृद्धि गर्दै गरिबी न्यूनीकरण गर्न सकिन्छ । प्राकृतिक साधनहरूको उपयोगद्वारा उद्योग, पूर्वाधार तथा कृषि क्षेत्रको विकास गर्न सकिन्छ । यी क्षेत्रको विकासबाट देशमा रोजगारीको सिर्जना हुन्छ । रोजगारीमा वृद्धि गर्दा नागरिकहरूको आयमा वृद्धि हुन्छ । फलस्वरूप देशमा रहेको उच्च गरिबीलाई न्यूनीकरण गर्न सकिन्छ ।

३. **लक्षित समूह कार्यक्रम** : देशमा विभिन्न क्षेत्रहरूमा छरिएर रहेका वा बसोबास गरेका आम नेपाली नागरिकमध्ये वास्तविक गरिब नेपालीहरूको पहिचान गरी ती गरिब नेपालीहरूको आम्दानीमा वृद्धि गर्ने खालका विभिन्न कार्यक्रमहरू सरकारी तथा अन्य सम्बन्धित निकायबाट सञ्चालन गरिनुपर्छ । यसरी लक्षित समूहका लागि बनाइएका कार्यक्रमहरूबाट अरू मध्यम तथा उच्च वर्गका मानिसहरूले कुनै प्रकारको फाइदा उठाउन नसकुन भनी सतर्कता अपनाउनु पर्दछ ।

४. **जनसहभागितामा वृद्धि** : सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालन गरिने गरिबी निवारणसम्बन्धी विभिन्न कार्यक्रमहरूमा स्थानीय गरिब समुदायका व्यक्तिहरूलाई कार्यक्रम सञ्चालन प्रक्रियामा सहभागी बनाउनुपर्दछ । यसो गर्दा उनीहरूले ती कार्यक्रमहरूलाई सहज रूपमा स्वीकार गर्ने तथा सहयोग गर्ने गर्दछन् । फलस्वरूप ती गरिबी निवारण वा न्यूनीकरणका कार्यक्रमहरू र ती कार्यक्रमहरूबाट प्राप्त उपलब्धि दिगो बन्ने गर्दछन् ।

५. **रोजगारीमा वृद्धि** : गरिब तथा बेरोजगार मानिसहरूले उच्च शिक्षा तथा सिप हाँसिल नगरेका कारण न्यून आम्दानी हुन्छ । ती व्यक्तिहरूलाई रोजगारीको सिर्जना गर्न सकेको खण्डमा उनीहरूको आम्दानीमा वृद्धि हुन्छ र नेपालमा गरिबी न्यून गर्न सकिन्छ ।

६. **कृषिमा आधुनिकीकरण**: नेपालमा धेरै मानिस कृषि पेसामा लागेका छन् । यदि कृषि क्षेत्रलाई

व्यावसायिकमुखी, आधुनिक तथा कृषिमा उत्पादकत्व उच्च गर्ने हो भने कृषि पेसामा लागेका किसानहरूको आम्दानीमा वृद्धि हुन्छ र नेपालको गरिबी न्यून गर्न सकिन्छ । कृषि उत्पादनमा लागेका मानिसहरूलाई तालिम दिने, आधुनिक विधि तथा औजारहरूको प्रयोग गर्न प्रोत्साहन गर्ने, उचित मूल्य निर्धारण गर्ने, बिचौलियाको शोषणलाई नियन्त्रण गर्ने आदि कार्य गर्दा किसानहरूको आम्दानीमा वृद्धि हुन्छ र ग्रामीण गरिबी न्यूनीकरण गर्न सकिन्छ ।

७. **शिक्षा तथा तालिमको व्यवस्था** : ग्रामीण क्षेत्रमा रहेका किसानहरूलाई कृषिसम्बन्धी शिक्षा तथा तालिम प्रदान गर्ने तथा सहरी र अर्धसहरी क्षेत्रका बेरोजगार व्यक्तिलाई रोजगारमूलक शिक्षा तथा तालिमको व्यवस्था गरी रोजगारीमा वृद्धि गर्न सकेको खण्डमा गरिबी न्यूनीकरण गर्न सकिन्छ ।

## *क्रियाकलाप*

**(क) समूह समूहमा रही गरिबी निवारणका लागि आफ्नो पालिकामा भएका स्थानीय प्रयासहरूलाई समिक्षा गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**(ख) गरिबीको दुष्चक्र तोड्न तपाईँ र तपाईँको परिवारको भूमिका के हुन सक्छ ? समुहमा छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**(ग) विद्यार्थीहरूलाई पाँच समूहमा विभाजन गरी निम्न क्षेत्रमध्ये कुनै एक क्षेत्रको घटना एक समूहले सङ्कलन गरी कक्षामा छलफल गर्नुहोस् ।**

**(अ) शिक्षा (आ) विज्ञान प्रविधि (इ) राजनीति (ई) अर्थतन्त्र (उ) समाज**

**(घ) विभिन्न समसामयिक घटनाहरूसँग सम्बन्धित समाचार सम्पादकीय, चित्र आदि सङ्कलन गरी बुलेटिन बोर्ड तयार पार्नुहोस् ।**

## *अभ्यास*

१. **तल दिइएका प्रश्नका उत्तर दिनुहोस् :**

(क) गरिबीको अर्थ लेख्नुहोस् ।

(ख) सापेक्ष गरिबी भनेको के हो ? ।

(ग) निरपेक्ष गरिबीलाई परिभाषित गर्नुहोस् ?

(घ) गरिबीको चक्रलाई माग र पुर्ति दुबै पक्षको सूचकाङ्कका आधारमा व्याख्या गर्नुहोस् ।

(ङ) नेपालका लागि गरिबी चक्रको सम्बोधनका उपायहरूको व्याख्या गर्नुहोस् ।

(च) नेपाल सरकारको गरिबी निवारण नीति २०७६ ले नेपालको गरिबी कुन कुन आधारमा परिभाषित गरेको छ ? ती आधारहरू उल्लेख गर्नुहोस् ।

पाठ : १

# शिक्षा र मानव संसाधन विकास

शिक्षा देश विकासको मेरुदण्ड हो । यसले दक्ष जनशक्ति विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षाले विभिन्न विषयवस्तुको जानकारी प्रदान गरेर, विभिन्न सिप र तालिममार्फत मानव संसाधन विकास गरिरहेको हुन्छ । अनुशासन, नैतिकता, जीम्मेवारी वहन, सदाचार, प्रविधिको पहुँच, संस्कार र संस्कृतिको प्रवर्धन जस्ता गुण र सिप विकास गरी देशका लागि आवश्यक मानव संसाधन विकास गर्नु शिक्षाको लक्ष्य हो ।

**तलको घटना अध्ययन गरौँ:**

सलिमको गाउँमा एउटा माध्यमिक विद्यालय छ । यहाँका बालबालिकाहरू यसै विद्यालयमा अध्ययन गर्दछन् । अहिले गाउँमै क्याम्पस खुलेकाले धेरैले आफ्नो अध्ययनलाई निरन्तरता दिएका छन् । पहिला गाउँमा क्याम्पस नहुँदा धेरै जनाले आफ्नो अध्ययनलाई बिचमै रोक्नुपरेको थियो । गाउँमा विभिन्न रोजगारीका अवसरहरू पनि बढ्न थालेका छन् । शिक्षित जनशक्ति अन्यत्र गएर पनि रोजगारी गर्ने अवस्था सिर्जना भएको छ । धेरै जना व्यावसायिक खेतीतर्फ पनि आकर्षित भएका छन् ।

उनीहरूमध्ये केहीले सरकारी तथा गैरसरकारी तहमा सञ्चालित व्यावसायिक तालिम लिएका छन् । कसैले गाउँमै बेकरी, अचार, डेरी जस्ता साना उद्योगहरू सञ्चालन गरेका छन् । केहीले विभिन्न खालका पसलहरू खोलेका छन् । केहीले आधुनिक प्रविधि प्रयोग गरी फलफूल नर्सरी, पशुपालन, कुखरापालन, तरकारी खेती, जडीबुटी खेती जस्ता कृषि फर्महरू सञ्चालन गरेका छन् । त्यस्तै वैदेशिक रोजगारीबाट फर्केका केही व्यक्तिहरूले विदेशमा सिकेका सिप र प्रविधिको प्रयोग गरी गाउँमै उद्योग व्यवसाय खोलेका छन् । यसरी उनीहरूले आफू र आफ्नो परिवारका सदस्यहरू मात्र होइन गाउँका अन्य व्यक्तिहरूलाई समेत रोजगारी दिएका छन् ।

**अब तलका प्रश्नहरूमा छलफल गरौँ :**

(क) गाउँमा रोजगारीका अवसरहरू वृद्धि हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

(ख) वैदेशिक रोजगारमा जाँदा के के फाइदा भएका छन् ?

(ग) विदेशमा सिकेका सिप र प्रविधिले स्वदेशमा कसरी परिवर्तन ल्याउन मदत पुग्छ, आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

(घ) गाउँमै रोजगार सिर्जना गर्न अरू के के गर्न सकिएला ?

(ङ) रोजगारी र शिक्षाको कस्तो सम्बन्ध छ ?

## मानव संसाधन

कुनै पनि कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सामान्य तथा प्राविधिक जनशक्ति नै मानव संसाधन हो । यसमा सामान्य कामदारदेखि उच्च तथा दक्ष प्राविधिकसम्मका जनशक्ति पर्दछन् । देशको आर्थिक, सामाजिक, सांस्कृतिक र वैज्ञानिक उन्नतिका लागि मानव संसाधनको आवश्यकता पर्छ । किसान, व्यापारी, डाक्टर, इन्जिनियर, वकिल, वैज्ञानिक, पाइलट, शिक्षक, कर्मचारी, नर्स, प्रशासक, डकर्मी, सिकर्मी आदि मानव संसाधनका उदाहरणहरू हुन् ।

## मानव संसाधन विकास

मानव संसाधन विकास भनेको जनशक्तिका व्यक्तिगत तथा संस्थागत ज्ञान, सिप र क्षमता विकास गर्न सहयोग पुऱ्याउने एउटा प्रक्रिया हो । उसले संस्थाका जनशक्तिका ज्ञान, सिप र क्षमतालाई उत्कृष्ट रूपमा विकास गरी संस्थाका लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने उद्देश्य राख्दछ । यसमा शिक्षा, तालिम, कोचिङ, कार्यगत तालिमलगायतका क्षमता विकास कार्यहरू पर्दछन् ।

मानव संसाधन विकास औपचारिक तथा अनौपचारिक गरी दुई प्रकारका हुन्छन् । शिक्षालयहरूमा दिइने शिक्षा, प्रशिक्षण केन्द्रहरूमा दिइने तालिम तथा संस्थाले योजनाबद्ध रूपमा गर्ने प्रयत्न औपचारिक मानव संसाधन विकासका उपाय हुन् भने कार्यस्थलमा पुराना जनशक्ति वा प्रबन्धकले नयाँ कामदारलाई सिकाउने कार्य, कामदार आफैँले प्रयत्न गरेर सिक्ने आदि अनौपचारिक मानव संसाधन विकासका उपाय हुन् ।

## मानव संसाधन विकासका तरिका

मानव संसाधन विकास गर्ने तरिका पूर्वसेवाकालीन र सेवाकालीन गरी दुई तरिका छन् । कुनै व्यक्तिले कुनै संस्थाको सेवामा प्रवेश गर्नुअगाडि उक्त सेवाका लागि आवश्यक पर्ने ज्ञान, सिप र क्षमता हासिल गर्ने वा गराउने तरिकालाई पूर्वसेवाकालीन मानव संसाधन विकास भनिन्छ । त्यस्तै व्यक्तिले संस्थाको सेवामा प्रवेश गरिसकेपछि प्रदान गरिने तालिम, सल्लाह सुझाव, कार्यगत तालिमलगायतका ज्ञान, सिप र क्षमता विकास गर्ने तरिकालाई सेवाकालीन मानव संसाधन विकास भनिन्छ । मानव संसाधन विकासका केही तरिकाबारे तल जानकारी दिइएको छ :

### (क) शिक्षा

विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा प्रदान गरिने औपचारिक शिक्षा नै मानव संसाधन विकास गर्ने मुख्य तरिका हो । यो औपचारिक प्रकारको मानव संसाधन विकास गर्ने तरिका हो । शिक्षा मुख्यतः पूर्व सेवाकालीन भए पनि कतिपय अवस्थामा सेवाकालीन रूपमा पनि प्रदान गरिन्छ । एउटा व्यक्तिलाई उसको पेसागत जीवनमा आवश्यक पर्ने ज्ञान, सिप र क्षमता विकास गर्न शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ । त्यसकारण राज्यले मानव संसाधन विकास गर्नका लागि शिक्षामा ठुलो लगानी गरेको हुन्छ । शिक्षक, डाक्टर, नर्स, इन्जिनियर, व्यवस्थापकलगायत विभिन्न प्रकारका मानव संसाधन विकास गर्ने काम शिक्षाले नै गरेको हुन्छ ।

### (ख) तालिम/प्रशिक्षण

प्रशिक्षण केन्द्र तथा त्यस्तै प्रकारका शिक्षालयहरूले विशेष सिप विकास गर्ने तालिम प्रदान गर्दछन्, जस्तै : कुक तालिम, सिकर्मी तालिम, भेटेरिनरी तालिम, शिक्षक तालिम आदि । यस्ता तालिमहरू पूर्वसेवाकालीन र सेवाकालीन दुवै प्रकारका हुन्छन् । त्यस्तै तालिम औपचारिक र अनौपचारिक दुवै प्रकारका हुन्छन् । कुनै एक क्षेत्रमा विशेष दक्षता भएका मानव संसाधन तयार गर्न तालिम/प्रशिक्षण प्रदान गरिन्छ । तालिम छोटो अवधि र लामो अवधिका हुन्छन् ।

### (ग) कोचिङ

कोचिङ एउटा दैनिक रूपमा जनशक्ति र उसको निरीक्षक वा सुपरिवेक्षकविच भइरहने अन्तरक्रिया हो । यस प्रक्रियामा निरीक्षक वा सुपरिक्षकले कामदारलाई सूचना, जानकारी तथा सल्लाह सुझाव प्रदान गर्दछ । यसमा जनशक्तिको कार्यसम्पादनबारे सकारात्मक पृष्ठपोषण दिनुका साथै उसको कार्यसम्पादनमा भएका कमी कमजोरीप्रति ध्यानाकर्षण गराई त्यसलाई सुधार गर्न आवश्यक सहयोग पनि गरिन्छ । यो मुख्यत: अनौपचारिक रूपमा सेवाकालीन रूपमा गरिन्छ । यसको उद्देश्य जनशक्तिसँग मिलेर उसका कार्यसम्पादनमा रहेका समस्या समाधान गरी उसको कार्यसम्पादन सुधार गरी संस्थाको उद्देश्य प्राप्त गर्नु हो ।

### (घ) कार्यगत तालिम

कार्यगत तालिम भन्नाले एउटा दक्ष र अनुभवी कामदार र अर्को नयाँ वा सिकारु कामदारविचको औपचारिक वा अनौपचारिक सम्वन्ध हो । यस्तो सम्वन्धमा सिकारुले दक्ष र अनुभवी कामदारबाट संस्थागत संस्कृति तथा आवश्यक ज्ञान तथा सिप काम गर्दागर्दै सिक्ने गर्दछ, जस्तै: परम्परागत पेसा (जस्तै मूर्तिकला) अगालेका परिवारमा अग्रजहरूबाट नयाँ सदस्यले उक्त पेसाका सिपहरू सिक्नु, व्यापारिका परिवारका नयाँ पुस्ताले पुरानो पुस्ताबाट व्यापारका ज्ञान सिक्नु, सहचालकले चालकसँग सिक्दै आफू पनि चालक बन्नु आदि ।

### (ङ) स्वाध्यायन

कामदारहरू आफै पनि आफ्नो पेसामा आवश्यक ज्ञान, सिप र क्षमता विकास गर्दछन् । त्यसका लागि आफूले काम गर्दागर्दै आफ्नै अनुभवबाट सिक्ने, आफ्नो पेसाका लागि आवश्यक ज्ञान र सिपका लागि पुस्तक, अडियो, भिडियो, इन्टरनेट आदिबाट अध्ययन गरेर सिक्ने वा आफैँले फुर्सदको समयमा औपचारिक शिक्षा प्राप्त पनि गर्न सक्छन् ।

## मानव संसाधन विकास र शिक्षाको सम्बन्ध

शिक्षा र मानव संसाधन विकास दुवैले व्यक्तिलाई ज्ञान र सिप प्रदान गरी उसको क्षमता विकास गर्दछन् । यसरी सामान्य रूपमा हेर्दा यी दुवै उस्तै लाग्छन् । तर शिक्षाले व्यक्तिलाई शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक रूपमा सफल जीवन बाच्नका लागि आवश्यक सामान्य तथा विशिष्ट ज्ञान, सिप र क्षमता विकास गराउँछ भने मानव संसाधन विकासले व्यक्तिलाई एउटा निश्चित क्षेत्रको विशिष्ट ज्ञान, सिप र क्षमता विकास गराउँछ । तसर्थ शिक्षा र मानव संसाधन विकासलाई एकअर्कालाई सहयोग गर्ने गरी सँगसँगै अगाडि बढाउन सके दुवै प्रणालीलाई अझ प्रभावकारी बनाउन सकिन्छ ।

कुनै पनि देश विकासका लागि पर्याप्त दक्ष जनशक्ति उपलब्ध हुनुपर्दछ । त्यस्ता जनशक्ति विकास गर्न

राज्यले मानव संसाधन विकास योजना बनाएको हुन्छ । यस्ता योजनामा श्रम बजारमा माग भएका जनशक्तिका प्रकार र परिमाणका आधारमा कुन कुन जनशक्ति कति कति परिमाणमा उत्पादन गर्ने निर्धारण गरिएको हुन्छ । त्यही योजनाका आधारमा शिक्षा क्षेत्रले जनशक्ति उत्पादन गर्दछ । यसका लागि साधारण शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा दुवैले कार्य गर्दछन् ।

नेपालमा राज्यले उपयुक्त मानव संसाधन विकास योजना निर्माण गर्न सकेको छैन । त्यसकारण शिक्षा क्षेत्रले साधारण शिक्षालाई प्राथमिकतामा राखेका छ । साधारण शिक्षाले ज्ञान भएका तर विशेष सिप नभएका जनशक्ति उत्पादन गर्ने भएकाले त्यस्ता धेरै जनशक्ति बेरोजगार हुन्छन् । यी व्यक्तिमध्ये धेरै त वैदेशिक रोजगारमा अदक्ष जनशक्तिका रूपमा काम गर्न जाने सम्भावना रहन्छ । यसरी एकातिर जनशक्ति बेरोजगार छन् भने अर्कोतिर विभिन्न प्राविधिक क्षेत्रमा जनशक्ति अभाव भएर अन्य देशबाट कामदार ल्याउनुपर्ने अवस्था रहेको छ । तसर्थ हाल नेपाल सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिएको छ ।

शिक्षा पनि श्रमबजार सिर्जना गर्ने एउटा माध्यम हो । यस क्षेत्रमा पनि धेरै व्यक्तिहरू काम गर्दछन् । यिनीहरूको पनि पेसामा प्रवेश भइसकेपछि पेसागत क्षमता विकास गराउनु पर्दछ। त्यसका लागि विभिन्न तालिम, गोष्ठी, सेमिनारलगायतका मानव संसाधन विकासका अवसर प्रदान गरिन्छ ।

## *क्रियाकलाप*

१. **आफ्नो कक्षामा भएका साथीका परिवारका सदस्यहरूको पेसाबारे सोध्नुहोस् र कम्तीमा १० जनाको विवरण तलको तालिकामा भर्नुहोस् ।**

| क्र.स. | नाम | पेसा | जनशक्तिको प्रकार | औपचारिक शिक्षा | अन्य मानव संसाधन विकास |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

२. **माथिको तालिकाका आधारमा कुन पेसामा के कस्ता औपचारिक शिक्षा र के कस्ता पेसागत विकास आवश्यक हुन्छन् ? कक्षामा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

## *अभ्यास*

१. **तलका प्रश्नहरूका उत्तर दिनुहोस् :**

(क) मानव संसाधन भनेको के हो ?

(ख) शिक्षा र मानव संसाधन विकासबिचको एउटा भिन्नता लेख्नुहोस् ।

(ग) कार्यगत तालिमको परिचय दिनुहोस् ।

(घ) मानव संसाधन विकासका तरिका लेखी कुनै दुईको व्याख्या गर्नुहोस् ।

(ङ) मानव संसाधन विकासमा शिक्षाको भूमिका शीर्षकमा एक छोटो लेख तयार गर्नुहोस् ।

(च) शिक्षा र मानव संसाधनबिचको सम्बन्धलाई उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

पाठ : २

# शिक्षामा पहुँच र समावेशिता

## तलका घटनाहरू अध्ययन गरौँ :

### घटना १

सरलाको गाउँमा माध्यमिक विद्यालय छैन । त्यसैले कक्षा ८ पूरा गरेपछि उनका केही साथीहरू सहरका विद्यालयमा गएर पढिरहेका छन् भने केही साथीहरू बिहान दुई घण्टा र बेलुका दुई घण्टा हिड्नुपर्ने पल्लो गाउँको विद्यालयमा भर्ना भएका छन् । उनी र उनका केही साथीहरू भने विद्यालय जान पाएका छैनन् । उनका बुबाआमाले उनलाई सहरमा राखेर पढाउन सक्नुहुन्न । विद्यालय टाढा भएकाले र बाटामा जङ्गल र खोला भएकाले पल्लो गाउँमा रहेको विद्यालय पठाउन पनि उहाँहरूले सुरक्षित महसुस गर्न सक्नुभएन । सरला पनि बुबाआमालाई खेतीपाती र घरायसी काममा सहयोग गरेर दिन बिताउन बाध्य थिइन् । एक दिन गाउँकै शिक्षकले उनलाई खुला विद्यालयबारे बताइदिनुभयो । उहाँले फुर्सदको समयमा सिकारुको समयअनुकूल खुला विद्यालयमा पढ्न मिल्ने कुरा गर्नुभयो । त्यसैले अहिले उनी नजिकैको गाउँमा रहेको खुला विद्यालयमा कक्षा १० अध्ययन गर्दैछिन् ।

### घटना २

सागर सहरको सरकारी विद्यालयमा अध्ययन गर्दछन् । उनको कक्षामा पढ्ने धेरै साथीहरूको घर गाउँमा पर्छ । उनीहरूमध्ये केही साथीहरू त अरूको घरमा बस्छन् । उनीहरूले बिहान बेलुका घरको काम गरेर बाँकी समयमा मात्र पढ्न पाएका छन् । अरू साथीहरूका आमाबुबा ज्यामी काम गरेर गुजारा गर्नुहुन्छ । उनीहरूलाई विद्यालय पोसाक, कापीकलमलगायतका आवश्यक सामग्री किन्न पनि कठिन छ । विद्यालयमा गरिब तथा जेहेन्दार छात्रवृत्ति, महिला छात्रवृत्ति, दलित छात्रवृत्ति आदि प्रदान गरिने कारण बिचैमा विद्यालय छाड्ने दरमा कमी आएको छ ।

### घटना ३

विकास सहरमा बस्छन् । उनको वरिपरि महँगा निजी विद्यालयहरू छन् । तर उनका आमाबुबाको आर्थिक अवस्था कमजोर भएकाले उहाँहरू ती विद्यालयको शुल्क तिर्न सक्नुहुन्न । सामुदायिक/सरकारी विद्यालय उनी बस्ने ठाउँबाट करिब ५ किलोमिटर टाढा छन् । त्यसैले उनले विद्यालय जान बस चढ्नुपर्ने हुन्छ । तर उनीसँग सधैँभरि पैसा हुँदैन । पैसा नभएको समयमा कहिले उनी हिडेर विद्यालय जान्छन् भने कहिले घरमै बस्छन् । विद्यालय हिँडेर जाँदा र आउँदा उनी धेरै थकित भएकाले उनी चाँडै सुत्छन् । घरको काममा पनि सघाउनुपर्दछ । उनलाई गृहकार्य गर्न समय नै पुग्दैन । उनको विद्यालयमा नगरपालिका र अन्य सहयोगी दाताहरूले दिवाखाजाको व्यवस्था गरेकोले विद्यार्थी भर्ना सङ्ख्या गत विगतमा भन्दा बढेको छ ।

## तलका प्रश्नहरूमाथि छलफल गरौँ :

(क) विद्यालय जान नसक्नुमा के के कारणहरू हुँदा रहेछन् ?

(ख) माथिका घटनामा उल्लिखित विद्यार्थीको पढाइको स्तर कस्तो छ होला ? यस्तो स्तर हुनाका कारणहरू के के होलान् ?

(ग) यस्ता परिस्थितिहरूमा रहेका विद्यार्थीका लागि सहज परिस्थितिमा ल्याउन कसकसले के के गर्नुपर्ला ?

## शिक्षामा पहुँच

पहुँच भन्नाले कुनै स्थानमा प्रवेश गर्ने वा कुनै वस्तु प्राप्त गर्ने तथा प्रयोग गर्ने स्वतन्त्रता वा क्षमता भन्ने बुझिन्छ । शिक्षामा पहुँच भनेको 'लिङ्ग, सामाजिक वर्ग, जातीय पृष्ठभूमि, अपाङ्गता आदिका आधारमा कुनै भेदभाव विना सबैले शिक्षा लिन सक्ने क्षमता र अवसर प्राप्त गर्नु हो । शिक्षामा सबैको पहुँच बराबर हुँदैन । सामान्यतया: व्यक्तिको लैङ्गिक पहिचान, आर्थिक सामाजिक पृष्ठभूमि, जातीय पहिचान, सामाजिक राजनीतिक वातावरण आदिका कारण शिक्षामा पहुँच कम वा बढी हुनसक्छ । अब शिक्षामा पहुँच कम गराउने तत्त्वहरूबारे छोटो चर्चा गरौँ :

## शिक्षामा पहुँचका बाधाहरू

लैङ्गिक पहिचान, आर्थिक सामाजिक पृष्ठभूमि, जातीय पहिचान, सामाजिक राजनीतिक वातावरण आदिले शिक्षामा कम वा बढी पहुँच गराउन सक्छन् । त्यस्ता बाधाहरूलाई विभिन्न समूहमा अध्ययन गर्न सकिन्छ :

(क) **राज्य स्तरका बाधाहरू:** उपयुक्त शिक्षा प्रणाली, कानुनी व्यवस्था र यसको पालना, घर र विद्यालयबिचको दुरी आदि ।

(ख) **विद्यालय र कक्षाकोठाका बाधाहरू** : जातीय, लैङ्गिक तथा बाल अधिकारको संरक्षणमा उदासिनता, शिक्षक कर्मचारीबाट भेदभाव, कम तालिम प्राप्त शिक्षकहरू, परम्परागत शिक्षण विधि/प्रक्रियाको प्रयोग ।

(ग) **आर्थिक सामाजिक बाधाहरू** : महिला र पुरुषबिचको भेदभाव, गरिबी, बाल विवाह, सामाजिक भेदभाव र जातीय पेसा अँगाल्ने चलन आदि ।

(घ) **सांस्कृतिक तथा धार्मिक बाधाहरू** : बालविवाह, शिक्षासम्बन्धी चेतनाको कमी, शिक्षामा छोराहरूलाई प्राथमिकता, आधुनिक शिक्षाप्रतिको अविश्वास, दाइजो, देउकी जस्ता कुरीतिहरू आदि ।

(ङ) **व्यक्तिगत बाधाहरू** : पारिवारिक प्रवृत्ति, सामाजिक सांस्कृतिक मूल्य मान्यता, अपाङ्गता, शिक्षामा असफलता, न्यून आत्मसम्मान र कमजोर मनोवृत्ति आदि ।

(च) **विपत् तथा सङ्कटसम्बन्धी बाधाहरू:** प्राकृतिक प्रकोप, महामारी, युद्ध र द्वन्द्व आदि ।

(छ) **प्राविधिक बाधाहरू:** विद्युत्, कम्प्युटर, इन्टरनेट जस्ता सूचना तथा सञ्चार प्रविधिमा पहुँच नहुनु ।

### शिक्षामा समावेशिता

युनेस्कोका अनुसार सिकाइ, संस्कृति र समुदायमा सहभागिता वृद्धि गरी बालबालिका, युवा र वयस्कहरूका विविधतायुक्त आवश्यकताहरूलाई सम्बोधन गर्ने तथा शिक्षामा भएको बहिष्करणलाई घटाउने र निर्मूल पार्ने प्रक्रिया नै समावेशिता हो ।

समावेशी शिक्षा सबै बालबालिकाहरूलाई विद्यालय पठाउन तथा उनीहरूलाई आवश्यक सिपहरू सिकाउन र विकास गराउन सबैभन्दा प्रभावकारी उपाय मानिएको छ । यस प्रकारको शिक्षा प्रणालीले फरक फरक पृष्ठभूमि र क्षमताका बालबालिकाहरूको योगदानलाई कदर गर्दै विविधता भएका समूहलाई सँगसँगै हुर्कन मदत गर्दछ । यसरी सबै प्रकारका बालबालिकालाई एउटै कक्षामा राखेर शिक्षण गर्दा फरक क्षमता र आवश्यकता भएका तथा सामान्य बालबालिका दुवै थरीलाई फाइदा पुग्छ ।

समावेशी शिक्षाले शिक्षामा सहभागिता हुन र शैक्षिक उपलब्धि हासिल गर्नबाट बञ्चित गराउने बाधाहरूलाई सीमित पार्न, विविध क्षमता, आवश्यकता र विशेषताहरूलाई सम्मान गर्न तथा सबै प्रकारका भेदभावहरू निर्मूल पार्न सहयोग गर्दछ । त्यसैले पछि पारिएका र सीमान्तकृत समूहलाई शिक्षाको मूलधारमा ल्याउन र उनीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न समावेशी नीति र कार्यक्रमहरू विकास र कार्यान्वयन हुन आवश्यक हुन्छ ।

शिक्षामा समावेशिताले विद्यालयलाई सुधार गरी प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्दछ । बाधाहरू पहिचान गर्ने र हटाउने कार्य तुरुन्तै अन्त्य नहुने प्रक्रिया हो । यसले विद्यार्थीका, विशेष गरेर बहिष्करणमा परेका, सीमान्तकृत वा न्यून उपलब्धिको खतरा भएका विद्यार्थीको विद्यालयमा उपस्थिति, सहभागिता र शैक्षिक उपलब्धि वृद्धि गर्ने उद्देश्य राख्छ ।

## नेपालमा शिक्षामा पहुँच र समावेशिता

समावेशी शिक्षा नेपालमा सन् २००० मा सबैका लागि शिक्षा (Education for All) कार्यक्रमसँगै भित्रिएको हो । सन् २०११ देखि नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूका अधिकार तथा शैक्षिक अवसरका लागि विद्यालय सुधार गर्ने कार्य गरिरहेको छ । समावेशी शिक्षा सम्बन्धमा नेपालले विभिन्न अन्तर्राष्ट्रिय महासन्धि र समझदारीमा हस्ताक्षर गर्नुका साथै राष्ट्रिय स्तरमा पनि कानुनी व्यवस्था गरेको छ ।

ती महासन्धिहरूमध्ये बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ (UN Convention on the Rights of the Child, 1989) को धारा २८ ले सबै बालबालिकाहरूलाई अनिवार्य र नि:शुल्क आधारभूत शिक्षा पाउने अधिकारको व्यवस्था गरेको छ । त्यस्तै दिगो विकासका लक्ष्यहरूको लक्ष्य न. ४ मा सन् २०३० सम्ममा सबै बालबालिकाहरूलाई नि:शुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा पूरा गर्ने सुनिश्चित गराउने कुरा उल्लेख गरिएको छ ।

नेपालको संविधानको धारा ३१ (शिक्षासम्बन्धी हक) मा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक' प्रदान गरिएको छ । त्यही धारामा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा स्वर वा बोलाइसम्बन्धी अपाङ्गता

भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट शिक्षा पाउने हक प्रदान गरेको छ ।

हाल नेपालमा विशेष आवश्यकता भएका व्यक्तिहरूका लागि मुख्यत: दुई तरिकाले शिक्षा प्रदान गरिएको छ । पहिलो तरिकालाई छुट्याउने विधि भनिन्छ । यस विधिमा विशेष आवश्यकता भएका व्यक्तिहरूका लागि छुट्टै विद्यालय वा छुट्टै कक्षाको व्यवस्था गरिएको हुन्छ, जस्तै: बहिरा विद्यालय, महिला विद्यालय, कन्या विद्यालय आदि । त्यस्तै केही विद्यालयमा एक प्रकारको अपाङ्गता भएका विद्यार्थीहरूलाई एउटा छुट्टै कक्षामा राखी उनीहरूको विशेष क्षमता र आवश्यकताअनुसार शिक्षण गर्ने विशेष स्रोत कक्षाहरू सञ्चालन भइरहेका छन् । यस विधिले पहुँच वृद्धिमा केही सहयोग पुऱ्याएको भए तापनि विशेष आवश्यकता भएका सबै बालबालिकाहरूलाई समेट्न सकेको छैन ।

दोस्रो तरिका चाहिँ समावेशी विधि हो । यस विधिमा विशेष आवश्यकता भएका बालबालिकाहरूलाई पनि सामान्य बालबालिकाहरूसँगै राखेर शिक्षण गरिन्छ । तर उनीहरूलाई थप तथा विशेष सहयोग उपलब्ध गराइन्छ, जस्तै : दृष्टिविहीन विद्यार्थीका लागि ब्रेल पाठ्यपुस्तक, ब्रेललिपिमा परीक्षा दिन पाउने व्यवस्था तथा ब्रेललिपि जान्ने सहयोगी शिक्षक उपलब्ध गराइएको हुन्छ भने सुस्तश्रवण तथा बहिरा विद्यार्थीहरूका लागि सामान्य कक्षामा शिक्षण गर्नुका अतिरिक्त साङ्केतिक भाषा सिकाउने र बुझाउने शिक्षकको व्यवस्था गरिएको हुन्छ । त्यस्तै न्यून दृष्टि भएका बालबालिकाहरूलाई कक्षाको अगिल्लो स्थानमा बस्ने व्यवस्था गरिन्छ । छात्राहरू, अपाङ्गता भएका, पिछडिएको समूहका, द्वन्द्वपीडित आदि समूहका विद्यार्थीका लागि सरकारी तवरबाट छात्रवृत्तिको व्यवस्थासमेत गरिएको छ ।

यहाँ उल्लेख गरिएबाहेक शिक्षामा पहुँच र समावेशिता वृद्धि गर्नका लागि नेपाल सरकारले निम्नअनुसारका कार्यहरू गरिरहेको छ ।

आधारभूत तहसम्म अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्था

मध्यमिक तहसम्म नि:शुल्क शिक्षाको व्यवस्था

कक्षा १२ सम्म नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था

महिला, दलित, सीमान्कृत, द्वन्दपीडित आदि समूहका बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था

ब्रेल पाठ्यपुस्तक छपाइ र नि:शुल्क वितरणको व्यवस्था

विद्यालय भवनलगायतका भौतिक संरचनालाई अपाङ्गमैत्री बनाउने व्यवस्था

विद्यालयमा छुट्टै शौचालयको व्यवस्था

विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष स्रोत कक्षाहरूको व्यवस्था

अपाङ्गमैत्री मूल्याङ्कन पद्धतिको व्यवस्था

## क्रियाकलाप

१. तपाईँको विद्यालयमा फरक क्षमता वा आवश्यकता भएका बालबालिका कति छन् ? तिनीहरूको विवरण सङ्कलन गरी तलको तालिका भर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| फरक क्षमताको प्रकार | सङ्ख्या | शिक्षाका लागि विशेष आवश्यकता | विद्यालयले गरेको विशेष व्यवस्था |
|---|---|---|---|
| सुस्तश्रवण | | | |
| बौद्धिक अपाङ्गता | | | |
| दृष्टिविहीन | | | |
| भाषिक अल्पसङ्ख्यक | | | |
| द्वन्द्व पीडित | | | |

२. कक्षाका विद्यार्थी चार पाँच जनाको समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहमा व्यक्तिलाई शिक्षाको पहुँचबाट वञ्चित गराउने कारणहरू र शिक्षामा पहुँच वृद्धि गर्ने उपायहरूबारे छलफल गरी उक्त छलफलको निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. तलका प्रश्नका उत्तर दिनुहोस् :

(क) शिक्षामा पहुँच भन्नाले के बुझिन्छ ?

(ख) समानता र समताबिचको एउटा भिन्नता लेख्नुहोस् ।

(ग) शिक्षामा समावेशिताको परिचय दिनुहोस् ।

(घ) नेपालको संविधानले मौलिक हक अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षाका लागि कस्तो व्यवस्था गरेको छ ?

(ङ) शिक्षामा पहुँच हुनबाट रोक्ने बाधाहरूमध्ये कुनै पाँचओटाको छोटो परिचय दिनुहोस् ।

(च) फरक क्षमता तथा आवश्यकता भएका बालबालिकाहरूलाई छुट्टै कक्षामा राख्ने विधि र उनीहरूलाई पनि सामान्य बालबालिकाहरूसँगै राखेर शिक्षण गर्ने तरिका, समावेशिताबिच फरक छुट्याउनुहोस् ।

(छ) शिक्षामा पहुँच वृद्धि गर्न राज्यबाट अवलम्बन गरिएका उपायहरूको समीक्षा गर्नुहोस् ।

(ज) शिक्षामा समावेशिताले ल्याएका सकरात्मक परिवर्तनहरूको चर्चा गर्नुहोस् ।

पाठ : 3

# शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तन र प्रभाव

## सामाजिक विकास

समाजको सफलता यसका सदस्यहरूको सफलतासँग जोडिने भएकाले समाजका प्रत्येक व्यक्तिले आफ्नो क्षमताको उच्चतम तहसम्म पुग्न सक्ने गरी उनीहरूको सुविधामा सुधार गर्नु नै सामाजिक विकास हो । व्यक्तिले आत्मविश्वास र आत्मसम्मानका साथ आफ्नो समृद्धितर्फको यात्रा गर्नबाट रोक्ने सबै बाधाहरू हटाउनुपर्दछ, जस्तै : गरिबीमा बाँचिरहेका मानिसहरूलाई यसबाट मुक्त गरी समृद्धितर्फ लैजानु सामाजिक विकास हो । सामाजिक विकासले मानिसहरूलाई दुःख पीडा, असहजता, बाधा बन्धन, सीमितता, अन्याय, अज्ञानता, असक्षमता आदिबाट मुक्ति दिलाई सहज, सुखी र खुसी जीवन यापन गराउने लक्ष्य राख्छ । संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमले शिक्षा, स्वास्थ्य र आम्दानीलाई मानव विकासका तीन क्षेत्र मानेको छ । त्यसमध्ये शिक्षा र स्वास्थ्यलाई चाहिँ सामाजिक विकासका पक्षहरू मानिएको छ ।

## सामाजिक विकासमा शिक्षाको भूमिका

मानव विकास गर्नका लागि सामाजिक विकास आवश्यक छ । शिक्षा र स्वास्थ्यलाई सामाजिक विकासका मुख्य तत्त्वहरू मानिन्छ । शिक्षाले मानिसहरूलाई ज्ञान, सिप र प्रविधि सिकाउनुका साथै उसको बानी व्यवहारमा पनि सुधार ल्याउन मदत गर्दछ । त्यसकारण सामाजिक विकासमा शिक्षाको भूमिका महत्त्वपूर्ण हुने कुरा सर्वमान्य छ । शिक्षाले सामजिक विकासमा निम्नानुसारका भूमिका खेल्छ :

### सामाजिकीकरण

मानिसलाई समाजको मूल्य मान्यता, नैतिकता, नीति नियम, परम्परा, रीतिरिवाज, कला, साहित्य जस्ता सामाजिकीकरणका प्रक्रिया सिकाउने एउटा महत्त्वपूर्ण माध्यम शिक्षा हो ।

### क्षमता विकास

शिक्षाले ज्ञान, सिप र प्रविधि दिएर व्यक्तिलाई दक्ष जनशक्ति बनाउँछ । यस्तै शिक्षाले आफूलाई आवश्यक परेको ज्ञान, सिप र प्रविधि प्राप्त गर्ने क्षमतासमेत विकास गराउँछ ।

### आर्थिक समृद्धि

शिक्षित व्यक्तिहरूले आफै रोजगारी सिर्जना गरी आफ्नो आर्थिक विकास गर्न सक्छन् । त्यस्तै यिनीहरू दक्ष जनशक्ति भएकाले स्वदेशी वा वैदेशिक रोजगारी सहजै प्राप्त गर्न सक्छन् । अदक्ष जनशक्तिभन्दा दक्ष जनशक्तिको आम्दानी बढी हुने भएकाले यिनीहरूले चाँडै आफ्नो आर्थिक अवस्था सुधार गर्दछन् । यसरी शिक्षाले गरिबी निवारणमा सहयोग पुऱ्याउँछ ।

### सबल अर्थतन्त्र

व्यक्ति व्यक्तिको विकासको समग्र रूप नै राष्ट्रिय विकास हो । शिक्षाले व्यक्तिको क्षमता विकास र आर्थिक विकाससमेत गर्ने भएकाले यसले राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन सहयोग गर्दछ ।

### असल स्वास्थ्य

शिक्षित व्यक्तिहरू आफ्नो स्वास्थ्यप्रति सचेत हुन्छन् । उनीहरू काम, आराम र खानाबिचमा सन्तुलन गर्न सक्षम हुन्छन् । त्यस्तै उनीहरू स्वस्थ खानेकुराहरू उचित समय र मात्रामा खान जान्दछन् । उनीहरू बिस्कुट, चाउचाउ जस्ता बजारमा पाइने अल्पपोषक खानेकुराहरूका सट्टा घरमै बनेका खानेकुरा खाने गर्दछन् ।

### गुणस्तरीय जीवनस्तर

व्यक्तिको आर्थिक अवस्था सुधार हुनु भनेको क्रयशक्ति वृद्धि हुनु हो । यस्ता व्यक्तिले आफ्नो जीवनलाई सहज र आरामदायी बनाउन आवश्यक भौतिक वस्तुहरू खरिद गर्न सक्छन् । त्यस्तै शिक्षित व्यक्तिहरू असल तथा स्वस्थ बानी व्यवहार गर्ने भएकाले पनि यिनीहरूको जीवन गुणस्तरीय हुन्छ ।

### लोकतान्त्रिक समाज निर्माण

लोकतन्त्र एउटा राजनीतिक व्यवस्था मात्र नभएर लोकतान्त्रिक व्यवहार पनि हो । शिक्षित व्यक्तिहरूले लोकतान्त्रिक मूल्य र मान्यता आत्मसात् गर्ने भएकाले यिनीहरूले लोकतन्त्रको स्थापना र सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

### सशक्तीकरणका साधन

शिक्षानै समाजमा पछि परेका वा सीमान्तकृत समूहलाई सशक्तीकरण गराउने पहिलो उपाय हो । नेपालमा महिला, जनजाति, दलित आदि समूहका मानिसहरूलाई सशक्तीकरण गराउन उनीहरूको शिक्षामा पहुँच वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यसले उनीहरूको क्षमता तथा चेतनास्तरमा वृद्धि गराउँछ । त्यस्तै उनीहरूको आर्थिक स्थिति पनि सुधार गराउँछ ।

### असमानता न्यूनीकरण

शिक्षाले मानिसमा सचेतना बढाउने भएकाले यसले समाजमा भएका आर्थिक, जातीय, लैङ्गिक, क्षेत्रीय आदि असमानतालाई न्यूनीकरण गर्न मदत गर्दछ । यस्तै शिक्षाले समाजमा भएका विविधतालाई समस्या होइन अवसरका रूपमा ग्रहण गर्न सिकाउँछ ।

### द्वन्द्व तथा अपराध न्यूनीकरण

शिक्षाका कारण मानिसले रोजगार प्राप्त गर्ने तथा रोजगार व्यक्तिहरू आफ्ना काममा व्यस्त रहने भएकाले उनीहरू द्वन्द्व तथा अपराध कार्यमा संलग्न हुन चाहँदैनन् । यसरी शिक्षाले समाजमा द्वन्द्व र अपराध न्यूनीकरणमा पनि सहयोग गर्दछ ।

### सक्षम नेतृत्व छनोट

शिक्षित व्यक्तिहरूले आफ्नो नेतृत्व छनोट गर्दा धेरै विचार पुऱ्याउँछन् । यसरी छनोट गर्दा सक्षम र उपयुक्त नेतृत्व छनोट हुन्छ ।

### दिगो विकास

शिक्षित व्यक्तिहरूले मानिस र वातावरणको सम्वन्ध राम्ररी बुझ्ने भएकाले उनीहरू दिगो विकासप्रति सचेत हुन्छन् । उनीहरू कुनै पनि स्रोत वा साधनको अनावश्यक प्रयोग गर्दैनन् । त्यसको सट्टा स्रोतसाधनको पुनःप्रयोग र पुनःनवीकरण गर्दछन् ।

### व्यक्तित्व निर्माण

शिक्षाका प्रमुख उद्देश्यमध्ये व्यक्तिको व्यक्तित्व निर्माण पनि एक हो । यसका लागि सांस्कृतिक जमघटमा सहभागी भई सामाजिक अन्तरक्रिया, व्यक्तिगत क्षमता विकास, सामाजिक गतिशीलता जस्ता पक्षहरू महत्त्वपूर्ण हुन्छन् । शिक्षाले यी पक्षहरूमा सवल तथा सक्षम बनाउने भएकाले व्यक्तित्त्व निर्माणमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ ।

### वातावरण संरक्षण

शिक्षित व्यक्तिहरू वातावरणको महत्त्वप्रति सचेत हुने भएकाले उनीहरू वातावरण संरक्षण गर्ने कार्यहरूमा संलग्न हुन्छन् । यस्ता व्यक्तिले स्रोत र साधन अनावश्यक प्रयोग गर्दैनन् ।

## शिक्षाले सांस्कृतिक विकासमा पार्ने प्रभाव

शिक्षाले पुराना संस्कृतिलाई सामाजिकीकरणका माध्यमवाट निरन्तरता दिन्छ भने नयाँ ज्ञान र अनुभवका आधारमा पुराना संस्कृतिलाई परिमार्जन तथा नयाँ संस्कृतिको सिर्जना पनि गर्दछ । शिक्षाले संस्कृतिमा पार्ने प्रभावहरू निम्नअनुसार छन् :

### (क) संस्कृतिको संरक्षण

औपचारिक तथा अनौपचारिक शिक्षाले समाजमा भएका परम्परा, रीतिरिवाज, मूल्य मान्यता, कला, नैतिकता आदिलाई सिकारुको मस्तिष्कमा राखिदिने कार्य गर्दछ । यसरी शिक्षाले संस्कृति र सामाजिक सम्पदाको संरक्षण गर्न मदत गर्दछ ।

### (ख) संस्कृतिको प्रसारण

हामी संस्कृतिविनाको समाज हामी कल्पना पनि गर्न सक्दैनौँ । एक पुस्तावाट अर्को पुस्तामा संस्कृतिको हस्तान्तरण गर्ने कार्य शिक्षावाट मात्र सम्भव हुन्छ । यसरी संस्कृतिको हस्तान्तरण गर्ने कार्य शिक्षाले पूरा गर्दछ ।

### (ग) संस्कृतिको प्रवर्धन

शिक्षाले संस्कृतिको संरक्षण र प्रसारण गर्नुका साथै परिवर्तित परिस्थितिअनुसार संस्कृतिमा परिवर्तन र

सुधार पनि ल्याउँछ । पुराना असान्दर्भिक सांस्कृतिक मूल्य मान्यताहरूलाई विस्थापित गर्ने वा सुधार गर्ने कार्य शिक्षाले नै गर्दछ ।

### (घ) परिवर्तित संस्कृतिमा समायोजन

समाज परिवर्तनशील भएकाले समाजको संस्कृति पनि परिवर्तन भइरहन्छ । तर सामान्यतया: मानिस परिवर्तनलाई आत्मसात् गर्न तयार हुँदैन । शिक्षाले मानिसलाई यस्ता सांस्कृतिक परिवर्तनलाई आत्मसात् गरी आफूलाई समायोजन गर्न सिकाउँछ ।

### (ङ) सांस्कृतिक अन्तरघुलन

यातायात तथा सञ्चारको विकासले गर्दा अहिले विश्व एउटा सानो गाउँ बनेको छ । विश्वको एक कुनामा भएको संस्कृति अर्को कुनासम्म विस्तार भइरहेको छ । त्यस्तै एउटै स्थानमा पनि विभिन्न संस्कृतिहरू प्रचलनमा रहेका हुन्छन् । शिक्षाले यस्ता विभिन्न संस्कृतिहरूबिच अन्तरघुलन गराउन सहयोग गर्दछ ।

### (च) सांस्कृतिक पछौटेपन हटाउन सहयोग

विज्ञान तथा प्रविधिको विकासले मानिसहरूको भौतिक संस्कृतिको छिट्टै विकास हुन्छ । यसले गर्दा मानिसले आधुनिक जीवनयापन गर्न थाल्छ अनि गैरभौतिक संस्कृतिलाई उपेक्षा गर्दछन् । यस अवस्थालाई नै सांस्कृतिक पछौटेपन भनिएको हो । यसलाई हटाउनका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकमा सांस्कृतिक विषय समावेश गरिन्छ । यसरी शिक्षाले सांस्कृतिक पछौटेपन हटाउन पनि प्रमुख भूमिका खेल्छ ।

## *क्रियाकलाप*

**१. शिक्षाले देशको सामाजिक तथा सांस्कृतिक विकासमा पार्ने प्रभावबारे छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**२. 'शिक्षाले सांस्कृतिक अन्तरघुलन बढाउँछ' भन्ने शीर्षकमा एक सम्पादकीय तयार पार्नुहोस् ।**

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) सामाजिक विकास भन्नाले के बुझिन्छ ?

(ख) शिक्षाले देशको अर्थतन्त्रलाई कसरी सबल बनाउँछ ?

(ग) शिक्षाले समाजिक विकासमा पुऱ्याउन सक्ने कुनै पाँच योगदानको सूची बनाउनुहोस् ।

(घ) संस्कृतिको विकास र प्रवर्धनमा शिक्षाको कस्तो भूमिका हुन्छ ? व्याख्या गर्नुहोस् ।

(ङ) 'सांस्कृतिक पछौटेपन हटाउन शिक्षाको भूमिका महत्त्वपूर्ण हुन्छ' यस भनाइलाई आफ्नो तर्कसहित पुष्टि गर्नुहोस् ।

पाठ : ८

# शिक्षामा समुदायको सहभागिता

तलको संवाद अध्ययन गरी दिइएका प्रश्नमाथि छलफल गर्नुहोस् :

**कोमलिका** : सुरज, शिक्षकले सामाजिक अध्ययन विषयमा शिक्षामा समुदायको सहभागितावारे पढाउनु भएको थियो नि, त्यो दिन त म विद्यालय आउन पाइन । तिमी त आएका थियौ । मलाई त्यसवारे बताउन न, है ।

**सुरज** : हुन्छ नि ! ल सुन, शिक्षा क्षेत्रमा समुदाय भन्नाले समुदायमा रहेका व्यक्तिहरू, समुदायमा आधारित विभिन्न संस्थाहरू, क्लब, गुठी, सहकारी, समूहहरू आदिलाई बुझिन्छ । शिक्षासम्बन्धी कुनै पनि समस्याको समाधान गर्न समुदायको सहभागिता महत्त्वपूर्ण मानिन्छ । कुनै निर्णय गर्न, उक्त निर्णय कार्यान्वयन गर्न, अनुगमन र मूल्याङ्कन गर्न, उक्त निर्णयलाई निरन्तरता दिन र संरक्षण गर्न सरोकारवालाहरूलाई सहभागी गराउनु नै वास्तविक सहभागिता हो ।

**कोमलिका** : ए ! विद्यालयको निर्णय प्रक्रियामा उपस्थित भएर चुपचाप बस्नु चाहिँ वास्तविक सहभागिता होइन रहेछ नि । त्यसका लागि त निर्णय प्रक्रियामा आफ्नो तर्क वा विचार राख्ने अनि निर्णय भइसकेपछि उक्त निर्णय कार्यान्वयनमा पनि सहभागी हुने अवस्था हुन्छ । यति मात्र नभई त्यसको अनुगमन र मूल्याङ्कनमा पनि सहभागी हुने र त्यस निर्णय कार्यान्वयन निरन्तरता वा त्यसबाट निर्मित संरचनाको संरक्षण गरे मात्र वास्तविक रूपमा सहभागिता हुने रहेछ ।

**सुरज** : विल्कुलै ठिक्क भन्यौ । वास्तवमा शिक्षाको सुरुआत नै समुदायबाट भएको हो । मानव विकासका क्रममा समुदायले नै शिक्षा दिने व्यवस्था सुरु गरेको पाइन्छ । त्यसको धेरैपछि मात्र राज्यस्तरबाट शिक्षामा योगदान दिन थालिएको हो । वैदिककालदेखि नै नेपालमा विभिन्न धर्मावलम्वीहरूका गुरुकुल, गुम्वा, मदरसा जस्ता आआफ्नै धार्मिक विद्यालयहरू थिए । गुरुकुलका विद्यार्थीले आफ्ना लागि आफैँ समुदायमा गई भिक्षा सङ्कलन गरेर ल्याउने गर्दथे । समुदायमा रहेका व्यक्ति र परिवारहरू विद्यार्थीलाई भिक्षा दिनु आफ्नो कर्तव्य सम्झन्थे । ती गुरुकुललाई राज्य वा राजाहरूले नियमित रूपमा केही जिम्मेवारी लिएका थिएनन् ।

**कोमलिका** : अहिले पनि यस्ता गुरुकुलहरू छन् त ?

**सुरज** : छन् नि, नेपालमा हिन्दुका गुरुकुलहरू छन् । त्यस्तै बौद्ध धर्मावलम्बीहरूका गोन्पा वा गुम्बाहरू छन् । इस्लाम धर्मावलम्बीहरूका मदरसाहरू छन् । तर अहिले त यस्ता शिक्षालयहरूलाई सरकारले पनि नियमित रूपमा आर्थिक सहयोग गर्दछ । यस्तो सहयोग विद्यालयमा भौतिक व्यवस्थापन गर्न, शिक्षक व्यवस्थापन गर्न, छात्रवृत्ति प्रदान गर्न, निःशुल्क पाठ्यपुस्तक वितरण गर्न प्रयोग गरिन्छ ।

**कोमलिका** : अहिलेका जस्ता साधारण विद्यालयको सुरुआत राणाशासन कालमा भएको त मलाई थाहा छ। तिनीहरूमा चाहिँ समुदायको सहभागिता कस्तो थियो नि ?

**सुरज** : प्रधानमन्त्री जङ्गबहादुर राणाले वि.सं. १९१० मा आफ्नै निवासमा दरबार स्कुल (हाल : दरबार हाइ स्कुल, रानीपोखरी, काठमाडौँ) स्थापना गरेपछि नेपालमा आधुनिक शिक्षाको सुरुआत भएको मानिन्छ । यो विद्यालय राणा परिवारका बालकलाई अङ्ग्रेजी शिक्षा दिन खोलिएकाले यसको व्यवस्थापनमा प्रत्यक्ष रूपमा जनसहभागिता रहेको थिएन । तर राणाशासन कालको पछिल्लो समयमा देशका विभिन्न स्थानमा समुदायले नै व्यवस्थापन गर्ने गरी विद्यालयहरू स्थापना गरिएको थियो । यस्ता विद्यालयहरूका जग्गा, भवन र शिक्षकलगायतका सम्पूर्ण व्यवस्थापन समुदायले गरेको हुन्थ्यो ।

**शिक्षामा समुदायको भूमिका**

शिक्षालयको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय कार्यमा आर्थिक, भौतिक तथा मानवीय सहयोग गर्ने

शिक्षालयको सिकाइलाई सहयोग पुऱ्याउने गरी घरको वातावरण बनाउन अभिभावकहरूलाई सचेतना र सहयोग दिने

शिक्षालय र घरबिच प्रभावकारी सञ्चार सम्बन्ध कायम गरी अभिभावकहरूलाई विद्यालयको कार्यक्रम र विद्यार्थीको प्रगतिबारे जानकारी दिने तथा शिक्षकलाई विद्यार्थीहरूको घरको वातावरणबारे जानकारी दिने

विद्यार्थीलाई गृहकार्य, परियोजना कार्य जस्ता सिकाइसँग सम्बन्धित कार्यहरूमा सूचना, विचार आदि दिएर सहयोग गर्ने

अभिभावकहरूलाई शिक्षालयको निर्णय प्रक्रियामा प्रभावकारी रूपमा सहभागी गराउने

शिक्षालयको कार्यक्रम, पारिवारिक अभ्यास तथा विद्यार्थीको सिकाइलाई सबल बनाउन समुदायमा भएका स्रोत साधन तथा सेवालाई पहिचान गरी शिक्षालयसँग एकाकार गराउने

**कोमलिका** : राणाशासनको अन्त्यपछि त सरकारी तवरबाट धेरै विद्यालयहरू खोलिएका थिए नि । ती विद्यालयमा समुदायको सहभागिता कस्तो थियो ?

**सुरज** : हो, धेरै विद्यालय त खोलिए । तर ती विद्यालयमा सरकारको लगानीभन्दा समुदायकै लगानी बढी हुन्थ्यो । सरकारले वार्षिक रूपमा केही रकम दिने गर्दथ्यो । समुदायले विद्यालयका लागि जग्गा, भवनलगायत शिक्षकहरूका लागि खाने बस्ने व्यवस्थासमेत गर्नुपर्दथ्यो । विद्यालयमा सञ्चालक समितिको व्यवस्था थियो । सरकारी अनुदानले सबै व्यवस्था गर्न नपुग्ने भएकाले सञ्चालक समितिले नै चन्दा र श्रमदान जुटाएर विद्यालय सञ्चालन गर्दथ्यो । कतिपय विद्यालयहरूमा

गुठीको समेत व्यवस्था गरिएको थियो । वि.सं. २०२८ मा नयाँ शिक्षा योजना (राष्ट्रिय शिक्षा पद्धतिको योजना) लागु गरिएपछि राज्यले विद्यालय शिक्षालाई पूर्ण रूपले सरकारीकरण गऱ्यो । सञ्चालक समितिको सट्टा विद्यालय सहयोग समितिको व्यवस्था गरियो । सहयोग समितिलाई विद्यालयलाई सहयोग गर्ने निकायका रूपमा सीमित गर्न खोजिए पनि विद्यालयको भौतिक व्यवस्थापनमा अझै पनि समुदाय कै प्रमुख भूमिका रहेको थियो ।

**कोमलिका** : वि.सं. २०४६ मा प्रजातन्त्र पुनर्स्थापना भएपछि त समुदायको भूमिका फेरि बढ्यो नि, होइन ?

**सुरज** : हो, प्रजातन्त्र पुनस्थापनापछि सरकारले शिक्षामा समुदायको भूमिका बढाउने नीति लियो । विद्यालय सहयोग समितिको स्थानमा विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरियो । सरकारले निश्चित अनुदान दिएर अरू व्यवस्थापन समुदायले नै गर्ने व्यवस्था गऱ्यो । त्यसबाहेक विद्यालयको आर्थिक, भौतिक, शैक्षिक तथा प्रशासनिक पक्षहरूको व्यवस्थापन समुदायले गर्ने गरी विद्यालय सञ्चालन गर्ने अनुमतिसमेत प्रदान गरियो । सरकारी अनुदान पाउने वा नपाउने सबै समुदायले सञ्चालन गरेका विद्यालयहरूलाई 'सामुदायिक विद्यालय' र निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूलाई 'संस्थागत विद्यालय' भनी नामाकरण गरियो । प्रजातन्त्रको पुनर्स्थापना पछि समुदायले धेरै सामुदायिक क्याम्पसहरू समेत स्थापना र सञ्चालन गरेका छन् । यस्ता क्याम्पसको सम्पूर्ण व्यवस्थापन समुदायले गर्दछ ।

**कोमलिका** : यसरी समुदायले शिक्षामा धेरै योगदान गर्ने रहेछ, हगि ? समुदायको सहभागिता हुनाले शिक्षा विकासमा के कस्ता फाइदाहरू हुन्छन् नि ? यसबारे पनि तिमीलाई थाहा छ त ?

**सुरज** : यस बारेमा पनि शिक्षकले कक्षामा बताउनुभएको थियो । तीमध्ये केही मात्र मलाई याद छ । समुदायको सहभागिताले शिक्षालयको भौतिक स्रोत र साधनमा वृद्धि त गर्छ। यसबाहेक शिक्षक, अभिभावक र समुदायबिचको सहकार्यबाट विद्यार्थीको सिकाइमा उच्च सफलता सम्भव हुन्छ । शिक्षालयको समयभन्दा पहिला र शिक्षालयको समयभन्दा पछाडिको समय विद्यार्थीले समुदाय र परिवारमा नै बिताउने भएकाले उनीहरूको सिकाइमा समुदायले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ । समुदायको संलग्नताले शिक्षालयमा विद्यार्थीहरूको भर्नादर, नियमितता र उपलब्धिमा वृद्धि गर्दछ । आफू सहभागी भएर गरिएका कार्यहरूमा अपनत्वको भावना विकास हुन्छ । त्यसैले त्यस्ता कार्यहरूको संरक्षणमा समुदाय नै लागिरहने हुन्छ ।

**कोमलिका** : हो नि, यसकारण समुदायको सहभागितामा गरिएका कार्यक्रमहरू तथा स्रोतसाधनहरू लामो समयसम्म टिकाउ रहन्छन् ।

**सुरज** : यस्तै समुदायलाई आवश्यक र उपयुक्त पाठ्यक्रम तथा सिकाइ सामग्री विकासमा समेत समुदायले भूमिका खेल्न सक्छ । शिक्षालय र समुदायबिचको सुमधुर सम्बन्ध

स्थापना गर्न र यस्तो सम्बन्धलाई विकसित गर्न पनि समुदायकै भूमिका रहेको हुन्छ। समुदायको सहभागिता भएमा शिक्षालयमा लोकतान्त्रिक मूल्य मान्यताको सफल अभ्यास गर्न सकिन्छ। शिक्षालयको आर्थिक, भौतिक तथा शैक्षिक कार्यक्रमहरूबारे समुदायले चासो लिएमा जवाफदेहिता र पारदर्शिता कायम हुन्छ, जस्तै : नेपालमा यस्ता कार्यक्रमहरूको सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ।

**कोमलिका** : आज धेरै काम लाग्ने कुराहरू बतायौ। यसका लागि धेरै धन्यवाद छ, सुरज। ल मेरो घर आइपुग्यो। खाजा खाएर जाऊ है।

**सुरज** : खाजा चाहिँ अरू कुनै दिन खाउँला, कोमलिका। आमाबुबा खेतमा जानु भएकाले आज म चाडै घर पुगेर घरको काम गर्नु छ।

**कोमलिका** : ए, त्यसो भए जाऊ त। म पनि खाजा खाएर खेतमा आमाबुबालाई सघाउन जान्छु।

## *क्रियाकलाप*

**१. विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस्। एउटा समूहले तपाईंको विद्यालयको शैक्षिक कार्यक्रम, दोस्रो समूहले विद्यालयको भौतिक स्रोत साधनहरू तथा तेस्रो समूहले विद्यालयको मानवीय स्रोत साधनहरूको सूची बनाउनुहोस्। ती स्रोत साधनहरूको निर्माण वा विकासमा समुदायको भूमिका के कस्तो रहेको छ ? सोसमेत उल्लेख गरी चार्ट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्।**

**२. "शिक्षाको विकासमा सरकारको भूमिकाभन्दा समुदायको भूमिका बढी महत्त्वपूर्ण छ।" शीर्षकमा एक वादविवाद कार्यक्रम/प्रतियोगिता आयोजना गर्नुहोस्।**

## *अभ्यास*

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) समुदायको सहभागिता भन्नाले के बुझिन्छ ?

(ख) राणा शासनकालमा विद्यालयहरू विकास नहुनाको एक कारण दिनुहोस्।

(ग) शिक्षाले समुदायको विकासमा खेल्ने कुनै एक भूमिका उल्लेख गर्नुहोस्।

(घ) तपाईंको विद्यालयका भवनहरू कसकसको सहयोगमा बनेका हुन् ?

(ङ) शिक्षाको विकासमा समुदायको भूमिका के कस्तो हुन्छ ? व्याख्या गर्नुहोस्।

(च) शिक्षाको विकासमा समुदायले पुऱ्याउन सक्ने योगदानबारे चर्चा गर्नुहोस्।

पाठ : ५

# शिक्षा र रोजगार

## तलका घटनाहरू अध्ययन गरौँ :

### घटना १

शङ्करका आमाबुबाको आर्थिक अवस्था कमजोर भए तापनि उहाँहरूले धेरै मिहिनेत गरेर उनलाई विश्वविद्यालय शिक्षासम्म पुऱ्याउनुभयो । शङ्कर पनि असाध्यै मिहिनेती विद्यार्थी थिए । उनले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म कहिल्यै असफल हुनु परेन । विश्वविद्यालयबाट दीक्षित भएपछि उनी रोजगारी खोज्न थाले । करिब एक महिनापछि उनले आफ्नो योग्यता सुहाउँदो रोजगारी पाए । तर उक्त रोजगारीमा उनको रुचि नभएपछि उनी आफ्नै गाउँ फर्किए ।

गाउँमा उनीहरूको खेतीपाती थियो । उनी त्यही खेतीपातीको काम गर्न चाहन्थे । तर उनका आमाबुबा गाउँलेहरूले के भन्लान् ? भनेर उनलाई खेतबारीको काम गर्न दिनु हुन्नथ्यो । तर उनले आमाबुबालाई सम्झाएर खेतबारीमा काम गर्न थाले । उनले बेमौसमी तरकारी खेती गर्न सुरु गरे । सँगसँगै गाईफर्म र कुखुरापालन पनि सुरु गरे । अहिले उनको फर्ममा १० जना गाउँका युवाहरूले पनि रोजगारी पाएका छन् ।

### घटना २

सरलाको गाउँमा प्राविधिक विद्यालय खोलिएको छ । उनले कक्षा ९ बाटै पशुविज्ञान विषय लिएर प्राविधिक शिक्षा अध्ययन गरिन् । उनका केही साथीहरू कक्षा १२ पूरा गरेपछि नै भेटेरिनरी क्लिनिक खोलेर स्वरोजगार भएका छन् । अन्य केही साथीहरूले विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूमा रोजगारी पाएका छन् । उनी पनि रोजगारी सुरु गर्ने कि अध्ययनलाई निरन्तरता दिने भन्ने द्विविधामा थिइन् । तर उनका आमाबुबाले अध्ययनलाई नै निरन्तरता दिने सल्लाह दिनुभयो । त्यसैले उनी अहिले क्याम्पसमा पशुविज्ञान नै अध्ययन गरिरहेकी छिन् ।

### घटना ३

मन्सुरको गाउँमा मदरसा विद्यालय मात्र थियो । उनका आमाबुबाले उनको पढाइमा खर्च गर्न नसक्ने भएकाले उनले मदरसा विद्यालयमा आधारभूत तह पूरा गरेपछि अर्को विद्यालयमा अध्ययन गर्न पाएनन् । त्यसपछि उनी आफ्नै गाउँमा आमाबुबाको काममा सहयोग गरेर बसेका थिए । गत वर्ष सरकारका तर्फबाट छ महिने निःशुल्क सिपमूलक तालिम सञ्चालन हुने खबर आयो । उनले पनि बिजुली जडानसम्बन्धी तालिम लिए । उक्त तालिम सकिएपछि उनले गाउँमै बिजुली पसल खोलेका छन् । अहिले उनको गाउँ वरपरका घरमा बिजुली जडान गर्न उनलाई नै बोलाउँछन् । मन्सुरलाई भ्याइनभ्याइ भएको छ ।

अब तलका प्रश्नहरूमा छलफल गरौँ :

(क) शङ्करले सहरमै जागिर खाएर बसेका भए के के फरक हुन्थ्यो होला ?

(ख) कस्तो शिक्षाले स्वरोजगार सिर्जना गर्न सक्छ ?

(ग) ज्ञानमा आधारित शिक्षा र सिपमा आधारित शिक्षाले रोजगारीमा कस्तो प्रभाव पर्दछ ?

(घ) तपाईंलाई साधारण शिक्षा र प्राविधिक शिक्षामध्ये कुन बढी मनपर्छ, किन ?

## नेपालमा रोजगार क्षेत्रका समस्याहरू

नेपालमा प्रत्येक वर्ष पाँच लाख युवा श्रम बजारमा प्रवेश गर्छन् भनिन्छ । तर त्यहीअनुरूप रोजगारका अवसर सिर्जना हुन नसकेकाले बेरोजगारको समस्या चर्कंदै गएको छ । विश्वविद्यालयहरूले वर्सेनि ज्ञानमा आधारित शिक्षा (साधारण शिक्षा) प्रदान गरी लाखौँको सङ्ख्यामा जनशक्तिलाई श्रम बजारमा पठाउँछन् । तर श्रम बजारमा ती व्यक्तिहरूमध्ये थोरैले मात्र रोजगारी पाउने अवस्था छ । श्रमबजारमा रोजगार उपलब्ध नहुनु र उपलब्ध रोजगारका लागि सिप र दक्षता भएका जनशक्ति उपलब्ध नहुनु नै नेपालको रोजगारी क्षेत्रको प्रमुख समस्या हो । एकातिर विश्वविद्यालयहरूबाट दीक्षित जनशक्ति बेरोजगार रहेका छन् भने अर्कोतिर विभिन्न क्षेत्रमा आवश्यक जनशक्ति विदेशबाट आयात गर्नु परिरहेको छ, जस्तैः सिलाइ, कटाइ, सुन चाँदीका गहना बनाउने जस्ता छोटो समयको तालिमबाट नै सिप दिन सकिने क्षेत्रदेखि जलविद्युत, पुल, सुरुङमार्ग, रेलमार्ग जस्ता क्षेत्रमा उच्च स्तरीय जनशक्ति पर्याप्त मात्रामा देशभित्र उपलब्ध छैन ।

## नेपालमा बेरोजगारीका कारणहरू

साधारण शिक्षाले उत्पादन गरेका ज्ञानमा आधारित जनशक्ति मात्रै नेपालमा बेरोजगारी बढ्नुमा जिम्मेवार छैन । शिक्षाबाहेक अन्य विभिन्न कारणले गर्दा पनि नेपालमा बेरोजगारी बढिरहेको छ । यस्ता केही कारणहरू निम्नानुसार छन् :

- विश्वविद्यालयले उत्पादन गर्ने श्रमशक्तिमा सैद्धान्तिक ज्ञान पर्याप्त भए तापनि प्राविधिक, व्यावहारिक तथा प्रयोगात्मक ज्ञानको कमी हुनु
- श्रमशक्तिसँग विद्यमान सिप तथा दक्षताअनुसारको अवसर नेपाली श्रमबजारमा उपलब्ध नहुनु
- उच्च जनसङ्ख्या वृद्धिदरका कारण पुराना बेरोजगारलाई रोजगारीको अवसर सिर्जना हुन नपाउँदै नयाँ बेरोजगारहरू श्रमबजारमा प्रवेश गर्नु
- मुद्राको क्रय शक्तिमा आएको ह्रास र विभिन्न कारणले गर्दा व्यापार व्यवसायमा आएको मन्दीको प्रभावले गर्दा नयाँ रोजगारी सिर्जनामा कमी हुनु तथा पुरानो रोजगारीका अवसरसमेत सङ्कटमा पर्नु
- व्यापार व्यवसायको वृद्धिदर कम रहेकाले उच्च दरमा रोजगारीको अवसर सिर्जना नहुनु
- उद्योगहरूमा मानव संसाधनको सट्टा प्रविधिको प्रयोगमा जोड दिनु
- कृषिमा निर्भर अधिकांश व्यक्ति तथा परिवार मौसमी बेरोजगारीका सिकार हुनु

- सम्भावना बोकेका श्रमशक्ति विदेश पलायन हुने भएकाले नयाँ अवसर सिर्जना हुन नसक्नु
- श्रमबजारमा उपलब्ध रोजगारीका लागि सिप र दक्षता भएका जनशक्ति उपलब्ध नभई विदेशबाट जनशक्ति आयात गर्न बाध्य हुनु
- कामलाई सानो मान्ने प्रचलनले गर्दा केही क्षेत्रहरूमा रोजगारका लागि वैदेशिक जनशक्ति ल्याउन बाध्य हुनु

## नेपालमा बेरोजगारीका असरहरू

पूर्ण रूपमा रोजगारी प्राप्त नभएको अवस्थामा व्यक्तिको आम्दानी कम हुने भएकाले उसको क्रयशक्ति कमजोर हुन्छ । त्यसकारण उसले गुणस्तरीय जीवन बिताउन सक्दैन । तर बेरोजगारीको असर यतिमा मात्रै सीमित हुँदैन । यसको असर त परिवार, समाज हुँदै समग्र राष्ट्रमा नै पर्दछ । यसका केही असरहरू निम्नानुसार छन् :

### गरिबी

बेरोजगार व्यक्तिको आर्थिक अवस्था कमजोर हुन्छ । उनीहरूले उपलब्ध स्रोतसाधनको उपयोग गर्न सक्दैनन् । यस्तो गरिबीको अवस्थाले उनीहरूको परिवारको स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा नकारात्मक असर पर्दछ ।

### बिरामी र निराशा

बेरोजगारीका कारण व्यक्तिमा निराशा छाउँछ । उसले आफूलाई काम नलाग्ने व्यक्तिका रूपमा मूल्याङ्कन गर्दछ । यसले गर्दा व्यक्तिमा उच्च रक्तचाप, मुटु रोग जस्ता शारीरिक तथा डिप्रेसन जस्ता मानसिक रोगहरू लाग्न सक्छन् ।

### कुलत एवम् दुर्व्यसन

बेरोजगार व्यक्तिहरू जुवातास खेल्ने, लागुऔषध सेवन गर्नेलगायतका विभिन्न कुलत तथा दुर्व्यसनमा लाग्ने सम्भावना बढी हुन्छ ।

### अपराधमा वृद्धि

बेरोजगार व्यक्तिलाई विभिन्न कुलतका लागि वा अन्य प्रयोजनका लागि समेत रकमहरू आवश्यक हुने भएकाले यस्ता व्यक्तिहरू चोरी डकैती, झैझगडा, हत्या हिंसा जस्ता आपराधिक क्रियाकलापमा संलग्न हुने सम्भावना रहन्छ ।

### बौद्धिक पलायन

देशमा आफ्नो योग्यता र क्षमताअनुसारको रोजगारी नपाएपछि व्यक्तिहरू वैदेशिक रोजगारमा जाने गर्दछन् । वैदेशिक रोजगारीका लागि विकसित देशमा गएका व्यक्तिहरू उतै रहने सम्भावना रहन्छ, जस्तै : अस्ट्रेलिया, युरोप, अमेरिका गएका व्यक्तिहरू विरलै फर्किएका छन् ।

### आर्थिक वृद्धिमा कमी

देशको आर्थिक वृद्धि हुनका लागि देशका नागरिकहरूको आम्दानी बढ्नुपर्दछ । तर बेरोजगारीका कारण व्यक्तिको आम्दानी बढ्न सक्दैन अनि देशको आर्थिक वृद्धिदर पनि न्यून हुन जान्छ ।

### राजनीतिक अस्थिरता

बेरोजगार व्यक्तिहरू बन्द, हडताल, विरोध प्रदर्शन जस्ता विभिन्न प्रकारका सरकार बिरोधी गतिविधिमा संलग्न हुने भएकाले देशमा राजनीतिक स्थिरता कायम रहन सक्दैन । यसका कारण राजनीतिक क्षेत्रमा विभिन्न विकृतिहरू देखा पर्दछन् । यसले गर्दा समाजमा अशान्ति, झैझगडा, द्वन्द्व आदि बढ्न जान्छ ।

## बेरोजगारी समस्या समाधान गर्ने उपायहरू

बेरोजगारी समस्या समाधान गर्नु भनेको नै श्रमबजारको मागअनुसारका जनशक्ति तयार गर्नु तथा रोजगारीका अवसरहरू बढाउनु हो । शिक्षा क्षेत्रले श्रमबजारको आवश्यकता सर्वेक्षण गरी योजनाबद्ध रूपमा दक्ष जनशक्ति उत्पादन गर्नुपर्दछ । त्यस्तै सरकारी तथा गैरसरकारी क्षेत्रबाट पर्याप्त मात्रामा नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्दछ । नेपालमा बेरोजगारी समस्या समाधानका लागि निम्न उपायहरू अवलम्बन गर्नुपर्दछ :

- गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा : व्यवसाय तथा रोजगारमूलक गुणस्तरीय शिक्षाको प्रभावले बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न सकिन्छ ।
- कृषिको आधुनिकीकरण र बजारीकरण : नेपाल कृषिप्रधान देश भएकाले निर्वाहमुखी कृषिलाई व्यवसायमुखी बनाउन तथा उत्पादनमूलक उद्योगमा विशेष जोड दिई रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ ।
- तीव्र औद्योगीकरण : तीव्र औद्योगीकरण गर्नका लागि ठुलो मात्रामा श्रमशक्तिको जरुरी पर्ने भएकाले बेरोजगारी समस्या समाधान मदत पुग्छ ।
- जनसङ्ख्या व्यवस्थापन : जनसङ्ख्या शिक्षा र परिवार योजना जस्ता उपायहरूबाट सन्तुलित आकारको जनसङ्ख्या व्यवस्थापन गर्न सकेमा रोजगारीको अवसर प्रदान गर्न सजिलो हुन्छ ।
- पुँजी निर्माण :उपभोक्तावादी संस्कृतिमा सुधार ल्याई खर्चमा भन्दा पुँजी निर्माण र लगानीमा जोड दिन सकेमा बेरोजगारी समस्या समाधान गर्न मदत पुग्छ ।
- लगानीमैत्री वातावरण : स्वदेशी तथा विदेशी पुँजीलाई आकर्षित गर्न सकेमा उद्योग व्यापारको विकास भई रोजगारी सिर्जनामा सहयोग पुग्छ ।
- छोटो अवधिका सिपमूलक तालिम : सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सिप र प्रविधियुक्त छोटो अवधिको तालिमको प्रवन्धबाट बेरोजगारी समस्या समाधान गर्न मदत पुग्छ ।
- वैदेशिक सिप तथा दक्षता मिलान : वैदेशिक रोजगारमा गएका श्रमशक्तिसँगको सिप र दक्षताअनुसारको व्यावसायिक गतिविधि गर्न प्रोत्साहन गर्दा थप नयाँ रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ ।

- सुशासन र कुशल नेतृत्व : सुशासित सेवा प्रवाह, स्थिर राजनीतिक अवस्था र कुशल नेतृत्वको कारण अर्थतन्त्रमा पर्न गएको सकारात्मक प्रभावले बेरोजगारी समस्या नियन्त्रण गर्न सहयोग पुग्दछ।
- रोजगारीका क्षेत्रहरूको विविधीकरण : रोजगार क्षेत्रलाई विस्तार गरी नयाँ नयाँ रोजगार क्षेत्र पहिल्याउन सकेमा रोजगारीका अवसरहरू बढ्न जान्छ।
- उद्यमशीलताको विकास : वर्तमान नेपालमा मानिसहरू उपभोक्तावादमा रमाउन थालेका छन्। उपभोग गरिने वस्तु वा घर, सवारी साधन जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्नुका सट्टा उद्योग व्यवसाय लगानी गर्ने रुचि र क्षमता विकास गर्न सकेमा रोजगारीका अवसरहरू वृद्धि गर्न सकिन्छ।

शिक्षा क्षेत्रले ज्ञान, सिप र प्रविधि विकास गरी व्यक्तिहरूलाई सिकाउने भएकाले रोजगार प्रवर्धनमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको कुरा स्पष्ट नै छ। शिक्षाले श्रमबजारका लागि आवश्यक दक्ष र अर्धदक्ष जनशक्ति उत्पादन गर्दछ। त्यस्तै दक्ष जनशक्तिले आफ्नो लागि स्वरोजगारी सिर्जना गर्ने मात्र होइन अरूका लागि समेत रोजगारी सिर्जना गरी बेरोजगारी समस्या समाधानमा योगदान पुऱ्याउँछ।

## क्रियाकलाप

१. **विद्यार्थी तीन समूहमा विभाजन गर्नुहोस्। एउटा समूहले तपाईँको गाउँ वा सहरमा बेरोजगारी समस्या हुनाका कारणहरू, दोस्रो समूहले तपाईँको गाउँ वा सहरमा बेरोजगारी समस्याले पारेका नकारात्मक असरहरू र तेस्रो समूहले तपाईँको गाउँ वा सहरमा बेरोजगारी समस्या समाधान गर्ने उपायहरूको उल्लेख गरी चार्ट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत/प्रदर्शन गर्नुहोस्।**

२. **"शिक्षा र रोजगार" शीर्षकमा एक वक्तृत्वकला कार्यक्रम/प्रतियोगिता आयोजना गर्नुहोस्।**

## अभ्यास

### १. तलका प्रश्नका उत्तर दिनुहोस् :

(क) साधारण शिक्षा र प्राविधिक शिक्षाबिचको एक फरक लेख्नुहोस्।

(ख) नेपालमा रोजगार क्षेत्रको मुख्य समस्या के हो ?

(ग) नेपालले किन वैदेशिक जनशक्ति आयात गर्नु परेको हो ?

(घ) बौद्धिक पलायन रोक्न के के गर्न सकिन्छ ? उपायहरू लेख्नुहोस्।

(ङ) बेरोजगारी समस्याका कुनै पाँच कारणहरू उल्लेख गर्नुहोस्।

(च) नेपालमा बेरोजगारी समस्या समाधान गर्न के के उपायहरू गर्न सकिएला ? कुनै पाँच उपायहरू लेख्नुहोस्।